॥ पूर्ण परमात्मने नमः ॥

# जिउने मार्ग

## (Way of living)

लेखक :
स्वामी रामदेवानन्द जी महाराजका
शिष्य
सन्त रामपाल दास

जीव हाम्रा जाति हुन्, हाम्रो मानव (Mankind) धर्म ।
हिन्दू-मुस्लिम-सिख-ईसाई धर्म एकै, पृथक् छैन मर्म ॥




धर्मार्थ मूल्य : ने.रू. १५।-
: भा.रू. १०।-


**प्रकाशक : प्रचार प्रसार समिति तथा सम्पूर्ण भक्तजन**
**सतलोक आश्रम, हिसार-टोहाना रोड, बरवाला,**
**जिल्ला-हिसार (प्रान्त-हरियाणा) भारत**

मुद्रक : कबीर प्रिन्टर्स
C-117, सेक्टर-3, बवाना इन्डष्ट्रियल एरिया, नयाँ दिल्ली



**नेपालका लागि सम्पर्क मोबाइल नम्बरहरू**
(+977) 9851189380, 9851189381, 9851189382
9851189383, 9851189384
**भारतका लागि सम्पर्क मोबाइल नम्बरहरू**
Ph. No. (+91) 8222880541, 8222880542, 8222880543,
8222880544, 8222880545

visit us at : www.jagatgururampalji.org
e-mail : jagatgururampalji@yahoo.com

# विषय सूचि


| क्र. स. | विवरण | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | भूमिका | I–II |
| २. | दुई शब्द | 1 |
| ३. | मानव जीवन प्रतिको आम धारणा | 5 |
| ४. | कथाः मार्कण्डेय ऋषि तथा अप्सराको संवाद | 14 |
| ५. | आज भाइलाई फुर्सत छ | 19 |
| ६. | भक्ति नगर्दा हुने हानीको अन्य विवरण | 23 |
| ७. | भक्ति नगर्नाले बडो दुःख हुन्छ | 27 |
| ८. | भक्ति मार्गको यात्रा | 28 |
| ९. | विवाह कसरी गर्ने ? | 28 |
| १०. | प्रेम प्रसङ्ग कस्तो हुन्छ ? | 30 |
| ११. | भगवान शिवले आफ्नी पत्नीलाई त्याग्नु | 31 |
| १२. | कृतघ्नी पुत्र | 34 |
| १३. | निःसन्तानहरू ! सावधान ! | 35 |
| १४. | विवाहमा ज्ञानहीन नाच्दछन् । | 35 |
| १५. | सन्तहरूको शिक्षा | 36 |
| १६. | विवाह पश्चात्को यात्रा | 38 |
| १७. | विशेष मन्थन | 42 |
| १८. | चरित्रवानको कथा | 44 |
| १९. | सङ्गतको प्रभाव तथा प्रभुप्रतिको विश्वास | 45 |
| २०. | कबीर परमेश्वरले काशी शहरमा भोजन-भण्डारा दिनु | 49 |
| | • त्यस भण्डारामा भएको एउटा अर्को चमत्कार | 51 |
| २१. | हरलाल जाटको कथा | 54 |
| २२. | तमाखु सेवन महापाप हो | 57 |
| २३. | तमाखुको उत्पत्ति कथा | 57 |
| २४. | तमाखुको विषयमा अन्य विचार | 61 |
| २५. | गधा-घोडाले पनि तमाखुलाई घृणा गर्छन् | 63 |
| २६. | नशाले नाश गर्दछ | 64 |
| २७. | माता-पिताको सेवा तथा आदर गर्नु परम कर्तव्य | 69 |
| २८. | पिताले बच्चाहरूको गल्ती सम्भव भएसम्म माफ गरि दिन्छन् | 70 |
| २९. | सत्सङ्गले घरको कलह समाप्त हुन्छ | 76 |
| ३०. | पुहलो बाईको नसिहत | 78 |
| ३१. | वर्तमानका केही सत्य कथाहरू | 85 |
| | • भक्त सुरेश दासको उजाडिएको परिवार हराभरा तुल्याउनु भयो | 85 |
| | • सत्सङ्ग नसुन्नाले सर्वनाश भयो | 88 |
| | • सत्सङ्गमा जानाले ठूलो आपत्ति टर्दछ | 89 |
| | • मीराबाईलाई विष दिई मार्ने व्यर्थको कोशिस | 91 |

- मीराबाईलाई सतगुरूको शरण प्राप्त भयो 92
- चोर कहिल्यै धनी हुँदैन 98
- सांसारिक चीं चूं मा नै भक्ति गर्नु पर्छ 101
- चौधरी जिता जाटलाई ज्ञान भयो 104
- वेश्याको उद्धार 106
- रङका-बङ्काको कथा 109
- कबीर जीद्वारा शिष्यको परीक्षा लिनु 111
- ज्यानमारा हात्तिद्वारा कबीर परमेश्वरलाई मार्ने कुचेष्टा 115

३२. दीक्षा पश्चात् 116
३३. परमात्माको लागि केही पनि असंभव छैन 116
३४. एक लेवा एक देवा दूतं 121
३५. भनाइ र गराइमा अन्तर घातक हो 123
३६. सत्सङ्गबाट प्राप्त भयो भक्तिको मार्ग 124
३७. कथावाचक मनीराम पण्डितको करतुत 129
३८. राजा परीक्षितको उद्धार 131
३९. पण्डितको परिभाषा 134
४०. सुदामा जी पण्डित थिए 134
४१. अध्याय अनुराग सागरको सारांश 135
- भक्तको स्वभाव कस्तो हुनु पर्छ ? 141
- मनले कसरी पाप-पुण्य गराउँछ । 146
- भक्तको १६ गुण (आभूषण) 147
- कालको जीवले सतगुरूको ज्ञान मान्दैन 149
- हंस (भक्त) को लक्षण 151
- ज्ञानी अर्थात् सत्सङ्गीको लक्षण 151
- भक्त परमार्थी हुनु पर्छ । 151

४२. दीक्षा लिएर नाम स्मरण गर्नु अनिवार्य छ । 154
- दस मुकामी रेखता 157
- भक्त जती तथा सती हुनु पर्छ 159

४३. अध्याय गरूड बोधको सारांश 168
४४. अध्याय हनुमान बोधको सारांश 178
४५. हामी कालको जालमा कसरी फँस्यौ ? 190
४६. कबीर परमेश्वर जीको कालसँग वार्ता 190
- काल निरञ्जनद्वारा कबीर जीबाट तीन युगहरूमा थोरै जीव लैजाने वचन लिनु 193

४७. तेह्र गाडी कागजहरूमा लेख्नु 200
४८. वर्तमानमा कलियुग कत्ति विति सकेको छ । 204
४९. गुरू बिना मोक्ष हुदैन 205
५०. पूर्ण गुरूको वचनको शक्तिले भक्ति हुन्छ 207
५१. वासुदेवको परिभाषा 215

५२. गीता अनुसार कुन प्रभुको भक्ति गर्नु पर्छ? 221
५३. पूजा तथा साधनामा अन्तर 236
५४. ऋषि दुर्वासाको कर्तुत 242
५५. सृष्टि रचना 250
- आत्माहरू कालको जालमा कसरी फँसे ? 252
- श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति 256
- तीन गुण के हुन् ? प्रमाण सहित 259
- बह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा 260
- आफ्ना बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न 262
- आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु 263
- आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशीर्वाद पाउनु 264
- परब्रह्मका सात शङ्ख ब्रह्माण्डहरूको स्थापना 271
- पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण 272
- पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण 277
- पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण 283
- पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण 285
- पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण 285
- पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण 288
- पूज्य कबीर परमेश्वर (कविर देव) जीका अमृतवाणीमा सृष्टि रचनाको प्रमाण 290
- आदरणीय गरीबदास साहेब जीका अमृतवाणीमा सृष्टि रचनाको प्रमाण 292
- आदरणीय नानक साहेब जीका अमृतवाणीमा सृष्टि रचनाको प्रमाण 298
- अन्य सन्तहरूले बताएका सृष्टि रचनाको दन्त्य कथा 302

५६. भक्ति मर्यादा 304
- नाम (दीक्षा) लिने व्यक्तिहरूका लागि आवश्यक जानकारी 304
- कर्मकाण्डको विषयमा सत्य कथा 311

५७. शास्त्रानुकूल भक्ति साधनाले भक्तहरूलाई लाभ भयो 317
- ढाड दुखाइ निको हुनु 317
- मोक्षदायक भक्ति साधना 319
- परमात्माको दयाले जीवको कल्याण सम्भव 321
- भक्त दीपक दासको परिवारको आत्मकथा 323
- परमेश्वरको असीम कृपा 327

# भूमिका

जिउने मार्ग पुस्तक घर-घरमा राख्न योग्य छ । यसलाई पढ्नु तथा यस अनुसार व्यवहार गर्नाले लोक तथा परलोक दुबैमा सुखी रहनु हुने छ । पापहरूबाट बच्नु हुने छ, घरको कलह समाप्त हुने छ । छोरा बुहारीले आफ्ना माता-पिताको विशेष सेवा गर्ने छन् । घरमा परमात्माको निवास हुने छ । भूत-प्रेत पितृ, भैरव, बेताल जस्ता आत्माहरू त्यस परिवारको वरिपरि पनि आउने छैनन् । देवताहरूले त्यस भक्त परिवारको सुरक्षा गर्दछन् । यस पुस्तक पढी दीक्षा लिएर मर्यादामा रही साधना गर्ने भक्तको अकाल मृत्यु हुँदैन । यस पुस्तक पढ्नाले उजाडिएको परिवार पुनः हराभरा हुने छ । जुन परिवारमा यो पुस्तक रहने छ र यसलाई पढ्ने छन्, जसकारणले नशा स्वतः छुट्ने छ किनकि यस पुस्तकमा आत्मालाई छुने खालका प्रमाणहरू छन् । रक्सी, तमाखु तथा अन्य नशाजन्य पदार्थप्रति यस्तो घृणा जाग्ने छ कि तिनको नाम लिनाले मात्र पनि आत्मा काँप्ने छ । सम्पूर्ण परिवारले सुखको जीवन जिउने छन् । जीवनको यात्रा सहज रूपमा तय हुने छ किनकि जीवनको बाटो स्वच्छ हुन्छ । यस पुस्तकमा पूर्ण परमात्मा को हुन् ? उनको नाम के हो ? उनको भक्ति कस्तो छ ? यी सबै प्रश्नहरूको जानकारी प्राप्त हुने छ । मानव जीवन सफल हुने छ । परिवारमा कुनै पनि खालका विकृति रहने छैन । सदा परमात्माको कृपा प्राप्त भइ रहने छ । जीवन जिउने उत्तम मार्ग प्राप्त हुनाले यात्रा सहज हुने छ । जसले यो पुस्तक घरमा राख्दैन, उसलाई जीवनको उत्तम मार्ग प्राप्त नहुनाले संसार रूपी वनमा भट्की अनमोल जीवन नष्ट तुल्याउने छ । परमात्माको घरमा गएर पश्चाताप् सिवाय अरू केही हात लाग्दैन । त्यसबेला तपाईंलाई जिउने उत्तम मार्ग प्राप्त नभएकाले जिन्दगी बर्बाद भयो भन्ने कुरा थाहा हुने छ । त्यसपछि तपाईंले परमात्मासँग विनय गर्नु हुने छ– हे प्रभु ! एउटा अर्को मानव जीवन बक्सनु होस्, म सच्चा मनले सत्य भक्ति गर्ने छु । जीवनको सत्य मार्ग खोज्नका लागि सत्सङ्गमा जाने छु । आजीवन भक्ति गर्ने छु । आफ्नो कल्याण गराउँने छु । त्यस परमात्माको दरबार (कार्यालय) मा तपाईंको पूर्व जन्महरूको फिल्म चलाइन्छ, त्यसमा प्रत्येक पटक जब-जब मानव जीवन प्राप्त भएको थियो, तपाईंले यही भन्नु भएको थियो– एउटा अर्को मानव जीवन दिनु होस्, कहिल्यै नराम्रो काम गर्दिनँ । आजीवन भक्ति गर्छु । निर्वाहका लागि घरको काम पनि गर्छु । पूर्ण सतगुरूबाट दीक्षा लिएर आफ्नो कल्याण गराउँछु । जुन गल्ती अहिलेको मानव जीवनमा भयो, त्यो कहिल्यै पनि दोहोऱ्याउँदिन ।

अनि परमात्मा जी भन्नु हुन्छ– पापको गाडी भरेर आफू स्वयम्लाई मूर्ख बनाई जीवन नष्ट गरी उभिएको छस् र मलाई पनि मूर्ख बनाउन चाहन्छस् । हिड् नर्कमा । अनि चौरासी लाख प्रकारका प्राणीहरूको शरीरमा चक्कर लगा । पछि कहिल्यै मानव (स्त्री-पुरूष) शरीर प्राप्त भएपछि सावधानीपूर्वक सन्तहरूको सत्सङ्ग सुन्नु र आफ्नो कल्याण गराउनू ।

पाठकवर्गसँग निवेदन छ– यस पवित्र पुस्तक पढ्नाले तपाईंको एकसय एक (१०१) पींढी लोक तथा परलोकमा सुखी रहने छन् । यसलाई परमात्माको आदेश मानेर परिवारका सबै सदस्यले पढ्नु होस् । एक जनाले पढ्नु र अरूले सुन्नु वा अन्य थुप्रै पुस्तक ल्याएर भिन्न-भिन्न रूपमा प्रत्येक दिन पढ्नु होस् । यसमा लेखिएका प्रत्येक प्रकरण सत्य मान्नु होस् । ख्याल ठट्टामा नलिनु होस् । यो कुनै साँगी (नाट्यकर्मी) ले बनाएको होइन, यो त परमेश्वरको गुलाम रामपाल दासद्वारा हृदयदेखि नै मानव कल्याणको उद्देश्यले लेखिएको हो । लाभ उठाउनु होस् । सतसाहेब !

लेखक
स्वामी रामानन्द जीका
पुत्र/शिष्य
दासका दास रामपाल दास
सतलोक आश्रम बरवाला
हिसार जिल्ला, हरियाणा, भारत

# दुई शब्द

प्राणीको जीवनको यात्रा जन्मदेखि प्रारम्भ हुन्छ । उसको गन्तव्य निर्धारित हुन्छ । यहाँ यस पवित्र पुस्तकमा मानव जीवनको यात्राको मार्ग सम्बन्धी विस्तारपूर्वक वर्णन छ । मानव (स्त्री/पुरूष) को गन्तव्य मोक्ष प्राप्ति हो । उसको मार्गमा पाप तथा पुण्य कर्महरूको खाल्डा एवं काँडाहरू छन् । यहाँ तपाईंहरूलाई आश्चर्य लाग्न सक्छ किनकि पाप कर्म बाधक हुन्छन् तर पुण्य त सुखदायी हुन्छ, त्यसैले यिनलाई खाल्डो भन्नु उचित हुदैन ।

यसको संक्षिप्त वर्णनः-

पापरूपी खाल्डा तथा काँडाहरूः- मानव जीवन शास्त्रविधि अनुसार परमात्माको साधना गरेर मोक्ष प्राप्त गर्नका लागि प्राप्त हुन्छ । पाप कर्मको कष्टले भक्तिमा बाधा पुऱ्याउँछ । उदाहरण– पाप कर्मका कारण शरीरमा रोग हुनु, पशुधन तथा बालीनाली आदिमा हानी हुनु आदिले ऋण वृद्धि गराउँदछ । ऋणी व्यक्ति रातदिन चिन्तित रहन्छ । उसले भक्ति गर्न सक्दैन । पूर्ण सतगुरूबाट दीक्षा लिए पश्चात् परमेश्वरले त्यस भक्तको उपरोक्त कष्ट समाप्त गरि दिनु हुन्छ । त्यसपछि त्यस भक्तले आफ्नो भक्ति बडो श्रद्धापूर्वक गर्न थाल्दछ, परमात्माप्रति विश्वास बढ्छ, दृढता बढ्छ तर भक्त परमात्माप्रति समर्पित हुनु पर्छ । जस्तो पतिव्रता नारीले कामपूर्तिका लागि आफ्नो पति बाहेक अन्य कुनै पुरूषको चाहना सपनामा पनि राख्दिनन् चाहे कोही जत्ति नै सुन्दर किन नहोस् । उनको पतिले आफ्नी पत्नीलाई हरसम्भव कोशिस गरेर सम्पूर्ण सुविधा उपलब्ध गराउँछ । विशेष प्रेम गर्दछ । यसैगरी दीक्षा लिए पश्चात् आत्माको संयोग परमात्मासँग हुन्छ । गुरू जीले आत्माको विवाह परमात्मासँग गराइ दिनु हुन्छ । यदि त्यो मानव शरीरधारी आत्मा आफ्ना पति परमेश्वरप्रति पतिव्रता नारी समान समर्पित रहन्छ अर्थात् पूर्ण परमात्माका अतिरिक्त अन्य कुनै देवी-देवताबाट मनोकामनाको पूर्ति चाहदैन भने उसका पति परमेश्वरले उसको मार्गमा बाधक रहेका सारा पाप कर्महरूका काँडाहरूलाई बढारि दिनु हुन्छ । त्यस आत्माको जिउने मार्ग सुगम एवं बाधारहित हुन्छ । उसले सहजै गन्तव्य प्राप्त गर्दछ । त्यस आत्माका लागि परमात्माले के गर्नु हुन्छ ? उसलाई सन्त गरीबदास जीले परमेश्वर कबीर जीबाट प्राप्त ज्ञान यसरी बताएका छन्ः-

गरीब, पतिव्रता जमीं पर, ज्यों–ज्यों धरि है पाँवै ।  
समर्थ झाडू देत है, ना काँटा लग जावै ।।

**कबीर परमेश्वर जीले भन्नु भएको छ–**

कबीर, साधक के लक्षण कहूँ, रहै ज्यों पतिव्रता नारी ।  
कह कबीर परमात्मा को, लगै आत्मा प्यारी ।।  
पतिव्रता के भक्ति पथ को, आप साफ करे करतार ।  
आन उपासना त्याग दे, सो पतिव्रता पार ।।

(भक्ति गर्नाले भक्ति मार्गमा बाधक बनेको पाप नष्ट हुन्छ ।)

कबीर, जब ही सत्यनाम हृदय धरो, भयो पाप को नाश ।
जैसे चिंगारी अग्नि की, पडै पुराने घास ।।

त्यसैले पूर्ण गुरूबाट दीक्षा लिएर प्रत्येक स्त्री-पुरुष, बालक (३ वर्षपछि), वृद्ध तथा युवाले अवश्य भक्ति गर्नु पर्छ ।

❖ पुण्य पनि भक्तिको मार्गमा बाधक होः-

पूर्वजन्मको पुण्यहरूका कारण घरमा धन प्राप्त हुन्छ । सम्पूर्ण सुविधाहरू हुन्छ । कसैलाई राजपद प्राप्त हुन्छ, जुन भक्तिमा बाधक हो । त्यो सुखले उसलाई परमात्माबाट कोसौं (कैयौं किलो मिटर) टाढा पुऱ्याइ दिन्छ । यस्तो सुख पनि जिउने मार्गमा बाधक हो । परमात्मा प्राप्तिको गन्तव्यलाई पर पारि दिन्छ ।

कबीर, सुख के माथे पत्थर पडो, नाम हृदय से जावै ।
बलिहारी वा दुख के, जो पल-पल नाम रटावै ।।

एउटा धनी एवं राजपद प्राप्त व्यक्तिलाई परमात्माको कथा सुनाउने कोशिस गरेर हेरौं । उसलाई परमात्माको कथाप्रति कत्ति पनि रूचि हुँदैन । अर्को तर्फ पाप कर्महरूको मार झेलि रहेको व्यक्तिलाई परमात्माको चर्चा सुनाऔं । परमात्माले सम्पूर्ण कष्ट निवारण गरि दिनु हुन्छ, तपाईं परमात्माको भक्ति गर्नु होस् । हेर्नु होस्, आफ्नो गाउँको अमूक व्यक्ति त्यस सन्तबाट दीक्षा लिएर सुखी भयो, ऊ पनि तपाईं जस्तै कष्टमा थियो भनी उसलाई सुनाउँदा त्यो दुःखी व्यक्ति भक्तिमा लाग्दछ । त्यसका लागि त्यो दुःख वरदान बन्छ । सुखी व्यक्तिलाई कसरी सम्झाउनु ऊसँग त पुण्यहरूको मेवा पर्याप्त छ । त्यस धनी व्यक्ति आफ्नो पुण्य खाएर, खर्च गरेर खाली हुन्छ र पापहरूको मालगाडी भरेर मृत्यु पश्चात् परमात्माको दरबारमा निन्याउरो मुख पारी भयभित भएर जान्छ । कुकुर, गधा, सुँगुरको जन्म पाउँछ । यसका विपरीत दुःखी निर्धन व्यक्ति परमात्माको भक्ति गरेर दान धर्म गरी वर्तमान जीवनमा पनि सुखी हुन्छ । पाप कर्महरूबाट जोगिएर पुण्यको मालगाडी भरेर भक्ति रूपी धनको धनी भएर परमात्माको दरबारमा निर्भयतापूर्वक जान्छ । परमात्माले अङ्कमाल गर्नु हुने छ । त्यस भक्तलाई मोक्ष प्रदान गरी सदा सुखी तुल्याउनु हुने छ ।

यदि धनी राज्यपद प्राप्त सुखी व्यक्ति पनि भक्तिमा लाग्यो भने उसको त कार्य बनी-बनाउ हुन्छ, मोक्षमा कुनै अड्चन हुदैन ।

प्रश्नः- एक सज्जन पुरूषले भने– म कुनै नशा गर्दिन, सम्पूर्ण खराब लतबाट टाढा छु । अर्काका छोरी-चेलीहरूलाई आफ्नै छोरी-चेली ठान्दछु । कुनै पाप गर्दिनँ । मलाई भक्तिको कुनै आवश्यकता छैन । सत्सङ्गमा यस्ता-यस्ता स्त्री-पुरूष गएको देखेको छु, जो खराब काम गर्थे, बदनाम थिए ।

उत्तरः- जस्तो दुई एकड जमीन छ । एक एकड जमीन खन-जोत गरी राखेको छ अर्थात् झाडी, झारपात, घाँस काटेर हलो वा ट्याक्टरले जोतेर सफा पारी राखेको छ तर बिउ रोपेको छैन ।

अर्को एक एकड जमीनमा सबैझारपात, झाडीहरू तथा घाँस उम्रिएको छ भने दुबै व्यर्थ छ । यदि दोस्रो एकड जमीन कसैले सफा गरेर खनजोत गरी गहुँ रोपि दियो र पहिलो सफा गरेर खनजोत गरेको जमीनमा केही रोपेन भने दोस्रो एकड जमीन पहिलो भन्दा कयौं गुणा उपयोगी (राम्रो) हो किनकि पहिलो एकड जमीन सफा तथा खनजोत गरी राखियो मात्र, त्यसमा बिउ रोपिदै रोपिएन ।

त्यसैले यदि तपाईं विकार रहित हुनु हुन्छ भने पनि तपाईंले भक्ति रूपी बिउ रोप्नु पर्छ, तब मात्र तपाईंलाई शरीर रूपी जमीनको लाभ प्राप्त हुन्छ ।

जो खराब कार्य गर्थे, तिनलाई ज्ञान भयो र खराब आचरण त्यागेर भक्ति गर्छन् भने तिनले आफ्नो जिउने मार्ग परिवर्तन गरे, सफा गरे, गन्तव्य नजिक भयो। यसपछि तपाईंले एउटा प्रकरण पढ्नु हुने छ । जसमा एउटी वेश्याले कबीर परमात्मा जीको सत्सङ्ग सुनिन् र आफ्नो जीवनको बाटो परिवर्तन गरिन् तथा नाम दीक्षा लिएर सत्सङ्गमा जान थालिन् । नगरबासीहरूलाई राम्रो लागेन । मुखामुख गरी अनेक कुरा बनाउन थाले कबीरको सत्सङ्गमा बदनाम स्त्रीहरू जान्छन्, यी असल सन्त होइनन्, सबै यस्तै स्त्री-पुरुष यिनको सत्सङ्गमा जान्छन् । आफ्ना छोरी-चेलीहरूलाई त्यहाँ जान नदिनू । मानिसहरूका यस्ता खालका विचार सुनेर केही भक्तहरू पनि गुरू जीसँग गाउँका मानिसहरूकै भाषा बोल्न थाले । तब परमेश्वर कबीर जीले भन्नु भयोः-

कुष्टी हो संत बंदगी कीजिए ।<br>
जे हो वैश्या को प्रभु विश्वास, चरण चित दीजिए ।।

भावार्थः- यदि कुनै भक्तलाई कुष्ट रोग लागेको छ र उसले भक्ति गर्न थालेको छ भने भक्त समाजले उसलाई घृणा गर्नु हुन्न । उसलाई अन्य भक्तलाई प्रणाम गरे जसरी प्रणाम गर्नू । उसलाई सम्मान गर्नु पर्छ । उसको हौसला बढाउनु पर्छ । भक्ति गर्नाले उसको जीवन सफल हुन्छ, रोग पनि ठीक हुन्छ । यसैगरी कुनै वेश्या चेली-बेटीलाई भक्ति गर्ने तथा सत्सङ्गमा आउने प्रेरणा जागृत भएको छ भने उसलाई परमात्माप्रति विश्वास भएको छ । उसले सत्सङ्ग विचार सुनिन् भने खराब आचरण पनि छुट्छ । उसको कल्याण हुन्छ । समाजबाट विकृति हट्छ । यदि उनी सत्सङ्गमा नै आइनन् भने उसलाई आफ्नो पापकर्मको आभास कसरी हुन्छ ? जस्तो मैलो वस्त्र साबुन-पानीको सम्पर्कमा नै आएन भने कसरी सफा हुन्छ ? त्यसैले यस्ती बदनाम स्त्रीले पनि भक्ति गर्दछिन् भने उनलाई पनि विशेष आदरसाथ बोलाउनु होस् ताकि उनलाई सत्सङ्गमा आउन सङ्कोच नलागोस् । यदि उसलाई सत्सङ्गमा आउन रोक्यौ भने पापको भागी बन्ने छौ । यसभन्दा पछिको कथा यसै

पुस्तक "जिउने मार्ग" को पृष्ठ नं. १०३ मा भएको "कबीर जीले शिष्यको परीक्षा लिनु" शीर्षक पढ्नु होस् ।

श्रीमद्भगवत गीताको अध्याय ९ श्लोक ३० मा पनि यही प्रमाण छ । यदि कुनै अति नै दुराचारी व्यक्ति छ र उसले विश्वासका साथ परमात्माको भक्ति गर्न थालेको छ भने उसलाई महात्मा तुल्य मान्नु पर्छ । ऊ सन्तहरूको विचार सुनेर सुध्रन्छ र आफ्नो कल्याण गराउँछ । त्यसैले मानव शरीरधारी प्राणीले गुरू जीको शरणमा आएर परमात्माको भक्ति तथा शुभ कर्म, दान-धर्म अवश्य गर्नु पर्छ ।

पूज्य कबीर परमेश्वर जीले भन्नु भएको छः-

कबीर, मानुष जन्म दुर्लभ है, मिले न बारं-बार ।
तरवर से पत्ता टूट गिरे, बहुर ना लागे डार ।।

भावार्थः- कबीर परमात्मा जीले सम्झाउनु भएको छ—हे मानव शरीरधारी प्राणी ! यो मानव जन्म (स्त्री/पुरूष) बडो कठीनपूर्वक युगौँ पर्यन्त प्राप्त हुन्छ । यो पटक-पटक प्राप्त हुँदैन । यो शरीर छदैँ शुभ कार्य तथा परमात्माको भक्ति गर अन्यथा यो शरीर समाप्त भयो भने तिमीले पुनः यही स्थिति अर्थात् मानव शरीर प्राप्त गर्न पाउने छैनौ । जस्तो रूखबाट पात झरेपछि त्यही हाँगामा पुनः जोडिदैन । त्यसैले यस मानव शरीर प्राप्त भएको अवसरलाई व्यर्थमा खेर नफाल ।

कबीर जी फेरि भन्नु हुन्छः-

कबीर, मानुष जन्म पाय कर, नहीं रटैं हरि नाम ।
जैसे कुंआ जल बिना, बनवाया क्या काम ।।

भावार्थः- मानव जीवनमा यदि भक्ति गर्दैन भने त्यो जीवन सुन्दर कुवां जस्तै हो, जसमा पानी छैन वा पानी भएपनि पिउन योग्य छैन । त्यसको नाम भन्नका लागि कुवां (इनार) भए पनि गुण भने इनारको जस्तो छैन । यसैगरी मानिसले भक्ति गर्दैन भने उसलाई पनि मानव त भनिन्छ तर उसमा मनुष्यमा हुनु पर्ने गुण हुँदैन । पूर्व जन्महरूमा गरिएका शुभ-अशुभ कर्महरू तथा भक्तिको कारणले कोही स्वस्थ छ । ऊ अचानक रोगी हुन्छ र लाखौं रूपियाँ उपचारमा खर्च गरेर मृत्यु वरण गर्दछ । कोही जन्मदेखि नै रोगी हुन्छ, आजीवन कष्ट भोगेर मृत्यु प्राप्त गर्दछ । कोही निर्धन हुन्छ, कोही जन्मदै धनवान् हुन्छ । कसैको छोरा-छोरी हुन्छ भने कसैलाई सन्तान नै प्राप्त हुँदैन । कसैको सन्तान रूपमा छोरी मात्र हुन्छन्, जत्ति चाहे पनि पुत्र प्राप्त हुदैन । यी सबै पूर्व जन्महरूको फल हो, जुन मानिसले भोग्दछ । जबसम्म पुनः भक्ति प्रारम्भ गर्दैन, तबसम्म पूर्वजन्मको संस्कार नै प्राणीले प्राप्त गर्दछ । जब पूर्ण सतगुरूबाट दीक्षा लिएर मर्यादा पूर्वक भक्ति गर्न थाल्दछ, तब शुभ संस्कारहरूमा वृद्धि हुन थाल्छ र दुःखका समय सुखमा परिवर्तन हुन्छ ।

## मानव जीवनप्रतिको आम धारणा

यथार्थ आध्यात्मिक ज्ञान नभएसम्म जन साधारणको धारणा यस्तो हुन्छः-

१. ठूलो भएर पढी-लेखी आफ्नो जीवन निर्वाहको खोज गरी विवाह गरेर परिवारको पोषण गर्छु, बालबच्चाहरूलाई उच्च शिक्षासम्म अध्ययन गराउछु अनि उनीहरूले रोजगार प्राप्त गरून् । तिनको विवाह गराउँछु । परमात्माले सन्तानलाई सन्तान दिऊन् अनि हाम्रो कर्तव्य पूरा भयो । कैयौं पटक गाउँ तथा छिमेकी गाउँका वृद्धहरू एकत्रित हुँदा आपसमा कुशल मङ्गलको कुरा गर्दा एक जना वृद्धले भने परमात्माको कृपाले दुई पुत्र तथा दुई पुत्रीहरू छन् । कडा परिश्रम गरी पालन-पोषण गरेर पढाएँ र विवाह गरि दिए । सबैका छोरा-छोरी छन् । मेरो कार्य पूरा भयो । म७५ वर्षको भएँ । अब मृत्यु भयो भने पनि कुनै चिन्ता छैन, मेरो जीवन सफल भयो । वंशको लहरा झाङ्गियो, संसारमा नाम रहि रहन्छ ।

विवेचनः- उपरोक्त प्रसङ्गमा जे जत्ति प्राप्त भयो, ती पूर्व निर्धारित संस्कारबाट नै प्राप्त भएको हो, नयाँ केही प्राप्त भएको होइन ।

एउटा व्यक्तिको विवाह भयो । सन्तानको रूपमा छोरी जन्मिई । मानव समाजमा पुत्र भएन भने उसको वंश चल्दैन भन्ने धारणा छ । (तर आध्यात्मिक ज्ञानको दृष्टिमा छोरा-छोरीमा कुनै अन्तर मानिदैन) दोस्रो सन्तान त छोरा नै हुन्छ भन्ने आशा लाग्यो, तर दोस्रो सन्तान पनि छोरी नै भयो । अनि तेस्रो सन्तानका रूपमा परमात्माले छोरा नै दिन्छ भन्ने आशा जाग्यो तर तेस्रो सन्तान पनि छोरी नै भयो । यसरी जम्मा पाँच जना छोरीहरू भए । छोरा जन्मिदै जन्मिएन । यस उदाहरणबाट न त मानिसले चाहेको कुरा प्राप्त भयो, न त उसले गरेको काम नै पूरा भयो, जे जत्ति प्राप्त भयो, ती सब संस्कारवश नै भयो भन्ने स्पष्ट हुन्छ । यो परमेश्वरको विधान हो । मानव शरीर प्राप्त प्राणीले अहिलेको जन्ममा पूर्ण सन्तबाट दीक्षा लिएर भक्ति गर्नु पर्छ तथा पुण्य, दान, धर्म एवं शुभकर्म अवश्य गर्नु पर्छ अन्यथा पूर्व जन्मको पुण्य मानव जीवनमा खाएर खर्च गरी खाली भई परमात्माको दरबारमा जान्छ, अनि पशु आदिको जीवन भोग्नु पर्छ । जस्तो किसानले आफ्नो खेतमा गहूँ, चना आदि रोप्छ । अनि परिश्रम गरी त्यसलाई परिपक्व तुल्याई घरमा ल्याएर आफ्नो घरको कोठा भर्छ । यदि उसले फेरि बिउ रोपेर अन्नबाली तयार गर्दैन र अघिल्लो वर्षको गहूँ वा चना खाएर खर्च गरि रहेको छ भने वर्तमानमा त उसलाई कुनै समस्या आउँदैन किनकि उसँग अघिल्लो वर्षको गहूँ तथा चना बाँकी छ तर एक दिन त्यो पहिले सङ्ग्रह गरेर राखेको अन्न समाप्त हुन्छ र त्यो किसान परिवार भिखारी हुन्छ । ठीक यसैगरी मानव शरीरमा जे जत्ति कुरा प्राप्त भइ रहेको छ, ती पूर्व जन्महरूको सङ्ग्रह हो । यदि वर्तमानमा शुभकर्म तथा भक्ति गरिएन भने भविष्यको जीवन नर्क हुन्छ ।

आध्यात्मिक ज्ञान भएपछि मानवले बुद्धिमान किसानले जस्तो प्रतिवर्ष प्रत्येक मौसममा दान-धर्म, स्मरण रूपी बाली लगाउँछ र आफ्नो घरमा सङ्ग्रंह गर्छ र त्यही खान्छ तथा बेचेर आफ्नो खर्च पनि चलाउँछ अर्थात् पूर्ण गुरू जीबाट दीक्षा लिएर उनले बताए अनुसार साधना तथा प्रत्येक समागममा दान-धर्म गरेर भक्ति धन सङ्ग्रह गर्ने छ । त्यसैले परम सन्तले मानवलाई जिउने मार्ग बताउँछन् । त्यसको आधार सत्य आध्यात्मिक ज्ञान हो, जुन सम्पूर्ण ग्रन्थहरूबाट प्रमाणित हुन्छ ।

जस्तो पूर्वोक्त प्रसङ्गमा एक वृद्धले भने– सारा सन्तानको पालन-पोषण गरी विवाह गरि दिएँ । मेरो मानव जीवनको कार्य पूरा भयो, मेरो जीवन सफल भयो । अब निःसन्देह मृत्यु आओस् । यहाँ विचारणीय विषय छ– उसले पूर्व जन्ममा सङ्ग्रहित सबै खर्च गरि दियो, भविष्यका लागि केही गरेन । जसकारणले त्यस व्यक्तिको मानव जीवन व्यर्थमा खेर गयो ।

कबीर जी भन्नु हुन्छ :-

क्या मांगुँ कुछ थिर ना रहाई । देखत नैन चला जग जाई ।।
एक लख पूत सवा लख नाती । उस रावण कै दीवा न बाती ।।

भावार्थः- यदि एउटा मानिसले एउटा पुत्रबाट वंशको लहरा सदा फैलाइ रहन चाहन्छ भने यो उसको भूल हो । जस्तो श्रीलङ्काका राजा रावणको एक लाख पुत्र थिए तथा सवा लाख नाति थिए । हाल उसको कूल (वंश) मा घरमा दीप जलाउने कोही पनि छैन । सबै नष्ट भए । त्यसैले हे मानव ! परमात्मासँग यो के माग्छौ, जुन स्थायी नै छैन । यो प्रेरणा आध्यात्मिक ज्ञानको अभावका कारण भएको हो । परमात्माले तपाईंलाई तपाईंको संस्कार दिनु हुन्छ । तपाईंले गर्नु भएको केही भइ रहेको छैन । त्यस वृद्धको पुत्र भएकाले वंश वृद्धि भई संसारमा नाम रहि रहन्छ भन्ने कुरालाई विचार गरौं । एउटा गाउँमा शुरूवातमा चार पाँच जना व्यक्तिहरू थिए । तिनका वंशका सयौं परिवार बनेका छन् । तिनको वंश चलि रहेको छ । तिनको संसारमा नाम पनि चलि रहेको छ । तर शास्त्रोक्त विधि अनुसार भक्ति नगर्नाले परमात्माको विधान अनुसार ती असल पुरूष कतै गधा बनेर कष्ट झेलि रहेका होलान् । त्यहाँ गधाको वंश वृद्धि गरेर फेरि कुकुरको जन्म प्राप्त गरी त्यहाँ त्यस कुलको वृद्धि गरेर अन्य प्राणीहरूको शरीर प्राप्त गरी असङ्ख्य जन्ममा कष्ट झेल्ने छ । भावार्थः- मानव जीवन प्राप्त प्राणीले सांसारिक कर्तव्य कर्म गर्दै आत्म कल्याणको कार्य पनि गर्नु पर्छ । जसकारण परिवारबाट आउन लागेको पूर्व पापको मार पनि टर्छ र परिवारमा खुशियाली छाउँछ । अन्यथा शुभ-अशुभ दुबै कर्मको फल भोग्नाले कहिले सुख तथा कहिले दुःखको कहर पनि झेलि रहनु पर्छ ।

एक समय दास (लेखक) एउटा गाउँमा तीन दिनको सत्सङ्ग पाठ गरि रहेको थियो । त्यसै परिवारको एकजना नातेदार एउटा चार वर्षको छोरोलाई साथमा लिएर आयो । चर्चाको क्रममा उसले भन्यो– मेरा चार पुत्र र दुई पुत्री

सन्तानका रूपमा प्राप्त भयो । सबैको विवाह गरि दिएँ । मेरो जस्तो सुखी परिवार सायदै गाउँमा कसैको थियो । अनि यस्तो दुर्दशा आयो कि दुई वर्षमा घर नै उजाडियो । दुई छोराहरू मोटर साइकलमा ससुराली जाँदा दुर्घटनामा परेर भगवानको घर गए । तिनका श्रीमतीहरू अर्को गाउँमा विवाह गरी गए । एक वर्ष पश्चात् एउटा अर्को छोरालाई रातको समयमा खेतमा गएको बेला ट्युबेलमा बसेको सर्पले डस्यो, मृत अवस्थामा फेला पऱ्यो । चौथो यी दुःखका कारण हृदयघात भई गयो । सबै बुहारीहरू पनि गए । श्रीमतीको मानसिक सन्तुलन बिग्रियो । यो बालक ठूली छोरीको छोरा हो, यसैको सहाराले दिन काटि रहेको छु । छोरीलाई घरमा राखेको छु । प्रिय पाठकहरूसँग निवेदन छ– विवेकले काम लिनु होस् र मानव जीवनको सच्चा मार्ग अनुशरण गर्नु होस्, भक्ति अवश्य गर्नु होस् ।

सन्तान हुनु वा न हुनु यो तपाईंको पूर्व कर्महरूको फल हो । यदि सन्तानलाई धर्म-कर्मको ज्ञान छैन भने त्यो जत्ति नै असल भए पनि कुनै न कुनै समयमा गल्ती गर्छ नै । त्यो सबै पाप कर्महरूको कारणले हुने छ । एउटा व्यक्तिले भने– मेरा ससुरा चार एकड जमीन भएका किसान थिए । उनले रातदिन मिहिनेत गरेर जम्मा सोन्ह एकड जमीन किने अर्थात् १२ एकड जमीन अझ किने । चार छोरा र एक छोरी थिए । सबैको विवाह गरि दिएँ । ६० वर्षको आयुमा मेरा ससुरालाई पक्षघात भयो चारै छोराहरू भिन्न भइ सकेका थिए । केही समय जेठो छोरोसँग बसे तर ६ महिनामा नै कपडाबाट दुर्गन्ध आउन थाल्यो । अनि दोस्रो हुँदै तेस्रो छोराको घरमा गए । केही दिन पश्चात् उसले पनि हात उठायो । यसैगरी चारै छोराहरू पिताको सेवा गर्नबाट आजित भए । गाउँको पञ्चायतले मेरा ससुराको सेवा गराउने उद्देश्यले आफ्नो पिताको सेवा गर्ने छोरालाई थप २ एकड जमीन दिने फैसला गऱ्यो । यस लालचमा कान्छो छोरोले पिताको सेवा गर्ने कुरा कबुल गऱ्यो । छ महिनामा उसले बुवाको सेवा गर्नु मेरो वशको कुरो होइन भन्यो । आफन्तहरू जम्मा भए । सबै छोराहरूलाई सबै तरिकाले सम्झाए, तर सेवा गर्न कोही तयार भएनन् । ती भक्त भन्दै थिए– मेरा ससुरा बोल्न पनि सकि रहेका थिएनन् । जब सानो नाति सम्मुखमा आयो तब उनी गर्दनको इशाराले भनि रहेका थिए– मेरा नजिक आऊ, माया गर्छु । ऊ भुलमा परेको छ । छोराहरूले त बडो सुख दिए, नातिहरूको कसर बाँकी छ । त्यो दुई एकड जमीन ठेक्कामा दिएर उसको लागि एउटा नोकर राखि दिए, दुर्गतिले मरे ।

विचार गरौंः- यस्ता मिहिनेती व्यक्तिलाई भक्ति तथा धर्म बिना मानव जीवन नर्क बन्दछ भन्ने ज्ञान भएको भए उसले कामसँगै परमात्माको भक्ति पनि गर्ने थियो । उसको यस्तो दशा हुने थिएन । छोराहरूले पनि सेवा गर्थे । सत्सङ्गमा यही शिक्षा दिइन्छ । श्रद्वालुहरूलाई दया-धर्मको पाठ पढाइन्छ । आश्रममा सत्सङ्गको क्रममा वृद्ध, रोगी, अपाङ्ग, साना बच्चा सहितका माताहरू, दिदी

बहिनी तथा छोरीहरू आउँछन् । आश्रममा पुराना भक्तहरू तथा भक्तमतीहरूलाई ड्यूटी लगाइन्छ । तिनीहरूले आश्रममा आएका वृद्धहरू, रोगीहरू तथा अन्य असहायहरूको सेवा गर्छन् । तिनीहरूलाई स्नान गराइ दिन्छन् । तिनीहरूको कपडा धोइ दिन्छन् । भोजनालयबाट भोजन प्रसाद ल्याएर पण्डालमा बसेकाहरूलाई खुवाउँछन् । पण्डालमा बसेकाहरूलाई चिया, दूध पनि त्यही लगेर खुवाउँछन् । विचार गरौं– जो बच्चाहरू (सत्सङ्गमा जाने) तथा दिदी-बहिनी, छोरीहरू, माता तथा भक्त भाइहरूले सत्सङ्गमा आउने अपरिचितहरूको सेवा गर्दछन् भने घरमा आफ्ना माता-पिता, भाइ-बहिनी, सासु-ससुराको पनि त्यही भावले सेवा गर्ने छन् किनकि तिनको स्वभाव नै त्यस्तो बन्छ । तिनको हृदयमा दया भरिएको हुन्छ । तिनलाई परमात्माको विधानको राम्रोसँग सम्झना हुन्छ । जस्तो पूर्वमा प्रसङ्ग छ– एउटा मिहिनेती किसानलाई पक्षाघात हुनु र छोराहरूले उसलाई बेवास्ता गर्नु । यदि ती छोराहरू तथा बुहारीहरू सत्सङ्गमा गएका भए आफ्ना पिताको राम्रोसँग खुबसेवा गर्ने थिए । यदि त्यस किसानले परमात्माको भक्ति गरेको भए उसको शरीर स्वस्थ रहने थियो र उसको भक्तिको कारणले भजनको तेजबाट प्रभावित भएर परिवारले स्वतः आदर गर्ने थियो । उदाहरणका लागिः साधु सन्तले भक्ति मात्र गर्छन्, जसकारणले सारा गाउँले उसको सेवा सत्कार गर्छ । त्यसैगरी भक्ति गर्नाले परमात्माको शक्तिले स्वतः अरूलाई प्रेरित गरेर भक्तको अनुकूल परिस्थिति सिर्जना गरि दिन्छ । त्यसैले सन्तजनले भक्ति गर्ने प्रेरणा दिन्छन् । सत्सङ्गबाट जिउने राम्रो मार्ग बन्छ ।

**कबीर परमेश्वर जी फेरि भन्नु हुन्छः-**

बिन उपदेश अचम्भ है, क्यों जिवत हैं प्राण ।
भक्ति बिना कहाँ ठौर है, ये नर नाहीं पाषाण ।।

भावार्थः- परमात्मा कबीर जी भन्नु हुन्छ– हे भोला-भाला मानव ! मलाई आश्चर्य छ कि तिमी गुरूबाट दीक्षा लिए बिना नै कुन आशा लिएर जीवित छौ । न त शरीर तिम्रो हो, यो पनि त्यागेर जान्छौ । अनि सम्पत्ति तिम्रो कसरी हुन सक्छ ?

कबीर, काया तेरी है नहीं, माया कहाँ से होय ।
भक्ति कर दिल पाक से, जीवन है दिन दोय ।।

जसलाई भक्ति बिना जीवको कहीं पनि ठेगाना छैन भन्ने विवेक छैन, ती नर अर्थात् मानव नै होइनन्, ती त ढुङ्गा हुन् । तिनको बुद्धिमा पत्थर गिरेको छ । कबीर जी फेरि भन्नु हुन्छः बेगारको परिभाषा :

अगम निगम को खोज ले, बुद्धि विवेक विचार ।
उदय-अस्त का राज मिले, तो बिन नाम बेगार ।।

भावार्थः- पहिलेको समयमा पुलिस थानामा जीप-कार आदि गाडीहरू हुदैनथ्यो । जब पुलिसवालाले कहीं कतै छापा मार्नु पर्दा थ्री ह्वीलर वा फोर ह्वीलर

भएका मानिसलाई जबरजस्ती समातेर ल्याउँथे र त्यसमा बसेर जानु, पर्ने ठाउँमा लिएर जान्थे । ड्राइभर पनि थ्री ह्वीलरकै मालिक हुन्थ्यो र पेट्रोल-डिजल पनि उसले आफैले हाल्थ्यो । त्यस दिन उसले मजदुरी पनि गर्न पाउदैनथ्यो । पुलिसहरूले उसलाई सारा दिन यता-उता घुमाइ रहन्थे । आज यो दिनभरी काम गरि रहेको छ, यसको आज कमाइ पनि राम्रै हुन्छ भनेर आम व्यक्तिहरू सोच्थे, तर उसैको मनलाई मात्र थाहा थियो, त्यस दिन उसलाई के भइ रहेको थियो । यस्तै राजाहरू यस जन्ममा भक्ति नगरी केवल राज्य व्यवस्था कायम गर्ने कार्यमा जीवन समाप्त गरि रहेका छन् भने ती बेगारको काम गरेर जान्छन् । पूर्व जन्मको धर्म-कर्मले राजा बन्छन् । वर्तमान जन्ममा त्यही पुण्य खाइ तथा खर्च गरि रहेको हुन्छ । जनतालाई त राजा बडो मोज गरि रहेको छ भन्ने महसुस हुन्छ तर आध्यात्मिक दृष्टिले त उसले बेगार गरि रहेको छ । भक्ति कमाइ गरि रहेको छैन । यदि व्यक्तिले पूर्णगुरूबाट दीक्षा लिएर भक्ति गर्दैन भने उसले चाहे उदय-अस्त अर्थात् सम्पूर्ण पृथ्वीको राज्य प्राप्त गरे पनि उसले थ्री ह्वीलरको धनीले जस्तो व्यर्थको दौड धुप अर्थात् चहल पहल गरि रहेको छ । उसलाई कुनै लाभ हुदैन । त्यसैले राजा होस् वा प्रजा, धनी होस् वा निर्धन सबैले नयाँ सिराबाट भक्ति गर्नु पर्छ । त्यसैबाट उसको भविष्य उज्ज्वल हुन्छ ।

परमात्मा कबीर जीले आफ्ना शिष्य सन्त गरीबदास जीलाई तत्वज्ञान सम्झाउनु भयो, जुन यस प्रकार छः- (राग आसावरी शब्द नं. १)

मन तू चलि रे सुख के सागर, जहाँ शब्द सिंधु रत्नागर ।(टेक)
कोटि जन्म तोहे मरतां होगे, कुछ नहीं हाथ लगा रे ।
कुकर-सुकर खर भया बौरे, कौआ हँस बुगा रे ।।(१)
कोटि जन्म तू राजा किन्हा, मिटि न मन की आशा ।
भिक्षुक होकर दर-दर हांड्या, मिल्या न निर्गुण रासा ।।(२)
इन्द्र कुबेर ईश की पद्वी, ब्रह्मा, वरूण धर्मराया ।
विष्णुनाथ के पुर कूं जाकर, बहुर अपूठा आया ।।(३)
असँख्य जन्म तोहे मरते होगे, जीवित क्यूं ना मरै रे ।
द्वादश मध्य महल मठ बौरे, बहुर न देह धरै रे ।।(४)
दोजख बहिश्त सभी तै देखे, राज-पाट के रसिया ।
तीन लोक से तृप्त नाहीं, यह मन भोगी खसिया ।।(५)
सतगुरु मिलै तो इच्छा मेटैं, पद मिल पदै समाना ।
चल हँसा उस लोक पठाऊँ, जो आदि अमर अस्थाना ।।(६)
चार मुक्ति जहाँ चम्पी करती, माया हो रही दासी ।
दास गरीब अभय पद परसै, मिलै राम अविनाशी ।।(७)

सूक्ष्मवेदका वाणीको सरलार्थः-

वाणीको सरलार्थः- आत्मा र मनलाई पात्र बनाएर सन्त गरीबदास जीले संसारका मानवलाई सम्झाएका छन् । उनी भन्छन्– संसार दुःखको घर हो । यसभन्दा भिन्न एउटा अर्को संसार छ । जहाँ कुनै दुःख छैन । त्यो ठाउँ (सनातन परम धाम=सतलोक) हो तथा त्यहाँका प्रभु (अविनाशी परमेश्वर) सुखहरूका सागर हुनु हुन्छ ।

सुख सागर अर्थात् अमर परमात्मा एवं उनको राजधानी अमर लोकको संक्षिप्त परिभाषा बताएका छन्ः-

शंखों लहर मेहर की ऊपजैं, कहर नहीं जहाँ कोई ।
दास गरीब अचल अविनाशी, सुख का सागर सोई ।।

भावार्थः- जत्तिखेर म (लेखक) एक्लै हुन्छु, तब कहिले काहीं भित्रदेखि नै यस्तो तरङ्ग उठ्छ, त्यसबेला सबै आफ्नै जस्तो लाग्छ, चाहे कसैले मलाई जत्ति नै दुःख दिएको होस् । ऊ प्रति द्वेष भावना रहदैन । सबैप्रति दयाको भाव रहन्छ । यो अवस्था केही मिनट मात्र रहन्छ । त्यसलाई दयाको लहर भनिएको छ । सतलोक अर्थात् सनातन परम धाममा गए पश्चात् प्रत्येक प्राणीलाई बडो आनन्द आउँछ । त्यहाँ यस्ता असङ्ख्यौं लहरहरू आत्मामा उठि रहन्छ । जब त्यो लहर मेरो आत्माबाट हट्छ अनि उही दुःखमय स्थिति प्रारम्भ हुन्छ । उसले यस्तो किन भन्यो? त्यो व्यक्ति राम्रो छैन, त्यो हानी भयो, यसो भयो, त्यसो भयो । यसलाई कहर (दुःख)को लहर भनिन्छ ।

त्यस सतलोकमा मेहर (दया) को असङ्ख्य लहर उठ्दछन्, त्यहाँ कुनै कहर (भयङ्कर दुःख) छैन । त्यसो त सतलोकमा कुनै दुःख छैन । कहरको अर्थ भयङ्कर दुःख हुन्छ । जस्तो एउटा गाउँमा आपसी शत्रुताका कारण विरोधीले अर्को पक्षको एउटा परिवारको तीन सदस्यहरूको हत्या गरे, कतै भुकम्पका कारण हजारौं व्यक्ति मर्दछन् । यसलाई कहर टुट्नु वा कहर गरि दिनु भनिन्छ । माथि लेखिएको वाणीमा सुख सागरको परिभाषा संक्षिप्त रूपमा बताइएको छ । त्यसमा भनिएको छ– त्यो अमर लोक अचल अविनाशी अर्थात् कहिल्यै चलायमान अर्थात् ध्वंश हुदैन तथा त्यहाँ रहने परमेश्वर पनि अविनाशी हुनु हुन्छ । त्यो स्थान तथा परमेश्वर सुखको समुद्र हुनु हुन्छ । जस्तो समुद्री जहाज बन्दरगाहको किनारबाट १०० वा २०० किमी टाढा जाँदा जहाजका यात्रीहरूले जल अर्थात् समुद्र बाहेक केही पनि देख्दैनन् । चारैतिर जलै जल मात्र देखिन्छ । यसैगरी सतलोक (सत्यलोक) मा सुखका अतिरिक्त अरू केही पनि छैन अर्थात् त्यहाँ कुनै दुःख छैन ।

अब अगाडि लेखिएको वाणीको सरलार्थ लेख्दछुः-

मन तू चल रे सुख के सागर, जहाँ शब्द सिंधु रत्नागर ।।(टेक)
कोटि जन्म तोहे भ्रमत होगे, कुछ नहीं हाथ लगा रे ।

कुकर शुकर खर भया बौरे, कौआ हँस बुगा रे ।।

परमेश्वर कबीर जीले आफ्ना असल आत्मा सन्त गरीबदास जीलाई सूक्ष्मवेद सम्झाउनु भयो । त्यसलाई सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा प्रान्तका) ले आत्मा तथा मनलाई पात्र बनाएर विश्वका मानवलाई काल (ब्रह्म) को लोकको कष्ट तथा सतलोकको सुख बताएर त्यस परम धाममा जानका लागि शास्त्रोक्त सत्य साधना गर्ने प्रेरणा दिएका छन् । मन तु चल रे सुखके सागर अर्थात् सनातन परम धाममा हिंड जहाँ शब्द नष्ट हुदैन । त्यसैले शब्दको अर्थ अविनाशीपनसँग सम्बन्धित छ, त्यो स्थान अमरत्वको सिन्धु अर्थात् सागर हो र मोक्ष रूपी रत्नको आगर अर्थात् खानी हो । यस काल ब्रह्मको लोकमा तपाईंले भक्ति पनि गर्नु भयो, तर शास्त्रानुकूल साधना बताउने तत्वदर्शी सन्त प्राप्त नहुनाले तपाई करोडौं जन्मदेखि भट्कि रहनु भएको छ। करोडौं-अरबौं रूपियाँ सङ्ग्रह गर्ने कार्यमा सारा जीवन लगाउनु हुन्छ, अनि मृत्यु हुन्छ । त्यो तपाईंको पूर्व संस्कारहरूका कारण सङ्ग्रहित धन छोडेर संसारबाट जानु भयो । त्यो धन सङ्ग्रह गर्दा गरिएको पाप तपाईंसँगै गयो । तपाईंले त्यस मानव जीवनमा तत्वदर्शी सन्तबाट दीक्षा लिएर शास्त्रविधि अनुसार भक्तिको साधना गर्नु भएन ।जसकारण तपाईंको हातमा केही परेन । पूर्वका पुण्यहरूको बदलामा धन लिनु भयो । त्यो धन यहीं रह्यो, तपाईंलाई केही पनि प्राप्त भएन । तपाईंले प्राप्त गर्नु भयो त केवल धन सङ्ग्रह गर्दाको तथा शास्त्रानुकूल भक्ति नगर्नाको पाप । जसकारण तपाईं कुकर=कुकुर, खर=गधा, सुकर=सुँगुर, कौआ=काग, हँस=सरोवरमा केवल मोती खाने एक पक्षी, बुगा=बकुल्ला आदि आदिको योनीहरू प्राप्त गरी कष्ट भोग्नु भयो ।

कोटि जन्म तू राजा कीन्हा, मिटि न मन की आशा ।
भिक्षुक होकर दर-दर हांड्या, मिला न निर्गुण रासा ।।

सरलार्थः- हे मानव ! तिमीले काल (ब्रह्म) को कठीन भन्दा कठीन साधना गऱ्यौ । घर त्यागेर जङ्गलमा निवास गऱ्यौ । अनि गाउँ तथा नगरमा घरघरको ढोका-ढोका हांडया अर्थात् चहाऱ्यौं । भिक्षा प्राप्तिका लागि जङ्गलमा साधनारत साधक नजिकैको गाउँ वा शहरमा जान्छ । एउटा घरबाट पूरा भिक्षा प्राप्त भएन भने अन्य घरहरूबाट भोजन लिई जङ्गलमा जान्छ । कहिले काहीं त साधकले एक दिन भिक्षा मागेर ल्याउँछ र त्यसैबाट दुई-तीन दिनसम्म जीवन निर्वाह गर्छ । रोटीलाई पातलो कपडा (रूमाल जस्तो पातलो कपडा जसलाई छालना भनिन्छ) मा बेरेर रूखको हाँगामा झुण्ड्याउँथे त्यो रोटी सुक्छ । त्यसलाई पानीमा भिजाएर नरम बनाई खान्थे ती प्रत्येक दिन भिक्षा माग्न जाँदा व्यर्थमा खेर जाने समय बचत गरी त्यसलाई काल ब्रह्मको साधनामा लगाउँथे ।

भावार्थः- जन्म-मरणबाट छुट्कारा पाउनका लागि अर्थात् पूर्ण मोक्ष प्राप्तिका लागि वेदहरूमा वर्णित विधि तथा लोकवेदद्वारा घोर तप गर्थे । तिनलाई तत्वदर्शी सन्त प्राप्त नहुनाले निर्गुण रासा अर्थात् गुप्त ज्ञान (तत्वज्ञान) प्राप्त भएन किनकि यजुर्वेद अध्याय ४० मन्त्र १० तथा चारै वेदहरूका सारांश रूप श्रीमद्भगवत गीता अध्याय ४ श्लोक ३२ र ३४ मा भनिएको छ– जुन यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूको विस्तृत ज्ञान स्वयम् सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मले आफ्नो मुख कमलबाट उच्चारण गरेर (बोलेर) सुनाउँछन्, त्यो तत्वज्ञान अर्थात् सूक्ष्मवेद हो । गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– त्यो तत्वज्ञान तिमी तत्वज्ञानीका सामिप्यमा गएर जान, उनलाई दण्डवत् प्रणाम गर्नाले, नम्रतापूर्वक प्रश्न गर्नाले ती परमात्मतत्व भलिभाँती जान्ने तत्वदर्शी सन्तले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् । यसबाट तत्वज्ञान न वेदहरूमा छ, न त गीता शास्त्रमा नै छ भन्ने सिद्व हुन्छ । यदि भएको भए एउटा अर्को अध्याय पनि भन्ने थिए । तत्वज्ञान त्यस अध्यायमा पढ्नु होस् भन्ने थिए । सन्त गरीबदास जीले मनको बहानामा मानव शरीरधारी प्राणीहरूलाई यसरी सम्झाएका छन्– त्यो निर्गुण रासा अर्थात् तत्वज्ञान प्राप्त नभएकाले काल ब्रह्मको साधना गरेर तपाईं करोडौं जन्महरूमा राजा बन्नु भयो । फेरि पनि मनको इच्छा समाप्त भएन किनकि राजाले स्वर्गमा सुख छ, यहाँ राज्यमा कुनै सुख-चैन तथा शान्ति छैन भन्ने सोच्दछ ।

निर्गुण रासाको भावार्थः- निर्गुणको अर्थः- त्यो वस्तु त छ तर त्यसको लाभ प्राप्त भइ रहेको छैन । वृक्षको बिउमा फल तथा वृक्ष निर्गुण रूपमा छ, त्यो बिउ माटोमा रोपेर सिचाइ गरी त्यो सरगुण वस्तु (वृक्ष, वृक्षको फल) प्राप्त गर्न सकिन्छ । त्यो ज्ञान नभएकाले आँपको फल तथा छायाँबाट वञ्चित रहन्छ । रासा=झञ्झट अर्थात् उल्झेको कार्य । सूक्ष्मवेदमा परमेश्वर कबीर जीले भन्नु भएको छः-

नौ मन (३६० कि.ग्रा) सूत=काँचो धागो

कबीर, नौ मन सूत उलझिया, ऋषि रहे झख मार ।
सतगुरु ऐसा सुलझा दे, उलझे न दूजी बार ॥

सरलार्थः- परमेश्वर कबीर जीले भन्नु भएको छ– अध्यात्म ज्ञान रूपी नौ मन धागो उल्झिएको छ । एक कि. ग्रा. उल्झेको धागो मिलाउन जुलाहालाई एक दिन भन्दा पनि बढी समय लाग्थ्यो । यदि धागो सुल्झाउँदा चुँडियो भने कपडामा गाँठो पर्छ । गाँठा-गुँठी भएको कपडा कसैले किन्दैनथे । त्यसैले परमेश्वर कबीर जुलाहाले जुलाहाको सन्दर्भ दिएर सटीक उदाहरण दिएर सम्झाउनु भएको छ– धेरै उल्झिएको धागो कसैले सुल्झाउदैन्थे अर्थात् संगाल्दैनथे । अध्यात्म ज्ञान त्यही नौ मन उल्झिएको धागो जस्तै हो, जसलाई सतगुरू अर्थात् तत्वदर्शी सन्तले यसरी सुल्झाउँछन्, जुन पुनः उल्झदैन । नसुल्झिएको अध्यात्म ज्ञानको आधारमा अर्थात् लोकवेद अनुसार साधना गरेर स्वर्ग-नर्क, चौरासी लाख प्रकारका प्राणीहरूको जीवन,

पृथ्वीमा पृथ्वीको कुनै टुक्राको राज्य, स्वर्गको राज्य प्राप्त गर्‍यो र पुनः जन्म-मरणको चक्रमा झरेर कष्टमाथि कष्ट उठायो । तर वेदहरूमा वर्णित विधि अनुसार काल ब्रह्मको साधना गर्नाले गीता अध्याय १८ श्लोक ६२ मा भनिएको त्यो परम शान्ति तथा सनातन परम धाम प्राप्त भएन, न त गीता अध्याय १५ श्लोक ४ मा भनिएको परमेश्वरको त्यो परम पद प्राप्त भयो जहाँ गए पश्चात् साधक फर्केर संसारमा कहिल्यै आउँदैन । काल ब्रह्मको साधनाले निम्न लाभ भइ रहन्छः-

**वाणी नं ३ :-** इन्द्र कुबेर, ईश की पदवी, ब्रह्मा वरूण धर्मराया ।
विष्णुनाथ के पुर कूं जाकर, बहुर अपूठा आया ॥

सरलार्थः- काल ब्रह्मको साधना गरेर साधकले इन्द्रको पद पनि प्राप्त गर्दछ । इन्द्र स्वर्गको राजाको पद हो । यसलाई देवराज अर्थात् देवताहरूका राजा तथा सुरपति पनि भनिन्छ । यिनले सिचाइ विभाग अर्थात् वर्षा मन्त्रालय पनि आफ्नो अधीनमा राख्छन् ।

प्रश्नः- इन्द्रको पदवी कसरी प्राप्त हुन्छ?

उत्तरः- अधिक तप गर्नाले तथा सय मन (४ हजार कि. ग्रा.) गाई वा भैंसीको घिउ प्रयोग गरी धर्मयज्ञ गर्नाले एक धर्मयज्ञ सम्पन्न हुन्छ । यस्तो-यस्तो सयवटा धर्मयज्ञ निर्विध्न रूपमा गर्नाले साधकले इन्द्रको पदवी प्राप्त गर्दछ । तप वा यज्ञको क्रममा यज्ञ वा तपको मर्यादा भङ्ग भयो भने फेरि नयाँ सिराबाट यज्ञ तथा तप गर्नु पर्छ । यसरी इन्द्रको पदवी प्राप्त हुन्छ ।

प्रश्नः- इन्द्रको शासन काल कत्ति छ ? मृत्यु उपरान्त इन्द्रको पद छोडेर प्राणीले कुन योनी प्राप्त गर्दछ ?

उत्तरः- स्वर्गको राजाको पदमा इन्द्र ७२ चौकडी अर्थात् ७२ चतुर्युगसम्म रहन्छन् । एक चतुर्यगमा सत्ययुग+त्रेतायुग+द्वापरयुग र कलियुगको समय हुन्छ । जुन १७२८०००+१२९६०००+८६४०००+४३२००० क्रमशः सत्ययुग + त्रेतायुग + द्वापरयुग र कलियुगको समय अर्थात् ४३ लाख २० हजार वर्षको समय एक चतुर्युगमा हुन्छ । यसरी बनेको ७२ चतुर्युग सम्म त्यो साधकले इन्द्रको पदमा स्वर्गको राजाको सुख भोग गर्दछ । एक कल्प अर्थात् ब्रह्मा जीको एक दिनमा (जुन एक हजार आठ चतुर्युगको हुन्छ) १४ वटा जीवले इन्द्रको पदमा रहेर आफूले गरेको पुण्य कर्म भोग्दछ । इन्द्रको पदको भोग गरी ती प्राणीहरूले गधाको जीवन प्राप्त गर्छन् ।

## कथाः "मार्कण्डेय ऋषि तथा अप्सराको संवाद"

एक समय बंगालको खाडीमा मार्कण्डेय ऋषि तपस्या गरि रहेका थिए । इन्द्रको पदमा विराजमान हुँदा एउटा शर्त हुन्छ, जस अनुसार यदि इन्द्रको शासनकाल ७२ चौकडी युगको अवधिमा पृथ्वीमा कुनै व्यक्तिले इन्द्र पद प्राप्त गर्न योग्य तप वा धर्मयज्ञ गऱ्यो र उसको कार्यमा कुनै बाधा आएन भने त्यस साधकलाई इन्द्रको पद दिइन्छ र वर्तमानमा भएका इन्द्रबाट त्यो पद खोसिन्छ । त्यसैले सम्भव भएसम्म इन्द्रले आफ्नो शासन कालमा कुनै पनि साधकको तप वा धर्मयज्ञ पूर्ण हुन दिदैनन् । उसको साधना भङ्ग गराइ छोड्छन्, चाहे त्यसका लागि जेसुकै गर्नु परोस् ।

इन्द्रलाई उनका दूतहरूले बंगालको खाडीमा मार्कण्डेय नामका ऋषिले तप गरि रहेका छन् भन्ने कुरा बताए । इन्द्रले मार्कण्डेय ऋषिको तप भङ्ग गर्नका लागि उर्वशी नामकी अप्सरा (इन्द्रकी पत्नी) पठाए । सम्पूर्ण श्रृङ्गार गरेर देवपरी मार्कण्डेय ऋषिको सामुन्ने गएर नाच्न गाउन थालिन् । आफ्नो सिद्धीले त्यस स्थानमा वसन्त ऋतुको जस्तो वातावरण बनाइन् । मार्कण्डेय ऋषिले कुनै उत्सुकता देखाएनन् । उर्वशीले इजार चुडाइन् र निःवस्त्र भइन् । तब मार्कण्डेय ऋषिले भने– हे पुत्री ! हे बहिनी ! हे माता ! तिमी यो के गरि रहेकी छ्यौ ? तिमी यहाँ घोर जङ्गलमा एक्लै के कति कामले आयौ ? उर्वशीले भनिन्– ऋषि जी ! मेरो रूप देखेर यस आरण्य खण्ड (वन खण्ड) का सारा साधकहरूले आफ्नो सन्तुलन गुमाए तर तपाईं डगमग हुनु भएन, थाहा छैन हजुरको समाधी कहाँ थियो ? कृपया हजुर मसँग इन्द्रलोक हिड्नु होस्, अन्यथा तँ हारेर आइस् भनी मलाई सजाय दिइने छ । मार्कण्डेय ऋषिले भने– मेरो समाधी ब्रह्मलोकमा गएको थियो । त्यहाँ म ती उर्वशीहरूको नाच हेरि रहेको थिएँ, जो यति सुन्दर थिए कि तिमी जस्ता त तिनका ७-७ जना नोकर्नीहरू छन् । त्यसैले म तिमीलाई किन हेर्थें, तिमीप्रति किन आसक्त हुन्थें ? यदि तिमीभन्दा सुन्दरी कोही छ भने उसलाई ल्याऊ । तब देवपरीले भनिन्– इन्द्रकी पटरानी अर्थात् मुख्य रानी म नै हूँ । म भन्दा सुन्दरी स्वर्गमा कुनै स्त्री छैनन् ।

तब मार्कण्डेयले ऋषिले सोधे– इन्द्रको मृत्यु भएपछि तिमी के गर्छ्यौ ? जवाफमा उर्वशीले म १४ इन्द्र भोग गर्छु भनिन् । भावार्थ : श्री ब्रह्मा जीको एक दिनमा १००८ चतुर्युग हुन्छ, जसमा ७२-७२ चतुर्युगको शासनकाल पूरा गरेर १४ जना इन्द्रको मृत्यु हुन्छ । इन्द्रकी रानीको आत्माले कुनै मानव जन्ममा यति अत्यधिक पुण्य गरेको थियो कि जसको कारणले उनी १४ इन्द्रको मुख्य रानी बनेर स्वर्ग सुख तथा पुरूष सुख भोग गर्छिन् ।

मार्कण्डेय ऋषिले भने– ती १४ इन्द्र मरेपछि तिमी के गर्छ्यौ नि ? उर्वशीले जवाफमा भनिन्– त्यसपछि म मृत्युलोक (पृथ्वी लोकलाई मनुष्य लोक अर्थात् मृत्यु

लोक भनिन्छ।) मा गधी बन्ने छु र मेरा पति भएका इन्द्रहरू सबैले पृथ्वीमा गधाको योनी प्राप्त गर्ने छन् ।

मार्कण्डेय ऋषिले भने– त्यसो हो भने किन मलाई त्यस्तो लोकमा लगि रहेकी थियौ, जहाँको राजा गधा बन्ने छ र रानीले गधीको योनी प्राप्त गर्ने छिन् ? जवाफमा उर्वशीले भनिन्– आफ्नो इज्जत राख्नका लागि, न भए उनले तँ हारेर आइस् भन्ने छन् ।

मार्कण्डेय ऋषिले भने– गधीको के को इज्जत ? तिमी अहिले पनि गधी नै छौ किनकि तिमीले १४ वटा इन्द्र खसम बनाउने छौ र मृत्यु उपरान्त गधी बन्ने छु भनेर तिमी स्वयम् स्वीकार गरि रहेकी छौ ? गधीको के को इज्जत ? यत्तिकैमा विधान अनुसार आफ्नो इन्द्रको राज्य मार्कण्डेय ऋषिलाई दिनका लागि त्यहाँ इन्द्र आए । इन्द्रले भने– ऋषि जी म हारें तपाईंले जित्नु भयो । हजुर इन्द्रको पदवी स्वीकार गर्नु होस् । मार्कण्डेय ऋषिले भने– हे इन्द्र ! यो इन्द्रको पदवी मेरा लागि कुनै कामको छैन । मेरो लागि त यो कागको विष्टा समान छ । मार्कण्डेय ऋषिले पुनः इन्द्रलाई भने– तिमी मैले भने अनुसार साधना गर, तिमीलाई ब्रह्मलोक लैजान्छु । इन्द्रको यो राज्य त्यागि देऊ । तब इन्द्रले भने– हे ऋषि जी ! अहिले मलाई मोज-मस्ती गर्न दिनु होस्, पछि विचार गरूँला ।

पाठकजन विचार गरौं:- इन्द्रलाई मृत्यु उपरान्त गधाको जीवन प्राप्त हुन्छ भन्ने थाहा छ, तर पनि त्यो क्षणिक सुख त्याग्न चाहँदैन । पछि विचार गरौंला भन्छ । अनि कहिले विचार गर्छ त ? गधा बनेपछि त कुम्हालेले विचार गर्ने छ । कति भार गधामाथि लाद्ने हो ? कहाँनिर लठ्ठी हान्ने हो ? ठिक यसैगरी यस पृथ्वीमा काही स-साना ठाउँका प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री वा राज्यका मन्त्री बनेका छन् । यस्तै कोही कुनै पदमा सरकारी अधिकारी वा कर्मचारी बनेका छन् या वा धनी छन् । तिनीहरूलाई भक्ति गर नभए गधा बन्ने छौ भन्यो भने कि त ती रिसाउँछन् र किन हामी गधा बन्ने ? यस्तो कुरा फेरि नगर भन्छन् । केही सभ्यहरू भने गधा बनेको कसले देखेको छ र भन्छन् । उनीहरूलाई यी सब सन्त तथा ग्रन्थहरूले भनेका छन् भन्ने बताएपछि प्रायःजसोले जे हुन्छ हेरौंला भन्छन् ।

तिनीहरूसँग अनुरोध छ– मृत्यु पश्चात् गधा बनेपछि के हेर्छौ, त्यसपछि त तिमीमाथि कस्तो व्यवहार गर्ने हो भनेर कुम्हालेले हेर्ने छ वा विचार गर्ने छ । हेर्नु छ वा विचार गर्नु छ भने वर्तमानमा नै हेर वा विचार गर । खराब आचरण छोडेर शास्त्रानुकूल साधना गर, जुन वर्तमानमा विश्वमा केवल म (रामपाल दास) सँग छ । आऊ ग्रहण गर र आफ्नो जीवनको कल्याण गराऊ ।

माथि लेखिएको वाणी नं. ३ मा भनिएको छ– इन्द्र, कुबेर तथा ईशको पदवी प्राप्त गर्ने, ब्रह्मा जीको पद तथा वरूण, धर्मरायको पद प्राप्त गरेर तथा विष्णु जीको लोक प्राप्त गरेर देवपद प्राप्त गरेकाहरू पनि फर्केर पुनः जन्म-मरणको चक्रमा रहि रहन्छ।

स्वर्ग लोकमा ३३ करोड देवपद छन् । जस्तो भारत वर्षको संसदमा ५४० सांसदहरूको पद छ । व्यक्ति परिवर्तन भइ रहन्छन् । तिनै सांसदहरूबाट प्रधानमन्त्री तथा अन्य केन्द्रीय मन्त्रीहरू आदि बन्दछन् ।

यसैगरी ती ३३ करोड देवताहरू मध्येबाट नै कुबेरको पद अर्थात् धनको देवताको पद प्राप्त हुन्छ– जस्तै वित्त अर्थात् अर्थ मन्त्री । ईशको पदवीको अर्थ प्रभु पद हुन्छ, जुन लोकवेद अनुसार कुल तीनवटा मानिन्छ– १. श्री ब्रह्मा जी, २. श्री विष्णु जी, ३. श्री शिव जी ।

वरूण देव जलका देवता हुन् । धर्मराय मुख्य न्यायाधीश हुन् । उनैले सबै जीवहरूलाई कर्मको फल दिन्छन् । उनलाई धर्मराज पनि भनिन्छ । यी सबैले काल ब्रह्मको साधना गरेर पद प्राप्त गर्दछन् । पुण्य क्षीण (समाप्त) भएपछि सारा देवता पदबाट मुक्त भएर पशु-पक्षी आदिका ८४ लाख प्रकारका योनीहरूमा जान्छन् । अनि फेरि नयाँ ब्रह्मा जी, नयाँ विष्णु जी तथा नयाँ शिव जी यी पदहरूमा विराजमान हुन्छन् ।

उपरोक्त यी सबै देवताहरू जन्मन्छन्-मर्छन् । यी अविनाशी होइनन् । यिनीहरूको अवस्था यसै पुस्तकको सृष्टि रचना अध्यायमा स्पष्ट हुने छ कि यी कति जना प्रभु छन् ? कसका पुत्र हुन् ? र यिनकी माता को हुन् ?

अन्य प्रमाणः श्री देवी पुराण (सचित्र मोटा टाइप केवल हिन्दी, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को तेस्रो स्कन्धको पृष्ठ १२३ मा लेखिएको छः तपाईं शुद्ध स्वरूपा हुनु हुन्छ, यो सारा संसार तपाईंबाट नै उद्भाषित भइ रहेको छ । म (विष्णु), ब्रह्मा र शङ्कर तपाईंको कृपाले विद्यमान छौं । हाम्रो त अविर्भाव अर्थात् जन्म तथा तिरोभाव अर्थात् मृत्यु हुन्छ । तपाईं प्रकृति देवी हुनु हुन्छ ।

शङ्कर भगवानले भने– हे देवी ! यदि विष्णुपछि उत्पन्न हुने ब्रह्मा तपाईंबाट उत्पन्न भएका हुन् भने के म तमोगुणी लिला गर्ने शङ्कर तपाईंको सन्तान भइनँ ? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाईं नै हुनु हुन्छ । हामी त केवल नियमित कार्य मात्र गर्न सक्छौं अर्थात् जसको भाग्यमा जे लेखिएको छ, हामी त्यही मात्र प्रदान गर्न सक्छौं । न यसभन्दा बढी गर्न सक्छौं, न त यसभन्दा कम ।

पाठकगण ! यस श्री देवी पुराणको उल्लेखबाट श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जी नाशवान छन् र यिनकी माता जीको नाम श्री देवी दुर्गा हो भन्ने स्पष्ट हुन्छ । अधिक जानकारी तपाईंले "सृष्टि रचना" अध्यायबाट ग्रहण गर्नु हुने छ, जुन यसै पुस्तकमा छ । यी प्रधान देवता हुन् । अन्य यिनीभन्दा निम्न स्तरका देव हुन् । यी सारा जन्मन्छन्-मर्छन्, अविनाशी राम होइनन्, अविनाशी परमात्मा होइनन् ।

श्रीमद्भगवत गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता ब्रह्म भन्छन्– मेरो उत्पत्तिको विषयमा न देवताहरू जान्दछन्, न त महर्षिजनले नै जान्दछन् किनकि यी सबैको आदि कारण म नै हूँ अर्थात् यी सारा मबाट नै उत्पन्न भएका हुन् ।

गीता अध्याय ४ श्लोक ५ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । गीता अध्याय २ श्लोक १२ मा पनि स्पष्ट छ– तिमी, म र सारा राजा-सेना पहिले पनि जन्मेका थियौं, पछि पनि जन्मने छौं ।

गीता अध्याय १४ श्लोक ३ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! मेरी प्रकृति अर्थात् दुर्गाले त गर्भ धारण गर्छिन्, म उनको गर्भमा बिज स्थापित गर्दछु, जसबाट सारा प्राणीहरूको उत्पत्ति हुन्छ ।

गीता अध्याय १४ श्लोक ५ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! नाना प्रकारका सबै योनीहरूमा जे जति शरीरधारी मूर्तिहरू उत्पन्न हुन्छन् (महत्) प्रकृति त यी सबैलाई गर्भ धारण गर्ने माता हुन् । (अहम् ब्रह्म) म ब्रह्म बिज स्थापित गर्ने पिता हूँ ।

गीता अध्याय १४ श्लोक ४ मा गीता ज्ञानदाताले स्पष्ट पारेका छन्– हे अर्जुन ! सत्वगुण श्री विष्णु जी, रजगुण श्री ब्रह्मा जी तथा तमगुण श्री शिव जी यी प्रकृति अर्थात् दुर्गा देवीबाट उत्पन्न तीनै देवताहरू अर्थात् तीनै गुणहरूले अविनाशी जीवात्माहरूलाई कर्मको आधारमा शरीरमा बाँध्दछन् ।

उल्लेखित प्रमाणहरूबाट उपरोक्त देवताहरू नाशवान हुन् तथा काल ब्रह्मका सन्तान हुन् भन्ने स्पष्ट हुन्छ।

वाणी सङ्ख्या ३ को सरलार्थ प्रसङ्ग चलि रहेको छ : इन्द्र, कुबेर, ईश अर्थात् ब्रह्मा, विष्णु, शिव सम्मको पदवी प्राप्ति गरेर तथा वरूण, धर्मरायको पदवी तथा श्री विष्णुनाथको लोक प्राप्त गरेर पनि जन्म-मरणको चक्रमा रहि रहन्छन् ।

मार्कण्डेय ऋषि जीले ब्रह्म साधना गरि रहेका थिए । त्यसैलाई सर्वोत्तम ठानि रहेका थिए । त्यसैले इन्द्रलाई आऊ तिमीलाई ब्रह्म साधनाको ज्ञान गराउँछु भनि रहेका थिए । ब्रह्मलोकको तुलनामा स्वर्गको राज्य हलुवाको तुलनामा कागको विष्टा जस्तै हो ।

पाठकगण ! ब्रह्म साधना गर्ने श्री चुणक ऋषि, श्री दुर्वासा ऋषि तथा ब्रह्म साधना गरेका कपिल मुनिको साधनालाई गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक १८ मा अनुत्तम अर्थात् घटिया भनेका छन् । त्यही स्तरको साधना मार्कण्डेय ऋषि जीको थियो । त्यसै साधनालाई अति उत्तम ठानेर गरि रहेका थिए र इन्द्र जीलाई पनि ब्रह्म साधना गर्न सल्लाह दिइ रहेका थिए ।

सूक्ष्म वेदमा भनिएको छ :

औरौं पंथ बतावहीं, आप न जाने राह ।।१।।
मोती मुक्ता दर्शत नाहीं, यह जग है सब अन्ध रे ।
दिखत के तो नैन चिसम हैं, फिरा मोतिया बिन्द रे ।।२।।
वेद पढे पर भेद न जानें, बाचे पुराण अठारा ।
पत्थर की पूजा करें, भूले सिरजनहारा ।।३।।

वाणी नं. १ को भावार्थः- अरूलाई मार्ग दर्शन गर्दछन्, तर स्वयम्लाई भक्ति मार्गको ज्ञान छैन ।

वाणी नं. २ को भावार्थः- तत्वदर्शी सन्तको अभावका कारण मोती मुक्ता यानी मोक्ष रूपी मोती अर्थात् मोक्ष मन्त्र देख्दैनन् । यो सारा संसार आध्यात्मिक ज्ञान नभएको नेत्रहीन अन्धा हो । जस कसैलाई पनि मोतिबिन्दु (एक प्रकारको नेत्र रोग, जसमा आँखा स्वस्थ देखिन्छ तर त्यस रोगग्रस्त व्यक्तिले केही देख्दैन) लागेको छ। यो उदाहरण दिएर भन्नु भएको छ– फरर संस्कृत भाषा बोल्दछन्, लाग्दछ मानौं महाविद्वान हुन्, तर सद्ग्रन्थका गूढ रहस्यहरू जान्दैनन् । यिनीहरूलाई अज्ञान रूपी मोतिबिन्दु लागेको छ ।

वाणी नं. ३ को भावार्थः- वेदहरू पढेर मुखाग्र गर्नेहरू वेदहरूका गूढ रहस्यहरू नबुझी त्यसका विरूद्ध साधना गर्छन् र गराउँछन् । वेदहरूमा पत्थरको मूर्ति पूजाको कहीं कतै उल्लेख छैन तर ती वेदका विद्वान कहलिनेहरू पत्थर पूजा गर्छन् र गराउँछन् । वेदहरूमा वर्णित सिर्जनहारलाई बिर्साइ दिए ।

श्रीमद्भगवत गीता अध्याय ४ श्लोक २५ देखि २९ मा यही बताइएको छ– साधकले आफूले गरेको साधना जे जस्तो भए पनि उत्तम सम्झेर गरि रहेको हुन्छ । सारा साधकले आ-आफ्नो भक्तिलाई पापनाशक ठान्दछन् ।

गीता अध्याय ४ श्लाक ३२ मा स्पष्ट गरिएको छ– यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूको ज्ञान स्वयम् सच्चिदानन्द घन ब्रह्मले आफ्नो मुखारविन्दबाट बोलिएको वाणीमा विस्तारपूर्वक भनिएको छ, त्यही नै तत्वज्ञान हो, जसलाई बुझेपछि साधक सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ ।

गीता अध्याय ४ श्लोक ३४ मा स्पष्ट पारेका छन्– त्यो तत्वज्ञान तत्वदर्शी सन्तले जान्दछन्, उनलाई दण्डवत् प्रणाम गरेर नम्रतापूर्वक प्रश्न गर्नाले ती तत्वज्ञान जान्ने ज्ञानी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् ।

माथिको वाणीमा निर्गुण रासा भनिएको त्यो तत्वज्ञान प्राप्त नहुनाले सम्पूर्ण साधकहरू जन्म-मरणको चक्रमा नै रहे ।

मार्कण्डेय ऋषि ब्रह्म साधना गरि रहेका थिए । श्रीमद्भगवत गीता अध्याय ८ श्लोक १६ मा भनिएको छ– ब्रह्मलोकमा गएका साधक पनि पुनरावृत्ति अर्थात् बारम्बार जन्म-मरणको चक्रमा नै रहन्छन् ।

वाणी सङ्ख्या– ४= असङ्ख्य जन्म तोहे मरता होगे, जीवित क्यों न मरै रे।
द्वादश मध्य महल मठ बोरे बहुर न देह धरै रे ।

सरलार्थ : हे मानव ! तिमी असङ्ख्यौं पटक जन्म्यौ र मऱ्यौ । सत्य साधना गर तथा जीवितै मर । जीवित मर्नुको तात्पर्य– यस संसारका प्रत्येक वस्तु अस्थायी छन् । यो शरीर पनि स्थायी छैन । जन्म-मृत्युको बखेडा (झमेला) पनि भयङ्कर छ । यस संसारमा दुःखको अतिरिक्त केही छैन । मानव शरीर प्राप्त गरेर मोक्ष

प्राप्त भएन र पशुको जस्तो जीवन जियौ । भक्तलाई यस्ता कुराहरूको ज्ञान हुन्छ । जस्तो गीता अध्याय ७ श्लोक २९ मा भनिएको छ– जुन साधक केवल जरा अर्थात् वृद्धावस्थाको कष्ट तथा मरणको दुःखबाट मुक्त हुनका लागि साधनारत छ, उसले तत् ब्रह्म तथा सम्पूर्ण अध्यात्म एवम् कर्महरू जान्दछ ।

यसरी तत्वज्ञान भएपछि मानिसहरूलाई अनावश्यक वस्तुहरू प्रति इच्छा रहदैन, तमाखु, सूर्ति, रक्सी, मासु सेवन गर्दैन । नाचगान मूर्खहरूको कार्य हो भन्ने बोध हुन्छ । जे जस्तो भोजन प्राप्त हुन्छ, त्यसैमा सन्तुष्ट रहन्छ।

❖ आत्म कल्याणका लागि साधकले विचार गर्दछ– यदि म सत्सङ्गमा गइनँ भने गुरू जीको दर्शन पाउँदिनँ । सत्सङ्ग विचार न सुन्नाले मनले फेरि विकार गर्न थाल्दछ । त्यो साधक सम्पूर्ण कार्य छोडेर सत्सङ्ग सुन्न जान्छ । उसले विचार गर्दछ– हामी हरेक दिन सुन्छौं तथा देख्छौं– स-साना बच्चाहरूलाई छोडेर पिताले संसार त्याग्दछ अर्थात् मर्दछ । ठूला-ठूला पूँजीपतिहरू दुर्घटनामा मर्दछन् । जीवनभर जोडेका सारा सम्पत्ति छोडेर जान्छन् । पुनः ती सम्पत्ति सम्हाल्न आउँदैनन् । मृत्युभन्दा अघि एक दिन पनि काम छोड्न मन लाग्दैनथ्यो तर अब स्थायी रूपमा नै कार्य छुट्यो ।

## आज भाइलाई फुर्सत छ

एक जना भक्त सत्सङ्गमा जान थाल्यो । दीक्षा लियो, ज्ञान सुन्यो र भक्ति गर्न थाल्यो । आफ्ना साथीलाई पनि सत्सङ्गमा जान तथा भक्ति गर्न अनुरोध गर्‍यो तर साथीले मानेन । कामबाट नै फुर्सद छैन भन्थ्यो । स-साना बच्चाहरू छन्, यिनको पालन-पोषण गर्नु छ, त्यसैले काम छोडेर सत्सङ्गमा जान थालें भने सारा काम चौपट हुन्छ भन्थ्यो ।

ती सत्सङ्गमा जाने भक्तले जब-जब उनलाई सत्सङ्गमा जान आग्रह गर्थ्यो, तब-तब ऊ अहिले कामबाट फुर्सद छैन भन्थ्यो । एक वर्ष पश्चात् त्यस मित्रको मृत्यु भयो । उसको पार्थिव शरीर लिएर आफन्त तथा नगरबासीहरू हिंडे, साथमा गाउँ-घरमा सैयौं मानिसहरू पनि हिंडे । सबैले 'राम नाम सत्य छ, सत्य बोलौं गत् छ' भनि रहेका थिए ।

तर ती भक्तले भने 'राम नाम त सत्य छ, तर आज भाइलाई फुर्सत छ' भनि रहेका थिए । नगरवासीहरू सत्य बोलौं गत् छ भन्थे तर ती भक्त आज भाइलाई फुर्सत छ भन्थे । अन्य व्यक्तिहरूले यसो नभन, यिनको घरका मानिसहरूले नराम्रो मान्छन् भनेर सम्झाए, तर ती भक्तले म त यसै भन्छु भने । मैले यस मूर्खलाई हात जोडेर सत्सङ्गमा जान र भक्ति गर्न अनुरोध गरेको थिएँ तर ऊ अहिले फुर्सत छैन भन्थ्यो । आज यसले स्थायी रूपमा फुर्सत् पाएको छ । स-साना

बच्चाहरूलाई पनि छोडेर गयो, जसको पालन-पोषणको बहाना बनाएर परमात्माबाट टाढा रह्यो । भक्ति गरेको भए खाली हात त जादैनथ्यो नि । केही भक्ति धन लिएर जान्थ्यो । बच्चाको पालन-पोषण त परमात्माले गर्छन् । भक्ति गर्नाले परमात्माले भक्तको आयु पनि थपि दिन्छन् । भक्तजन यस्तो विचार गरेर भक्ति गर्दछन्, काम छोडेर सत्सङ्ग सुन्न जान्छन् ।

भक्तले विचार गर्दछः– परमात्माले न गरून् कि हाम्रो मृत्यु होस्, अनि हाम्रो काम कसले गर्छ ? हामी आफ्नो मृत्यु भएको ठान्दछौं । हामी तीन दिनका लागि मऱ्यौं, यस्तो विचार राखेर सत्सङ्गमा जाऔं अर्थात् आफूलाई मृत ठानी सत्सङ्गमा जाऔं । त्यसो त परमात्माको भक्तको कार्य बिग्रदैन । तर पनि हामी सोच्दछौं– यदि मेरो अनुपस्थितिमा काम बिग्रिएछ भने तीन दिनपछि गएर सम्हालौंला । यदि वास्तवमै टिकट काटियो अर्थात् मृत्यु भयो भने त हाम्रो काम सदाका लागि बिग्रन्छ । अनि कहिल्यै त्यसलाई सम्हाल्न आउन सकिदैन । यस्तो अवस्थालाई जिउँदै मर्नु भनिन्छ ।

वाणीको शेष सरलार्थ :

द्वादश मध्य महल मठ बौरे, बहुर न देहि धरै रे ।

सरलार्थः श्रीमद्भगवत गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वज्ञानको प्राप्ति पश्चात् परमेश्वरको त्यो परमपदको खोजी गर्नु पर्छ, जहाँ गएपछि साधक फर्कर संसारमा कहिल्यै आउँदैन अर्थात् उसको पुनर्जन्म हुँदैन । उसले फेरि शरीर धारण गर्दैन । सूक्ष्म वेदको यस वाणीले यही स्पष्ट पारेको छ– परम धाम द्वादश अर्थात् १२ औँ द्वार पार गरेर त्यस परम धाममा गइन्छ । आजसम्म सम्पूर्ण ऋषि-महर्षि, सन्त, मण्डलेश्वरहरू आदिले १० द्वार बताउँथे । तर परमेश्वर कबीर जीले आफ्नो स्थान प्राप्त गर्ने सत्यमार्ग तथा सत्य स्थान स्वयम्ले नै बताउनु भएको छ। उहाँले १२ औं द्वार बताउनु भएको छ । यसबाट पनि सिद्ध हुन्छ– आजसम्म (सन् २०१२ सम्म) पहिलेका सारा ऋषि, सन्त तथा पन्थहरूको भक्ति काल ब्रह्मसम्मको थियो । जसकारणले जन्म-मरणको चक्र चलि रह्यो ।

वाणी सङ्ख्या– ५ = दोजख बहिश्त सभी तै, देखे राजपाट के रसिया ।
तीन लोक से तृप्त नाहीं, यह मन भोगी खसिया ।।

सरलार्थः तत्वज्ञानको अभावमा पूर्ण मोक्षको मार्ग प्राप्त न हुनाले कहिले दोजख अर्थात् नर्कमा गयौं, कहिले बहिश्त अर्थात् स्वर्गमा गयौं त कहिले राजा भएर आनन्द लियौं । यदि यस मानवलाई तीन लोकको राज्य दियो भने पनि तृप्त हुँदैन।

उदाहरणः यदि कोही गाउँको प्रधानपञ्च बन्यो भने सांसद हुन पाए मोज हुन्थ्यो भन्ने इच्छा राख्दछ । सांसदले मन्त्री हुन पाए त अझ राम्रो हुने थियो भन्ने सोच्दछ । मन्त्री बनेपछि मुख्य मन्त्री हुन पाए सबैको मुखिया हुन पाइन्थ्यो, छुट्टै खालको आनन्द पनि हुन्थ्यो, सारा प्रान्तमा आदेश चल्थ्यो भन्ने इच्छा राख्दछ । मुख्य मन्त्री भए पश्चात् प्रधानमन्त्री बन्ने प्रबल इच्छा जाग्दछ । प्रधानमन्त्री बन्न

पाए जीवन सफल हुने थियो भन्ने सोच्दछ । तर तबसम्म जीवन लिला समाप्त हुन्छ। अनि गधा बनेर कुम्हालेको लठ्ठी खाइ रहेको हुन्छ । त्यसैले तत्वज्ञानमा सम्झाइएको छ– काल ब्रह्मद्वारा बनाइएको स्वर्ग-नर्क तथा राजपाट प्राप्तिको भुलभुलैयामा सारा जीवन व्यर्थ खेर फाल्यो । कहीं पनि सन्तोष भएन, यो मन यस्तो खुसरा (हिजडा) छ ।

एक जना अब्राहिम सुल्तान अधम नामक बलख शहरका राजा थिए । उनी पूर्व जन्मका असल भक्त थिए । तर वर्तमानमा भएको ऐश्वर्यमा मस्त भएर परमात्मालाई बिर्सेका थिए । राज्यको ठाट तथा महलमा आनन्दसँग बसेका थिए । एक दिन परमात्माले एक यात्रीको रूप बनाएर सतलोकबाट आई राजाको महलमा गएर भन्नु भयो– हे धर्मशालाका धनी ! मलाई एउटा कोठा भाडामा देऊ, रात बिताउनु छ, कति पैसा हो भन । राजाले भने– हे भोला यात्री ! के यो धर्मशाला जस्तो देखिन्छ ? म राजा हूँ र यो मेरो महल हो । यात्री रूपमा परमात्माले सोध्नु भयो– तपाईंभन्दा पहिले यस महलमा को रहन्थे ? जवाफमा राजाले भने– मेरा पिता, हजुरबुबा रहन्थे । यात्री रूपमा परमेश्वरले यस महलमा तपाईं कति दिन रहनु हुन्छ भनेर सोध्नु भयो । जवाफमा राजाले म पनि एक दिन यी सब छोडेर जान्छु भने । परमेश्वरले भन्नु भयो– उसो भए यो धर्मशाला न भएर के हो त ? यो धर्मशाला हो । जसरी तपाईंका पिता, हजुरबुबा गए, त्यसैगरी तपाईं पनि जानु हुने छ, त्यसैले मैले महललाई धर्मशाला भनेको हूँ । राजालाई वास्तविकताको ज्ञान भयो । संसारको इच्छा त्यागेर आत्म कल्याण गराए । सदा रहने खालको सुख तथा अमर जीवन प्राप्त गर्नका लागि दीक्षा लिए र आजीवन भक्ति गरे । आफ्नो मानव जीवन सफल तुल्याए ।

**वाणी सङ्ख्या– ६ =** सतगुरू मिलै तो इच्छा मेटैं, पद मिल पदे समाना ।
चल हंसा उस लोक पठाऊँ, जो आदि अमर अस्थाना ॥

सरलार्थः यदि तत्वदर्शी सन्त सतगुरू प्राप्त भयो भने उपरोक्त ज्ञान बताएर काल ब्रह्मको लोकको सम्पूर्ण वस्तुहरूबाट तथा पदहरूबाट इच्छा समाप्त गरी "पद मिल पदे समाना" यसमा एउटा "पद" को अर्थ हो पद्धति अर्थात् शास्त्रविधि अनुसार साधना अर्को पदको अर्थ हो "परम पद" यानी "पदवी" । सतगुरूले शास्त्र अनुसार पद्धति बताएर परमेश्वरको त्यो परमपद प्राप्ति गराइ दिनु हुन्छ, जहाँ गए पश्चात् साधक फेरि फर्केर संसारमा कहिल्यै आउँदैन । हे भक्त ! हिड, तिमीलाई त्यस लोकमा पठाउँछु, जुन आदि अमर स्थान हो अर्थात् गीता अध्याय १८ श्लोक ६२ मा वर्णित सनातन परमधाम हो, जहाँ परम शान्ति छ ।

**वाणी सङ्ख्या– ७ =** चार मुक्ति जहाँ चम्पी करती, माया हो रही दासी ।
दास गरीब अभय पद परसै, मिले राम अविनाशी ॥

सरलार्थः त्यस सनातन परम धाममा परम शान्ति तथा अत्यधिक सुख छ । काल ब्रह्मको लोकमा चार मुक्ति मानिन्छ, जुन प्राप्त गरेर साधक आफूलाई धन्य ठान्दछ । तर ती स्थायी होइनन् । केही समय पश्चात् पुण्य समाप्त हुना साथ फेरि ८४ लाख प्रकारको योनीहरूमा कष्ट उठाउँदछ । तर त्यस सत्यलोकमा चार मुक्ति भएको सुख सदा रहि रहन्छ । माया हजुरको नोकर्नी बनेर रहन्छिन् ।

सन्त गरीबदास जीले भनेका छन्– अमरलोकमा गए पश्चात् प्राणी निर्भय हुन्छ र त्यस सनातन परम धाममा ती अविनाशी राम अर्थात् परमेश्वर प्राप्त हुन्छ । त्यसैले पूर्ण मोक्षका लागि शास्त्रानुकूल भक्ति गर्नु पर्छ, जसद्वारा ती भगवानसम्म पुग्न सकिन्छ ।

उपरोक्त वाणी तथा पूर्वोक्त विवरणबाट स्पष्ट हुन्छ– श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी र यिनका पिता काल ब्रह्म अर्थात् क्षर पुरूष एवम् अक्षर पुरूष सम्पूर्ण राम अर्थात् प्रभु नाशवान छन् । केवल परम अक्षर ब्रह्म नै अविनाशी राम अर्थात् प्रभु हुन् । यिनै परमेश्वरको भक्तिले नै परम शान्ति तथा सनातन परम धाम अर्थात् पूर्ण मोक्ष प्राप्त हुने छ, जहाँ चार मुक्तिका सुख सदा रहन्छ । माया अर्थात् सारा सुख सुविधाहरू साधकको नोकरको रूपमा उपस्थित रहन्छ । सूक्ष्म वेदमा भनिएको छ :

कबीर, माया दासी सन्त की, उभय दे आशिष ।
विलसी और लातों छडी, सुमर-सुमर जगदीश ।।

भावार्थ : सम्पूर्ण सुख सुविधाहरू धनबाट प्राप्त हुन्छ । त्यो धन शास्त्रविधि अनुसार भक्ति गर्ने सन्त-भक्तको भक्तिबाट स्वतः प्राप्त हुन्छ, धन प्राप्त गर्नु उसको उद्देश्य हुदैन तर पनि अवश्य प्राप्त हुन्छ, By product हुन्छ । जस्तो कसैले गहूँको बाली लगायो भने उसको उद्देश्य गहूँको अन्न प्राप्त गर्नु हो तर भुस तथा छुवाली पनि अवश्य प्राप्त हुन्छ । भुस तथा छुवाली गहूँको अन्नको By product हो । यसैगरी सत्य साधना गर्नेलाई धन (माया) पनि स्वतः प्राप्त हुन्छ । साधकले त्यसको भोग गर्दछ र माया आफै पछि लागेर आउँछ अर्थात् धनको अभाव रहदैन, तापनि आवश्यक्ताभन्दा अधिक प्राप्त हुन्छ । परमेश्वरको भक्ति गरेर भक्त तथा सन्तले मायाको आनन्दसँगै पूर्ण मोक्ष पनि प्राप्त गर्दछन् ।

❖ उपरोक्त प्रसङ्गलाई अगाडि बढाऔंः मानव शरीर प्राप्त प्राणीले आफ्नो उद्देश्य बिर्सनु हुँदैन । भक्ति गरेर आफ्नो कल्याण गर्नु पर्छ । सूक्ष्म वेदमा लेखिएको छः- (राग आसावरी शब्द नं. ७१)

यह सौदा फिर नाहीं सन्तों, यह सौदा फिर नाहीं ।
लोहे जैसा ताव जात है, काया देह सराही ।।
तीन लोक और भुवन चतुर्दश, सब जग सौदे आहीं ।
दुगने-तिगुने किए चौगुने, किन्हूँ मूल गवाहीं ।।

भावार्थ : जस्तो कुनै दुई जना व्यापारी व्यापार गर्न टाढाको कुनै सहरमा गए । उनीहरूले साथमा ५-५ लाख रूपियाँ मूल धन लगे । एउटाले आफ्नो सम्पत्तिको सदुपयोग गर्‍यो । धर्मशाला वा होटलको कोठा भाडामा लियो । सामान किन्यो र महङ्गोमा बेच्यो । यसबाट उसले २० लाख कमायो । दुई वर्षपछि फर्केर आफ्नो घर आयो । सबैतिर उसको प्रशंसा भयो र धनी बन्यो ।

अर्को व्यापारीले पनि धर्मशाला वा होटलमा भाडामा कोठा लियो । रक्सी पिउन थाल्यो । ऊ वेश्याहरूका नृत्य हेर्थ्यो, खाना खान्थ्यो र सुत्थ्यो । उसले आफूसँग भएको मूल धन ५ लाख रूपियाँ सिध्यायो । फर्केर घर आयो । उसलाई ऋण लाग्यो । ५ लाख रूपियाँ उधारो वा सापटी दिएका मानिसले आफ्नो पैसा फिर्ता मागे । पैसा तिर्न नसकेकोले उसलाई आफ्नो मजदुर बनायो र आफ्नो ५ लाख धन असुल गर्‍यो । उपरोक्त वाणीहरूको तात्पर्य यही हो । तीन लोक (स्वर्ग लोक, पाताल लोक र पृथ्वी लोक) मा भएका सारा प्राणीहरू आ-आफ्नो राम-नामको व्यापार गर्न आएका हुन् । कसैले त दुई गुणा, कसैले तीन गुणा, कसैले चार गुणा धन कमाएका छन् अर्थात् पूर्ण सन्तबाट दीक्षा लिएर मानव जीवनको स्वासको पूँजी जुन मूल धन सत्य भक्ति गरेर वृद्धि गरे । जसले भक्ति गरेनन्, शास्त्रविधि त्यागेर मनोमानी आचरण गरे या अनाधिकारी गुरूबाट दीक्षा लिएर भक्ति गरे, उनीहरूलाई कुनै लाभ प्राप्त हुँदैन । पवित्र गीता अध्याय १६ श्लोक २३-२४ मा यसको प्रमाण छ । जसकारणले उसले पनि आफ्नो मनुष्य जीवनको स्वासरूपी मूल धन सत्य भक्तिबिना नष्ट गर्‍यो ।

## भक्ति नगर्नाले हुने हानीको अन्य विवरण

यह दम टूटै पिण्डा फूटै, हो लेखा दरगाह मांही ।
उस दरगाह में मार पडैगी, जम पकडेंगे बांही ॥
नर-नारायण देहि पाय कर, फेर चौरासी जांही ।
उस दिन की मोहे डरनी लागे, लज्जा रह के नांही ॥
जा सतगुरू की मैं बलिहारी, जो जामण मरण मिटाहीं ।
कुल परिवार तेरा कुटुम्ब कबीला, मसलित एक ठहराहीं ।
बाँध पींजरी आगै धर लिया, मरघट कूँ ले जाहीं ।
अग्नि लगा दिया जब लम्बा, फूंक दिया उस ठाहीं ॥
पुराण उठा फिर पण्डित आए, पीछे गरूड पढाहीं ॥

भावार्थ : यो दम अर्थात् स्वास समाप्त भएको दिन शरीर रूपी पिण्ड छुट्ने छ । अनि परमात्माको दरबारमा पाप-पुण्यको हिसाब हुने छ । भक्ति नगर्ने या शास्त्र विरूद्ध भक्ति गर्नेलाई यमका दूतले हात समातेर लैजाने छन्, चाहे कोही कुनै देशको राजा नै किन नहोस्, त्यसले कुटाइ खाने छ । सन्त गरीबदास जीलाई

परमेश्वर कबीर जीले भेट्नु भएको थियो । उनको आत्मालाई माथि लिएर जानु भयो । सम्पूर्ण ब्रह्माण्डहरू देखाएर तथा सम्पूर्ण आध्यात्मिक ज्ञान सम्झाएर पुनः शरीरमा फर्काउनु भयो । सन्त गरीब दास जी प्रत्यक्ष आफैले देखेको अवस्थाको बयान गर्दै भन्छन्: हे मानव ! तिमीले नर शरीर प्राप्त गरेका छौ । यो शरीर नारायण अर्थात् परमात्माको शरीर जस्तै अर्थात् उनैको स्वरूप हो । अन्य प्राणीहरूलाई यो सुन्दर शरीर प्राप्त छैन । यो (शरीर) प्राप्त भएपछि प्राणीले आजीवन भगवानको भक्ति गर्नु पर्छ । यस्तो परमात्मा स्वरूप शरीर प्राप्त गरेर पनि सत्य भक्ति नगरेकोले पुनः चौरासी लाख योनीहरूको चक्रमा गइ रहेका छन् । धिक्कार छ तिम्रो मानव जीवन ! मलाई त त्यस दिनको चिन्ता तथा डर छ, कहीं भक्ति कम भएर ती परमात्माको दरबारमा इज्जत हुन्छ वा हुँदैन, के थाहा ? मलाई त भक्ति गर्दा गर्दै पनि भक्ति कम हुने हो कि भन्ने डर लाग्छ । तिमीहरू त भक्ति नै गर्दैनौ । यदि गरि रहेका छौ भने पनि शास्त्र विरूद्ध । तिम्रो अवस्था खराब हुने छ । म तिमीलाई जन्म मरणको दीर्घ रोग मेटाउने अर्थात् समाप्त गरी दिने सतगुरू छान्न सल्लाह दिन्छु । सत्य भक्ति नगर्नेहरूको मृत्यु पश्चात् कस्तो अवस्था होला ? आसपासका आफन्तहरू जम्मा हुन्छन् । सबै जनाको श्मशान घाट लैजाने एउटै विचार वा सहमती बन्छ । (शमशान घाट लगेर आगो लगाइन्छ, घोचो वा बाँसले घोची-घोची छाति भाँचिन्छ, सारा शरीर जलाइन्छ । खल्तीमा भएका सबै कुराहरू निकाल्छन् । अनि शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्ने र गराउने गुरूले त्यस संसारबाट गएको जीवको कल्याणका लागि गरूड पुराण पाठ गर्दछ ।)

तत्व ज्ञान (सूक्ष्मवेद) मा भनिएको छ– आफ्नो मानव जीवन पूरा गरेर त्यो जीव गयो । परमात्माको दरबारमा उसको हिसाब हुने छ । ऊ कर्म अनुसार कतै गधा, कुकुर आदि बन्ने पङ्तिमा खडा हुने छ । मृत्यु पश्चात् गरिएको गरूड पुराणको पाठ उसकोलागि के काम लाग्यो त ? यी सब शास्त्रविरूद्ध व्यर्थका क्रियाकर्म हुन् । त्यस प्राणीलाई मानव शरीर छँदै भगवानको संविधानको ज्ञान सुनाउनु पर्ने थियो । जसबाट उसलाई असल र खराबको ज्ञान हुने थियो र उसले आफ्नो मानव जीवन सफल तुल्याउने थियो ।

प्रेत शिला पर जाय विराजे, फिर पितरों पिण्ड भराहीं ।
बहुर श्राद्ध खान कूँ आया, काग भये कलि माहीं ।।

भावार्थ : मृत्यु उपरान्त त्यस जीवको कल्याण अर्थात् गतिका लागि गरिने शास्त्र विरूद्ध क्रियाहरू व्यर्थ हुन्– जस्तो मर्ने व्यक्तिको गति अर्थात् मोक्षका लागि गरूड पुराण पाठ गराउनु, अस्थी गंगामा प्रवाहित गर्नु, तेन्हौं वा सत्रौंको काममा हवन तथा भण्डारा आदि गर्नु । पहिले प्रत्येक महिना उसको गतिका लागि वर्ष दिनसम्म मासिक क्रिया गरिन्छ, अनि ६ महिनामा छमासी क्रिया गरिन्छ फेरि वार्षिकी क्रिया गरिन्छ, अनि पिण्ड दान क्रिया र श्राद्ध गराउँछन् । श्राद्धको दिन पुरोहित स्वयम्ले भोजन तयार गरेर कहीं तिम्रो पिता काग बनेका त छैनन् भनी अलिकति केही खाना घरको छतमा राख्न लगाउँछन् । जब कागले खाना खान्छ,

तब स्वर्गवासी तिम्रा माता वा पिता (जसका लागि यी सारा क्रिया वा कार्य तथा श्राद्ध गरिएको हुन्छ ।) काग बनेका छन्, यिनको श्राद्ध सफल भयो भन्छन् । यस उपरोक्त विवरणबाट उपरोक्त क्रियाकर्म गरिएको त्यो व्यक्ति काग बनि सकेको छ भन्ने स्पष्ट हुन्छ ।

श्राद्ध गर्ने पुरोहितले भन्छ– श्राद्ध गर्नाले त्यस जीव एक वर्षको लागि तृप्त हुन्छ । फेरि एक वर्षमा श्राद्ध गर्नु पर्छ ।

विचार गरौं :- जीवित रहँदा दिनमा तीन पटक भोजन गर्दथ्यो । अब चाहिँ एक दिन भोजन गर्नाले एक वर्षसम्म कसरी तृप्त हुन सक्छ ? यदि हरेक दिन छतमा खाना राख्यो भने त्यस कागले हरेक दिन नै खाना खान्छ ।

अर्को कुराः मृत्यु पश्चात् गरिने सम्पूर्ण क्रियाहरू गति (मोक्ष) गराउने उद्देश्यले गरिएको थियो । ती ज्ञानहीन गुरूहरूले अन्तमा काग बनाई छोडे । ऊ प्रेत शिलामा प्रेत योनी भोगि रहेको छ । तर गुरू र काग मस्तसँग भोजन गरि रहेका छन् । पिण्ड दानको लाभ प्रेत योनीबाट मुक्ति भनिएको छ । मानौं प्रेत योनी छुट्यो । त्यसपछि ऊ गधा या गोरू बन्यो भने के गति गराए त ?

नर से फिर पशुवा किजै, गधा बैल बनाई ।
छप्पन भोग कहाँ मन बौरे, कहीं कुरडी चरने जाई ॥

मानव जीवनमा हामी कति राम्रा-राम्रा ५६ प्रकारका भोजन खान्थ्यौं । भक्ति नगर्नाले वा शास्त्र विरूद्ध साधना गर्नाले गधा बन्ने छौं, अनि यी ५६ प्रकारका भोजन कहाँ प्राप्त हुन्छ ? कतै कुरडी (घाँसे जमीनमा) मा भुँडी भर्नका लागि घाँस चर्न जान्छ । यसैगरी गोरू आदि पशुहरूको योनीमा कष्ट माथि कष्ट भोग्दै जान्छ ।

जै सतगुरू की संगत करते, सकल कर्म कटि जाई ।
अमर पुरी पर आसन होते, जहाँ धूप न छाँई ॥

सन्त गरीबदास जीले परमेश्वर कबीर जीबाट प्राप्त सूक्ष्म वेदमा भनेका छन्– यदि सतगुरू (तत्वदर्शी सन्त) को शरणमा गएर दीक्षा लिएको भए उपरोक्त सम्पूर्ण कर्महरूका कष्ट काटिने थियो अर्थात् प्रेत, गधा, गोरू आदि बन्ने थिएन । अमरपुरीमा आसन हुने थियो अर्थात् गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा वर्णित सनातन परमधाम प्राप्त हुने थियो, परम शान्ति प्राप्त हुने थियो । पुनः फर्केर संसारमा कहिल्यै आउनु पर्दैनथ्यो अर्थात् जन्म-मरणको कष्टदायक चक्र सदाका लागि समाप्त हुने थियो । त्यस अमरलोक (सत्यलोक) मा घाम-छायाँ छैन अर्थात् जस्तो घाम दुःखदायी भयो भने छायाको आवश्यकता पर्छ । त्यस सत्यलोकमा केवल सुख छ, दुःख छैन ।

सुरत निरत मन पवन पयाना, शब्दै शब्द समाई ।
गरीब दास गलतान महल में, मिले कबीर गोसांई ।

सन्त गरीबदास जी भन्छन्– मलाई कबीर परमेश्वरले भेट्नु भयो । मलाई सुरत-निरत, मन तथा स्वासमा ध्यान राखेर नामको स्मरण गर्ने विधि बताउनु भयो, जुन साधनाद्वारा सतलोकमा भइ रहेको शब्द ध्वनिलाई समातेर सतलोकमा गएँ । जसकारण सत्यलोक (शाश्वत स्थान) मा आफ्नो महलमा आनन्दले बस्छु किनकि परमेश्वर कबीर जीले सन्त गरीबदास जीलाई सत्य साधना बताउनु भएको थियो र गरीबदास जीले परमेश्वरसँगै गएर त्यो स्थान (सत्यलोक) देखेर आएका थिए । यिनै कारणले उनी विश्वासका साथ भन्छन्– मैले गरेको यो शास्त्रानुकूल साधना परमात्माले बताउनु भएको हो । यो शब्द अर्थात् नाम जाप गर्नाले म अवश्य पूर्ण मोक्ष प्राप्त गर्ने छु, यसमा कुनै संशय छैन । जसकारणले म (गरीबदास) सत्यलोकमा बनेको आफ्नो महल (विशाल घर) मा जाने छु । त्यसैले निश्चिन्त तथा गलतान (महल प्राप्तिको खुशीमा मस्त) छु किनकि मलाई पूर्णगुरू परमात्मा कबीर जीले आफ्नो लोकबाट आएर भेट्नु भयो ।

गरीब, अजब नगर में ले गए, हमको सतगुरू आन ।
झिलके बिम्ब अगाध गति, सूते चादर तान ।।

भावार्थ : गरीबदास जी भन्छन्– सतगुरू अर्थात् परमेश्वर कबीर जी स्वयम् आफ्नो निज धाम सत्यलोकबाट आउनु भयो र मलाई साथमा लिएर अजब (अद्‌भुत) नगर अर्थात् सत्यलोकमा बनेको शहरमा लैजानु भयो । त्यो स्थान प्रत्यक्ष रूपमा आफैले देखेर म परमात्माले बताउनु भएको भक्ति मार्गमा हिंडि रहेको छु । सत्यनाम, सारनामको साधना गरि रहेको छु । त्यसैले चादर (ओढ्ने) ओढेर सुति रहेको छु अर्थात् मेरो मोक्ष हुन कुरोमा कुनै संदेह छैन ।

चादर तानकर सोना (ओढ्ने ओढेर सुत्नु) = निश्चिन्त भएर बस्नु । जसको कुनै कार्य बाँकी छैन र ओढ्ने ओढेर सुतेको छ भने गाउँका मानिसहरूले भन्छन्– हेर, ओढ्ने ओढेर सुति रहेको छ । के यसको कुनै काम छैन ? ठीक त्यसैगरी गरीब दास जी भन्छन्– अब ठूला-ठूला महल बनाउनु व्यर्थ लागि रहेको छ । अब त त्यस सतलोकमा जाने हो, जहाँ बनि बनाएका विशाल भवनहरू छन् । जसलाई गल्ती वश हामीले छोडेर यस काललोकमा आएका हौं । अहिले अवसर प्राप्त भएको छ । सत्य भक्ति तथा तत्वज्ञान प्राप्त भएको छ ।

सज्जन वर्ग ! त्यो सत्य भक्ति अहिले म (रामपाल दास) सँग छ । जसबाट संसार रूपी दुःखको घर संसारबाट मुक्त भएर त्यो परम शान्ति तथा शाश्वत स्थान (सनातन परम धाम) प्राप्त हुन्छ, जसको विषयमा गीता अध्याय १८ श्लोक ६२ तथा गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वदर्शी सन्तबाट तत्वज्ञान प्राप्त गर्नु पर्छ । त्यस तत्वज्ञानले अज्ञानलाई नाश गरी परमेश्वरको त्यस परम पदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन ।

## "भक्ति नगर्दा अत्यन्त दुःख हुन्छ"

सूक्ष्म वेदमा भनिएको छ–

यह संसार समझदा नाहीं, कहंदा शाम दूपहरे नूँ ।
गरीबदास यह वक्त जात है, रोवोगे इस पहरे नूँ ।।

आध्यात्मिक ज्ञानको अभावले परमात्माको विधानसँग परिचित नहुँदा यी प्राणी यस संसार रूपी दुःखको घरमा महान कष्ट झेलि रहेका छन् र यसैलाई सुखको स्थान मानि रहेका छन् । जस्तो कुनै एउटा मानिस जेठ-असारको महिनामा दिनको १२-१ बजे हरियाणा प्रान्तमा रक्सी पिएर टन्टलापुर घाममा लडेको छ, पसिनाले शरीर पूरा भिजेको छ, शरीर भरी माटो लागेको छ । एउटा मानिसले उसलाई भन्यो– ए भाइ ! उठ, तिमीलाई चर्को घामले पोलि रहेको छ, हिँड, रूख मुनि लगेर राखि दिन्छु । अनि त्यो जँड्याहाले भन्छ– म एकदम ठीक छु, मस्ती छ, कुनै कष्ट छैन।

एउटा व्यक्ति कुनै कारणवश अदालतमा गयो । त्यहाँ उसको आफन्तसँग भेट भयो । एक-अर्काले कुशल-मङ्गल सोधे । दुवैले सबै ठीक छ, आनन्द छ भने।

एक व्यक्तिको एक मात्र ज्यादै रोगी पुत्र थियो । उसलाई पी. जी. आई. मा भर्ती गराइएको थियो । छोरो बाँच्ने आशा ज्यादै कम थियो । यस्तो स्थितिमा आमा-बुबाको कस्तो अवस्था हुन्छ राम्रोसँग बुझ्न सकिन्छ । आफन्तहरू भेट्न आए। बच्चाको अवस्था कस्तो छ भनेर सोधे । जवाफमा रोगी छोराका बुवाले बच्ने आशा छैन भन्यो । आफन्तले अरू त कुशलै छ नि भन्दा जवाफमा उसले सबै राम्रो छ भन्यो।

विचार गरौं:- रक्सीको नशामा लट्ठ भएर चर्को घामको तातो झेलि रहेको थियो । तर पनि आनन्द छ भनि रहेको थियो ।

अदालतमा भेट भएका आफन्तहरू सबैले आनन्द छ भनि रहेका थिए । विचार गरौं:- जुन मानिस अदालतको कोलमा फँसेको छ, त्यसलाई सपनामा पनि सुख हुँदैन । तर पनि दुवै जना आनन्द छ भनि रहेका थिए ।

जुन व्यक्तिको एक्लो छोरो मृत्यु शैय्यामा छ, त्यसलाई कसरी आनन्द हुन सक्छ ? त्यसैले सूक्ष्मवेदमा भनिएको छ– यस दुःखालय संसारमा यी प्राणीहरू महाकष्टलाई सुख मानि रहेका छन् ।

यस संसार समंझदा नाहीं, कहंदा शाम दोपहरे नूँ ।
गरीब दास यह वक्त जात है, रोवोगे इस पहरे नूँ ।।

सन्त गरीब दास जी भन्छन्– मनुष्य जीवन प्राप्त गरेर जसले भक्ति गर्दैन, त्यसले गधा, कुकुर आदिको योनीमा कष्ट भोग्दछ । कुकुर रातमा आकाशतिर फर्केर रून्छ । त्यसैले गरीबदास जी भन्छन्– यो मानव शरीर प्राप्त

भएको समय एक पटक हातबाट गुम्यो र भक्ति गरेनौ भने त यो समय (इस पहरे) सम्झेर रूने छौ ।

## भक्ति मार्गमा यात्रा

आध्यात्मिक ज्ञान नभएसम्म त जीवले मायाको नशामा आफ्नो उद्देश्य भुलि सकेको थियो र माथि बताए जस्तै जेठ महिनाको गर्मीमा दिनको मध्यान्हको घाममा जँड्याहा व्यक्ति रक्सीको नशामा लट्ठ भई पसिनाले भिजेर बालुवामा लट्पटिदा पनि मजा आइ रहेको छ भन्छ । तर नशा हटे पश्चात् उसलाई थाहा हुन्छ, ऊ त जङ्गलमा लडि रहेको छ, घर त अझै टाढा छ ।
कबीर जी भन्नु हुन्छः-

कबीर, यह माया अटपटी, सब घट आन अड़ी ।
किस–किस को समझाऊँ, या कूऐ भांग पड़ी ।।

अध्यात्म ज्ञान रूपी औषधि सेवन गर्नाले जीवको नशा हट्छ । अनि ऊ भक्तिको यात्रामा हिड्छ किनकि उसलाई आफ्ना पिता परमात्माको समीपमा पुग्नु छ र त्यो सतलोक जीवको आफ्नो घर हो । यात्रामा हिड्ने व्यक्ति सारा सामान बोकेर हिड्न सक्दैन । केवल आवश्यक सामान लिएर यात्रामा जान्छ । यसैगरी भक्तिको यात्रामा  आफूलाई हलुका बनाएर हिड्नु पर्छ । तब मात्र गन्तव्य प्राप्त गर्न सकिन्छ । भक्ति रूपी मार्गमा हिड्नका लागि आफूमा मानसिक शान्ति हुनु अनिवार्य छ । आफ्ना परम्पराहरू, नशा, मान बढाइ, आडम्बर आदि मानसिक दुःखका कारण हुन् । यो भार व्यर्थका लागि उपस्थित छन्– जस्तोः- ठूला महल, महङ्गा कार, श्रृङ्गार गर्नु, महङ्गा आभुषण (सुनका गहना) सङ्ग्रह गर्नु, विवाहमा दाइजो लिनु वा दिनु, ब्याण्ड बाजा, डी.जे बजाउनु, घोडचढीको बेलामा सारा परिवार लाज शरम नभएको जसरी नाच्नु, मृत्यु भोज गर्नु, बच्चाको जन्ममा खुशी मनाउनु, खुशीको अवसरमा पट्का पड्काउनु, फजुल खर्च गर्नु आदि-आदि जीवनको भक्ति यात्रामा बाधक भएकाले त्याग्नु पर्छ ।

## विवाह कसरी गर्ने ?

जसरी श्री देवी दुर्गा जीले आफ्ना तीनै पुत्रहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी) को विवाह गराएकी थिइन् । मेरा (लेखकका) अनुयायीहरू त्यसैगरी विवाह गर्दछन् । यो प्रसङ्ग यसै पुस्तकमा पछिल्तिर पढ्नु हुने छ । विवाहमा फेराको स्थानमा १६ मिनेटको असुर निकन्दन रमैणी उच्चारण गरिन्छ, जुन करोडौं गायत्री मन्त्र (ओम् भुर्भव....) भन्दा उत्तम तथा लाभदायक छ । जसमा विश्वका सम्पूर्ण देवी-देवताहरू तथा पूर्ण परमात्माको आह्वान तथा स्तुति प्रार्थना छ । जसकारणले सम्पूर्ण शक्तिहरूले विवाहित जोडीको सदा रक्षा तथा सहायता गर्दछन् । यसबाट छोरी सुरक्षित रहि रहन्छिन् । जीवन जिउने मार्ग सुगम हुन्छ ।

विवाहमा प्रचलित वर्तमान परम्पराको त्याग :

विवाहमा व्यर्थको फजुल खर्च गर्न छोड्नु पर्छ । जस्तो छोरीको विवाहमा धेरै जन्ति आउनु, दाइँजो दिनु यी व्यर्थका परम्परा हुन् । यसैकारणले छोरीलाई परिवारमा भार मानिन्छ र उसलाई गर्भमा नै मार्ने सिलसिला शुरू भएको छ, जुन कुरा माता-पिताका लागि महापापको कारण बन्छ । छोरी देवीको स्वरूप हो । हाम्रो कुपरम्पराले छोरीलाई शत्रु बनाइ दियो । श्री देवीपुराणको तेस्रो स्कंदमा प्रमाण छ– यस ब्रह्माण्डको प्रारम्भमा तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी) को यिनकी माता श्री दुर्गा जीले विवाह गराउँदा त्यत्तिखेर कुनै जन्ति, भाती (दाजुभाइद्वारा दिदीबहिनीलाई गरिने सहायता ) कोही थिएनन् । कुनै भोजन-भण्डारा गरिएको थिएन । न डी.जे. बजेको थियो, न त कुनै नाचगान गरिएको थियो। श्री दुर्गा जीले आफ्ना जेठो पुत्र श्री ब्रह्मा जीसँग भनिन्– हे ब्रह्मा ! यी सावित्री नामकी केटी तिमीलाई तिम्री पत्नीको रूपमा दिन्छु, यिनलाई लैजाऊ र आफ्नो घर बसाऊ । यसैगरी आफ्ना माहिला छोरा श्री विष्णु जीलाई लक्ष्मी जी तथा कान्छो छोरो श्री शिव जीलाई पार्वती जी दिइन् र भनिन्– यी तिम्रा पत्नी हुन्। यिनलाई लैजाऊ र आ-आफ्नो घर बसाऊ । तीनै जना आ-आफ्नो पत्नी लिएर आ-आफ्नो लोकमा गए, जसबाट विश्वको विस्तार भयो ।

शङ्का समाधानः- केही व्यक्तिहरू भन्छन्– पार्वती जीको मृत्यु भइ सकेको थियो । ती देवीको पुनर्जन्म राजा दक्षको घरमा भएको थियो । युवा भएपछि देवी सती (पार्वती) जीले नारदले भनेपछि श्री शिव जीलाई पति बनाउने दृढ सङ्कल्प गरिन् र आफ्नी आमाको माध्यमले पिता दक्ष समक्ष आफनो इच्छा बताइन् तब राजा दक्षले भने– त्यो शिव जी मेरा ज्वाइँ बन्न योग्य छैनन् किनकि उनी नाङ्गै बस्छन्, केवल एउटा मृगको छाला बेर्छन्, शरीरमा खरानी धसेर भाङको नशामा रहन्छन्, सर्पहरू साथमा राख्दछ । यस्ता व्यक्तिसँग म मेरी छोरीको विवाह गरेर जगतमा हाँसोको पात्र बन्दिनँ । तर देवी पार्वती पनि आफ्नो जिद्धिमा अडिग थिइन्। उनले आफ्नो इच्छा श्री शिव जीका सामुमा पठाइन् र भनिन्– म हजुरसँग विवाह गर्न चाहन्छु । राजा दक्षले पार्वती जीको विवाह कोही अरूसँग नै गर्ने निश्चय गरेका थिए । त्यसदिन श्री शिव जी आफ्नोसाथमा हजारौं सङ्ख्यामा भूत-प्रेत, भैरव तथा आफ्ना गणहरू लिएर विवाह मण्डपमा पुगे । राजा दक्षका सैनिकहरूले विरोध गरे । शिवका सेना र दक्षका सेनाबीच युद्ध भयो । पार्वतीले शिव जीलाई वरमाला पहिराइन् । जबरजस्ती पार्वतीलाई लिएर श्री शिव जी आफ्नो घर कैलाश पर्वत गए। केही मानिस भन्छन्– हेर ! श्री शिव जी पनि भव्य जन्ति लिएर पार्वतीसँग विवाह गर्न आएका थिए । त्यसैले जन्ति ल्याउने परम्परा पुरातन हो । त्यसैले जन्ति बिना विवाहको शोभा हुदैन । यसको उत्तर यस्तो छ– यो विवाह थिएन, यो त प्रेम प्रसङ्ग थियो । श्री शिव जीले पार्वतीलाई बलपूर्वक लैजान सेना ल्याएका थिए, जन्ति होइन । विवाहको पुरातन परम्परा श्री देवी महापुराणको तेस्रो स्कन्दमा छ,

जुन माथि बताइएको छ । छोरा-छोरीले आफ्ना माता-पिताको इच्छा अनुसार विवाह गर्नु पर्छ । प्रेम विवाह महाक्लेसको कारण बन्दछ । जस्तो भगवान शिव जी र पार्वती जीको बीचमा कुनै कुरामा मन-मुटाव भयो । शिव जीले पार्वतीसँग पत्नी व्यवहार तथा बोलचाल बन्द गरे । अब यो घर मेरा लागि नर्क समान भयो, त्यसैले केही दिन आफ्नी आमा कहाँ जान्छु भन्ने विचार पार्वतीले गरिन् । पार्वती जी आफ्ना पिता दक्षको घर अर्थात् माइत गइन् । त्यस दिन राजा दक्षले एक हवन यज्ञको आयोजन गरेका थिए । राजा दक्षले आफ्नी छोरीको सत्कार गरेनन् । दक्षले भने– आज के लिन आएकी ? देखिस् त्यसको प्रेम, घरबाट गइ हाल् । पार्वती जीले आफ्नी आमासँग श्री शिव जी रिसाएको कुरा भनेकी थिइन् । आमाले आफ्नी पति दक्षलाई सबै कुरा बताएकी थिइन् । पार्वती जीका लागि न माइतमा कुनै ठाउँ थियो, न त ससुरालमा नै प्रेम विवाहले यस्तो गम्भीर परिस्थिति उत्पन्न गरि दियो कि दक्ष पुत्रीले आत्महत्या बाहेक अर्को कुनै विकल्प देखिनन् र राजा दक्षको विशाल हवन कुण्डमा जलेर मरिन् । धार्मिक अनुष्ठान नाश गरिन् । आफ्नो अनमोल मानव जीवन गुमाइन् । पिताको पनि सर्वनाश गराइन् किनकि यी सारा घटना थाहा भएपछि श्री शिव जी आफ्ना सेना लिएर आए र आफ्ना ससुरा दक्षको गर्दन काटि दिए । पछि बोकाको टाउको जोडेर जीवित गरि दिए । त्यस प्रेम विवाहले कस्तो घमासान मच्चायो । शिव सेनालाई जन्ति भनेर कुप्रथा जन्माइएको छ र यो प्रसङ्ग प्रेम विवाह रूपी कुप्रथाको जनक हो, जुन समाजको विनाशको कारण हो ।

सुप्रथाले विवाह भएकाहरू सुखी जीवन बाँचि रहेका छन्– जस्तो श्री ब्रह्मा जी तथा श्री विष्णु जी ।

विवाह गर्नुको उद्देश्यः- विवाहको उद्देश्य केवल सन्तान उत्पत्ति गर्नु हो । अनि पति-पत्नी मिलेर परिश्रम गरी बच्चाहरूको पालन गर्छन् । तिनको विवाह गरि दिन्छन् । अनि तिनले आफ्नो घर बसाउँछन् । यसका अतिरिक्त प्रेम विवाह समाजमा अशान्तिको बिउ रोप्नु हो । समाज बिगार्ने आगोको झिल्को हो ।

## प्रेम प्रसङ्ग कस्तो हुन्छ ?

उत्तरः- चरित्रहीन केटा-केटीहरू हिड्दा खेरी अनौठो खालको नाटक गर्दै हिंड्छन् । ती लाजशरम पचेकाहरूको दृष्टि पनि बक्र हुन्छ । कहिले बनावटी मुस्कान निकाल्छन् । फर्की-फर्की अगाडि पछाडि हेर्छन् । सजधजिएर हिड्नु ती पापात्माहरूको सोख हुन्छ, जुन अन्तमा प्रेम विवाहको रूप बन्दछ । पछि तिनलाई दुबैका अरू पनि प्रेमी-प्रेमिका थिए भन्ने थाहा हुन्छ । त्यसपछि तिनको दशा भगवान शिव जी र पार्वतीको जस्तै हुन्छ । न घरका रहन्छन्, न घाटका । विवाह गर्नुको उद्देश्य माथि बताइएको छ । यसलाई बेवास्ता गरेर युवाहरूले जे जस्ता कदम उठाउँछन्, त्यो जीवनको यात्रालाई नर्क बनाउने खालका हुन्छ । यदि कसैको प्रेम सम्बन्ध भयो भने पनि आफ्नो समाजको मर्यादा (जस्तो गोत्र, गाउँ तथा विवाह क्षेत्र)

भङ्ग नहोस् र जसबाट कुल तथा माता-पिताको इज्जतमा ठेस नपुगोस् भन्ने कुराको ध्यान अवश्य राख्नु पर्छ । गलतीले यस्तो भयो र पछि थाहा भयो भने केटा-केटीले तत्काल त्यस प्रेम सम्बन्धलाई तोड्नु पर्छ । वर्तमानमा अन्तरजातीय विवाह गर्नुमा कुनै हानी छैन तर उपरोक्त मर्यादाको ख्याल भने अवश्य राख्नु पर्छ । भगवान शिव जीले पनि देवी पार्वतीलाई यसै कारणले त्यागेका थिए ।
कथा यस प्रकार छः-

## भगवान शिवले आफ्नी पत्नीलाई त्याग्नु

अयोध्याका राजा श्री दशरथका पुत्र श्री रामचन्द्र वनवासको समय बिताइ रहेको समयमा लङ्काका राजा रावणले सीता जीको अपहरण गरे । श्री रामलाई थाहा थिएन् । सीता जीको वियोगमा श्री रामचन्द्र विलाप गरि रहेका थिए । आकाशबाट शिव पार्वतीले देखे । पार्वतीले शिवसँग सोधिन्– यी व्यक्ति किन यत्ति नराम्ररी रोइ रहेका छन् ? यिनीमाथि के विपत्ति आयो ? श्री शिव जीले भने– यी साधारण व्यक्ति होइनन् । यी श्री विष्णु जी हुन् । उनी राजा दशरथको घरमा जन्मेका हुन् । अहिले वनवासको समय व्यतित गरि रहेका छन् । यिनकी पत्नी सीता पनि यिनीसँगै आएकी थिइन्, उनलाई कसैले अपहरण गऱ्यो । त्यसैले दुःखी छन् । पार्वती जीले भनिन्– म सीता रूप धारण गरेर यिनको सामुन्नेमा जान्छु । यदि मलाई चिने भने म यी वास्तवमा भगवान हुन् भन्ने स्वीकार्छु । यस कुरामा शिव जीले पार्वतीसँग भनेका थिए– यो गल्ती नगर्नु, यदि तिमीले सीताको रूप धारण गऱ्यौ भने मेरो कामको रहने छैनौ । पार्वती जीले त्यस समयमा त ठीक छ म परीक्षा लिन्न भनेकी थिइन् तर शिव घरबाट बाहिर जानासाथ पार्वती सीताको रूप धारण गरेर श्री रामका सम्मुखमा खडा भइन् । तब श्री रामले भने– हे दक्षपुत्री माया ! आज एक्लै कसरी आउनु भयो ? श्री शिव जीलाई कहाँ छोडनु भयो ? तब देवी पार्वती जी लज्जित भइन् र भनिन्– भगवान शिवले सत्य भनि रहनु भएको थियो कि हजुर त्रिलोकी नाथ हुनु हुन्छ । हजुरले मलाई चिन्नु भयो । म परीक्षा लिन आएकी थिएँ । भगवान शिवलाई पार्वतीले सीता रूप धारण गरेर परीक्षा लिइन् भन्ने कुरा थाहा भयो । उनले पार्वतीलाई नगर भनेको काम गऱ्यौ होइन भनेर सोधे। पार्वतीले मैले कुनै परीक्षा लिएकी छैन भनेर झूठ बोलिन् । शिव जी पूर्ण रूपमा रिसाए र प्रेम विवाह नर्कको कारण बन्यो । जुन तपाईंले माथि पढ्नु भयो ।

त्यसैले युवाहरूसँग निवेदन छः- आफ्नो कमजोरीको कारणले माता-पिता तथा समाजमा विष नघोलौं । विवाह गर्नु राम्रो कुरा हो तर वकवाद गर्नु खराब कुरा हो । विवाहको लागि उचित समयमा माता-पिता स्वयम् चिन्तित हुन्छन् र सन्तानको विवाह गराएर मात्र सुखको सास फेर्छन् । फेरि किन युवाहरू आफ्नो टाउको दुखाउँछन् ? विवाह नभएसम्म उत्साहित भइ रहन्छन् । विवाह पश्चात् छोराछोरी

हुन्छन् अनि सात वर्षपछि यो के भयो भन्ने कुराको महसुस हुन थाल्छ । जस्तो हरियाणाका कवि जाट मेहर सिंह जीले भनेका छन्:-

विवाह करके देख लियो, जिसने देखि जेल नही है ।

जस्तो जेलमा चार भित्ता भित्र रहनु मजबुरी हुन्छ । यसैगरी विवाह पश्चात् माता-पिता आफ्नो परिवारको पोषणका लागि गृहस्थी जीवन जिउन सामाजिक मर्यादा रूपी चार भित्ता भित्र रहनु अनिवार्य हुन जान्छ । आफ्नो खुशी चल्दैन अर्थात् जागिरदार जागिर खान जान्छ । मजदुर मजदुरी गर्न तथा किसान खेतको कार्य गर्न विवश छ, जुन जरूरी छ । त्यसैले विवाहित जीवनलाई मर्यादा रूपी कारागार भनिन्छ । तर यस कारागार बिना संसारको उत्पत्ति हुन सक्दैन । आफ्ना माता-पिताले पनि विवाह गरे र हामीले अनमोल मनुष्य शरीर प्राप्त गर्‍यौं । यही शरीरमा भक्ति गरेर मानवले मोक्ष प्राप्त गर्न सक्छ, जुन विवाहको नै वरदान हो । यस पवित्र सम्बन्धलाई चरित्रहीन व्यक्तिले कामुक कथा सुनाएर तथा राग-रागनी गाएर युवाहरूमा वासनालाई उत्प्रेरित गर्दछ, जसबाट शान्त तथा मर्यादित मानव समाजमा आगो लाग्छ । जसकारणले कैयौं परिवार उजाडिन्छन् । जस्तो समाचार पत्रमा पढ्न पाइन्छ–

एउटा युवक र युवतीले गाउँमै प्रेम गरेर विनाशको बिउ रोपे । छोरीवालाले आफ्नी छोरीलाई धेरै सम्झाए तर खराब फिल्मबाट प्रेरित त्यस केटीले एउटा कुरा पनि मानिन । परिवारले छोरीको हत्या गरि दिए । यसले गर्दा केटीका माता-पिता, दाजु-भाइ, भाउजु सबै जेल गए । आजीवन कारागारको सजाय पाए । ती दुईले प्रेम प्रसङ्ग रूपी आगोले परिवार जलाए । राम्रोसँग स्थापित घर नाश गरि दिए । यस्ता थुप्रै उदाहरण छन्, जसमा **Honour Killing** (इज्जतका लागि गरिने हत्या) को मुद्धा बन्नाले फाँसी सम्मको सजायको प्रावधान छ । हे युवा बच्चाहरू ! विचार गर ! आमा-बुवाले छोराछोरीबाट के के आशा लिएर बाँचेका हुन्छन्, तिमीहरूलाई पाल्छन्, पढाउँछन् । तिमीहरू सामाजिक मर्यादालाई भुलेर स-साना भुलका कारण महान गल्ती गरेर जीवन नष्ट गर्दछौ । त्यसैले बच्चाहरूलाई सत्सङ्ग सुनाउनु अनिवार्य छ । सामाजिक उँच नीचको पाठ पढाउनु आवश्यक छ, जसको लगभग अभाव भइ सकेको छ ।

प्रश्नः- जन्तिको प्रचलन कसरी आयो ?

उत्तरः- यो राजाहरूबाट प्रारम्भ भयो । ती छोराको विवाहमा सेना लिएर जान्थे । बाटोमा राजाको सुरक्षाको लागि सेना जान्थे । यस कार्यको सारा खर्च छोरी पक्षका राजाले वहन गर्थे ।

सेठ तथा साहुकारहरू दाइँजोको रूपमा थुप्रै आभुषण तथा धन दिन्थे । त्यसैले तिनीहरू गाउँका अन्य गरीबहरूलाई सुरक्षाका लागि मजदुरीमा लैजान्थे । तिनलाई पहिलो दिन केटा पक्षले घरमा मिठाइ खुवाउँथे । केटी पक्षबाट प्रत्येक रक्षकलाई एउटा चाँदीको रूपियाँ तथा पित्तलको एउटा ग्लास दिइन्थ्यो । आफ्नो

गोरू-गाडा लैजाने गरीब वर्गको व्यक्तिलाई केही बढी राशीको प्रलोभन देखाइन्थ्यो । पहिले थुप्रै जङ्गल हुन्थ्यो । यातायातको साधन थिएन । यसरी यो एउटा परम्परा बन्यो । त्यस समय अनिकाल पर्थ्यो । मानिसहरू निर्धन हुन्थे । धनी मानिसलाई एक्लै भेट्यो भने उसलाई लुट्नु आम कुरो थियो । यस कारण जन्ति रूपी सेनाको प्रचलन भयो । फेरि यो एउटा आडम्बर परम्परा बन्यो, जसको अहिले कुनै आवश्यकता छैन ।

प्रश्नः- भात (दाजुभाइद्वारा दिदीबहिनीलाई गरिने सहायता) तथा गोड्धुवा-निम्तालु परम्परा कसरी चल्यो ?

उत्तरः- यसको मूल पनि जन्ति आउनु, दाइँजो दिनु नै हो । जन्ति लैजानका लागि केटा पक्षले मिठाइ खुवाउनु । केटी पक्षका लागि पनि ती जन्तिलाई मिठाइ, रूपियाँ तथा ग्लास दिनु आदि कारणले भात (दाजुभाइद्वारा दिदीबहिनीलाई गरिने सहायता) तथा गोडधुवा-निम्तालु प्रथा प्रारम्भ भयो । निम्तालु समुहमा गाउँ तथा छेउछाउका छिमेकी गाउँका प्रेमी-प्यारा व्यक्ति हुन्छन् । यिनका छोराछोरीको विवाह हुँदा परिवार एक्लैले खर्च वहन गर्न सक्दैनथे । यसका लागि सय वा सो भन्दा अधिक सदस्य त्यस समुहमा हुन्छन् । यिनका छोराछोरीको विवाह हुँदा समुहमा सदस्य सबैले आ-आफ्नो आर्थिक अवस्था अनुसार गोड्धुवा (धनराशी) दुलहा वा दुलहीको पितालाई दिन्छन् । कसैले सय, कसैले दुई सय, कसैंले थोरै कसैले बढी दिन्छन्, जुन एक प्रकारको निःशुल्क उधारो हुन्छ । त्यसको व्याज दिनु पर्दैन । सबैले दिएको धन राशी लेखेर राखिन्छ । प्रत्येक सदस्यको रजिष्टर (डायरी) मा प्रत्येक विवाहमा दिएको गोडधुवा (धन राशी) लेखिएको हुन्छ । यसरी विवाह भएको परिवारलाई धनको समस्या पर्दैन ।

भातः- भात (दाजुभाइद्वारा दिदीबहिनीलाई गरिने सहायता) पनि यसै कडीमा दिइन्छ । भान्जाको विवाहमा केही कपडा तथा नगद धन दिनु (दाजुभाइद्वारा दिदीबहिनीलाई गरिने सहायता) लाई भात भनिन्छ । यो धन दिदीबहिनीले फिर्ता गर्नु पर्दैन । दाजुभाइ नभएका दिदीबहिनी त्यस दिन अत्यन्त दुःखी हुन्छन् र एकान्तमा बसेर रून्छन् ।

पीलियाः- छोरा जन्मिएपछि माइतीको तर्फबाट सुत्केरी खुवाउन घरको देशी शुद्ध घिउ, केही गौन्द (घिउ, पिठो भुटेर, गोला, ज्वानो र मरिचको मिश्रण), नवजात बच्चाका लागि साना-साना कपडा पनि माइति पक्ष तथा केटीकी नन्दले ल्याउँछन् । यो परम्परा हो, जसमा एक वर्ष पश्चात् कपडाहरू व्यर्थ हुन्छन् ।

यस्ता खालका परम्परालाई त्याग्नु पर्छ किनकि यी सब जीवनको यात्रामा व्यर्थको भार हो । तपाईं आफ्नी छोरीलाई सहयोग गर्न सक्नु हुन्छ । जस्तो छोरीको आर्थिक अवस्था कमजोर छ र गाई-भैंसी किन्नु छ भने उनलाई नगद दिन सक्नु हुन्छ । तपाईंको सम्पत्तिबाट छोरीको हक दिन सक्नु हुन्छ तर छोरीले लिन चाहिन्

भने मात्र । आवश्यकता पऱ्यो भने छोरीले धन लिन सक्छिन् तर पछि फर्काइ दिनु पर्छ । परमात्मामा विश्वास राख्नू । तपाईंको सम्मान कायम रहि रहन्छ ।

समाधानः- विवाह सूक्ष्मवेद अनुसार गर्नु यी सबको समाधान हो । तपाईंले चारवेदहरू सुन्नु भएको छ ऋग्वेद, यजुर्वेद, अथर्ववेद र सामवेद । तर पाँचौ वेद सूक्ष्मवेद हो । जुन स्वयम् पूर्ण ब्रह्म जीले पृथ्वीमा प्रकट भएर आफ्नै मुखकमलले अमृतवाणीको माध्यमले प्रदान गर्नु भएको हो ।

मेरा (रामपाल दासका) अनुयायीहरू त्यही पाँचौ वेद अनुसार विवाहको विधि गर्दछन् । यसमा उल्लेखित कुनै परम्पराको आवश्यक्ता पर्दैन । विवाह तथा अन्य अवसरहरूमा केटा-केटी पक्षको कुनै पनि खर्च गराउनु हुँदैन । केवल कन्यादान अर्थात् छोरी दान गर्नु पर्छ । केटीले आफूलाई लगाउन केवल चारवटा कपडा (पोसाक) लैजान सक्छिन् । जुत्ता त लगाएकै हुन्छ । जुन घरमा जान्छिन् त्यस परिवारले ती छोरीलाई आफ्नै घरको सदस्य जसरी राख्छन् । आफ्नो घरको आर्थिक अवस्था अनुसार घरका अन्य सदस्यहरूलाई झैं सम्पूर्ण आवश्यक वस्तु उपलब्ध गराउँछन् । छोरी आफ्ना आमा-बुवा, दाजु-भाउजू प्रति कुनै भार बन्दिनन् । माइतिमा आउँदा सुट, कपडा तथा नगद लिदिनन् । जसकारणले दाजु-भाउजूको पनि प्यारी हुन्छिन् । नन्द माइत आउँदा चार-पाँच हजारको खर्च गराउने भएकाले भाउजूले नराम्रो मान्छिन् । तर हाम्री छोरी सम्मानका साथ आउँछिन् र सम्मानका साथ फर्कन्छिन् । आफ्नो माइतिबाट केही पनि लिदिनन् । जसकारणले दुबै पक्षको बीचमा सदा अधिक प्रेम भइ रहन्छ । भक्ति पनि राम्रो हुन्छ । यसरी जीवन जिउने यथार्थ मार्गमा हिडेर हामी सिघ्र गन्तव्य (मोक्षसम्म) पुग्छौ ।

प्रश्नः- विहान वा शुभ कर्ममा जाँदा निःसन्तानको मुख देख्नु पनि नराम्रो मानिन्छ, यस्तो किन ?

उत्तरः- यी सबै आध्यात्मिक ज्ञानको अभावको कारणले भएको गलत धारणा हो । पाठकजन ! यसै पुस्तकको पृष्ठ. ६ मा पढ्नु होस्, जसमा एक व्यक्तिको चार पुत्र थिए । ती व्यक्तिलाई पक्षाघात हुँदा कसैले सेवा गरेनन् । के सन्तान भएकै कारणले त्यस व्यक्तिको दर्शन गर्नु राम्रो हो । त्यसको दुर्गति हेर्नु कसलाई राम्रो लाग्छ र ?

## कृतघ्नी पुत्र

एक व्यक्तिका दुई पुत्र थिए । ऊ सेनाबाट निवृत्त थिए । पेन्सन पनि आउँथ्यो । छोराहरू भिन्न भइ सकेका थिए । कान्छो छोराले आमालाई आफ्नो घरमा राख्यो किनकि उसका साना छोराछोरी थिए । ती साना छोराछोरीको रेखदेखका लागि आमा चाहिएको थियो । जेठो छोराको भागमा बुवा पऱ्यो । बुवाले आफूलाई जसले खान दिन्छ पेन्सनको रकम उसैलाई दिने कुरा भने । तर कान्छो छोराले पेन्सन दुबै छोरालाई आधा-आधा दिनु पर्छ भन्थ्यो । कान्छो छोराको प्रस्ताव बाबुले

मानेनन् । एक दिन छोरोले लठ्ठीले टाउकोमा हान्यो । तत्काल पिता मऱ्यो । छोरालाई आजीवन कारावासको सजाय भयो । त्यस व्यक्तिको पुत्र भएकै कारणले उसको दर्शन शुभ मानिन्थ्यो, तर उसैकै जीवनमा अशुभ भयो । अब आध्यात्मिक तराजुमा जोखेर हेरौंः- निःसन्तानको दर्शन शुभ हो वा अशुभ ? जस्तो यसै पुस्तकमा माथि स्पष्ट गरिएको छ– परिवार संस्कारबाट बन्छ । ऋण चुक्ता गर्नका लागि कोही पिता-पुत्र, पत्नी, माता-पिता, दिदी-भाइ आदिको रूपमा जन्म लिएर परिवार रूपमा शानले रहेको देखिन्छ तर कैयौं युवा अवस्थामा नै मर्दछन् । कत्ति त विवाह हुनासाथ मर्छन् । यी सबै आफ्नो ऋण पूरा हुनासाथ अविलम्ब शरीर त्यागेर जान्छन् । सन्तान नभएकाहरूको कुनै लेनदेन शेष छैन । यदि तिनले पूर्ण गुरूबाट दीक्षा लिएर भक्ति गरे भने उनीहरू जस्ता सौभाग्यवान कोही छैनन् । न कसैको जन्मको खुशी, न मृत्युको दुःख । ती निःसन्तानको दर्शन त अति शुभ हो । यदि भक्ति नगर्ने हो भने चाहे सन्तान भएका होऊन् वा निःसन्तान दुबैले आफ्नो जीवन नष्ट गरि रहेका हुन्छन् । यदि भक्ति गर्दछन् भने दुबैको दर्शन शुभ हुन्छ ।

## निःसन्तानहरू सावधान !

आध्यात्मिक ज्ञानको अभावले निःसन्तान पुण्य आत्माहरूको सन्तान प्राप्तिको तडप रहि रहन्छ । सन्तानका लागि हरसम्भव प्रयत्न गर्दछन् । तर पनि कुनै लेनदेन गर्ने (सन्तान) प्राप्त हुँदैन । अनि आजीवन सन्तान प्राप्ति नहुनुको कष्ट झेलि रहन्छन् । विशेषगरी स्त्रीको सन्तान उत्पन्न गर्ने प्रवल इच्छा हुन्छ । ऊ आफूलाई बाँझो भनाउन चाहन्न । भलै डाक्टरले परीक्षण गरेर तपाईंमा बाझोपनको कुनै लक्षण छैन भनि दिन्छ । विधाताको लिला हो । तर तत्वज्ञानहीन स्त्री यसै तडपमा मर्छिन् । भक्ति नगर्नाले उसको अर्को जन्म कुकुर्नीको हुन्छ । त्यसपछि यमका दूतले उसलाई भन्छन्– ल बहिनी ! अब सन्तान जन्माएर सारा धोको पूरा गर । एक वेतमा आठ-आठवटा बच्चा जन्म दिन्छौ । फेरि अर्को जन्म तिम्रो सुँगुर्नीको हुने छ । एक पटकमा १२ सन्तान जन्म दिने छौ र सात-आठ वेत सन्तान जन्माउने छौ । सन्तानको सारा भोक मेटाउनू ।

हे पुण्यात्मा दाजु-भाइ, दिदी-बहिनीहरू ! आध्यात्मिक ज्ञान बुझ । मानव जीवन सफल तुल्याऊ । जिउने मार्गलाई सम्हाल (निर्बाध बनाऊ) अर्थात् पूर्ण गुरूबाट दीक्षा लिएर भक्ति गरेर कल्याण गराऊ ।

## विवाहमा ज्ञानहीन नाच्छन्

एक दिन समाचार पत्रमा पढें । रोहतकको केटा विवाहका लागि कारमा भिवानी गइ रहेको थियो । उसँग उसका दुबै बहिनीका श्रीमानहरू पनि थिए । पहिलो दिन परिवारका सारा सदस्यहरू (बहिनीहरू, माता-पिता, दाजुभाइ,

ज्वाइँहरू,काका, ठूलाबुवा) डी.जे. बजाएर नाचि रहेका थिए । उत्पात मच्चाइ रहेका थिए । कलानौर नजिक बेहुलाको गाडी ठूलो ट्रकसँग ठोक्कियो । कारका सबै यात्रीहरू मारिए । बेहुला मरे, दुबै दिदी-बहिनी विधवा भए । एकमात्र पुत्र थियो । सर्वनाश भयो । अब डी.जे.बजाएर नाच। परमात्माको भक्ति गर्नाले यस्ता सङ्कट टर्दछन् । त्यसैले मेरा (रामपाल दासका) अनुयायीहरूलाई कडा आदेश छ– परमात्मासँग डराएर काम गर । सामान्य विधिले विवाह गर । यस फोहरी लोक (कालको लोक) मा कत्तिखेर ब्रजपात अर्थात् अनर्थ हुन्छ भन्ने कुराको एक पलको पनि ठेगान छैन ।

## सन्तहरूको शिक्षा

कुनै गाउँको एउटा व्यक्ति पहिलो पटक श्री नानक देव जी कहाँ आए । उसले सन्त जी निराश अवस्थामा एकान्तमा बसेको (स्मरण गरि रहेको) देख्यो । त्यस व्यक्तिले सतनाम-वाहेगुरू भन्यो । श्री नानक जीले पनि उत्तर दिए । भोजन गराए । ज्ञान विचार सुनाए । त्यो व्यक्ति त्यहाँबाट गयो । एक दिन फेरि त्यही व्यक्ति आयो र भन्यो– महाराज जी ! तपाईं कहिल्यै पनि खुशी देखिनु हुन्न । यसको कारण के हो ? सन्त नानक जीले भनेः

ना जाने काल की कर डारे, किस विधि ढ़ल जा पासा वे ।
जिन्हाते सिर ते मौत खुड़कदी, उन्हानूं केहड़ा हांसा वे ।।

भावार्थः- सन्त नानक जीले भने हे भाइ ! यस मृत्युलोकमा सब नाशवान छन् । थाहा छैन, कसको जाने पालो कहिले आउँछ । त्यसैले जसको शिरमा मृत्यु गर्जि रहेको छ, त्यस व्यक्तिलाई नाच्न-गाउन, ख्याल-ठट्टा गर्न कसरी राम्रो लाग्छ ? मूर्ख तथा नशामा मग्न व्यक्तिले यो फोहोरी लोकमा खुशी मान्दछ । जस्तो एउटा व्यक्तिको पत्नीले विवाह भएको १० वर्ष पछि एउटा पुत्र जन्माइन् । पुत्र जन्मेको खुशीयालीमा लड्डु बनाए, ब्याण्ड बाजा बजाए, उद्धम मच्चाए । अर्को वर्ष जन्मदिनको दिनमा नै त्यस बच्चाको मृत्यु भयो । एकातिर जन्मदिनको खुशीको तयारी भइ रहेको थियो, अर्कोतिर रूवावासी शुरू भयो । घर नर्क बन्यो । लौ, मनाऊ अब खुशी ।

त्यो व्यक्ति यो सच्चाइ सुनेर काँम्न थाल्यो र भन्यो– हे प्रभु ! हजुरका कुरा सत्य हुन्, तर के हजुर कहिल्यै खुशी मनाउनु हुन्न ? श्री नानक देव जीले उत्तर दिए– खुशी मनाउँछु ।

साध मिले साडे शादी हूंदी, बिछुड़दा दिल गीरी वे ।
अखदे नानक सुनो जिहाना, मुश्किल हाल फकीरी वे ।।

भावार्थः- मेरा शिष्यहरू सत्सङ्ग सुन्न आउँदा साधु सङ्गत देख्छु, सबै भक्तिमा लागेका तथा कोही पनि विचलित नभएको देख्दा म खुशी हुन्छु । अनि सत्सङ्ग पश्चात् कहीं कुनै दिमाग सड्केको मान्छेले यिनीहरूलाई भ्रमित तुल्याएर

परमात्माबाट पर पुऱ्याइ दिन्छन् कि भनेर म उदास हुन्छु । श्री नानक जीले भनेका छन्– ज्ञानहीन सन्तहरूले फकिरी अर्थात् भक्तिलाई कठीन बनाएका छन् । तिनीहरू मोक्ष मार्गको बारेमा केही जान्दैनन्, भ्रमित तुल्याउन गुरू बनेका छन् । तिनीहरूले मीठा-मीठा कुरा बनाएर मेरा भक्तहरूलाई कालको जालमा लैजान्छन् । त्यसैले ती मेरा भक्तहरू सबै पुनः सत्सङ्गमा नआएसम्म मलाई चिन्ता लागि रहन्छ । सबै आएपछि खुशी लाग्छ तर हामी नाच गान गर्दैनौं, हृदयमा महसुस गर्छौं । मृत्युलाई पनि बिर्सदैनौं । कबीर जीले भन्नु भएको छः-

मौत बिसारी मूर्खा, अचरज किया कौन ।
तन मिट्टी में मिल जाएगा, ज्यों आटे में लौन ।।

अन्य उदाहरणः- एक दिन एक सेठ एउटा सन्तको आश्रममा गयो । सन्तको कृपाले उसलाई राम्रो लाभ भयो । त्यस सेठले, स्याउ, सुन्तला, केरा आदिले ठूलो थैलो भरेर गयो । सन्त जीले ती फलफूल सबै फल प्रसाद राख्ने टोकरीमा हाले । सेठ दुई दिन पछि जाँदा पनि टोकरी भरि नै थियो । केही प्रसाद सन्तले भक्तहरूलाई बाँडि दिए । केही भक्तले ल्याएका फलफूल त्यही टोकरीमा हालि दिए । सेठले सन्तसँग भन्यो– महाराज ! हजुर फलफूल किन खानु हुन्न ? सन्त जीले भने– म मृत्यु देख्दछु, त्यसैले खान सक्दिन् । सेठले महाराज ! हजुर कहिले यो संसार छोड्दै हुनु हुन्छ भनेर सोध्यो । जवाफमा सन्त जीले आजबाट चालीस वर्ष पश्चात् मेरो मृत्यु हुने छ भने । सेठले भन्यो– हे महाराज ! त्यसो त सबैले मर्नु पर्छ, अनि किन डराउने ? यो पनि कुनै कुरा हो । यसरी त आम मानिसहरू पनि डराउँदैनन् । तपाईं के कुरा गर्दै हुनु हुन्छ ? सेठ जी दोस्रो तेस्रो दिन पनि आए र यस्तै कुरा गरि रहे । त्यस नगरका राजा पनि त्यस सन्त जीका भक्त थिए । सन्त जीले राजासँग भने– तपाईंको नगरमा एक जना किरोडीमल नामको सेठ छ उसको चन्दनको काठको दोकान छ । उसलाई फाँसीको सजाय सुनाउनु होस् र एक महिनापछि पूर्णिमाको दिन फाँसी दिने समय सीमा राखि दिनु होस् । जेलमा सेठको कोठामा फलले भरिएको टोकरी राखि दिनु होस् । एक लिटर दूध भरिएको लोटा पनि त्यहाँ रहोस्, खानामा खिर, हलुवा, पुरी, बडी वा सब्जी दिनू । राजाले आज्ञा पालन गरे । सेठ जी जेलमा बन्द भएको बीस दिन भयो । सेठ कमजोर भयो । सन्त जी जेल गए । प्रत्येक बन्दीलाई भेटे । सेठ जीलाई हेरेर सन्तले सोधे– तिमी कहाँका हौ ? तिम्रो नाम के हो ? सेठले भन्यो– हे महाराज ! तपाईंले मलाई चिन्नु भएन ? म चन्दन पसल वाला किरोडीमल हूँ । सन्त जीले भने– अरे किरोडीमल ! तिमी कसरी दुर्बल भयौ ? खान-पिन गर्दैनौ ? अरे ! फलफूलले टोकरी पनि भरिएको छ, दूधले भरिएको लोहटा पनि छ । थालीमा हलुवा, खिर पनि छ । सेठले भन्यो– हे महाराज ! मृत्युदण्डको सजाय सुनाइएको छ । कसम खाएर भन्छु, म निर्दोष छु । मलाई बचाउनु होस् महाराज ! मेरा स-साना बच्चाहरू छन् । जवाफमा सन्त जीले भने– मर्नु त सबैले छदै छ । फेरि

किन डराउनु । खाऊ, पिऊ मोज गर । सेठ जीले छडको बारबाट हात निकालेर चरण समाते र भने– बचाउनु होस् महाराज ! केही पनि खान-पिउन मन लाग्दैन । पूर्णिमाको दिन देखि रहेको छु । सन्त जीले भने– सेठ किरोडीमल ! जसरी आज तिमीले पूर्णिमाको दिन मृत्यु निश्चित देखि रहेका छौ, त्यसैगरी साधु सन्तहरूले पनि आफ्नो पूर्णिमाको दिन देखि रहेका हुन्छन्, चाहे त्यो चालीस वर्ष पछि नै किन नहोस् ।

तपाईं आध्यात्मिक ज्ञानहीन प्राणीहरू मस्ती गर्नु हुन्छ तर एक्कासी कालले लैजान्छ । केही पनि गर्नु सक्नु हुन्न । यसैगरी म आफ्नो मृत्युको दिन देख्दछु, जुन चालीस वर्षपछि आउने छ । त्यसैले ठिक्क मात्रामा खान-पिन गर्छु । मस्ती मनमा कहिल्यै आउँदैन । परमात्माको स्मरण भइ रहन्छ । तपाईंको ज्ञानको आँखामा अज्ञानको पट्टी बाँधिएको छ, सत्सङ्गमा त्यो अज्ञानको पट्टी खोलिन्छ, जसबाट जीवन जिउने मार्ग तथा मोक्ष प्राप्त हुन्छ ।

## विवाह पछिको यात्रा

विवाह पश्चात् पति-पत्नीबीच एक आपसमा विश्वास कायम राख्नु प्रमुख कर्तव्य हुन्छ । भावार्थः- दुबैले जति र सतिको मर्यादाको निर्वाह गर्नु पर्छ । जतिसुकै सुन्दर तथा धनी व्यक्ति भएपनि आफ्नी पत्नी परपुरूष प्रति समर्पित हुन सक्दिनन् भन्ने अटल विश्वास पतिलाई हुनु पर्छ । श्रीमतीलाई पनि स्वर्गकै अप्सरा आए पनि परस्त्रीसँग प्रभावित भएर आफ्नो श्रीमान्ले गलत सम्बन्ध राख्न सक्दैन भन्ने अटल विश्वास हुन पर्छ ।

कथाः- एक फौजी जवान थियो । उसकी पत्नी सती अर्थात् पतिव्रता थिइन् । यो कुरा उसले फौजमा आफ्ना साथीहरूलाई बतायो । यो कुरा त्यस राज्यको राजाका मन्त्री शेरखान (मुसलमान) सम्म पुग्यो । उसले यो कुरा राजालाई बतायो र यो झूठो वा साँचो के हो जाँच गर्न आग्रह गऱ्यो । राजाले सभा बोलाए । सभामा त्यस फौजी चाप सिंह चौहानलाई पनि बोलाइयो । सभामा राजाले सोधे– तिम्री पत्नी पतिव्रता छिन्, जस्तो सुकै लालचमा पनि उनी पर पुरूषसँग गलत सम्बन्ध राख्दिनन्, तिमी यसो भन्छौ रे हो । फौजी चाप सिंहले यो शतप्रतिशत सत्य हो भने । राजाले यदि यो कुरा झूठो भयो भने नि भनेर प्रश्न गरे । फौजीले जे सजाय दिनु हुन्छ स्वीकार छ भने ।

मन्त्री शेरखानले राजासँग यो परीक्षा म स्वयम् नै गर्छु भने । राजाले मञ्जुरी दिए । चाप सिंहल भने– मेरो विवाहमा पाएको सुहागको निशानी एउटा पटुका र कटारी (चक्कु) मेरी पत्नीले दिन सक्दिनन् । यदि शेरखानले यी दुई चिज ल्यायो भने म हार मान्छु र मेरी पत्नीको शरीरको कुनै चिन्ह बताउनु तब म मेरी पत्नी धर्मबाट गिरिन् भन्ने स्वीकार गर्छु भने ।

शेरखान चाप सिंहको नगरमा गएर एउटी मुखबिर (जासुस) स्त्रीसँग भने– यस नगरमा एक चाप सिंह नामको फौजीको श्रीमती रहन्छिन्, उसँग मेरो मिलन गराइ देऊ । तिमीलाई थुप्रै धन दिन्छु । त्यस स्त्रीले कुनै पनि मूल्यमा यो सम्भव छैन भनिन् । अनि शेरखानले भन्यो– जसरी भए पनि उसको घरमा भएको विवाहमा पाउने सुहागको निशानी पटुका र कटारी (चक्कु) चोरेर भएपनि ल्याइ देऊ तथा चाप सिंहकी पत्नी सोमवतीको गुप्ताङ्गको नजिक वा तिघ्रा या काछमा भएको कुनै निशान पत्ता लगाएर भन । ती महिला चाप सिंहकी नक्कली फूपु बनेर पाहुनाको रूपमा सोमवतीको घरमा गइन् । सोमवतीको विवाह हुँदा तथा पछि पनि चाप सिंहकी फुपू आएकी थिइनन् । बिमारी भएकाले विवाहमा आउन सकेकी थिइनन् । कैयौं दिन त्यहाँ बसिन् । सोमवती नुहाउन लागेको देख्ना साथ नजिक गएर उनको सुन्दर शरीरको प्रशंसा गर्ने बहानाले अङ्ग-अङ्ग हेरिन् । सोमवतीको गुप्ताङ्गको छेऊमा एउटा ठूलो कालो कोठी थियो । यी सब निशानी देखेपछि ती महिलाले पटुका र चक्कु चोरेर लगी र शेरखानलाई दिई । शेरखान मन्त्रीले राजालाई भन्यो– मैले उसँग मिलन गरेर आएको छु । उसको तिघ्रामा कालो कोठी छ । यो सुहागको निशानी पतिव्रताले कसैलाई दिदिनन् । मेरो प्रेममा र धनको लोभमा मलाई दिएकी हुन् ।

राजाले सभा बोलाए । चाप सिंहलाई पनि बोलाए र यो पटुका तथा चक्कु कसको हो भनी सोधे । चाप सिंहले ध्यान पूर्वक हेरे र मेरै हो भनी स्वीकारे । शेरखानले भन्यो– अरू पनि भन्छु, सुन ! तिम्री पत्नीको दायाँ तिघ्रामा गुप्ताङ्गको नजिक कालो कोठी छ । चाप सिंहले भन्यो– यो सबै सही हो, तर मेरी पत्नी आफ्नो धर्मबाट गिर्न सक्दिनन् । राजाले भने– तँ अहिले पनि त्यही कुराको रट लगाइ रहेको छस्, तँ झूठा होस्, आजबाट एक महिना पछि तँलाई फाँसीमा झुण्ड्याइने छ । तेरो अन्तिम इच्छा भए भन् । चाप सिहंले पत्नीसँग भेट्न चाहन्छु भन्यो । राजाले आज्ञा दिए । चाप सिंह आफ्नी पत्नी कहाँ गयो । उसलाई विश्वास तोडेको कारणले राम्रो-नराम्रो भन्यो । र तेरो कारणले मलाई त्यस दिन फाँसी लाग्दैछ भन्यो । सोमवतीले भनिन्– तपाईंकी फुपूको नाम लिएर एउटी महिला आएकी थिई । उसले मेरो अङ्गको चिन्ह हेरी र पटुका र चक्कु चोरेर लगी । चाप सिंहले भन्यो मन्त्री शेरखान आएको थियो, उसैले सारा षडयन्त्र रचेको हो । चाप सिंह फर्कियो । फाँसीको दिन भन्दा एक हप्ता पहिले सोमवती राजाको नगरमा एक नर्तकी (नृत्यङ्गना) बनेर गइन् र राजालाई नृत्य देखाउन मन्जुरी मागिन् । राजाले आज्ञा दिए । सारा सभासद उपस्थित थिए । मन्त्री शेरखान पनि उपस्थित थिए । नर्तकीको नृत्यबाट राजा बडो खुशी भए । राजाले नर्तकीलाई आफू नृत्यबाट अति प्रसन्न भएकाले माग्न चाहेको कुरा माग भने । नर्तकीले वचनवद्ध हुनु होस् अनि माग्छु भनिन् । राजाले राज्य बाहेक जे माग्छौ माग, म वचनवद्ध छु भने ।

नर्तकीले भनिन्– तपाईंको सभामा मेरो चोर छ । उसले मेरो घरबाट चोरी गरेर ल्याएको छ । उसको नाम मन्त्री शेरखान हो । उसलाई फाँसी दिइ योस् । राजाले शेरखानलाई सोधे– शेरखान ! भन, यस कुरामा कति सत्यता छ ? शेरखानले भन्यो– हे परवरदिगार ! मैले त आजभन्दा पहिले यस महिलाको अनुहार पनि देखेको थिइनँ ।

तब सोमवतीले भने– यदि तपाईंले मेरो अनुहार नै देख्नु भएको थिएन भने यो पटुका र चक्कु कसको घरबाट ल्याउनु भयो ? म त्यस चाप सिंहकी पतिव्रता पत्नी हूँ, जसलाई तेरो झूठको कारण फाँसी दिइदै छ । चाप सिंहलाई बोलाइयो । राजाले चाप सिंहलाई आधा राज्य सुम्पिए र माफ गरि दिए । मन्त्री शेरखानलाई फाँसीको सजाय दिइयो । धन्य छन्, यस्ता छोरीहरू, जस प्रति भारतलाई गर्व छ ।

गरीबदास जीलाई परमेश्वर कबीर जीले भन्नु भएको थियो :-

तुरा न तीखा कूदना, पुरुष नहीं रणधीर ।
नहीं पदमनी नगर में, या मोटी तकसीर ।।

भावार्थ:- कबीर जीले भन्नु भयो–गरीबदास ! जुन नगर वा देशमा तीब्र गतिमा दौडने तथा अग्लो ठाउँबाट हाम फाल्ने तुरा (घोडा), रणधीर (शूरवीर) र पद्मनी अर्थात् पतिव्रता नारी छैन भने यो मोटी तकसीर (धेरै ठूलो गल्ती) अर्थात् कमी हो । यस्ता खालका चरित्रवान् स्त्री-पुरुष दुबै हुनु अनिवार्य छ ।

विवाह पश्चात् ससुरालीमा केही केटीहरू सम्पूर्ण शृङ्गार गर्दछन् । सज-धजिएर गल्लीमा हिंड्छन् । अचम्मका क्रियाकलाप गर्दछन् । असहज लाग्ने भड्किलो र चम्किलो वस्त्र धारण गरेर बजार, खेत वा पानी लिन कल या कुवाँमा जान्छन् । तिनको उद्देश्य के हुन्छ त ? स्पष्ट छ– आफ्ना पतिका अतिरिक्त अन्य पुरूषहरूलाई आफूतिर आकर्षित गर्नु । आफ्नो सुन्दरता तथा वैभवको प्रदर्शन गर्नु, जुन एक असल छोरी-बुहारीको लक्षण होइन् । यदि पतिलाई प्रसन्न तुल्याउन यसो गर्दछिन् भन्ने हो भने ती घरसम्म मात्र सीमित रहेको भए राम्रो हुन्थ्यो तर यस्ता लक्षण मनमा दोषको प्रतिक हुन् ।

महङ्गो वा सस्तो जे भए पनि साधारण वस्त्र धारण गर्नु पर्छ । दिदी-बहिनी, छोरी-बुहारीको नजर सामुन्नेमा १२ फुट सम्ममा रहनु पर्छ । हिड्दा, बस्दा, उठ्दा कसैका लागि उत्प्रेरक गतिविधि नहोस् भन्ने कुरा ख्याल राख्नु पर्छ । स्त्रीको गलत विधिले लफङ्गा मानिसहरूको हौसला बढ्छ । तिनले हैरान पार्छन् । महिलाले हाँसी-हाँसी कुरा गर्नु उत्प्रेरक तथा असभ्य हुन्छ, । जुन सामाजिक दोष हो । जसरी दिदी-बहिनी, छोरी-बुहारी अर्थात् युवतीहरू आफ्ना आफन्तहरूको साथमा रहन्छन् । त्यस्तै आचरण घरबाहिर पनि हुनु पर्छ । उसको सभ्य समाजले प्रशंसा गर्दछ । अन्य युवाहरूलाई उसको उदाहरण दिन्छन् । यदि पेट्रोलसँग आगोको झिल्काको भेट भएन भने त्यो विस्फोटक हुदैन ।

यस विपरीत उपरोक्त गतिविधि गर्नु समाजमा आगो लगाउनु हो । यो कुरा युवती तथा युवाहरू दुबैमा लागु हुन्छ ।

जवानी बारूद जस्तै हुन्छ । यदि कुनै आगोको झिल्को पर्‍यो भने सर्वनाश हुन्छ । यदि आगाको झिल्को परेन भने वर्षौंसम्म सुरक्षित रहन्छ ।

आफ्ना छोरी, दिदी बहिनी, बुहारी असल चरित्रका होऊन् तथा गाउँ वा नगरमा कसैले उसको परिवार त यस्तो उस्तो नभनून् भन्ने प्रत्येक पुरूष चाहन्छन् ।

जब हामीले कुनै युवतिलाई देख्दा मनमा दोष उत्पन्न हुन्छ भन्ने तत्काल विचार गरौं:- यदि कसैले हाम्रो छोरी, दिदीबहिनी, बुहारीको बारेमा गलत विचार गर्‍यो र दुष्कर्मको उद्देश्यले केही अभद्र गतिविधि (व्यङ्ग्य गरेर आफ्नो दुष्विचार प्रकट गर्नु, गलत सङ्केत गर्नु, आँखा सन्काउनु, कड्के नजरले हेर्नु, यस्तो गलत क्रियाकलाप) गर्‍यो भने कस्तो लाग्छ ? जवाफ स्पष्ट छ– खुट्टा भाँचि दिन्छु । कोही कमजोर छ भने एकान्तमा बसेर रून्छ । त्यसबेला विचार गरौं:-

जैसा दर्द अपने होवे, ऐसा जान बिराणै ।
जो अपनै सो और कै, एकै पीड़ पिछानै ।।

समाधानः- परमेश्वर कबीर जीले भन्नु भएको छः-

कबीर, परनारी को देखिये, बहन–बेटी के भाव ।
कह कबीर काम (Sex) नाश का, यही सहज उपाय ।।

यौन उत्पिडनको प्रेरकः- फिल्महरूमा नक्कली तथा बनावटी कथाहरू र अङ्ग प्रदर्शन गरिन्छ । यी सब हेरेर जवान बच्चाहरू त्यसैको नक्कल गरी निर्लज्ज हुन थाल्छन् । फिल्ममा देखाइए जस्ता गतिविधि घर, गल्ली तथा सभ्य समाजमा गर्न सकिदैन भने त्यो हेर्नुको उद्देश्य के रहन्छ त ? केही पनि रहदैन । केवल वहाना हो मनोरञ्जनको । त्यही मनोरञ्जन समाज विनाशको मूल कारण हो । मेरा (लेखकका) अनुयायीहरू फिल्म हेर्दै हेर्दैनन् ।

अश्लील रागनी, फिल्मी गीत, स्वाङ तथा अश्लील चर्चा जस्ता क्रियाकलाप निकम्मा युवाहरूले गर्दछन् । तिनको सङ्गतबाट राम्रा युवाहरू पनि प्रेरित भएर बकवाद गर्न थाल्दछन् । कबीर परमेश्वर जी भन्नु हुन्छः-

कथा करो करतार की, सुनो कथा करतार ।
काम (Sex) कथा सुनों नहीं, कह कबीर विचार ।।

भावार्थः- कबीर परमेश्वर जीले सम्झाउनु भएको छ । या त परमात्माको महिमाको गुणगान (कथा) गर वा कहीं परमात्माको चर्चा (कथा) भइ रहेको छ भने त्यहाँ गएर सुन । काम अर्थात् अश्लील चर्चा कहिल्यै नसुन । कबीर जीले यो विचार अर्थात् मत भन्नु भएको छ ।

## विशेष मन्थन

काम (Sex) प्रक्रियालाई विशेष विवेकपूर्ण तरिकाले बुझौं । पति-पत्नी मिलनलाई तिमीहरू दुबै परस्परमा सन्तान उत्पन्न गर भनेर समाजले मान्यता दिन्छ । सबैका माता पिताले सन्तान उत्पत्तिको प्रक्रिया गरे, जसलाई सम्भोग भनिन्छ । जसबाट आफ्नो र आफ्ना भाइ बहिनीहरूको जन्म भयो । विचार गरौंः– यो क्रिया कति पवित्र र असल छ, जसबाट हामीलाई अनमोल मानव शरीर प्राप्त भयो । कोही डाक्टर, कोही सैनिक, कोही मन्त्री त कोही इन्जिनियर बनेका छन् । कोही किसान बनेका छन्, जसले सबैलाई अन्न दिए । कोही मजदूर बने, जसले तपाईंको महल खडा गर्‍यो । कोही कारिगर बने । हामी मानव शरीरमा भक्ति, दान, धर्मको कर्म गरेर आफ्नो जीवको कल्याण गराउन सक्छौं । यो हो सम्भोग क्रिया । यसलाई जत्ति सुकै बकवाद गरेर रागनी गाएर, फिल्मका गीत गाएर वा सुनाएर मलिन वासना रूप दिए पनि कुरा यत्ति नै हो । यो पर्दा भित्र रहेर गर्नु सभ्यता हो । पशु-पक्षीले खुलामा प्रजनन् क्रिया गर्छन्, जुन राम्रो देखिदैन । मानव सभ्य प्राणी हो । उसले पर्दाभित्र तथा मर्यादामा रहेर सभ्यतालाई जोगाइ राख्नु पर्छ ।

उपरोक्त विचार पढेपछि तपाईंमा कोही दिदी-बहिनी, छोरी-बुहारीलाई देख्दा अश्लील विचार उत्पन्न हुन सक्दैन । यही क्रिया हजुरबुवा-हजुरआमाले गरे, जसबाट पिता जीको जन्म भयो । मावालीका हजुरबुवा-हजुरआमाले त्यही क्रिया गरे, जसबाट आमाको जन्म भयो । तिनै आमा-बुवाले हामीलाई उत्पन्न गर्नु भयो, पालन-पोषण गर्नु भयो । कति असल हुनु हुन्छ, हाम्रा आमाबुवा जसको उत्पत्ति पनि काम क्रियाबाट भयो । उसोभए के यो अश्लील हो त ? यसलाई खानाबदोस मान्छेले अश्लीलतापूर्वक प्रस्तुत गरेर अश्लील रङ दिई समाजमा आगो लगाउँछन् ।

❖ देशको संविधानमा प्रावधान छ– यदि कुनै पुरूषले महिलालाई छेडछाड गर्‍यो भने उसले ३ वर्षको सजाय पाउँछ । यदि कुनै महिलालाई बलात्कार गर्‍यो भने १० वर्षको सजाय पाउँछ । कानुनको ज्ञान भयो भने इन्सान व्यभिचार-दुराचारसँग डराउँछ । कानुनको ज्ञान हुनु आवश्यक पनि छ । काल ब्रह्मले यस खालको पाप गराउँछ । काल को हो ? जान्नका लागि यसै पुस्तकको पेज नं २३५ मा सृष्टि रचना पढनु होस् ।

❖ फिल्म हेर्नु हुन्नः- फिल्म बनावटी कहानी हो । फिल्म हेर्दा हामी यसका पात्रहरू रोजी-रोटीका लागि काम गरि रहेछन् भन्ने बिर्सन्छौं । एउटा फिल्ममा काम गर्दा करोडौं रूपियाँ लिन्छन् । भोला-भाला युवकहरू विवेक गुमाएर तिनका प्रशंसक बन्दछन् । उनीहरू आफ्नो धन्दा चलाइ रहेछन्, तपाई मूर्ख बनेर सिनेमा हेर्नमा धन व्यर्थ गर्नु हुन्छ । जुन नायक-नायिकाको तपाईं प्रशंसक बन्नु भएको छ, तपाईं तिनको घरमा गएर हेर्नु होस, तिनले तपाईंलाई पानी पनि पिलाउने छैनन् । चिया, खाना त परको कुरो हो । विचार गरौंः- म लड्डु खाइ रहेको छु र तपाईं हेरि

रहनु भएको छ । अनि तपाईं भन्नु हुन्छ– वाह ! लड्डु बडो स्टाइलले खाइ रहेछ । तपाईंले के पाउनु भयो ? यही दशा फिल्मी अभिनयकर्ताहरू र दर्शकहरूको छ ।

❖ हामीले आफ्नो सोच बदल्नु छः-

जस्तो हामीले अश्लील मूर्तिहरू हेर्दा मनमा अश्लीलता उत्पन्न हुन्छ किनकि त्यस उत्तेजक मूर्तिले भित्र आगोको झिल्को बालि दियो र पेट्रोल बल्न थाल्यो । यस्ता तस्वीरहरूलाई तिलाञ्जली दिनु पर्छ ।

जस्तो हामीले देशभक्तहरूको जीवनी पढ्दा र मूर्ति देख्दा हामीभित्र देशभक्तिको प्रेरणा हुन्छ । यस्तो तस्वीर घरमा हुँदा कुनै हानी हुदैन ।

यदि हामीले साधु, सन्त तथा फकिरहरू तथा राम्रा चरित्रवान नागरिकहरूको जीवनी पढ्दा र सुन्दा सम्पूर्ण दोष शान्त भएर हामी असल नागरिक बन्ने विचार गर्दछौं । त्यसैले हामीलाई सन्त तथा सत्सङ्गको अति आवश्यकता पर्दछ,जहाँ असल विचार बताइन्छ ।

हामीले आफ्नी सानी छोरीलाई स्नान गराउँछौ, वस्त्र लगाइ दिन्छौ । सबैले यस्तै गर्छन् । त्यही छोरी विवाह पश्चात् ससुराली जान्छिन् । अरूका छोरीहरू हाम्रा घरमा बुहारी बनेर आउँछिन् । अब नयाँ के भयो त? यो शुद्ध विचारले विचार गर्ने कुरा हो । यसरी विवेक पुऱ्याउनाले खानाबदोस विचार नष्ट हुन्छ । साधु भाव उत्पन्न हुन्छ ।

समाचार पत्रमा पनि थुप्रै अश्लील चित्रहरू छापिन्छन् जसले युवाहरूलाई असामान्य तुल्याई दिन्छ । केही भित्री कपडाको प्रसिद्धिका लागि केटीहरू केवल पेन्टी र ब्रा लगाउँछन्, जुन गलत हो । त्यसैगरी पुरूषहरू पनि भित्री लुगाको प्रसिद्धिका लागि केवल अण्डरवियर मात्र लगाएर खडा हुन्छन्, जुन महानिचताको प्रतिक हो । यी सब बन्द गरिनु पर्छ । यसका लागि सभ्य संगठनको आवश्यकता छ, जसले संवैधानिक तरिकाबाट यस प्रकारका अश्लीलतालाई बन्द गराउनका लागि सङ्घर्ष गरून् तथा मानवलाई चरित्रवान, दयावान बनाउनका लागि राम्रा पुस्तकहरू उपलब्ध गराऊन् । सत्सङ्गको व्यवस्था गराऊन् ।

असल विचार सुन्ने बच्चा संयमी हुन्छन् । जस्तो कुनै छोरीको विवाह भएको केही दिन पश्चात् उसको फौजी पति आफ्नो ड्यूटीमा जान्छ । लगभग ८-९ महिनासम्म विदामा घर आउँदैन । केही छोरीहरूका पति रोजगारका लागि विदेश जान्छन्, ३ वर्ष सम्म पनि घर आउँदैनन् । ती छोरीहरू संयमपूर्वक घरमा रहन्छन् । कुनै गैर पुरूषलाई सपनामा पनि हेर्दैनन् । यी उत्तम खानदानका छोरीहरू हुन् । पुरूषहरू पनि त्यत्ति नै समय संयमपूर्वक रहन्छन् । ती बच्चा उँचो कूल अर्थात् घरका हुन् । असल खानदानका हुन्छन् । भुँडुवाहरू अनेक ताम-झाम गरि रहन्छन् ।शिरको कपाल नयाँ स्टाइलले कटिङ्गरेर काला-पहेंला चश्मा लगाएर गल्ली-गल्लीमा कुकुर जसरी घुमि रहन्छन् । ती खानाबदोस हुन् । तिनले कुनै गलत

क्रियाकलाप गरी राम्रोसँग चलेको घर उजाडि दिन्छन् किनकि तिनीहरूले कसैका छोरी-चेलीहरूलाई जथाभावी भन्छन्, जसको कारणले झगडा हुन्छ । झगडाको स्वरूप कहाँ सम्मको ठूलो हुन्छ थाहा हुन्न । कसैको मृत्यु पनि हुन सक्छ । त्यो एउटा भँडुवाले दुई घर नाश गरिदिन्छ । त्यसैले आफ्ना बच्चाहरूलाई बाल्यकाल देखि नै सत्सङ्गको वचन सुनाएर विचारवान तथा चरित्रवान बनाउनु पर्छ ।

## चरित्रवानको कथा

एकजना शुकदेव ऋषि थिए । उनी श्री वेदव्यासका पुत्र थिए । एकदिन उनी दीक्षा लिने उद्देश्यले राजा जनक जी कहाँ मिथला नगरमा गए । राजा जनकले सुकदेवलाई भोलि विहान नाम दिन्छु भने । अलग्गै भवनमा उनलाई विश्रामगर्ने व्यवस्था गरि दिए । परीक्षा लिने उद्देश्यले एउटी सुन्दर युवतीलाई राजाले ऋषि जीको सेवामा पठाए । ती युवती शुकदेव जीको पलङ्मा गोडा तिर बसिन् । ऋषि जीले गोडा खुम्च्याए र मोडे । युवती ऋषि जीको अझ नजिक गइन् । ऋषि जी उठेर खडा भए र भने– हे बहिनी ! तिमी असल घरकी छोरी जस्ती देखिन्छौ । कृपया कोठा बाहिर जाऊ, अन्यथा म नै जान्छु । युवती बाहिर गइन् र राजा जनकलाई ऋषि जी सच्चा व्यक्ति हुन् भन्दै सारा घटना सुनाइन् । विहान राजा जनक जीले ऋषि शुकदेव जीलाई भने–तपाईंसँग भेट्न एउटी स्त्री आएकी थिइन्, तपाईंले उसलाई अङ्गीकार नगरी राम्रो संयम प्रदर्शन गर्नु भयो । तपाईं संयमित व्यक्ति हुनु हुन्छ । धन्य छन् तपाईका माता-पिता ।

कबीर परमेश्वर जीको विचार यसभन्दा पनि उच्च र श्रेष्ठ छ । उहाँ भन्नु हुन्छ–ऋषि शुकदेव पनि आत्मज्ञानी थिएनन् किनकि युवती शुकदेवको पलङ्गमा बस्दा शुकदेवले उसलाई स्त्री ठानेर आफ्नो शरीर छुन दिएनन् र खडा भएर बाहिर जाने तयारी गरे । यसबाट शुकदेव जीलाई आत्मज्ञान थिएन भन्ने स्पष्ट हुन्छ । विचार गरौंः- यदि युवतिको स्थानमा युवक बसेको भए शुकदेव जीले के गर्थे? उनले त्यस युवकसँग कुशल-मङ्गल सोध्थे । पलङ छोडेर खडा हुने थिएनन् । उनले भन्ने थिए– भाइ! पलङ एउटा मात्र छ, तपाईं पलङमा विश्राम गर्नु होस्, म तल भुईमा आसन लगाउँछु । यदि युवक सभ्य छ भने उनले भन्ने थियो–होइन, होइन ऋषि जी तपाईं पलङ्का विराज गर्नु होस्, म भुईंमा विश्राम गर्छु । तर युवति भएकाले ऋषि शुकदेवलाई काम दोषका कारण भय लाग्यो ।

कबीर परमेश्वर जी भन्नु हुन्छ– स्त्री र पुरुष आत्मा माथिका दुई वस्त्र हुन्। जस्तो गीता अध्याय २ श्लोक २२ मा भनिएको छ– अर्जुन ! जीवले शरीर त्यागेर नयाँ शरीर धारण गर्दछ, यसलाई मृत्यु भनिन्छ । यो त मानिसले पुरानो वस्त्र त्यागेर नयाँ वस्त्र लगाएको जस्तै हो । त्यसैले आत्म तत्वलाई बुझ । उदाहरणः- एउटा गाउँमा स्वाङ मण्डली आयो । कैयौं दिनसम्म स्वाङ गरे । पहिले स्वाङको नाटकमा पुरूषले नै स्त्रीको अभिनय गर्थे । एउटा केटो पहिलो पटक आफ्नो

साथीसँगै स्वाङ हेर्न गयो । स्वाङमा एउटा केटोले केटीको कपडा लगाएको थियो । छाति पनि युवा केटीको जस्तै बनाएको थियो । पहिलो पटक स्वाङ हेर्न गएको केटोले थुप्रै पटक स्वाङ हेरि सकेको साथीलाई हेर त कस्ती राम्री केटी भन्यो । साथीले यो केटी होइन केटा हो भन्यो । तर पहिलो पटक गएको केटाले मानेन । उसलाई आफ्नो साथीको कुरामा विश्वास भइ रहेको थिएन । स्वाङ सकिएपछि अभिनय गर्नेहरू आफू बस्ने ठाउँमा गए । दुबै केटाहरू पनि सँगै त्यहाँ गए । केटीको भेष बनाएको केटाले आफ्नो केटीको रूपको कपडा खोलेर किलामा झुण्ड्यायो । छातिबाट बनावटी स्तन निकालेर ब्यागमा राख्यो । अण्डरवियर लगाएर स्नान गर्न गयो । यी सब देखेपछि पहिलो पटक दर्शक बनेको व्यक्तिलाई वास्तवमा यो केटा नै रहेछ भन्ने विश्वास भयो । अर्को दिन त्यस केटा दर्शकलाई त्यो केटीको भेष बनाएको केटाप्रति केटीप्रतिको जस्तो भाव वा मलिन वासना मनमा आएन । उसले केटा देखि रहेको थियो । यसैगरी यदि शुकदेव ऋषिलाई अध्यात्म विवेकले आत्मज्ञान भएको भए उनीसँग स्त्री रूपमा नभई आत्मा रूपमा पुरुष सम्झने थिए र भन्ने थिए– तपाई पलङमा विराज गर्नु होस्, म भुईंमा विश्राम गर्छु । साधु, सन्त, फकिर यस विचार धाराले जीवन जिउँछन् । साधना गरेर मोक्ष प्राप्त गर्छन् । अध्यात्म विवेकले आत्मज्ञान भएको भए उनीसँग स्त्री रूपमा नभई आत्मा रूपमा पुरुष सम्झने थिए र भन्ने थिए– तपाई पलङमा विराज गर्नु होस्, म भुईंमा विश्राम गर्छु । साधु, सन्त, फकिर यस विचार धाराले जीवन जिउँछन् । साधना गरेर मोक्ष प्राप्त गर्छन् ।

## सङ्गतको प्रभाव तथा प्रभुप्रतिको विश्वास

एउटा गाउँमा एउटा व्यक्तिको विवाह भएको १०-१२ वर्ष भइ सकेको थियो । सन्तान भएको थिएन । त्यस गाउँ बाहिर लगभग २ कि. मि. पर एउटा आश्रम थियो । त्यहाँ एक सिद्ध सन्त बस्थे । उनी गाउँबाट भिक्षा मागेर ल्याउँथे । भिक्षा मागेर ल्याएको खानेकुरा तीन-चार वा अझ बढी दिनसम्म राखेर खान्थे । एक दिन उनी त्यो निःसन्तान दम्पतिको घरमा भिक्षा माग्न गए । ती दम्पत्तीले पुत्र प्राप्तिका लागि साधुको चरण समातेर प्रार्थना गरेपछि साधुले एउटा शर्तमा मात्र सन्तान हुन सक्छ भने । ती दम्पतिले शर्त के हो भनी सोधे । साधुले भने– पहिलो पुत्र जन्मन्छ। त्यो बालक दुई वर्षको भएपछि मलाई चढाउनु पर्छ । दोस्रो सन्तान छोरी जन्मने छे र फेरि एउटा छोरा जन्मने छ । म त्यस बालकलाई मेरो उत्तराधिकारी बनाउँछु । मेरो शर्त मञ्जुर छ भने भन । दुबैले शर्त मन्जुर गरे । साधुको आशीवार्दले दशौं महिनामा पुत्र जन्मियो । दुई वर्षको भएपछि साधुलाई सुम्पिए । त्यसबेला पत्नी गर्भवती थिइन् । उनले छोरी जन्माइन् । अनि फेरि एउटा पुत्र जन्मियो । यस कारणले साधुको महिमा अझ बढी भयो । त्यस आश्रममा युवा केटीहरूलाई प्रवेश निषेध थियो । त्यो केटो सोह्र वर्षको भएपछि एक दिन गुरु

जीको छातिमा स्तन नजिक फोका आयो । जसकारण साधु पीडाले व्याकुल हुन थाले । जडी-बुटी ल्याई औषधि बनाएर लगाएपछि ४-५ दिनमा त्यो फोका फुट्यो र सञ्चो भयो । साधु सामान्य भए । केही दिन पश्चात् साधुलाई ज्वरो आयो । वृद्धावस्था र ज्वरोले गर्दा सार्है कमजोर भए र हिड्डुल गर्न पनि नसक्ने भए । साधुले त्यस शिष्यलाई कहिल्यै गाउँमा भिक्षा लिन पठाएका थिएनन् । उनले जवान केटो गाउँमा गएर अरू केटाहरूसँग बसेर खराब सङ्गतमा परी कुनै गल्ती नगरोस् भन्ने विचारले भिक्षा माग्न नपठाएका हुन् ।

उनलाई गाउँमा जाँदा विवाह गर्ने प्रेरणा जाग्छ कि भन्ने सङ्का थियो । तर त्यस दिन विवश भएर साधुले आफ्ना शिष्यलाई भने– पुत्र ! भिक्षा मागेर ल्याऊ । गाउँको प्रथम गल्लीमा चौथो घरमा जाऊ र जे भिक्षा दिन्छन्, त्यही लिएर आऊ, त्यसभन्दा अगाडि नजानू । केटो गुरू जीको आदेश अनुसार त्यसै घरको द्वारमा गयो र भन्यो– अलख निरंजन ! त्यस घरबाट एक १४ वर्षीया केटी भिक्षा दिनका लागि ढोकामा आइन् । तब साधु केटाले त्यस केटीको छातिमा गौर गरेर हेरि रहेका थिए । केटीले साधुको दृष्टिमा दोष छ भन्ने कुरा सोचिन् र बाबा भिक्षा लेऊ भनिन् । तब साधुले भने– हे माताकी पुत्री ! तिम्रा छातिमा दुई फोका आएका रहेछन् । तिमी आश्रममा आऊ । तिम्रा यी फोकाहरू गुरू जीले ठीक गरि दिनु हुने छ । हे माताकी पुत्री ! तिमीलाई धेरै पीडा भइ रहेको छ होला । मेरा गुरू जीलाई त एउटै फोकाले साह्रै दुःखी बनाएको थियो । केटो साधुको यस्ता कुरा सुनेर यो साधु सही छैन भन्ने केटीको सङ्का अझ दृढ भयो । केटीले ठूल्ठूलो स्वरमा कराउँदै भन्न थालिन्– आफ्नै आमा-दिदीबहिनीहरूको फोका निको पार्, ए फटाहा, तँलाई जुत्ताले हान्छु भन्दै केटीले गोडाका जुत्ता निकालेर हातमा लिइन् र यहाँबाट गइ हाल् फेरि कहिल्यै नआउनू भन्दै कराउन थालिन् । ठूलो स्वरमा कराएको सुनेर ती केटीकी माता पनि द्वारमा आइन् र छोरीसँग के भयो भनी सोधिन् । छोरीले साधुका सारा करतुत आमालाई सुनाइन् । तब आमाले बाबा जी ! कहाँबाट आयौ भनी सोधिन् । युवक साधुले भने– म गाउँ बाहिरको आश्रमबाट आएको हूँ । मेरा गुरू जी विरामी हुनु भएको छ । हिंड-डुल पनि गर्न सक्नु हुन्न । त्यसैले पहिलो पटक मलाई भिक्षा माग्न पठाउनु भएको हो । म उहाँको शिष्य हूँ । मैले त यस बहिनीलाई सोधेको थिएँ– तिम्रा छातिमा दुई फोका छन्, धेरै दुःखी भएकी छौ होला । मेरा गुरू जीलाई त एउटा मात्र फोका हुँदा रातदिन पीडाले व्याकुल रहन्थे । उहाँलाई औषधि थाहा छ । तिमी पनि गुरू जी कहाँ गएर फोका निको गराऊ । त्यो युवक साधु तिनै महिलाको पुत्र थियो । उसलाई सन्त कहाँ चडाएकी थिइन् । ती केटी त्यस युवा साधुकी बहिनी थिई । आमाले भनिन्– यो तिम्रो दाजु हो, हामीले यसलाई साधुलाई समर्पित गरेका थियौं । यो संसारको खराब कुराहरूबाट जोगिएको छ । यसलाई केही पनि थाहा छैन । तिमीले देखेको दोष यो तेरो दाजुमा छैन । यसले त स्वच्छ आत्माले बोलि रहेको थियो । तिमीले गाउँका

चञ्चल युवाहरूको जस्तो बदमासी विचार गरेर धम्कायौ । माताले भनिन्– साधु जी ! मेरी छोरीको छातिमा फोका होइन् । यो स्तन हो । हेर ! मेरो छातिमा पनि यस्तै छ । यसको विवाह गरेपछि यिनीबाट सन्तान जन्मन्छन् । तब यी स्तनबाट यिनका बच्चाहरूले दूध पिउने छन् । साधु युवकले यिनको विवाह कहिले हुन्छ, कहिले सन्तान जन्मन्छन् भनेर सोधे । माताले भनिन्– तीन-चार वर्ष पश्चात् विवाह गरि दिने छौं, अनि २-३ वर्ष पश्चात् सन्तान हुने छ ।

साधु युवकले आध्यात्मिक दृष्टिकोणले विचार गरे– परमात्मालाई जन्म लिने बच्चाको कत्रो चिन्ता छ । बच्चा जन्मनु भन्दा ७-८ वर्ष पहिले नै दूध पिउने व्यवस्था गरेका छन् भने के हाम्रा लागि आश्रममा नै खाने व्यवस्था गर्ने छैनन् ? हामी गुरू शिष्य दुबै उनै परमात्माको आशमा बसेका छौं । आज उपरान्त भिक्षा माग्न बन्द । उनी यस्तो विचार गर्दै थिए, तब माताले बाबा जी के सोचि रहनु भएको छ भनी सोधिन् । साधुले भने– माता जी ! अब चिन्ता समाप्त भयो । यति भनेर भिक्षा सहितको झोली गल्लीमा फ्याँकेर उनी आश्रम फर्के, अनि गुरू जीले भिक्षा किन ल्याएनौ, झोला कसैले खोस्यो कि के हो भनी सोधेपछि युवकले भने– गुरू जी ! जब परमात्माले बच्चाले जन्म लिनु भन्दा ७-८ वर्ष पहिले देखिनै खानाको सारा व्यवस्था गर्दछन् भने के हाम्रो आश्रममा पनि खानको व्यवस्था गर्दैनन् ? अवश्य गर्ने छन् । त्यसैले मैले झोला गल्लीमा फ्याँकेर आएँ । सधै भिक्षा माग्न जानु पर्छ भनेर यस कामचोरले बाटोमा झोला फ्याँकेर आयो भन्ने कुरा साधुले अनुमान गऱ्यो । साधु विवश थियो, केही भनेन । भोलिपल्ट दुःखी-सुखी भएर जसो तसो स्वयम् नै भिक्षा मागेर ल्याउँछु भन्ने विचार गरे ।

साधु बालकले झोला र भिक्षा गल्लीमा फ्याँकेर आश्रम गएपछि परमात्माले नगरका केही व्यक्तिहरूमा प्रेरणा जगाइ दिनु भयो । ठूला बाबा अस्वस्थ छन् । साना बाबालाई कसैले केही भनि दिए र उनी झोली र भिक्षा दुबै फ्याँकेर गए । साधु भोकै छन् र बालक साधु पनि भोकै रहने छन् । यस्तो विचार गरी राम्रो भोजन तयार गरे । खीर, रोटी, दाल पकाएर पहिले एक जना लिएर गए र साधुसँग भने– साना बाबा जीले कसैले केही भनेकाले रूष्ट भएर भिक्षा ल्याएनन् । झोली र भिक्षा दुबै फ्यालेर आए । तपाईं भोजन खानु होस् । साधुले पहिले बालकलाई खुवाउन भने । बालकले भन्यो– पहिले गुरू जीले खानु हुने छ, अनि चेलाले खान्छ । साधुले भोजन खान थाले । यत्तिकैमा अर्कोले छोले, चना, पुरी, हलुवा लिएर आयो । यसरी गाउँका दस जना यही विचार गरेर भोजन लिई आश्रम पुगे । चेलाले भन्यो– हे भगवान ! हजुर यत्ति दयालु हुनु हुन्छ भन्ने मलाई थाहा थिएन । त्यसैले हजुरको नामको चिन्ता कम र भोजनको चिन्ता बढी हुन्थ्यो । गाउँका मानिसहरूले एक दिनमा एउटा घरबाट साधुहरूलाई भोजन लैजाने नम्बर लगाए । यस्तै भयो ।

**शिक्षाः- जस्तो सङ्गत, त्यस्तै रङ्गत । आफ्नो दोष अरूमा देखिन्छ । परमात्मामा विश्वास नभएकाले भक्त अधुरा छन् । मागेर खानु पनि शास्त्र विरूद्ध छ किनकि यदि भक्तको श्रद्धा तथा भावना सच्चा छ भने त परमात्माले नै व्यवस्था गरि दिनु हुन्छ । तर गृहस्थी कर्म गरेर भोजन ग्रहण गर्नु सर्वोत्तम हो । साधु सन्तको कर्म सत्सङ्ग तथा भक्ति गर्नु हो । यदि उसले सच्चा श्रद्धापूर्वक भक्ति गर्दछ भने उसले माग्नु पर्ने आवश्यकता नै पर्दैन । सन्त गरीबदास जीले परमात्मा कबीर जीबाट प्राप्त ज्ञानबाट आफ्नो अमृतवाणीमा भनेका छन्ः-**

## "वैराग प्रकरणको अंगबाट केही वाणी"

गरीब, नट पेरणा कांजर सांशी मांगत हैं भठियारे ।
जाकी तारी लागी तत् में मोति देत उधारे ।।(३)
गरीब, द्रोपद सुता के चीर बढ़ाए बिन ही ताने काते ।
सकल मनोरथ पूर्ण साहिब तुम क्यों मांगन जाते ।।(२)
गरीब, आप तें आवै रत्न बराबर मांग्या आवै लोहा ।
लक्षण नहीं जोग के जोगी जा बस्या बन खोहा ।।(६)
गरीब, टूकां कारण फिरै कुकरा (कुत्ता) सतघर फिर आवै ।
ये तो लक्षण नहीं जोग के क्यों बाणा बिरदल जावै ।।(१०)
गरीब, जिनको आत्मज्ञान नहीं है वे मांगैं रे भाई ।
चावल चून इकट्ठा करकै ब्याज बधावैं जाई ।।(२४)
गरीब, जो मांगै सो भड़वा कहिये दर–दर फिरै अज्ञानी ।
योगी योग सम्पूर्ण जिसका जो मांग न पीवै पानी ।।(४१)
गरीब, कद नारद जमात चलाई व्यास न टुकड़ा मांग्या ।
वसीष्ठ विश्वामित्र ज्ञानी शब्द बिहंगम जाग्या ।।(५०)
गरीब, कबीर पुरूष कै बालद आई नौ लख बोडी लाहा ।
केशव से बणजारे जिस कै देवैं यज्ञ जुलाहा ।।(५५)

**भावार्थः- उपरोक्त वाणीहरूको भाव : शास्त्रानुकूल सत्य भक्ति नगर्नेहरू साधुको भेष बनाएर कुकुरले एक टुक्रा रोटीका लागि सत्तरी घरमा गए जसरी माग्नका लागि घुम्छन् । जस्तो अन्य जातिका नट-पेरणे, कांजर-सांशी मानिसहरू रोटीका लागि भट्कदै हिंड्थे । यदि साधुले पनि यसै गर्छ भने उसको साधनामा त्रुटि छ । परमेश्वर कबीर जी जुलाहका रूपमा आफ्नो दैनिक कर्म गर्नु हुन्थ्यो र सत्य साधना पनि गर्नु हुन्थ्यो तथा सत्सङ्ग पनि गर्नु हुन्थ्यो । सत्य भक्ति गर्नेहरूलाई परमात्माले कसरी सहयोग गर्नु हुन्छ भन्ने कुराको प्रमाण स्वयम् कबीर जीले दिनु भएको छ । कथा यस्तो छः-**

## परमेश्वर कबीर जीले काशी शहरमा भोजन-भण्डारा (धर्म यज्ञ) को व्यवस्था गर्नु

शेखतकी सारा मुसलमानका मुखिया अर्थात् मुख्य पीर (धर्मगुरू) थिए । उनी पहिलेदेखि नै परमेश्वर कबीर जीसँग इर्ष्या गर्थे । सम्पूर्ण ब्राह्मणहरू, मुल्ला-काजीहरू तथा शेखतकीले मजलिस (मिटिङ्ग) गरेर षडयन्त्रपूर्वक कबीर निर्धन छन्, यिनको नामबाट सम्पूर्ण साधु सन्तलाई निमन्त्रणा पठाउनु पर्छ भन्ने एउटा योजना बनाए, जसमा लेखिएको थियो– कबीर जी काशीमा ठूला सेठ हुन् । उनको पूरा ठेगाना नुर अली अंसारीका पुत्र कबीर, जुलाहाका कोलोनी, काशी शहर हो । कबीर जीले तीन दिनको धर्म भोजन भण्डारा आयोजना गरेका छन् । सम्पूर्ण साधु सन्तजनलाई आमन्त्रण छ । हरेक दिन भोजन गर्ने प्रत्येक व्यक्तिलाई एक दोहर (त्यस समयको सबैभन्दा महङ्गो कम्बल मानिन्थ्यो ।) एक मोहर (१० ग्रामको गोलो सुनको सिक्का) दक्षिणा दिनेछन् । हरेक दिन जसले जतिपटक भोजन गर्ने छ, कबीर जीले उसलाई त्यति नै पटक दोहर र मोहर दान दिने छन् । भोजनमा लड्डु, जेरी, हलुवा, खीर, दही बडा, मालपुवा, रसबरी आदि सबै मिष्ठान्न खान दिने छन् । सुख्खा सिधा (पीठो, चामल, दाल आदि नपकाएको खाद्यान्न, घिउ, चिनी) पनि दिइने छ । शेखतकीले एउटा पत्र आफ्नै नाममा तथा अर्को दिल्लीका बादशाह सिकन्दर लोधीको नाममा पनि पठाए । निश्चित दिन भन्दा अघिल्लो रातदेखि नै साधु-सन्त भक्त जम्मा हुन थाले । अर्को दिन भण्डारा हुनु थियो । परमेश्वर कबीर जीलाई सन्त रविदास जीले तपाईंको नामको पत्र लिएर लगभग १८ लाख साधु-सन्त तथा भक्तहरू काशी शहरमा आएका छन्, भण्डारा खान आमन्त्रित गरिएका छन् । कबीर जी अब त हामीले काशी छोडेर अन्यत्र कतै जानु पर्छ । कबीर जीलाई सब कुरा थाहा थियो । तर पनि अभिनय गरि रहनु भएको थियो । कबीर जीले भन्नु भयो– रविदास झोपडी भित्र बस र चुकुल लगाऊ । हामी बाहिर निस्किएनौं भने आफै निराश भएर फर्कन्छन् । त्यसपछि परमेश्वर कबीर जी आफ्नो राजधानी सतलोक जानु भयो । त्यहाँबाट नौ लाख गोरूमा गधाको जसरी बोरा (थैला) मा पकाइएका सारा सामान भरी तथा सुखा सामान (चामल, पिठो, सक्खर, चिनी, दाल घिउ आदि) लादेर पृथ्वीमा आउनु भयो । सत्यलोकबाट नै सेवादार आए । कबीर परमेश्वर जी स्वयम्ले बनजाराको रूप धारण गर्नु भयो र आफ्नो नाम केशव भन्नु भयो । दिल्लीका सिकन्दर बादशाह र उनका धार्मिक गुरू शेखतकी पनि आए । काशीमा भोजन-भण्डारा चलि रहेको थियो । सबैलाई भोजन पश्चात् दक्षिणा स्वरूप एउटा दोहर र एक मोहर (१० ग्राम सुन) दिइदै थियो । कैयौं बेइमान सन्तहरू त दिनमा चार-चार पटक भोजन गर्थे र चारै पटक दोहर र मोहर लिन्थे । केही सुख्खा सिधा (चामल, दाल, घिउ, चिनी, पिठो) पनि लिइ रहेका थिए ।

यी सब देखेर शेखतकीको रून्चे अनुहार भयो । शेखतकी सिकन्दर लोधी राजाका साथमा त्यस टेन्टमा गए, जहाँ कबीर परमेश्वर भेष बदलेर केशव बनजारा (त्यसबेला व्यापारीलाई बनजारा भनिन्थ्यो) को रूपमा बस्नु भएको थियो । सिकन्दर लोधी राजाले सोधे– तपाईं को हुनु हुन्छ ? नाम के हो? कबीर जीसँग तपाईंको के सम्बन्ध छ ? जवाफमा केशव रूपमा बस्नु भएको परमात्मा जीले भन्नु भयो– मेरो नाम केशव हो । म बनजारा हूँ । कबीर जी मेरा पगरी साटेका मित्र हुन् । एउटा सानो भण्डारा (भोजन गराउने कार्यक्रम) गर्नु छ, त्यसका लागि केही सामान लिएर आउनु होला भनेर उहाँले मलाई एउटा पत्र पठाउनु भएको थियो । उहाँको आदेशको पालना गरेर यो सेवक हाजिर भयो । भण्डारा चलि रहेको छ । एउटा सानो भण्डारा गर्नु छ भनेको सुनेपछि शेखतकी छाति समातेर भुँइमा बस्यो किनकि त्यहाँ १८ लाख व्यक्तिहरू भोजनका लागि आएका थिए । प्रत्येकलाई दोहर तथा मोहर र सुखा सिधाको रूपमा पिठो, दाल, चामल, घ्यु, सक्खर पनि दिइ रहेका थिए । अनि यसलाई सानो भण्डारा भनि रहेका थिए । शेखतकी इर्ष्याको आगोमा जल्यो र राजा बसेका विश्राम गृहमा गयो । सिकन्दर लोधीले कबीर जी किन आउनु भएन भनी केशव जीलाई सोधे । केशवले जवाफ दिए– उहाँको गुलाम (दास) यहाँ बसेको छ, उहाँले दुःख उठाउनु के जरूरी छ र ? जब इच्छा हुन्छ, आउनु हुन्छ । यो भण्डारा त तीन दिन चल्छ । सिकन्दर लोधी अङ्गरक्षकका साथ हात्तिमा चढेर कबीर जीको झुपडीमा गए । हात्तिबाट झरेर राजाले ढोका ढकढक गर्दै भने– परवरदिगार ! ढोका खोल्नु होस् । हजुरको बच्चा सिकन्दर आएको छ । कबीर परमेश्वर जीले भन्नु भयो– हे राजन ! केही मानिसहरू मेरो पछि परेका छन् । प्रत्येक दिन कुनै न कुनै नयाँ षडयन्त्र रचेर आजित पार्दछन् । आज झुठो पत्र पठाएर लाखौं व्यक्तिहरूलाई बोलाएका छन् । म निर्धन जुलाहा कपडा बुनेर परिवारको पोषण गरि रहेको छु । मसँग भोजन-भण्डारा गराउने तथा दक्षिणा दिनका लागि धन छैन । म रातमा परिवार सहित काशी नगर त्यागेर कहीं परको कुनै ठाउँमा जान्छु । म ढोका खोल्दिनँ । सिकन्दर सम्राटले भने– हे कादिर अल्लाह (समर्थ परमात्मा) ! मैले हजुरलाई चिनेको छु । हजुर मलाई बहकाउन सक्नु हुन्न । हजुरले चौपडको खुल्ला स्थानमा कसरी भण्डारा गराउनु भएको छ ? हजुरका मित्र केशव आउनु भएको छ । अपार खाद्य सामग्री ल्याउनु भएको छ । लाखौं मानिसहरू भोजन गरेर हजुरको जय जय कार गरि रहेका छन् । हजुरको दर्शन गर्न चाहन्छन् । एक पटक ढोका खोलेर आफ्नो गुलाम सिकन्दरलाई दर्शन त दिनु होस् । कबीर जीले सन्त रविदास जीलाई ढोका खोल्न भन्नु भयो । ढोका खुल्ना साथ राजा सिकन्दरले जुत्ता खोलेर मुकुट सहित दण्डवत् प्रणाम गरे । अनि काशीमा चलि रहेको भोजन भण्डारामा जान विनय गरे । कबीर परमात्मा झुपडीबाट बाहिर निस्कनासाथ आकाशबाट सुन्दर मुकुट आयो र परमात्मा कबीर जीको शिरमा सुशोभित भयो तथा आकाशबाट सुगन्धित फूलहरू वर्षन थाले । राजाले कबीर परमेश्वर जीलाई हात्तिमा चढ्न प्रार्थना गरे । कबीर जीले रविदास जीलाई साथमा

लिनु भयो । राजा, रविदास जी तथा परमात्मा कबीर जी तीनै जना हात्तिमा चढेर भण्डारा स्थलमा गए । सबैसँग कबीर सेठको परिचय गराए । परमेश्वर कबीर जीले केशव रूपमा डबल रोल (भूमिका) गरेर उपस्थित सन्त-भक्तहरूसँग प्रश्नोत्तर गरेर २४ घण्टासम्म सत्सङ्ग सुनाउनु भयो । लाखौं सन्तहरूले आफ्नो गलत भक्ति त्यागेर कबीर जीबाट दीक्षा लिए र आफ्नो कल्याण गराए । भण्डारा सकिएपछि बचेका सामान तथा टेन्ट गोरूमा लादेर जान लाग्दा राजा सिकन्दर लोधी, शेखतकी, केशव तथा कबीर जीसँगै एकै स्थानमा खडा थिए । सारा गोरू, बनजाराको भेषमा आएका सारा सेवकहरू गंगा पार गरी गए । केही समयपछि राजा सिकन्दर लोधीले केशव बनजारालाई तपाईंका गोरू तथा साथीहरू जादै छन्, तपाई पनि जानु होस् भने । गोरू तथा बनजाराहरू गएतिर राजाले हेरे तर त्यता कोही पनि थिएनन् । आश्चर्य चकित भएर राजाले सोधे– कबीर जी ! ती गोरू तथा बनजाराहरू यति चाँडै कहाँ गए ! त्यही बेला हेर्दाहेर्दै केशव पनि परमेश्वर कबीर जीको शरीरमा समाहित भए । त्यहाँ कबीर जी एक्लै खडा हुनु हुन्थ्यो । सारा माजरा (रहस्य) बुझेर राजा सिकन्दरले भने– कबीर जी ! यी सारा लिला हजुर कै थियो । हजुर परमात्मा हुनु हुन्छ । शेखतकीको त तन-मनमा इर्ष्याको आगो दन्क्यो र भन्न थाल्यो– यो के भण्डारा हो र ? म यस्ता-यस्ता सय भण्डारा गरि दिन्छु । यो त महौछा गरेको हो ।

महौछा त्यस अनुष्ठानलाई भनिन्छ, जुन कुनै गुरुद्वारा कुनै वृद्धको गति गर्नका लागि थोपरिन्छ । त्यसका लागि सबै निम्न स्तरको सामान ल्याइन्छ । विशेष खुशीको अवसरमा आयोजना गरिने अनुष्ठानलाई जग जौनार गर्नु भनिन्छ, जसमा अनुष्ठान गर्ने व्यक्तिले दिल खोलेर खर्च गर्छ । सन्त गरीबदास जी भन्छन्:-

गरीब, कोई कह जग जौनार करी है, कोई कहे महौछा ।
बडे बडाई किया करें, गाली काढे औछा ।।

सारांशः- कबीर जीले भक्तहरूलाई उदाहरण दिनु भएको छ– यदि तिमीले मैले जस्तै सच्चा मनले भक्ति गऱ्यौ तथा इमान्दारीपूर्वक निर्वाह गऱ्यौं भने परमात्माले यसरी नै तिमीलाई सहयोग गर्नु हुने छ ।

वास्तवमा भक्त नै सेठ अर्थात् धनवंता हो । भक्तसँग दुबै धन हुन्छ । संसारमा चाहिने आवश्यक धन र सत्य साधना रूपी धन दुबै भक्तसँग हुन्छ ।

## त्यस भण्डारामा भएको एउटा अर्को चमत्कार

त्यो जीमनवार (लंगर/भण्डारा तीन दिनसम्म चल्यो । दिनभरमा प्रत्येक व्यक्तिले कम्तिमा दुई पटक भोजन ग्रहण गर्थे । केही त तीन-चार पटक पनि खान्थे किनकि प्रत्येक भोजन पश्चात् दक्षिणाको रूपमा एक मोहर (१० ग्राम सुन) र एक दोहर (मूल्यवान सूतिको ओढ्ने) प्रदान गरिदै थियो । यस लालचमा पटक-पटक

खाना खान्थे । तीन दिनसम्म भएको भण्डाराका कारण १८ लाख व्यक्तिले शौच तथा पिशाव गरेर काशीको चारैतिर थुप्रो लगाउने थिए । काशीलाई सडाइ दिन्थे । काशीका निवासीहरू, १८ लाख अतिथिहरू तथा सतलोकबाट आएका एक लाख सेवादारका कारण फोहोरको डङ्गुर हुने थियो र सास फेर्न पनि कठिन हुने थियो तर यस्तो महसुस नै भएन । सबैले दिनमा दुई-तीन पटक भोजन खान्थे तर एकपटक पनि शौच जादैनथे, न त पिसाब नै गर्थे । भोजन यत्ति स्वादिष्ट थियो कि सबैले पेट भरी-भरी खाइ रहेका थिए । पहिले भन्दा दोब्बर खाना खाइ रहेका थिए । पेट पनि भारी छैन तथा भोक पनि राम्रैसँग लागि रहेको देखेर उनीहरूलाई रोगी भइने त होइन भन्ने चिन्ता मध्य दिनमा भयो । सतलोक बाट आएका सेवकहरूलाई समस्या बताए र जवाफमा ती सेवकहरूले भने– यो भोजन शरीर मै विलय हुने जडी-बुटीहरू हालेर बनाइएको छ । हामी त प्रत्येक दिन भण्डारामा यही भोजन बनाउँछौ, यही खान्छौं । हामी कहिल्यै शौच जाँदैनौं, न त पिशाब नै गर्छौं । तपाईंहरू निश्चिन्त रहनु होस् । तर पनि उनीहरू खाना खाएका छौं, केही त मल निस्कनु पर्ने हो भन्ने विचार गर्थे । उनीहरूलाई शौच जाने दबाव भयो । सबै शहर बाहिर गए । दिसा गर्नका लागि एकान्त स्थान खोजेर बस्दा गुदाबाट वायु निस्कियो । पेट हल्का भयो तथा वायुबाट केवडाको पानी छर्किये जस्तै सुगन्ध निस्कियो । यी सब देखेपछि सबैलाई सेवादारहरूको कुरामा विश्वास भयो । तब उनीहरूको भय समाप्त भयो, तर पनि सबैको आँखामा अज्ञानको पट्टी बाँधिएको थियो । परमेश्वर कबीर जीलाई परमेश्वर स्वीकार गरेनन् ।

पुराणहरूमा पनि प्रकरण छः- अयोध्याका राजा ऋषभदेव जी राज्य त्यागेर जङ्गलमा साधना गर्थे । उनको भोजन स्वर्गबाट आउँथ्यो । उनको दिशा (मल) बाट सुगन्ध आउँथ्यो । छेउछाउका मानिसहरू यो देखेर आश्चर्य चकित हुन्थे । यसैगरी सतलोकको आहार ग्रहण गर्नाले केवल सुगन्ध आउँछ, मल आउँदैन । स्वर्ग त सतलोकको नक्कल हो र यो नक्कली (Duplicate) हुन्छ ।

प्रश्नः- भक्ति गर्नका लागि घर त्याग्नु वा घरमा नै बसेर भक्ति गर्नु, कुन उत्तम हो ?

उत्तरः- शास्त्रविधि अनुसार पूर्ण गुरूबाट दीक्षा लिएर भक्ति मर्यादाको निर्वाह गर्दै आजीवन साधना गर्नाले मोक्ष हुन्छ । यदि घर त्यागेर वनमा गयो भने पनि भोजनका लागि फेरि गाउँ वा शहरमा गृहस्थीको ढोकामा आउनु नै पर्छ । जाडो-गर्मी वर्षात् आदिबाट जोगिनका लागि कुटी बनाउनु पर्छ । वस्त्र पनि माग्नु पर्छ । अनि त त्यो घर नै बन्यो नि । त्यसैले घरमा नै रहेर सत्य साधना गर, मोक्ष निश्चित छ । विवाह होस् वा नहोस् दुबैले भक्ति गरेर मोक्ष प्राप्त गर्न सक्छन् । कैयौं मानिसहरू भक्ति ब्रह्मचारी जीवनमा मात्र हुन सक्छ भन्छन् । यसको पनि उत्तर छ– शास्त्र अनुसार सत्य साधना गरेर दुबैले मोक्ष प्राप्त गर्न सक्छन् ।

उदाहरणः- भक्त ध्रुव जी तथा भक्त प्रह्लाद जीले मोक्ष प्राप्त गरे भन्ने हामी ठान्दन्छौं । यी दुबैले विवाह गरेका थिए । सन्तान पनि थिए । प्रह्लाद जीका पुत्र

बैलोचन थिए । नाति राजा बली थिए, जसले सय यज्ञ गरेका थिए । भगवानले बाउन्नेको रूप धारण गरेर यिनीसँग तीन पाइला जमीन दक्षिणामा मागेका थिए । यदि कसैले ब्रह्मचारी पुरूष नै मोक्षको अधिकारी हो भन्छन् भने विचार गरौंः- हिजडा (खुसरे) त सधैं ब्रह्मचारी नै हुन्छन्, के उनीहरू अझ बढी मोक्षका अधिकारी भए त ?

सत्य साधना गर्नाले हिजडा, ब्रह्मचारी, गृहस्थी तथा स्त्री सबैले मोक्ष प्राप्त गर्छन् । सन्त गरीबदास जीले कबीर जीको ज्ञान बताएका छन्ः-

गरीब, डेरे डांडै खुश रहो, खुसरे लहैं ना मोक्ष ।
ध्रुव–प्रहलाद पार हुए, फिर डेरे (घर) में क्या दोष ।।१
गरीब, केले की कोपीन है, फूल-पात-फल खांई ।
नर का मुख नहीं देखते, बस्ती निकट नहीं जाईं ।।२
गरीब, वे जंगल के रोझ हैं, जो मनुष्यों बिदके जाहीं ।
निश दिन फिरो उजाड़ में, यूं सांई पावै नाहीं ।।३
गरीब, गाड़ी बाहो घर रहो, खेती करो खुशहाल ।
सांई सिर पर राखिये, सही भक्त हरलाल ।।४

भावार्थः- वाणी सङ्ख्या १ को भावार्थ माथि बताइएको छ ।

वाणी सङ्ख्या २-३ को भावार्थः- केही व्यक्तिहरू भन्दै थिए– हामी सन्तहरूको खोजीमा पहाड तथा जङ्गलहरूमा गयौं । एक ठाउँमा जङ्गलमा एउटा साधु रहन्थे । उसको बारेमा आसपासका गाउँलेहरू भन्थे– साधुले पर्दाको रूपमा केराको पातलाई लङ्गौटी बनाएर बाँध्छन् र जङ्गलमा पात, फलफूल खान्छन् । गाउँको नजिकमा पनि कहिल्यै आउँदैनन् । मानिसको त मुख पनि हेर्दैनन् । मानिसलाई देख्नासाथ शक्तिले भ्याएसम्मको गतिमा दौडेर जङ्गलमा जान्छन् । मानिसहरू भन्थे– जसलाई उनको दर्शन हुन्छ, उसको मालामाल हुन्छ । हामी कैयौं दिनसम्म दर्शनका लागि त्यस जङ्गलमा विहान गएर साँझ सम्म बस्यौं । एकदिन भाग्दै गर्दाको पिठयूँ मात्र देख्यौं । दर्शन भएको भए पौबारह (धन्य-धन्य) हुने थियो । विचार गरौं– यस्ता व्यक्ति अपराधी हो, जसले पुलिसबाट जोगिन ढोङ् गरि रहेको हुन्छ । सन्त गरीबदास जीले यस्ता व्यक्तिहरूलाई रोझ (निल गाई) को उपमा दिएका छन्, जो मानिसलाई देख्नासाथ डराएर हामफाल्दै भाग्दै हिंड्छ । यस्ता व्यक्तिहरू रातदिन जङ्गल तथा उजाडमा जत्ति भट्के पनि परमात्मा प्राप्त हुन सक्दैन ।

वाणी सङ्ख्या ४ को भावार्थः

गरीब, गाड़ी बाहो घर रहो, खेती करो खुशहाल ।
सांई सिर पर राखिये, सही भक्त हरलाल ।।

भावार्थः

## हरलाल जाटको कथा

बेरी गाउँ (झज्जर जिल्ला, हरियाणा प्रान्त) मा एक हरलाल नामका जाट किसान थिए । उनी धार्मिक प्रवृत्तिका थिए । उनका सारा परिवार धार्मिक विचार भएका थिए । गेरू वस्त्रमा एक जना व्यक्ति बेरी गाउँको चौतारामा बसे । केही दिनसम्म उनले त्यहाँ सत्सङ्ग गरे । भक्त हरलाल जीले उनको परिचय सोधेपछि थाहा भयो–उनको घरमा कोही पनि छैनन् । मातापिता सानै छँदा बिते । भक्तिको लागि घर छोडेका रहेछन् । भक्त हरलालले उनलाई आग्रह गरे– हजुर हाम्रै घरमा बस्नु होस्, हामीलाई सन्तको सेवा गर्ने अवसर पनि प्राप्त हुन्छ । हजुरलाई भक्ति गर्ने पूरा समय प्राप्त हुन्छ । गेरू वस्त्रधारीले स्वीकार गरे । भक्त हरलाल जीको दुईवटा घर थियो । एउटामा महिलाहरू बस्थे । अर्को घर अलि पर थियो । त्यस घरमा पशुहरू राख्थे तथा पुरूष सदस्यहरू बस्थे । यसलाई घेर वा पौली (गोठ) पनि भनिन्छ । यस पौली माथि एउटा चौबारा (माथिल्लो तला) थियो । त्यस कोठामा साधुलाई बस्न आग्रह गरे । सारा परिवार साधुको सेवा गर्ने गर्थे । दुई-तीनै समय भोजन गराउँथे । केही वर्ष पश्चात् ती साधुले शरीर त्यागे । भक्त हरलालले उनको अन्तिम संस्कार गरे र आफ्नो खेतमा उनको शालिक बनाए ।

श्री हरलाल जाट जी गोरूगाडामा व्यापारीहरूको सामान एउटा बजारबाट अर्को बजारमा भाडामा ल्याउने लैजाने गर्थे । जस्तो अहिले ट्रक वा ट्याक्टरले भाडामा एक बजारबाट अर्को बजारमा सामान ल्याउने-लैजाने गर्छ । सन् १७५० को छेउछाउको समय थियो । त्यतिखेर सख्खर, चिनी, चामल, गहूँ, जुनेलो, बाजरा, गवार आदि भाडामा गोरूगाडाद्वारा ओसारिन्थ्यो । बेरीबाट नजफगढ बजारको बाटो छुडानी गाउँ हुदै जान्थ्यो । श्री हरलाल जीको गोरो रङ्को एउटा गोरू कामचोर थियो । गाडामा केही समय हिड्दा हिड्दै बस्थ्यो । त्यस गोरूलाई लट्ठीले कुटेर उठाउँथे । केही पर पुगेपछि फेरि बस्थ्यो । यो सिलसिला चलि रहन्थ्यो । गर्मीको मौसममा एकदिन बिहान ४ बजे श्री हरलाल जी नजफगढ बजारबाट गाडामा सामान लिएर फर्कदै थिए । छुडानी गाउँको नजिकैको एउटा कुँवाभन्दा केही पर त्यो गोरू बस्यो । हरलाल जी त्यस गोरूलाई लट्ठीले कुट्न थाले । त्यस कुवाँमा छुडानी गाउँका सन्त गरीबदास जी स्नान गरि रहेका थिए । उनले भने– हे हरलाल ! त्यसरी नकुट, गाईबाट उत्पन्न प्राणी हो । सन्त गरीबदास जी जाट किसान थिए । हरियाणाको सामान्य भेषभूषा धोती-कुर्ता पहिरिएका थिए । हरलाल जीले भने– हे भाइ ! यसले मेरो रगत पिइ सक्यो । आधा माइल हिड्छ अनि बसि हाल्छ । सन्त गरीबदास जी त्यस गोरू नजिक गए र त्यसको कानमा केही कुरा भने । तत्काल त्यो गोरो गोरू उठ्यो । सन्त गरीबदास जीले अब यो गोरू राम्ररी हिड्छ भने । श्री हरलाल जीलाई विश्वास भएन । गाडा लिएर हिँडे । त्यो गोरो गोरू, अर्को गोरू भन्दा छिटो हिड्न थाल्यो । छुडानी गाउँदेखि बेरी गाउँसम्म पुग्दा

पनि बसेन । श्री हरलाल जी आश्चर्य चकित भए र खुशीको सीमा नै रहेन । उनले घरका सारा सदस्यलाई यो कुरा सुनाए, तिनलाई पनि विश्वास भएन । त्यसपछि हरलाल जाट छुडानी गाउँ गए । उसलाई त्यस स्नान गर्ने व्यक्तिको नाम नसोध्नु गल्ती महसुस भइ रहेको थियो । उनी छुडानीबाट फर्के र विचार गर्न थाले सायद प्रत्येक दिन स्नान गर्नका लागि उनी त्यही समयमा आउँछन् होला । त्यसैले उनी बिहानै ४ बजे त्यस कुवाँमा पुगे । अनि सन्त गरीबदास जीले सोधे– हे हरलाल भाइ ! त्यो गोरूको विषयमा जान्न आएका हो कि कसो? हरलालले भने– हजुरबाट केही कुरा लुकेको छैन । म हजुरबाट यही कुरा जान्न आएको हूँ, हजुरले त्यस्तो के जादू गर्नु भयो ? त्यो गोरू त अर्को भन्दा पनि छिटो हिँड्छ । सन्त गरीबदास जीले सोधे– एउटा कुरा भन, तिम्रो चौबारा (माथिल्लो तला) मा एउटा साधु रहन्थे । उसको खबर के छ ? मैले उससँग एकदिन भेटेर आएको थिएँ, त्यस दिन तिमी गाडी लिएर कतै गएका थियौ । हरलालले भने– उनले त चार वर्ष पहिले नै चोला त्यागि सके । मैले उनको शालिक पनि बनाएको छु । सन्त गरीबदास जीले भने– त्यो गोरो गोरू त्यही पाखण्डी बाबा हो । मैले ऊसँग ज्ञान चर्चा गरेको थिएँ । मैले उसलाई सम्झाएको थिएँ– तिम्रो भक्ति गलत छ, तिमी भक्ति पनि गर्दैनौ, खान्छौ र सुत्छौ । परमात्माको दरबारमा लेखा भएपछि तिमीले चाल पाउँछौ । अहिले जे खाइ रहेको छौ, त्यो चुक्ता गर्नु पर्छ ।

गरीब, नर से फिर पशुवा कीजै, गधा–बैल बनाय ।
छप्पन भोग कहाँ मन बोरे, कुरड़ी चरने जाय ॥
गरीब, तुमने उस दरगाह का महल ना देखा ।
धर्मराज कै तिल–तिल का लेखा ॥

तर ऊ रिसायो र भन्यो– तँ गृहस्थी होस्, म बाल ब्रह्मचारी हूँ । तँ जा । बडो, एउटा साधुलाई शिक्षा दिन आएको छस् ।

कबीर, राम नाम से खिज मरैं, कुष्टि हो गल जाय ।
शुकर होकर जन्म ले, नाक डूबता खाय ॥

भावार्थः- कबीर जीले भन्नु भएको छ– अभिमानी व्यक्ति राम नामको चर्चाबाट चिढिन्छन् । अनि कोढ (कुष्टरोग) लागी गलेर मर्दछन् । अर्को जन्म सुँगुरको हुन्छ र फोहोर खान्छ । सुँगुरको थुतुनो पनि फोहोरमा डुबि रहन्छ । यसरी भक्ति नगर्ने र नक्कली सन्तबनेर जनता बीच फोकटको महिमा बनाउने प्राणीहरूले यस्तै कष्ट भोग्दछन् ।

हे हरलाल ! मैले त्यसको कानमा भने– त्यो दिन याद गर, मैले के भनेको थिएँ, तिमीले मानेनौ । हे जीव ! तिमीले यस किसानको ऋण चुक्ता गर्नु पर्छ । लठ्ठी खाएर उतार वा राजी-खुशीले । त्यत्तिकै पिछा छुट्दैन । त्यस गोरूको शरीर धारण गरेको नक्कली बाबाले सबैकुरा सम्झ्यो । यो पहिले कुनैं जन्ममा परमेश्वर

**कबीर जीको शिष्य थियो । तर फेरि गिरी पन्थमा गयो । जसकारणले यसले त्यो सुमार्ग त्यागेर जन्म-मरणको कष्ट भोगि रहेको छ । अब यो कहिल्यै बस्दैन । हरलाल जी गरीबदास जीको चरणमा गिरे र भने– हे सन्त ! महाराज ! मलाई आफ्नो शिष्य बनाउनु होस् । म घरबार त्यागेर हजुरकै साथमा रहन्छु । मेरा आँखा खुले । भक्ति बिना जीवले कत्तिको कष्ट भोग्दछ थाहा भयो । सन्त गरीबदास जीले यो वाणी भनेः-**

गरीब, गाड़ी बाहो घर रहो, खेती करो खुशहाल ।
सांई सिर पर राखिये, सही भगत हरलाल ।।

**भावार्थः- परमात्मा प्राप्तिका लागि घर त्याग्नु आवश्यक छैन । आफ्नो खेतीको काम तथा गोरूगाडा चलाउने काम खुशीसाथ गर । घरमा बस । म परमात्माको भक्तिको विषयमा जे भन्छु, त्यो गरि राख । तिमी सही भक्त कहलिने छौ ।**

गरीब, नाम उठत नाम बैठत, नाम सोवत जाग रे ।
नाम खाते नाम पीते, नाम सेती लाग रे ।।

**यही प्रमाण यजुर्वेद अध्याय ४० को मन्त्र १५ मा छ–**

वायु अनिलम् अथइदम् अमृतम् भस्मन्तम् शरीरं ।
ओम् (ॐ) कृतु स्मर किलवे स्मर कृतम् स्मर ।।

**भावार्थः- सन्त गरीबदास जीले भने– जुन सत्य साधनाको सत्य मन्त्र म तिमीलाई दिन्छु, त्यसको जाप खाँदै गर्दा, पिउँदै गर्दा तथा जागेको समय अर्थात् विहान सुतेर उठ, केही समय जाप गर । सुत्नु पूर्व केही समय जाप गर । बस्दा-उठ्दा परमात्माको नाम जाप गर । यसरी घरको काम पनि हुन्छ, स्मरण पनि हुन्छ । जस्तोः- गाउँका मानिसहरू सारा दिन तास खेल्छन्, हुक्का पिएर समय खेर फाल्छन् । राजनीतिका कुरा, कुनै व्यक्तिको निन्दाको चर्चा तथा स्वाङ-सिनेमा हेर्नमा समय नष्ट गर्दछन् । त्यस समयलाई परमात्माको भक्ति तथा सत्सङ्ग चर्चा सुन्नमा सदुपयोग गर्‍यौ भने मात्र मोक्ष सम्भव छ ।**

**श्री हरलाल जाट जी दीक्षा लिएर घर आए । घरका मानिसहरूलाई सबैकुरा सुनाए । त्यस नक्कली बाबाको शालिक फुटाएर फाले र पूरा परिवारलाई छुडानी लगेर सन्त गरीबदास जीबाट दीक्षा दिलाए । आफू तथा आफ्नो परिवारको कल्याण गराए । सन्त गरीबदास जीको आदेशले त्यस गोरो गोरूलाई गाडा वा हलोमा कहिल्यै जोतेनन् । त्यसलाई अन्य पशुहरू भन्दा अलग कोठामा राखेर राम्रो चारा खुवाए । सन्त गरीबदास जीले भने– यो भक्त थियो । कर्म बिगारेर पशु बनेको छ । यसबाट काम नलेऊ । त्यो गोरू पाँच वर्ष बाँच्यो । भक्त हरलाल जीले त्यसलाई भक्त मानेर सेवा गरे । परमात्मा कबीर जीले आफ्ना बाटो बिराएका वा भुले-भट्केका भक्तलाई पशु जीवनमा सहयोग गर्नु भयो । यदि उसले फेरि मानव जीवन प्राप्त गर्‍यो भने र उसको भाग्यमा पूर्ण गुरू प्राप्त भयो भने भक्ति सम्भव छ**

अन्यथा फेरि चौरासी लाख योनीहरूमा कष्टहरू तयार छन् । भक्त हरलालका सन्तानहरू बेरीमा आज पनि यस घटनाको साक्षी छन् ।

## "तमाखु सेवन गर्नु महापाप हो"

सन्त गरीबदास जीले भक्त हरलाल जीसँग भने– तिमीले (जसले दीक्षा लिन्छ) तमाखु (हुक्का, बिडी, सिगरेट, चिलम आदि भरेर पनि) कहिल्यै सेवन नगर्नू र नशालु पदार्थको प्रयोग नगर्नू । भक्तले भने– हे महाराज जी ! तमाखु त लगभग सबै किसानहरूले पिउँछन् । यसमा के हानी छ ?

उत्तरः- सन्त गरीबदास जीले भने– तिमीले रामायण तथा महाभारतको कथा त सुनेका छौ होला । त्यसमा हुक्का सेवनको कहीं कतै वर्णन छैन । तमाखुको उत्पत्ति कसरी भयो, म सुनाउँछु सुन ।

## "तमाखुको उत्पत्ति कथा"

एक ऋषि तथा एक राजा साढु थिए । एक दिन राजाकी रानीले आफ्नी बहिनी ऋषिपत्नीकहाँ खबर पठाइन्– हाम्रो घरमा भोजनको लागि पूरा परिवार आउनू । म तिमीलाई भेट्न पनि चाहन्छु, धेरै याद आइ रहेको छ । आफ्नी दिदीले पठाएको खबर ऋषिपत्नीले आफ्ना पतिलाई सुनाइन्, तब ऋषि जीले भने– साढुसँगको मित्रता राम्रो हुदैन । तिम्री दिदी वैभव पूर्ण जीवन बाँचि रहेकी छिन् । राजालाई धन तथा राज्यको शक्तिको अहङ्कार हुन्छ । उनीहरूले हाम्रो बेइज्जति गर्नका लागि बोलाएका हुन् किनकि हामीले पनि हाम्रो घरमा भोजनका लागि आउनु होस् भनेर बोलाउनु पर्छ । हामीले उनको जस्तो भोजनको व्यवस्था जङ्गलमा गर्न सक्दैनौं । यो सबै साढुको षडयन्त्र हो । तिम्रो अगाडि आफूलाई महान र मलाई गरीब सिद्ध गर्न चाहन्छन् । तिमी यो ख्याल त्यागि देऊ । हामी नजानुमा नै हित छ । तर ऋषिकी पत्नीले मानिनन् । ऋषि तथा पत्नी एवं परिवार राजाको पाहुना बनेर गए । रानीले बहुमूल्य आभूषण पहिरिएकी थिइन् । बहुमूल्य वस्त्र पहिरिएकी थिइन् । ऋषिकी पत्नीको गलामा राम नाम जप्ने माला तथा साध्वीको सामान्य वस्त्र पहिरिएको देखेर दरबारका कर्मचारी एवं अधिकारीहरू मुसुमुसु हाँस्दै भनिरहेका थिए– यी हुन् राजाका साढु । कहाँ राजा भोज, कहाँ गङ्गु तेली । यो चर्चा ऋषि परिवारले पनि सुनि रहेका थिए । भोजन पश्चात् ऋषिकी पत्नीले पनि तपाईंहरू पनि हामीकहाँ यस दिन भोजन गर्नका लागि आउनु होला भनेर निम्तो दिइन् ।

निश्चित दिन राजा हजारौं सैनिक लिएर सपरिवार साढु ऋषि जीको कुटीमा गए । ऋषि जीले स्वर्ग लोकका राजा इन्द्रसँग निवेदन गरेर एउटा कामधेनु (सम्पूर्ण कामना अर्थात् इच्छा पूरा गर्ने गाई, पौराणिक मान्यता अनुसार जसको उपस्थितिमा खानेकुरासँग सम्बन्धित कुनै पनि पदार्थको कामना गर्दा प्राप्त हुन्छ ।) मागे ।

त्यसको सट्टामा ऋषि जीले आफ्ना पुण्य कर्म संकल्प गरेका थिए । इन्द्रदेवले एउटा कामधेनु तथा एउटा लामो र चौडाइ ठूलो भएको टेन्ट (तम्बु) पठाइ दिए । केही सेवादार पनि पठाए । टेन्ट भित्र गाईलाई छोडि दिए । ऋषि परिवारले गाई माताको आरति गरे । आफ्नो मनोकामना सुनाए । त्यही बेला छप्पन (५६) प्रकारका भोग चाँदीका थाली, ठूला-ठूला टोकरी, कराहीमा भरिएर स्वर्गबाट आयो र टेन्टमा राखियो । लड्डु, जेरी, कचौरी, दहीबडा, हलुवा, खिर, दाल, रोटी तथा पुरी, बुन्दी, बर्फी, रसबरी आदिले आधा एकडको टेन्ट भरियो । ऋषि जीले राजालाई भोजनका निम्ति आग्रह गरे । बेइज्जति गर्ने मनसायले राजाले मेरा सेनाले पनि साथमा खाना खान्छन् र घोडाहरूलाई पनि चारा खुवाउनु छ भने । ऋषि जीले भने– प्रभुको कृपाले सबै व्यवस्था हुन्छ । पहिले तपाईं तथा सेनाले भोजन गर्नु होस् । राजा उठेर भोजन गर्ने स्थानमा गए । त्यहाँ सुन्दर कपडा ओछ्याइएको थियो । यो देखेर राजा आर्श्चय चकित भए । फेरि चाँदीका थालीमा भिन्न-भिन्न प्रकारका भोजन ल्याएर सेवादारहरूले राख्न थाले । अन्नदेवको स्तुति गरेर ऋषि जीले भोजन गर्न आग्रह गरे । यी सब देखेर राजाले विचार गरे– यसका सामु मेरो भोजन-भण्डारा त केही पनि थिएन । मैले त केवल ऋषि परिवारलाई मात्र भोजन गराएको थिएँ । त्यसमा पनि ३-४ वटा पदार्थ बनाएको थिएँ । राजा लाज शरमले भुतुक्क भए । खाना खाइ रहँदा राजा हैरान थिए । इर्ष्याको आगो झन्-झन् बल्न थाल्यो । उनले यस भण्डारालाई बेइज्जति ठाने । सारा सैनिकहरूले खाना खाएपछि प्रंशसा गरे । राजाको रगत उम्लि रहेको थियो । राजा आफ्नो टेन्टमा गए र ऋषिलाई बोलाएर सोधे– यो जङ्गलमा कसरी भोजन बनाउनु भयो ? न चुला बलेका छन्, न कराही चुलामा बसाइएको छ । ऋषि जीले भने– मैले मेरो पुण्य तथा भक्तिको सट्टामा स्वर्गबाट एउटा गाई उधारोमा ल्याएको छु । त्यस गाईमा मागे जत्ति भोजन तत्काल उपलब्ध गराउने विशेषता छ । राजाले मेरा सामुमा खाद्यान्न उपलब्ध गराऊ अनि विश्वास गर्छु भने । ऋषि तथा राजा टेन्टको ढोकामा खडा भए । भित्र केवल गाई मात्र थियो । गाईको मुख ढोकातिर फर्किएको थियो । टेन्ट खाली थियो किनकि सबैले भोजन खाइ सकेका थिए । बचेका केही सामान सेवकले लगि सकेका थिए । गाई ऋषि जीको आदेशको पर्खाइमा थियो । राजाले भने– ऋषि जी यो गाई मलाई दिनु होस् । मसँग थुप्रै सेना छन्, तिनका लागि खाना यसै गाइबाट बनाउँछु । तपाईंलाई के काम ? ऋषि जीले भने– राजन ! मैले यो गाई माता उधारो ल्याएको हूँ । स्वर्गबाट मगाएको हूँ । म यसको मालिक होइन् । म तपाईंलाई यो गाई दिन सक्दिनँ । राजाले पर खडा भएका सैनिकहरूलाई यो गाई लिएर हिंड भने । ऋषि जीले राजाको नियतमा खोट देखेर तत्काल गाई मातासँग भने– हे गाई माता ! तपाईं आफ्नो लोक आफ्ना धनी स्वर्गका राजा इन्द्रकहाँ सिघ्र जानु होस् । त्यसै समय कामधेनु गाई टेन्टलाई च्यातेर सिधा माथि उड्यो । राजाले गाईलाई झार्नका लागि गाईको खुट्टामा तीर हाने । गाईको खुट्टाबाट रगत बगेर धर्तीमा झर्न थाल्यो । घायल अवस्थामा गाई स्वर्ग गयो । जहाँ-जहाँ गाईको रगत झऱ्यो त्यहाँ-

त्यहाँ तमाखु (सूर्ति) उम्रियो । अनि बिउ बनेर अनेकौं बिरूवा बन्न थाल्यो । सन्त गरीबदास जीले भनेका छन्:

तमा+खू =तमाखु

खू नाम खून का तमा नाम गाय । सौ बार सौगंध इसे न पीयें–खाय ॥

भावार्थ:- फारसी भाषामा "तमा" भनेको गाई हो । खू=खून अर्थात् रगत हो । यो तमाखु गाईको रगतबाट उब्जिएको हो । तमाखुको माथिल्तिर गाईको जस्तो रङ र रौं हुन्छ । हे मानव ! तिमीलाई सय पटक कसम छ, यस तमाखुको सेवन कुनै पनि रूपमा नगर । तमाखुको सेवन गर्दा गाईको रगत पिए समानको पाप लाग्छ । मुसलमान धर्मका मानिसहरूले तमाखुको उत्पत्ति यसरी भएको कुरा हिन्दूहरूबाट थाहा पाए । उनीहरूले गाईको रगत सम्झेर खान तथा हुक्का पिउन सुरू गरे किनकि गलत ज्ञानको आधारमा मुसलमान बन्धुहरू गाईको मासु खानुलाई धर्मका प्रसाद मान्दछन् । वास्तवमा मुसलमान धर्मका प्रवर्तक मानिने हजरत मुहम्मद जीले कहिल्यै पनि जीवको मासु खाएका थिएनन् ।

गरीब, नबी मुहम्मद नमस्कार है, राम रसूल कहाया ।
एक लाख अस्सी कू सौगंध, जिन नहीं करद चलाया ॥
गरीब, अर्स कुर्श पर अल्लह तख्त है, खालिक बिन नहीं खाली ।
वै पैगंबर पाक पुरूष थे, साहेब के अबदाली ॥

भावार्थ:- आदरणीय महापुरूष नबी मुहम्मद परमात्माका सन्देश वाहक थिए । यस्ता-यस्ता एक लाख असी हजार पैगम्बर मुसलमान धर्ममा (बाबा आदम देखि मुहम्मदसम्म) थिए भन्ने मानिन्छ । ती सबै पाक (पवित्र) व्यक्ति थिए, जसले कहिल्यै कुनै पशु पक्षीमाथि कर्द अर्थात् तरवार चलाएनन् । ती परमात्मासँग डराउने खालका थिए । परमात्माका कृपा पात्र थिए । पछि केही मुल्ला काजीहरूले मासु खाने परम्परा सुरू गरे, जुन पछि गएर धार्मिकताको अपवाद (बिग्रिएको रूप) बन्यो । त्यसै आधारमा सम्पूर्ण मुसलमान बन्धुहरू पाप खाइ रहेका छन् । अनि भ्रमित मुसलमानहरूले तमाखुको सेवन (खान, हुक्का बनाएर पिउन) सुरू गरे । सोझा साझा हिन्दूधर्मका व्यक्तिहरूले तिनको चाल बुझेनन् । तिनीहरूले भनेकाले तमाखु सेवन जोड्तोडका साथ सुरू गरे । वर्तमानमा त यो पञ्चायतको प्याला बनेको छ, जुन ठूलो भुल हो । अज्ञानताको पर्दा हो । यसलाई बिर्सेर पनि सेवन गर्नु हुन्न । सन्त गरीबदास जी फेरि भन्छन्:- हे भक्त हरलाल जी ! तमाखु सेवनको पाप बारे अझै सुनः

गरीब, परद्वारा स्त्री का खोलै । सत्तर जन्म अंधा हो डोलै ॥१
मदिरा पीवै कड़वा पानी । सत्तर जन्म श्वान के जानी ॥२
मांस आहारी मानवा, प्रत्यक्ष राक्षस जान ।
मुख देखो न तास का, वो फिरै चैरासी खान ॥३

सुरापान मद्य मांसाहारी । गमन करै भोगै पर नारी ।।४
सत्तर जन्म कटत है शीशं । साक्षी साहेब है जगदीशं ।।५
सौ नारी जारी करै, सुरापान सौ बार । एक चिलम हुक्का भरै, डूबै काली धार ।।६
हुक्का हरदम पीवते, लाल मिलांवे धूर । इसमें संशय है नहीं, जन्म पीछले सूअर ।।

**उपरोक्त वाणीहरूको भावार्थः**

वाणी सङ्ख्या १ मा भनेका छन्:- जो व्यक्तिले पर स्त्रीसँग अबैध सम्बन्ध राख्दछ, त्यस पापको कारण उसले सत्तरी जन्म अन्धा भएर जन्मनु पर्छ । अन्धा गधा–गधी, अन्धा गोरू, अन्धा मानिस वा अन्धी स्त्रीको रूपमा लगातार सत्तरी जन्ममा कष्ट भोग्दछ ।

वाणी सङ्ख्या २:- रक्सी रूपी कडा पानी पिउनेले त्यस पापको कारणले सत्तरी जन्मसम्म कुकुर योनी प्राप्त गरेर कष्ट भोग्दछ । फोहोर नालीको पानी पिउँछ । रोटी खान नपाउनाले गु खान्छ ।

वाणी सङ्ख्या ३:- मासु खाने व्यक्ति स्पष्ट रूपमा राक्षस हो । त्यस्ताको त मुख पनि हेर्नु हुन्न अर्थात् त्यस्ता व्यक्तिको साथमा रहनाले अरू पनि मासु खाने स्वभावको हुन सक्छ । त्यसैले त्यस्ता मानिसबाट जोगिनु पर्छ । त्यो व्यक्ति त चौरासी लाख योनीहरूमा भट्किने छ ।

वाणी सङ्ख्या ४/५:- (सुरा) रक्सी (पान) पिउने, पर स्त्री गमन गर्ने तथा मासु खानेहरूले अन्य पाप कर्म पनि भोग्नु पर्छ । तिनको सत्तरी जन्मसम्म मानिस वा बाख्रा, बोका, भैंसी, कुखुरा आदिको जीवन प्राप्त गरेर शिर काटिने छ । यी कुराहरू म परमात्मालाई साक्षी राखेर भनि रहेको छु, सत्य मान्नू ।

वाणी सङ्ख्या ६:- एक चिलम भरेर हुक्का पिउनेलाई दिँदा चिलम भर्ने व्यक्तिलाई लाग्ने पाप सुन । एक पटक पर स्त्री गमन गर्ने, एक पटक रक्सी पिउने, एक पटक मासु खानेले पापको कारण उपरोक्त कष्ट भोग्दछ । सय स्त्रीहरू भोग गर्ने र सय पटक रक्सी पिउनेलाई जुन पाप लाग्छ, त्यही पाप एक चिलम भरेर हुक्का पिउने मानिसलाई दिने व्यक्तिलाई लाग्छ । विचार गरौं:- तमाखु सेवन (हुक्का पिउनु, बिडी सिगरेट पिउनु खानु) गर्नेलाई कत्ति पाप लाग्छ होला ? त्यसैले उपरोक्त सारा पदार्थहरूको सेवन कहिल्यै गर्नु हुन्न ।

वाणी सङ्ख्या ७:- समाजका मानिसहरूलाई देखेर केही व्यक्तिहरू हुक्का वा अन्य नशालु पदार्थहरू सेवन गर्न थाल्दछन् । यदि सत्सङ्ग सुनेर खराब व्यवहार त्याग्दछ भने त्यो जीव पछिल्लो जन्ममा पनि मनुष्य थियो । त्यस्ता व्यक्तिमा नशालु पदार्थ सेवनको लत गम्भीर खालको हुदैन । तर जसले बारम्बार सत्सङ्ग सुनेर पनि तमाखु आदिको नशा त्याग्न वा छोड्न सक्दैन भने त्यो पूर्व जन्ममा सुँगुर थियो । सुँगुरको शरीर प्राप्त गर्दा फोहोर सुँघ्नाले तमाखुको दुर्गन्ध सुँघ्ने तथा पिउने बेजोडको बानी बस्छ । त्यसले तत्काल हुक्का तथा अन्य नशालु पदार्थ छोड्न सक्दैन । उसले आफ्नो अनमोल मानव शरीर रूपी लाललाई माटोमा मिलाइ रहेको

छ । त्यस्ता व्यक्तिलाई बढीभन्दा बढी सत्सङ्ग सुन्ने सल्लाह दिइन्छ । निराश हुनु हुदैन । सच्चा मनले परमात्मा कबीर जीसँग नशा छुटाउन पुकार तथा प्रार्थना गर्नाले सारा नशा छुट्छ ।

## "तमाखुको विषयमा अन्य विचार"

**तमाखु तथा हुक्का पिउनेहरूको स्थिति बताएका छन्ः**
**(सन्त गरीबदास जीको ग्रन्थ मा "अथ तमाखुकी बैंत" नामक अध्याय)**

पित बाई खांसी निबासी निबास । कफ दल कलेजा लिया है गिरास ।।
काला तमाखु अरु गोरा पिवाक । दस बीस लंगर जहाँ बैठे गुटाक ।।
बाजे नै गुड़ गुड़ अरु हुक्के हजूम । कोरे कुबुद्धि बीसा हैं न सूम ।।
बांकी पगड़ी अरु बांकी ही नै खुद डूबै अरु डुबोए है कै ।
गुटाकड़ अटाकड़ मटाकड़ लहूर । एक बेठैगा अड़कर एक बेठैगा दूर ।।
पीवै तमाखु पड़ै कर्म मार । अमली के मुख में मुत्र की धार ।।
कड़वा ही कड़वा तू करता हमेश । कड़वा ही ले प्यारे कड़वा ही पेश ।।
कामी क्रोधी तूं लोभी लबूट । बचन मान मेरा धूंमा न घूंट ।।
हुक्का हरामी गुलामी गुलाम । धनी के सरे में न पहुँचे अलाम ।।
पामर परम धाम जाते न कोई । झूठे अमल पर दई जान खोई ।।
मुरदा मजावर हरामी हराम । पीवैं तमाखु सो इन्द्री के गुलाम ।।
अज्ञान नींद न सो उठ जाग, पीवैं तमाखु गए फुटि भाग ।।

भांग तमाखु पीवैं ही, सुरापान से हेत । गोसत मिट्टी खायकर जंगली बनैं प्रेत ।।
गरीब, पान तमाखु चाबहीं, सांस नाक में देत । सो तो अकार्थ गए, ज्यों भड़भूजे का रेत ।।
भांग तमाखु पीवहीं, गोसत गला कबाब । मोर मृग कूं भखत हैं, देंगे कहां जवाब ।।
भांग तमाखु पीवते, चिसम्यों नालि तमाम । साहिब तेरी साहिबी, जानें कहाँ गुलाम ।।
गऊ आपनी अम्मा है, इस पर छुरी ना बाहय ।गरीबदास घी दूध को, सब ही आत्म खाय ।।

**भावार्थः- उपरोक्त वाणीहरूको भावार्थः- मानव शरीरलाई अक्सिजनको आवश्यक्ता हुन्छ । त्यसको स्थानमा तमाखुको धुवाँ (कार्बन डाइअक्साईड) प्रवेश गर्दछ र उसलाई खोकी लाग्न सक्छ । पित्त तथा वायु रोग लाग्छ । हुक्का पिउनेहरूको बस्ने स्टाइल बताइएको छ– हुक्का पिउनेहरू एक दुई जना हुक्काको नजिकमा बस्छन् र केही अलि पर बस्छन् र अलिकति सर्काउनु होस् भन्दै अर्कोलाई हुक्का दिन्छन् । अनि नै (धुवाँ तान्ने नली) गुडुडु-गुडुडु गर्दै बज्दछ । तिमी त हुक्का पिएर डुबेका छौ र साना नानीहरू पनि तिनलाई देखेर त्यही पाप गरी नर्कको काली धारमा डुब्ने छन्, तमाखु पिउनेको त भाग्य फुटेको छ । अरूलाई तमाखु पिउनका लागि उत्प्रेरक बनेर डुबाउँछन् । उपरोक्त खराब आचरण गर्ने व्यक्तिले आफ्नो जीवन यसरी व्यर्थ तुल्याउँछ, जसरी चना, भूजा आदि भुट्ने**

मान्छेले बालुवा आगोमा धेरै तताएर चना आदि भुट्छ र सारा कार्य सिध्याएर त्यो बालुवा गल्लीमा लगेर फ्याँकि दिन्छ । यसैगरी उपरोक्त खराब आचरण गर्ने मानवले पनि आफ्ना मानव जीवनलाई त्यसरी नै व्यर्थ तुल्याएर जान्छ । त्यस जीवलाई नर्क तथा अन्य प्राणीहरूको जीवन रूपी गल्लीमा फ्याँकि दिन्छ । उपरोक्त पाप गर्ने व्यक्तिहरूले भगवानको दरबारमा के जवाफ दिन्छन् ? अर्थात् बोल्न योग्य नै रहने छैनन् ।

फेरि भन्छन्:- गाई आफ्नी आमा तुल्य हुन् । गाईको दूध घिउ सबै धर्म तथा जातिका मानिसहरूले खान्छन्-पिउँछन् । त्यसैले गाईलाई नमार । विषय तमाखुको चलि रहेको छः

भक्ति मार्गमा तमाखुले सबैभन्दा बढी बाधा उत्पन्न गर्दछ । जस्तो हाम्रो दुबै नाकको बीचमा सानो सियोको टुप्पो जत्रो एउटा तेस्रो बाटो छ । तमाखु खाएर नाकबाट धुवाँ निकाल्दा त्यसले त्यो बाटो बन्द गरि दिन्छ । त्यो बाटो माथि त्रिकुटी तर्फ जान्छ, जहाँ परमात्माको निवास छ । जुन बाटो हुँदै हामीले परमात्मा प्राप्त गर्नु छ, त्यसलाई तमाखुको धुवाँले बन्द गरि दिन्छ । हामीले देखेका छौं– हुक्का पिउनेहरूले हरेक दिन हुक्काको नै (नली) मा फलामको गज (एउटा पातलो सुइरो) घुमाउँछन्, जसले नलीमा जम्मा भएका धुवाँको फोहोर निस्कन्छ । फोहोरले त्यो नली बन्द हुन्छ । मानव जीवन परमात्मा प्राप्तिको लागि प्राप्त भएको हो । परमात्मालाई प्राप्त गर्ने मार्ग तमाखुको धुवाँले बन्द गरि दिन्छ । यसैले पनि तमाखु भक्तका लागि महान शत्रु हो । त्यसो त हुक्का पिउनेहरू पनि तमाखु राम्रो चिज होइन भन्ने मान्दछन् । हजुरबुवा, बुवा, काकाले हुक्का पिएको देखेर स-साना बच्चाहरूले पनि नक्कल गर्छन् । हुक्का पिउन थाल्छन् । ठूला व्यक्तिहरू आफू स्वयम् हुक्का पिउँछन् र हुक्का पिउनु राम्रो होइन्, त्यसैले हुक्का पियौ भने ठीक हुदैन भन्दै साना बच्चाहरूलाई धम्क्याउँछन् । यो असल पदार्थ होइन । यदि तपाई यसलाई राम्रो पदार्थ मान्नु हुन्छ भने बच्चाहरूलाई पनि पिउन दिनु होस् । यदि तपाईंले बच्चालाई निषेध गरि रहनु भएको छ भने तपाईं स्वयम् यो राम्रो पदार्थ होइन, हानिकारक छ भनी स्वीकार गरि रहनु भएको छ । जाडोको बेलामा एउटा घरमा साना बच्चाहरू पनि सुति रहेका हुन्छन् । त्यही ठाउँमा हुक्का पिउनेहरू हुक्का पिइ रहेका हुन्छन् । ती व्यक्ति स्वयम्ले पाप कर्म गरि रहेका हुन्छन् साथै आफ्नो परिवारलाई धुवाँ खुवाएर पापको भागी बनाइ रहेका हुन्छन् । हजुरबुवा तथा बुवाले साना बच्चाहरूलाई आफ्नो भागको दूध पियाउने कोशिस गरि रहेका हुन्छन् । ल हेर त तिम्रो कपाल बढ्दै छ, अझ पिऊ भन्दै फकाएर दूध पियाउने प्रयत्न गर्छन् । यसरी तिनलाई गिलास भरिको दूध पियाउँछन् किनकि दूध बच्चाका लागि लाभदायक छ । हुक्का-बिडी पिउन निषेध गर्दा मनमा तमाखु खानु वा पिउनु नराम्रो हो भन्छ तर समाजमा यो खराब आचरण आम भइ सकेकोले पाप लाग्दैन भन्ने सोच्छन् । जस्तो कैयौं कबीला (असभ्य, जङ्गली मानिसहरू) मासु खान्छन्, तिनका बच्चाहरूका लागि त्यो पाप आम कुरा हो ।

यसैगरी तमाखु पिउनु पनि महापाप हो, तर पाप लाग्दैन यो त परम्परा बनेको छ, आम धारणा छ ।यसलाई त्यागि दिनु पर्छ । भक्त हरलाल जीले त्यसै दिन हुक्का फुटाइ दिए । चिलम पनि फुटाए । सारा परिवारलाई यी सबै कुरा सुनाए । नाम– दीक्षा दिलाए । कैयौं पीढीसम्म बेरी गाउँको त्यस परिवारमा हुक्का पिउदैनथे तर पछि सत्सङ्गको अभावमा केहीले फेरि अलि-अलि पिउन थालेका छन् ।

## "गधा-घोडाले पनि तमाखुलाई घृणा गर्छन्"

एक दिन सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्लाका कुनै कामवश घोडामा सवार भएर जिन्द जिल्लाको कुनै गाउँमा जाँदै थिए । बाटोमा मालखेडी गाउँ (जिन्द जिल्लामा) को खेत थियो । सन्त गरीबदास जी त्यही खेत हुँदै घोडामा बसेर जादै थिए । खेतमा गहूँ बाली थियो । घोडा बाटो छोडेर गहूँ बाली बीचबाट हिड्न थाल्यो । खेतमा बालीको हेरचाह गर्ने मानिसहरू थिए । ती लट्ठी लिएर दौडेर आए र सन्त गरीबदास जीलाई जथाभावी भन्न थाले । तेरो दिमाग खराब भयो कि क्या हो? हाम्रो सारा खेती नाश गरि दियो, घोडालाई सिधा हिडाउन सक्दैनस् भन्दै उनीहरूले सन्त गरीबदास जीलाई लट्ठीले हान्न मात्र के खोजेको थिए । उनीहरूका हात माथि नै जाम भयो । सबै आ-आफ्नै स्थानमा ढुङ्गाको मूर्ति जसरी खडा भए । ५ मिनटसम्म त्यसरी नै रहे । अनि सन्त गरीबदास जीले आफ्नो हात आशीर्वाद दिने जस्तै अवस्था बनाएपछि तिनीहरूको स्तम्भता समाप्त भयो र घोप्टो परेर लडे । लट्ठी हातबाट छुट्यो । उनीहरू पक्षाघात लागे जस्तै भए । उनीहरूलाई यी सामान्य व्यक्ति होइनन् भनेर बुझ्न समय नै लागेन । सबैले रुँदै क्षमा मागे । तब गरीबदास जीले भने– हे भोलाभाला पुरूषहरू ! के बाटो हिड्ने व्यक्तिसँग यस्तै व्यवहार गर्छन् ? कुट्न दौडन्छन् ? सर्वप्रथम त के कारणले घोडा बालीमा लगेको हो, त्यो त जान्नु पर्थ्यो । तब ती किसानहरूले सोधे– ल हजुर अब भन्नु होस् के कति कारणले बालीमा घोडा गयो ? सन्त गरीबदास जीले सोधे– यस खेतमा यस भन्दा पहिले के रोपेका थियौ । उनीहरूले ज्वारको खेती गरेका थियौं भने । सन्त जीले फेरि सोधे– त्यसभन्दा पहिले के रोपेका थियौ नि ? उनीहरूले सूर्ति (तमाखु) रोपेका थियौं भने । तब सन्त गरीबदास जीले भने– त्यस तमाखुको दुर्गन्ध अहिलेसम्म पनि यस खेतबाट आइ रहेको छ । त्यस दुर्गन्धबाट आजित भएर मेरो घोडाले बाटो छोडेर परबाट जान लागेको थियो । त्यही तमाखु तिमीहरू खान्छौ, तिमीहरू त पशुभन्दा पनि गए गुज्रेका रहेछौ । अब ध्यान पूर्वक सुन, आप उप्रान्त यस गाउँका कुनै पनि व्यक्तिले हुक्का पिउने छैनन्, तमाखु सेवन गर्ने छैनन् । यदि मेरो आज्ञाको पालन भएन भने गाउँमा ठूलो हानी हुने छ । त्यसबेला त सबैले हुन्छ भने । सन्त त्यहाँबाट गए पछि एक आपसमा हुकटी (सानो हुक्का) भर्न भन्न थाले । हुकटी (सानो हुक्का) भर्दा चिलम खसेर फुट्यो । अर्को हुकटीको

चिलम ल्याए त्यो पनि हातमै चकनाचुर भयो । खेतमा भएका सारा हुकटी फुटे र चिलम पनि फुट्यो । खेतीका हेरचाह गर्नेहरू यो सबै सन्तको लिला हो भनेर डराए, गाउँमा जाँदा गाउँको सबै हुक्का फुटे, चिलम पनि फुटे । सारा गाउँमा हाहाकार मच्चियो । भयपूर्ण वातावरण व्याप्त भयो । खेत हेरचाह गर्नेहरू गाउँमा आएपछि कारण थाहा भयो । त्यसदिन देखि आजसम्म त्यस गाउँमा कसैले हुक्का पिउँदैनन्, तमाखु सेवन गर्दैनन् । गाउँको नाम हो "मालखेडी"।

हुक्का पिउनेहरू भन्छन्– मसँग कडा तमाखु छ, लेऊ र चिलममा भर । अर्कोले भन्छ– यो मसँग भएको त झनै कडा छ । सन्त गरीबदास जी भन्छन्– मृत्यु उपरान्त यमका दूतले त्यस कडा तमाखु पिउने व्यक्तिको मुखमा मुति दिन्छन् । उनीहरूले उसको मुख खोलेर मुत्रको धार मुखमा हाल्दै भन्छन् तँ धेरै कडवा-कडवा तमाखु पिउन चाहन्थिस् होइन ? ल प्यारे ! पिऊ कडवा मुत ।

सन्त गरीबदास जीले यो त एउटा लिला गरेर खराब बानी छुटाएका थिए । ज्ञानले पार्ने प्रभावले सदाका लागि खराब बानी छुटाइ दिन्छ । ज्ञान सत्सङ्गबाट प्राप्त हुन्छ । सत्सङ्ग सुन्ने रूचि पैदा गर । सत्सङ्ग सुन ।

निवेदनः- उपरोक्त खराब आचरण सदाका लागि त्याग । यसले जीवनका मार्गहरू सुखद हुन्छन् ।

## "नशाले नाश गर्दछ"

रक्सी, गाँजा, अफीम, हिरोइन आदि जे सुकैको नशा गरेपनि त्यो तपाईंको सर्वनाशको कारण बन्छ । नशाले सर्वप्रथम इन्सानलाई सैतान बनाउँछ । अनि शरीर नाश गर्छ । शरीरका चार महत्वपूर्ण अङ्ग छन्: १.फोक्सो, २ कलेजो,३ किडनी, ४ हृदय (मुटु) । रक्सीले सर्वप्रथम यी चारैलाई नाश गर्छ । सुल्फा (चरेस) ले दिमागलाई पूर्ण रूपमा नष्ट गरि दिन्छ । हिरोइनले रक्सीभन्दा पनि बढी शरीरलाई खोक्रो बनाउँछ । अफिमले शरीर कमजोर हुन्छ । शरीरले आफ्नो कार्यशैली छोड्छ । अफीमले नै चार्ज भएर चल्न थाल्छ । रगत दूषित हुन्छ । त्यसैले यसलाई त गाउँ-नगरमा पनि नराखौं, घरको त के कुरा । सेवन गर्ने कुरा त सोच्नु पनि हुँदैन ।

एक व्यक्ति दिल्ली पालम हवाइ अड्डामा जागिर खान्थ्यो । यो सन् १९९७ को कुरो हो । त्यस समय उसको तलब महिनाको १२ हजार रूपियाँ थियो । दिल्लीको एउटा गाउँमा यो दास (रामपाल दास) सत्सङ्ग गर्न गएको थियो । त्यहाँ एकजना वृद्धा आफ्ना तीनजना नातिनीहरू लिएर आएकी थिइन् । उनी सत्सङ्ग गराउने व्यक्तिकी काकी थिइन् । उनी गाउँ भन्दा बाहिरको क्षेत्रमा प्लटमा घर बनाएर बस्थिन् । त्यो हवाइ अड्डामा काम गर्ने व्यक्ति उनैको छोरो थियो । ऊ ज्यादै रक्सी पिउँथ्यो । घरलाई बिटोडा (बर्वाद) बनाएको थियो किनकि हरेक दिन रक्सी पिएर आउनु, पत्नीलाई अनावश्यक टोकेसो गर्नु आदि प्रत्येक दिनको

महाभारत थियो । पत्नी तथा छोराछोरीलाई पिट्थ्यो । पत्नी छोराछोरीहरू छोडेर आफ्नो माइति गइन् । हजुर आमाले छोराछोरीको हेरचाह गरिन् । अनि आफू स्वयम् गएर आफ्नी बुहारीलाई सम्झाइ-बुझाइ घरमा ल्याइन् । त्यस रात ती वृद्धा आफ्नी बुहारी र नातिनीहरू सहित आएकी थिइन् किनकी सत्सङ्ग उनको आफ्नै जेठाजुको घरमा थियो । त्यसैले उनी आउनु नै पऱ्यो । सत्सङ्गमा प्रत्येक पहलु (पक्ष) को व्याख्यान गर्नु पर्छ । पहिले परमात्माको भक्तिको लाभ तथा भक्ति नगर्दा हुने हानीहरू विस्तार पूर्वक बताइन्छ । त्यस दिन त्यो जँड्याहा पहिले घरमा गयो । घरमा कोही नदेखेपछि केहीसमय घरमै बस्यो । अनि एउटा छिमेकीले उसलाई भन्यो– तिम्री आमा सपरिवार तिम्रो ठूला बुवा कहाँ गएका छन् । उनी कहाँ सत्सङ्ग चलि रहेको छ । त्यहीं सबैका लागि खाना बनेको छ । परमात्माको करनी (दया) भयो, जसकारण ऊ पनि सत्सङ्गमा गयो र रक्सी पिएकोले सबैभन्दा पछाडि गएर बस्यो ।

सत्सङ्ग वचनः- सत्सङ्गमा निम्न कुराहरू भनियो–मानव जीवन प्राप्त गरेर शुभ कर्म नगर्ने व्यक्तिको भविष्य नर्क-तुल्य हुन्छ । नशा सेवन गर्नेको वर्तमान र भविष्य दुबै नर्क नै बन्छ । नशालु पदार्थ इन्सानका लागि होइन । यसले त व्यक्तिलाई इन्सानबाट राक्षस बनाइ दिन्छ । पूर्व जन्मको पुण्य कर्महरू भएका व्यक्तिहरूले यस जन्ममा पुण्य कर्मको प्रतिफल स्वरूप राम्रो जागिर वा कारोबार प्राप्त गर्छन् । यदि वर्तमानमा शुभकर्म, भक्ति तथा दान-धर्म गरेनौ भने भविष्यमा हुने जन्महरूमा गधा, कुकुर सुँगुर, गोरू, बनेर धक्का एवं फोहोर खाने छौ । जस्तोः मानव (स्त्री-पुरूष) जीवनमा पूर्वको शुभ कर्म अनुसार राम्रो भोजन प्राप्त भएको छ । राम्रो मानव शरीर प्राप्त भएको छ । खान मन लागेको समयमा खाना खाऊ । प्यास लागेमा पानी पिऊ । मन लाग्यो भने दूध, चिया पिऊ । फल फूल, काजु-बदाम, मेवा खाऊ । यदि पूर्ण गुरू बनाएर सच्चा दिलले भक्ति, सत्सङ्ग सेवा, दान-धर्म गरेनौ भने अर्को जन्ममा गधा, गोरू, कुकुर बनेर दुर्दशा भोग्ने छौ । अनि न समयमा खाना प्राप्त हुन्छ, न पानी । जाडो-गर्मी, झिङ्गा-मच्छरबाट जोगिने कुनै पनि साधना हुदैन । मानव जीवनमा त झुल, मच्छर भगाउने अल आउट जस्ता चिजद्वारा सुरक्षित रहन्थ्यौ । गर्मीबाट जोगिने उपाय खोजेका छौ तर जब पशु बन्छौ, अनि के पाउँछौ? सन्त गरीबदास जीले परमेश्वर कबीर जीबाट प्राप्त ज्ञानलाई यसरी बताएका छन् :

गरीब, नर सेती तू पशुवा कीजै, गधा बैल बनाई ।
छप्पन भोग कहाँ मन बोरे, कुरड़ी चरने जाई ।।

भावार्थः- मानव शरीर छुटेपछि भक्तिहीन तथा शुभकर्म हीन भएर जीवले गधा, गोरू आदि-आदिको योनीहरू (शरीरहरू) प्राप्त गर्दछ । अनि मानव शरीरलाई प्राप्त हुने जस्तो खानेकुरा प्राप्त हुदैन । गधा बनेर फोहोरको थुप्रोमा दुर्गन्ध खान्छ । गोरू बनेर नाक छेडेर (नाथेर) डोरी लगाइन्छ । डोरीमा बाँधिन्छ । प्यास लाग्दा

पानी र भोक लाग्दा खानेकुरा पनि खान पाइदैन । झिङ्गा र मच्छरबाट जोगिनका लागि एउटा पुच्छर हुन्छ । त्यसलाई कुलर पङ्खा वा झुल सम्झनू । अधिक पापकर्म हुने प्राणीहरूको पशु जीवनमा पुच्छर पनि काटिन्छ । एक डेढ फुटको डण्डामात्र बाँकी रहन्छ, त्यसलाई घुमाइ रहन्छ ।

एउटा गोरूको पछाडिको खुट्टाको खुरको बीचमा लगभग डेढ इन्च लामो किला पस्यो । हिड्दा-हिड्दा झन् भित्र पस्यो । गोरू लङ्डाएर हिड्न थाल्यो । हलीलाई झट्का लागेर नसामा नसा चढ्यो होला र यो हिड्दा ठीक हुन्छ भन्ने लाग्यो । कैयौं पटक यस्तै हुन्थ्यो । नसामाथि नसा चढ्दा हिड्दा हिड्दै ठीक हुन्थ्यो, तर यसपटक भने त्यस्तो भएन । सारा दिन गोरू हलोमा जोतियो । घरमा आउँदा खुट्टा बडो कठीनपूर्वक मात्र टेक्न सक्यो । हिड्दा पनि बिस्तारै हिड्थ्यो । घरमा आउनासाथ बस्यो । चारा पनि खाएन । अधिक दुखाइका कारण आँखाबाट आँसु आइ रहेको थियो । विहान पख गोरू उठ्दै उठेन, सुति रह्यो । खुट्टा सुन्निएको थियो । गाउँबाट पशु डाक्टरलाई ल्याए । कुरो पुरानो समयको हो । त्यस समय यसरी नै उपचार हुन्थ्यो । डाक्टरले हेर्‍यो— यसको घुँडामा बाय (वायुको दोष) छ, पुरानो गुड (सक्खर) कुटेर नरम पारी पट्टी बाँधि देऊ, ठीक हुन्छ । कांटी गाडिएको थियो खुरमा (खुट्टाको तल पट्टीको भाग) मा उपचार भइ रहेको थियो घुँडाको । लगभग एक महिना यसरी नै बित्यो । एक दिन घरका मानिसले गोरूको खुट्टाको खुरको बीचबाट पिप आइ रहेको देखे । त्यसलाई सफा गर्दा कांटी गडेको देखे । कुनै औजारले कांटी निकाले । अनि एक हप्तामा गोरू ठीक भयो । पेटभरी चारा खायो, पानी पियो ।

विचार गरौं— यो प्राणीले मानव शरीरमा हुँदा सपनामा पनि एक दिन गोरू बन्ने छु भन्ने कुरा सोचेको थिएन । अहिले बोलेर पनि दुखाइ कहाँ छ भन्न सकि रहेको छैन । कबीर जीले भन्नु भएको छः-

कबीर, जिव्हा तो वोहे भली, जो रटै हरिनाम ।
ना तो काट के फैंक दियो, मुख में भलो ना चाम ।।

भावार्थः- जस्तो जिभ्रो शरीरको महत्वपूर्ण अङ्ग हो । यदि यो जिभ्रो परमात्माको गुणगान तथा नाम-जापका लागि प्रयोग गरिदैन भने व्यर्थ छ किनकि यही जिभ्रोले कसैले कसैलाई कुवचन बोलेर पाप गर्दछ । शक्तिशाली व्यक्तिले कमजोरलाई गलत कुरा भन्दछ, जसकारण उसको आत्मा रून्छ । उसले सराप दिन्छ । बोलेर भन्न सक्दैन किनकि कुटाई पनि खान सक्छ । यो पाप भयो । अनि कसैको निन्दा गरेर, कसैका लागि झूठो साक्षी बनेर, कसैलाई व्यापारमा झूठ बोलेर ठगी अनेकौ प्रकारको पाप मानवले आफ्नै जिभ्रोले गर्दछ । परमेश्वर कबीर जी भन्नु हुन्छ— यदि जिभ्रोको सदुपयोग गर्दैनौ अर्थात् शुभवचन शितल वाणी, परमात्माको गुणगान अर्थात् चर्चा, धार्मिक ग्रन्थहरूको पठन-पाठन तथा भगवानको नाममा जाप-स्मरण जिभ्रोले गर्दैन भने यसलाई काटेर फ्याँकि देऊ । यसले कोरा पाप जम्मा गरि रहेको छ ।

(जिभ्रो काट्नु भनेका उदाहरण मात्र हो, यसको अर्थ सतर्क हुनु हो, साँच्चै जिभ्रो काटेर नफ्याक्नु । आफ्नो शुभकर्म र शुभ वचन सुरू गर्नु । यदि रामनाम तथा गुणगान गरि रहेको छैन भने पवित्र मुखमा यो मासुको जिभ्रो राख्नु ठीक छैन)

मानव शरीरधारी प्राणीलाई वर्तमानमा (सन् १९७० देखि) विशेष सुविधाहरू प्राप्त छ । जसकारणले दिनदिनै परमात्माबाट पर भइ रहेको छ । त्यत्ति नै गतिले मानवको दुःख निकट आइ रहेको छ । आर्थिक अवस्थामा सुधार छ तर मानसिक शान्ति समाप्त हुदै छ । यसको मुख्य कारण नशा नै हो । पिता जागिरमा गएको छ भने बच्चाहरूले पिता जी घरमा आउँदा केही आवश्यक कुरा ल्याउनु हुन्छ भन्ने आशा राखेको हुन्छन् । पिता जी कामबाट आउँदा स-साना बच्चाहरू दौडेर गई अङ्गालो हाल्छन्, माया प्राप्त गर्छन । तर जुन बच्चाहरूका पिता नशा सेवन गर्दछ, उनको घरमा कलह हुनु स्वभाविक हो । बच्चाहरू भयभित रहन्छन् । तिनको मानसिक तथा शारीरिक दुबै विकास हुन पाउँदैन त्यो घर नर्क समान हुन्छ । आज जो रक्सी पिएर मस्त छन्, समाजमा तिनको इज्जत पनि हुदैन ।

अर्को जन्ममा त्यो व्यक्ति कुकुर बन्ने छ, मलमुत्र खाने छ । फोहोर नालीको पानी पिउँछ । अनि पशु-पक्षी बनेर कष्टमाथि कष्ट उठाउने छ । त्यसैले सबै खालका नशा तथा खराब आचरण त्यागेर इन्सानको जीवन बाँच । सभ्य समाजलाई पनि आनन्दले बाँच्न देऊ । एउटा रक्स्याहाले थुप्रै व्यक्तिहरूको आत्मालाई दुःखित तुल्याउँछः- पत्नी, सासु-ससुरा, भाइ-बहिनी, मातापिता, बच्चाहरू आदिको चित्त दुखाउँछन् । केवल एक घण्टाको नशाले धनको नाश, इज्जतको नाश तथा घरका सारा परिवारको शान्तिको नाश गरि दिन्छ । के त्यो व्यक्ति भविष्यमा सुखी हुन सक्छ ? कहिल्यै हुन सक्दैन । नर्कको जस्तो जीवन जिउँछ । त्यसैले राम्रोसँग विचार गरी खराब आचरण तत्काल त्याग्नु पर्छ ।

प्रश्नः- अर्को जन्ममा के हुन्छ कसले देखेको छ र?

उत्तरः- उदाहरणका लागिः एक समय एउटा अन्धा व्यक्ति जङ्गलतिर गइ रहेको थियो । बाटोमा एक जना सज्जन व्यक्ति खडा थिए । उसले भन्यो– हे सुरदास जी ! यतातिर नजानु होस् । यो बाटो डरलाग्दो (भयङ्कर) जङ्गल तिर जान्छ । त्यस जङ्गलमा डरलाग्दा सिंह चितुवा आदि छन् । तपाईं फर्कनु होस् । यदि अन्धाले नशालु पदार्थ सेवन गरेको छैन भने तत्काल फर्किन्छ, यदि नशा सेवन गरेको छ भने जङ्गलमा डरलाग्दा सिंह, चितुवा आदि जनावर छन् भनेर कसले देखेको छ भन्दै आफ्नो बाटोमा अगाडि बढ्छ ।

विचार गरौंः- अन्धा आफू देख्दैन र आँखा देख्ने मानिसको विश्वास पनि गर्दैन भने उसलाई कुन तरिकाले सम्झाउनू यदि भनेको मान्दैन भने उसको त्यही गति हुन्छ, जुन आँखा देख्ने मानिसले भनेको थियो अर्थात् जङ्गली जनावरले खान्छ ।

यसैगरी सन्तजन आँखा (ज्ञान नेत्र) भएका हुन् । उनीहरूले हामीलाई माथि वर्णन गरिएका कुराहरू बताएका छन् । हामी ज्ञान नेत्रहीन (अन्धा) हौं । यदि हामीले सन्तहरूले भनेका शिक्षामा विश्वास गरेर बाटो बदलेनौं भने माथि भनिए जस्तै गति हुने छ ।

नर से फिर पीछे तू पशुवा कीजै, गधा बैल बनाई ।
छप्पन भोग कहां मन बौरे, कुरड़ी चरने जाई ।।

केही व्यक्तिहरू त "जे हुन्छ हेरौंला" सम्म पनि भन्छन् । ती व्यक्तिहरूसँग निवेदन छ– गधा बनेपछि तिमीले के हेर्छौ, त्यसपछि त कुम्हालेले हेर्ने छ । यस्तै खालका प्रवचन सत्सङ्गमा अवश्य सुनाइन्छ ।

त्यो रक्स्याहा पनि आएर सत्सङ्गमा बस्यो । घरमा कोही थिएन, ताला लागेको थियो । केही समय पश्चात् नशा समाप्त भयो, त्यसैले सत्सङ्ग सुन्नै पर्‍यो । त्यस दिनपछि त्यस व्यक्तिले कहिल्यै रक्सी पिएन र कुनै नशा सेवन गरेन । दीक्षा लियो, सारा परिवारलाई दीक्षा दिलायो । हामी (लेखक तथा सत्सङ्गमा सँगै गएका केही भक्त) बिहान गाउँ बाहिर घुम्नका लागि जाँदा बाटोमा त्यही व्यक्ति (विमान स्थलमा काम गर्ने) को घर पर्‍यो । गल्लीमा उनकी माता जी उभिएकी थिइन् । उनले भनिन्–महाराज जी चिया पिएर जानु होस् । गाउँका भक्तहरूले भने– यिनको घरमा त अवश्य जानु पर्छ । यो परिवार उजाडिएको छ । साधु-सन्तहरूको चरण पर्नाले् घर पवित्र हुन्छ । हामी सबै उनको घरमा गयौं । हामी जम्मा पाँच जना थियौं । आँगनमा खाट राखिएको थियो । मे महिना थियो । रूखको छायाँ थियो । उनकी आमाले आफ्नी बुहारीलाई चिया बनाउन भनिन् । बुहारीले चुलामा आगो बाली डेक्चीमा पानी बसाएर चिया बनाउन थालिन् । आधा घण्टा पछि हामीले भन्यौं– छिटो चिया ल्याऊ । हामी घुम्न जानु छ । अनि अर्को गाउँमा सत्सङ्ग गर्न जानु छ । तर पनि उनी डेक्चीमा आगो लगाइ रहेकी थिइन् । दोहोर्‍याएर छिटो चिया ल्याऊ भन्दा उनी रून थालिन् । गाउँका भक्तहरू उठेर हेर्न गएपछि थाहा भयो– घरमा चिनी, दूध, चियापत्ति केही पनि छैन । त्यस व्यक्तिकी आमा पनि रून थालिन् र भनिन्– हे महाराज ! हामी उजाडिएका छौं, बचाउन सक्नु हुन्छ भने बचाउनु होस् । त्यो काम गर्ने व्यक्ति दीक्षा लिएर समयमा नै आफ्नो ड्यूटीमा गएको थियो । केही दिन पश्चात् हामी दिल्लीमा नै पंजाबखोड गाउँमा सत्सङ्ग गरि रहेका थियौं । त्यहाँ त्यो व्यक्तिले आफ्नी आमा, श्रीमती तथा तीनै जना छोरीहरूलाई कारमा राखेर सत्सङ्गमा ल्यायो । पहिले एउटा टुटेफुटेको मोटर साइकल थियो । छोरीहरूले राम्रा लुगा लगाएका थिए । छोरीहरू सुनाइ रहेका थिए– पिता जी अब कहिल्यै आमासँग झगडा गर्नु हुन्न । आफ्नो सबै तलब हजुरआमालाई दिनु हुन्छ । हामी त स्वर्गमा रहन थाल्यौं । हजुर आमाले भनिन्–

त्यस दिनको हजुरको दर्शनले हाम्रो उजाडिएको घर हराभरा भयो । मैले भने– माता जी ! तिम्रो छोरो खराब थिएन । उसले यस्तो राम्रो विचार कहिल्यै सुनेकै थिएन । यदि उसले यी असल विचार पहिले नै सुनेको भए यस्तो खराब कार्य कहिल्यै गर्ने नै थिएन । त्यस दिन यो सत्सङ्गमा आउनु सबै परमेश्वर कबीर जीको कृपा हो । अब यसको आत्माको फोहोर सफा भइ सकेको छ । तिम्रो परिवार नर्कबाट निस्केर स्वर्गमा निवास गरि रहेको छ । परमात्माको मर्यादामा रहनू, कहिल्यै कष्ट आइ पर्दैन । भक्ति गरि रहनू, कैयौं पीढीको उद्धार हुने छ । यसरी सत्सङ्गद्वारा मानव उद्धार भएर विश्वमा शान्ति तथा आपसी प्रेम बढ्छ । सत्सङ्ग विचार अवश्य सुन्ने गर्नु । पृष्ठ ३०४ मा "भक्ति मर्यादा" पढ्नु होस् ।

## "मातापिताको सेवा तथा आदर गर्नु परम कर्तव्य"

आफ्नो सन्तान योग्य बनोस् भन्ने चाहना हरेक मातापिताको हुन्छ । त्यस्तै समाजमा बदनामी नकमाओस् चरित्रवान होस्, आज्ञाकारी होस्, वृद्धावस्थामा हाम्रो सेवा गरोस्, बुहारी हाम्रो भनाइमा चल्ने खालको आओस्, समाजमा हाम्रो इज्जत राखून्, वृद्धावस्थामा हाम्रो सेवा गरून्, प्रेमपूर्वक व्यवहार गरून् जस्ता चाहना हुन्छन् । सत्ययुग, त्रेता र द्वापर युगसम्म यो मर्यादा चरममा थियो । सबैले सुखी जीवन जिउँथे । कलियुगमा पनि केही समयसम्म त ठीकै थियो, तर वर्तमानमा स्थिति विपरीत नै छ । यसलाई सुधार गर्ने उद्देश्य लेखक (रामपाल दास) राख्दछ । आशा गर्दछु कि भगवानको कृपाले ज्ञानको प्रकाशद्वारा सबै सम्भव हुन्छ, भइ पनि रहेको छ र हुने छ, यो मेरो आत्माले मान्दछ ।

सन्तानप्रति आमाको ममता

एउटा केटोको पिताको मृत्यु भयो । त्यस समय ऊ १०-११ वर्षको थियो । माता एक्लैले आफ्नो एक्लो छोरोको पालन-पोषण गरिन् । पिताको अभावको कुनै कष्ट नहोस् भनेर माता जीले माता र पिता दुबैको माया दिइन् । केटो युवा भयो र रक्सीको लतमा लाग्यो तथा वेश्या गमन गर्न थाल्यो । माता जीसँग सधैं पैसा माग्थ्यो र आवारागर्दीमा उडाउँथ्यो । एक दिन माता जीसँग पैसा थिएन । रक्सीको नशामा आमालाई पिट्यो र वेश्या कहाँ गयो। त्यस दिन पैसा नभएकाले वेश्याले आमाको मुटु निकालेर ल्याऊ भनी । ऊ फर्केर घर गयो । आमा बेहोस् थिइन् । छुराले काटेर आमाको मुटु निकाल्यो र वेश्या कहाँ जान हिड्यो । नशाका कारण राम्ररी हिड्न सकेन । खुट्टा ठोक्कियो र लड्यो ।  आमाको मुटुबाट छोरा ! तिमीलाई चोट त लागेन भन्ने आवाज आयो ।

नशाका कारण शैतान बनेको त्यो केटो आमाको मुटु लिएर वेश्याकहाँ पुग्यो । अनि वेश्याले भनी– जब तँ आफ्नी आमाको हितैषी बन्न सकिनस् भने मेरो हितैषी कसरी हुन सक्छस् ? कसैको बहकावमा आएर तैंले मलाई पनि मार्न सक्छस् । तँ निर्धन भइ सकेको छस्, अब तँ मेरो लागि कुनै कामको रहेनस् । त्यसैले मबाट

तेरो पिछा छुटाउनु थियो । त्यसैले मैले यो शर्त राखेको थिएँ किनकि तैंले आमाको मुटु निकाल्न सक्दैन थिइस् किनकि उनले तँलाई कहिल्यै कुनै पनि वस्तुका लागि मनाही गरेकी थिइनन् । हे शैतान ! मेरो आँखा अगाडिबाट गइहाल् । यति भनेर वेश्याले उसलाई घरबाट धक्का दिएर बाहिर निकालेर ढोका लगाई । त्यो शैतान घर आयो । आमाको शवमा विलाप गर्दै भन्न थाल्यो– हे माता जी ! हुन सक्छ भने भगवानको दरबारमा पनि मलाई बचाउनु होला । आवाज आयो– छोरा ! केही भएको छैन, मात्र तिमीलाई खुशी देख्न चाहन्छु । त्यसै समय गाउँका मानिसहरू जम्मा भए । थानामा सूचना दिए । त्यस अपराधीलाई राजाले फाँसीको सजाय दिए ।

राजाले फाँसी चढाउनु पूर्व उसको अन्तिम इच्छा सोधे, तब त्यस केटाले भन्यो–केही नागरिकहरूलाई बोलाउनु होस्, म आफ्नो करतुत सबैलाई सुनाउन चाहन्छु । नगरका मानिसहरू आए । त्यस केटाले आफ्नो कसुर स्वीकार गर्‍यो, मैले त्यो अपराध गरेको हो भन्यो । मेरी आमाको आत्माले अन्तिम समयमा पनि मेरो खुशीको कामना गरि रहिन् । मलाई नशाले शैतान बनायो । मैले वेश्या गमन गरेर समाजलाई दूषित बनाएँ । तपाईंहरूले मबाट शिक्षा लिनु होला । मैले आमालाई दुःख दिएर जुन घोर पाप गरें, त्यो कसैले नगर्नु होला । आमा जस्तो सहानुभूति राख्ने संसारमा पत्नी पनि हुदिनन्, चाहे ऊ जत्ति सुकै असल किन नहोस् । आमाले आफ्ना छोरा-छोरीलाई कत्ति माया गर्छिन् भने चिसो मौसममा बच्चाले पिशाब फेर्दा आमा स्वयम् पिशाबले भिजेको चिसो कपडामा सुत्छिन् र बच्चालाई सुख्खा बिछ्यौनामा सुताउँछिन् । बच्चा भोकले रूँदा आफूले खाँदै गरेको खाना बीचमा छोडेर पहिले बच्चालाई दूध पियाएर शान्त तुल्याउँछिन् ।

## "पिताले बच्चाको गल्ती सम्भव भएसम्म क्षमा गरि दिन्छन्"

परमेश्वर कबीर जी भन्नु हुन्छ–पिताले आफ्ना छोराछोरीको सम्पूर्ण अपराध क्षमा गरि दिनु हुन्छ ।

अवगुण मेरे बाप जी, बक्शो गरीब नवाज ।
जो मैं पूत-कपूत हूँ, तो भी पिता को लाज ॥

रामभक्तको श्रीमतीको निधन भयो । त्यसबेला उसको पुत्र ३ वर्षको थियो । त्यस व्यक्तिको आफ्न्तमा एउटा यस्तो घटना घटेको थियो । जुन घटनाले उसको मुटु नै हल्लाइ दियो । कथा यस प्रकार छः

उसका मामा आफ्नी बहिनी अर्थात् रामभक्तकी आमाभन्दा लगभग १० वर्ष ठूला थिए । मामाका दुई पुत्रहरू थिए । रामभक्तकी माइजूको निधन भयो ।मामाले दोस्रो विवाह गरे । दोस्री पत्नीबाट पनि पुत्र जन्म्यो । पत्नीले सौतेनी छोराहरूसँग इर्ष्या गर्न थालिन् । उनले १५ एकड जमीन छ, तीन भाग लाग्छ भन्ने विचार गरेर सौतेनी छोराहरूलाई काँच पिसेर दूध तथा खानामा मिसाएर खुवाइन् । यसकारणले

दुबै छोराहरू विस्तार-विस्तार रोगी भएर मरे । डाक्टरले यी बच्चाहरूले काँच खाएकाले मृत्यु भएको हो भनी बताए । एक दिन उसकी श्रीमतीले छिमेकीसँग आफूले गरेको करतुत बताइन् र मेरो छोरोले १५ एकड जमीन पायो भनिन् । ती छिमेकी महिलाले सारा कुरा मामालाई भनि दिइन् । मामाले कान्छी माइजुलाई धेरै माया तथा विश्वास पनि गर्नु हुन्थ्यो । त्यसैले उहाँलाई छिमेकी महिलाको कुरा विश्वास भइ रहेको थिएन । एक दिन उसकी श्रीमतीले ती कुराहरू आफ्नो भाइलाई मैले यसो-यसो गरेकोले तिम्रो भान्जाले १५ एकड जमीन पायो भनेर सुनाइ रहेकी थिइन् । यी सब कुरा मामाले पनि झ्याल बाहिर उभिएर सुनि रहेको थिए । माइजुको भाइले भने– तिमीले त धेरै ठूलो अपराध गऱ्यौ । यो पापलाई कहाँ राख्छयौ ? आज उपरान्त म तेरो अनुहार हेर्न पनि आउँदिन । मामाको दिमाग फुट्ला जस्तै भयो । घर छोडेर आफ्नी बहिनी अर्थात् हाम्रो (रामभक्तको) घरमा आएर जीवन व्यतित गर्न थाले । केही वर्ष पश्चात् कान्छी माइजुबाट जन्मिएको त्यो छोरो पनि मऱ्यो । कान्छी माइजू पनि अरू कसैसँग भागिन् । पछि थाहा भयो– त्यस व्यक्तिले उनका गहनाहरू खोसेर उनलाई मारी इनारमा हालि दिएछ । पुलिसले थाहा पाएर त्यस व्यक्तिले फाँसीको सजाय पाएछ । यस सर्वनाशको महाभारत सम्झेर रामभक्तले अर्को विवाह गरेन । छोरालाई आफूसँगै राख्थ्यो । हलो जोत्दा छोरालाई काँधमा राख्थ्यो । थाकेपछि रूखमुनि सुताउँथ्यो । आफैले खाना पकाउने, नुहाइ दिने, लुगा धोइ दिने आदि काम गर्थ्यो । जसो-तसो छोरो जवान भयो । विवाह गरि दियो तर पनि सम्पूर्ण कार्य आफै गर्थ्यो । छोराले पनि काममा सहयोग गर्थ्यो तर कठीनकार्य आफै गर्थ्यो । वृद्धावस्थाले घचेट्दै लग्यो । कुनै पनि काम गर्न नसक्ने भयो । बुहारीलाई व्यर्थको खर्च जस्तै लाग्न थाल्यो । यस कारणले ससुरालाई रूखा-सुखा तथा बासी खाना दिन थाली । अनि पेटभरि खान पनि दिन्थिनन् ।

छोराले सोध्थ्यो– पिता जी ! बुहारीले सेवा त राम्ररी गरि रहेकी छिन् नि ? पिता जी भन्थे– पुत्र ! सेवामा कुनै कसर छैन । बडो भाग्यमानी बुहारी भित्रिएकी छिन् ।मेरो विशेष ख्याल गर्छिन् । यो कुरा बुहारीले पनि सुन्थी र श्रीमानलाई केही पनि थाहा छैन र ससुरालाई पनि मेरो चाल थाहा छैन भनेर झन दुःख दिन्थिन् । एक दिन उसले पिता जीले राम्रो खाना खान पाएका छैनन् भन्ने कुरा थाहा पायो र यो कुरा श्रीमतीलाई सोध्दा उसकी श्रीमतीले पाखण्ड गर्न थालिन् र भनिन्– घरमा भएको खानेकुरा हेरेर खाइन्छ । तपाईलाई घरको चिन्ता छैन । सारा घर मैले चलाइ रहेको छु । खर्च कसरी चलाउनु पर्छ, त्यो मलाई थाहा छ । एक दिन वृद्धलाई चक्कर लाग्यो र उनी लडे । खुटटा भाँचियो । वैद्यले पूरा आहार नपाएकोले शारीरिक कमजोरी छ, बिहान-बेलुका आधा-आधा लिटर दूध पियाऊ, ताजा भोजन गराऊ भनेर गए । पत्नीले यसरी त घर बर्बाद हुन्छ भनी । लोग्ने अर्थात् छोरोलाई श्रीमतीको कुरा मन पऱ्यो । वृद्धको वास्ता गरेनन् । वृद्धको

ससुरालीका मानिस चोट लागेको खबर सुनेर भेट्न आए । उनीहरूले छोरा-बुहारीले राम्ररी सेवा त गरि रहेका छन् नि होइन ? भनेर प्रश्न गरे । रामभक्तले भने– नसोध, यस्ता छोरा-बुहारी भगवानले सबैलाई दिऊन् । मलाई कुनै कष्ट हुनै दिदैनन् । यो त कुनै कर्मको मारले गर्दा लागेको चोट हो । त्यस गाउँमा रामभक्तको ससुरालीको दुई दिदी बहिनीको विवाह भएको थियो । एउटी रामभक्तसँग र अर्की छिमेक मै । उनीहरू अर्को छोरीको घरमा गएपछि छोरो निकम्मा छ र रामभक्तको केही सेवा भइ रहेको छैन भन्ने थाहा पाए । यो कुरा तिनीहरूले पत्याएनन् किनकि तिनीहरूले रामभक्तकै मुखबाट सेवामा कुनै कसर छैन भन्ने सुनेर आएका थिए । केही समय पश्चात् उनीहरू फेरि रामभक्तको घरमा गए । त्यस समय रामभक्त बासी रोटी पानीमा भिजाएर खाइ रहेका थिए । यो सब देखेर तिनीहरू रून थाले । छोरालाई बोलाएर भने– तँलाई लाज लाग्दैन ? थाहा छ तँलाई कसरी पालन-पोषण गरी ठूलो बनाएको हो ? छोराकी पत्नी पनि आइन् र दुबैले भने– हामी त यसरी नै सेवा गर्छौं । रामभक्तले भने– तपाईहरू जानु होस्, घरमा झगडा नगराउनु होस् । मेरो भाग्यमा जे लेखेको छ, त्यो पाइ रहेको छु । म आफ्नो छोरोलाई दुःखी देख्न सक्दिन । रामभक्तकी फुपुको छोरा रामनिवास सत्सङ्गी थियो । उसले रामभक्तलाई केही समय निकालेर भगवानको भक्ति गर, मसँगै सन्तको सत्सङ्ग सुन्न हिंड भन्ने गर्थे, तर जवाफमा रामभक्त भन्ने गर्थे– म त मेरो छोरोको पूजा गर्छु, यो सुखी रहोस्, यही मेरो इच्छा छ । फुपुको छोराले भन्यो– छोराको पूजा पूरा भइ सकेको भए अबत केही मात्रमा भए पनि आफ्नो कर्म सपार । फेरि पनि रामभक्त भन्ने गर्थे– छोरा-बुहारीलाई हेरेर बाँचि रहेको छु । धेरै भनेपछि रामभक्त आफ्नी फुपूको छोरा रामनिवाससँग सत्सङ्गमा गयो । अनि रामनिवासले आफ्नो घर लगे र औषधि उपचार गरे । राम्रो खाना खुवाए । थुप्रै महिना आफूसँगै राखे । रामभक्त भक्तिमा दृढ भए । घर गएपछि रामभक्तले बच्चाहरूसँग भने– हे छोरा-छोरी (बुहारी) ! आजसम्म मैले तिमीहरूसँग केही मागेको छैन । आज एउटा भिख माग्दै छु । तिमीहरू एक पटक मसँग सत्सङ्ग सुन्न हिंड । उनीहरूले भने– पशु तथा बच्चाहरूलाई कसले सम्हाल्छ नि ? रामभक्तले भने– छोरो घरमा बस्छ, छोरी तथा नाती-नातिनाहरू मसँग हिंड । यस्तै गरे । जब ती बुहारीले सत्सङ्गका बचनहरू सुनिन् । पुराना भक्त तथा भक्तमतीहरूले त्यहाँ आउने भक्तहरूको सेवा यसरी गरि रहेका थिए, जसरी घरमा विशेष पाहुनालाई गरिन्छ । वृद्ध, रोगी, अपाङ्ग श्रद्धालुहरूलाई पनि विशेष सेवा गरि रहेका थिए । जीवप्रति दयाभाव राख्नाले परमात्मा खुसी हुन्छन् तथा दुःखी एवं असहायहरूलाई सहयोग गर्नु मानव मात्रको परम कर्तव्य हो भन्ने जस्ता कुरा सत्सङ्गमा बताइन्छ ।

दया-धर्म का मूल है, पाप मूल अभिमान । कह कबीर दयावान के पास रहे भगवान ।

भक्त रामभक्तकी बुहारी नजिक बसेकी भक्तमतीले भनिन्– बहिनी ! तपाईं पनि केही सेवा गर्नु होस् ।

"सत्सङ्ग वचन" गुरूदेव जी भन्नु हुन्छ– जसले सेवा भक्ति गर्छ, उसले फल पाउँछ । मैले खाना खाएँ भने मेरो पेट भरिन्छ । तिमीले खायौ भने तिम्रो पेट भरिन्छ । सबै प्राणीहरू परमात्माका बच्चा हुन् । तिमी धनीको बच्चा सम्झेर सेवा गर । जस्तोः- एउटी ८-९ वर्षकी धनी मानिसकी छोरी थिइन् । उसको हेरचाहको लागि एउटी नोकर्नी राखेका थिए । त्यस बच्चीलाई गर्मी महिनामा स्कूल पु¥याउन जाँदा छाता ओढाउँथी र आफू गर्मी सहन गर्थी । यसबाट धनी मानिस खुशी थियो र नोकर्नीलाई तलब दिन्थ्यो । तपाईहरू सबै यो विचार गरेर आफ्ना र पराइको ख्याल राख्नु होस् । सासु-ससुराको सेवा साना-ठूलाको सेवा, सबैलाई सम्मान गर्नु तपाईंको परम कर्तव्य हो । यदि तपाईंले आफ्ना सासु-ससुरा, माता-पिता वा अन्य आश्रितहरूको सेवा गर्नु भयो भने परमात्माले तपाईंको सेवाको प्रबन्ध मिलाउनु हुन्छ । तपाई आफ्ना साना ठूला बच्चाहरूलाई पनि सत्सङ्गमा साथमा ल्याउने गर्नु होस् । बच्चाहरूमा पनि साना-ठूलाको सेवा गर्ने, राम्रो व्यवहार गर्ने संस्कार पर्छ । ती बच्चाहरू ठूलो भएर तपाईंको (वृद्धभएपछि) सेवा पनि यसैगरी गर्ने छन् । जस्तो एउटी छोरीले आफ्ना मातापितालाई छोडेर नयाँ माता (सासु) पिता (ससुरा) कहाँ आउँछिन् । जन्मका माता-पिता त यत्ति नै समयका लागि साथी थिए । उहाँहरूले पालन-पोषण गरी नयाँ माता-पितालाई सुम्पिनु भयो । आउने छोरीलाई आफ्नी छोरी तुल्य माया दिनु सासु-ससुराको कर्तव्य हो । नयाँ छोरी तथा आफूले जन्माएकी छोरीमा सपनामा पनि भेदभाव गर्नु हुन्न किनकि यो झगडाको जरो हो । बुहारीले पनि नयाँ घरको परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्नु पर्छ । आफ्नो जन्म घरको जस्तो व्यवहारको प्रयोग कम गर्नु पर्छ । अब बुहारीको घर-परिवार यही ससुराली हो ।

शिक्षा कथाः एउटी बुहारीले आफ्नी सासुलाई साह्रै दुःखी तुल्याउँथिन् । उनलाई कुकुरलाई जसरी माटोको घडाको टुक्रामा खाना खान दिन्थिन् । कहिले काहीं मात्र सफा गर्थिन् । उसको छोराको विवाह भयो । केही समय उपरान्त सासुको मृत्यु भयो । तब उसले आफ्नी बुहारीलाई यो माटोको घडाको टुक्रा फुटाएर फ्याँकि देऊ भनिन् । तब ती बुहारीले भनिन्– सासु आमा ! तपाईंलाई पनि यही माटोको भाँडामा खाना दिन्छु । तपाईंले वृद्धामाथि साह्रै अत्याचार गर्नु भएको छ । तब ऊ आफ्नो गल्ती सम्झेर धेरै रोई । बुहारी बुद्धिमान थिइन् । साँझसम्म उनले त्यो माटोको थाली फुटाइनन् । त्यो माटोको थालीलाई सासुले शत्रु देख्न थाली । बुहारीले भनिन्– माता जी ! मैले सत्सङ्ग सुनेको छु । म आफ्नो कर्म बिगार्दिनँ । यसो भनेर उनले त्यो माटोको थाली फुटाइ दिइन् । पाप कर्मको कारणले सासुलाई क्यान्सर भयो । दिनभरी कराइ मात्र रहन्थिन् । बुहारी उसको सेवा गर्थिन् । सेवामा कुनै कसर बाँकी राख्दिनथिन् । तर उनी सासुलाई भन्थिन्– सासु माता ! म हजुरको सेवा दिलो ज्यानले गर्छु, तर म तपाईंको पाप बाँडेर लिन सक्दिनँ । यो कष्ट त हजुरले नै भोग्नु पर्छ । यदि सत्सङ्ग सुनेको भए यो दिन देख्नु पर्ने

थिएन । तब त्यस अपराधी स्त्रीले भनिन्– छोरी ! म महापापिनी हूँ । के मेरो पनि उद्धार हुन सक्छ र ? म पनि दीक्षा लिन चाहन्छु । बुहारी सत्सङ्गी घरकी थिइन् । दीक्षा लिएर भक्ति गर्नाले पाप कर्म नष्ट हुन्छ भन्ने उनलाई थाहा थियो । अधिक पाप छ भने पनि भक्ति गर्नाले लाभ नै हुन्छ, पाप कम हुन्छ र यदि मर्यादामा रहेर अन्तिम स्वाससम्म साधना गरि रह्यो भने भविष्यमा मानव जन्म पनि प्राप्त हुन्छ । सत्सङ्गमा गुरूदेव जी उदाहरण दिएर सम्झाउनु हुन्छ– जस्तो कसैको वस्त्र कम मैला छ भने थोरै प्रयासले नै निर्मल हुन्छ, यदि बढी मैला छ भने दुई-तीन पटक सम्म साबुन पानीले धोएपछि मात्र सफा हुन्छ । जसले अत्यधिक मैला बनाएको छ तथा अन्य दाग पनि लगाएको छ भने ड्राइक्लीनले सफा हुन्छ । यदि सफा गर्ने विचार दृढ छ भने मिस्त्रीको कालो भएको कपडा पनि सफा हुन सक्छ । सासुले मिस्त्रीको कालो कपडा जस्तै गति बनाएकी छिन् भन्ने कुरा बुहारीलाई थाहा थियो । तर पनि परमात्माको शरणमा अवश्य लाभ प्राप्त हुन्छ । यस उद्देश्यले उनले सासुलाई दीक्षा दिलाइन् । केही समय पश्चात् क्यान्सरको पीडा केही कम भयो । सत्सङ्ग सनुेर रून थालिन्– छोरा बुहारीबाट माता-पिताले के अपेक्षा गर्छन् ? म पापिनीले आफ्नी सासुसँग कस्तो दुर्व्यवहार गरें । मलाई त यो रोग लाग्नु नै थियो । यदि पहिले नै यो ज्ञान सुन्न पाएको भए यस्तो पाप किन गर्थे र ? निर्मल जीवन जिउने थिएँ । सासु आमाको आत्मा पनि खुशी पारेर राख्थे । आफ्नो जीवन सफल तुल्याउँथे ।

उपरोक्त वचन सुनेर रामभक्त जी की बुहारी ती आफ्नी साथी (पुरानो भक्तमती) सँग अङ्गालो मारेर रून थालिन् । आधा घण्टासम्म रोइ रहिन् । थुप्रै सान्तवना पाएपछि रूवाइ रोकियो र आफूले ससुरासँग गरेका दुर्व्यवहार रूँदै सुनाइन् । आफ्नो ससुराको इन्सानियत उल्लेख गर्दै भनिन्– आफ्नो छोरोसँग पनि बुहारीले यस्तो खराब व्यवहार गरी भनेर कहिल्यै सुनाउनु भएन । छोराले सोध्दा भन्नु हुन्थ्यो– बुहारीले सेवामा कुनै कमी राखेकी छैनन्, बडो राम्रो घरकी हुन्, बुझक्की छिन्, यिनी यस घरमा आउनु हाम्रो सौभाग्य हो, यी छोरीले त हाम्रो घरलाई राम्रो बनाइन् । तर म पापिनी यस्ता शब्द सुनेर पनि मेरो स्वभाव नरम भएन किनकि मेरो आत्मामा पाप कर्महरूको पर्दा लागेको थियो, जुन दुई-तीन पटक सत्सङ्ग सुनेपछि हटेको छ । आत्मामा राम्रो संस्कार जागृत हुन थालेको छ । तीन दिन सत्सङ्ग सुनेर रामभक्त नाति-नातिना र बुहारीसँगै घर आए । आश्रममा साना बच्चाहरूलाई अन्य पुराना सत्सङ्गी बच्चाहरूले खाना खुवाउने तथा पानी पियाउने सेवा गरेको देखेपछि रामभक्तका नाति-नातिनाहरूले पनि सेवा गर्न थाले । घर आएपछि दुबै दाजु-बहिनीले हजुरबुवाका लागि बाल्टिनमा पानी भरेर दुबै मिली बोकेर ल्याए र हजुरबुवालाई स्नान गर्न भने । यो सब देखेर रामभक्तले भने– बाबु नानी ! तिमीहरूको पेट दुख्छ । यत्रो भारी नउठाऊ । म आफै पानी ल्याउँछु । हजुरबुवाको यस्तो कुरा सुनेपछि बच्चाहरूले सत्सङ्गमा गुरू जीले भन्नु भएको प्रसङ्गलाई उल्लेख गर्दै भने– सेवा गर्नाले लाभ नै लाभ प्राप्त हुन्छ, कुनै पनि कष्ट हुदैन ।

हामीले रोटी खायौं भने हाम्रै पेट भर्छ । हामीले सेवा गऱ्यौं भने पुण्य पनि हामीलाई नै प्राप्त हुन्छ । यदि रोग लाग्यो भने पनि भक्ति तथा सेवाले समाप्त हुन्छ । त्यहाँ आश्रममा कैयौं माई तथा भक्तहरूले भनेका थिए– हामी पहिले बिरामी भइ रहन्थ्यौं । नाम लिएपछि आफूले सक्ने जत्ति सेवा गर्न थाल्यौं । हामी स्वस्थ भयौं । डाक्टरहरूले जवाफ दिइ सकेका थिए । चार वर्षदेखि उपचार चलि रहेको थियो । हेर्नु होस्, औषधिका कागजातहरू । अहिले कुनै औषधि खादैनौं । (ऋग्वेद मण्डल १० सूक्त १६१ मन्त्र २ मा पनि यही प्रमाण छ– यदि रोगी मृत्युको मुखमा (नजिक) पुगि सकेको छ अर्थात् उसलाई असाध्य रोग लागेको छ भने पनि यदि ऊ भक्तिमा लाग्यो भने परमात्माले उसलाई मृत्युको मुखबाट निकालेर ल्याउनु हुने छ । उसलाई स्वस्थ तुल्याएर शत प्रतिशत अर्थात् पूरा आयुको जीवन दिनु हुन्छ । (लेखक)

त्यही समयमा बुहारी आइन् र भनिन्– पिता जी ! स्नान गर्नु होस् । धोती त्यहीं छोडि दिनु, म आफै धोइ दिन्छु । रामभक्त जीले भने– छोरी ! तिमीले घरका थुप्रै काम गर्नु पर्छ, खाना बनाउनु पर्छ, पानी ल्याउनु पर्छ, पशुलाई संहाल्नु पर्छ, त्यसैले म आफै धुन्छु । मेरो गोडा पनि अब ठीक भइ सकेको छ । अलि-अलि लङ्गडापन मात्र बाँकी छ । रामभक्त स्नान गरेर धोती फेरी धोती धुन थाले । त्यही बेला बच्चाहरू आएर धोती खोसी लगेर आमालाई दिए । अनि कुर्ता लगे र अर्को ल्याएर दिए । छोरो खेतबाट पशुका लागि घाँस लिएर आयो । पहिले जसरी नै पितालाई हेऱ्यो र केही नबोली घरभित्र गयो । पत्नी निर्मला हलुवा बनाइ रहेकी थिइन् । उसले कुनै पर्व होला भन्ठान्यो । अनि रोटी-तरकारी पकाइन् । सर्वप्रथम गुरू भगवानलाई दुईवटा कचौरामा भोग लगाइन् अनि एउटा थालीमा रोटी, कचौरामा हलुवा र तरकारी अलग-अलग हालेर ससुरा सामु लगिन् र भनिन्– पिता जी ! भोजन गर्नु होस्, भोक लागेको छ होला, टाढाबाट आउनु भएको छ । रामभक्तले भने– छोरी ! यो खाना मलाई पच्दैन । मलाई सुकेको रोटी ल्याइ देऊ, यो खानाले म विरामी हुन्छ । रामभक्त जीले सोचेका थिए– भावनामा बगेर आज त सारा सेवा गर्ने छिन्, तर छोराले यिनलाई धम्क्याउने छ किनकि छोरालाई सत्सङ्गको ज्ञान छैन । कतै घरमा रडाको नमच्चियोस् । यत्तिकै मा छोरो पनि आइ पुग्यो । उसले श्रीमतीलाई बुवाले ठीक भन्दै हुनु हुन्छ, खाना भित्र लैजाऊ । पिताको कोठा बाहिर पट्टी थियो । बच्चाहरूको कोठा भित्रपट्टी थियो । पत्नीले भनिन्– चुप लाग्नु होस्, मैले थुप्रै पाप जम्मा गरि सकँ । अब पिता जीको सेवा म स्वयम् गर्छु । छोरो चुप लाग्यो । रामभक्तले दुबै नाति-नातिनीलाई अलि-अलि हलुवा प्रसाद दिए । बुहारीलाई पनि दिन लाग्दा उनले भनिन्– तपाईं के खानु हुन्छ नि ? घरमा अझ धेरै हलुवा छ । पिता जी तपाईं खानु होस् । खानु भएन भने मेरो आत्मा रूने छ । भक्त रामभक्त जीले गुरूदेव भगवानको स्मरण गरे र भोजन खाए। हरेक दिन बुहारीले नरम-नरम रोटी पकाएर तात्तातै ल्याएर आफैले खुवाउन थालिन्। हरेक दिन कपडा सफा गर्थिन् र रामभक्तलाई पिता जी तपाईं भजन गर्नु होस् भन्थिन् ।

एक दिन रामभक्तका फूपूको छोरा रामनिवास आयो । रामभक्तले उसलाई अङ्गालो हालेर भन्यो– भाइ ! हाम्रो घर त तिम्रो कृपाले स्वर्ग बन्यो । भक्त रामनिवासले भने– मामाको छोरा रामनिवासको कारणले केही भएको होइन, यी सब गुरूदेव जीको शब्द शक्तिको चमत्कार हो । तिमी र म पहिले मिलेर डण्डी बियो खेल्ने गर्थ्यौं । मैले गर्दा हुने भए त पहिले नै हुन्थ्यो । गुरू जी भन्नु हुन्थ्यो– रामभक्त पहिलेको जन्ममा भक्त थियो । घरको मोहका कारण उसबाट मर्यादामा चुक भयो । त्यसैले गर्दा यत्तिका कष्ट भोग्नु पर्‍यो । यो महादुःखी भइ सकेको थियो, त्यसैले तिमीसँग यहाँ आएको हो । होइन, भने त तिमीले यसभन्दा पहिले रामभक्तलाई सत्सङ्गमा हिँड भनेका थियौ तर ऊ मोहमायामा अन्धा भइ सकेको थियो । यो कष्ट र छोरो-बुहारीको व्यवहार यसको लागि वरदान बनेको छ ।

कबीर जी भन्नु हुन्छः-

कबीर, सुख के माथे पत्थर पड़ो, जो नाम हृदय से जाय ।
बलिहारी वा दुःख के, जो पल-पल राम रटाय ।।

भावार्थः- हे परमात्मा ! यत्ति सुख पनि नदिनु होस्, जसकारण हजुरलाई बिर्सूं । त्यस्तो दुःख सदा दिइ रहनु होस्, जसले परमात्माको याद पल-पल रहि रहोस् । म सम्पूर्ण कुरा त्यागूँ (बलिहारी जाउँ) त्यस दुःखका लागि, जसको कारणले परमात्माको शरण प्राप्त भयो ।

भक्त रामभक्त जीले भक्त रामनिवाससँग अबको सत्सङ्गमा छोरा प्रेम सिंहलाई लैजानू भने । यसको उद्धार हुने छ । अर्को सत्सङ्ग एक महिना पछि थियो । भक्त रामनिवास आए र प्रेम सिंहलाई आफ्नो घर लैजाने बहानामा पहिले घर लगे अनि घरबाट सत्सङ्गमा लगे । तीन दिनसम्म आश्रममा रहेर सत्सङ्ग सुने । अन्य पुराना भक्तबाट उनीहरूको जीवनमा घटेका घटनाहरू सुनेपछि सत्सङ्गको रङमा रङ्गिए । भक्त रामभक्तको परिवार एकदम बदलियो । भक्ति सेवा गरेर कल्याण प्राप्त गरे ।

## सत्सङ्गले घरको कलह समाप्त हुन्छ

एक माता जी आफ्नी बुहारीसँग कुरा कुरामा क्रोध गर्थिन् । स-साना गल्तीहरूलाई बढाइ-चढाइ गरेर छोरालाई सुनाउथिन् । छोरोले आफ्नी पत्नीलाई धम्क्याउँथ्यो । यसरी घर नर्क बनेको थियो । बुहारीले सासू आमालाई कहिले काहीं भन्थिन्– तपाई सत्सङ्गमा जाने गर्नु होस्, हजुरका छिमेकीहरू पनि जान्छन् । सासू आमा भन्थिन्– सत्सङ्गमा त बदचलन स्त्रीहरू जान्छन्, उनीहरूको संसारमा कुनै सम्मान हुदैन र ती राम्रा कुलका पनि होइनन् । हामी खानदानी हौं । सत्सङ्गमा हाम्रो के काम ? यसरी बुहारीले थुप्रै कोशिस गरिन् तर सासु आमा कुरा मान्न तयार भइनन् । एकदिन गाउँका महिला कुनै कारणवश उनको घरमा आइन् । त्यसबेला सासु आफ्नी बुहारीलाई गाली दिइ रहेकी थिइन् र तेरो पति आएपछि तँलाई पिट्न लगाउँछु भन्दै धम्क्याइ रहेकी थिइन् । कुरो के थियो भने

बुहारीले  सासुका लागि चिया राखेर बच्चालाई लिन भित्र गएकी थिइन् । छोरो सुतेको थियो र ब्युँझेर रोइ रहेको थियो । त्यस बच्चालाई उठाएर ल्याउँदा एक मिनेट पनि लागेको थिएन । यत्तिकैमा कुकुर आयो र चियाको ग्लासमा चाट्न थाल्यो । ग्लास लड्यो । चिया जमीनमा पोखियो । सासु आमा त्यस ग्लासभन्दा २० फिट पर खाटमा बसेकी थिइन् । हृष्ट-पुष्ट थिइन् । खेतमा घुमेर आउँथिन् तर काममा सहयोग भने पटक्कै गर्दैनथिन् । यही कुरामा कलह गरि रहेकी थिइन् । गाउँको अर्को टोलबाट आएकी माई सत्सङ्गमा जान्थिन् । सारा कुरा सुनेपछि उनले भतेरी (त्यस सासुको नाम भतेरी थियो) लाई तिमी मसँग सत्सङ्गमा जाने गर भनिन् । उसको त्यही उत्तर थियो । त्यस सत्सङ्गमा जाने भक्तमतीले धेरै बेर सम्म सत्सङ्गमा सुनेका कुराहरू बताइन्, भतेरी मान्न तयार थिइनन् । भतेरीकी अर्की बहिनीको त्यही गाउँमा विवाह भएको थियो । ती सत्सङ्गमा जाने भक्तमतीमाई जानकी पनि त्यही पान्नेकी थिइन् । भतेरीकी बहिनीको नाम दया कौर थियो । जानकीले गएर दया कौरलाई भनिन्– तिम्री दिदी भतेरीले घरलाई नर्क बनाएकी छिन् । बिना कारण झगडा गर्छिन् । म हिजो कुनै कामले तिनको घरमा गएकी थिएँ । एउटा चियाको गिलास कुकुरले लडाइ दियो । त्यही कुरालाई महाभारत बनाइन् । दया कौर पनि जानकीले भनेपछि सत्सङ्ग सुन्न गएकी थिइन् र दीक्षा पनि लिएकी थिइन् । जानकीले भनिन्– उसलाई जसो-तसो गरी एकपटक सत्सङ्गमा लिएर हिंड । सन्तका विचार सुन्ने अवसर प्राप्त नभएसम्म व्यक्ति स्वयम्ले व्यर्थको चिन्ता लिइ रहन्छन् र घरका सदस्यहरूलाई पनि व्यर्थमा चिन्तामा डुबाइ रहन्छन् । अर्को दिन दया कौर आफ्नी दिदीको घर गइन् । कुनै बहाना बनाएर भतेरीलाई आफ्नो घरमा ल्याइन् । त्यहाँबाट थुप्रै आइमाइहरू सत्सङ्गमा जानका लागि जानकीको घर अगाडि जम्मा भएका थिए । उनीहरू सत्सङ्गमा जान दया कौरलाई बोलाउन आए । त्यहाँ दया कौरकी दिदीलाई देखेपछि भन-सुन गरी भतेरीलाई पनि साथमा लगे । भतेरीले जीवनमा पहिलो पटक सत्सङ्ग सुनी । आश्रममा स्त्री तथा पुरूषहरू कसरी बस्दा रहेछन् भन्ने कुरा आफ्नै आँखाले देखेपछि उनलाई राम्रो लाग्यो । उनले पहिले सुने जस्तो अनाप-सनाप आश्रममा देखिनन् । सत्सङ्गमा भनिएको थियो– कैयौं मानिसहरू आफ्ना दिदी-बहिनी, छोरी-बुहारीहरू तथाअन्य स्त्रीहरूलाई सत्सङ्गमा पठाउँदैनन् र आफू स्वयम् पनि आउदैनन् । उनीहरू हामी सत्सङ्गमा जानाले घरको इज्जत नाश हुन्छ तथा हाम्रा छोरी-बुहारीको बदनाम हुन्छ भन्दछन् । उनीहरूले विचार गर्नु पर्छ कि सत्सङ्गमा नजानाले तथा भक्ति नगर्ने स्त्री वा पुरूषले अर्को जीवनमा महान कष्ट भोग्दछन् । (परमात्माको विधानको ज्ञान हुदैन ।)

❖ मनुष्य शरीर प्राप्त गरेर भक्ति नगर्दा के हानी हुन्छ भन्ने कुरा सुक्ष्म वेदमा बताइएको छ :-

कबीर, हरि के नाम बिना, नारि कुतिया होय । गली-गली भौकत फिरै, टुक ना डालै कोय ।।

**सन्त गरीब दास जीका वाणीहरू :**
बीबी पडदै रहे थी, ड्योडी लगती बाहर । अब गात उघाडै फिरती है, बन कुतिया बाजार ॥
वे पडदे की सुन्दरी, सुनों संदेशा मोर । गात उघाडै फिरती है, करें सरायों शोर ॥
नक बेसर नक पर बनि, पहरें थी हार हमेल। सुन्दरी से कुतिया बनी, सुन साहेब (प्रभु) के खेल॥

**भावार्थ : मनुष्य जीवन प्राप्त गरेर पनि प्राणीले यदि भक्ति गर्दैन भने मृत्यु पश्चात् उसले पशु-पक्षी आदिका योनीहरू प्राप्त गर्दछ । परमात्माको नाम जप बिना स्त्री भावि जीवनमा कुकुर्नीको जुनी प्राप्त गरी निःवस्त्र भएर नाङ्गो शरीर गलीहरूमा भौतारिइ रहन्छे । भोकले बेहाल हुन्छे । कसैले एक टुक्रा रोटी पनि दिदैनन् । जत्ति खेर त्यो आत्मा स्त्री रूपमा कुनै राजा, राणा तथा उच्च अधिकारीकी पत्नी थिई, त्यो उसले कहिल्यै कुनै जन्ममा भक्ति धर्म आदि गरेको पूर्व जन्मको पुण्यको फल थियो । ती सबै भक्तिको पुण्य स्त्री रूपमा प्राप्त गऱ्यो । त्यो आत्मा उच्च घरानकी छोरी-बुहारी बन्न पुगेको थियो । त्यसबेला पर्दा भित्र रहन्थ्यो, काजु-किशमिश हालेर हलुवा तथा खिर खान्थ्यो । तिनले छोडेका जुठो खानेकुरा नोकर्नीहरू खान्थे । तिनलाई सत्सङ्गमा जान दिइदैनथ्यो किनकि उनीहरू उच्च कुल घरानका छोरी-बुहारी थिए । घरबाट बाहिर जाँदा बेइज्जती मानिन्थ्यो । छोरी-बुहारीहरू पर्दाभित्र घरमा रहनुलाई नै ठूला घरको इज्जत मानिन्थ्यो । यी कारणले ती पुण्य आत्माहरू सत्सङ्ग विचार सुन्न नपाएकाले भक्तिबाट बञ्चित हुन्थे । त्यस मानव शरीरमा ती महिलाले घाँटीमा नौ लाखको हार, नाकमा सुनका फुली वा नथिया आदि लगाउँथे । त्यसै गहना-पातमा आफ्नो जीवन धन्य मान्थे । अहिले ती भक्ति नगरेकाले कुकुर्नीको जीवन पाएर नाङ्गै शरीर गली-गलीमा एक टुक्रा रोटीका लागि तड्पि रहेका हुन्छन् । पहिले शहरमा धर्मशाला हुन्थे । यात्रीहरू रातमा विश्राम गरेर विहान भोजन ग्रहण गरी प्रस्थान गर्थे । ती पर्दामा रहेका स्त्रीहरू कुकुर्नी बनेर धर्मशालामा विश्राम गरि रहेका यात्रीले दिएको रोटीको टुक्रा खानका लागि धर्मशालामा भुकि रहन्छन् । रोटीको टुक्रा भुईंमा राखि दिन्छन् । त्यसमा माटो-बालुवा लाग्छ । ती काजु-किशमिश युक्त हलुवा तथा खीर खाने तर भक्ति नगर्ने सुन्दरीहरूले बालुवा-माटो लागेको रोटीको टुक्रा खाइ रहेका छन् । यदि मानव शरीर छदैं पूर्ण सन्तबाट नाम लिएर भक्ति गरेको भए, यो दिन देख्नु पर्ने थिएन ।**

## "पुहलो बाईको नसिहत"

**एउटा राजाले पुहलो बाइको ज्ञान-विचार सुने । त्यसबाट अत्यन्त प्रभावित भए । ती राजाका तीन जना रानी थिए । राजाले आफ्नी रानीहरूलाई पुहलो बाईको विषयमा बताए । राजाले रानीहरूका सामुन्ने कैयौं पटक भक्तमती पुहलो बाईको प्रशंसा गरे । आफ्नो श्रीमानको मुखबाट अन्य स्त्रीको प्रशंसा रानीहरूलाई राम्रो लागेन । तर उनको विरूद्धमा केही बोल्न सकेनन् । उनीहरूले भक्तमती पुहलो**

बाईलाई हेर्ने इच्छा व्यक्त गरे । राजाले पुहलो बाईसँग आफ्नो घरमा सत्सङ्ग गर्न अनुरोध गरे । पुहलो बाईले सत्सङ्गका लागि तिथि तथा समय राजालाई दिइन् । सत्सङ्गका दिन रानीहरूले अति सुन्दर तथा मूल्यवान वस्त्र एवम् आभुषण धारण गरे । आफ्नो सुन्दरता देखाउन कुनै कसर बाँकी राखेनन् । रानीहरूले पुहलो साह्रै राम्री होलिन् भन्ने सोचेका थिए । भक्तमती पुहलो राजाको घरमा आइन् । उनले मैलो देखिने खद्दरको वस्त्र धारण गरेकी थिइन् । हातमा माला थियो । अनुहारको रङ पनि खासै सफा थिएन । उनलाई देखेर तीनैजना रानीहरू गलल्ल हाँसे र भने– यी हुन् पुहलो बाई, हामीले त साह्रै राम्री होलिन् भन्ने सोचेका थियौं । यो कुरा सुनेर भक्तमति पुहलो बाईले भनिन्ः

वस्त्र, आभूषण तन की शोभा, यह तन काच्चो भाण्डो ।
भक्ति बिना बनोगी कुतिया, राम भजो न रांडो ।

भावार्थ : सुन्दर वस्त्र तथा आभूषणले शरीरको शोभा बढाउँछ । यो शरीर काँचो घडा जस्तै नाशवान छ । यो शरीर क्षण भङ्गुर छ । के थाहा कुन कारणले, कुन आयुमा र कतिखेर दुःख आइ पर्छ । यदि भक्ति गरिनौ भने अर्को जन्म कुकुर्नीको हुन्छ, अनि निःवस्त्र भौतारिदै हिंड्नु पर्ने छ । त्यसैले "राण्डो" अर्थात् नारीहरू भक्ति गर भनेकी हुन् । "राण्ड" शब्द विधवाका लागि प्रयोग हुन्छ । तर सामान्य रीतिमा महिलाहरू आफ्ना प्रिय सखीहरूलाई प्रेमपूर्वक सम्बोधन गर्न पनि प्रयोग गर्छन् । अहिले शिक्षित भएकाले प्रयोग गर्दैनन् । भक्तमती पुहलो बाईले सत्सङ्ग सुनाइन् । कबीर परमेश्वर जीका साखीहरू सुनाइन्ः-

कबीर, राम रटत कोढी भलो, चूँ-चूँ पडे जो चाम ।
सुंदर देही किस काम की, जा मुख नाहीं नाम ।।
कबीर, नहीं भरोसा देही का, विनश जाए छिन माहीं ।
श्वांस-उश्वांस में नाम जपो, और यत्न कुछ नाहीं ।।
कबीर, श्वांस-उश्वांस में नाम जपो, व्यर्था श्वांस मत खोओ ।
ना जानें इस श्वांस का, आवन हो के ना होय ।।
गरीब, सर्व सोने की लंका थी, रावण से रणधीरम् ।
एक पलक में राज्य गया, जम के पडे जंजीरम् ।।
गरीब, मर्द-गर्द में मिल गए, रावण से रणधीरम् ।
कंस, केसि, चाणूर से, हिरणाकुश बलबीरम् ।।
गरीब, तेरी क्या बुनियाद है, जीव जन्म धरि लेत ।
दास गरीब हरि नाम बिन, खाली रह जा खेत ।।

भक्तमती पुहलोले यस संसारको वास्तविकताका साथै भक्ति बिना हुने कष्टको बारेमा पनि बताइन् । स-साना राज्यको टुक्रा प्राप्त गरेर तपाईं यत्रो गर्व गरी रहनु भएको छ, यी सब व्यर्थ छन् । लङ्काका राजा रावणले सुनको महल बनाएका थिए । तर सत्य भक्ति नगर्नाले राज्य पनि गयो, सुन पनि यहीं रह्यो र

नर्कका भागी भए । राजा तथा रानीहरूले उपदेश लिएर भक्ति गरे र जीवन धन्य तुल्याए ।

कबीर हरि के नाम बिन, राजा रषभ होय ।
मिट्टी लदे कुम्हार के, घास न नीरै कोय ।।

भगवानको भक्ति नगर्नाले राजाले गधाको शरीर प्राप्त गर्दछ । कुम्हालेको घरमा माटो ओसार्छ । घाँस स्वयम् जङ्गलमा खाएर आउँछ ।

फिर पीछे तू पशुआ किजै, दीजै बैल बनाय ।
चार पहर जंगल में डोले, तो नहीं उदर भराय ।।
सिर पर सींग दिए मन बौरे, दूम से मच्छर उडाय ।
कांधै जूआ जोतै कूआ, कोंदों का भुस खाय ।।

भावार्थ : गधाको शरीर पुरा गरेर त्यस प्राणीले गोरूको योनी प्राप्त गर्छ । मानव शरीरमा जीवलाई कति सुविधाहरू प्राप्त थिए । भोक लाग्ना साथ खाना खाऊ, दूध पिऊ, चिया पिऊ, प्यास लागे पानी पिऊ । तर भक्ति नगर्नाले त्यही प्राणी गोरू बनेर बिहानदेखि साँझसम्म चार प्रहर अर्थात् १२ घण्टासम्म जङ्गलमा चर्छ, हलोमा जोतिन्छ । दिनमा केवल दुई पटक दिउँसो १२ बजे तथा रातमा गोरूलाई आहार दिइन्छ र यस बिचमा उसलाई भोक लाग्यो भने जताततै खानेकुरा भएर पनि खान सक्दैन । हलीले उसलाई घाँस खान दिँदैन । पानी पनि समयमा दिनमा दुई वा तीन पटक दिइन्छ । टाउकोमा सिङ हुन्छ । एउटा पुच्छर हुन्छ । मानव शरीर भएको समयमा त्यो जीव कुलर, ए. सी. तथा पङ्खा भएको कोठामा बस्थ्यो । अहिले मात्र एउटा पुच्छर छ, यसलाई चाहे पङ्खाको रूपमा प्रयोग गर वा कुलर को रूपमा । त्यसैले मच्छर उडाउँछ ।

सत्सङ्गमा भनियो– परमात्माको विधान नबुझेर संसारको भावमा चल्नु घरमा कलहको कारण हो । घरका कुनै सदस्यले घरमा हानी पुऱ्याउन चाहदैन । कुनै कारणले हानी भयो भने त्यस विषयलाई लिएर कलह गर्नु हुन्न । हानी हुनु पर्ने कुरा त भइ सक्यो, त्यो त अब पहिलेको जस्तो हुदैन । व्यर्थको कलह गर्नु समझदारी होइन । यदि गल्तीवश कसैबाट हानी भइ हाल्यो भने उसलाई यसो भन्नु पर्छ– हे पुत्र-पुत्री, माता-पिता वा सासू-बुहारी ! यो जे भयो त्यो हाम्रो भाग्यमा थिएन । तिमीले जानी-जानी गरेको त होइन नि । यस कुराले घरमा शान्ति कायम रहन्छ । कलहमा कालले निवास गरेको हुन्छ । त्यस घरमा भूत प्रेतको बास हुन्छ । कलह नगर्ने व्यक्तिहरू सुखपूर्वक बस्दछन् । जुन घरमा परमात्माको भक्ति (आरति-स्तुति, ज्योति यज्ञ) हुन्छ, त्यस घरमा देवताहरूको बास हुन्छ ।

सत्सङ्ग सुनेर सबै आ-आफ्ना घर गए । सत्सङ्ग दिउँसो १२ बजे देखि २ बजे सम्म भएको थियो । बुहारीलाई सासू सत्सङ्गमा गएको कुरा थाहा थिएन । भोलिपल्ट विहानै बुहारीले भैंसी दुहेर दूधले भरिएको बाल्टिन छतमा झुण्ड्याइएको फलामको अंकुशमा सधैंको जसरी झुण्ड्याउन लागिन् । उनलाई बाल्टिन अंकुशमा

अड्किएको जस्तो लाग्यो तर बाल्टिनको कडा अंकुशको उल्टो तिर परेको थियो । बुहारीले बाल्टिन अड्कियो होला भन्ने ठानी हात छोडि दिइन् । बाल्टिन भुइँमा खस्यो । दूधको बाल्टिन खसेर दूध पोखिएको आवाज सुनी भतेरी आई । बुहारी दूधतिर हेर्नुको साँटो सासूतर्फ निराश अनुहारले हेर्न थालिन् । उनलाई केही बोल्नु उचित लागेन किनकि बुहारीलाई आफूले भनेका कुनै पनि सफाइका वचनहरू सासूले सुन्दिनन् भन्ने थाहा थियो । उनी सोच्न थालिन्– आजको सारा दिन कलहमा बित्ने भयो । साँझ पति आउने छन् र मलाई सासूले कुटाइ खुवाउने छिन् । हे परमात्मा ! यो के भयो ? यस्तो गल्ती त कहिल्यै भएको थिएन । हे सतगुरू ! केही त दया गर्नु होस् । म त हजुरको भक्ति पनि भुल्न थालेकी छु । मलाई त सारा दिन सासू आमाका श्लोकहरू मात्र याद रहन्छन् । भतेरीले भनिन्– छोरी ! जे हुनु थियो, त्यो भयो । आज हाम्रो भाग्यमा दूध लेखेको छैन । चिन्ता नगर । यो पोखिएको दूध हातले उठाएर भैंसीलाई खुवाइ देऊ । यसो भनेर भतेरी आफूले लिएको नाम दीक्षा जाप गर्न थालिन् । बुहारीलाई यी सब कुरा सुनेर आफ्नै कानप्रति विश्वास भइ रहेको थिएन । उनले सोचिन्– माता जीमा आज रेडियोको कुन स्टेशन समातियो खोइ ! भतेरीका झोलामा त यस्ता शितल वचन त थिएनन् । यिनमा त खल (दुष्ट्याइँ) भरिएको थियो । आसपासबाट निस्कदाँ पनि अनाप-सनाप बकि रहन्थिन् । बुहारीको नाम निशा थियो । उनी सोचि रहेकी थिइन्–

निशा आज निशा (रात्री) मे तेरी बुरी होगी दशा ।

निशालाई सासूले पतिलाई सबैकुरा भन्ने छिन् र आमाको कुरा सुनेपछि उनले मैले भनेका केही कुरा पनि सुन्दैनन् र राम्रो-नराम्रो सबै भन्ने छन् र सारा रात दिन रोएरै बित्ने छ । निशाले दूध सोरेर उठाई बाल्टिनमा राखेर भैसीलाई दिइन् । बाल्टिन धोएर राखिन् । भतेरी आइन् र भनिन्– छोरी ! रोटी खाऊ । चिन्ता नगर । छोरी ! हिजो म मेरी बहिनी दयाकौरसँग दिउँसो सत्सङ्गमा गएकी थिएँ । मेरो आँखा खुल्यो । म त बडो कलहरी (झगडालु) बनेकी थिएँ । छोरी हुन्छ भने मलाई माफ गर । पहिले जे भयो, भयो, अब उपरान्त आफ्नी छोरीलाई आँखामा राख्छु । मेरो त असली छोरी तिमी नै हौ । जन्मेका छोरी त अर्काका थिए, ती गए । हाम्रो सुख-दुःख पनि साझा हो । मेरो त एक दिनको सत्सङ्गले ने आँखा खोलि दियो । छोरी ! अर्को आइतबार तिमी पनि हिड्नु, म पनि जान्छु । विस्तारै विस्तारै छोरालाई पनि लैजानु पर्छ । निशाले आफ्ना गुरू जीको फोटो कपडामा लुकाएर राखेकी थिइन् । फोटो निकालेर चरणमा शिर राखी भनिन्– हे गुरूवर ! आज हजुरले आफ्नी छोरीको पुकार सुन्नु भयो । घर स्वर्ग बनाइ दिनु भयो । साँझ चत्तर सिंह आउँदा सासूले दूध पोखिएको कुराको विषय नै उठाइनन् । केही दिनपछि चत्तर सिंहलाई पनि नाम दिलाए । केही समय पश्चात् निशाका गुरू जी आउनु भयो । निशाले भनिन्– गुरू जी ! मेरी सासू आमा साह्रै असल हुनु हुन्छ । उहाँले पनि गुरू जीबाट नाम लिनु भएको छ । भतेरीले भनिन्– महाराज जी !

निशाले कहिल्यै दीक्षा लिएको कुरा बताइनन् । सायद यिनी मेरो कलहका कारण डराएकी थिइन् होला । मैले नाम लिएपछि मात्र बताइन् । यो यिनले राम्रै गरिन् । यदि पहिले बताएको भए मैले अझ दुःख दिने थिएँ र पापको भागिदार बन्ने थिएँ । निशाका गुरू जीले भने– माई भतेरी ! तिमी त आकाशबाट खस्यौ र खजुरमा अड्कियौ किनकि तिम्रो दीक्षा शास्त्रानुकूल छैन । सत्य साधना बिना मोक्ष हुन सक्दैन । जस्तो सही औषधि खानाले मात्र रोगबाट मुक्त भइन्छ । यसैगरी सत्य साधना गर्नाले जन्म मरणको रोगबाट मुक्ति प्राप्त हुन्छ । निशाले गुरू जीको कुराले सासू आमा रिसाउनु हुन्छ कि भन्ने ठानी बिचमा नै कुरा काट्दै भनिन्– गुरू जी मैले सुनेकी छु कि तपाईंले नयाँ पुस्तक लेख्नु भएको छ रे, त्यो किताब सङ्गतले छपाएका छन् । के हजुरले ल्याउनु भएको छ ? गुरू जीले भन्नु भयो– छोरी ! तिमीलाई दिनको लागि ल्याएको छु । यत्ति भनेर गुरू जी आफू बस्नु भएको कोठामा जानु भयो । त्यस कोठामा झोला थियो । निशा पनि साथ साथै गएर भनिन्– गुरूदेव ! बारूलाको गोलालाई नचलाउनु होस् । मुस्किलले शान्त भएकी छिन् । गुरू जीले भन्नु भयो– छोरी ! अब तिम्रो सासूलाई भक्तिप्रति पूरा रूचि छ । अब यिनले मान्ने छिन् । गुरू जी तीन दिन बस्नु भयो । तत्वज्ञान सम्झाउनु भयो । भतेरीले पनि गुरू फेरिन् र आफ्नो कल्याण गराइन् ।

सत्सङ्गले घर स्वर्ग बन्यो । चारैतिर शान्ति छायो । जहाँ दिनभर गाली गलौजको गोला बर्सन्थ्यो, अब त्यस घरमा परमात्माको ज्ञानको गंगा बग्न थाल्यो । भक्तमती निशाको गुरू जी परमेश्वर कबीर जी हुनु हुन्थ्यो, जो अन्य भेषमा सत्य भक्ति प्रचार गर्नका लागि घुम-फिर गर्नु हुन्थ्यो । उहाँले कुन प्रभुको भक्ति गर्नु पर्छ भन्ने कुरा बताउनु भयो । यसै पुस्तकको पृष्ठ २२१ मा पढ्नु होस् ।

**निष्कर्षः परमेश्वर कबीर जीले भन्नु भएको छः**

मन नेकी कर ले, दो दिन का मेहमान ।।टेक।।
मात-पिता तेरा कुटम कबीला, कोए दिन का रल मिल का मेला ।
अन्त समय उठ चले अकेला, तज माया मण्डान ।।१
कहाँ से आया, कहाँ जाएगा, तन छूटै तब कहाँ समाएगा ।
आखिर तुझको कौन कहेगा, गुरु बिन आत्म ज्ञान ।।२
कौन तुम्हारा सच्चा सांई, झूठी है ये सकल सगाई ।
चलने से पहले सोच रे भाई, कहाँ करेगा विश्राम ।।३
रहट माल पनघट ज्यों भरिता, आवत जात भरै करै रीता ।
जुगन-जुगन तू मरता जीता, करवा ले रे कल्याण ।।४
लख-चौरासी की सह त्रासा, ऊँच-नीच घर लेता बासा ।
कह कबीर सब मिटाऊँ, कर मेरी पहचान ।।५

**भावार्थः-** परमेश्वर कबीर जीले आफ्नो मनलाई सम्बोधन गरेर हामी प्राणीहरूलाई सचेत तुल्याउनु भएको छ– यस संसारमा हामी दुई दिन अर्थात् थोरै

समयका पाहुना हौं । यो थोरै समयको मानव जीवनमा आत्म ज्ञानको अभावले अनेकौ पाप जम्मा गरेर अनमोल मानव जीवन नष्ट गरी जान्छौ । धन कमाउने तरिका त संसारका मानिसहरूले बताउन सक्छन् तर आत्मज्ञान अर्थात् जीव कहाँबाट आयो? मनुष्य जीवनको मूल उद्देश्य के हो ? जस्ता कुराको ज्ञान गुरूदेवबिना कसैले बताउन सक्दैन । सतगुरू धारण नगरी अर्थात् दीक्षाबिना जीवको मानव जन्म नष्ट हुन्छ । चाहे पृथ्वीको राजा नै बन, तर भविष्यमा पशु योनी प्राप्त हुने छ । गुरू जीको ज्ञान तथा दीक्षा (मन्त्र) बिना जन्म-मरणको चक्र समाप्त हुन सक्दैन । जन्म-मरणको चक्र समाप्त नभए सम्मको लागि यसो भनिएको छः-

यह जीवन हरहट का कुँआ लोई । या गल बन्धा है सब कोई ॥
कीड़ी-कुंजर और अवतारा । हरहट डोर बन्धे कई बारा ॥

भावार्थः- जस्तो रहटको कुवाँमा फलामको चक्री लगाइएको हुन्छ । त्यस माथि बाल्टिन वेल्ड गरेको (जोडेको) हुन्छ । पहिले गोरू वा ऊँटद्वारा कोल चलाइए जसरी रहट पनि चलाइन्थ्यो । (पहिले यसको प्रयोग अत्याधिक हुन्थ्यो) रहटमा लगाएको बाल्टिन तल कुवाँबाट पानी भरेर ल्याउँछ । माथि पानी खन्याएर खाली हुन्छ । यो चक्र सदा चलि रहन्छ । यसैगरी पृथ्वी रूपी कुवाँबाट पाप तथा पुण्यहरूको बाल्टिन भरेर माथि स्वर्ग-नर्कमा खाली गऱ्यो । यसरी जन्म-मरणको चक्रमा जीव सदा रहि रहन्छ । माथिका शब्दहरूमा निम्न कुराहरू सम्झाइएको छ– एक दिन संसारमा नै धन, परिवार सबै छोडेर एक्लै जानु पर्छ । अनि फेरि अन्य कुनै ठाउँमा जन्मेर यही क्रिया गरेर जान्छ । यदि तपाई घरबाट कुनै अन्य शहरमा जानु हुन्छ भने जानुभन्दा पहिले नै त्यहाँ जादै छु भन्ने कुरा निश्चय गर्नु हुन्छ । तर संसार छोडेर जाँदा कहाँ विश्राम गर्ने भन्ने कुरा कहिल्यै विचार गर्नु हुन्न । हे जीव ! चौरासी लाख प्रकारका प्राणीहरूको शरीरमा प्रताडना सहन्छ । मर्दछ-जन्मन्छ (नयाँ प्राणीको जीवन प्राप्त गर्दछ ।) कहिल्यै राजा बनेर उच्च बन्दछ, कहिल्यै कङ्गाल बनेर निच कहलिन्छ । परमात्मा कबीर जी सम्झाउनु हुन्छ– अवतारगण (राम, कृष्ण आदि) पनि सत्य साधना प्राप्त नभएकोले जन्म-मरणको चक्रमा परेका छन् । सत्य साधना मसँग छ । हे प्राणी ! तिमी मलाई चिन । म समर्थ परमात्मा हूँ । म तिम्रो जन्म-मरणको सारा झञ्झट समाप्त गरि दिन्छु ।

(शब्द नं२)

नाम सुमरले सुकर्म करले, कौन जाने कल की ॥
खबर नहीं पल की (टेक)
कोड़ि–२ माया जोड़ी बात करे छल की,
पाप पुण्य की बांधी पोटरिया, कैसे होवे हल्की ॥१ ॥
मात-पिता परिवार भाई बन्धु, त्रीरिया मतलब की,
चलती बरियाँ कोई ना साथी, या माटी जंगल की ॥२ ॥

तारों बीच चं›मा ज्यों झलकै, तेरी महिमा झला झल्की,
बनै कुकरा, विष्टा खावै, अब बात करै बल की ।।३ ।।
ये संसार रैन का सपना, ओस बूंद जल की,
सतनाम बिना सबै साधना गारा दलदल की ।।४ ।।
अन्त समय जब चलै अकेला, आँसू नैन ढलकी,
कह कबीर गह शरण मेरी हो रक्षा जल थल की ।।५ ।।

भावार्थः- परमात्मा कबीर जीले भन्नु भएको छ— हे भोलाभाला मानव (स्त्री/पुरूष) ! परमात्माको नाम जाप गर तथा शुभ कार्य गर । भोलि अर्थात् भविष्यमा के दुर्घटना हुने हो थाहा छैन । एक पलको पनि ज्ञान छैन ।

छलकपट नगरी धनको सङ्ग्रह हुदैन, जसबाट केही धर्ममा पनि खर्च गर्दछ। यसरी पाप र पुण्यको दुईवटा पोको बाँध्यो । यो भारी कसरी हलुका हुन्छ ? पाप नर्कमा र पुण्य स्वर्गमा भोग्दछ । माता-पिता, भाइ-बहिनी, पत्नी आदि आफन्तहरूले आ-आफ्नो मतलबका कुरा सोच्दछन् । पूर्व जन्महरूका कारण पारिवारिक रूपमा जोडिएका हुन्छन् । ज-जसको समय पूरा हुन्छ, संस्कार समाप्त हुन्छ, अनि तत्काल परिवार छोडेर जान्छ । जस्तो रेलको डिब्बामा यात्रीहरू भरिएका हुन्छन्, ज-जसले जहाँ-जहाँ सम्मको टिकट लिएका हुन्छन्, त्यहाँ-त्यहाँ ओर्लेर जान्छन् । यो परिवार रेलको डिब्बा जस्तै हो । मृत्यु उपरान्त यो शरीर माटो हुन्छ । त्यस समय तिम्रो परिवारको कुनै सदस्य पनि साथी हुदैनन् । एकजना मानिस आफ्नी श्रीमतीलाई असाध्यै माया गर्थ्यो । ऊ वृद्ध भयो, मृत्यु नजिक थियो । उसले आफ्नी पत्नीलाई तिमी मसँगै जान्छौ भनी सोधे । श्रीमतीले तत्काल अस्वीकृती जनाउँदै भनिन्— हुदैन, हुदैन, म तिमीसँगै मर्दिनँ, तिमी भन्दा तीन वर्षकी कान्छीछु । त्यसदिन वृद्धलाई आघात पर्‍यो । वृद्धले श्रीमतीसँग कुरा गर्न पनि छोडि दियो । श्रीमती नजिक आउँदा मुख फर्काउँथ्यो । कसैले के भयो भनी सोध्दा केही पनि होइन भन्थ्यो । ६० वर्षको साथमा त्यस वृद्धलाई पहिलो पटक कोही कसैको होइन भन्ने महसुस भयो । यदि वृद्धामा समझ भएको भए र वास्तविक प्रेम भएको भए मलाई पनि आफूसँगै लैजाऊ भन्ने थिई । वृद्धले साथमा त के लान्थे र ? उसको मन खुशी हुने थियो । सजिलै मर्ने थियो । समयभन्दा पहिले वृद्धालाई कसले मार्न सक्थ्यो ? यसबाट वास्तविक प्रेमको कुरा टाढाको कौडी हो र सबै स्वार्थका कारण जोडिएका छन् भन्ने सिद्ध हुन्छ । हे मानव ! पूर्व जन्मको जप-तप तथा धर्म संस्कारका कारणले अहिले मन्त्री, प्रधानमन्त्री, वा उच्च अधिकारी बनेर रातमा ताराहरूका बीचमा चन्द्रमा शोभायमान भए झैं सुशोभित भइ रहेका छौ । यदि सत्सङ्ग विचार सुनेनौ भने आत्मज्ञानको अभावमा परमात्माको भक्ति नगरी भविष्यको जन्ममा कुकुर बनेर विष्टा (मल-मुत्र) खाने छौ । अहिले तिमी आफ्नो बल अर्थात् शारीरिक शक्ति, पद आदिको कुरा गर्दछौ । पछि पशु बनेर महान कष्ट भोग्ने छौ ।

नर से फिर पशुवा कीजै, गधा-बैल बनाई । छप्पन भोग कहाँ मन बोरे, कुरड़ी चरने जाई ।।

संसारमा तिम्रो जीवन विहानको शितको थोपा घाँसमा चम्कि रहे जस्तै छ, जुन केही समयमा नै समाप्त हुन्छ । यसैले पूर्ण सतगुरूबाट सतनाम अर्थात् सच्चा नाम जापको मन्त्र लिएर भक्ति गरी जीवको कल्याण गराऊ । सच्चा शास्त्रानुकूल भक्ति मन्त्रको अतिरिक्त शास्त्र विरूद्धका सबै साधना दलदलको भास समान हो । त्यसबाट निकाल्नुको साटो झन दोब्बर रूपमा फसाउँछ । त्यो साधना परमेश्वर कबीर जीसँग थियो तथा केही सन्तहरूलाई उहाँले बताउनु भएको थियो, तर अरूलाई बताउनका लागि भने निषेध गर्नु भएको थियो । अहिले (सन् १९९७ बाट) म दास (रामपाल) सँग छ । म बाहेक वर्तमानमा कुनै पनि सन्त वा गूरूसँग शास्त्र प्रमाणिक भक्ति छैन । आउनु होस्, दीक्षा लिनु होस् र आफ्नो तथा आफ्नो परिवारको जीवन सफल बनाउनु होस् । यदि तपाईंले म (रामपाल) बाहेक अन्य कुनै पन्थका गुरू वा सन्तबाट दीक्षा लिनु भयो भने आकासबाट खसेर खजुरमा अड्केजस्तै हुने छ । न घरको रहनु हुने छ, न घाटको । म (लेखक) पहिले गाउँ गाउँमा सत्सङ्ग गर्थें । मेरो सत्सङ्ग सुन्थे, जसले आत्मामा हलचल उत्पन्न गर्थ्यो । मबाट नाम दीक्षा लिदैनथे । अन्य सन्तहरूबाट दीक्षा लिन्थे । त्यहाँबाट कुनै लाभ भएन र मबाट दीक्षा लिएपछि सुखी भए ।

उपरोक्त सत्सङ्ग वचनहरूको निष्कर्ष :- यदि सत्सङ्गका विचार सुन्ने अवसर प्राप्त भयो भने घर स्वर्ग बन्छ । सत्सङ्ग बिना नर्क तुल्य जीवन जिउनु पर्छ ।यसरी विश्व उद्धार सम्भव छ । सबैले प्रेम तथा मायाले जीवन यापन गरेर मोक्ष प्राप्त गर्न सक्छन् । यो अति अनिवार्य छ ।

## वर्तमानका केही सत्य कथाहरू

"भक्त सुरेश दासको उजाडिएको परिवार हराभरा तुल्याउनु भयो"

डींघल पान्ना गंजा गाउँ, भक्तको नाम सुरेश अहलावत तथा भक्तमतीको नाम यशवन्ती ।

भक्त सुरेशमा रक्सी, सुल्फा, सूर्तिको लत थियो भन्ने कुराका लागि डीघल गाउँ साक्षी छ । घरलाई बर्बाद तुल्याएका थिए । यशवन्ती बहिनी (सुरेशकी पत्नी) असाध्य रोगले पीडित थिइन् । कम आयुका दुई छोरा थिए । उनीहरू बुवालाई घर आएको देख्नासाथ लुक्थे । घरमा झगडा भइ रहन्थयो । यशवन्ती बहिनीको एउटा भाइ हरियाणा पुलिसमा डी. एस. पी. थिए । उनी सेवा निवृत्त भइ सकेका थिए । उनको नाम भक्त राजेन्द्र सिंह राठी भापडोदा गाउँका निवासी थिए । उनले बहिनीको उपचारमा कुनै कसर छोडेका थिएनन् । तर सारा मिहिनेत व्यर्थ रह्यो । मेरा एक भक्त हरियाणा पुलिसमा नोकरी गरि रहेको छ, ऊ आर्य समाजका महान प्रचारक श्री जौहरी सिंह जीका छोरा हुन् । (जसराना गाउँ, सोनीपत जिल्ला)

यिनीसँगै मेरा कान्छा भाइ महेन्द्र सिंह पनि हरियाणा पुलिसमा नोकरी गर्थ्यो । उसको सन् २०१६ मा रिटायर हुनु थियो । तर परमार्थी मिशनको उद्देश्य बुझेर सन् २००५ मा रिटायरमेन्ट लिएर मलाई सहयोग गर्न थाल्यो । मेरो भाइ रोहतकका एस. पी.को ड्राइभर थिए ।भक्त जयवीर मलिक झज्जरका डी. एस. पी. को ड्राइभर थिए । दुबैजना भेट भएपछि मेरो भाइ ऊसँग यस ज्ञानको बारेमा चर्चा गर्थ्यो । पहिले त आर्य समाजी भएका कारण भक्त जयवीर जी साह्रै दुःखी भए । आफ्ना आचार्यहरूसँग भेटे तर अन्तमा सत्य आफ्नै आँखाले देखेपछि सत्यता यही हो भनेर स्वीकार गरे । उसले सन् १९९४ मा मबाट दीक्षा लियो । सन् १९९५–१९९६ सम्म भक्त राजेन्द्र सिंह राठी झज्जरमा कार्यरत थिए तथा जयवीर जी उनको ड्राइभर थिए । भक्त राजेन्द्र जीका एक भाइ पुलिसमा नोकरी गर्थे । बहिनी यशवन्तीको जस्तो विमारी उसलाई पनि थियो । यही रोगका कारण सन् १९९५ मा उसको मृत्यु भयो । ड्राइभर भएको कारणले भक्त जयवीर पनि डी.एस.पीका साथमा उनको घर गए । सारा हालत थाहा भयो । फर्केर आएपछि एक दिन जयवीरले डी.एस.पी. साहेबसँग परिवारलाई बचाउन चाहनु हुन्छ भने सन्त रामपाल जीबाट दीक्षा लिनुहोस् भनेर अनुरोध गरे । पहिले त उनले मानेनन् तर परख गर्नका लागि आफ्नी बहिनी यशवन्तीलाई कान्छो भाइ सुरवीरका साथमा दीक्षा लिन पठाए । यो दास (रामपाल दास) सिंचाई विभागमा जुनियर इन्जीनियर (J.E) को पदमा कार्यरत थियो । गुरू जीको आदेशले दीक्षा दिन तथा प्रचार गर्न थालेको थियो । मिशनको उद्देश्यसँग परिचित भएर जनहित तथा जगहितका लागि सन् १९९५ मा जागिरबाट राजिनामा दिएर प्रचार-प्रसारमा लागेको थियो । (राजिनामा हरियाणा सरकारबाट स्वीकृत भएको हो ।) गाउँ-गाउँमा सन्त गरीबदास जी महाराजका वाणीको अखण्ड पाठ, सत्सङ्ग गर्दथ्यो । यो अनुष्ठान तीनदिन सम्म चल्थ्यो । ज्ञान सम्झाएर खराब आचरण छुटाएर दीक्षा दिइन्थ्यो । यसकारण उपदेशी (दीक्षित) लाई आश्चर्यजनक लाभ हुन्थ्यो । यसै क्रममा एक दिन सन् १९९६ मा पंजाबखोड गाउँ (दिल्ली) मा भक्त जगदिश जीको घरमा पाठ चलि रहेको थियो । भक्त जगदीश पनि प्रथम श्रेणीका जँड्याहा, रक्सी पिएर उत्पात मच्चाउने व्यक्ति थिए । उनी D.T.C दिल्लीमा नोकरी गर्थे । उनकी पत्नीको असाध्य विमारी पनि म दासबाट दीक्षा लिएपछि ठीक भएको थियो । गर्ने परमात्मा हुन् तर उनको शक्ति सन्तको माध्यमबाट आउँछ । जस्तो तारद्वारा बिजुली आउँछ, तर तार बिजुली होइन । यसैगरी भलै सन्त परमात्मा होइनन् तर तार भने अवश्य हुन् । त्यस समय बहिनी यशवन्तीको जिभ्रोले काम गर्न छोडी सकेको थियो । उनी लाटी भइ सकेकी थिइन् । सुखबीर जी आफ्नी बहिनी यशवन्तीलाई लिएर साझँ भक्त जगदीश जीको घरमा आए । मलाई सारा समस्या बताए । ती दुई दाजु र बहिनी सत्सङ्ग सुनेर राति त्यहीं बसे । बहिनी यशवन्तीलाई नाम दिलाए, प्रसाद खुवाए । बिहानी पख उठेर उनले आफ्ना दाजुलाई भनिन्– दाजु ! म बोल्न सक्ने भएँ । म ठीक भएँ । यो चमत्कार देखेर दुबै दाजु-बहिनी उपस्थित व्यक्तिहरू (सत्सङ्ग सुन्न र भोग

लाग्ने समयमा जो-जो पुगेका थिए) लाई यो त कमाल भयो भनेर सुनाइ रहेका थिए । त्यसपछि डी. एस. पी. साहब, सम्पूर्ण परिवार तथा आफ्तहरूले दीक्षा लिए । आज सबै सकुशल छन्, भक्ति गरि रहेका छन् । भक्त सुरेश प्रथम श्रेणीको जँड्याहा थियो । आफ्नी पत्नीलाई निको भएको देखेर सत्सङ्गमा आउन थाल्यो । रक्सी तथा सारा नशा त्यागेर नाम लिई सुध्रियो । त्यसबेला सम्म कुनै आश्रम बनेको थिएन । गाउँ-गाउँमा प्रचार गरिन्थ्यो । अहिले बहिनी यशवन्तीको गाउँ डींघलमा उदाहरण छ–

सुरेश चौधरी भक्त बन्यो, सारा खराब आचरण त्यागि दियो । दुबै छोराहरू एकै दिन दिल्ली पुलिसमा भर्ना भए । मानिसहरूलाई पैसा घुस दिएर छोराहरूलाई पुलिसमा भर्ती गराए होला भन्ने लाग्यो होला । तर तपाई स्वयम् जाँच गर्न सक्नु हुन्छ, एक पैसा पनि कसैलाई दिएका थिएनन्, यो नै सत्य हो । दुबै छोराको विवाहमा एक रूपियाँ भन्दा बढी केही लिएनन् । यो पनि जाँचको विषय हो । यस्ता-यस्ता अनेकौं उदाहरण छन् । यो कथा बताउनुको मेरो उद्देश्यः जस्तो गीता अध्याय १६ श्लोक २३ र २४ मा भनिएको छ– शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्नेलाई परमात्माबाट कुनै लाभ प्राप्त हुदैन । शास्त्रोक्त भक्ति गर्नाले परमात्माको शक्तिले सम्पूर्ण असम्भव सिद्ध पनि हुन्छ । मोक्ष पनि प्राप्त हुन्छ । ऋग्वेद मण्डल १० सूक्त १६१ मन्त्र २ मा पनि प्रमाण छ– परमात्माको भक्ति गर्नेको असाध्य रोग पनि नष्ट हुन्छ । यदि रोगी मृत्युको मुखमा पुगेको छ भने पनि सत्य भक्ति गर्नेहरूलाई स्वस्थ तुल्याएर परमात्माले सतप्रतिशत आयु प्रदान गर्दछन् अर्थात् पूरा आयु जीवित रहन्छ ।

जस्तो पहिले बिजुलीको विस्तार भएको थिएन, त्यस समय हाम्रा आमा दिदी, बहिनीहरू हातले चलाइने जाँतोमा पिठो पिस्ने गर्दथे । पुरूषहरू बन्चरोको सहयोगले हातले नै पशुहरूको चारा (शानी, टुक्रा पारेर काटेको घाँस) काट्ने गर्थे । फेरि हातले चलाउने मेशीनको आविष्कार भयो । त्यो पनि कठीन कार्य थियो । अहिले बिजुलीको शक्तिले आँटा-चक्की चल्छ, शानी (घाँस) काट्ने मेशीनहरू चल्दछन् । असम्भव कार्य भइ रहेको छ । छिटो तथा सजिलो भइ रहेको छ । यसको लागि बिजुलीको विधिवत् कनेक्शन लिनु पर्छ बिजुलीको मर्यादाको पालना गर्नु पर्छ । अन्यथा सुखदायी बिजुली बिनाशको कारण बन्दछ । यसैगरी परमात्माको कनेक्शन लिनु पर्छ र परमात्माका मर्यादाहरूको पालना गर्नु पर्छ । तब सम्पूर्ण सुख तथा मोक्ष परमात्माले दिन्छन् । मर्यादा भङ्ग हुनाले परमात्माको शक्ति आउन बन्द हुन्छ । सम्पूर्ण सुविधाहरू प्राप्त हुन बन्द हुन्छ ।डीघल गाउँका मानिसहरूले ती झूठा आचार्यहरूको कुरा मानेर करौंथा आश्रममा जाने आफ्ना गाउँका अन्य मानिसहरूलाई रोक्ने गर्थे । त्यसबेला भक्त सुरेश जी तथा बहिनी यशवन्ती जी हात जोडेर भन्ने गर्थे– राम-राम मार चाहे छोड, हामी आश्रममा जान छोड्दैनौं हाम्रो घर त्यहीबाट

हराभरा भएको हो । नत्र त आज हामी उजाडिएको हुन्थ्यौं । परमात्माले तिनीहरूको सच्चा भक्तिको फल पनि यसरी नै दिएका छन् ।

भक्त सुरेशको मो.न. +९१-९०३४०२९४९५ हो ।

## सत्सङ्ग नसुन्नाले सर्वनाश भयो

कबीर, राम-नाम कड़वा लागै, मीठे लागें दाम । दुविधा में दोनों गए, माया मिली ना राम ।।

मेरा (रामपाल दासको) पुज्य गुरूदेव जीको आश्रम पंजाब प्रान्तमा "तलवण्डी भाई की" नामक कस्बे (सानो सहर) मा छ । उहाँ सतलोक जानु भएपछि उहाँको दास (रामपाल दास) महिनाको दोस्रो आइतबार सत्सङ्ग गर्न जान्थ्यो । मेरा गुरूदेब जीका शिष्यहरू मध्ये केही "तलवण्डी भाई की" कस्बेका सेठ पनि छन् । तिनका आफन्तहरू शुक्रबारको दिन एक वृद्धाको मृत्युमा शोक प्रकट गर्न सपरिवार आएका थिए । उनीहरू शनिबारका दिन २ बजेपछि दुई पहरमा आफ्नो घर चण्डीगढ जान लाग्दा सत्सङ्गी आफन्तहरूले उनीहरूसँग भने– आज पनि यहीं बस्नु होस्, भोलि बिहान ८-१० बजे सत्सङ्ग हुन्छ । तपाईंहरू सत्सङ्ग सुनेर प्रसाद लिई जानु होला । आफ्न्तहरूले भने– भोलि आइतबार एउटा पार्टी आउँछ, दुई बजे उनीहरूसँग सम्झौता गर्नु छ, जसमा मलाई पाँच लाख फाइदा हुन्छ । यो घटना सन् १९९८ को हो । सत्सङ्गीहरूले आग्रह गरे– तपाईंहरू आइतबार एघार बजे विहान हिड्नु भयो भने पनि समयमा पुग्न सक्नु हुन्छ । केही बिलम्ब हुन्छ भनेर उनीहरूलाई सूचित गरे पनि भइ हाल्छ नि । तर तिनले मानेनन् । उनको परिवारमा जम्मा चार सदस्य थिए, श्रीमती छोरा र छोरी । चारै जना आफ्नो मारूति कारमा बसेर चण्डीगढ जानका लागि शनिबार नै हिंडे ।

चण्डीगढ नपुग्दै केही वरै अम्बाला शहर नजिक बाजराले भरिएको एउटा ट्रक बिग्रिएर रोकी राखेको थियो । त्यसको पछाडिको चक्का निकालेको थियो । ज्याक लगाएर राखेको थियो । मायाको लोभीले केवल पाँच लाखको फाइदा देखि रहेको थियो । कार पूरा गतिमा चलाइ रहेको थियो । कार त्यस बाजराले भरिएको गाडीमा पस्यो, ज्याक फुस्कियो । सारा परिवार थिचियो । बडो दुःखका साथ भन्नु परेको छ– यदि सत्सङ्ग सुन्नका लागि बसेको भए यो विनाश हुने थिएन । माया नभए पनि काम चल्थ्यो तर शरीर नभए केही चल्दैन किनकि शरीर भए मात्र परमात्माको भक्ति गरेर आत्म कल्याण गराउन सकिन्छ । परमेश्वर कबीर जीले सचेत तुल्याउनु भएको छः

कबीर, रामनाम कड़वा लगै, मीठे लागें दाम ।
दुविधा में दोनों गए, माया मिली ना राम ।।

त्यसैले हे भाइ-बहिनीहरू ! सत्सङ्गमा रूचि राख, आत्म कल्याण गराऊ र जीवनको मार्गलाई सहज बनाऊ ।

## "सत्सङ्गमा जानाले ठूलो विपत्ति पनि टर्छ"

कबीर, संत शरण में आने से, आई टलै बला ।
जै भाग्य में सूली हो, कांटे में टल जाय ।।

एउटा गाउँमा सन्तको आश्रम थियो । आश्रम गाउँबाट लगभग दुई किलोमिटर पर थियो । त्यस गाउँका कैयौं परिवार सन्त जीका शिष्य थिए । सन्त जी त्यस आश्रममा वर्षको दुई पटक मात्र आउँथे । उनका साथमा केही स्थायी शिष्य पनि आउँथे । ती सन्त आफ्नो मण्डलीका साथमा प्रत्येक पटक दुई महिना त्यस आश्रममा बस्थे । अनि अन्य आश्रममा जान्थे । सन्त जी आफ्नो कार्यक्रम अनुसार दुई महिनाका लागि आएका थिए । त्यस गाउँका भक्तहरूले आ-आफ्नो घरबाट भोजन ल्याउने व्यवस्था मिलाएका थिए । आश्रममा बस्नेहरूलाई एउटा परिवारले एक दिनको भोजन घरमा बनाएर ल्याएर खुवाउँथे । आफ्ना गुरू जीलाई खिर, रोटी, तरकारी आदि उत्तम भोजन खुवाउने चाहना प्रत्येक भक्तको थियो । एउटा परिवारले भोजन गराउने दिन थियो । त्यस दिन दूध बिग्रियो । त्यस माता जीको नाम कस्तुरी थियो । उनकै छिमेकीमा दुई आमा-छोराको एउटा परिवार थियो । छोरा दुई वर्षको हुँदा ती माता जी रामोका पतिको निधन भएको थियो । तिनले एउटा घटना देखेकी थिइन्— उनको परिवारमा अर्को दादसरे (बुवा पट्टीको हजुरबुवाको) सन्तानमा एउटी बुहारी विधवा भई । ३ वर्षको एउटा छोरो थियो । उसले आफ्नो देवरसँग विवाह गरी । देवर पनि विवाहित थियो । देवरबाट पनि उसले एउटा छोरो जन्माई । देवर-देवरानीले उसलाई मजदुरलाई जस्तो व्यवहार गर्थे । रूखा-सुखा, झुठो खानेकुरा पहिले छोरालाई अनि आमालाई दिन्थे । यसैकारण छोरोले ठूलो भएपछि आत्महत्या गर्नु पऱ्यो । ऊ पनि पागल भएर कतै गई । (सबै देवर तथा जेठाजु खराब हुँदैनन्) त्यस घटनालाई सम्झेर त्यस रामो बहिनीले देवर तथा जेठाजुसँग विवाह गरिनन् । (लत्तो छोडिनन्) मेहनत-मजदुरी गरेर आफ्नो छोरो कर्मपालको पालन-पोषण गरिन् । केही विघा जमीन पनि थियो । त्यसैमा मेहनत गरेर गाई भैंसी पनि पालेकी थिइन् । छोरालाई राम्रोसँग दूध-घ्यू खुवाउँथिन् । उनी विचार गर्थिन्— छोरो चाँडै जवान हुन्छ, विवाह गरि दिन्छु, यसले आफ्नो काम सम्हाल्छ र म सुखको जीवन जिउँछु । तर सत्सङ्ग बिना ज्ञान हुदैन, ज्ञान सतगुरूले दिनु हुन्छ । जत्ति सुकै धनसम्पत्ति भए पनि भक्ति बिना जीव सुखी हुदैन । शिरमा पिताको साया थिएन । छोरा आमाको चाहिने भन्दा बढीको मायाले बिग्रिन्छ । आमाका स्वभाव आफ्नो सन्तानलाई सम्भव भएसम्म सारा सुख दिने हुन्छ । भनिन्छ— रांडी (विधवा) को छोरा र रंडा (विधुर) को छोरी आवारा हुन्छे (बिग्रन्छे) । किनकि कामको व्यस्तताको कारण पिताले छोरीको क्रियाकलापमा ध्यान दिन सक्दैन र आमाले पनि छोराको क्रियाकलापमा ध्यान दिन सक्दिनन् तर छोरीलाई भने आफ्नै साथमा राख्छिन् । यसैकारण कर्मपाल नशा सेवन गर्न थाल्यो । आमासँग झगडा गरेर रूपियाँ तथा बाजरा-ज्वार, चना आदि लगेर बेची नशा सेवन

गर्न थाल्यो । आमा दिनभरि रोएर बस्थिन् । सोचेको के थिएँ तर यो कस्तो कर्मगति हो ? झन्-झन् सबै विपरीत भइ रहेको छ भन्दै सधैं चिन्तित रहन लागिन् र दुब्ली-पातली हुदै गइन् । भक्तमती कस्तुरी आफ्नी छिमेकी रामो (रामप्यारी) को घरमा गइन् । पहिले कुशल-मङ्गलको औपचारिकता पूरा गर्दै छोरा के गर्दैछ र आमा-छोरा कस्तो छौ भनेर सोधिन् । यो कुरा सुनेर रामप्यारी रून थालिन् र भनिन्– बहिनी ! कस्तो पनि छैन । छोरा बिग्रिएको छ । नशा सेवन गर्छ । भनेको मान्दैन । झगडा मात्र गर्छ । केही भन्यो गाली-गलौज गर्न थाल्छ । तपाईंलाई त थाहै छ– परिवार तथा गाउँका मानिसले जेठाजुसँग विवाह गर्नका लागि कत्रो दवाव दिएका थिए । मैले राजवंतीको घटनाबाट तर्सेर छोरालाई सुखी देख्नका लागि जेठाजुसँग विवाह गरिनँ । आज यसले त्यसभन्दा पनि ठूलो दुःख दियो । कतै जाऊँ वा आत्महत्या गरूँ जस्तो लाग्छ । भक्तमती कस्तुरीले भनिन्– दिदी ! गलत कुरा सोच्नु हुदैन । ठूलो भएपछि सुध्रिन्छ । तिमी मऱ्यौ भने के थाहा काका-ठूलाबुवाहरूले सारा जमीन हडप्ने छन् । तिम्रो छोरालाई अझ नशा खुवाएर मार्ने छन् । यस्तो विचार नलेऊ । एउटा काम गर, तिमी मसँग सत्सङ्गमा जाने गर । यहाँ एक्लै बस्दा यस्तो विचार आइ रहन्छ । सुकेर सिन्का भएकी छौ । रामप्यारीले भनिन्– हुन्न, बहिनी हुन्न । त्यसै पनि नगरका मानिसहरूले सङ्काको नजरले हेर्छन् । कुनै कामले कोही व्यक्ति घरमा आउँदा छतमा चढेर एउटा आँखाले हेर्छन् ।तिम्रो त पति छन् । म सत्सङ्गमा गएँ भने जिउन हराम गरि दिने छन् । मैले मर्नै पर्छ । बहिनी भन, तिमी आज एका बिहानै के कत्ति कामले आयौ ? कस्तुरीले भनी– तिमीलाई त थाहै छ, हाम्रा गुरू जी आश्रममा बस्नु भएको छ । आज भोजन गराउने मेरो पालो हो । खिर पकाउनु थियो दूध बिग्रियो । केही दूध आज पैंचो देऊ, भोलि फिर्ता गरि दिन्छु । यो सुनेपछि रामप्यारीमा करेन्ट आए जस्तो भयो र किल्लामा झुण्डाएर राखेको दूधको बाल्टिन ल्याएर सबै दूध कस्तुरीको बाल्टिनमा खन्याइ दिइन् । कस्तुरीले केही दूध आफूलाई पनि राख भन्दा रामप्यारीले भनिन्– बहिनी ! खोई के थाहा, कुन जन्मको पुण्य उदय भएको हो, म अभागिनीको दूध पुण्यकार्यमा लाग्ने छ । बहिनी, लैजाऊ, सन्त तथा भक्तहरूलाई भोजन गराऊ । कस्तुरी बहिनी आश्चर्यचकित भइन्र मन मनै सोचिन्– म सत्सङ्गी हुँदा हुदै पनि साराका सारा दूध दिदैनथें । एक दुई लिटर राख्थें । बहिनी रामप्यारीलाई सत्सङ्गको प्रेरणा आवश्यक छ । त्यस दिन त कस्तुरीसँग समय थिएन, अर्को दिन ११-१२ बजे रामोको घर गइन् । गाउँका महिलाहरू १२ बजे देखि २ बजेसम्म कुरा गर्न जम्मा हुन्छन् । गुरू जीबाट सत्सङ्गमा सुनेका कुराहरू दुई घण्टासम्म सबै बताइन् । तर लोकलाजका कारण रामो मान्न तयार थिइनन् । बहिनी कस्तुरीले भनी– बहिनी तिमीले मीरा बाईको नाम सुनेकी छ्यौ ? रामोले भनिन्– सुनेकी छु, श्री कृष्णकी भक्तिनी थिइन् । कस्तुरीले भनिन्– उनी मन्दिरमा जान्थिन् । ठाकुर परिवारमा जन्मेकी थिइन् । महिलाहरूलाई घरबाट बाहिर जान प्रतिबन्ध थियो तर मीरा बाईले कसैको प्रवाह गरिनन् । अनि उनको विवाह राजासँग भयो । राणा जी धार्मिक

विचारका थिए । उनले मीरा जीलाई मन्दिर जानबाट रोकेनन्, तर लोक चर्चाबाट बच्न मीरा जीको साथमा ३-४ जना सुसारेहरू पठाउन थाले । यसकारण सबै ठीकसँग चलि रहेको थियो । केही वर्ष पश्चात् मीरा जीको पतिको मृत्यु भयो । देवर राजगद्दीमा बसे । उसले कूलका मानिसहरूले भनेपछि मीरा जीलाई मन्दिर जान निषेध गरे तर मीराबाईले मानिनन् । जसकारणले राजाले मीरालाई मार्ने षडयन्त्र रचे । यस्तो जुक्ति निकाल्नु पर्‍यो, जसले मीरा पनि मरोस् र बदनामी पनि नहोस् भन्ने विचार गरे । राजाले यसलाई कसरी मार्ने भन्ने विषयमा बडो विचार गरे र सपेरालाई डिब्बा खोल्ना साथ खोल्ने मान्छेलाई डसोस् र व्यक्ति पनि मरोस्, यस्तो सर्प ल्याऊ भने । यस्तै भयो । राणा जीले आफ्नो छोरोको जन्म दिन मनाए । त्यस अवसरमा आफन्त तथा गण्यमान्य व्यक्तिहरूलाई आमन्त्रित गरे । राजाले मीरा जीकी सुसारेसँग भने– यो बहुमूल्य हार हो । मेरो छोरोको जन्मदिन छ । टाढा-टाढाबाट आफन्तहरू आएका छन् । मीरालाई राम्रा कपडा पहिरिएर यो हार लगाउन भनि देऊ अन्यथा आफन्तहरूले आफ्नी भाउजुलाई राम्ररी राखेको छैन भन्ने छन् । मेरो इज्जतको सवाल छ । सुसारेले त्यो आभूषणको डिब्बा मीराबाईलाई दिई र राजाको आदेश सुनाइन् । त्यस आभूषणको डिब्बामा कालो-सेतो रङ्को विषालु सर्प थियो । मीराले सुसारेको सामुन्नेमा नै त्यो डिब्बा खोलिन् । त्यसमा हीरा-मोतीले बनेको हार थियो । हुन त यो मेरा लागि माटो तुल्य छ तर यदि मैले यो हार लगाइनँ भने व्यर्थको झगडा हुन्छ, भन्ने विचार गरेर मीराबाईले त्यो हार गलामा पहिरिन् । खासमा राजाको उद्देश्य के थियो भने– आज सर्पले डसेर मीराको मृत्यु हुन्छ, मीराको मृत्युमा राजाको कुनै हात छैन र हाम्रो सामुन्नेमा मीराको मृत्यु सर्पले डस्नाले भएको हो भन्ने सबैलाई विश्वास हुने छ । केही समयपछि राजा मन्त्रीहरू तथा आफन्तहरू सहित मीराको महलमा गए । राजाले मीराबाईको गलामा सुन्दर महङ्गो हार देखेर राणा बौलायो र भन्यो– बद्चलन ! यो हार कहाँबाट ल्याएकी होस् ? मीराबाईको आँखामा आँसु थियो । उनले भनिन्– तपाईंले नै सुसारेद्वारा पठाउनु भएको थियो, त्यही त हो । नोकर्नीलाई बोलाएर त्यो डिब्बा कहाँ छ भनी सोधे । नोकर्नीले पलङ्मुनिबाट डिब्बा निकालेर तपाईंले पठाउनु भएको डिब्बा यो हो भनेर देखाई । राजा फर्केर आए । राजाले अबको पटक विष म आफ्नै सामुन्नेमा पिउन लगाउँछु, पिइन भने शिर काटि दिन्छु भन्ने विचार गरे ।

## "मीराबाईलाई विषद्वारा मार्ने व्यर्थको कोशिस"

एउटा सपेरालाई राजाले जिभ्रोमा राख्नासाथ मान्छे मर्ने खालको कडा विष ल्याइ दिन भने । सपेराले त्यस्तै विष ल्याइ दियो । राजाले मीरालाई भने– यो विष पिऊ अन्थया तेरो गर्दन काटिइने छ । गर्दन काट्दा पीडा हुन्छ, बरू विष नै पिउँछु भनेर मीराले परमात्मालाई सम्झेर विषको प्याला पिइन् तर उनलाई केही भएन । राजाले सपेरालाई बोलाएर यो नक्कली विष ल्याएको भनी सोधे । सपेराले

विषको प्याला कहाँ छ भनी सोध्यो । उसलाई प्याला ल्याएर दिइयो । सपेराले त्यस प्यालामा दूध हालेर त्यहीं एउटा कुकुरलाई दियो । कुकुरले दोस्रो पटक मात्र पनि दूधमा जिभ्रो लगाउन पाएको थिएन, मरि हाल्यो ।

राजाले यो त कसैगरी पनि मर्दिनँ भन्ने देखेपछि उनलाई मन्दिर जानबाट रोकेन । मानिसहरूले मीरा आवारागर्दीमा जान्छे नभनून् भनेर उनको साथमा कैयौं सुसारेहरू तथा पुरूष रक्षकहरू पनि पठाउन थाले ।

## "मीरालाई सतगुरूको शरण प्राप्त भयो"

मीराबाई पूजा गर्नका लागि श्रीकृष्ण जी को जुन मन्दिरमा जान्थिन, त्यसको बाटोमा एउटा सानो बगैंचा थियो । त्यसमा केही बाक्लो छाया हुने वृक्षहरू थिए । त्यस बगैंचामा परमेश्वर कबीर जी तथा सन्त रविदास जी सत्सङ्ग गरि रहेका थिए । विहानको लगभग १० बजेको समय थियो । त्यहाँ परमात्माको चर्चा वा कथा चलि रहेको मीरा जीले देखिन् र केही बेर सुनेपछि जाऊँला भन्ने सोचिन् ।

परमेश्वर कबीर जीले सत्सङ्गमा संक्षिप्त रूपमा सृष्टि रचनाको ज्ञान सुनाउदै भन्नु भयो– श्री कृष्ण जी अर्थात् श्री विष्णु जी भन्दा माथि अन्य सर्वशक्तिमान परमात्मा छन्, जन्म-मरण समाप्त भएन भने भक्ति गर्नु-नगर्नु समान हो । जन्म-मरण त श्री कृष्ण जी (श्री विष्णु) जीको पनि समाप्त भएको छैन भने उनका पुजारीहरूको कसरी समाप्त हुन्छ । जस्तो हिन्दू सन्तजन भन्छन्– गीताको ज्ञान श्री कृष्ण अर्थात् श्री विष्णु जीले अर्जुनलाई भनेका हुन् । गीता ज्ञानदाताले गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५, अध्याय १० श्लोक २ मा स्पष्ट पारेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ । तिमी जान्दैनौ, म जान्दछु । यसबाट श्री कृष्ण जीको पनि जन्म-मरण समाप्त भएको छैन र उनी अविनाशी होइनन् भन्ने स्वसिद्ध हुन्छ । त्यसैले गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञान दिनेले भनेका छन्– हे भारत ! तिमी सर्व भावले ती परमेश्वरको शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमीले सनातन परमधाम तथा परम शान्ति प्राप्त गर्ने छौ ।

परमेश्वर कबीर जीको मुख कमलबाट यी वचन सुनेर परमात्माका लागि भट्कि रहेको आत्मालाई नयाँ किरण प्राप्त भयो । सत्सङ्ग उपरान्त मीराबाई जीले प्रश्न गरिन्– हे महात्मा जी ! हजुरको आज्ञा हुन्छ भने मेरो शङ्काको समाधानका लागि प्रश्न सोधूँ ? कबीर जीले प्रश्न सोध भन्नु भयो ।

प्रश्नः- हे महात्मा जी ! आजसम्म मैले श्री कृष्ण जी भन्दा माथि पनि कोही परमात्मा छन् भन्ने कुरा कसैबाट सुनेकी छैन । आज हजुरको मुखबाट सुनेर म दोबाटोमा उभिएकी छु । म मान्दछु, सन्तहरू झूठ बोल्दैनन् । परमेश्वर कबीर जीले यो तपाईको धार्मिक अज्ञानी गुरूहरूको दोष हो, जसलाई तपाईका सदग्रन्थहरूले के ज्ञान बताएको छ भन्ने स्वयमलाई ज्ञान छैन, देवी पुराणको तेश्रो स्कन्धमा श्री विष्णु

जी स्वयम्ले म (विष्णु), ब्रह्मा तथा शङ्कर नाशवान छौं, हाम्रो अविर्भाव (जन्म) तथा तिरोभाव मृत्यु भइ रहन्छ भनेर स्वीकारेका छन् । (लेख समाप्त)

मीराबाईले भनिन्– हे महाराज जी ! भगवान श्री कृष्णले मलाई साक्षात् दर्शन दिनु हुन्छ । म उहाँसँग संवाद पनि गर्दछु । कबीर जीले भन्नु भयो– हे मीराबाई जी ! तपाईं एउटा काम गर्नु होस् । भगवान श्री कृष्ण जीलाई नै तपाईंभन्दा माथि कोही मालिक छन् कि छैन भनेर सोध्नु होला । उनी देवता हुन्, कहिल्यै झूठ बोल्ने छैनन् । यदि श्री कृष्ण जी भन्दा माथि पनि कुनै परमात्मा छन् भने म त पागल हुन्छु भन्ने मीराबाईलाई लाग्यो । रातमा मीराबाईले श्री कृष्ण जीलाई आह्वान गरिन् । त्रिलोकी नाथ प्रकट भए । मीराले आफ्नो शङ्काको समाधानका लागि आग्रह गर्दै भनिन्– हे प्रभु ! के हजुरभन्दा माथि अरूकोही परमात्मा हुनु हुन्छ ? एकजना सन्तले सत्सङ्गमा भनेका हुन् । श्री कृष्ण जीले भने– मीरा ! परमात्मा त छन्, तर उनले कसैलाई दर्शन दिदैनन् । मैले धेरै साधना एवं समाधी गरेर हेरि सकें । मीराबाई जीले सत्सङ्गमा परमात्मा कबीर जीबाट ती पूर्ण परमात्मालाई म प्रत्यक्ष रूपमा देखाउँछु र सत्य साधना गराएर उनको समीपमा सतलोक पठाइ दिन्छु भन्ने वचन पनि सुनेकी थिइन् । मीराबाईले श्री कृष्ण जीसँग फेरि प्रश्न गरिन्– के तपाईं जीवको जन्म-मरण समाप्त गर्न सक्नु हुन्छ ? श्री कृष्ण जीले यो सम्भव छैन भने । कबीर जीले भन्नु भएको थियो– मसँग यस्तो भक्ति मन्त्र छ, जसले सदाका लागि जन्म-मृत्यु समाप्त हुन्छ । त्यो परमधाम प्राप्त हुन्छ, जसको विषयमा गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वज्ञान तथा तत्वदर्शी सन्तको प्राप्ति पश्चात् परमात्माको त्यो परमधामको खोजी गर्नु पर्छ, जहाँ गएपछि साधक फेरि फर्केर संसारमा कहिल्यै आउँदैन । त्यहीं एक परमात्माको भक्ति गर । मीराबाईले भनिन्– हे भगवान श्री कृष्ण जी ! सन्त जीले म जन्म-मरण समाप्त गरि दिन्छु भनि रहेका थिए, अब म के गरूँ ? मलाई त पूर्ण मोक्षको चाहना छ । श्री कृष्ण जीले भने– मीरा तिमी ती सन्तको शरण ग्रहण गर, आफ्नो कल्याण गराऊ । मलाई जत्ति ज्ञान थियो, मैले बताएँ । अर्को दिन मीरा मन्दिर गइनन् । आफ्ना सुसारेहरूका साथमा उनी सिधा सन्त जीका सामुमा गइन् र दीक्षा लिने इच्छा व्यक्त गरिन् र श्री कृष्ण जीसँग भएको कुराकानी पनि सन्त कबीर जीलाई बताइन् । त्यस समय छुवाछुत चरम सीमामा थियो । ठाकुरहरू आफूलाई सर्वोत्तम मान्दथे । परमात्मा मान-बडाइ भएका प्राणीलाई कहिल्यै भेट्नु हुन्न । मीराबाईको परीक्षाका लागि कबीर जीले सन्त रविदास जीलाई भन्नु भयो– तिमी मीरा राठौरलाई प्रथम मन्त्र देऊ । यो तिमीलाई मेरो आदेश हो । सन्त रविदास जीले आज्ञाको पालन गरे । सन्त कबीर परमात्मा जीले मीरालाई भन्नु भयो– बहिनी ! ती बसेका सन्त जीका समीपमा गएर दीक्षा लेऊ । बहिनी मीरा तत्काल रविदास जीका समीपमा गइन् र भनिन्– सन्त जी ! दीक्षा दिएर कल्याण गर्नु होस् । सन्त रविदास जीले भने– बहिनी ! म चमार जातिको हूँ । तपाई ठाकुर की

छोरी हुनु हुन्छ । तपाईंका समाजका मानिसहरूले तपाईंलाई चाहिने-नचाहिने कुरा भन्ने छन् । जातिबाट अलग गरि दिने छन् । तपाईं विचार गर्नु होस् । मीराबाई अधिकारी आत्मा थिइन् । परमात्माका लागि मर-मिट्न सदा तत्पर रहन्थिन् । उनले भनिन्– सन्त जी ! हजुर मेरा पिता, म हजुरकी छोरी । मलाई दीक्षा दिनु होस् । भाँडमा जाओस् समाज । यदि म भोलि कुकुर्नी बने भने यो ठाकुर समाजले मेरो के वचाव गर्छ ? सत्सङ्गमा वडा गुरू जी (कबीर जी) ले भन्नु भएको छः

कबीर, कुल करनी के कारणे, हंसा गया बिगोय ।
तब कुल क्या कर लेगा, जब चार पाओं का होय ।।

सन्त रविदास जी उठेर सन्त कबीर जीका सामुमा गए र सारा कुरा सुनाए । परमात्माले बिलम्ब नगर, आत्मालाई आफ्नो वशमा लिइ हाल भन्नु भयो । त्यही समय सन्त रविदास जीले बहिनी मीरालाई केवल पाँच नामको प्रथम मन्त्र दिए । मीराबाईलाई बताए– यो यिनको पूजा होइन, साधना हो । यिनका लोकमा रहन, खान-पिउनका लागि आवश्यक पर्ने भक्ति धन यिनै मन्त्रहरूबाट प्राप्त हुन्छ । यहाँको ऋण समाप्त हुन्छ । अनि मोक्षको अधिकारी भइन्छ । परमात्मा कबीर जी तथा सन्त रविदास जी त्यहाँ एक महिनासम्म बस्नु भयो । मीराबाई पहिले दिनमा मात्र घरबाहिर जान्थिन्, त्यसपछि रातमा पनि सत्सङ्गमा जान थालिन् किनकि सत्सङ्ग दिनमा कम तथा रातमा धेरै हुन्थ्यो । कसैले दिनमा समय निकाल्थे कसैले रातमा । मीराका देवर राणा जी मीरालाई रात्रिमा घरबाहिर गएको देखेर मुर्मुरिन थाले तर मीरालाई रोक्न आँधी-तुफानलाई रोक्नु समान थियो । त्यसैले राणा जीले आफ्नी सानिमा अर्थात् मीराकी आमालाई बोलाएर यसले हाम्रो इज्जत नाश गरी भनेर मीरालाई सम्झाउन लगाए किनकि छोरीले आमाको कुरा मान्छन् । मीराकी आमाले मीरालाई सम्झाइन् । मीराले तत्काल त्यसको जवाफ दिइन्ः

**"शब्द"**

सतसंग में जाना ऐ मीरां छोड़ दे, आए म्हारी लोग करैं तकरार ।
सतसंग में जाना मेरा ना छूटै री, चाहे जलकै मरो संसार ।।टेक।।
थारे सतसंग के राहे मैं ऐ, आहे वहाँ पै रहते हैं काले नाग,
कोए–कोए नाग तनै डस लेवै । जब गुरू म्हारे मेहर करै री,
आरी वै तो सर्प गंडेवे बन जावैं ।।१ ।।
थारे सतसंग के राहे में ऐ, आहे वहाँ पै रहते हैं बबरी शेर,
कोए–कोए शेर तनै खा लेवै । जब गुरूआं की मेहर फिरै री,
आरी व तो शेरां के गीदड़ बन जावैं ।।२ ।।
थारे सतसंग के बीच में ऐ, आहे वहां पै रहते हैं साधु संत,
कोए–कोए संत तनै ले रमै ए । तेरे री मन मैं माता पाप है री,
संत मेरे मां बाप हैं री, आ री ये तो कर देगें बेड़ा पार ।।३ ।।
वो तो जात चमार है ए, इसमैं म्हारी हार है ए ।

तेरे री लेखै माता चमार है री, मेरा सिरजनहार है री ।
आरी वै तो मीरां के गुरू रविदास ।।४ ।।

यो कथा सुनेर रामप्यारीको आँखा खुल्यो । अर्को दिन कस्तुरीको साथमा सत्सङ्गमा गइन् र एउटा सत्सङ्ग सुन्नासाथ दीक्षा लिइन् । अनि एक दिनको भोजनको सेवा मागिन् । सारा परिवारले भने– बहिनी ! हामी आफ्नो सेवा छोड्न सक्दैनौं । अर्को पटक गुरू जी आउनु भएपछि तिम्रो पालो लगाइ दिन्छौं । भक्तमती रामो (रामप्यारी) लाई एक पल पनि चैन थिएन । रून्चे अनुहार भयो । अनि तत्काल कस्तुरीले भनिन्– बहिनी ! अब फेरि मेरो पालो आएपछि विहानको भोजन म गराउँछु, तिमी रात्रिको भोजन गराउनू । रामोको खुशीको सीमा नै रहेन । भुईंमा खुट्टा थिएन । पालो आएपछि रात्रिको भोजन तयार गरिन् । खिर, हलुवा, तरकारी र पातलो रोटी पकाइन् । तर सतगुरूको लिला रामोलाई धेरै ज्वरो आयो । शरीर अङ्गार समान जलि रहेको थियो । एक पाइला पनि हिड्ने हिम्मत रहेन । त्यही बेला रामोको छोरो आयो । बहिनी रामोले भनिन्– छोरा ! आज मेरो एउटा काम गरि देऊ, जिन्दगी भरि तिम्रो यो उपकार बिर्सिन्नँ । छोरा मैले गुरू बनाएको छु । आज रातिको भण्डारा तिम्री बडी आमा भक्तमती कस्तुरीको पालोबाट माँगेर लिएको छु । हेर, मलाई ज्यादै ज्वरो आएको छ, शरीर आगो जसरी जलि रहेको छ, हिड्ने हिम्मत छैन । छोराले भन्यो– मसँग समय छैन । म भोजन आश्रममा दिएर आउँदिन । आमा तपाईं पनि त्यस आश्रममा नजानु होस् ।मैले तपाईंको विषयमा तथानाम सुन्नु पर्छ । यो सुनेर भक्तमती रामो भक्कानिएर रून थालिन् । छोरालाई दया जाग्यो । तर झर्केर भन्यो– खोई भोजन ? ल्याऊ, दिएर आउँछु । बहिनी रामो झटपट उठिन् र सारा भोजन ल्याएर दिइन् । छोराले भोजन एउटा तसलामा राखेर आश्रममा लग्यो । रामोले पटक-पटक गुरूजीलाई प्रार्थना गर्थिन्– गुरू जी ! छोरोले नशा खान्छ । घरलाई बिटौडा (नर्क) बनाएको छ । भनेको मान्दैन । त्यसलाई पनि शरणमा लिनु होस् महाराज ! अर्को दिन नै छोरोलाई आश्रममा देखेर अन्य भक्त तथा भक्तमतीहरूले भन्न थाले– रामो दु:खीको पुकार गुरू जीले सुन्नु भयो । छोरो स्वयम् भोजन लिएर आयो । गुरू जीलाई थाहा भएपछि छोरी रामोको घर खुशियाली छायो, भगवानले पुकार सुने भनेर खुशी भए । छोराले भन्यो– महाराज जी ! मेरी आमालाई ज्वरो आएको छ, मलाई पठाउनु भएको छ । भोजन गर्नु होस् । सन्त जी भोजनका लागि बसे र केटो पहिलो पटक आएको छ, केही ज्ञान सुनाइ दिऊँ भन्ने सोचे । सन्त जीले भने– पुत्र ! आमा–बुवाको सेवा गर्नु पर्छ । तिनको आज्ञाको पालन गर्नु पर्छ । मोक्षको लागि गुरू बनाएर सत्य भक्ति गर्नु पर्छ । नशाले त ठूला-ठूला घर उजाडि दिएको छ । केटो भित्र भित्रै मुर्मुरिदै बसेको थियो । उसलाई त पल पल अबेला भइ रहेको थियो किनकि त्यसरात आफ्ना चोर साथीहरूसँग मिलेर राजाको घरमा चोरी गर्न जानु थियो । उनीहरूले रानीहरूका महङ्गा-महङ्गा गहनाहरू चोरेर ल्याउने र मालामाल हुने कल्पना गरेका

थिए । त्यसैले केटोले सन्त जीलाई भन्यो– बाबा जी ! छिटो भोजन ग्रहण गर्नु होस्, मलाई शिक्षाको आवश्यकता छैन । उसको कुरा सन्त जीलाई खासै राम्रो लागेन र साँच्चै नै रामो यस सन्तानबाट दुःखी छिन् भन्ने मनमनै विचार गरे । खाना खानासाथ भाँडा नमाझीकन नै ऊ घर जान भनी गाउँतिर लाग्यो । आधा भन्दा बढी बाटो हिंडि सकेपछि उसको पैतालामा मोटो शूल (किकरको काँडा) बिझ्यो । गोडा ज्यादै दुख्यो । हिंड्न पनि कठिन भयो । जसो-तसो घरमा आयो । आँगनमा भाँडा फ्यालेर आमालाई तथानाम भन्न थाल्यो–आज नै तिम्रो गुरू जीको दर्शन गरें, आज नै मेरो भाग्य फुट्यो । मेरो पैतालामा काँडा बिझ्यो । म हिंड्न नसक्ने भएँ । आज उपरान्त आश्रमतर्फ मुख फर्काएर पनि सुत्दिनँ । रामोलाई ज्वरो कम भइ सकेको थियो । तत्काल उठेर काँडा बिझेको गोडा धोइन् । त्यसमा तेलको कात्ति (मैला) लगाएर कपडाले बाँधि दिइन् र बिहान पख काँडा निकाल्ने योजना बनाइन् । केटोले आमासँग ज्यादै झगडा गऱ्यो, आमालाई अपशब्द तथा क्षुद्र वचन पनि भन्यो किनकि कर्मपाललाई चोरीमा सहभागी हुन नपाएकाले ठूलो हानी महसुस भइ रहेको थियो । जसो-तसो विहान भयो । छोरोको काँडा निकालिन् । रामो घरको काम-कागजमा लागिन् । केही समयमा ब्याण्ड बाजा बजाउँदै आएको देखिन् । यस प्रकारको साज शहरमा बजाउँदा कसैलाई मृत्युको सजाय दिइदै छ भन्ने नगरबासीलाई थाहा थियो । त्यसैले हरेक मानिस घरबाट बाहिर निस्केर बाहिर खडा हुन्थे र कसलाई के कारणले सूली चढाइदै छ थाहा पाउँथे । राजाका सिपाहीहरू ती चोर व्यक्तिलाई आफ्नो दोष भन् भन्थे र दोषी व्यक्तिहरू भन्थे– हामी राजाको घरमा चोरी गर्न गएका थियौं, हामीले घोर अपराध गरेका छौं, आज साँझ हामीलाई सूलीमा चढाइने छ, कोही सुनि रहेका छौ भने यस्तो गल्ती नगर्नु । कर्मपाललाई आफ्ना चार चोर साथीहरूलाई चिन्न समय नै लागेन र कारण पनि थाहा भइ हाल्यो । रामोले भनी– ठीक भयो, अझ चोरी गर, तिमीहरूलाई यही सजाय चाहिएको थियो, काम गरेर खान सक्दैनौ । रामो घर भित्र गइन् । कर्मपाल द्वारमा भयभित अवस्थामा त्रसित भएर उभिएको थियो ।अनि घरभित्र गएर बेस्कन रून थाल्यो । कर्मपाल रोएको देखेर रामोले सोधिन्– छोरा के भयो ? काँडा पनि निस्कि सक्यो, अझै दुखि रहेको छ ? कर्मपाल उठेर आमालाई अङ्गालो हालेर भन्यो– आमा ! भलो होस् तिम्रो गुरू जीको, जसले तिम्रो छोरोको सूलीको सजाय काँडामा टारि दिए । आमा आज तिम्रो छोरो सूलीमा चढ्नु थियो । अनि आमा हजुर कसरी जीवित रहनु हुन्थ्यो? रामोले भनिन्– मेरो छोरो चोर हो र ? किन सूली चढ्ने ? चारजनाले सजाय पाएका छन् । कर्मपालले भन्यो– हो, आमा हजुरको छोरा चोर थियो । आज उपरान्त हजुरको कसम कहिल्यै नशा सेवन गर्दिनँ । हजुरसँगै सत्सङ्गमा जान्छु । हजुरसँगै घरको काम गरेर काममा सहयोग गर्छु । म मेरो जीवनमा कहिल्यै आमालाई दुःखी बनाउँदिनँ । रामोले भनिन्– हे निकम्मा ! चोरी पनि गर्न थालेको थिइस् ? छोराले भन्यो– हो आमा ! पक्का चोर भएको थिएँ । धन्य छन् हजुरका सतगुरू, धन्य छिन् मेरी आमा जसलाई यस्ता महापुरूषको शरण

प्राप्त भएको छ । आमा आजै जाऊँ, मलाई दीक्षा दिलाउनु होस् । रामोले तत्काल छोरालाई कस्तुरीको घरमा लगिन् । सारा वृतान्त सुनाइन् । कस्तुरीले पनि सारा कार्य छोडेर उनीहरूका साथमा आश्रममा गइन् र गुरू जीलाई धन्यवाद दिइन् । सारा घटना सुनाए । छोरालाई नाम दिलाए । अर्को एउटा गाउँको सत्सङ्गी परिवारको केटीसँग कर्मपालको विवाह भयो । पूरा परिवार सत्सङ्गमा आउन थाल्यो तथा सेवा गरेर सुखी जीवन जिउन थाले ।

रामो त सत्सङ्गको रङमा यसरी रङ्गिइन् कि जब-जब सतगुरू जी मण्डली सहित आश्रममा आएर बस्दा बिहानै जान्थिन्, सेवा गर्थिन, भाँडा माझ्थिन् तथा गुरू जीका वस्त्र धुन्थिन् । सत्सङ्गको एउटा शब्द पनि छुटाउँदिन थिन् । एक समय चिसोको मौसम थियो । विहान १० बजे सत्सङ्ग सुरू भयो । गुरू जीले रामोलाई भने– पुत्री ! नदीमा गएर वस्त्र धोएर ल्याऊ । घाम थोरै समयसम्म रहन्छ, सत्सङ्गपछि गयौ भने कपडा सुक्दैन । रामो बहिनी कपडा बाल्टिनमा हालेर हिडिन् । नदी अलि पर थियो । बाल्टिनमा पानी भरेर सोडा हाली कपडा भिजाइन् र सोडामा कपडा भिज्न लाग्ने समयसम्म सत्सङ्ग सुनेर आउँछु भनी विचार गरी आश्रम बाहिर भित्तामा कान थापेर सत्सङ्ग वचन सुन्न थालिन् । सत्सङ्ग समाप्त हुँदा "सत साहेब" को ध्वनि सुनेपछि उनलाई कपडाको याद आयो । दौडदै नदी तिर हिडिन् । उनी डराएकी थिइन् । आज त गल्ती भयो, गुरू जीको वचनको अपहेलना भयो, मैले गाली खाने छु । गुरू जी रिसाउनु भयो भने मेरो त सेवा त बर्बाद हुने छ । हे भगवान ! यो के भयो ? यिनै कुराहरू विचार गर्दै नदीमा पुगेपछि उनले देखिन् बाल्टिन खाली थियो, र वस्त्र धोएर झाडीमा सुकाइ राखेको थियो, कपडा सुकि सकेको थियो । रामोले त्यहाँ कपडा धोइ रहेका दिदीबहिनीहरूसँग सोधिन्– हे बहिनीहरू ! यी वस्त्र तपाईहरूले धोएर सुकाउनु भएको हो ? त्यहाँ भएका महिलाहरूले रामोलाई हेर्न थाले । एउटीले भनी– के तिम्रो दिमाग खुस्किएको छ ? कि तिमी मजाक गरि रहेकी छ्यौ ? तिमी स्वयम् हत्तार-हत्तार गरेर कपडा धोइ रहेकी थियौ हामीलाई पनि छिटा परि रहेको थियो । हामीले विस्तार कपडा धुनु होस् भनेर भनेका पनि थियौं । तपाई स्वयम्ले कपडा झाडीमा सुकाएर जानु भएको थियो । अहिले के भाङको नशा खाएर आउनु भयो ? रामो रून थालिन् र सबै कपडा उठाएर बाल्टिनमा राखेर आश्रम तिर हिडिन् । आश्रममा कुनै सेवादारले रामोलाई अबेलासम्म आश्रम बाहिर बसेर सत्सङ्ग सुनेको देखेको थिए । उसले गुरू जीलाई भने– आज हजुरको वस्त्र चिसै हुने छ किनकि रामो त सत्सङ्ग समाप्त नभएसम्म बाहिर भित्तामा कान थापेर सत्सङ्ग सुनि रहेकी थिइन् । भर्खर कपडा धुन गएकी छिन् । यत्तिकैमा रामो आश्रममा प्रवेश गरिन् र कपडा गुरू जीको सामुमा राखेर भक्कानो छोडी रून थालिन् । सन्त जीले कपडा छाम्दा कपडा सुकेका थिए । सन्त जीले रामोलाई रूनुको कारण सोधे र रामोले भनिन्– गुरू जी ! हजुर दुःखी भएर स्वयम्ले कपडा धुनु भयो । मबाट गल्ती भयो।

मैले कपडा सोडामा भिजुन्जेल सत्सङ्ग सुन्छु र कपडा धुन्छु भन्ने विचार गरी सत्सङ्ग सुन्न आएँ । तर समय बितेको ख्यालै भएन । गुरू जीले भने– छोरी ! परमात्मा कबीर जी रामो बनेर कपडा धोएर जानु भएको हो ।

ज्यों बच्छा गऊ की नजर में, यूं सांई कूं संत ।
भक्तों के पीछे फिरे, भक्त वच्छल भगवन्त ।।

परमात्माले अब्राहिम सुल्तान अधमलाई नर्कबाट निकाल्न स्त्री रूपमा नोकर्नी बनेर शरीरमा कोर्रा खानु भएको थियो । पुत्री ! दुःखी नहोऊ, तिम्रो उद्देश्य गलत थिएन । परमात्मा त सच्चा लगन तथा भावको भोको हुनु हुन्छ । रामो शान्त भइन् । सत्सङ्गमा रामो लीन भइन् । मोक्ष पनि प्राप्त भयो ।

कबीर, सतगुरु शरण में आने से, आई टलै बला ।
जै भाग्य में सूली लिखी हो, कांटे में टल जाय ।।

## चोर कहिल्यै धनी हुदैन

कबीर परमेश्वर जी आफ्नो विधान अनुसार एउटा नगर बाहिर जङ्गलमा आश्रम बनाएर बस्नु हुन्थ्यो । केही दिन आश्रममा रहेर सत्सङ्ग गर्नु हुन्थ्यो अनि भ्रमणका लागि निस्कनु हुन्थ्यो । उहाँको एउटा जाट किसान शिष्य थिए, ऊ शिष्य बनेको केही महिना मात्र भएको थियो । किसान निर्धन थियो । उसँग एउटा मात्र गोरू थियो । त्यसैबाट कुनै अन्य किसानसँग मिलेर खेती गर्थ्यो । दुई दिन अरूको गोरू ल्याएर हल बनाएर हलो जोत्थ्यो । अनि अर्को दुई दिन अर्को किसानले उसको गोरू लगी जोडा बनाई हलो जोत्थ्यो । किसानले आफ्नो कच्चा घरको आँगनमा गोरू बाँध्थ्यो । एक रात एउटा चोरले त्यस किसानको गोरू चोर्‍यो । किसानले विहान गोरू चोरिएको थाहा पाएपछि आश्रममा गयो र गुरू जीलाई आफ्नो दुःख सुनायो । गुरूदेव जीले भन्नु भयो– पुत्र ! परमात्मामा विश्वास राख, दान-धर्म-भक्ति गरि राख, तिमीलाई परमात्माले दुईवटा गोरू दिने छन् । गोरू चोरेर लैजाने व्यक्ति पापको भागिदार बनेको छ । परमेश्वरको कृपाले राम्रो वर्षा भयो । किसान भक्तको बाली चारगुणा फल्यो ।भक्त किसानले दुईवटा गोरू किन्यो र तिनलाई राम्रो खानेकुरा खुवाउन थाल्यो । गोरू साँढे जस्तो शक्तिशाली भयो । गाउँमा उसका गोरूका बारेमा चर्चा हुन्थ्यो । एक वर्ष पश्चात् त्यही गोरू चोर त्यही क्षेत्रमा चोरी गर्न आयो । कतै चोरी गर्ने मौका मिलेन । त्यस चोरले पहिले गोरू चोरेका मान्छेले फेरि गोरू ल्याएको छ कि भनेर हेर्न जाने विचार गर्‍यो । चोरले साँढे जस्ता जोडा गोरू बाँधि राखेको देख्यो र दुबै गोरू चोर्‍यो । किसान ब्युँझदा गोरू चोरी भइ सकेको थियो । उसले यो कुरा गुरू जीलाई बतायो अनि गुरू जीले भन्नु भयो– पुत्र ! भगवानले तिम्रो घरमा चारवटा गोरू दिने छन् । चोर कहिल्यै सेठ हुन सक्दैन । पापै पाप जम्मा गर्दछ । खुशी परमात्माको, आर्शीर्वाद गुरूदेवको । वर्षाले किसानलाई मस्ति गराइ दियो । भक्त किसानसँग पर्याप्त जमीन थियो, तर वर्षा नभएकाले थोरै जमीनमा मात्र खेती गर्थ्यो । वर्षा राम्रोसँग भयो । दुई वटा गोरू

आफैले किन्यो र दुईवटा गोरू ऋणमा किन्यो, धेरै जमीनमा खेती गऱ्यो । एउटा हली राख्यो । एक वर्षमा सारा कर्जा तिऱ्यो साँढे जस्ता मोटा-मोटा र बलिया चारवटा गोरू भए । घर पनि पक्की बनायो । दुई वर्षपछि चोर फेरि घुम्दै आयो र पहिले त्यही किसानको स्थिति हेर्न गयो । चोरले साँढे जस्ता चार गोरू बसेको देखे । चोरसँग दुई दिनका लागि मात्र पुग्ने पिठो थियो । ज्यादै गरीब (निर्धन) भएको थियो । चोरले राति किसानलाई सुतेको ठाउँमा गएर उठायो । किसानले तिमी को हौ भनी सोध्यो । चोरले भन्यो– म तपाईंको तीनवटा गोरू चोर्ने चोर हूँ । किसानले भन्यो–भाइ ! मेरो निन्द्रा खराब नगर, तिमी आफ्नो काम गर । परमात्माले आफ्नो काम गरि रहनु भएको छ, मलाई सुत्न देऊ । चोरले गोडा समात्यो र भन्न थाल्यो– हे देवता ! अब चोरी गर्न सकि रहेको छैन । मलाई एउटा कुरा बताउनु होस्, तपाईंका गोरू चोर्ने चोर तपाईंको सामुन्नेमा छ, तर तपाईं समाति रहनु भएको छैन । हे भाइ । तपाईंको एउटा गोरू चोरें, अर्को वर्ष तपाईंको घरमा साँढे जस्ता जोडा गोरू बाँधिएका थिए । त्यो दुईवटा पनि मैले चोरें । आज दुई वर्ष पश्चात् तपाईंको आगनमा चारवटा साँढे जस्ता गोरूहरू बाँधिएका छन् । मेरो सर्वनाश भइ सकेको छ । बच्चाहरू पनि भोकै छन् । मलाई मार्नु होस् वा छोड्नु होस् तर तपाईंको उन्नतिको रहस्य बताउनु होस् । म पनि जाट किसान हूँ, जमीन पनि छ तर निर्धनता बेअन्त छ । भक्त किसानले उसलाई भने– तिमी स्नान गर, खाना खाऊ । चोरले त्यसै गऱ्यो । अनि भक्त किसानले उसलाई आश्रममा लिएर गयो । गुरूदेवलाई सारा कुरा सुनाए । गुरूदेवले चोर लाई सम्झाए । सात-आठ दिन सम्म किसानले आफ्नै घरमा राखेर हरेकदिन गुरू जी कहाँ लगी सत्सङ्ग सुनायो । चोरले दीक्षा लियो । गुरूजीले भक्त किसानलाई भने– पुत्र ! नयाँ भक्तलाई एउटा गोरू उधारोमा देऊ । खेती गरेर तिम्रो पैसा फिर्ता गर्ने छ । भक्तले हुन्छ गुरू जी भन्यो र नयाँ भक्तलाई एउटा गोरू दियो । नयाँ भक्त प्रत्येक महिना सत्सङ्गमा आउँथ्यो । पूरा परिवारलाई नाम (दीक्षा) दिलायो । दुई वर्षमा आर्थिक अवस्था राम्रो भयो ।एउटा गोरू + तीनवटा पहिले पहिले चोरी गरेका गोरूको पैसा लिएर चोर भक्त त्यस किसान भक्तको घरमा आयो । उसका बच्चाहरू पनि साथमा थिए । चोर भक्तले सारा पैसा फिर्ता गरे र किसान भक्तसँग भने– क्षमा गर्नु होस्, हजुरको उपकार मेरो सात पीढिले पनि फिर्ता गर्न सक्दैनन् । किसान भक्तले भन्यो– भाइ ! यी सबै गुरूदेव जीको कृपा हो । उहाँका वचन फलेका हुन् । तपाईंले यी सबै रूपियाँ गुरू जीलाई दान रूपमा दिनु होस् । मलाई त उहाँले पहिले नै गोरूहरूका बराबर रकम भन्दा कैयौं गुणा बढी दिइ सक्नु भएको छ । अब मलाई यसको कुनै काम छैन । दुबै भक्त गुरू जीका सामुमा गए र सारा दान राशी चरणमा राखि दिए । त्यो रकम गुरूजीले भोजन-भण्डारामा लगाए र सत्सङ्ग गरे । यसरी चोरीको धन मोरी (फोहोर पानीको नाली) मा जान्छ । भक्त सदा फलि-फुलि रहन्छ ।

➢ "संस्कार सङ्क्रमण रोग जसरी फैलन्छ"

असल तथा खराब संस्कार सङ्क्रमण रोग जसरी फैलन्छ । जस्तो भक्तको हातले रोपेका बिउमा पनि भक्ति संस्कार प्रवेश हुन्छ । त्यो अन्न खाने व्यक्तिमा पनि भक्तिको प्रेरणा हुन्छ । यदि कुनै नशालु पदार्थ सेवन गर्ने तथा अरू कुनै विचारहरू मनमा मन्थन गर्दै हलीले बिउ रोप्दछ भने त्यस बिउमा पनि उसको विचार प्रवेश हुन्छ । त्यो अन्न खाने व्यक्तिलाई पनि हलीले मन्थन गरेको विचारहरूले प्रभाव पार्छ ।

उदाहरणः- एउटी बहिनीले गुरू दीक्षा लिएकी थिइन् । उनको घरमा गुरू जी साथमा एक शिष्य सहित आएका थिए । ती गुरू दीक्षा लिएकी बहिनीको घरमा कार्यवश उनकी बहिनी पनि आएकी थिइन् । उनको ज्वाइँको निधन भएको थियो । छोरा-छोरीहरू स-साना थिए । उनी साह्रै चिन्तित थिइन् । उनको मनमा रही-रही विभिन्न विचार उठ्थ्यो– छोरीको जीवन निर्वाह कसरी हुन्छ ? उसको जीवन त उजाडियो । देवर तथा जेठाजु कसैका हुदैनन् । बच्चाहरू कसले पाल्छन् ? हे भगवान ! यो के भयो ? कुन जन्मको पाप भोग्नु पर्‍यो ? उपदेशी चेली भोजन बनाउन थालिन् । उसकी बहिनीले पनि भोजन बनाउन सहयोग गरिन् । बढी जसो खानेकुरा उनै चेलीले बनाइन्, जसको ज्वाइँ मरेको थियो । सन्त-भक्त खान खाएर सुते । विहानी पख भक्तले गुरू देव जीसँग भने– हे गुरूदेव ! आज राति निद्रामा मन साह्रै दुःखी थियो । जस्तोः- मानौ मेरो ज्वाइँ मरेको होस् । छोरीका स-साना बच्चा छन् । यसको अब के हुन्छ ? जीवन निर्वाह कसरी हुन्छ भन्ने चिन्ताले साह्रै सताइ रह्यो । गुरू जीले आफ्नी शिष्यासँग सोधे– छोरी ! रातिको भोजन कसले बनाएको थियो ? उनले भनिन्– मेरी कान्छी बहिनी आएकी छे, उसैले बनाएकी थिई । सन्त जीले उसलाई केही कष्ट छ भनेर सोधे । शिष्याले उत्तर दिइन्– गुरूदेव ! कष्ट त ज्यादै गम्भीर छ । ज्वाइँको मृत्यु भयो । छोरीका स-साना बच्चाहरू छन् । सारा दिन मेरी बहिनी यही चिन्तामा रहन्छिन् । दिनभरीमा कैयौं पटक अब छोरीको के हुन्छ ? कसरी बच्चाहरूको पालन-पोषण गर्छे भनि रहन्छिन् ।

गुरू जीले शिष्यालाई भने– त्यस चेलीको विचार भोजनमा प्रविष्ट भयो र खानेहरूलाई प्रभावित तुल्यायो । मलाई पनि यही विचारले रातभरि सताइ रह्यो । यसैगरी यदि भक्ति नाम स्मरण, आरति वा सन्तहरूका वाणी मनन् गर्दै भोजन बनायो भने खाने व्यक्तिहरूमा त्यो सुसंस्कारले राम्रो प्रेरणा जगाउँछ । भक्तिको रूचि बढ्छ । कुनै हलीले गीत वा राग गाउँदै बिउ रोप्छ वा खाना बनाउनेले गीत वा राग गाउँदै भोजन बनाउँछ भने त्यस अन्नमा ती संस्कार प्रवेश हुन्छ । त्यो खाना खाने मानिसको स्वभाव पनि त्यसै खालको वकवाद गर्न प्रेरित हुन्छ । यसको परिणाम वर्तमान (१९९७ को छेउछाऊ) मा देखिदै छ । मानिसहरू असल काममा कम र खराब आचरणमा बढी लागेका छन् ।

यदि सन्तहरूका वाणी-पाठ-आरति-आरति गर्नेहरूको सङ्ख्या बढी भयो भने वातावरण भक्तिमय हुने छ । प्रत्येक व्यक्तिको मनमा भक्तको जस्तो भाव उब्जने

छ । त्यो वातावरण बनाउन घर-घरमा नित्य नियम, रमैणी तथा आरति बजाउनु पर्छ । गुरूबाट दीक्षा लिएर नाम स्मरण गर्नु पर्छ, जसकारणले वातावरणमा भक्ति विचारका तत्वहरू थुप्रै मात्रा मा भरिने छन् तथा खराब संस्कार भएका विचारहरू सतहमा जान्छन् । भक्ति संस्कारलाई अक्सिजन मानौं तथा खराब विचार कार्बन-डाइअक्साइड बुझौं । अक्सिजन रूपि भक्ति संस्कारको थुप्रै सिलेण्डर खोल्नु पर्छ अर्थात् सद्ग्रन्थ साहिबको थुप्रै पाठ गर्नु पर्छ तथा तीनै समयको सन्ध्या (नित्य कर्म) गर्नु पर्छ । स्मरण गर्नु पर्छ । भक्ति गर्नेहरूको सङ्ख्या बढ्यो भने भक्तिको विचार पनि पृथ्वीमा धेरै फैलने छ, जसबाट प्रत्येकको मनमा शान्तिको आभास हुन्छ । सत्सङ्ग गर्न कसैको घरमा जाँदा पहिलो दिन मेरो मन पनि अशान्त जस्तै हुन्थ्यो । अनि प्रत्येक भक्तले आ-आफ्नो रमैणी, विहानका नित्य नियम, साँझको आरति तथा स्मरण गर्थे, अनि सत्सङ्ग सुनाउँथे, तब त्यस घरबाट खराब विचार (कुसंस्कार) निस्कन्थ्यो । सुसंस्कारको अधिकता हुनाले मन शान्त हुन्छ । जब म सत्सङ्ग वा पाठ गरेर अर्को गाउँमा जान लाग्थें तब सारा परिवार रून थाल्थे । यत्तिका शान्ति उनीहरूलाई सन्त तथा भक्तको सङ्गतबाट प्राप्त हुन्थ्यो ती संस्कारहरूको प्रभाव महिनौसम्म रहन्छ । यदि नाम लिएर प्रत्येक दिन तीनवटै सन्ध्या तथा स्मरण परिवारका सदस्यहरूले गर्न थाले भने त्यो शान्ति सदा रहि रहन्छ ।

जसले बिडी-हुक्कामा तमाखु (सूर्ति) पिउँदै बिउ रोप्छ भने त्यस अन्नमा पनि तमाखुको वासना (सूक्ष्म तत्व) प्रवेश गर्दछ । त्यो अन्न खाने व्यक्तिमा पनि तमाखु सेवन गर्ने प्रेरणा जागृत हुन्छ । यही कारणले युवाहरूमा नशालु पदार्थ सेवन तीव्र रूपमा बढी रहेको छ । जब सम्म बच्चा छन्, तबसम्म पिता, काका, ठूलाबुवा, हजुरबुवाको डरले तमाखु सेवन गर्दैनन् तर युवा हुनासाथ नै त्यो संस्कार प्रवल हुन्छ र नशा सेवनको बानी चाडै सुरु हुन्छ । मेरो उद्देश्यः- मानव समाजबाट नशा तथा अन्य सम्पूर्ण खराब आचरण जरैदेखि समाप्त गरेर धर्तीमा स्वर्ग बनाउने हो । परमात्मा कबीर जीले भन्नु भएको वचन साकार भएको देख्न चाहन्छु । उहाँ कै प्रेरणा र शक्तिले यो अनमोल कार्य सफल हुन सक्छ । यो दास तथा मेरा अनुयायीहरू सच्चा नियतले यस मिशनको सफलताका लागि प्रयत्नशील छन् । सफलता प्राप्त हुन्छ भन्ने पूर्ण आशा छ ।

## "सांसारिक चिं चुं मा नै भक्ति गर्नु पर्छ"

एउटा थानेदार घोडीमा सवार भएर कुनै कार्यवश आफ्नो क्षेत्रमा गइ रहेको थियो । जेठको महिना र दिउँसो एक बजेको गर्मी थियो । हरियाणा प्रान्तमा एउटा किसानले रहट (पानी निकाल्ने यन्त्र) द्वारा बालीको सिंचाई गरि रहेको थियो । गोरूद्वारा कोल चलाए जस्तै गरी रहट चलाइन्थ्यो । बाल्टिनहरूको चेन (Chain) पुल्लीमाथि चल्थ्यो र इनारबाट पानी निकालेर खेतसम्म जाने कुलोमा खन्याइन्थ्यो ।

रहट चल्नाले ठूलो-ठूलो स्वरमा चिं चुं को आवाज आइ रहेको थियो । थानेदार र घोडा दुबै प्यासले व्याकुल थिए । थानेदार पानी पिउन र घोडीलाई पानी पियाउन रहट चलेतिर प्रस्थान गऱ्यो । रहटबाट जोड साथ आइ रहेको चिं चुं को आवाजले घोडी तर्सेर भाग्यो । थानेदारले किसानसँग चिं चुं आवाज बन्द गर्न भन्यो । किसानले गोरू रोकि दियो । रहट चल्न बन्द भयो । कुवाँबाट पानी निस्कन पनि बन्द भयो । पहिले निकालिएको पानी जमीनमा खन्याएकोले पानी जमीनमा सुक्यो । थानेदारले किसानलाई पानी निकाल्न भने । किसानले गोरू घुमाइ दियो । रहटबाट पानी र चिं चुं को आवाज एकैसाथ चल्न थाल्यो । घोडी फेरि तर्सेर भाग्यो एक एकड (२०० फुट) को दुरीमा गएर रोकियो । थानेदार घोडामा सवार थियो । थानेदारले किसानलाई आवाज बन्द गर भन्यो, किसानले गोरू रोके । पानी नालबाट झर्नासाथ समाप्त हुन्थ्यो । घोडीलाई नजिक ल्याए । पानी नपाएपछि फेरि पानी निकाल्न आदेश दियो । हरहट चल्नासाथ घोडी दौडियो । अनि किसानले भन्यो– थानेदार जी ! यो रहटको चिं चुं मा नै पानी पिउनु पर्छ । होइन भने दुबै मर्ने छौ । थानेदार घोडीबाट ओर्लियो, लगाम समातेर बिस्तार-बिस्तार घोडीलाई नजिकमा ल्यायो । रहट चलि रहेको अवस्थामा नै दुबैले पानी पिएर जीवन रक्षा गरे । त्यसैले सांसारिक कार्यहरू गर्दा गर्दै नै भक्ति दान धर्म, स्मरण गर्नु पर्छ, अवश्य गर्नु होस् ।

❖ अब भक्तिले के हुन्छ ? आयु त थोरै मात्र बाँकी छ ।

जिन्द जिल्लाको मनोरपुर गाउँमा भक्त रामकुमार जीको घरमा तीन दिनको पाठ तथा सत्सङ्ग भइ रहेको थियो । गाउँमा पुरूषहरू सत्सङ्गलाई पाखण्ड मान्दछन् किनकि पुरानो जमानामा सत्सङ्गको आयोजना वृद्ध महिलाहरूले गर्ने गर्थे। रातमा सत्सङ्ग गर्थे, दिनमा भने बुहारीका दाजुभाइहरूलाई गाली गर्दै सराप्थे । कसै कसैले त अर्काको गोबरको थुप्रोबाट गुइँठा सम्म चोर्थे । कहिले काहीं समातिदा बदनाम हुन्थ्यो । यस्तै खालका घटनाहरूको कारणले मानिसलाई सत्सङ्गको नाम देखि नै एलर्जी थियो । भक्त रामकुमार जीको परिवारका सबै सदस्यहरूले दीक्षा लिएका थिए । उनीहरूलाई यो सत्सङ्ग भिन्न छ भन्ने थाहा थियो । रामकुमार जीका पिता जीलाई जेठो छोरोले घरमा सत्सङ्ग गराउँदै छ भन्ने थाहा भएपछि बडो बेइज्जती भएको ठाने र गाउँका मानिसहरूले के भन्छन् भन्ने सोच आयो । त्यसैले पिता जी तीन दिनसम्म ठूलो छोरोको घरमै आएनन् । कान्छो छोरोको घर चौबारे (माथिल्लो तला) मा बसे । दिनमा खेतमा जान्थे र रातमा चौबारे (माथिल्लो तला) मा हुक्का पिउँथे र यो कस्तो दिन देख्नु पऱ्यो भनेर दु:ख मनाउँथे ।

रातमा दास (लेखक) ले सत्सङ्ग गऱ्यो । लाउड स्पिकर लगाएको थियो । रामकुमारको छोरालाई हजुरबुबा माथि चौबारा (माथिल्लो तला) मा छन् भन्ने कुरा थाहा थियो । उसले एउटा स्पिकरको मुख हजुरबुवाको चौबारा तिर फर्काए । सत्सङ्गको वचन सुन्न वृद्धको बाध्यता भयो । दुई दिन सत्सङ्ग सुनेपछि तेस्रो दिन वृद्ध पाठको भोगमा छोराको घरमा आए । रामकुमार जी की पत्नीले भनिन्–

बूढा कुरा बिगार्न आएका होलान्, महाराज जीलाई अपशब्द भन्छन् कि भन्ने मैले सोचें । पाठको भोग लागि सकेपछि रामकुमार जीको पिता जी मेरो सामुन्नेमा बसेर भन्न थाले– महाराज जी ! म त यस सत्सङ्गदेखि धेरै बेखुश थिएँ, तर दुई दिन तपाईंको कुरा सुनें, मलाई भित्रदेखि नै झट्कायो । मैले मनुष्य जीवन पूरै नाश गरें। मैले अरू आठ एकड जमीन किनें, दुबै छोरालाई पालन-पोषण गरें, दिनरात खेतीको काममा लागि रहें । तर तपाईका विचारहरू सुनेपछि थाहा भयो– मैले त जीवन नाश गरें ।अहिले ७५ वर्षको आयु भइ सकेको छ । अब भक्ति गरेर के हुन्छ र ? यसो भनेर ती वृद्ध रून थाले । हिक्क हिक्क गर्न थाले । मैले उसलाई सान्तवना दिदै भने– तपाईं विश्वास गर्नु होस्,अहिले पनि केही बिग्रेको छैन । गुरू जीबाट एउटा उदाहरण यस दास (रामपाल दास)ले सुनेको थियो । जस्तो इनारमा बाल्टिन झर्न थाल्यो र त्यस बाल्टिनमा बाँधिएको डोरी (पहिले कुवाँ लगभग १००-१५० फुट गहिरो हुन्थ्यो । बाल्टिनमा डोरी बाँधेर इनारबाट पानी निकालिन्थ्यो ।) पनि इनारमा झर्दै छ भने यदि दौडेर डोरी समात्ने कोशिस गर्दा डोरीको अन्तिम छेऊ नै समात्न सकियो भने त केही पनि खेर गएन । बाल्टिन पनि खसेन र पानी पनि प्राप्त भयो । यदि बाल्टिन त झऱ्यो, झरोस् भनेर सोच्ने हो भने त्यो मूर्खता हो। यसैगरी तपाईंको आयु रूपी डोरीको अन्तिम भाग बाँकी छ । अब दीक्षा लिएर सम्पूर्ण नशा त्यागी मर्यादामा रहेर साधना गर्नु होस्, मोक्ष हुने छ । त्यसैबेला ती भक्तात्माले दीक्षा लिएर पूरा लगनका साथ भक्ति गरे ।उसले ८५ वर्षको आयुमा शरीर त्याग्यो । जीवन सफल तुल्यायो । ऊ हुक्का पिउँथ्यो, त्यसै दिनबाट त्याग्यो र आजीवन हुक्का छुँदासम्म पनि छोएन । रामकुमारको कान्छो भाइको परिवारले पनि नाम लियो । वृद्ध भक्त स्वयम्ले तिनलाई सत्सङ्गमा लिएर आउँथे, भक्ति गर्न भन्थे । मनोरपुर गाउँका मानिसहरू यति धेरै हुक्का पिउने व्यक्तिले कसरी हुक्का छोडे भनेर आश्चर्यचकित थिए । ऊ हुक्का पिउनेहरूको छेउमा पनि बस्दैनथे ।

एकै चोट सिधारिया जिन मिलन दा चाह ।

हरियाणा भाषामा एउटा भनाइ छः

घामका और ज्ञानका चमका-सा लाग्या करै ।

त्यसमै काम सम्पन्न हुन्छ । भावार्थः- भदौ महिनामा घामको तेज अधिक हुन्छ । खेतमा काम गर्नेहरूलाई घामले मरेतुल्य बनाउँछ । (घामले मारनु = घामले शरीरमा हानी हुनु, जसकारणले शरीरमा गर्मी बढ्छ र ज्वरो आउँछ । यसलाई घामले माऱ्यो भनिन्छ।) त्यस व्यक्तिले वैद्यलाई भन्थ्यो– घामले मलाई कत्तिखेर लडायो थाहै भएन । अनि वैद्यले भन्थे– घामको त चमका जस्तै लाग्छ अर्थात् अचानक प्रभाव पर्छ । यसैगरी कसैलाई ज्ञानको प्रभाव हुनु छ भने एक-दुई बिन्दुमा नै ज्ञान अवगत हुन्छ र भक्तिमा लागि हाल्छ ।

## "चौधरी जीता जाटलाई ज्ञान भयो"

लगभग २७५ वर्ष पहिले खेखडा गाउँ, बागपत जिल्ला (उत्तर प्रदेश) मा एक जीताराम जाट थिए । उनको नौ सय विघा जमीन थियो । गाउँका जमिन्दार थिए । सबैभन्दा धनी तथा पञ्च पनि थिए । सत्यको पक्ष लिन्थे । झूठलाई महत्व दिदैनथे। त्यही गाउँमा एकजना सन्त घिसा दास जी त्यसबेला त्यहाँ सत्सङ्ग गर्थे । उनी चमार जातिका थिए । त्यस समय छुवाछुत चरममा थियो । सन्त घिसा दास जीलाई लगभग सात-आठ वर्षको उमेरमा परमेश्वर कबीर जीले जङ्गलमा भेट्नु भएको थियो । उनलाई यथार्थ ज्ञान तथा दीक्षा दिएर अन्तर्ध्यान हुनु भएको थियो । ठूलो भएर सन्त श्री घिसा दास जी सत्सङ्ग गर्न थाले । वरिपरिका मानिसहरू सत्सङ्ग सुनेर दीक्षा लिई सङ्कट मुक्त हुन थाले । दिनमा आफ्नो जीवन निर्वाहका लागि काम गर्थे तथा रातमा सत्सङ्ग सुन्थे । महिनामा दुई दिन सत्सङ्ग गर्थे । रातको सत्सङ्गमा स्त्री-पुरुषहरू दुबै जान्थे । रातमा स्त्रीहरू सत्सङ्ग जानु हुन्न, कुनै पनि अप्रिय घटना घट्न सक्छ, त्यसैले सत्सङ्ग बन्द गर्नु पर्छ भन्ने विषयमा गाउँमा चर्चा चल्न थाल्यो । खेखडा गाउँमा पञ्चायत बस्यो । पञ्चायतमा सत्सङ्ग बन्द गराउने निर्णय लिइयो र यो खवर पञ्चायत प्रमुख चौधरी जीताराम जीलाई भनियो । चौधरी जीताराम जी सन्त घिसाराम जीको घर गए । त्यस दिन सत्सङ्ग चलि रहेको थियो । गाउँको पञ्चायतको निर्णय पूरा गाउँमा चर्चा भइ सकेको थियो। चौधरी जीताराम जी सन्त घिसाराम जीको घरमा पुगे । उनी त्यहाँ आएको देखेर सत्सङ्गमा आएका श्रोताहरूलाई चौधरी जिताराम जाटदिमागका छन् कहीं सन्त जीसँग झगडा गर्ने त होइनन् भन्ने लाग्यो । जीताराम जी घरबाट हिड्दा लट्ठी लिएर हिडेका थिए । उनको मनमा भक्तले कहाँ झगडा गर्छन् । राम्रो सभामा लट्ठी लिएर जानु पञ्चायत प्रमुखलाई शोभा दिदैन भन्ने विचार आयो । उनले लट्ठी एउटा रूखसँगै राखेर हिडे । सत्सङ्ग चलि रहेको थियो । चौधरी साहेबले विचार गरेः- केही यिनको पनि कुरा सुनूं, अनि भन-सुन गरौंला । सत्सङ्गमा त्यही ज्ञान बताइयो, जुन तपाईं हरलाल जीको प्रकरणमा पढनु भएको थियो । चौधरी साहेब भावुक भए । आँखाबाट आँशुको धारा बग्न थाल्यो । उठेर गई सन्त घिसा जीको चरणमा शिर राखेर भने– हे गुरूदेव ! म अपराधीलाई मार्नु होस् वा छोड्नु होस्, मबाट धेरै ठूलो गल्ती भयो । म तुच्छ जीव सत्सङ्ग बन्द गर्ने आदेश लिएर आएको हूँ । क्षमा गर्नु होस् प्रभु । हजुर दिल खोलेर सत्सङ्ग गर्नु होस्, कसैले रोक्ने छैनन् । सन्त घिसा जीले भने– चौधरी साहब ! तपाईं जे काम गर्न आउनु भएको हो, त्यो गर्नु होस् । जीता जाट रूँदै भन्न थाले– क्षमा गर्नु होस्, मलाई दीक्षा दिनु होस् । चौधरी जीताराम जाट जी भक्त बने । स्वयम् आफू पनि रातमा सत्सङ्ग सुन्न थाले । खेखडा गाउँको घर-घरमा चौधरी साहेब जीताराम जी सन्त घिसाराम जीको शरणमा गएको कुरामा निन्दा हुन थाल्यो । उनीहरू भन्न थाले– सन्त घिसाराम सेवडा हुन् । जादू-मन्त्र जान्दछन् । गाउँका चौधरी माथि तान्त्रिक क्रिया गरेर आफ्नो वशमा पारे । सम्मोहन तन्त्र-मन्त्र जान्दछन् । चौधरी जीताराम

जीका घरका मानिसहरू, छोरा, भाइ, काका, ठूलाबुवा सबै जीताराम जाट तथा घिसाराम सन्तका विरोधी भए । गाउँका मानिसहरू जीताराम चौधरीलाई भन्न थाले– चौधरी साहब ! बुढेसकालमा तपाईं पनि बिग्रनु भयो । चौधरी घिसाराम जीलाई आध्यात्मिक घामले पोलि सकेको थियो । अर्थात् ज्ञानको प्रभाव प्रबल भएको थियो । उनी भन्थे– हे गाउँबासीहरू ! मेरो त भाग्य जाग्यो, त्यसैले म भक्त भएँ र तिमीहरूको नजरमा बिग्रिएँ । भगवानले गरून् कि तिमीहरू पनि मै जसरी बिग्रिए । नबिग्रिकन काम चल्दैन । केही दिन पश्चात् गाउँमा पञ्चायत बस्यो र सन्त घिसादास जी तथा भक्त जीताराम जीलाई गाउँ छोड्ने आदेश सुनाए । दबै गुरू शिष्यले तत्काल गाउँ छोडे र पर अर्को गाउँमा गएर सत्सङ्ग गरी जनतालाई सम्झाउन थाले । थुप्रै मानिसहरू अनुयायी भए । सन्तहरू गएपछि खेखडा गाउँमा अकाल मृत्यु हुन थाल्यो । पञ्चायतका मानिसहरूको घरमा परमात्माको प्रकोप प्रारम्भ भयो । कसैको चारा (अन्न, बाली) मा आगो लाग्न थाल्यो, कसैको पशु मर्न थाल्यो । कसैको परिवारमा प्रेत बोल्न थाल्यो, कसैको छोरीहरू विधवा हुन थाले, कसैलाई पक्षाघात हुन थाल्यो । गाउँका पशुहरूमा रोग फैलन थाल्यो । गाउँका केही मानिसहरू कोही झार-फुक गर्ने कहाँ गाउँमा फैलिएको उपद्रवको कारण जान्न गए। झार-फुक गर्नेले भन्यो– तपाईहरूको गाउँमा दुई सन्त-भक्त रहन्थे, उनीहरू गाउँबाट गए । उनीहरू फर्केर आए भने गाउँ आवाद हुन्छ अन्यथा उजाडिने छ । ती व्यक्तिहरू गाउँमा आइ पञ्चात बसी सारा कुरा बताए । गाउँका गण्यमान्य व्यक्तिहरू सन्त-भक्तलाई फर्काएर ल्याउन त्यस गाउँमा गए । भक्त जीतारामले गुरू जी घिसादास जीसँग भने– हे गुरूदेव ! हेर्दा खेरि गाउँका मानिसहरू हामीलाई यहाँबाट पनि निकाल्नका लागि आएका हुन् कि जस्तो लाग्छ । हेर्नु होस्, ती आइ रहेका छन् । सन्त घिसादास जी भने– लौ, काँधमा ओढ्ने राख, हिड्नु पर्छ । यत्तिकैमा गाउँका चौधरी निकट आए र आ-आफ्नो शिरको साफे (पगरी) सन्त घिसा तथा भक्त जीता जीको चरणमा राखे । सबैले भने– महाराज जी ! गल्ती माफ गर्नु होस् । हजुर गएपछि गाउँ उजाडिन थालेको छ । बचाउन मिल्छ भने बचाउनु होस्, होइन भने हामी पनि यहीं हजुरसँगै बस्छौं । त्यस गाउँका मानिसहरू पनि जम्मा भए । सारा घटना थाहा पाए । अहिलेका गाउँका मानिसहरू भन्न थाले– चौधरीहरू! तिमीहरूको गाउँ आबाद भयो भने हामी उजाडिने छौं । यी दुई देवता गाउँमा आएपछि गाउँमा कसैको बीचमा पनि तँ-तँ र म-म पनि भएको छैन । दुई पटक वर्षा भइ सकेको छ । हेर ! बाली लहलहाइ रहेको छ । खेखडाका मानिसहरूले विशेष विनय, गरेपछि दुबै महापुरूषहरूले फर्कने स्वीकृति दिए र गाउँका मानिसहरूसँग भने– हामी समय-समयमा आइ रहन्छौं । प्रत्येक पूर्णिमामा तपाईंहरू खेखडा आउने गर्नु होस् । परमात्मा कबीर जीले सबै राम्रो बनाउनु हुने छ । दुबै महापुरूषहरू आउनासाथ पूरा गाउँमा शान्ति छायो । पशु धन स्वस्थ भए। अर्को दिन ठूलो वर्षा भयो । किसानहरू दङ्ग थिए । ३६ बिरादरी खुशी थिए । सबै

उपद्रव बन्द भयो । आजसम्म त्यस गाउँमा सन्त घिसाराम जी तथा भक्त जीताराम जीको नाममा मेला लाग्छ । सन्त गरीबदास जी भन्छन्ः

गरीब, जिस मण्डल साधु नहीं, नदी नहीं गुंजार ।
तज हंसा वह देशड़ा, जम की मोटी मार ।।

त्यसैले पाठकवर्ग ! जुनसुकै बखत तथा जुनसुकै आयुमा सतगुरू प्राप्त भए भने भक्ति प्रारम्भ गर्नू । सन्त गरीबदास जी भन्छन्ः-

गरीब, चली गई सो जान दे, ले रहती कूं राख ।
उतरी लाव चढ़ाईयो, करो अपूठी चाक ।।

भावार्थः- जुन आयु गइ सक्यो, त्यसको चिन्ता छोडेर बाँकी आयुको रक्षा गर अर्थात् भक्ति, दान-सेवामा लगाऊ । जस्तो पुरानो समयमा खेतीको सिंचाइ गर्नका लागि इनारबाट पानी निकाल्न छालाको चडस (पानी राख्ने थैलो) प्रयोग हुन्थ्यो, जसमा दुई-तीन क्विन्टल पानी भरिन्थ्यो । त्यसलाई काठको चक्री (घिर्नी) माथि मोटो डोरी चढाएर बाँधी तान्थे । यदि डोरी घिर्नीबाट झऱ्यो (चिप्ल्यो) भने त्यसलाई तान्न कठीन हुन्थ्यो । डोरीलाई जसोतसो पुन घिर्नीमा चढाइन्थ्यो, जसकारण चडस (पानी राख्ने थैलो) बाहिर निकाल्न सजिलो हुन्थ्यो । यो यसबाट लाभ लिने यथार्थ तरिका हो । त्यसैले हे मानव ! यदि गुरू शरण लिनु भएको छैन भने तपाईंको जीवनको डोरी घिर्नीबाट झरेको छ, जीवनको प्रत्येक कार्य समस्या बनेर उभिएको छ । त्यस जीवनको डोरीलाई पुन पुल्लीमा चढाउनु होस्, अनि चलाउनु होस् । सजिलो हुने छ अर्थात् गुरू जीको शरण लिएर आफ्नो जीवनको मार्गलाई सजिलो बनाउनु होस् ।

## वेश्याको उद्दार

❖ सत्सङ्ग सुन्नाले जीवन सुध्रिन्छः

परमेश्वर कबीर जी रात्रिमा घर-घरमा सत्सङ्ग गर्नु हुन्थ्यो । दिनको समयमा जीवन निर्वाहका लागि सबै श्रोताहरू तथा कबीर जी काम गर्थे ।

एकरात सत्सङ्ग चलि रहेको थियो । अलिकति पर काशी शहरकी प्रख्यात वेश्या चम्पाकलीको आलिशान महल थियो । त्यस रात वेश्याका लागि ग्राहकको कमी थियो । ग्राहकको पर्खाइमा ऊ जागै थिई । उसले परमात्मा कबीर जीको मुख कमलबाट निस्किएका प्रिय अमृतवाणी सुनी । सत्सङ्गमा परमात्मा कबीर जी भन्दै हुनु हुन्थ्यो— मानव (स्त्री/पुरूष) को जीवन ठूलो पुण्यले प्राप्त हुन्छ । भक्ति एवं दान-पुण्य नगर्ने स्त्री-पुरूष परमात्माका चोर हुन् । (गीता अध्याय ३ श्लोक १२ मा पनि भनिएको छ— जुन व्यक्तिले परमात्माबाट प्राप्त धनको केही अंश दान-धर्ममा नलगाई स्वयम्ले नै पेट भर्दछ भने ऊ त परमात्माको चोर हो ।) चोरी, डकैती, ठगी, वेश्यागमन गर्ने मानिस महाअपराधी हो । वेश्याको पेशा अङ्गाल्ने स्त्री पनि

**महाअपराधी हो । परमात्माको दरबारमा तिनलाई कडा दण्ड दिइने छ । मानव जीवन शुभकार्य तथा भक्ति गर्नका लागि प्राप्त हुन्छ ।**

कबीर, चोरी जारी वैश्या वृति, कबहु ना करयो कोए ।
पुण्य पाई नर देही, ओच्छी ठौर न खोए ।।

**मानव जीवन प्राप्त गरेको प्राणीले सर्वप्रथम पूर्ण गुरूको शरणमा गएर दीक्षा प्राप्त गर्नु पर्छ । अनि आजीवन गुरू जीको मर्यादामा रहेर साधना, सेवा तथा दान-धर्म गरि रहनु पर्छ, आफ्नो दैनिक कार्य गरि रहनु पर्छ तर सम्पूर्ण खराब आचरण त्याग्नु पर्छ, अनि उसको कल्याण अवश्य हुन्छ । आध्यात्मिक ज्ञानको अभावले मानव (स्त्री-पुरूष) केवल धन उपार्जनलाई जीवनको मुख्य उद्देश्य बनाएर जीवनको यात्रा तय गर्दछ । यदि तपाईंसँग अरब-खरब धन-सम्पत्ति छ, जुन तपाईंले जीवनभर विभिन्न छल-कपट तथा गडबड गरी जम्मा गर्नु भएको हो, अनि अचानक मृत्यु हुन्छ । जीवनभर जम्मा गरिएका सम्पत्ति यहीं रहन्छ, साथमा त शरीर पनि जाँदैन, साथमा जान्छ त केवल त्यो पाप जुन तपाईंले माया सङ्ग्रह गर्नका लागि जीवनभर गर्नु भयो ।**

काया तेरी है नहीं, माया कहाँ से होय ।
गुरु चरणों में ध्यान रख, इन दोनों को खोय ।।

**भावार्थः- काया अर्थात् शरीरलाई रोगमुक्त गराउनका लागि मानिसले आफ्नो सम्पत्ति बेचेर पनि उपचार गर्दछ । यसैका लागि भनिएको छ– शरीर (काया) पनि तपाईंसँगै जाँदैन, मायाको त कुरै भएन । पूर्ण गुरूबाट दीक्षा लिएर रातदिन भक्ति गर । गुरू जीले बताएको ज्ञानलाई आधार बनाएर जीवनको मार्गमा हिंड । काया तथा मायाप्रतिको मोह हटाएर भक्तिरूपी धन सङ्ग्रह गर ।**

कबीर, सब जग निर्धना, धनवंता ना कोय ।
धनवान वह जानिये, जापे राम नाम धन होय ।।

**हे मानव ! मानिसहरूका पछिल्ला इतिहास हेर ।**

सर्व सोने की लंका थी, रावण से रणधीरं ।
एक पलक में राज नष्ट हुआ, जम के पड़े जंजीरं ।।

**भावार्थः- श्रीलङ्काका राजा रावणसँग यत्तिका धन थियो कि उनले सुनको महल बनाएका थिए । तर जब विनाश भयो, तब उनले एकरति (ग्राम) सुन पनि साथमा लान सकेनन् ।**

गरीब, भक्ति बिना क्या होत है, भ्रम रहा संसार ।
रती कंचन पाया नहीं, रावण चली बार ।।

**भावार्थः- सन्त गरीबदास जीले पनि यस कुरालाई समर्थन गरेका छन्– भक्ति बिना जीवलाई कुनै लाभ प्राप्त हुदैन । माया सङ्ग्रह गर्नका लागि जीवनभर भट्कि रहन्छ । श्रीलङ्काका राजा रावणसँग अनन्त धन, स्वर्ण आदि थियो, तर**

संसार त्यागेर जाँदा एक ग्राम सुन पनि साथमा लान सकेन । सत्य पुरूषको सत्य भक्ति नगर्नाले यमदूतहरूले हत्कडी लगाएर माथि यमराज कहाँ लगे । नर्कमा हाले । त्यसैले हे मानव ! अशुभ कर्महरू गर्न मनमा डर लेऊ, गुरू धारण गरेर सत्य भक्ति गर ।

शङ्का समाधान गदै परमेश्वर कबीर जीले सत्सङ्गमा भन्नु भयो– आध्यात्मिक ज्ञान नभएकाले राम्रा व्यक्तिहरूबाट पाप कर्म भएको हो । त्यस्ता व्यक्तिहरूले सत्सङ्ग सुन्ने अवसर पाएपछि सम्पूर्ण अपराध त्यागेर भक्ति गरी आफ्नो कल्याण गराएका छन् । परमात्मा कबीर जीले भन्नु भयो– मसँग साधनाको त्यो यथार्थ मन्त्र छ, जसले सम्पूर्ण पापहरू नष्ट गरि दिन्छ । पुण्य जोगिन्छ । (जस्तो अहिले वैज्ञानिकहरूले यस्तो औषधि पत्ता लगाएका छन्, जुन खेतमा हाल्नाले घाँस तथा झारपात नष्ट हुन्छ र बाली सुरक्षित रहन्छ ।) यो मन्त्र मैले आफ्नो लोकबाट ल्याएको हूँ ।

सोहं शब्द हम जग में लाए । सार शब्द हम गुप्त छिपाए ।।

(ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २ मा पनि प्रमाण छ– परमात्मा प्रत्यक्ष रूपमा प्रकट भएर आफ्ना अमृत वाणीको माध्यमले मुक्तिको सत्य मार्गका लागि प्रेरणा दिनु हुन्छ । ती परमात्मा सारा देवहरूका देव अर्थात् सबैका मालिकले भक्तिको गुप्त नामहरूको आविष्कार गर्दछन् ।) यदि कोही महापापी नै भए पनि, सत्य साधना गर्न थाल्यो र भविष्यमा कुनै पाप गरेन भने उसका सारा पाप समाप्त हुन्छ, भक्ति गरेर आफ्नो कल्याण गराउन सक्छ ।

उपरोक्त अमृतवचन सुनेर ती वेश्यालाई गहिरो निन्द्राबाट ब्यूझें जस्तै भयो । उनी काम्न थालिन् । घरमा ताला लगाएर सत्सङ्ग स्थलमा गइन् । महिलाहरूको स्थानतिर पछाडि पट्टी गएर बसिन् । सत्सङ्ग समाप्त भयो । दीक्षा लिन चाहनेहरू अगाडि गुरू जीको नजिक आउनु होस् भनेर बोलाएपछि केही स्त्री तथा पुरूषहरू अगाडि आए । वेश्या पनि अगाडि आइन् र गुरूदेव जीलाई आफ्नो परिचय दिदै भनिन्– मैले ४० वर्षको उमेरमा प्रथम पटक यो उपकारी वचन सुन्न पाएँ । हे परमात्मा ! के म जस्तो पापिनीको पनि कल्याण सम्भव छ ? त्यसो त हजुरले सारा समाधान सत्सङ्गमा नै बताउनु भएको छ तर जब आफ्नो घृणित जीवनलाई फर्केर हेर्दा आफैलाई ग्लानि हुन्छ र मजस्तो अपराधीलाई क्षमा प्राप्त हुन्छ भन्ने विश्वास भइ रहेको छैन । परमेश्वर कबीर जीले भन्नु भयोः

कबीर, जब ही सत्यनाम हृदय धरा, भयो पाप को नाश ।
जैसे चिनंगी अग्नि की, पडै पुरानै घास ।।

भावार्थः- जस्तो मानौं एक करोड टन सुकेको घाँसको थुप्रो छ । यदि त्यसमा सलाईको एउटा काँटी बालेर लगाइ दियो भने त्यो सुकेको घाँस खरानी हुन्छ । अनि हावा चल्यो भने त्यो खरानीलाई पनि उडाएर लान्छ । काम तमाम

भयो । यसैगरी करोडौं जन्मको पाप छ भने पनि मेरो सच्चा मन्त्रको जपले यसलाई डढाएर खरानी बनाइ दिन्छ । भविष्यमा कुनै गल्ती नगर्नु, कल्याण हुने छ ।

(यजुर्वेद अध्याय ८ मन्त्र १३ मा पनि यही प्रमाण छ– परमात्माले आफ्नो भक्त (एनसः एनसः) को घोर पापको नाश गरि दिन्छन् । जीवको कल्याण गरि दिन्छन् ।) त्यस चेलीले पापकर्म (वेश्यावृत्ति) त्यागिन् । परमात्मा कबीर जीसँग दीक्षा लिएर मर्यादा पालन गर्दै आजीवन साधना गरी चम्पाकलीले मोक्ष प्राप्त गरिन् ।

## रङ्का-बङ्काको कथा

परमेश्वर कबीर जीसँग चम्पाकलीले सोधिन्– हे भगवान ! यो पापको सम्पत्ति र रूपियाँ म के गरूँ ? परमेश्वर कबीर जीले भन्नु भयो– छोरी ! यो नर्कको धन, दान गरि देऊ । घरमा गएर चम्पाकलीले विचार गरिन्– यदि सबै धन दान गरें भने मैले के खाने ? अर्को कुनै काम पनि छैन । चम्पाकली प्रायःजसो समय सत्सङ्गमा जान थालिन् । एकदिन उनले सत्सङ्गमा भनिएका कुरा सुनिन्, जसमा यसो भनिएको थियोः-

रंका (पुरूष) र बंका (स्त्री) परमात्माका परम भक्त थिए । तत्वज्ञान राम्रोसँग बुझेका थिए । त्यही आधारमा आफ्नो जीवन निर्वाह गरि रहेका थिए । तिनीहरूकी एउटी छोरी थिई, जसको नाम अबंका थियो । एक भक्त नामदेवले आफ्ना गुरू जीसँग भने– गुरूदेव ! हजुरका भक्त रंका-बंका धेरै गरीब छन् । तिनीहरूलाई केही धन दिनु भयो भने तिनीहरूले जङ्गलबाट दाउरा ल्याई शहरमा बेची जीवन निर्वाह गर्नु पर्दैनथ्यो । दुबै जङ्गल जान्छन् । दाउरा काटेर ल्याउँछन् । हातमुख जोड्ने काम कठीनतापूर्वक चल्छ । गुरूदेवले भन्नु भयो– बाबु ! कैयौं पटक धन दिने प्रयत्न गरें, तर ती सबै दान दिन्छन् । दुई तीन पटक त म स्वयम् भेष बदलेर दाउरा खरिदकर्ता बनेर गएँ । उनीहरूको दाउराको मूल्य अरूको भन्दा १०० गुणा बढी दिएको थिएँ । तिनीहरूको दाउरा हरेक दिन दुई-दुई आनामा बिक्थ्यो । मैले दश रूपियाँमा किनेको थिए । उनीहरूले आफूसँग चार आना राखेर बाँकी रूपिया मेरै सत्सङ्गमा दान गरि दिए । अब तिमी नै भन, धन कसरी दिऊँ ? भक्त नामदेव जीले फेरि आग्रह गरे, अब यसपटक धन दिएर हेर्नु होस्, अवश्य लिन्छन् । गुरू तथा भक्त नामदेव जी त्यही बाटोमा गए, जुन बाटो हुँदै रंका-बंका जङ्गलबाट दाउरा लिएर आउँथे । गुरू जीले बाटोमा लाखौं मूल्य पर्ने गहनाहरू राखि दिए । नामदेव तथा गुरूदेव एउटा झाडीमा लुके । रंका अगाडि-अगाडि टाउकोमा दाउराको भारी बोकेर हिडि रहेको थियो भने बंका पछि-पछि २०० फिटको फरकमा दाउराको भारी बोकी हिडि रहेकी थिई । भक्त रंकाजीले बाटोमा अमूल्य आभूषण देखे र बंका नारी हुन् त्यसैले यो आभूषण देखेर बंकामा लालच न आओस् र आफ्नो धर्म-कर्म खराब नगरोस् भन्ने विचार गरी गोडाले माटो हाली गहनाहरू पुर्न थाले । भक्तमती

बंका पनि पूर्ण गुरूकी शिष्या थिई । उनले आफ्ना पतिले माटोले गहना छोपि रहेको देखिन्., उनलाई यसको उद्देश्य पनि थाहा भयो । उनले ठूलो स्वरमा भनिन्– जाऔं, भक्त जी माटोलाई माटोले किन छोप्दै हुनु हुन्छ । रंका जीलाई श्रीमतीको इरादा पक्का छ, कच्चा छैन भन्ने थाहा भयो । दुबै जना लाखौंको सम्पत्तिको वेवास्ता गरी शहर गए । गुरू जीले भने– देख्यौ ? भक्त नामदेव जी, भक्त हुन् त यस्ता ।

एक दिन साँझ ४ बजे गुरू जी सत्सङ्ग गर्दै हुनु हुन्थ्यो । सत्सङ्ग स्थल रंका जीको झुप्रोभन्दा चार एकड पर थियो । रंका र बंका दुबै सत्सङ्ग सुन्न गएका थिए । उनीहरूकी छोरी अबंका (१९ वर्षकी) झुप्रो बाहिर खाटमा बसेकी थिई। झुपडीमा आगो लाग्यो । सारा सामान जल्यो । अबंका दौडदै आई । त्यस बखत सत्सङ्ग चलि रहेको थियो । गुरू जी सत्सङ्ग सुनाउँदै हुनु हुन्थ्यो । श्रोताहरू ध्यानमग्न भएर सत्सङ्ग सुनि रहेका थिए । वातावरण शान्त थियो । अबंका ठूलो ठूलो स्वरमा भनी–आमा-आमा ! झुप्रोमा आगो लाग्यो र सारा सामान डढ्यो । आमा बंका उठिन र छोरीलाई एक छेउमा लगेर के चाहिं बाँकी छ त भनेर सोधिन् । छोरी अबंकाले बाहिर रहेको एउटा मात्र खाट बचेको छ भनिन् । भक्त रंका पनि उठेर आए । दुबैले भने– छोरी ! त्यो खाट पनि आगोमा हालि देऊ र आएर सत्सङ्ग सुन । झुप्रो नभएको भए आगो लाग्दैन थियो, आगो नलागेको भए सत्सङ्ग वचनको आनन्द भङ्ग हुने थिएन, अबंका गई र खाट आगोमा हाली सत्सङ्ग सुन्न आई । सत्सङ्ग पछि सबै घर गए । खाना सत्सङ्गमै खाइ सकेका थिए । रातमा डढेको झुप्रोसँगैको एउटा रूखमुनी भुइँ मै सुते । भक्ति गर्न बेलैमा उठ्दा उनीहरूले आफूहरू सुन्दर झुप्रोमा भएको पाए । झुप्रोमा सारा भाडाँकुडा थिए र पिठो, दाल आदि आदिले माटाका भाँडाहरू भरिएका थिए । त्यही बेला आकाशवाणी भयो– भक्त परिवार ! यो परमात्माको दया हो । तिमीहरू यही छाप्रोमा बस । यो गुरूदेवको आज्ञा हो । तीनै जनाले जो आज्ञा गुरूदेव भने । सुर्योदय पश्चात् त्यस नगरका मानिसहरू आश्चर्यचकित भए किनकि डढेको पुरानो झोपडीको खरानी पनि त्यही थियो र अर्को रूखसँगै नयाँ झोपडी थियो । यस्तो नयाँ झोपडी एक हप्ता नभई बन्न असम्भव थियो । सबैले यो त गुरू जीको चमत्कार हो भने । यी सब देखेपछि नगरवासीहरूले गुरू जीबाट दीक्षा लिने सङ्कल्प गर्न थाले । हजारौं नगरवासीहरूले दीक्षा लिए । (यो सबै लिला परमेश्वर कबीर जीले काशी शहरमा प्रकट हुनु भन्दा लगभग २०० वर्ष पूर्व गर्नु भएको थियो । त्यसैबेला भक्त नामदेव जीलाई पनि शरणमा लिनु भएको थियो ।)

उपरोक्त कथा प्रसङ्ग सुनेपछि भक्तमती चम्पाकलीको मनको डर समाप्त भयो र सारा सम्पत्ति कबीर गुरू जीमा समर्पित गरि दिइन् । परमात्माले भन्नु भयो– छोरी ! तिमी नै मेरो भइ सकेपछि यो सम्पत्ति त स्वतः मेरो भयो । यस मेरो सम्पत्तिबाट तिम्रो निर्वाह चल्न आवश्यक जति तिमी राख र बाँकी दान गर्दै गर ।

भक्तमती चम्पाकलीले त्यसै गरिन् । घर आफैले राखिन् र धेरै जसो धन गुरू जीको आज्ञा अनुसार भोजन-भण्डारामा दान गरि दिइन् ।

## कबीर जीले शिष्यहरूको परीक्षा लिनु

बन्दी छोड परमेश्वर कबीर जीद्वारा गरिएका अनेकौं अनहोनी लिलाहरूबाट प्रभावित भएर ६४ लाख शिष्यहरू बनेका थिए । परमेश्वरले त भूत, भविष्य र वर्तमानका सारा कुरा जान्नु हुन्छ । उहाँलाई थाहा थियो कि यी सबै चमत्कार देखेर तथा मेरो आशीर्वादका कारण यिनीहरूले पाएका भौतिक लाभहरूले गर्दा मेरो जय जयकार गरि रहेका छन् । म परमात्मा हूँ भन्ने कुरा यिनीहरूलाई विश्वास छैन तर पनि देखा-सेखीको आधारमा हाम्रा सतगुरू कबीर जी त स्वयम् परमात्मा आउनु भएको छ भनी अवश्य भन्थे । आफूलाई भएको लाभको बारेमा पनि सुनाउँथे । एक दिन परमेश्वर कबीर जीले शिष्यहरूले कत्ति ज्ञान बुझेका छन् भन्ने कुराको परीक्षा लिने विचार गर्नु भयो । यदि यिनीहरूलाई विश्वास नै छैन भने यी मोक्षका अधिकारी होइनन् । यी मेरो शिरको व्यर्थको बोझ हुन् । यस्तो विचार गरी एउटा योजना बनाउनु भयो । आफ्ना शिष्य रविदासलाई भाडामा एउटा हात्ति ल्याउन भन्नु भयो ।

काशी नगरमा एक सुन्दर वेश्या थिइन् । उसको महलभन्दा अलि पर कबीर जीको भक्तको घर थियो । त्यस भक्तको आँगनमा रातको समयमा कबीर जी सत्सङ्ग गरि रहनु भएको थियो । त्यस दिन त्यस वेश्याकहाँ ग्राहक थिएनन् । उनी सत्सङ्गका वचन सुन्नका लागि आफ्नो भवनको छतमा कुर्सी राखेर बसिन् । रातभरी सत्सङ्ग सुनिन् र उठेर सत्सङ्ग स्थलमा गइन् । परमात्मा कबीर जीलाई आफ्नो परिचय दिइन् र भनिन्– गुरू जी ! के मजस्तो पापिनीको पनि उद्वार हुन सक्छ ? मैले जीवनमा पहिलो पटक आत्मकल्याणको कुरा सुनेको हूँ । अब मसँग दुईवटा मात्र विकल्प छ, या त मेरो कल्याण होस् वा म आत्महत्या गरेर पापको प्रायश्चित् गरूँ ? परमात्मा कबीर साहेबले भन्नु भयो– छोरी ! आत्महत्या गर्नु महापाप हो । भक्ति गरेपछि परमात्माले सम्पूर्ण पाप नष्ट गरि दिनु हुन्छ । तिमी मबाट उपदेश लिएर साधना गर र भविष्यमा पापहरूबाट जोगिएर बस्नू । ती चेलीले प्रतिज्ञा गरिन् र परमात्मा कबीर जीबाट दीक्षा लिएर भक्ति गर्न थालिन् । जहाँ प्रभु कबीर जीले सत्सङ्ग गर्नु हुन्थ्यो, त्यहीं सत्सङ्ग सुन्न जान थालिन् । यस कारण कबीर जीका भक्तहरूलाई उनी सत्सङ्गमा आएको मन पर्दैनथ्यो । उनीहरू ती चेलीसँग भन्थे– तेरो कारणले गुरू जीको बदनामी हुन्छ । तँ सत्सङ्गमा आउने नगर । तँ सबैभन्दा अगाडि गुरू जीको नजिक बस्छेस्, त्यहाँ बस्ने नगर् । उनले यी कुरा गुरू कबीर जीलाई भनिन् र डाँको छोडेर रून थालिन् । परमेश्वर जीले भन्नु भयो– छोरी ! तिमी सत्सङ्गमा आउने गर्नू । कबीर जीले सत्सङ्ग

वचनहरूको माध्यमले स्पष्ट पार्नु भयो– मैला लुगा साबुन र पानीबाट अगल राखेर कसरी सफा हुन सक्छ ? यसैगरी पापी व्यक्तिले सत्सङ्ग तथा गुरूबाट टाढा रहेर कसरी आत्म कल्याण गराउन सक्छ ? भक्तले वेश्या तथा रोगीलाई घृणा गर्दैनन्, बरू सम्मान गर्दछन् । उसलाई ज्ञान चर्चाको माध्यमले मोक्ष प्राप्तिका लागि प्रेरणा गर्दछन् । परमात्मा कबीर जीले बारम्बार सम्झाउँदा पनि भक्तजनले ती चेलीलाई सत्सङ्गमा आउन निषेध गरि रहे । उनीहरू बहाना बनाउँदै भन्थे– तेरो कारणले काशी मा गुरू जी बदनाम हुनु भएको छ । तिम्रा गुरू जी कहाँ वेश्या पनि जान्छे, ऊ केको गुरू हुन् भनेर काशीका मानिसहरूले हामीलाई भन्छन् ।

परमेश्वर कबीर जीले ती चेलीलाई भन्नु भयो– छोरी ! तिमी मसँग हात्तिमा बसेर साथै हिड्नु पर्छ । उनले भनिन्– गुरूदेवको जो आज्ञा ! अर्को दिन विहान लगभग १० बजे हात्तिमा तीनै जना सवार भएर काशी नगरको मुख्य बजार हुँदै जान थाले । सन्त रविदास जी हात्ति हाँकि रहेका थिए । चेली रविदास जीको पछाडि र कबीर जीका अगाडि अर्थात् दुबैका बीचमा बसेकी थिइन् । कबीर जीले एउटा बोतलमा गंगाजल भर्नु भयो । त्यस बोतल मुखमा लगाएर घुट्‌ट-घुट्‌ट पिइ रहनु भएको थियो । मानिसहरूलाई कबीर जी रक्सी पिइ रहनु भएको छ र रक्सीको नशामा वेश्यालाई खुला रूपमा लिएर बजारमा घुमि रहनु भएको छ जस्तो लाग्यो । काशीका मानिसहरू एक आपसमा भनि रहेका थिए– हेर ! ठूला-ठूला उपदेश दिने कबीर जुलाहा, आज यसको पोल खुल्यो । यिनीहरू सत्सङ्गको बहानामा यस्ता कर्म गर्छन् । ती मानिसहरू कबीर जीका शिष्यहरूलाई समातेर ल्याई देखाउँथे र भन्थे– हेर, तिम्रा परमात्माको करतुत ! रक्सी पिइ रहेका छन्, वेश्यालाई लिएर खुल्ला रूपमा घुमिरहेछन् । यो लिला देखेर ती चौंसठी लाख नक्कली शिष्यहरू कबीर जीलाई त्यागेर गए । पहिलेका साधना गर्न थाले । लोक-लाजमा फँसेर गुरू विमुख भए ।

परमात्मा कबीर जी विशेष गरी दिल्लीका सम्राट सिकन्दर लोधी काशी नगरमा आएको बेलामा यस्तो लिला गर्नु हुन्थ्यो । त्यस समय सिकन्दर लोधी राजा काशीमा उपस्थित थिए । काजी-पण्डितहरूले राजालाई कुरा लगाउँदै भने– कबीर जुलाहाले त जुलुम गरि दिए । लाज-शरम पचाएर खुलेआम वेश्यासँग हात्तिमाथि गलत कार्य गरि रहेका थिए । रक्सी पिइ रहेका थिए । राजाले तत्काल समातेर गंगामा डुबाएर मार्ने आदेश दिए । राजा सिकन्दरले आफ्नै हातले कबीर जीको हातमा हत्कडी, गोडामा नेल र गलामा तोक (कैदीको घाँटीमा लगाइने फलामको रडको गोलो रिङ) लगाए । डुङ्गामा बसाएर गंगा नदीको बीचमा लगेर सिपाहीहरूले फ्याँकि दिए । हत्कडी, नेल र तोक आफै चुडिएर पानीमा झऱ्यो । परमात्मा जलमा पद्मासनमा बस्नु भयो । तलबाट गंगाजल चक्कर काट्दै बगि रहेको थियो । परमात्मा पानीमाथि आरामले बस्नु भएको थियो । केही समय पश्चात् कबीर जी गंगाको किनारमा आउनु भयो । सिपाहीहरूले शेखतकीको आदेशमा कबीर जीलाई समातेर डुङ्गामा बसाए । परमात्माको गोडा तथा कम्मरमा गह्रौं ढुङ्गा बाँधे

र हात पछिल्तिर डोरीले बाँधेर गंगा नदीको बीचमा फ्याँकि दिए । डोरी चुँडियो ढुङ्गा पानीमा डुब्यो । परमेश्वर कबीर जी पानीमाथि बसि रहनु भयो । कबीर जी गंगामा नडुबेको देखेर क्रोधित भई शेखतकीले राजालाई भनेर तोपको गोला हान्ने आदेश दियो । पहिले कबीर जीलाई ढुङ्गा हाने, गोली हाने, तीर हाने, अन्तमा बाह्र पहरसम्म कबीर जीमाथि तोपको गोला बर्साए तर केही किनारमै खस्थे, केही अर्को किनारमा गएर खस्थे, केही पर तलाउमा गएर झर्थे । एउटा पनि गोला, ढुङ्गा, बन्दुकको गोली वा तीर परमेश्वर कबीर जीको छेउछाउसम्म पनि गएन । यत्ति सबै देखेर पनि काशीका मानिसहरूले परमेश्वरलाई चिनेनन् । तब परमेश्वर कबीर जीले यी त अक्कलका अन्धा हुन् भन्ने विचार गर्नु भयो र त्यही बेला गंगाको जलमा समाहित हुनु भयो र आफ्नो भक्त रविदास जीको घरमा प्रकट हुनु भयो । दर्शकहरूलाई कबीर जुलाहा गंगामा डुबेर मऱ्यो, र उसमाथि बालुवा तथा हिलो जम्मा भयो होला भन्ने विश्वास भयो । सबै खुशीमा डुबेर नाच्दै गाउँदै नगरतिर हिंडे । शेखतकी आफ्नो मण्डलीको साथमा सन्त रविदासको घरमा गए । उनीहरूले सन्त रविदासलाई तिमीले परमात्मा मान्ने कबीर जी गंगामा डुबेर मरे भन्ने कुरा बताउन गएका थिए । सन्त रविदास जीको घरमा गएर हेर्दा त कबीर जी एकतारे (बाद्ययन्त्र) बजाएर शब्द गाइ रहनु भएको थियो । शेखतकीलाई त आमा मरे जस्तै भयो । अनि राजा सिकन्दरका सामु गएर भने– त्यो त आँखा छलेर भागे छ । रविदासको घरमा गएर बसेको छ । यो सुनेर राजा सिकन्दर लोधी सन्त रविदासको कुटीमा गए । परमात्मा कबीर जी त्यहाँबाट अन्तर्ध्यान भएर गंगा नदीको बीचमा समाधि लगाएर जमीनमा बस्नु भयो । राजाले रविदासलाई कबीर जी कहाँ छन् भनी सोधे । सन्त रविदास जीले भने– हे बादशाह जी ! उहाँ पूर्ण परमात्मा हुनु हुन्छ, उहाँ नै अलख अल्लाह हुनु हुन्छ । तपाईं उहाँलाई चिन्नु होस् । उहाँ त आफ्नो मर्जीको मालिक हुनु हुन्छ । जहाँ चाह्यो, त्यहाँ जानु हुन्छ । मलाई केही थाहा छैन, कहाँ जानु भयो कुन्नि ? उहाँ त सबैका साथमा रहनु हुन्छ । त्यही बेलामा कसैले कबीर जी त गंगाको बीचमा बसेर भक्ति गरि रहनु भएको छ भनेर सुनायो । राजा, सिपाहीहरू तथा सारा मानिसहरू गंगा नदीको किनारमा फेरि गए । राजाले डुङ्गामा राखी माझीहरूलाई पठाएर बाहिर आउन सन्देश पठाए । माझीहरूले डुङ्गा कबीर जीका समीपमा लगेर राजाको सन्देश सुनाउँदै भने– हजुरलाई बादशाह सिकन्दरले सम्झनु भएको छ । हजुर हिड्नु होस् । परमेश्वर कबीर जी त्यस डुङ्गामा बसेर किनारमा आउनु भयो ।

राजा सिकन्दरले फेरि गिरफ्तार गरेर हात-गोडा बाँधी ज्यानमारा हात्तिद्वारा मार्न आज्ञा दिए । चारैतिर जनता खडा थिए । सिकन्दर अग्लो स्थानमा बसेका थिए । परमात्मालाई बाँधेर जमीनमा लडाएको थियो । माहुतेले हात्तिलाई रक्सी पियायो र कबीर जीलाई कुल्चेर मार्नका लागि अगाडि बढ्यो । कबीर जीले आफ्नो साथमा एक बब्बर सिंह (शेर) उभ्याउनु भएको देखाइ दिनु भयो । त्यो सिंहलाई

**हात्तिले मात्र देख्यो । हात्ति सिंहको डरले भयभित भएर कराउँदै फर्क्यो । माहुतेलाई जागिरको डरले सताउन थाल्यो । हात्तिलाई भाला रोपी-रोपी कबीर जी भए तिर लैजान खोज्यो तर हात्ति उल्टो दिशामा भाग्यो । तब माहुतेले पनि आफ्नो अगाडि सिंह उभिएको देख्यो र डरले उसको हातको अङ्कुश खस्यो । हात्ति भाग्यो । परमेश्वर कबीर जीको बन्धन टुट्यो । कबीर जी खडा हुनु भयो र आङ तान्दा अग्लो हुनु भयो । शिरले आकाश छोए जस्तो देखिन्थ्यो । शरीर प्रकाशमान देखिन थाल्यो । सिकन्दर राजा भयले काम्दै परमेश्वर कबीर जीको चरणमा शरणागत भए । क्षमा याचना गरे र भने– हजुर परमेश्वर हुनु हुन्छ, मलाई मेरो जीवन दान दिनु होस् । मबाट ठूलो भुल भएको छ । मैले हजुरलाई चिनि सकें । हजुर स्वयम् अल्लाह पृथ्वीमा आउनु भएको छ । तब परमेश्वर कबीर जी काशीमा आउनु भयो तथा त्यही गणिकाको भवनका माथि तल्लामा गएर बस्नु भयो । गणिका परमात्माको चरण थिचि रहेकी थिइन् । परमेश्वर कबीर जीका गोडा आफ्नो तिघ्रा (धुँडाभन्दा माथिको भाग) मा राखिन् ।**

फिर गणिका कै संग चले, शीशी भरी शराब । गरीबदास उस पुरी में, जुलहा भया खराब ।।७२६।।
तारी बाजी पुरी में, भिष्ट जुलहदी नीच । गरीबदास गनिका सजी, दहूं संतौं कै बीच ।।७२७ ।।
गावत बैंन बिलासपद, गंगाजल पीवंत । गरीबदास विह्वल भये, मतवाले घूमंत ।।७२८।।
भड़ुवा भड़ुवा सब कहैं, कोई न जानैं खोज । दास गरीब कबीर करम, बांटत शिरका बोझ ।।७२९।।
देखो गनिका संगि लई, कहते कौंम छतीस । गरीबदास इस जुलहदी का, दर्शन आन हदीस ।।७३०।।
शाह सिकंदर कूं सुनी, भिष्ट हुये दो संत । गरीबदास च्यारौं वरण, उठि लागे सब पंथ ।।७३१।।
च्यारि वरण षट आश्रम, दोनौं दीन खुशाल । गरीबदास हिंदू तुरक, पड्या शहर गलि जाल ।।७३२।।
शाह सिकंदरकै गये, सुनि कबले अरदास । गरीबदास तलबां हुई, पकरे दोनौं दास ।।७३३।।
कहौ कबीर यौह क्या किया, गनिका लिन्हीं संग । गरीबदास भूले भक्ति, पर्‌या भजन में भंग ।।७३४।।
सुनौं सिकंदर बादशाह, हमरी अरज अवाज । गरीबदास वह राखिसी, जिन यौह साज्या साज ।।७३५।।
जड़ियां तौंक जंजीर गल, शाह सिकंदर आप । गरीबदास पद लीन है, तारी अजपा जाप ।।७३६।।
हाथौं जड़ी हथकड़ी, पग बेड़ी पहिराय । गरीबदास बीच गंग में, तहां दीन्हा छिटकाय ।।७३७।।
झड़ि गये तौंक जंजीर सब, लगै किनारै आय गरीबदास देखै खलक, स्यौं काजी बादशाह ।।७३८।।
नीचै नीचै गंगाजल, ऊपर आसन थीर । गरीबदास बूड़ै नहीं, बैठे अधर कबीर ।।७३९।।
योह अचरज कैसा भया, देखैं दोनौं दीन । गरीबदास काजी कहैं, बांधि दिया जल सीन ।।७४०।।
गल में फांसी डारि करि, बांधौ शिला सुधारि । गरीबदास यौह जुलहदी, जब बूड़ै गंगधार ।।७४१।।
शिला धरी जब नाव में, बांधी गलै कबीर गरीबदास फंद टूटि कै, ना डूबै जलनीर ।।७४२।।
शिला चली शाह और कौं, देखत काशी ख्याल । गरीबदास कबीर का आसन अधर हमाल ।।७४३।।
तीर बाण गोली चलैं, तोप रहकल्यौं शोर । गरीबदास उस जुलहदीकै, गई एक नहीं ओर ।।७४४।।
अधर धार गोले बहैं, जलकै बीच गभाक । गरीबदास उस जुलहदी पर, शस्त्रा छूटैं लाख ।।७४५।।
तोप रहकले सब चलैं, तीर बाण कमान । गरीबदास वह जुलहदी, जल पर रहै अमान ।।७४६।।
अधरि धार अपार गति, जल परि लगी समाधि । गरीबदास निज ब्रह्मपद, खेलैं आदि अनादि ।।७४७।।
जुलम हुआ बूड़ै नहीं, शस्त्रा लगै न बाण । गरीबदास इब कौंन गति, कैसैं लीजै प्राण ।।७४८।।

लगी समाधी अगाध में, बिचरै काशी गंग । गरीबदास किलोल सर, छूहैं चरण तरंग ।।७४९।।
च्यारि पहर गोले बगे, धमी मुलक मैदान । गरीबदास पोखर सुखैं, रहे कबीर अमान ।।७५०।।
अपनी करनी सब करी, थाके दोनौं दीन । गरीबदास अब जुलहदी, पैठि गये जलमीन ।।७५१।।
डूब्या डूब्या सब कहैं, हो गये गारत गोर । गरीबदास कबले धनी, तुम आगै क्या जोर ।।७५२।।
आनंद मंगल होत है, बटैं बधाई बेग । गरीबदास उस जुलहदी पर फिर गई रेती रेघ ।।७५३।।
हस्ती घोड़े चढत हैं, पान मिठाई चीर । गरीबदास काशी खुसी, बूड़े गंग कबीर ।।७५४।।
जावो घरि रैदासकै, हिलकारे हजूर । गरीबदास खुसिया कहौ, कहियो नहीं कसूर ।।७५५।।
झालरि ढोलक बजत हैं, गावैं शब्द कबीर । गरीबदास रैदास संगि, दोनौं एकही तीर ।।७५६।।
काजी पंडित सब गये, शाह सिकंदर उठ । गरीबदास रैदासकै, भेष गये जटजूट ।।७५७।।
कोठी कुठले सब झके, बासन टींडर गोलि । गरीबदास रहदास सुनौं, कहां गये वह बोल ।।७५८।।
वे प्रगट पूरण पुरूष हैं, अबिनाशी अलख अल्लाह । गरीबदास रैहदास कहैं, सुनौं सिकंदर शाह ।।७५९।।
सूरजमुखी सुभांन सर, खिले फूल गुलजार । गरीबदास काजी पंडित करता शाह पुकार ।।७६०।।
शाह सिकंदर फिर गये, उस गंगा कै तीर । दास गरीब कबीर हरी, बैठे ऊपर नीर ।।७६१।।
बैठि मलाह जिहाज में, गये धार कै बीच । गरीबदास हरि हरि करैं, प्रेम फुहारे सीच ।।७६२।।
करी अरज मलाह तहां, दीन दुनी बादशाह । गरीबदास आसन उधर, लगी समाधि जुलाह ।।७६३।।
भंवर फिरत हैं गंग जल, फूल उगानें कोटि । गरीबदास तहां बंदगी, हरिजन हरि की ओट ।।७६४।।
संकल सीढी लाय करि, उतरे तहां मलाह । गरीबदास हम बंदगी, याद किये बादशाह ।।७६५।।
बैठ कबीर जहाज में, आये गंगा घाट । गरीबदास काशी थकी, हांडे बौह बिधि बाट ।।७६६।।

## "ज्यानमारा हात्तिद्वारा कबीर परमेश्वरलाई मार्ने कुचेष्टा"

खूनी हाथी मस्त है, पग बंधे जंजीर । गरीबदास जहां डारिया, मसक बांधि कबीर ।।७६७।।
सिंह रूप साहिब धर्या, भागे उलटे फील । गरीबदास नहीं समझती, याह दुनिया खलील ।।७६८।।
बने केहरी सिंह जित, चैंर शिखर असमांन । गरीबदास हस्ती लख्या, दीखै नहीं जिहांन ।।७६९।।
कूटै शीश महावतं, अंकुश शीर गरगाप । गरीबदास उलटा भगै, तारी दीजैं थाप ।।७७०।।
भाले कोखौं मारिये, चरखी छूटैं पाख । गरीबदास नहीं निकट जाय, किलकी देवैं लाख ।।७७१।।
जैसी भक्ति कबीर की, ऐसी करै न कोय । गरीबदास कुंजर थके, उलटे भागे रोय ।।७७२।।
दुंम गोवैं मूंडी धुनैं, सैंन न समझै एक । गरीबदास दीखै नहीं, आगै खड़ा अलेख ।।७७३।।
पीलवान देख्या तबै, खड़ा केहरी सिंघ । गरीबदास आये तहां, धरि मौला बहु रंग ।।७७४।।
उतरे मौला अरस तैं, भाव भक्ति कै हेत । गरीबदास तब शाह लखे, कबीर पुरूष सहेत ।।७७५।।
लीला की कबीर ने, दो रूप में रहे दीस । दासगरीब कबीर कै, पास खड़े जगदीश ।।७७६।।
जंभाई अंगडाईयां, लंबे भये दयाल । गरीबदास उस शाह कूं, मानौं दर्श्या काल ।।७७७।।
कोटि चन्द्र शशि भान मुख, गिरद कुंड दुम लील । गरीबदास तहां ना टिके, भागि गये रनफील ।।७७८।।
नयन लाल भौंह पीत हैं, डूंगर नक पहार । गरीबदास उस शाह कूं, सिंह रूप दीदार ।।७७९।।
मस्तक शिखर स्वर्ग लग, दीरघ देह बिलंद । गरीबदास हरि ऊतरे, काटन जम के फंद ।।७८०।।

गिरद नाभि निरभै कला, दुदकारै नहीं कोय । गरीबदास त्रिलोकि में, गाज तास की होय ॥७८१॥
ज्यूं नरसिंह प्रहलादकै, यूं वह नरसिंह एक । गरीबदास हरि आईया, राखन जनकी टेक ॥७८२॥
बार-बार सताय कर, मस्तक लीना भार । गरीबदास शाह यौं कहै, बकसौ इबकी बार ॥७८३॥
तहां सिंह ल्यौलीन हुआ, परचा इबकी बार । गरीबदास शाह यौं कहै, अल्लह दिया दीदार ॥७८४॥
सुन काशी के पण्डितौ, काजी मुल्लां पीर । गरीबदास इसके चरण ल्यौह, अलह अलेख कबीर ॥७८५॥
यौह कबीर अल्लाह है, उतरे काशी धाम । गरीबदास शाह यौं कहैं, झगर मूंये बे काम ॥७८६॥
काजी पंडित रूठिया, हम त्याग्या योह देश । गरीबदास षटदल कहैं, जादू सिहर हमेश ॥७८७॥
इन जादू जंतर किया, हस्ती दिया भगाय । गरीबदास इत ना रहैं, काशी बिडरी जाय ॥७८८॥
काशी बिडरी चहौं दिशा, थांभन हारा एक । गरीबदास कैसे थंभै, बिडरे बौहत अनेक ॥७८९॥

## दीक्षा पश्चात्

**पूर्ण गुरूदेव जीबाट दीक्षा लिएर पूर्ण विश्वासका साथ गुरूदेव जीद्वारा बताइएको साधना पूर्ण निष्ठा पूर्वक गर ।**

**कबीर जीले भन्नु भएको छः १. धैर्य धारण गरः**

कबीर, धीरे–धीरे रे मना, धीरे सब कुछ होय ।
माली सींचे सौं घड़ा, समय आए फल होय ॥

**भावार्थः- जस्तो मालीले आपँको बिऊ रोप्दछ, सिंचाइ गर्दछ, केही दिन पश्चात् अङ्कुर पलाउँछ तर पनि समय समयमा सिंचाइ गरि रहन्छ । सुरक्षाका लागि काँडे बार लगाउँछ । एउटा आपँको बिरूवा रूख बन्न आठ-दश वर्ष लाग्दछ। तबसम्म (बिरूवा लगाउने बगैंचाका मालिक वा नोकर) त्यस बिरूवाको सिंचाइ गरि रहन्छ । आँपको रूख ठूलो भएपछि आँप फल्न थाल्दछ । यति धेरै फल्छ कि स्वयम् परिवारले पनि खान्छ र बेचेर आफ्नो निर्वाह पनि गर्छन् । यसैगरी भक्ति नामरूपी बिउ रोपेर दीक्षा लिई त्यसको स्मरण, दान रूपी सिंचाइ गरि रहनु पर्छ । आँपको बिरूवा जसरी विस्तारै विस्तारै भक्ति रूपी रूख बनेपछि सुखको अम्बार (थुप्रो) लाग्छ । जसरी आँपको रूखमा टनौं आँप फल्यो, खायौं र बेचेर धन कमायौं त्यसैगरी भक्तहरूले पनि धैर्य राख्नु पर्छ । विस्तार विस्तार भक्तिको परिणाम आउन थाल्छ ।**

**२. विश्वास :- परमात्माको महिमामा पूर्ण विश्वास गर्नेलाई मात्र परमात्माको भक्तिको लाभ प्राप्त हुन्छ ।**

## परमात्माको लागि केही पनि असम्भव छैन

**एउटा नगर बाहिर जङ्गलमा दुई महात्माहरू साधना गरि रहेका थिए । एउटा ४० वर्षदेखि घर बार त्यागेर साधना गरि रहेको थियो । अर्को भर्खर दुई वर्षदेखि साधना गर्न थालेको थियो । परमात्माको दरबारको एउटा देवदूत सधैं केही समय दुबै साधकहरूसँग व्यतित गर्थे । दुबै साधकका आश्रम गाउँको पूर्व तथा**

पश्चिम तिर थियो । पुरानो साधकको आश्रम पश्चिम र नयाँ साधकको आश्रम गाउँको पूर्वतिरको जङ्गलमा थियो । देवदूत हरेक दिन एक-एक घण्टा दुबैसँग बस्थे । परमात्माको चर्चा चल्दथ्यो । दुबै साधकहरूको समय राम्ररी बिति रहेको थियो । एकदिन देवदूतले भगवान विष्णुसँग भने– भगवान ! कपिला नगरबाहिर हजुरका दुई परमभक्तहरू बस्छन् । श्री विष्णुले भने– एउटा परमभक्त हुन् र अर्को बनावटी भक्त । देवदूतले विचार गरे– जुन ४० वर्षदेखि साधनारत छन् ती पक्का भक्त होलान् किनकि लामो दारी, शिरमा जटा छ र ४० वर्ष समय पनि त धेरै हुन्छ । त्यसपछि देवदूतले भने– हे प्रभु ! ४० वर्षदेखि तपाईंको भक्ति गरि रहेको भक्त नै परम भक्त होला । प्रभुले भने– होइन ! अर्को जो दुई वर्षदेखि साधनारत छ, ऊ नै परम भक्त हो । प्रभुले भने– मेरो कुरा पत्यार लागेन ? देवदूतले भने– त्यसो होइन प्रभु ! तर मेरो तुच्छ बुद्धिले धेरै आयु भएका भक्त नै राम्रो हो भनी मान्दछ । श्री विष्णु जीले भने– भोलि तिमी ढिलो गरेर पृथ्वीमा जानू । दुबैले ढिलो आउनुको कारण सोधे भने आज प्रभुले हात्तिलाई सियोको प्वालबाट छिराउनु भयो, त्यही लिला हेरेर आएको हूँ, त्यसैले ढिलो भयो भन्नु । त्यसपछि तीबाट जे उत्तर पाउँछौ, त्यसबाट तिमीले परमभक्तको हो थाहा पाउने छौ । पहिले देवदूत सधैं बिहान आठ बजेको छेउछाउमा ठूला भक्तकहाँ जान्थे र १० बजेको छेउछाउमा साना भक्त कहाँ जान्थे । अर्कोदिन ठूला भक्त कहाँ लगभग १२ बजे पुगे । ढिलो आउनुको कारण सोध्दा देवदूतले भने आज ११:३० बजे परमात्माले लिला गर्ने योजना थियो, त्यही हेरेर आएको हूँ । ४० वर्षका भक्तले प्रभुले के लिला गर्नु भयो, भन्नोस् न भनी सोधे । देवदूतले भने– श्री विष्णु जीले कमाल गर्नु भयो । हात्तिलाई सियोको प्वालबाट छिराउनु भयो । यो कुरा सुनेर भक्तले भने– हे देवदूत ! झूठो पनि यस्तो भन कि सुन्दा विश्वास लागोस् । हात्ति सियोको प्वालबाट छिर्छ भन्ने कुरा कसरी सम्भव छ । मेरो अगाडि छिराएर देखाऊ । देवदूतले भगवानको कुरा सत्य रहेछ भन्ने कुरा थाहा पाए । त्यो त पशु हो, भक्त होइन्, जसलाई परमात्माको शक्तिमा विश्वास छैन । जुन कार्य मानवले गर्न सक्दैन त्यो परमात्माले सम्पन्न गर्नु हुन्छ । त्यसको भक्ति व्यर्थ र बनावटी हो । देवदूतले उसलाई नमस्ते गरेर साना भक्त कहाँ पुगे । भक्तले ढीलो आएको कारण सोधे । देवदूतले कहीं यसले पनि गलत भाषा प्रयोग नगरोस् भन्दै सङ्कोच मानी भने– भक्त जी के भनूँ? परमात्माले त अचम्म गर्नु भयो । कमाल गर्नु भयो । म त हेरेको हेरै भएँ । परमात्माले सियोको प्वालबाट हात्ति छिराइ दिनु भयो । यो सुनेर भक्तले भने– देवदूत जी ! यसमा आश्चर्यको कुरा के छ र ? परमात्माले त पूरा पृथ्वीलाई नै सियोको प्वालबाट छिराइ दिनु हुन्छ, हात्तिको के कुरा ? देवदूतले भक्तलाई अङ्कमाल गर्दै भने– धन्य तपाईंका मातापिता, जसले तपाईंलाई जन्म दिए । तपाईंको परमात्माप्रतिको अटल विश्वासप्रति म समर्पित छु ।

पाठकवर्ग ! यो त एउटा उदाहरण मात्र हो । वास्तवमा परमात्माले जे चाहनु हुन्छ, त्यो गर्न सक्नु हुन्छ भन्ने पूर्ण विश्वास भक्तमा हुन पर्छ । यदि कसैले परमात्माले यो गर्न सक्नु हुन्न, त्यो गर्न सक्नु हुन्न भन्छ भने उसलाई भक्तिको अधिकार छैन । किन आफ्नो समय भक्तिको नाटक गरेर व्यर्थ तुल्याउने ? परमात्मा माथि पूर्ण विश्वास गरेर भक्ति मार्गमा हिड्ने नै गन्तव्यसम्म पुग्छ ।

३. परमात्माले जे गर्नु हुन्छ, राम्रै गर्नु हुन्छः दीक्षा लिइ सकेपछि भक्तलाई भक्ति मार्गमा जे जत्ति कष्ट आए पनि परमात्माले जे गर्नु हुन्छ, भक्तको भलाईको लागि नै गर्नु हुन्छ भन्ने भाव मनमा आउनु पर्छ ।

कथाः- एक जना राजा तथा महामन्त्री गुरूका शिष्य थिए । महामन्त्रीलाई पूर्ण विश्वास थियो, तर राजासँग सत्सङ्ग सुन्ने समय कम थियो, जसकारण राजा परमात्माको विधानसँग पूर्ण परिचित थिएनन् तर भक्ति भने श्रद्धापूर्वक गर्दथे । राजाले महामन्त्रीलाई सधै आफूसँगै राख्दथे तथा उनको बडो इज्जत गर्दथे । एउटा मन्त्रीलाई यस कुराप्रति इर्ष्या थियो । ऊ महामन्त्रीलाई राजाको नजरमा गिराउन चाहन्थ्यो, त्यसैले राजासँग महामन्त्रीको विषयमा निन्दा गर्थ्यो । ऊ आफूलाई राजाले महामन्त्री बनाइ दिऊन् भन्ने चाहन्थ्यो । त्यसैले उसले बारम्बार राजालाई यो महामन्त्री विश्वासको पात्र छैन, यसले तपाईंलाई कुनै पनि समय धोखा दिन सक्छ भन्थ्यो । एक दिन राजा, महामन्त्री, चाप्लुसी गर्ने मन्त्री एवं अन्य मन्त्रीहरू कुनै अर्को शहरमा जाने तयारीको लागि महल भित्रको हलमा एकत्रित भएका थिए । राजाले आफ्नो तरवार निकालेर धारिलो छ कि छैन भनी मन्त्रीहरूसँग कुरा गर्दै जाँच्न थाले । यसै क्रममा राजाको हातको एउटा औंला काटिएर झऱ्यो । चाप्लुसी गर्ने मन्त्रीले भने– यो के भयो ? हाम्रा राजा त बडो असल थिए । आज हाम्रो दुर्भाग्यको दिन हो । हरे ! यो के भयो ? प्रजाको कुन बोझ आफूमाथि लिनु भयो ? महामन्त्रीले भने– राम्रो भयो ! परमात्माले जे गर्नु हुन्छ, राम्रो गर्नु हुन्छ । राजा पीडाले व्याकुल थिए । त्यसमाथि यी शब्द सुनेपछि महामन्त्रीमाथि धेरै रिसाए र महामन्त्रीलाई समातेर जेलमा थुन्न सैनिकलाई आज्ञा दिए । त्यसै गरियो । चाप्लुसी तथा कुरौटे मन्त्रीलाई महामन्त्री नियुक्त गरे । औंलाको उपचार गरे । ६ महिनामा औंलाको घाउ निको भयो । पीडा बाँकी रहेन । राजाको दायाँ हातमा तीन औंला र एउटा बुढी औंला मात्र बाँकी थियो । राजा आफ्ना नयाँ महामन्त्रीबाट अति प्रसन्न थिए । किनकि त्यो मन्त्री आफ्नो योजनामा सफल भएको थियो । ऊ राजालाई भन्थ्यो– हे राजन ! मैले त तपाईंलाई बारम्बार उसले तपाईंलाई धोका दिन्छ भनेकै थिएँ । त्यस दिन औंला काटिनु राम्रो हो भनेको कुरा तपाईंले आफ्नै कानले सुन्नु भयो । ऊ त तपाईं मर्नुमा नै खुशी थियो । कुनै पनि समय तपाईंलाई मराउने थियो । त्यस चाप्लुसीको हरेक कुरालाई राजाले सत्य ठान्न थाले । एक दिन राजा त्यस नयाँ महामन्त्रीलाई लिएर जङ्गलमा शिकार खेल्न गए । दुबै घनघोर जङ्गलमा पुगे । अगाडि केही भिल्लहरू थिए । उनीहरूले दुबैलाई समातेर पुरोहित

भएको ठाउँमा लगे । त्यो दिन जङ्गलीहरूको कुनै चाड थियो । एउटा व्यक्तिलाई काटेर देवीका लागि बली चढाउनु थियो । दुई जना भेटिए । पुरोहितले भन्यो– दुई जना ल्यायौ ! दुबैलाई बली चढाइ दिन्छु ।देवी झन प्रसन्न हुने छिन् । तर पहिले यिनीहरूको अङ्ग्-भङ्ग अर्थात् काना-कोत्रा तथा हात वा औंला काटिएका नहोऊन् भन्ने कुराको जाँच गर । जाँच गरेपछि एउटा व्यक्तिको हातको एउटा औंला काटिएको छ भन्ने थाहा भयो । पुरोहितले यसलाई छोड्दे भन्यो । अर्को सही छ, त्यसैको गर्दन काट भन्यो । त्यही समय राजालाई छोडि दिए र चाप्लुस महामन्त्रीको गर्दन काटेर राजाकै सामु देवीलाई चढाए । राजा फर्केर महलमा आए । सोझै जेल गई महामन्त्रीलाई रिहा गरे । राजाले महामन्त्रीलाई अङ्गालो हाल्दै भने– मेरो हातको औंला काटिदा तिमीले राम्रो भयो भनेका थियौ । भगवानले जे गर्नु हुन्छ राम्रो गर्नु हुन्छ, यो कुरो सही हो । यदि त्यो दिन मेरो औंलो नकाटिएको भए आज मेरो ज्यान जाने थियो । भगवानले राम्रो गर्नु भयो । राजाले फेरि भने– मेरो लागि त राम्रो भो तर तिमीले दोष बिना नै ६ महिना जेल जीवन भोग्नु पर्‍यो । तिम्रा लागि के राम्रो भयो त ? महामन्त्रीले भने– आज म जेलमा नभएको भए, तपाईंसँगै जान्थे, मेरो गर्दन काटिन्थ्यो । मेरो मृत्यु हुनु थियो । ६ महिनाको कैदले मेरो जीवन जोगियो । मेरो लागि यो राम्रो भयो ।

यसरी भक्तले परमात्माप्रति विश्वास गरी आफ्नो जीवनको यात्रामा हिड्नु पर्छ।

"एक लेवा एक देवा दूतं । कोई किसी का पिता न पूतं ।"

एउटा किसानको घरमा छोरो जन्म्यो । छोरो ८ वर्षको भएपछि पत्नीको मृत्यु भयो । किसानसँग १६ एकड जमीन थियो । केही वर्षपछि किसानले अर्को विवाह गर्‍यो । त्यस पत्नीबाट पनि एउटा छोरो जन्म्यो । केही वर्ष पछि त्यस पत्नीको पनि मृत्यु भयो । कान्छो छोरो १०-१२ वर्षको उमेरमा रोगी भयो । केही दिन उपचार गरायो । अनि जेठो दाजु (ठूली आमाको छोरा) र भाउजुले विचार गरे– किन व्यर्थको खर्च गर्ने ? यदि यो मर्‍यो भने यसको भागको आठ एकड जमीन पनि हामीसँगै रहन्छ । यस्तो विचार गरी उपचार गर्न आउने छिमेकी गाउँको वैद्यलाई औषधिमा विष मिसाई देऊ, म तिमीलाई धन दिन्छु भन्यो । पाँच सय रूपियाँको लोभमा वैद्यले औषधिमा विष मिसाएर खुवाइ त्यो केटालाई मार्‍यो । गाउँलेलाई रोगको कारणले मर्‍यो भनी सुनायो । कसैलाई कुनै शङ्का भएन ।बच्चाको मृत्यु रोगको कारणले भएको हो भन्ने ठाने ।

सानी आमाको छोरो मरेको एक वर्षमा दाजुको छोरो जन्म्यो । खुशीको सीमा नै रहेन । छोरो जन्मेको खुशीमा ठूलो भोज आयोजना गर्‍यो । सारा गाउँलेलाई मिठाइ बाँड्यो । त्यसपछि उसको कुनै सन्तान भएन । एक्लो पुत्रलाई प्रेमपूर्वक पाल्यो । राम्रो घिउ, दूध, दही आदि खुवाएर हृष्ट-पुष्ट बनायो । १६ वर्ष पुगेपछि

विवाह गरि दियो । त्यस समयमा बाल विवाहलाई गौरवको विषय मानिन्थ्यो । त्यो केटो रोगी भयो । धेरै वैद्य बोलाइयो, महङ्गा औषधिहरू खुवाइयो तर व्यर्थ भयो । त्यसबेला एक महिनामा एक एक हजारसम्मको औषधि खुवाइयो । हीरा-मोतीको भष्म पनि औषधिमा मिसाएर खुवाइयो । जसकारण आठ एकड जमीन बिक्यो, तर रोग घट्नुको सट्टा बढ्दै गयो र जीवनको अन्तिम दिन आयो । बुवा चिन्तित भएर छोरोसँगै बसेको बेलामा छोराले भन्यो– भाइ साहब ! एउटा काम गर्नु होस् न । बाबुले छोरो म तिम्रो बाबु हूँ भन्यो । छोरोले भन्यो– म तपाईंको त्यो भाइ हूँ, जसलाई तपाईंले विष दिएर मार्न लगाउनु भयो, म पनि आफ्नो बदला लिन तपाईंको छोरा भएर जन्मेको हूँ । त्यस छोरोकी आमा पनि त्यही थिइन् । छोराले भन्यो– मेरो भागको आठ एकड जमीन मैले असुल गरि सकें, अब केवल कात्रो र चिताको दाउराको हिसाब मात्र बाँकी छ, त्यसको तयारी गर्नु होस् । यो कुरा सुनेर पिता उर्फ दाजुको मुख बाएको बायै भयो । आफ्नो कुकृत्यप्रति दुबै (पति-पत्नी) ले पश्चाताप् गरे । परमात्माको विधान अटल छ । दाजुले पुत्र रूपमा जन्मेको भाइलाई सोध्यो– हामीले लालचवश गरेको कामको फल परमात्माले दिनु भयो, जुन उद्देश्यका लागि तिम्रो ज्यान लिएका थियौं, त्यो आठ एकड जमीन पनि गयो र अरू सन्तान पनि छैनन् । बाँकी रहेको जमीन पनि अर्कैले लेला । हाम्रो त जे नाश हुनु थियो, त्यो त भयो नै र यो त हुनै पर्ने थियो । परमात्माले न्याय गर्नु भयो, तर तिमीसँग विवाह गरेर आएकी तिम्री पत्नीले कुन अपराध गरेकी थिइन् ? जसकारण सती प्रथा बमोजिम उनलाई जिउँदै डढाइने छ । यिनीसँग भगवानले अन्याय गरे । भाइ उर्फ छोरोले भन्यो– मेरो मृत्यु भएको दुई वर्ष पश्चात् त्यस वैद्यको पनि मृत्यु भयो, जसले पाँच सय रूपियाँको लोभमा विष खुवाएर मलाई मारेको थियो । यी पत्नी त्यही वैद्यको आत्मा हो । यसलाई त्यसको फल प्राप्त हुन्छ, र जिउँदै डढाइन्छ । त्यस समय सती प्रथाको दवदबा थियो । पतिको मृत्यु पश्चात् पत्नीलाई त्यसै चितामा जिउँदै जलाइन्थ्यो ।

प्रिय पाठकवर्ग ! विचार गरौः- परमात्माको दृष्टिमा केही पनि लुकेको छैन । जस्तो रोप्छ, त्यस्तै फल्छ । प्रत्येक परिवार यस्तै खालको संस्कारका कारण एक-अर्कासँग जोडिएका छन् । कोही पूर्व जन्मको ऋण तिर्न जन्मेका छन् भने कोही पूर्व जन्मको ऋण असुल गर्न जन्मेका छन् उदाहरणका लागिः-

बाबुले छोरालाई पढायो । विवाहको दुई दिन अघि दुर्घटनामा परेर मऱ्यो । ऊ बाबुसँग आफ्नो ऋण उठाउन आएको थियो । छोरो जवान भयो । काम गरेर जीवन निर्वाह गर्न थाल्यो । बाबु रोगी भयो, लाखौं रूपियाँ खर्च भयो, व्यर्थमा गयो। बाबु मऱ्यो । त्यो बाबु पछिल्लो जन्मको ऋण असुल्न आएको थियो । केही दिनका लागि आएका थियो । छोरीको विवाह गऱ्यो । दुई वर्षपछि छोरी मरी । धेरै दाइजो दिएको थियो । त्यो ज्वाइँले पूर्व जन्मको ऋणको बदलामा छोरी पनि लग्यो र धन

पनि लग्यो । वर्तमानमा जसले कसैलाई धोका दिएर धन कब्जा गर्छ, त्यो धन अर्को जन्ममा ज्वाइँ बनेर असुल्छ । परमात्माको विधान अटल छ । बुद्धिमानलाई सङ्केत नै पर्याप्त छ । उपरोक्त कुराहरू केवल कथामात्र होइन्, वास्तविक हो । कसैले भन्छन्– यो डर देखाउन बनाएको कथा हो । कसले देखेको छ ? के हुन्छ ? चोरलाई भलादमीले तिमी चोरी नगर, जब चोर समातिन्छ, पहिले जनताले पिट्छन्, अनि पुलिसले पिट्छ र जेलमा कष्ट भोग्छ । भनेर सम्झाउँछन् । यदि कसैले यो त चोरलाई तर्साउन भनिएको हो, कसले देखेको छ ? भविष्यमा के हुन्छ ? भन्छ भने विचार गरौं– चोरलाई सच्चाइसँग अवगत गराएर तर्साएको पनि हो र सत्य कुरा पनि यही हो । यदि चोरले सच्चाइसँग तर्सेर चोरी गर्न छोड्यो भने उसको भलो हुन्छ । यदि कसैले भविष्यमा के हुन्छ, कसले देखेको छ ? भन्यो भने उसको जीवनमा माथि उल्लेख गरिएको घटना घट्छ । यसरी जसले उपरोक्त कथालाई केवल सम्झाउन-तर्साउन भनिएको ठान्दछ भने त्यो दुर्भाग्य हुने छ । यसलाई चोरलाई सचेत गराइएको हो भन्ने जत्ति नै सत्य ठान्नू । लेखकले त्यो किसानको दुई छोराको कथा सन् १९७८ मा एउटा पशु डाक्टरबाट सुनेको थियो । उसले यो कथा आफूसँग बस्ने सबैलाई सुनाउँथ्यो तर आफू स्वयम्ले व्यवहारमा ल्याउँदैनथ्यो । १० रूपियाँको औषधि दिएर, ४ वटा Distilled Water को सुई लगाएर २००-३०० सम्म असुल गर्दथ्यो ।अनि साँझमा भेट हुँदा आफूले गरेको कर्तुत सुनाउँदै भन्थ्यो– यदि थोरै पैसा लिएँ भने भैंसी मालिकले राम्रो औषधि दिएन भन्छ । भैंसी त १० रूपियाँको औषधिले नै निको हुने थियो । विचार गरौं:- यस्ता व्यक्तिको भनाइ र गराइमा अन्तर छ भने उसले भनेको कथाले अरू माथि कस्तो प्रभाव पर्छ होला ? सन्त गरीबदास जीले यो कुरा सुन्ने वा भन्ने होइन, गर्ने हो अर्थात् व्यवहारमा उतार्नु पर्छ भन्नु भएको छ । परमात्माको विधानलाई बुझेर निर्मल जीवन यापन गरौं। जीवनको मार्गलाई काँडा रहित बनाऔं ।

## एक लेवा एक देवा दूतं

श्री शिव जीले आफ्नी पत्नी पार्वती जीलाई अमरनाथ स्थानमा एउटा सुकेको रूखमुनी बसेर नाम दीक्षा (अमरमन्त्र) दिएको बेलामा त्यस रूखको टोड्कोमा पोथी सुगाले फुल पारेको थियो । सुगाका स्वस्थ अण्डा शिव जीले ताली बजाउँदा बच्चा बनेर उडे । त्यसमध्ये एउटा अण्डा खराब थियो । त्यस अण्डाको जीव त्यस भित्रै थियो । शिवजीले पार्वती जीलाई दीक्षा मन्त्र सुनाए पछि खराब अण्डा पनि स्वस्थ भयो र सुगाको बच्चा बन्यो । प्वाँख आएर उड्न योग्य भयो । पार्वती जीलाई समाधि लाग्यो । उनले हँ हँ भन्न छोडिन् । सुगाको बच्चाले हँ हँ गर्न थाल्यो ।श्री शिव जीले देखे–पार्वती जी समाधिमा छिन् । चालचुल केही छैन अनि यो हँ हँ को

आवाज कसको हो ? हेर्दा त उनले रूखको टोड्कामा सुगा बोलेको देखे । श्री शिव जीले उसलाई मार्न खोज्दा सुगा उड्यो । पछि-पछि शिव जी आफ्नो सिद्धिले उड्दै मार्न हिंडे । ऋषि वेदव्यास जीकी पत्नीले आङ तानेर मुख बाउँदा सुगाले शरीर त्याग्यो र जीव व्यास जीकी पत्नीको मुख हुँदै गर्भमा प्रवेश गऱ्यो । श्री शिव जीले व्यासकी पत्नीसँग मेरो ज्ञान चोरेर जीवले सुगाको शरीर त्यागेर तिम्रो गर्भमा गएको छ । यो मेरो चोर हो, यसलाई म मार्छु । त्यही बेला ऋषि वेद व्यास पनि आएका थिए र सबै कुरा सुनि रहेका थिए । व्यास जीले सोधे– हे भगवान ! कुन चोर, कस्तो चोर ? श्री शिव जीले भने– म पार्वती जीलाई दीक्षा दिदैं थिएँ, भित्रका कमलहरूको भेद भन्दै थिएँ । यो सुगाले सुन्यो । यसले कुनै अनाधिकारीलाई मन्त्र भन्यो भने त्यसले अमर भएर जनतालाई दुःख दिने छ । यो अमर भयो । म यो जीवलाई मार्छु । व्यास जीले भने– हे शिव जी ! भगवान ! जब यो अमर भयो भने तपाईं यसलाई कसरी मार्नु हुन्छ ? यो कुरा सुनेर शिव जी पार्वती भएको स्थानमा फर्के । पार्वतीलाई सारा कुरा सुनाए । श्री वेदव्यास जीले आफ्नो दिव्य दृष्टिद्वारा पत्नीको गर्भमा पुत्र भएको कुरा थाहा पाए । १२ वर्षपछि पुत्र उत्पन्न भयो । आमाले छोराको नाम सुखदेव राख्नु पर्छ भनिन् । यो गर्भमा रहँदा मलाई कुनै कष्ट भएन । मन सधैं खुशी नै रहन्थ्यो । सुखको आभास भइ रह्यो । त्यसकारण गर्भमा छदाँ नै त्यस बालकको नाम सुखदेव राखेका थिए । सुगाको अण्डामा रहेर तत्काल मानव शरीर प्राप्त गरेकोले ब्राह्मणहरू उनलाई सुकदेव (सुक=सुगा) पनि भन्थे । ऋषि सुकदेवको जन्म लिदाँ नै १२ वर्षको शरीर भएको थियो र उठेर हिंड्न लागेपछि ऋषि वेदव्यास जीले भने– हे पुत्र ! कहाँ हिडेको ? सुकदेव जीले माता-पिता पट्टी ढाड फर्काएर भने– तपाईहरूसँग मेरो यत्ति नै साथ (संस्कार) छ । ऋषि व्यास जीले भने– हे पुत्र सुकदेव ! हामीले तिम्रो जन्मको लागि १२ वर्ष प्रतिक्षा गऱ्यौं । आज छोडेर जाँदै छौ । एक चोटी त मुख देखाइ देऊ । सुखदेव ऋषिले भने– हे ऋषि जी ! धेरै पटक तपाईं मेरा पिता बन्नु भयो, अनेकौं पटक म तपाईंका पिता बनें, यो त ठूलो झन्झट हो । म भक्ति गरेर आफूलाई मुक्त तुल्याउँछु । तपाईंलाई हेर्दा ममा मोह जाग्छ कि भनेर म तपाईं तिर फर्कन्न । सन्त गरीबदास जीले वाणीको माध्यमले भनेका छन् :

एक लेवा एक देवा दूतं, कोई काहू का पिता न पूतं ।
ऋण सम्बन्ध जुड़ा एक ठाठा, अंत समय सब बारा बाटा ॥

भावार्थः- सुखदेव जीले भने– परिवारको सदस्यको रूपमा जो जो बाबु-छोरा आदि आदि नातामा आबद्ध छन्, ती सबै पूर्व जन्मको ऋण लिन वा दिन जोडिएका छन् । वास्तवमा कोही कसैको पिता-पुत्र होइनन् । मृत्यु पश्चात् सबै आ-आफ्नो संस्कार वश भिन्न भिन्न स्थानमा गएर अन्य शरीर धारण गर्छन् । त्यसैले कोही कसैका पिता-पुत्र होइनन् ।

पाठकले माथि किसानको छोरोको कथा पढनु भयो । जेठो दाजुले आठ एकड जमीनको लोभमा सानी आमाको छोरो (भाइ) लाई मार्न लगायो । त्यही जीव उसको पुत्र बनेर ऋण लिन जन्म्यो र आफ्नो हिसाब चुक्ता गरेर मर्‍यो । त्यसैले भनिएको छः-

एक लेवा (ऋण लिने) एक देवा (ऋण चुक्ता गर्ने) दूतम् । कोई काहूका पिता नहीं पुतं । ऋण सम्बन्ध जुडा एक ठाठा अर्थात् परिवार रूपमा ठाठपूर्वक बसेको देखिन्छ । अचानक मृत्यु हुन्छ । अन्त समयमा बारा बाटा अर्थात् मृत्यु पश्चात् कसैले कहीं अर्को जन्म लिन्छन् अर्थात् बारा (१२) बाटा (बाटोहरू) मा जान्छन् ।पितासँग यत्ति वार्ता गरेर शुकदेव आकाशमा उडेर अन्य स्थानमा गए । प्रिय पाठकहरू ! यसैले भक्ति गर्नु होस् र जीवको कल्याण गराउनु होस् । केवल परिवारसँग टाँसिएर आफ्नो जीवन नष्ट नगर्नु होस् । परमात्माको भक्तिले ऋण पनि सहजै तिरिन्छ ।

## भनाइ र गराइमा अन्तर घातक छ

एकजना प्रसिद्ध कथावाचक थियो । ऊ प्रत्येक दिन रामायणको पाठ पनि गर्थ्यो । एक दिन कुनै कार्यवश ऊ शहर जानु पर्ने भयो । साथमा उसको साथी पनि थियो । गाउँबाट ३ कि. मी. पर रेल्वे स्टेसन थियो । विहान पाँच बजे गाडी चढ्नु थियो । त्यसैले स्नान गरेर स्टेशनमा पुग्यो । गाडी मै पाठ गर्छु भन्ने विचार गर्‍यो । उनीहरू गाडी चढे । ती दुई चढेको डिब्बा भरिएको थियो । कुनै सिट खाली थिएन । केही मानिसहरू उभिएका थिए । गाडी हिंडयो । केहीसमय पश्चात् कथावाचकले सिटमा बसेका दुई जनासँग भन्यो– भाइ साहब ! मलाई बस्न सिट दिनु होस्, रामायण पाठ गर्नु छ । आज गाडी समाउने हत्तारमा घरमा पाठ गर्न पाइनँ । सज्जन पुरूषले पुरै सिट खाली गरि दिए । उनीहरू उभिए र भने– हे विप्र जी ! आज हामीले पनि पवित्र ग्रन्थ रामायणको अमृत ज्ञान सुन्ने मौका पाउने भयौं, यो हाम्रो अहो भाग्य हो । पण्डित जीले ठूल्ठूलो स्वरमा पाठ गर्न थाले । भरतले आफ्ना दाजुको अधिकारमा रहेको राज्य स्वीकार नगरेको प्रसङ्ग थियो । श्रीरामचन्द्र जी वनवास पूरा गरेर नआएसम्म राजगद्दीमा आफ्नो दाजु रामचन्द्रको जुत्ता राखी आफू स्वयम् पृथ्वीमा बसेर नोकर बनी राजकाज सम्हाले । रामचन्द्र अयोध्या फर्केपछि भरतले राज्य फर्काए । भाइ होस् त यस्तो भनेर पाठ सम्पूर्ण भएपछि सबैले भने । वाह पण्डित जी वाह, कमाल गरि दिनु भयो । एउटा व्यक्ति त्यही डिब्बामा बसेको थियो । जसलाई आफ्नो पिताजीको बरखीमा एक दिनको पाठ गराउनु थियो । उनले पाठ गर्ने कोही भेटेका थिएनन् । बरखी भोलि पल्ट नै थियो। उनले पण्डित जीसँग भने– हे गुरू जी ! भोलि मेरा पिता जीको बरखीको

उपलक्ष्यमा पाठ गरि दिनु होस् । पण्डित जीले भने– भोलि गर्न सक्दिनँ । सारा उपस्थित यात्रीहरूले भने– पण्डित जी ! तपाईंको त काम नै यही हो, यो विचरालाई आपत् परेको छ । तर पण्डितले पूर्ण रूपमा अस्वीकार गरि रहेको थियो । सबैले सोधे– यस्तो के तपाईंको आवश्यक काम छ, जसका कारण तपाईं भोलि पाठ गर्न अस्वीकार गरि रहनु भएको छ ? पण्डित जीले आलटाल गरि रहे । यिनले किन भोलि पाठ गर्न सक्दैनन् भन्ने कुराको यथार्थ जानकारी म भन्छु भनेर उसको साथीले भन्यो । यसले आफ्नो भाइलाई पचास गजको कुरकी (जफत गरेको) को खाल्टोको लागि मुद्धा लगाएको छ । म यसको साक्षी हूँ , भोलिको तारिख छ । उपस्थित व्यक्तिहरूले भने– हे पण्डित जी ! कथा त कस्तो मार्मिक सुनाउनु भयो तर आफैले व्यवहारमा उतार्नु भएको रहेन छ । यस्ता व्यक्तिले भनेको कथाले श्रोताहरूमा के प्रभाव पर्छ होला ?

कबीर जी भन्नु हुन्छः-

कबीर, करनी तज कथनी कथैं, अज्ञानी दिन रात ।
कुकर (कुत्ते) ज्यों भौंकत फिरैं, सुनी सुनाई बात ॥

गरीबदास जीले पनि भनेका छन्:-

गरीब, बीजक की बातां कहैं, बीजक नांही हाथ ।
पृथ्वी डोबन उतरे, ये कह कह मीठी बात ॥

## सत्सङ्गबाट प्राप्त भयो भक्तिको मार्ग

सन्त नित्यानन्द जीको बाल्यावस्थाको नाम नन्दलाल थियो । उनी ब्राह्मण कुलमा जन्मेका थिए । सन्त गरीबदास जी (छुडानी गाउँ झज्जर जिल्ला) का केही समय समकालीन थिए । सन्त गरीब दास जीको जीवन सन् १७१७-१७७८ सम्म रह्यो । त्यसबेला ब्राह्मणलाई विशेष सम्मान गरिन्थ्यो । सर्वोच्च जाति मानिन्थ्यो । जसकारण गौरव गर्नु स्वभाविक थियो । नन्दलालको माता पिताको निधन भइ सकेको थियो । उनी त्यसबेला ७-८ वर्षका थिए । उनका हजुरबुवा नारनौलको नवाबको कार्यालयमा उच्च पदमा कार्यरत थिए । उनको पालन पोषण हजुरबुवाले गरे । शिक्षा पश्चात् हजुरबुवाले आफ्नो नाति (छोरीको छोरा) नन्दलाललाई नारनौलमा तहसीलदारको जागिरमा लगाइ दिए । एउटा ब्राह्मण जाति अर्को तहसीलदारको पद, जसका कारणले अहङ्कार हुनु सामान्य कुरा हो ।श्री तहसिलदारको विवाह पनि हजुरबुवा-हजुरआमाले गरि दिएका थिए । श्री तहसीलदार जीको घरभन्दा अलिपर एक वैष्णव सन्त श्री गुमानी दास जीले आफ्नो कुनै भक्तको घरमा सत्सङ्ग गरि रहेका थिए । उनी श्री विष्णु जीका भक्त थिए । सारा सन्तहरूले आफ्नो सत्सङ्मा परमात्मा कबीर जीका अमृत वाणीहरूको सहयोग अवश्य लिन्थे । सत्सङ्गमा मानव जीवन किन प्राप्त हुन्छ ? भन्ने कुरा बताइएको हुन्छ, तर सत्सङ्ग नसुनेकाले सांसारिक उतार-चढावमा आफ्नो अनमोल जीवन नष्ट

गर्दछ । अज्ञानका कारण जीवले धन, पद तथा जातको अभिमान गर्दछ । भक्ति नगर्ने प्राणीले अर्को जन्ममा गधा, कुकुर, गोरू आदि पशुपक्षीको शरीरमा कष्ट भोग्दछ । त्यसैले अभिमान त्यागी पूर्णसन्तबाट दीक्षा लिई आफ्नो कल्याण गराउनु पर्छ । अन्यथा पहाडभन्दा पनि भारि कष्ट भोग्नु पर्छ ।

स्वामी गुमानी दास जीको आश्राम नारनौल शहरबाट लगभग डेढ किलो मिटर पर थियो । सत्सङ्गको आवाज सुनेर तहसीलदार घरको छतमा कुर्सी राखेर बस्यो । पूरा सत्सङ्ग सुन्यो ।दीक्षा लिने प्रवल प्रेरणा भयो तर जाति र पदको अहङ्कारले पिरोलि रहेको थियो । ब्राह्मणको कत्रो इज्जत छ, त्यसमा पनि म तहसीलदार हूँ, सत्सङ्गमा त सामान्य मानिस जान्छन्, मलाई त लाज लाग्छ, आश्रममा कसरी जाऊँ ? अन्तमा उसले विहान झिसमिसैमा आश्रममा जान्छु र अरू मानिस आउँदासम्म दीक्षा लिएर फर्किन्छु भन्ने निर्णय गऱ्यो । सत्सङ्ग सकेर सन्त जी आश्रममा गए । विहान उठेर केही समय टहल्थे । एक दिन विहान नन्दलाल जी घोडामा बसेर आश्रमतिर जाँदै थिए । गुमानी दास जी टहल गर्न त्यही बाटोमा जाँदै थिए । सन्त जीले कपाल खौरेका थिए । शिरमा कुनै कपडा थिएन । नन्दलाल जी ब्राह्मण भएका नाताले सकुन-अपसकुनमा विश्वास गर्थे । कुनै शुभकार्यमा जाँदा सामुन्नेमा कोही मुडुलो मान्छे देख्दा अपसकुन ठानी यात्रा नै रद्ध गर्थे । आश्रममा दीक्षा लिन जाँदै थिए, जीवनको सर्वोत्तम दिन थियो । सामुन्नेमा एउटा मुडुलो मानिस भेटियो । नन्दलाल जीको दिमाग तात्यो र रिस उद्‌यो । उनले विचार गरे– आज दीक्षाको अवसर छोड्नु हुदैन तर सगुन-अपसगुनलाई पनि निष्क्रिय गर्नु थियो । त्यसैले यस अलक्षिणको टाउकामा उल्टो हातले हान्छु, अपसकुन समाप्त हुन्छ भन्ने समाधान आफैले निकाले । त्यही उद्देश्यले घोडा त्यस व्यक्ति (सन्त गुमानी दास) को नजिकमा लगेर रोके र भने– हे अभागी ! तैंले आज नै कपाल खौरेर मेरो अगाडि आउनु पर्थ्यो ? आज म आफ्नो जीन्दगीको सर्वोत्तम कामका लागि आश्रम जाँदै थिएँ । यति भनेर गुमानी दास जीको टाउकोमा उल्टो हातले हाने र घोडा आश्रम तिर अगाडि बढाए । सन्तहरूको जीवनमा यस्ता घटना सामान्य मानिन्छ । तिनीहरूले यस्ता कुरामा ध्यान दिदैनन् । उनले विचार गरे कि व्यक्ति सभ्य, उच्च अधिकारी तथा उच्च कुलको जस्तो लाग्छ । तर कार्य गोठालाको जस्तो गऱ्यो । नन्दलाल आश्रममा गए । त्यहाँ सन्तका शिष्यहरू भेटिए, राम-राम भनी अभिवादन गरे । आएको कारण भने । घोडा रूखमा बाँधे र सन्त जीको आसन छेउमा ओछ्याइएको बोरामा बसे । सन्त गुमानी दास जी घुमघाम पछि स्नान गरी आसनमा बसेपछि घोडा देखे, अनि थाहा पाइ हाले । सन्त गुमानी दासलाई देखेपछि नन्दलालले लाजले शिर झुकाए । गुमानी दासलाई आश्रमका भक्तहरूले यी तहसीलदार जी दीक्षा लिन आएका हुन् भनेर बताए । नन्दलाल जी

सन्तको चरणमा शरणागत भए र टाउकोमा उल्टो हातले हानेको कारण बताए । सन्त गुमानी दास जीले भने– हे भक्त ! जब हामी एकानाको घैटो कुम्हालेसँग किन्न जाँदा त्यो घैटोलाई उल्टो हातले हानी बजाएर फुटेको छ कि छैन भनी जाँच्छौं । तिमी त जिन्दगीको व्यापार (सौदा) गर्न आएका हौ । आफ्नो गुरूलाई बजाएर हेर्दा के पाप भयो त ? नितानन्द जी सन्त जीको शितल स्वभावबाट अझ बढी प्रभावित भए । दीक्षा लिए । सन्त गुमानी दास जीले उनको नाम परिवर्तन गरी नित्यानन्द राखि दिए । सत्सङ्गबाट जिउने मार्ग पाएपछि नितानन्द जीले वाणी बोलेः-

ब्राह्मण कुल में जन्म था, मैं करता बहुत मरोड़ ।
गुरु गुमानी दास ने, दिया कुबुद्धि गढ़ तोड़ ।।

अनि अझ कति आधीन भए भने कुरा यस वाणीबाट थाहा हुन्छः

सिर सौंपा गुरुदेव को, सफल हुआ यह शीश ।
नित्यानंद इस शीश पर, आप बसै जगदीश ।।

भावार्थः- सत्सङ्गका विचार सुन्ने अवसर प्राप्त नभएसम्म भुलवश मानव अहङ्कारमा सडि रहन्छ । आज राजा छ, तर मृत्यु उपरान्त गधा, कुकुर बनिन्छ भन्ने थाहा भयो भने यो अहङ्कारको के हुन्छ ? त्यसैले भक्तले आफ्नो यस अज्ञानलाई ज्ञानले सफा गरेर भक्ति पथमा हिंड्छन् र सफलता प्राप्त गर्दछन् । श्रीलङ्काका राजा रावणले धेरै भक्ति गरे तर अहङ्कार गएन । जसकारणले विनाश भयो । रावण पनि ब्राह्मण थिए । नित्यानन्द जी पनि ब्राह्मण थिए । सत्सङ्ग सुनेर निर्मल भए । रावणले सत्सङ्ग सुन्न पाएनन् । जसकारण जीवन व्यर्थमा खेर गयो र अमीट कलङ्क पनि लाग्यो । नित्यानन्द जीले भने– मेरो जन्म ब्राह्मण कुलमा भएका कारण जातीय अभिमानले पूर्ण अहङ्कार गर्थे । गुरू गुमानी दास जीको सत्सङ्ग वचन सुनेपछि जातिको अहङ्कार रूपि कुबुद्धिको गढ समाप्त भयो । जीवन सफल भयो नित्यानन्द जीको शब्दः-

और बात तेरे काम ना आवै सन्तों शरणै लाग रे ।
क्या सोवै गफलत में बन्दे जाग–जाग नर जाग रे ।।
तन सराय में जीव मुसाफिर करता रहे दिमाग रे ।
रात बसेरा करले डेरा चलै सवेरा त्याग रे । और बात ————।
उमदा चोला बना अनमोला लगे दाग पर दाग रे ।
दो दिन क गुजरान जगत में जलै बिरानी आग रे । और बात —।
कुबद्ध कांचली चढ रही चित पर तू हुआ मनुष से नाग रे ।
सूझै नहीं सजन सुख सागर बिना प्रेम बैराग रे । और बात ——।
हर सुमरै सो हंस कहावै कामी क्रोधी काग रे ।

भंवरा ना भरमै विष के बन में चल बेगमपुर बाग रे । और बात —।
शब्द सैन सतगुरू की पहचानी पाया अटल सुहाग रे ।
नितानन्द महबूब गुमानी प्रकटे पूर्ण भाग रे । और बात ————।

**शब्द**

तन मन शीश ईश अपने पै, पहलम चोट चढावै ।
जब कोए राम भक्त गति पावै, हो जी ।।टेक ।।
सतगुरू तिलक अजपा माला, युक्त जटा रखावावै ।
जत कोपीन सत का चोला, भीतर भेख बनावै ।।१ ।।
लोक लाज मर्याद जगत की, तृण ज्यों तोड़ बगावै ।
कामनि कनक जहर कर जानै, शहर अगमपुर जावै ।।२ ।।
ज्यों पति भ्रता पति से राती, आन पुरूष ना भावै ।
बसै पीहर में प्रीत प्रीतम में, न्यूं कोए ध्यान लगावै ।।३ ।।
निन्दा स्तुति मान बड़ाई, मन से मार गिरावै ।
अष्ट सिद्धि की अटक न मानै, आगै कदम बढावै ।।४ ।।
आशा नदी उल्ट कर डाटै, आढा बंध लगावै ।
भवजल खार समुन्> में बहुर ना खोड़ मिलावै ।।५ ।।
गगन महल गोविन्द गुमानी, पलक मांहि पहुंचावै ।
नितानन्द माटी का मन्दिर, नूर तेज हो जावै ।।६ ।।

**(वास्तवमा माथि लेखिएका यी शब्दहरू कबीर जीका हुन्, फेरि पनि हामीले ज्ञान प्राप्त गर्नु छ ।)**

**सन्त नित्यानन्द जीले आफ्नो अन्तिम दिन जटैला तलाउमा भक्ति गरेर व्यतित गरे । जटैला तलाउ भीवानी जिल्लाको तहसील दादरीमा कैयौं गाउँहरूको सीमामा बनेको छ । (माजरा गाउँ, बिगोवा, बास आदि-आदिको सीमामा छ।) सन्त नित्यानन्द जी श्री विष्णु (श्री कृष्ण) जीका भक्ति गर्थे । उनका गुरू श्री गुमानी दास जी दिल्लीका सन्त श्री चरण दास वैष्णवका शिष्य थिए । पाठकवर्ग ! यसै पुस्तकको पृष्ठ. २३५ मा सृष्टि रचना पढ्नु होस् । अनि तपाईहरूलाई सन्त नित्यानन्द जीलाई कुन श्रेणीको मोक्ष प्राप्त भयो भन्ने ज्ञान हुने छ । सन्त गरीबदास जीलाई परमात्मा कबीर जीले भेट्नु भएको थियो । उहाँले सन्त गरीबदास जीलाई भन्नु भयो– सन्त-भक्तले जुनसुकै स्तरको भक्ति गरेको भए पनि ती आदरणीय हुन्छन् । तर दुई अक्षरको सच्चा नाम दीक्षा दिने परम सतगुरू (पूर्ण गुरू) प्राप्त नभएसम्म न ती गुरूको मुक्ति हुन्छ, न त शिष्यको ।**

गरीब, साध सब नेक हैं, आप आपनी ठौर ।

जो निज धाम पहुँचावहीं, सो साधु कोई और ।।
गरीब, साध हमारे सगे हैं, ना काहू को दोष ।
जो सारनाम बतावहीं, सो साधु सिर पोष ।।

**श्री विष्णु जी स्वयम् जन्म-मरणमा रहि रहन्छन् भने उपासकलाई त्यो मोक्ष प्राप्त हुन सक्दैन, जुन गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वदर्शी सन्तबाट तत्वज्ञान प्राप्त गरे पश्चात् परमेश्वरको त्यो परमपदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन । केवल ती परमेश्वरको भक्ति गर, जसले संसार रूपी वृक्षको रचना गरेका हुन्, संसारको विस्तार जसबाट भएको हो ।**

**हिन्दु समाजका गुरूजन भन्छन्ः- गीताको ज्ञान श्री कृष्ण जीले अर्जुनलाई सुनाएका हुन् । श्री कृष्ण जी श्री विष्णु जीका अवतार अर्थात् स्वयम् विष्णु जी मानिन्छन् । श्रीमद्भगवत गीताको अध्याय ४ श्लोक ५ मा गीता भन्नेले भनेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । (यसबाट श्री विष्णु जी नाशवान छन्, जन्म-मृत्यु भइ रहन्छ भन्ने स्पष्ट हुन्छ ।) श्री देवी पुराणको तेस्रो स्कन्धमा स्वयम् विष्णु जीले भनेका छन्– म (विष्णु), ब्रह्मा तथा शङ्कर जन्मन्छौं-मर्छौं । हाम्रो त अविर्भाव (जन्म) तथा तिरोभाव (मृत्यु) हुने गर्दछ । यसबाट पनि श्री विष्णु जी अविनाशी होइनन् भन्ने स्पष्ट हुन्छ । गीता अध्याय २ श्लोक १७, गीता अध्याय १५ श्लोक १७ मा अविनाशी परमात्मा त गीता ज्ञानदाता भन्दा भिन्न अरू छन् भनिएको छ । फेरि गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञानदाताले भनेका छन्– हे भारत ! सर्वभावले तिमी ती परमेश्वरको शरणमा जाऊ। उनै परमेश्वरको कृपाले नै तिमीलाई परम शान्ति तथा सनातन परमधाम प्राप्त हुने छ ।**

**यी प्रमाणहरूबाट सहजै थाहा हुन्छ कि श्री नित्यानन्द जीलाई गीतामा वर्णित पूर्ण मोक्ष प्राप्त भएन । कबीर जीले भन्नु भएको छः**

जो जाकि शरणा बसै, ताको ताकी लाज ।
जल सौंही मछली चढ़े, बह जाते गजराज ।।

**भावार्थः- जुन भक्तले जुनसुकै देव-देवीको भक्ति गर्दछ भने त्यस ईष्टले आफ्नो भक्तलाई राहत अवश्य दिन्छन्, जुन सामान्य व्यक्तिका लागि असम्भव कार्य तुल्य हुन्छ । उदाहरणको लागिः- यदि कुनै व्यक्तिले थानेदारको सेवा गरि रहेको छ अर्थात् मित्रता गाँसेको छ भने थानेदारले आफ्नो मित्रलाई थानामा आउँदा आफ्नो कुर्सीमा बसाउँछ । चिया-भोजन खुवाउँछ-पियाउँछ, जुन सामान्य मानिसका लागि सम्भव छैन । यो सामान्य व्यक्तिका लागि असम्भव कार्यभन्दा कम छैन । यदि कसैले पुलिस अधीक्षक (एस.पी) सँग मित्रता बनाएको छ भने उसलाई अझ बढी लाभ प्राप्त हुन्छ । यसैगरी अझ माथि जाँदा राज्यको मुख्य मन्त्रीसँग चिनजान छ**

भने उसले जुन लाभ प्राप्त गर्छ, त्यो तलकाहरूको तुलनामा असम्भव तुल्य हुन्छ । यसैगरी यदि देशको प्रधानमन्त्रीसँग चिनजान भयो भने लाभको सीमा नै रहँदैन ।

लेखक के भन्न चाहन्छ भने यदि कसैले देवी-देवताहरूको भक्ति गर्दछ भने लाभ त उसले पनि प्राप्त गर्दछ, तर पूर्ण परमात्माको भक्तिबाट सम्पूर्ण लाभ प्राप्त हुन्छ । यदि प्रधानमन्त्रीको मानिस हो भने उसको साथमा देशका मुख्यमन्त्री, मन्त्रीहरू तथा अन्य अधिकारी-कर्मचारीहरू हुन्छन् । सबैले उसलाई सहयोग गर्छन, विरोधको स्थान रहँदैन । यसैगरी पूर्ण परमात्माको भक्ति गर्ने भक्तको साथमा विश्वका सारा देवी देवता हुन्छन् । तिनीहरूले हरसम्भव उसलाई सहयोग गर्छन, बाधा पुऱ्याउँदैनन् । यदि कुनै भूत, पितृ, प्रेत, भैरव, बेताल आदिले पूर्ण परमात्माको भक्तलाई हानी पुऱ्याउने कुरा सोच्दछ भने देवी-देवताले नै तिनलाई भगाउँछन् र भन्छन्– तँलाई थाहा छ, यो कसको शरणमा छ ? अनि ती सैतान शक्तिहरू डराएर कुनै हानी गर्ने आँट गर्दैनन् । यदि गल्तीले कुनै भूत-प्रेतले परमेश्वरको भक्तलाई कुनै छेडछाड गऱ्यो भने तिनलाई परमेश्वरका गणहरूले समातेर लैजान्छन् र पिटेर झ्यालखानामा थुनि दिन्छन् । परमात्मा कबीर जी भन्नु हुन्छः-

एकै साधै सब सधै, सब साधें सब जाय ।<br>
माली सींचै मूल को, फूलै–फलै अद्याय ॥

त्यसैले पूर्ण परमात्माको भक्ति गर्नु होस् । वर्तमानमा म (रामपाल दास) बाहेक विश्वमा कसैलाई सत्य ज्ञान थाहा छैन । तपाईं आउनु होस् र दीक्षा लिएर आफ्नो तथा परिवारको कल्याण गराउनु होस् ।

## कथावाचक मनीराम पण्डितका करतुत

मनीराम नामका कथावाचक पण्डितप्रसिद्ध थिए । हरियाणाको एउटा गाउँमा रामायण कथाको आयोजना गरे । रामायणको कथा बढीमा एघार (११) दिनमा सम्पन्न हुन्छ । मनीराम पण्डित जीले तीस दिनमा सम्पन्न गरे । उनले धेरै दिनसम्म कथा चल्यो भने प्रत्येक दिन दान आउँछ र यसै अनुरूप थुप्रै दक्षिणा पनि आउँछ भन्ने विचार गरेका थिए । तीस दिनको कथामा मनीराम पण्डित जीलाई ३० रूपियाँ मात्र प्राप्त भयो । गाउँका केही मानिसहरूले मनीरामको कथा समापन हुने दिन दिल्लीबाट नाच-गानका लागि प्रसिद्ध एक चम्पाकली नामकी नृत्यङ्गनालाई ल्याएर नाच-गान गराए । सारा गाउँ नाच-गान हेर्न जम्मा भए । दुई घण्टामा चम्पाकलीलाई पाँच सय प्राप्त भयो । मनीराम जीलाई तीस दिनमा केवल तीस रूपियाँ प्राप्त भयो । पण्डित जीको दुःखको कुनै सीमा नै रहेन । बाटोमा छुडानी गाउँ थियो । मनीराम जीलाई यहाँ परम सन्त गरीबदास जी रहन्छन् भन्ने थाहा थियो । उनले सन्त जीलाई भेटेर जाने विचार गरे । सन्त गरीबदास जीका साथमा आफ्नो तथा आसपास गाउँका १०-१२ जना भक्तहरू बसेका थिए । त्यही बेल

पण्डित मनीराम पनि पुगे । सन्त गरीबदास जीसँग राम-राम भने । सन्त गरीबदास जीले पनि राम-राम भने र उचित आसन दिएर बसाए । कुशलमङ्गल सोध्दा मनीरामले भने– हे महाराज ! कलियुगको समय आइ सकेछ । धर्मको नाश भइ सकेछ । जान गेडा आ लिया है अर्थात् जनताको धर्म प्रतिको भाव समाप्त भइ सकेछ । धरती-आकाश फाट्यो भने पनि आश्चर्यको कुरो छैन । उपस्थित भक्तहरूले सोधे– हे पण्डित जी ! यस्तो के कुरा भयो र ? मनीराम जीले भने खै के भनूँ ? सन्त गरीबदास जी त सबै जान्दछन् । भक्तहरूले सोधे– हे महाराज जी ! यस्तो के कुरा भयो, जसकारण पण्डित जीलाई ठेस लागेको छ ? सन्त गरीब दास जीले भनेः

गरीब, फूटि आँख विवेक की, अंधा है जगदीश ।
चम्पाकली को पाँच सौ, मनीराम को तीस ॥

भावार्थः- जुन जगदीश नामको व्यक्तिले जानी-बुझी दुष्ट्याइँ गरेर मनीराम जीको कथाको भोग लाग्ने दिन नाच-गानका लागि चम्पाकलीको कार्यक्रम गरायो । त्यो ज्ञान नेत्रहीन अन्धा हो । गाउँका मानिसहरूको पनि विवेक (सोच-विचार) को आँखा फुटेका छन् अर्थात् उनीहरूले पनि धर्म कथा चलि रहेको छ भन्ने विचार गरेनन् । यसरी उनीहरूले अभद्र तरिकाले विरोध गर्नु हुदैनथ्यो । हे भक्तहरू ! मनीराम जीले एघार दिनमा सम्पन्न हुने कथालाई धेरै दक्षिणाको लोभमा तीस दिनसम्म लम्ब्याए । गाउँका केही फटाहा मानिसहरू पनि मनीराम जीको उद्देश्यसँग परिचित थिए । जसकारण उनीहरूले पण्डित जीलाई पाठ सिकाउनका लागि नृत्यङ्गनालाई ल्याएर महापाप गरे । यो सच्चाइ सन्त गरीबदास जीको मुखबाट सुनेर मनीराम जीको आश्चर्यको ठेगानै रहेन । उनी सोचि रहेका थिए कि आज ११:३० बजे विहान भोग लगाएर म सोझै यहाँ आएको हूँ । सन्त गरीबदास जीलाई कसरी थाहा भयो ? यी त परमात्मा हुन् । मनीराम आसनबाट उठेर सन्त गरीबदास जीका चरणमा शरणागत भए र भने– प्रभु ! हजुरले सही भन्नु भयो, मैले लालचवश कथालाई लम्ब्याएको थिएँ । हजुर त सर्वज्ञ हुनु हुन्छ । हे प्रभु ! धर्म-कर्म तथा जीवन जिउने साँचो मार्ग देखाउनु होस् । तब सन्त गरीबदास जीले सत्सङ्ग गरेर त्यस पुण्यात्मा मनीराम जीलाई भनेः-

हे मनीराम जी ! तिमी पाठ गरेर जनतासँग धन लिन्छौ । यो तिमी माथिको ऋण हो । तिमीले यसको व्याज सहित फिर्ता गर्नु पर्छ । तिमीलाई यथार्थ आध्यात्मिक ज्ञान छैन । तिमी कथा पाठ तथा सत्सङ्ग गर्ने अधिकारी पनि होइनौ । तिमीले मानिसलाई आकर्षित तुल्याउन गलामा कण्ठी (तुलसीको मालाको दाना जुन धागोमा उनेर गलामा लगाइन्छ । यो वैष्णव पन्थको पहिचान हो ।) लगाएका छौ । एउटा मालामा १०८ रूद्राक्षको मनका (दाना) हुन्छन् । यसलाई सन्तहरूले सुमरणी भन्छन् । यो मन्त्र जापको लागि उपयोग गरिन्छ । निधारमा तिलक लगाएका छौ । पहेंलो वस्त्र धारण गरेका छौ । सन्त गरीबदास जी वाणीको माध्यमले सम्झाउँछन्ः

कण्ठी माला सुमरणी, पहरे से क्या होय। ऊपर डूंडा साध का, अन्तर राखा खोय ॥

भावार्थः- हे मनीराम जी ! वाहिरिया देखावटी अनुसार त तिमी साधु जस्तो देखिन्छौ अर्थात् बाहिरी आडम्बरको लागि त कुनै कसर छोडेका छैनौ । तिम्रो भेषभूषा देखेर त भक्त समाज तिम्रा लागि काटिएर मर्ने छन् । तर भित्र साधुको गुण कत्ति पनि छैन । लालचका कारणले अन्तःकरण मलिन बनाएका छौ । साधुता हराइ सकेको छ अर्थात् सन्त भाव छैन । त्यसैले कण्ठी-माला-सुमरणी गलामा लगाउनाले साधु भइँदैन । आत्म कल्याणका लागि पूर्ण सन्तबाट दीक्षा लिएर आजीवन मर्यादामा रही भक्ति गर अनि मात्र कल्याण सम्भव छ । तिमी पाठ गर्ने अधिकारी होइनौ । अधिकारी नभई कन पाठ गर्नु यजमानसँग धोका गरे जस्तै हो । तिम्रा पूर्वज ऋषिजन वास्तवमा पण्डित थिए । विद्वान पुरुष थिए । उनीहरू यस्तो गल्ती गर्दैनथे । सन्त गरीबदास जीले उदाहरण दिएर सम्झाएः

## राजा परीक्षितको उद्धार

जुनबेला राजा परीक्षितलाई ऋषिको श्राप अनुसार तक्षक सर्पले डस्नु थियो, त्यसबेला उनको उद्दारका लागि श्रीमद्भगवत (सुधा सागर) को सात दिनको कथा भन्नु पर्ने थियो । पृथ्वीका सम्पूर्ण ऋषि तथा पण्डितहरूसँग श्रीमद्भगवतको कथा राजा परीक्षितलाई सुनाउन आग्रह गरियो । ती वास्तवमा पण्डित थिए । तिनीहरू परमात्माको विधान जान्दथे । उनीहरूलाई सातौं दिनमा परिणाम आउँछ भन्ने पनि थाहा थियो । सातौं दिन राजा परीक्षितको के हुन्छ भन्ने कुरामा विश्वका बुद्धिजीवि व्यक्तिहरूको दृष्टि अडेको थियो । पृथ्वीका सम्पूर्ण पण्डितहरूले श्रीमद्भगवत कथा सुनाउन अस्वीकार गरे र भने– हामी अधिकारी होइनौ । हामी कसैको मानव जीवनसँग खेलवाड गरेर पापको भागी बन्दैनौ । स्वयम् श्रीमद्भगवत लेखेका वेदव्यास जीले पनि कथा सुनाउन अस्वीकार गरे । सबै ऋषिहरूले यस कार्यका लागि स्वर्गबाट सुखदेव ऋषिलाई बोलाउनु पर्छ, उनी कथा सुनाउने अधिकारी हुन् भने । राजा परीक्षितका लागि स्वर्गबाट सुखदेव ऋषिलाई बोलाइयो । केही समय नर्क भोगेर युधिष्ठिर स्वर्गमा पुण्यको फल भोगि रहेका थिए । उनले वंशको मोहमा परेर अर्जुनका नाति परीक्षितको उद्दारका लागि आफ्नो केही पुण्य सुखदेव (शुकदेव) ऋषिलाई दान दिए । त्यस पुण्यको मूल्यले श्री शुकदेव ऋषि जी विमानमा बसेर पृथ्वीमा राजा परीक्षितलाई श्रीमद्भगवतको कथा सुनाउन आए । सात दिन कथा सुनाएर राजा परीक्षितको राज्य र परिवारप्रतिको मोह समाप्त पारे । तक्षक सर्पले राजा परीक्षितलाई कथाको अवधिमा नै डस्यो । तत्काल राजाको मृत्यु भयो । तर कथा श्रवण गर्नाले परीक्षितको ध्यान संसारबाट विमुख भई स्वर्गको सुखमा लीन थियो । राजाको पदमा रहँदा परीक्षित जीले ठूला-ठूला धर्मयज्ञ गरेका थिए । यसले गर्दा उनको पुण्यहरूको थुप्रो लागेको थियो । वाणीमा परमात्माको विधान बताइएको छः-

कबीर, जहाँ आशा तहाँ बासा होई । मन कर्म वचन सुमरियो सोई ।।

गीता अध्याय ८ श्लोक ६ मा पनि यही प्रमाण छ– हे भारत । परमात्माको यस्तो विधान छ कि जसले अन्त समयमा जसप्रति भाव अर्थात् आस्था राखेर स्मरण गर्दछ, उसैलाई प्राप्त गर्दछ । यही विधान अनुसार राजा परीक्षितको जीवले स्थूल शरीर त्यागेर (जुन सर्पको विषले भरिएको थियो) सूक्ष्म शरीर युक्त शुकदेव ऋषिका साथ विमानमा बसेर स्वर्गमा गए ।

सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर-जिल्लाका) ले मनीराम जीलाई भने–शुकदेव ऋषिद्वारा सुनाइएको कथाले राजा परीक्षितको मन संसारबाट विमुख भएर स्वर्गको प्राप्तिका लागि प्रेरित भयो । जसकारणले मृत्यु पश्चात् राजा हुँदाको समयमा गरेका पुण्यहरूको फलस्वरूप स्वर्ग गए । जन्म-मरणको चक्र अहिले बाँकी नै छ । काल ब्रह्मको लोकमा स्वर्ग-महास्वर्ग (ब्रह्मलोक) प्राप्तिलाई नै उद्धार भएको मान्दछन्, जुन सम्पूर्ण आध्यात्मिक ज्ञानको कमीको परिणाम हो । काल ब्रह्मको लोकमा भएको उद्धार पनि पृथ्वीको कुनै ऋषि पण्डितको स्तरको होइन किनकि यिनीहरूको पाठ तथा कथा अर्थात् सत्सङ्ग गर्नुमा मान बडाइ उद्देश्य रहन्छ । एक अर्का ऋषिप्रति प्रसिद्धिको चाहनामा इर्ष्याको रोग पनि लागेको छ । शुकदेव जी एक सन्त जनक जीका शिष्य थिए । राजा जनकलाई पूर्ण परमात्मा कबीर जीले भेट्नु भएको थियो । उनलाई सोहं नाम जाप दिनु भएको थियो । राजा जनकका प्रमुख तथा प्रिय शिष्य शुकदेव जी थिए । जनक जीले यो मन्त्र केवल शुकदेव जीलाई मात्र दिएका थिए । यसैकारणले शुकदेव जीको स्वर्गको अवधि धेरै छ । राजा जनकसँग कालले धोका गरेका थिए । उनले आफ्नो पुण्य नर्क भोगि रहेका १२ करोड जीवहरूलाई दान गरि दिएका थिए । जसले गर्दा उनको स्वर्गको समय कम रह्यो र उनी सन् १४६९ मा पन्जाब प्रान्त (भारत देश) मा श्री कालुराम मेहता (खत्री-अरोडा) को घरमा श्री नानक नामले जन्मिएका थिए । (अहिले यो ठाउँ पाकिस्तानमा छ) शुकदेव जीको पृथ्वीमा कसैसँग कुनै द्वेष तथा इर्ष्या वा मान-बडाइको चाह थिएन । उनले सुनाएका कथाको प्रभाव परीक्षितको मनमा पर्‍यो । जसले गर्दा उनको स्वर्गवास भयो । यदि अन्य ऋषिले कथा भनेको भए राजाको मन राज्य तथा परिवारमा रहने थियो । उनका पुनर्जन्म पृथ्वीमा हुने थियो । राजा बनेर आफ्ना सारा पुण्यहरू नष्ट हुने थियो ।

सन्त गरीबदास जीले भने– हे मनीराम ! जीवको जन्म-मरण समाप्त नभएसम्म परम शान्ति प्राप्त हुदैन । अनि राजा बनेर राज्यको लाभ-हानीको आगोमा जल्दछ । निर्धन भएर कष्ट झेल्दछ । अनि फेरि पशु-पक्षी आदि-आदिको शरीरमा कष्ट झेल्दछ । तिमी श्री विष्णु उर्फ कृष्ण जीका भक्त हौ । (वैष्णव साधुहरू श्री विष्णु जीलाई ईष्ट रूपमा मान्दछन् ।) तिमी श्री कृष्ण अर्थात् श्री विष्णु जीले श्रीमद्‌भगवत गीताको ज्ञान अर्जुनलाई सुनाएका हुन् भन्ने मान्दछौ । गीता ज्ञान सुनाउनेले गीता अध्याय १८ श्लोक ६२ मा स्पष्ट गरेको छन्– म भन्दा बाहेक अर्का

भिन्न कोही परम ईश्वर छन् । हे भारत ! तिमी सर्वभावले ती परमेश्वरको शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमीलाई परम शान्ति तथा सनातन परमधाम (सत्यलोक) प्राप्त हुने छ । गीता अध्याय ७ श्लोक २९ मा गीता ज्ञानदाताले भनेका छन्– जो साधक जरा (वृद्धावस्था) तथा मरण (मृत्यु) बाट छुटकारा अर्थात् मोक्ष प्राप्तिका लागि प्रयत्नशील छन् । (काल लोकका राज्य तथा स्वर्ग-महास्वर्ग सम्मको इच्छा राख्दैनन्।) ती तत् ब्रह्म, सम्पूर्ण अध्यात्म तथा सम्पूर्ण कर्महरूसँग परिचित छन् ।

गीता अध्याय ८ श्लोक १ मा अर्जुनले गीता ज्ञानदातासँग प्रश्न गरे– जुन तत् ब्रह्मको विषयमा अध्याय ७ को श्लोक २९ मा भनिएको छ कि ती तत् ब्रह्म के हो ? यसको उत्तर गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा ती परम अक्षर ब्रह्म हुन् भनेका छन् ।

गीता अध्याय ८ श्लोक ५ तथा ७ मा गीता ज्ञानदाताले आफ्नो भक्ति गर्न भनेका छन्, जसबाट मेरो प्राप्ति हुन्छ र गीता अध्याय ८ श्लोक ८, ९, १० मा ती आफूभन्दा अलग परम अक्षर ब्रह्मको भक्ति गर्न भनेका छन्, जसबाट उनको प्राप्ति हुन्छ ।

गीता अध्याय २ श्लोक १२, अध्याय ४ शलोक ५, अध्याय १० श्लोक २ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ । भविष्यमा पनि भइ रहन्छ ।

गीता अध्याय २ श्लोक १७ मा (जुन अविनाशी परमात्मा भनिएको छ) तथा अध्याय १५ श्लोक १६-१७ मा तीन पुरुष (प्रभुहरू) बताइएको छ । श्लोक १६ मा क्षर पुरूष तथा अक्षर पुरूषको वर्णन छ । दुबैलाई नाशवान भनिएको छ । फेरि अध्याय १५ श्लोक १७ मा अविनाशी परम अक्षर ब्रह्मको जानकारी बताइएको छ । उनी उत्तम पुरूष अर्थात् सर्वश्रेष्ठ परमात्मा हुन् । उनैले तीनै लोकहरूको पालन-पोषण गर्दछन्, वास्तवमा अविनाशी हुन् । गीता अध्याय १५ श्लोक ४ मा गीता ज्ञानदाताले स्पष्ट पारेका छन्– तत्वदर्शी सन्त प्राप्त भएपछि परमेश्वरको त्यो परमपदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् पुनः फर्केर साधक संसारमा कहिल्यै आउँदैनन् । उनै परमात्माको नै भक्ति गर्नु पर्छ, जसबाट संसार रूपी वृक्षको प्रवृत्ति विस्तार रूपमा प्राप्त भएको छ अर्थात् जो परमात्माले विश्वको रचना गरेका छन् । (गीताको उल्लेख समाप्त ।)

सन्त गरीबदास जीले मनीरामलाई भने– परम अक्षर ब्रह्म अर्थात् तत् ब्रह्मको भक्ति म (सन्त गरीबदास जी) सँग छ । यदि तिमीलाई पूर्ण मोक्ष गराउनु छ भने दीक्षा लेऊ र आफ्नो कल्याण गराऊ । मनीराम जीलाई गीताका सारा श्लोक मुखाग्र थियो । तत्काल बुझिहाले र पाखण्ड त्यागी दीक्षा लिएर कल्याण गराए ।

## पण्डितको परिभाषा

पण्डित विद्वानलाई भनिन्छ । मेरा पूज्य गुरू जी ब्राह्मण जातिको हुनु हुन्थ्यो । उहाँको जन्म बडा पैंतावास, तहसील-चरखी दादरी गाउँ, भिवानी जिल्ला (हरियाणा) मा भएको थियो । उहाँ आफूलाई कहिल्यै पण्डित भन्नु हुन्नथ्यो ।

मेरा बाजे गुरू जी (मेरा गुरू जीका गुरू जी ) छावला गाउँ (दिल्लीमा नजफगढसँगै) का जाट हुनु हुन्थ्यो । उहाँ सानै उमेरमा नै सन्त गंगेश्वरानन्द जीको सत्सङ्गबाट प्रभावित भएर उनीसँगै हरिद्वार जानु भयो । सन्त गंगेश्वरानन्द जीले उहाँलाई काशी विद्यापिठमा पढ्नका लागि छोडि दिए । उहाँ तीक्ष्ण बुद्धिका धनी हुनु हुन्थ्यो । चार विषयमा आचार्यको डिग्री प्राप्त गर्नुभयो । जसकारणले जाट हुँदा हुँदै पनि पण्डित चिदानन्द जीको नामले पुकारिन थाल्नु भयो । गोपालपुर गाउँ (तहसील-खरखोदा, सोनिपत जिल्ला, हरियाणा) मा उहाँको आश्रम छ । त्यहाँ बोर्ड लगाइएको छ– "पण्डित चिदानन्द जी (गरीब दासी) आश्रम, गोपालपुर ।" उहाँको नाम चिदानन्द जी थियो । कुनै ब्राह्मण दाजु भाइले दु:ख नमानून् भनेर पण्डितको परिभाषा बताउनु अनिवार्य थियो । त्यो बताएँ ।

## सुदामा जी पण्डित थिए

सुदामा जी ब्राह्मण कुलमा जन्मेका थिए । निर्धनता चरम थियो । कैयौं पटक बच्चाहरू पनि भोकै सुत्थे । सुदामा जीकी पत्नीलाई द्वारिकाका राजा श्री कृष्ण जीसँग सुदामा जीको राम्रो मित्रता रहेको छ भन्ने कुरा थाहा थियो । पत्नीले धेरै पटक आफ्नो मित्र राजा कृष्णसँग केही सम्पत्ति मागेर ल्याउन भन्थिन् । सुदामा जी भन्ने गर्थे– पण्डितको काम माग्नु होइन् । परमात्माको विधानलाई बुझेर त्यस अनुकूल जीवन यापन गर्नु हो । गरीबदास जीले पनि भनेका छन्:-

गरीब, नट, पेरणा कांजर सांसी, मांगत हैं भठियारे ।
जिनकी भक्ति में लौ लागी, वो मोती देत उधारे ।।
गरीब, जो मांगै सो भड़ूवा कहिए, दर–दर फिरै अज्ञानी ।
जोगी जोग सम्पूर्ण जाका, मांग ना पीवै पानी ।।

तर पत्नीले बारम्बार आग्रह गरेपछि विप्र सुदामा जी आफ्ना मित्र श्री कृष्ण जी कहाँ गए । श्री कृष्ण जीले विशेष सत्कार गरे । सुदामा जीले लगेको मुट्ठीभर चामल श्रीकृष्ण जीले प्रेमपूर्वक खाए । चरण पनि धोए र कुशल मङ्गल सोधे । पण्डित सुदामा जीले भने– हे भगवान ! मलाई कुनै वस्तुको आवश्यक्ता छैन । हजुरको कृपाले राम्रै निर्वाह भइ रहेको छ । एक हप्ता श्री कृष्ण जीकहाँ बसेर सुदामा जी घर हिंडे । एक पटक पनि धन देऊ भनेर मागेनन् । उनी जान्दथे:-

कबीर, बिन माँगे मोती मिलें, माँगे मिले न भीख ।
माँगन से मरना भला, यह सतगुरु की सीख ।।

श्री कृष्ण जी राजा थिए । आफ्ना मित्रको अवस्था बुझेर विश्वकर्मा जीलाई आदेश दिएर एक हप्तामा सुदामा जीको महल बनाउन लगाए । थुप्रै धन पनि दिए । पण्डित सुदामा जी आफ्नो धर्म कर्ममा डटि रहे । जसकारणले उनलाई लाभ भयो । यसलाई भनिन्छ पण्डित । जसले माग्छ उसलाई भँडुवा भनिन्छ । यही हो पण्डितको परिभाषा । प्रसङ्ग चलि रहेका छः दीक्षा (नाम लिनु) पश्चात् भक्तको आस्था संसार तथा परमात्माप्रति कस्तो हुनु पर्छ । यस प्रसङ्गमा पवित्र कबीर सागर ग्रन्थको अध्याय "अनुराग सागर"मा परमेश्वर कबीर जीले आफ्ना प्रिय आत्मा धर्मदास जीलाई यसरी सम्झाउनु भएको छः

## अध्याय "अनुराग सागर" को सारांश

अनुराग सागर पृष्ठ ३ देखि ५ सम्मको सारांशः

पृष्ठ ३ बाटः- धर्मदास जीले परमेश्वर कबीर जीसँग प्रश्न गरेः

प्रश्नः प्रभु ! दीक्षा प्राप्ति पश्चात् परमेश्वरमा कस्तो आस्था हुनु पर्छ ?

उत्तरः- परमेश्वर कबीर जीले भन्नु भयो– जस्तो मृग (हरिण) शब्दमा आसक्त हुन्छ, त्यसैगरी साधकले पनि परमात्माप्रति लगन लगाउनू ।

❖ हरिण (मृग) समात्नेले एउटा यन्त्रले विशेष शब्द निकाल्छ । त्यो आवाज हरिणलाई साह्रै मन पर्छ । त्यो आवाज आउँदा हरिण त्यतैतिर जान्छ र त्यो आवाज बजाइ रहेको शिकारीको सामुन्नेमा गई बसेर मुख जमीनमा राखेर समर्पित हुन्छ । आफ्नो जीवनलाई दाउमा लगाउँछ । यसै प्रकार उपदेशी परमात्माप्रति समर्पित हुनु पर्छ । आफ्नो जीवन समर्पण गरि दिनु पर्छ ।

❖ दोस्रो उदाहरण

पुतलीलाई प्रकाश बडो प्रिय हुन्छ । आफ्नो प्रिय वस्तु प्राप्त गर्नका लागि ऊ दीयो, मैनवत्ति, बिजुलीको तातो लाइटमा आसक्त भएर त्यसलाई प्राप्त गर्ने उद्देश्यले त्यसमा हाम फाल्छ र मर्छ । यसै गरी भक्त परमात्मा प्राप्तिका लागि मरि मेट्नु पर्छ । समाजका परम्परागत साधना तथा अन्य शास्त्र विरूद्ध रीति-रिवाजहरू त्याग्न तथा सत्य साधना गर्ने कार्यमा कठिनाइ उत्पन्न हुन्छ । त्यसको सामना गर्नु पर्छ, चाहे त्यसका लागि जस्तो सुकै बलिदान नै दिनु पऱ्यो भने पनि पछि हट्नु हुन्न ।

❖ तेस्रो उदाहरण

पुरानो समयमा श्रीमती भन्दा पहिले श्रीमानको मृत्यु हुँदा पतिसँगै चितामा श्रीमती पनि जलेर मर्थिन् ।यस्तो प्रेम पतिप्रति हुन्थ्यो । त्यस समय घर तथा कुलका मानिसहरूले सम्झाउँथे– तिम्रा स-साना बच्चाहरू छन् । तिमी नभए यिनको पालन पोषण कसले गर्छ ? काका, ठूलाबुवाहरूले कसैका बच्चाहरूलाई पाल्दैनन् । माता-पिता भएसम्म कुलका मानिसहरूले माया गर्ने औपचारिकता गर्दछन् । वास्तवमा प्रेम त आफन्तहरू बीचमा मात्र हुन्छ । तिमी यी स-साना बच्चाहरूलाई हेर । बच्चाहरू

**पिताको वियोगमा रोइ रहेका छन् । आमाको साडीको फेर समातेर रोक्छन् । त्यस महिलालाई सुनका आभूषण पनि देखाइन्छ र भनिन्छ— हेर ! यी गहनाहरूको के हुन्छ? कत्ति राम्रा र बहुमूल्य आभुषण छन् । तिमी आफ्ना सन्तानसँगै बस । तर ती महिला प्रेमको वशमा परेर त्यही चितामा जिउँदै जलेर मर्थिन् । यस कार्यबाट कदम पछि हटाउँदिन थिन् । पहिले यस्ता खालको सती हुन्थे । कोही एक दुई जना मात्र यस्ता हुन्थे । पछि यो रीति-रिवाजले कुलको मर्यादाको रूप लिएको थियो । पतिको मृत्यु पश्चात् पत्नीलाई जबरजस्ती त्यही चितामा जलाउन थालियो, जसबाट सती प्रथाको जन्म भयो । पछि यस विरूद्ध सङ्घर्ष गरेपछि समाप्त भयो ।**

**यस कथाको सारांशः- जस्तो एउटी पत्नी आफ्नो पतिको वैराग्यमा जिउँदै जलेर मर्थिन् । मुखमा राम-राम भन्दै चितामा जल्छिन् ।**

जगत में जीवन दिन–चार का, कोई सदा नहीं रहे ।
यह विचार पति संग चालि कोई कुछ कहै ॥

**हे धर्मदास ! भक्तको विचार यस्तै खालको हुनु पर्छ ।**

ऐसे ही जो सतपुरूष लौ लावै । कुल परिवार सब बिसरावै ॥१
नारि सुत का मोह न आने । जगत रु जीवन स्वपन कर जानै ॥२
जग में जीवन थोड़ा भाई । अंत समय कोई नहीं सहाई ॥३
बहुत प्यारी नारि जग मांही । मात–पिता जा के सम नाहीं ॥४
तेही कारण नर शीश जो देही । अंत समय सो नहीं संग देही ॥५
चाहे कोई जलै पति के संगा । फिर दोनों बनैं कीट पतंगा ॥६
फिर पशु-पक्षी जन्म पावै । बिन सतगुरु दुःख कौन मिटावै ॥७
ऐसी नारि बहुतेरी भाई । पति मरै तब रूधन मचाई ॥८
काम पूर्ति की हानि विचारै । दिन तेरह ऐसे पुकारै ॥९
निज स्वार्थ को रोदन करही । तुरंत ही खसम दूसरो करही ॥१०
सुत परिजन धन स्वपन स्नेही । सत्यनाम गहु निज मति ऐही ॥११
स्व तन सम प्रिय और न आना । सो भी संग नहीं चलत निदाना ॥१२
ऐसा कोई ना दिख भाई । अंत समय में होय सहाई ॥१३
आदि अंत का सखा भुलाया । झूठे जग नातों में फिरै उमाहया ॥१४
अंत समया जम दूत गला दबावै । ता समय कहो कौन छुड़ावै ॥१५
सतगुरु है एक छुड़ावन हारा । निश्चय कर मानहू कहा हमारा ॥१६
काल को जीत हंस ले जाही । अविचल देश जहां पुरूष रहाही ॥१७
जहां जाय सुख होय अपारा । बहुर न आवै इस संसारा ॥१८
ऐसा दृढ़ मता कराही । जैसे सूरा लेत लड़ाई ॥१९
टूक-टूक हो मरै रण के मांही । पूठा कदम कबहू हटावै नांही ॥२०
जैसे सती पति संग जरही । ऐसा दृढ़ निश्चय जो करही ॥२१
साहेब मिलै जग कीर्ति होई । विश्वास कर देखो कोई ॥२२

हम हैं राह बतावन हारा । मानै बचन भव उतरै पारा ।।२३
छल कपट हम नहीं कराहीं । निस्वार्थ परमार्थ करैं भाई ।।२४
जीव एक जो शरण पुरूष की जावै । प्रचारक को घना पुण्य पावै ।।२५
कोटि धेनु जो कटत बचाई । एता धर्म मिलै प्रचारक तांही ।।२६
लावै गुरु शरण दीक्षा दिलावै। आपा ना थापै सब कुछ गुरु को बतावै ।।२७
जो कोई प्रचारक गुरु बनि बैठै । परमात्मा रूठे काल कान ऐंठै ।।२८
लाख अठाइस झूठे गुरु रोवैं । पड़े नरक में ना सुख सोवैं ।।२९
अब कहे हैं भूल भई भारी । हे सतगुरु सुध लेवो हमारी ।।३०
बोऐ बबूल आम कहां खाई । कोटि जीवन को नरक पठाई ।।३१
ऐसी गलती ना करहूं सुजाना । सत्य वचन मानो प्रमाना ।।३२

**उपरोक्त वाणीहरूको भावार्थः-**

**छोरो जवान भएपछि उसको विवाह हुन्छ । विवाह पश्चात् आमाबुवासँगको भन्दा पनि बढी लगाव आफ्नी पत्नीप्रति हुन्छ । अनि बच्चाहरूप्रति माया-मोह हुन्छ । यदि पतिको मृत्यु भयो भने पत्नी साथमा जाँदिनन् । केही समय पश्चात् अर्थात् तेह्रौंको कार्य पश्चात् पतिको दाजु वा भाइसँग विवाह गर्छिन् । पतिलाई पूर्ण रूपमा बिर्सन्छिन् । यदि कोही आफ्ना पतिको साथमा जलेर मर्छिन् भने अर्को जन्ममा पक्षी वा पशुको योनीमा दुबै भट्कि रहेका हुन्छन् ।**

**जुन पत्नीको लागि पति आफ्ना गर्दन काट्न सम्म पनि पछि पर्दैन । यदि कसैले पत्नीलाई नराम्रो दृष्टिकोण हेर्दछ, नगर भन्दा पनि मान्दैन भने पति आफ्नी पत्नीका लागि झगडा गर्छ, मर्न-मार्न तयार हुन्छ । अनि त्यही पत्नी पतिको मृत्यु पश्चात् अन्य पुरूषसँग मिल्छिन् । भलै यो समयको आवश्यकता हो, तर भक्तका लागि ठोस शिक्षा हो ।**

**यसैगरी कुनै व्यक्तिको पत्नीको मृत्यु भयो भने उसले केही समय पछि अर्को पत्नी विवाह गर्छ । पत्नी आफ्ना पतिका लागि आफ्नो घर, भाइ-बहिनी, माता-पिता सबैलाई त्यागेर आउँथिन्, तर पत्नीको मृत्यु पश्चात् स्वार्थको कारणले रून्छ । तर अरू कसैले विवाह गर्न भन्नासाथ सबै थोक बिर्सेर विवाह गर्न तयार हुन्छ ।**

**भावार्थः- सबै स्वार्थको नाता हो । त्यसैले सत्य भक्ति गरेर त्यो सत्यलोकमा हिंड, जहाँ जरा (वृद्धावस्था) र मरण (मृत्यु) छैन । अगाडि चेतावनी दिइएको छ– हे भक्त ! इन्सानका लागि आफ्नो शरीरभन्दा प्रिय अरू केही हुदैन ।आफ्नो शरीरको रक्षाका लागि लाखौं रूपियाँ उपचारमा खर्च गर्छ किनकि उसले जीवन बच्यो भने मेहनत-मजदुरी गरेर रूपियाँ त फेरि कमाउँछु भन्ने विचार गर्छ । यदि रूपिया पैसा छैन भने यही विचार गरेर सम्पत्ति पनि बेच्दछ र आफ्नो शरीर बचाउँछ । परमेश्वर कबीर जी सम्झाउनु हुन्छः- हे धर्मदास !**

स्व तनु सम प्रिय और न आना । सो भी संग न चलत निदाना ।।

आफ्नो शरीर समानको अर्को कुनै प्रिय वस्तु छैन, त्यो शरीर पनि तिमीसँग जादैन । अनि फेरि अर्को कुन त्यस्तो बस्तुलाई तिमी आफ्नो मानेर गमक्क फुलेर र भगवानलाई भुलेर हिंडि रहेका छौ । सारा सम्पत्ति तथा आफन्तहरू एक सपना जस्तै साथ हो । कबीर परमेश्वर जीले भन्नु भएको छ– मेरो आफ्नै राय छ । पूर्ण सन्तबाट सत्यनाम (सत्य साधनाको मन्त्र) लिएर आफ्नो जीवको कल्याण गराऊ र जबसम्म तिमी सपना (संसार) मा छौ, तबसम्म सपना हेर्दै पूर्ण सन्तको शरणमा गएर सच्चा नाम प्राप्त गरी आफ्नो मोक्ष गराऊ । सम्पूर्ण प्राणी जीवन रूपी रेलगाडीमा यात्रा गरि रहेका छन् । आफू बसेको डिब्बा तिम्रो नगर हो । आफू बसेको सिट परिवार हो । ज-जसको यात्रा पूरा हुन्छ, ती आ-आफ्ना स्टेशनमा उत्रने छन् । यही अवस्था यस संसारको छ । जस्तो यात्रीहरूलाई हामी केही समयको साथी हौं भन्ने थाहा हुन्छ । सभ्य व्यक्ति त्यस यात्रामा प्रेम पूर्वक रहन्छन् । एक अर्कालाई सहयोग गर्छन् । यसैगरी हामीले पनि आफ्ना सपना तुल्य मानव जीवनको समय व्यतित गर्नु पर्छ । सपना टुट्यो अर्थात् शरीर छुट्यो भने यो के थियो भन्ने थाहा हुन्छ । त्यो सम्पत्ति तथा परिवार कहाँ छ, जसको सङ्ग्रह गर्नमा अनमोल जीवन नष्ट भयो । मृत्युको समयमा यमदूतले कण्ठ अबरूद्ध गर्दा तिमीलाई सहयोग गर्ने संसारमा परमात्माका अतिरिक्त अरू कोही हुदैन । परमेश्वरले उसैलाई सहयोग गर्नु हुन्छ, जसले पूर्ण सन्तबाट दीक्षा लिएका हुन्छन् । परमेश्वरले त्यही सतगुरूको रूपमा उपदेशीलाई सहयोग गर्नु हुन्छ । त्यसैले सतगुरूको शरणमा आएपछि ज्ञानवान साधकले परमेश्वरमा १. मृग, २. पुतली, ३. सती, ४. शूरवीरले जस्तै लगन लगाउँछन् । आफ्नो उद्देश्यबाट पछि हट्दैनन् । शूरवीर टुक्रा-टुक्रा भएर जमीनमा ढल्नु राम्रो ठान्दछन् । कदम पछि हटाउँदैनन् । पुराणहरू तथा श्रीमद्भगवत गीता अध्याय २ श्लोक ३८ मा भनेका छन्– हे अर्जुन ! यदि सैनिक युद्धमा मारिन्छ भने स्वर्गमा सुख प्राप्त गर्दछ । भक्तले भक्ति मार्गमा सङ्घर्ष गर्दै भक्ति गरेर शरीर त्याग्दछ भने सतलोकको सुखको सागरमा सदाका लागि सुखी हुन्छ । जन्म-मरणको सङ्कट सदाका लागि समाप्त हुन्छ । जस्तो हाम्रो जन्म पृथ्वीमा भयो । हामीलाई कसको घरमा छोरा वा छोरीको रूपमा जन्म लिने हो थाहा हुँदैन । फेरि हामीलाई हाम्रो विवाह संयोग कोसँग हुन्छ त्यो पनि थाहा थिएन । हाम्रो घरमा छोरा वा छोरी के जन्मन्छ, त्यो पनि थाहा थिएन । यो सबै पूर्व जन्मको संस्कारवश भइ रहेको हो। आपसमा कत्ति प्रेम तथा आफ्नोपनको सम्बन्ध बन्यो । सदा सँगै रहने इच्छा रहन्छ । कोही नमरोस् भन्ने कामना गर्छन् । यस काल ब्रह्मको लोकमा कोही सदाका लागि रहँदैन । एक एक गरी अघि वा पछि सबै मर्दै जान्छन् । जीवनभर जम्मा गरेको सम्पत्ति यहीं रहन्छ । जीव खाली हात जान्छ । तर जसले पूर्ण सन्तबाट सच्चा नामको दीक्षा लिएर साधना गर्दछ, ऊ सतलोक जान्छ । त्यहाँ पनि पृथ्वीमा भए जस्तै जन्म हुन्छ । त्यसैगरी परिवार बन्छ । त्यहाँ कुनै काम गर्नु पर्दैन । सारा खाद्य पदार्थ सत्यलोकमा प्रचुर मात्रामा छ । सदावहार बोट-बिरूवा, फूलबारी, मेवा (काजु, किशमिश, मुनक्का आदि) दूधका समुन्द्र (क्षीर समुद्र) छन् । सतलोकमा वृद्ध

अवस्था छैन । मृत्यु पनि छैन । यसलाई अक्षय मोक्ष भनिन्छ, पूर्ण मुक्ति भनिन्छ, जुन गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा भनिएको छ, तथा जुन सिद्धि मोक्ष शक्तिलाई "नैर्ष्कम्य" सिद्धि भनिएको छ, यसको वर्णन गीता अध्याय ३ श्लोक ४ एवं अध्याय १८ श्लोक ४९ देखि ६२ मा छ । यस काल ब्रह्म अर्थात् ज्योति निरञ्जनको एक्काईस ब्रह्माण्डहरूको क्षेत्रमा सम्पूर्ण प्राणीहरू कर्म गरेर नै आहार प्राप्त गर्दछन् । सत्यलोकमा यस्तो छैन । त्यहाँ काम नगरिकन नै सम्पूर्ण सुख पदार्थ प्राप्त हुन्छ । जस्तो बगैंचामा फलले भरिभराउ वृक्ष तथा लहरा हुन्छन् । फल टिप र खाऊ । सबै खाले अन्न पनि यसरी नै उम्रेका हुन्छन् । सदाबहार छ । जे इच्छा लाग्छ, पकाऊ र खाऊ । त्यहाँ खाना पकाउनु पर्दैन । आफूलाई खान मन लागेको कुरा भोजनालयमा राख, आफै तयार हुन्छ । यो सबै परमेश्वरको शक्तिले हुन्छ । त्यो सतलोक (शाश्वत स्थान) प्राप्त गर्नका लागि तपाईं सती तथा शूरमा समान समर्पित हुनु पर्छ । भावार्थः- आफ्नो उद्देश्य अर्थात् पूर्ण मोक्ष प्राप्तिको लक्ष्य प्राप्त गर्नका लागि संसारका सम्पूर्ण लोभ-लाभ त्याग्नु पर्‍यो भने पनि विचार गरि रहनु पर्ने आवश्यकता नै छैन । तत्काल छोड र आफ्नो स्मरण ध्यानमा मग्न होऊ । यदि सतगुरूको शरण ग्रहण गरेनौ भने अन्तिम समयमा भक्तिहीन प्राणीको कण्ठ यमदूतले बन्द गरि दिन्छन् । ती यमदूतको चङ्गुलबाट परिवारको कुनै पनि व्यक्तिले छुटाउन सक्दैन । केवल सतगुरू जीले त्यस आपत्तिको समयमा सहायता गर्नु हुन्छ । त्यसैले परमेश्वर कबीर जीले भन्नु भएको छः-

अंत समय जम दूत गला दबावैं । ता समय कहो कौन छुड़ावै ।।
सतगुरु एक छुड़ावन हारा । निश्चय कर मानहु कहा हमारा ।।

यदि कुनै भक्तले ज्ञान बुझेर दीक्षा लिई अन्य सोझा-साझा तथा बाटो विराएका जीवहरूलाई ज्ञान चर्चा गरी सत्यज्ञान प्रचारद्वारा सतगुरूको शरणमा ल्याई दीक्षा दिलाउँछ भने उसले एउटा जीवलाई सत्य भक्ति मार्ग बताएर गुरूबाट दीक्षा दिलाए वापत कसाइबाट एक करोड गाई बचाउँदा पाउने बराबरको पुण्य प्राप्त गर्दछ । एक मानवको जीवन यत्ति बहुमूल्य तथा यत्ति नै पुण्यले प्राप्त हुन्छ । यदि कुनै मूर्ख प्रचारक मान-बडाइको बशमा परेर स्वयम् दीक्षा दिन्छ, स्वयम् गुरू बनेर बस्छ भने त्यो महा अपराधी हुन्छ । त्यससँग परमेश्वर रिसाउनु हुन्छ तथा कालले उसको कान समातेर कसाइले खसी-बाख्रालाई घिसारेर लगे जसरी घिसारेर लैजान्छ । कबीर सागरको अध्याय "अम्बुसागर" पृष्ठ ४८ मा प्रमाण छः

तब देखा दूतन कहं जाई । चौरासी तहां कुण्ड बनाई ।।
कुण्ड–कुण्ड बैठे यमदूता । देत जीवन कहं कष्ट बहुता ।।
तहां जाय हम ठाड (खड़े) रहावा । देखत जीव विनय बहुत लावा ।।
"झूठा कड़िहार (नकली सतगुरु) को दशा"
पड़ै मार जीव करें बहु शोरा । बाँध–बाँध कुंडन में बोरा ।।

लाख अठाइस पड़े कड़िहारा । बहुत कष्ट तहां करत पुकारा ॥
हम भूले स्वार्थ संगी । अब हमरे नाहीं अर्धंगी ॥
हम तो जरत हैं अग्नि मंझारा । अंग अंग सब जरत हमारा ॥
कौन पुरुष अब राखे भाई । करत गुहार चक्षु ढल जाई ॥
"ज्ञानी (कबीर जी) वचन"
करुणा देख दया दिल आवा । अरे दूत त्रास भास दिखावा ॥

**यो वाणी बनावटी हो, वास्तविक वाणी तल छ ।**

दुर्दशा देख दया दिल आवा । अरे दूत तुम जीवन भ्रमावा ॥
जीव तो अचेत अज्ञाना । वाको काल जाल तुम बंधाना ॥
चौरासी दूतन कहं बांधा । शब्द डोर चौदह यम सांधा ॥
तब हम सबहन कहँ मारा । तुम हो जालिम बटपारा ॥
हमरे भगतन को तुम भ्रमावा । पल पल सुरति जीवन डिगावा ॥
गहि चोटि दूत घसियाए । यम रु दूत विनय तब लाए ॥

**"दूत (जो नकली कडिहार बनेका थिए) वचन"**

चुक हमारी छमा कर दीजै । मन माने तस आज्ञा कीजै ॥
हम तो धनी (काल) कहयो जस कीन्हा । सो वचन मान हम लीन्हा ॥
अब नहीं जीव तुम्हारा भ्रमावैं । हम नहीं कबहू गुरु कहावैं ॥

**"ज्ञानी (कबीर जी) वचन"**

सुन ज्ञानी बहुते हंसाई । दूतन दुष्ट बंध न छोड़ो जाई ॥
पल इक जीवन सुख दीना । तब संसार गमन हम कीन्हा ॥

**भावार्थः- कबीर परमेश्वर जीले भन्नु भयो– जो झूठा सतगुरू बनेर मान-बडाइको वशमा परी काल प्रेरणाले भोला-भाला जीवलाई भ्रमित तुल्याउँथे, तिनलाई पनि दण्ड प्राप्त हुन्छ । तिनलाई पनि नर्कमा हालेर यातना दिइन्छ । त्यसबेला तिनका शिष्यहरू पनि त्यहीं नर्कमा थिए । म त्यस नर्कको नजिकमा गएँ, जहाँ ती मान-बडाइका भोका नक्कली तारणहार (संसारबाट तार्ने अर्थात् सतगुरू) बनेर महिमा बनाई लाखौं जीवलाई शिष्य बनाएर नर्कमा लगे र परमेश्वरको विधान अनुसार ती पनि अपराधी भएकाले नर्कमा परेका थिए । त्यस नर्क क्षेत्रमा कुण्ड बनेको छ । प्रत्येक कुण्डमा जीव छन् र यमदूतले तिनलाई सताइ रहेका छन् । ती अठ्ठाईस लाख नक्कली सतगुरूहरूले मलाई देखेपछि हामीलाई बचाउनु होस् प्रभु भन्दै प्रार्थना गरे । यसको कारण के थियो भने जुन यमदूतहरूले उनीहरूलाई नर्कमा कुटपिट गरि रहेका थिए, ती सब परमेश्वर कबीर जीको शक्तिका सामुन्नेमा काम्न थालेका थिए । यसकारणले ती नक्कली सत गुरूहरूलाई यी कोही परम शक्ति भएका देव हुन् भन्ने लाग्यो । परमेश्वर कबीर जीले भन्नु भयो– तिमीहरूले भोला-भाला जीवहरूलाई भ्रमित तुल्यायौ । आफैले आफूलाई पूर्णगुरू सिद्ध गऱ्यौ । तिमीहरूलाई**

नाम दीक्षाको अधिकार छैन भन्ने कुरा थाहा थियो । तिमीहरूलाई पूर्ण मोक्षको ज्ञान थिएन् । आफ्नो स्वार्थवश लाखौं मानिसहरूको अनमोल जीवन नाश गरि दियौ । ती कालको जालमा फँसि रहे । अनि मैले ती दूतहरू (कालले बनाएका सतगुरू) तथा अन्य यमदूतहरूलाई कुटें, कपाल समातेर घिसारें । अनि नक्कली सतगुरूहरूले भने– हामीले त आफ्ना धनी अर्थात् मालिक काल ब्रह्मको आज्ञा पालन गरेका हौं । अब हजुरले जसो भन्नु हुन्छ, त्यसै गर्छौं । मैले भनें– अब तिमीहरूलाई छोडिने छैन । ती नक्कली गुरूहरूको शिष्य बनेर आफ्नो जीवन नष्ट पारेका जीवहरू पनि त्यही उनीहरूको साथमा नर्कमा थिए । म (कबीर परमेश्वर जी) त्यहाँ रहुन्जेल सम्म ती जीवहरूलाई नर्कको कष्ट भएन । यसरी तिनलाई केही समयको सुख दिएर त्यहाँबाट हिंडेर संसारमा आएँ । म आएपछि ती नक्कली गुरूहरू तथा तिनका बुद्धु शिष्यहरूलाई फेरि नर्कको यातना दिन प्रारम्भ भयो । त्यसैले पूर्वोक्त वाणीमा भनिएको छ– यदि कुनै प्रचारक स्वयम् गुरू बनेर बस्छ भने परमेश्वर रूष्ट हुन्छन् र कालले कान बटार्छ अर्थात् कष्ट दिन्छ । त्यसैले हे सज्जन पुरूष । कहिल्यै यस्तो गल्ती नगर्नु । मेरा वचनलाई प्रमाणिक मान्नू ।

## भक्तको स्वभाव कस्तो हुनु पर्छ ?

(अनुराग सागरको पृष्ठ ६ बाट वाणी नं. ७ देखि १७)

**धर्मदास वचन**

मृतक भाव प्रभु कहो बुझाई । जाते मनकी तपनि नसाई ।।
केहि विधि मृतक हो यह जीवन । कहो विलोय नाथ अमृतधन ।।

**कबीर वचन–मृतक को दृष्टांत (उदाहरण)**

धर्मदास यह कठिन कहानी । गुरुगम ते कोई विरले जानी ।।

**भृंगीको दृष्टांत (उदाहरण)**

मृतक होय के खोजहिं संता । शब्द विचारि गहैं मगु अन्ता ।।
जैसे भृंग कीट के पासा । कीट गहो भृंग शब्द की आशा ।।
शब्द घातकर महितिहि महैं डारे । भृंगी शब्द कीट जो धारे ।।
तब लैगौ भृंगी निज गेहा । स्वाती देह कीन्हो समदेहा ।।
भृंगी शब्द कीट जो माना । वरण फेर आपन करजाना ।।
बिरला कीट जो होय सुखदाई । प्रथम अवाज गहे चितलाई ।।
कोइ दूजे कोइ तीजे मानै । तन मन रहित शब्द हित जानै ।।
भृंगी शब्द कीट ना गहई । तौ पुनि कीट आसरे रहई ।।
एक दिन कीट गहेसी भृंग भाषा । वरण बदलै पूरवै आशा ।।

### "मृतकको अरू दृष्टांत"

### (अनुराग सागर को पृष्ठ ७ वाणी नं. ७बाट २०)

सुनहु संत यह मृतक सुभाऊ । बिरला जीव पीव मग धाऊ ॥
औरै सुनहु मृतक का भेवा । मृतक होय सतगुरु पद सेवा ॥
मृतक छोह तजै शब्द उरधारे । छोह तजै तो जीव उबारे ॥

### पृथ्वीको दृष्टांत

जस पृथ्वी के गंजन होई । चित अनुमान गहे गुण सोई ॥
कोई चन्दन कोई विष्टा डारे । कोई कोई कृषि अनुसारे ॥
गुण औगुण तिन समकर जाना । तज विरोध अधिक सुखमाना ॥

### ऊखु को दृष्टांत

औरो मृतक भाव सुनि लेहू । निरखि परखि गुरु मगु पगु देहू ॥
जैसे ईख किसान उगावै । रती रती कर देह कटावे ॥
कोल्हू महँ पुनि ताही पिरावै । पुनि कड़ाह में खूब उँटावे ॥
निज तनु दाहे गुड़ तब होई । बहुरि ताव दे खांड विलोई ॥
ताहू मांहि ताव पुनि दीन्हा । चीनी तबै कहावन लीन्हा ॥
चीनी होय बहुरित तन जारा । ताते मिसरी है अनुसारा ॥
मिसरीते जब कंद कहावा । कहे कबीर सबके मन भावा ॥
यही विधिते जो शिष करही । गुरु कृपा सहजे भव तरई ॥

**भावार्थः- अनुराग सागर पृष्ठ ६ मा लेखिएको पङ्ति नं. ७ देखि १७ सम्मको भावार्थः धनी धर्मदास जीले परमेश्वर कबीर जीसँग विनयपूर्वक प्रश्न गरे– हे प्रभु ! मलाई मृतकको स्वभाव कस्तो हुन्छ सम्झाउनु होस् । कसरी जीवितै मरिन्छ । हे अमर परमात्मा । हे स्वामी ! कृपया बिलोय अर्थात् निष्कर्ष निकालेर त्यो अमृत धन अर्थात् अमर हुने मार्ग बताउनु होस् ।**

### "परमेश्वर कबीर वचन =मृतकको दृष्टान्त"

**परमेश्वर कबीर जीले भन्नु भयो– हे धर्मदास ! जुन प्रश्न तिमीले गऱ्यौ, यसको कथा प्रसङ्ग जटिल छ । सतगुरूको शरणमा गएको ज्ञानको इच्छुकले मात्र यसलाई बुझ्दछ र खरो रूपमा उत्रन्छ ।**

### भृङ्गीको दृष्टान्त

**सन्त-साधकजन जिउँदै मरेतुल्य भएर परमात्मालाई खोज्दछन् । शब्द विचार अर्थात् यथार्थ नाम मन्त्रहरू बुझी विचार गरी त्यस मार्गको अन्त अर्थात् अन्तिम छेउसम्म पुग्दछन् अर्थात् पूर्ण मोक्ष प्राप्त गर्दछन् ।**

जस्तो एउटा भृङ्ग (नीलो प्वाँख भएको किरा) हुन्छ । यसलाई भमरा पनि भनिन्छ । यो इन्जनहारी आदि-आदि नामले पनि चिनिन्छ । यसले भीं भीं आवाज निकाल्दछ । यसले आफ्नो परिवार नर-मादाको मिलन विधि अनुसार उत्पन्न गर्दैन । यो किरा एउटा विशेष किराको छेउमा जान्छ । त्यसको छेउमा गएर आफ्नो भीं भींको आवाज निकाल्छ । जुन किरा उसको आवाजहरूबाट प्रभावित हुन्छ, त्यसलाई उठाएर पहिले नै तयार गरिएको माटोको घरमा लैजान्छ । त्यो घर गोलाकारको दुई इन्च परिधि भएको हुन्छ । त्यसमा एउटा वा दुईवटा मुख हुन्छ र यो माटोको लेपले बनेको हुन्छ । फेरि दोस्रो-तेस्रो किरा लैजान्छ ।अनि तिनीहरू माथि आफ्नो भीं भीं को आवाज लगाइ रहन्छ । त्यसपछि शितल जल आफ्नो मुखले ल्याएर ती किराहरूको मुखमा हाल्दछ । त्यस भृङ्गीको बारम्बारको आवाज सुनेर त्यो किरा त्यही रङ्को हुन्छ र त्यसैगरी प्वाँख निस्कन्छन् । त्यसले आवाज पनि त्यही भृङ्गीको जस्तै निकाल्छ र भृङ्गी नै बन्छ । यसैगरी पूर्ण सन्तले आफ्नो ज्ञान भृङ्गीको जसरी बारम्बार भनेर सामान्य व्यक्तिलाई पनि भक्त बनाइ दिन्छन् । अनि त्यस भक्तले पनि सतगुरूबाट सुनेको ज्ञान अरूलाई सुनाउन थाल्दछ । संसारका रीतिरिवाजहरू त्याग्नाले अरू मानिसहरूले यसको रङग्-ढङ्ग बदलिएको छ, यो त भक्त बन्यो भन्छन् । जस्तो भृङ्गी किराले आफ्नो आवाज सुनाउँदा कुनै सिघ्र सक्रिय हुन्छ भने कुनैले दोस्रो पटकमा त कुनैले तेस्रो पटकमा मान्दछ । त्यसैगरी जब सतगुरूले केही व्यक्तिहरूलाई आफ्नो सत्सङ्ग सुनाउँदा कुनै असल संस्कार भएकाले सिघ्र मान्दछ, कसैले अरू एक-दुई पटक सत्सङ्ग सुनेपछि मार्ग ग्रहण गर्दछ, दीक्षा लिन्छ । केही किरा यस्ता हुन्छन्, जसले कैयौं दिन पश्चात् आफ्नो स्वभाव बदल्दछन् । यदि त्यो किरा भृङ्गी बनेको छैन र त्यस भृङ्गी किराको शरणमा रहि रहेको छ भने एक दिन अवश्य परिवर्तन हुने छ । परमेश्वर कबीर जीले भन्नु भएको छ– हे धर्मदास ! यदि शिष्यले यसैगरी गुरू जीका विचारहरू सुनि रह्यो भने त्यस भृङ्गी किरा जसरी प्रभावित भएर सांसारिक भाव त्यागी भक्त बनेर हंस दशा प्राप्त गर्ने छ ।

पृष्ठ ७ बाट पङ्ति ७ देखि २० सम्मको भावार्थः

कबीर जीले भन्नु भयो– हे सन्तजन ! यो मृतकको स्वभाव सुन । यसरी बिरलै कुनै जीवले मात्र अनुशरण गर्दछ । त्यसले पीव अर्थात् परमात्मालाई प्राप्त गर्ने मग अर्थात् मार्ग प्राप्त गर्दछ । उपरोक्त भृङ्गको उदाहरणका अतिरिक्त अरू मृतकको भाव सुन अर्थात् जीवित मृतक भएर सतगुरूको पद अर्थात् पद्ति अनुसार साधना गर्दछ ।

"पृथ्वीको उदाहरण"

जस्तो पृथ्वीमा सहनशीलता हुन्छ । यसैगरी जसले पृथ्वीसँग भएको गुण ग्रहण गर्दछ, ऊ जीवित मृतक हो र त्यही सफल हुन्छ । पृथ्वीमा कसैले बिष्टा (दिशा) गर्दछ, फोहोर हाल्दछ, कसैले खेती गर्दा चिरफार गर्दछ । कसै-कसैले

धर्तीलाई पुज्दछ । पृथ्वीले गुण-अवगुण हेर्दिनन् । जसको जस्तो भावना छ, त्यसले त्यसै गर्छ । यस्तो विचार गरी धरती कुनै विरोध नगरी सुखी रहन्छिन् ।

भावार्थः- जमीन सहनशील भए जस्तै भक्त सन्तको स्वभाव हुनु पर्छ । चाहे कसैले यो के गलत गरेको भनून अर्थात् अपमान गरून्, चाहे कसैले सम्मान गरून्, आफ्नो उद्देश्यमा दृढ रहेर भक्तले सफलता प्राप्त गर्दछ ।

## उखुको दृष्टान्त

जस्तो किसानले उखु रोप्छ । त्यसबेला उखुको एक-एक फुटको टुक्रा बनाएर माटोमा गाड्छ । उखु ठूलो भएपछि कोलमा पेलिन्छ । अनि रसलाई कराहीमा राखेर आगो बाली उमालिन्छ । तब गुड बन्छ । यदि उखुको रसलाई अझ बढी आगोको राप दिइयो भने त्यो खाँड बन्छ, जुन गुड भन्दा स्वादिष्ट हुन्छ । त्यसभन्दा पनि बढी राप दिनाले चिनी बन्छ । त्यसभन्दा पनि बढी ताप दिनाले मिश्री बन्दछ । अनि मिश्रीबाट कंद बन्दछ । परमेश्वर कबीर जी भन्नु हुन्छ– हे धर्मदास ! यसरी यदि शिष्यले भक्ति मार्गमा आइ परेका कठिनाइहरू सहन्छ भने त्यत्ति नै परमात्माको प्रिय अर्थात् बहुमूल्य हुदै जान्छ ।

(८) 132 अनुरागसागर

मृतकभाव कौन धारण कर सकता है ? छन्द

मिरतक भाव है कठिन धर्मनि, लहे विरलशूरहो ॥
कादर सुनतेहि तनमन दहै,पाछे न चितवतकूरहो॥
ऐसे शिष्य आप सम्हारे, नाव सही गुरुज्ञानको ॥
लहै भेदी भेद निश्चय, जाय दीप अमानको ॥६॥

मृतक ही साधु होता है

सोरठा–मृतक हो सो साधु, सो सतगुरुको पावई॥
मेटे सकल उपाध, तासु देव आसा करें ॥ ६ ॥

साधु किसे कहते हैं

साधूमार्ग कठिन धर्मदासा । रहनी रहे सो साधु सुबासा ॥
पांचों इन्द्री सम करि राखे ।नाम अमीरसनिशिदिन चाखे॥

चक्षुर्वशीकरण

प्रथमहिं चक्षु इन्द्री कहँ साधे। गुरु गम पंथ नाम अवराधे ॥
सुन्दर रूप चक्षुकी पूजा । रूप कुरूप न भावे दूजा ॥
रूप कुरूपहिं सम करजाने । दरस विदेह सदा सुख माने ॥

श्रवणवशीकरण

इन्द्री श्रवण वचन शुभ चाहै । उत्कट वचनसुनत चित दाहै॥
बोल कुबोल दोउ सह लेखे । हृदय शुद्ध गुरुज्ञान विशेखे ॥

नासिकावशीकरण

नासिका इन्द्री बास अधीना । यहि सम राखै संत प्रवीना॥

जिह्वावशीकरण

जिभ्या इन्द्री चाहै स्वादा । खट्टा मीठा मधुर सवादा ॥
सहज भावमें जो कछु आवै । रूखा फीका नहिं बिलगावै ॥
जो कोई पंचामृत लै आवै । ताहि देख नहिं हरष चढ़ावै॥
तजे न रूखा साग अलूना । अधिक प्रेमसौ पावैं दूना ॥

अनुरागसागर 133 (९)

शिश्नवशीकरण

इन्द्री दुष्ट महा अपराधी ।कुटिलकाम होई विरलेसाधी॥
कामिनि रूप कालकी खानी । तजहु तासु सँग हो गुरुज्ञानी॥

कामवशीकरण

जबही काम उमंग तन आवै । ताहि समय जो आप जुगावै॥
शब्द विदेह सुरत लै राखे । गहिमन मौन नामरसचाखे ॥
जब निहतत्त्वमें जाय समाई । तबहीं काम रहै मुरझाई ॥

कामदेव लुटेरा है । छन्द

काम परबल अति भयंकर, महा दारुण काल हो॥
सुरदेव मुनिगणयक्षगंधर्व,सबहि कीन्ह विलास हो॥
सबहिं लूटे विरल छूटे, ज्ञान गुण निज दृढ गहे ॥
गुरुज्ञान दीप समीप सतगुरु,भेदमारग तिन लहे॥७॥

कामलुटेरेसे बचने का उपाय

सोरठा–दीपक ज्ञान प्रकाश,भवन उजेरा करि रहो॥
सतगुरुशब्द विलास,भाज चोर अँजोरा जब॥७॥

अनलपक्षिका दृष्टान्त

गुरू कृपासों साधु कहावै । अनलपच्छ ह्वै लोक सिधावै॥
धर्मदास यह परखो बानी । अनलपच्छ गम कहों बखानी॥
अनलपच्छ जो रहै अकाशा । निशि दिन रहै पवनकी आशा॥
दृष्टिभाव तिनरति विधिठानी ।यहविधिगरभ रहेतिहिजानी ॥
अंडप्रकाश कीन्ह पुनि तहवां । निराधार आलंबहिं जहवां ॥
मारग माहिं पुष्ट भो अंडा । मारग माहिं त्रिरह नौखण्डा॥
मारग माहिं चक्षु तिन पावा । मारग माहिं पंख पर भावा॥
महि ढिग आवा सुधि भइताहीं। इहां मोर आश्रम नहिं आहीं॥
सुरति सम्हार चले पुनि तहवां ।मात पिताको आश्रम जहवां॥

अनुराग सागरको पृष्ठ ८ र ९ को सारांशः साधक त्यही हो, जसले आफ्ना सम्पूर्ण इन्द्रियहरूलाई संयममा राख्दछ । जस्तो पाउँछ, त्यसैमा सन्तोष गर्दछ ।

रूपलाई देखेर त्यसप्रति आकर्षित हुँदैन । कुरूप देखेर घृणा गर्दैन । दुबैलाई दिव्य ज्ञानको नजरले हेरोस्– माथिको छाला कालो-गोरो छ, शरीर एकै खालको हाड-मासु छ, थोरै मात्र पनि रोग लाग्यो भने गल्छ, सड्छ र गनाउन थाल्छ । यसरी विवेकपूर्वक भक्ति गरोस् । यदि कसैले सम्मान गर्छ, प्रेम पूर्वक बोल्छ भने खुशी महसुस नगरोस् । यदि कसैले कुवचन भन्छ भने दुःख नमान्नू । उसको बुद्धिको स्तर त्यत्ति नै छ भन्ने बुझेर शान्त रहनू । यदि कसैले मीठो भोजन खिर, खाँड, हलुवा, पुरी खुवाउँछ भने त्यसकारणले उबाट प्रभावित नहुनू । उसलाई त्यसको कर्मको फल प्राप्त हुन्छ । यदि कसैले रूखा-सुखा भोजन खुवायो भने त्यसलाई बडो भावपूर्ण तरिकाले प्रेमपूर्वक खानु पर्छ । काम वासना (Sex) लाई महत्व नदिनू । त्यही भक्तले वास्तवमा परमेश्वर प्राप्ति गर्न सक्छ । यदि काम बासनाले सतायो भने त्यसलाई भक्ति नाम स्मरणमा लगाएर आनन्द प्राप्त गर्नु । त्यही समय काम वासना शिथिल भएर जान्छ । काम वासना नाश गर्ने तरिकाः

कबीर, परनारी को देखिये, बहन बेटी का भाव ।
कह कबीर काम नाश का, यही सहज उपाय ।।

मोक्ष प्राप्तिको अन्य भाव "अनल (अलल) पक्षीको जस्तो भाव" जस्तो एउटा अनल पक्षी (अलल पंख) आकाशमा बस्छ । यो पक्षी अहिले लोप भइ सकेको छ । यसका चारवटा खुट्टा हुन्थ्यो । अगाडिका साना र पछाडिका ठूला । यसको आकार ज्यादै ठूलो हुन्थ्यो । लामा लामा पंख हुन्थे । पूरा पक्षी अर्थात् युवा पक्षीले चारवटा हात्तिहरू एकैसाथ उठाएर आकाशमा आफ्ना परिवार कहाँ लैजान्थ्यो ।

अनल पक्षी (अलल पक्षी) माथि वायुमा बस्थे । त्यहीबाट मादा (पोथी) अनल पक्षीले अण्डा पार्थी । उसले त्यो अण्डा केराको वन भएको ठाउँमा झार्थी । केरा एक आपसमा जोडिएर बाक्लो जङ्गल बन्थ्यो । हात्तिका झुण्ड (समूह) अर्थात् सैयौं हात्तिहरू पनि केराको वनमा बस्थे किनकि हात्तिले केराको बोट खान्थे र केराकै बोटमा सुत्थे । मस्ती गर्दथे । अलल पक्षीको अण्डा वायुमण्डल हुँदै तल पृथ्वीसम्म आउँदा हावाको घर्षणले पाकेर बच्चा तयार भइ सक्थ्यो । त्यो अण्डा केराको बोटमाथि खस्थ्यो । केराका बोटहरूको सघनताका कारण अण्डा क्षतिग्रस्त हुदैनथ्यो । केवल यति गतिले केराको बोटलाई भाँचेर पृथ्वीमा झर्थ्यो कि अण्डा फुटोस् । अण्डाको आकार ज्यादै ठूलो हुन्थ्यो । त्यसको कभर (खपटा) पनि ज्यादै बलियो हुन्थ्यो । बच्चाको बचावका लागि अण्डाको खपटा र बच्चाको बीचमा लचकदार पदार्थ हुन्थ्यो, जसले पृथ्वीमा झर्दा बच्चालाई चोट लाग्नबाट बचाउँथ्यो । अनल पक्षीको बच्चा पृथ्वीमा अन्य पक्षीहरूका बच्चाहरूको साथमा रहन्थ्यो । उनीहरूसँग मिलेर उड्थ्यो, तर उसको अन्तर आत्माले यस्तो मान्थ्यो– यो मेरो घर-परिवार होइन्, मेरो परिवार त माथि छ । म माथि आफ्नो परिवार भएको ठाउँमा जानु छ । यो मेरो संसार होइन । त्यो युवा भएपछि हात्तिहरूका झुण्ड माथि झम्टिएर चारवटा हात्तिलाई पन्जाले उठाउँथ्यो र एउटा हात्तिलाई चुच्चोले च्यापेर

उड्थ्यो र आफ्नो परिवार कहाँ जान्थ्यो । साथमा उनीहरूका लागि आहार पनि लैजान्थ्यो ।

कबीर परमेश्वर जीले सटिक उदाहरण दिएर भक्तलाई मार्ग दर्शन गर्नु भएको छ– तिमी यस संसारको स्थायी बासी होइनौ । तिमीले यो संसार छोडेर जानु पर्छ । तिम्रा परिवार माथि सतलोकमा छन् । तिमी यस पृथ्वीमा झरेका हौ । तत्वज्ञान प्राप्त भक्तको मनको अवस्था त्यस अनल (अलल) पक्षीको बच्चाको जस्तो हुनु पर्छ । सतलोक जाने समय नआएसम्म सांसारिक मानिसहरूसँग मिलेर शिष्टाचार पूर्वक रहनु पर्छ । जाने बेलामा यिनीहरूमा कुनै लगाव हुनु हुदैन । आफ्नो नाम स्मरणको कमाइ तथा पुण्य धर्मको कमाइ साथमा लिएर उड्नु छ । आफ्नो परिवारको सान्निध्यमा आफ्नो निज घर सतलोकमा जानु छ ।

अनुराग सागरको पृष्ठ १५२ को सारांशः

यस पृष्ठमा परमेश्वरले शरीर भित्रका गुप्त भेद बताउनु भएको छ । यस मानव शरीरमा ७२ नाडीहरू छन् । ती मध्ये यी (ईडा, पिंगला, सुष्मणा) मुख्य हुन् । अनि एउटा अर्को विशेष नाडी छ–"बह्म रन्ध्र"

परमेश्वर कबीर जीले भन्नु भयो– धर्मदास ! मन नै ज्योति निरंजन हो । यसले जीवलाई मदारीले बाँदरलाई नचाए जसरी नचाइ राखेको छ । यस शरीरमा ५ तत्व, २५ प्रकृति र ३ गुण कालका तीन एजेन्ट छन् । जीवलाई धोकामा राख्छन् । यस शरीरमा काल निरञ्जन तथा जीव दुबैको मुख्य भूमिका छ । काल निरञ्जनले मन रूपमा सारा पाप गराउँछ । पाप जीवको शिरमा राखि दिन्छ ।

अनुराग सागरको पृष्ठ १५३ को सारांशः

कालले यस्तो धोका गरेको छ कि जीवले पमेश्वरलाई नै भुलेको छ ।

## "मनले कसरी पाप र पुण्य गराउँछ"

मन नै काल कराल हो । यसले जीवलाई नचाउँछ । राम्री स्त्रीलाई देख्दा ऊसँग भोग विलास गर्ने उमङ्ग मनमा पैदा गरि दिन्छ । स्त्रीलाई भोगेर आनन्द मन (काल निरंजन) ले लियो, पाप जीवको शिरमा राखि दियो ।

{वर्तमानमा सरकारले कडा कानुन बनाएको छ । यदि कुनै पुरूषले स्त्रीलाई बलात्कार गर्छ भने उसलाई १० वर्षको सजाय हुन्छ । यदि नाबालिकालाई बलात्कार गर्दछ भने आजीवन कारागारको सजाय हुन्छ । मनको प्रेरणाले गर्दा दुई मिनटको आनन्द प्राप्त भयो तर दुःख पहाड समान । त्यसैले पहिले नै मनलाई ज्ञानको लगाम लगाएर रोक्नु हितकारी हुन्छ ।}

अनुराग सागरको पृष्ठ १५४ को सारांश

पराया धन देखेपछि मनले त्यसलाई कब्जा गर्ने प्रेरणा जगाउँछ । चोरी गराएर जीवलाई दण्ड दिलाउँछ । परनिन्दा गर्नु, अर्काको धन कब्जा गर्नु पाप हो ।

कालले यसैगरी जीवलाई कर्महरूको बन्धनमा फँसाएर राख्दछ । सन्तको विरोध तथा गुरूद्रोह जस्तो घोर अपराध मन रूपमा रहेर कालले नै गराउँदछ ।

"निरंजन चरित्र=कालको जाल"

परमेश्वर कबीर जीले भन्नु भयो– धर्मदास ! म तिमीलाई धर्म (धर्मराय-काल) को जाल सम्झाउँछु । काल निरंजनले श्री कृष्णमा प्रवेश गरेर गीताको ज्ञान दिए । उसलाई कर्मयोग उत्तम हो भनेर युद्ध गराए । ज्ञान योगले उसलाई भ्रमित तुल्याए । अर्जुनले त पहिले नै राम्रो भाषा बोलि रहेका थिए । त्यो ज्ञान थियो । अर्जुनले भनेका थिए– युद्ध गरेर आफ्नै कुलका भाइ भतिजा, साला, ससुरा, काका, ठूलाबुवालाई मार्नु भन्दा त भिख मागेर जीवन निर्वाह गर्छू । मलाई पापबाट प्राप्त भएको राज्यको आवश्यकता छैन । उसलाई डराएर-धम्क्याएर युद्ध गर्न लगाई नर्कका भागी बनाइ दिए । ज्ञान योगको बहानामा कर्म योगमा जोड दिएर महापाप गराए ।

अनुराग सागरको पृष्ठ १५५ को सारांशः

धर्मराज जीले प्रश्न गरे– हे प्रभु ! हजुरले काल जाल सम्झाउनु भयो, अब हजुरको प्राप्तिका लागि जीवले के गर्नु पर्छ ? बताउने कृपा गर्नु होस् ।

"सतगुरू (कबीर जी) वचन"

## भक्तका १६ गुण (आभूषण)

परमेश्वर कबीर जीले भन्नु भयो– हे धर्मदास ! भवसागर अर्थात् काललोकबाट निस्कनका लागि भक्तिको शक्तिको आवश्यकता पर्दछ । परमात्मा प्राप्तिका लागि जीवमा १६ (सोह्र) लक्षण अनिवार्य छ । यसलाई आत्माको १६ (सोह्र) सिंगार (आभूषण) भनिन्छ ।

१. ज्ञान २. विवेक ३. सत्य ४.सन्तोष ५. प्रेम भाव ६. धैर्य ७. निरधोषा (धोका रहित) ८. दया ९. क्षमा १०. शील ११. निष्कर्मा १२. त्याग १३. वैराग १४. शान्ति निज धर्मा १५. भक्ति गरेर निज जीव उबारै १६. मित्र सम सबको चित्त धारै ।

भावार्थः- परमात्मा प्राप्तिका लागि भक्तमा केही विशेष लक्षण हुनु पर्छ, यी १६ आभूषण अनिवार्य छ ।

१. तत्वज्ञान २. विवेक ३. सत्य भाषण ४. परमात्माले दिएको जत्तिमा सन्तोष गर्नु र त्यसलाई परमात्माको इच्छा ठान्नु ५. प्रेम भावले भक्ति गर्नु तथा अरूसँग पनि मृदु भाषामा कुरा गर्नु ६. धैय धारण गर्नु, सतगुरूले दिनु भएको ज्ञानको सफलताका लागि हौसला राख्नु, फल चाडै पाउने इच्छा नराख्नु, ७. कसैसँग धोका (विश्वासघात) नगर्नु , ८. दयाभाव राख्नु ९. भक्त तथा सन्तको आभूषण क्षमा पनि हो, शत्रुलाई पनि क्षमा गरि दिनु १०. शिल स्वभाव हुनु पर्छ । ११. भक्ति निष्काम भावले गर्नु, सांसारिक लाभ प्राप्तिको उद्देश्यले होइन । १२. त्यागको भावना हुनु

अनिवार्य छ । १३. बैराग्य हुनु पर्छ । संसारलाई सारहीन तथा आफ्नो जीवनलाई अस्थायी ठानेर परमात्माप्रति विशेष लगाव हुनु मोक्षका लागि अति आवश्यक छ । १४. शान्ति पनि भक्तको विशेष गुण हो, यो पनि अनिवार्य छ । १५. भक्ति गर्नु अर्थात् भक्ति गरेर आफ्नो जीवको कल्याण गराउनु १६. प्रत्येक व्यक्तिसँग मित्र समान व्यवहार गर्नु पर्छ ।

उपरोक्त गुण भए पश्चात् सतलोक जान सकिन्छ । यिनका अतिरिक्त गुरूको सेवा, गुरू पद्धतिमा विश्वास राख्नु पर्छ । परमात्माको भक्ति र सन्त समागम गर्नु अनिवार्य छ ।

अनुराग सागरको पृष्ठ १५६ र १५७ को सारांशः

यी पृष्ठहरूमा पनि यिनै ज्ञान छन्– विषय-विकार त्याग्नु पर्छ, तब मात्र भक्ति सफल हुन्छ ।

अनुराग सागरको पृष्ठ १५८ र १५९ को सारांशः

परमेश्वरले भन्नु भएको छ– उपदेशीले १५ औं दिनमा कुनै धार्मिक अनुष्ठान अर्थात् पाठ गराउनु पर्छ । यदि १५ दिनमा गराउनु सकेन भने १ महिनामा अवश्य गराउनु पर्छ । निर्धनका लागि यसो भनिएको छ– यदि कोही रंक (गरीब) छ भने वर्षमा २ पटक वा वर्षमा एक पटक अवश्य गराउनु पर्छ । यदि वर्षमा पनि गराएन भने त्यो भक्त साकट (भक्ति भाव हीन) कहलाउँछ । एक वर्षमा पाठ गरायो भने उसको जीवको मोक्षमा धोका हुदैन । कबीर नाम श्रद्धापूर्वक जप्नु पर्छ अर्थात् गर्वका साथ कबीर जीको नाम लिनु पर्छ । यो पनि कुनै परमात्माको नाम हो ? भनेर नाम लिन शरम नमान्नू । यस्तो भन्नेसँग नडराउनु र यसका साथै तिम्रो (धर्मदासको) नाम पनि आदरपूर्वक लिऊन ।

भावार्थः- आदरणीय धर्मदास जीसँग परमात्मा रहनु भयो । उनलाई सत्यलोक लैजानु भयो । आफ्नो यथार्थ परिचय दिनु भयो । धर्मदास जीले आफ्नै आँखाले देखेका र परमेश्वरबाट आफ्नै कानले सुनेका आध्यात्मिक ज्ञान कबीर सागर, कबीर बानी, कबीर बीजक, कबीर शब्दावली लेखेर मानव समाजमाथि महान उपकार गर्नु भएको छ । त्यसैले उहाँको महिमा पनि गर्नु पर्छ ।

भक्तले भक्ति साधना तथा मर्यादाको पालन अन्तिम श्वाससम्म गर्नु पर्छ । जस्तो शूरवीर युद्धको मैदानमा या त मार्छ वा स्वयम् वीरगति प्राप्त गर्छ । उसले कदम पछाडि हटाउँदैन । सन्त तथा भक्तको रणक्षेत्र भक्ति मन्त्र जाप तथा मर्यादा हो । जुन शिष्य गुरूबाट विमुख हुन्छ र नाम खण्डित गर्दछ भने गुरूमा केही दोष निकाल्नु स्वभाविक नै हो । यस कारणले ऊ नर्कको अग्नि कुण्डमा गिर्छ । यदि गुरू विमुख भएर भक्ति छोड्दछ भने उसको पनि धेरै हानी हुन्छ ।

उदाहरणः- जस्तो इन्भर्टरलाई चार्जमा लगाइएको छ, त्यो चार्ज भइ रहेको छ । यदि बीचमै चार्जर निकालि दियो भने त्यो इन्भर्टरले जत्ति चार्ज भएको छ, त्यत्ति नै समय लाभ दिन्छ । अनि अचानक सारा सुविधा समाप्त हुन्छ । त्यस

शिष्यको अवस्था यस्तै हुन्छ भन्ने बुझ्नु पर्छ । गुरू शरणमा रहेर मर्यादामा रही जत्ति दिन भक्ति गऱ्यो त्यो शक्ति आत्मामा जम्मा हुन्छ र त्यत्ति नै आत्मा चार्ज हुन्छ । जुन दिन गुरू जीबाट विमुख भयो, त्यसै दिनबाट भक्तिको शक्ति आउन बन्द हुन्छ । यदि गुरू विमुख (गुरूसँग विरोध गरेर गुरू त्याग्नु) भएर पनि उनै गुरूद्वारा बताइएको साधना मन्त्र जाप आदि गर्दछ भने कुनै लाभ हुदैन । जस्तो बिजुलीको कनेक्शन काटिएपछि पङ्खा, मोटर, बल्बको स्वीच थिचिरहे पनि न पङ्खा चल्छ, न बत्ति नै बल्छ । यही अवस्था गुरू विमुख साधकको हुन्छ । अनि नर्कको भागी बन्छ । कबीर परमेश्वर जीले भन्नु भएको छः-

कबीर, मानुष जन्म पाकर खोवै, सतगुरु विमुखा युग-युग रोवै ।
कबीर, गुरु विमुख जीव कतहु न बचै । अग्नि कुण्ड में जर-बर नाचै ॥
कोटि जन्म विषधर को पावै । विष ज्वाला सही जन्म गमावै ॥
बिष्टा (टट्टी) मांही क्रमि जन्म धरई । कोटि जन्म नरक ही परही ॥

भावार्थः- गुरूलाई त्याग्ने जीव कसै गरे पनि बच्दैन । नर्कमा अग्निका कुण्डहरूमा उमालिन्छ र कष्ट भोग्दछ । त्यहाँ आगोमा पीडाले नाच्ने छ अर्थात् उफ्री-उफ्री आगोमा झर्ने छ ।

अनि करोडौं जन्म विषधर (सर्प) जुनी (शरीर) पाउने छ । सर्पलाई आफूभित्र भएको विषको गर्मीले धेरै सताउँछ । गर्मीको मौसममा सर्प त्यस विषको उष्णताबाट बच्नका लागि शितलता प्राप्त गर्न चन्दनको वृक्षमा  बेरिएर बस्छ । फेरि त्यही गुरू विमुख अर्थात् गुरूद्रोही विष्टा (दिशा) मा किराको जन्म प्राप्त गर्छ । यसरी गुरूबाट टाढा भएको प्राणीले महाकष्ट उठाउँदछ । यदि गुरू नक्कली छ भने उसलाई त्यागेर पूर्ण गुरूको शरणमा जानाले कुनै पाप लाग्दैन ।

कबीर गुरु दयाल तो पुरुष दयाल । जेहि गुरु व्रत छुए नहीं काल ॥

भावार्थः- हे धर्मदास ! यदि गुरू शिष्यप्रति दयालु छन् अर्थात् गुरूको दिलमा शिष्यको राम्रो छवि छ, मर्यादामा रहन्छ भने परमात्मा पनि त्यस भक्तसँग प्रसन्न हुन्छन् । अन्यथा उपरोक्त कष्ट शिष्यले भोग्नु पर्छ ।

पृष्ठ १६० को सारांश

यस पृष्ठमा केही गुरू महिमा छ तथा कोयल (कोइली) को चाणक्य नीतिको ज्ञान छ ।

## "कालको जीवले सतगुरूको ज्ञान मान्दैन"

'कोइली-काग' उदाहरणः- कोइलीले कहिल्यै आफ्नो छुट्टै गुँड बनाएर अण्डा-बच्चा कोरल्दैन किनकि कोइलीको अण्डालाई कागले खान्छ । त्यसैले

कोइलीलाई आफ्नो अण्डाको हानी नहुने नीति याद आयो । कोइलीले अण्डा पार्दा काग (Female crow) ले कहाँ गुँड बनाएर अण्डा पारेको छ भन्ने कुरा ख्याल गर्दछे । काग खाने कुरा खोज्न पर गएको बेलामा कोइलीले कागको त्यस गुँडमा अण्डा पार्छे र पर कुनै रूखमा वा छेउछाउमा बस्छे । काग फर्केर आएपछि उसले दुईवटा अण्डाको ठाउँमा चारवटा देख्छे । उसले आफ्नो र अर्काको अण्डा छुट्याउन सक्दैन । त्यसैले चारवटै अण्डालाई पोषण गरेर बच्चा निकाल्छे । कोइली पनि आसपासमा नै रहन्छ । अब कोइलीले पनि आफ्नो बच्चा चिन्दिन किनकि सबै बच्चा एउटै रङ (कालो) का हुन्छन् । बच्चा उड्ने बेला भएपछि कोइली नजिकको रूखमा बसेर कुहु-कुहुको आवाज निकाल्न थाल्छे । कोइलीको आवाजले कोइलीको बच्चालाई प्रभावित पार्दछर कागका बच्चा आफ्नै तालमा मस्त हुन्छन् । कुहु-कुहुको आवाज सुनेर कोइलीको बच्चा कोइली भएतिर जान्छन् । कोइली कुहु-कुहुको आवाज निकाल्दै टाढा जान्छे,साथमा कोइलीको बच्चाहरू आवाजबाट प्रभावित भएर कोइलीको पछि पछि टाढा जान्छन् । काग पछि पछि बच्चालाई फर्काउन गएकी हुन्छे, तर बच्चा नफर्केपछि कागले विचार गर्छे– यी त गए, गए, गुँडमा भएकालाई सम्हाल्नु पर्छ, कहीं अरू पक्षीले हानी न पुऱ्याउन् । यो विचार गरी काग फर्केन्छे । यसरी कोइलीको बच्चा आफ्नो कुल, परिवारमा मिसिन्छ । परमेश्वर कबीर जीले धर्मदास जीलाई सम्झाउनु भएको छ– हे धर्मदास ! तिम्रो पुत्र नारायण दास काग अर्थात् कालको बच्चा हो । त्यसमा मेरो प्रवचनको प्रभाव परेन । तिमी दयालु (करूणामय सत्यपुरूष) का अंश हौ । तिमीमाथि मेरा प्रत्येक वाणीको प्रभाव पऱ्यो र तिमी तानिएर आयौ । कालको अंश नारायण दास माथि कुनै प्रभाव परेन । यही कहानी प्रत्येक परिवारमा घटित हुन्छ । कुनै जन्ममा सतगुरू कबीर जीको कबीर पन्थमा दीक्षित तर मुक्त हुन नसकेको पूर्व जन्मको भक्ति संस्कारी अर्थात् अंकुरी हंस कुनै परिवारमा जन्मेको छ भने सतगुरू कबीर जीको वाणी सुन्नासाथ तडप जाग्छ । आकर्षित भएर दीक्षा प्राप्त गरी शिष्य बनेर आफ्नो कल्याण गराउँछ । त्यही परिवारमा केही यस्ता पनि हुन्छन्, जो कत्ति गर्दा पनि मान्दैनन् । अन्य दीक्षित सदस्यहरूको विरोध गर्छन् तथा मजाक उडाउँछन् । ती कालका अंश हुन् । तिनीहरू पनि नारायण दासको जस्तै कालका दूतहरूद्वारा प्रचलित साधना नै गर्छन् ।

पृष्ठ १६१ अनुराग सागरको अंशः

कबीर परमात्माले भन्नु भयो– हे धर्मदास ! जसरी शूरवीर तथा कोइलीका बच्चा हिंडेपछि पछाडि फर्कदैन, त्यसैगरी कोही मेरो शरणमा त्यसरी नै दौडेर, सारा बाधाहरू तोडेर परिवारको मोह छोडेर आउँछ अर्थात् बिलीन हुन्छ भने उसको एक सय एक पीढि पार गरि दिन्छु ।

कबीर, भक्त बीज होय जो हंसा तारुं तास के एकोतर बंशा ।।
कबीर, कोयल सुत जैसे शूरा होई । यही विधि धाय मिलै मोहे कोई ।।
निज घर की सुरति करै जो हंसा । तारों तास के एकोतर बंशा ।।

## हंस (भक्त) को लक्षण

कागको जस्तो फोहोर वृत्ति त्याग्यो भने त्यो हंस अर्थात् भक्त बन्दछ । कागले निज स्वार्थ पूर्ति गर्नका लागि अर्काको अहित गर्दछ । कुनै पशुको शरीरमा घाउ भयो भने कागले त्यो घाउ लुछी-लुछी मासु खान्छ, पशुको आँखाबाट आँशु झरि रहन्छ । कागको आवाज पनि अप्रिय हुन्छ । हंसले आफ्नो कागको जस्तो स्वभाव त्याग्नु पर्छ । निजको स्वार्थवश कसैलाई कष्ट दिनु हुन्न । कोइलीको जस्तो मृदु भाषा बोल्नु पर्छ । भक्तका लक्षण यस्ता हुन्छन् ।

## ज्ञानी अर्थात् सत्सङ्गीको लक्षण

सतगुरूको ज्ञान तथा दीक्षा प्राप्त गरेर यदि शिष्य जगतभावमा चल्छ भने ती मूर्ख हुन् । तीभक्ति लाभबाट वञ्चित रहन्छन् । ती भक्तिमा अगाडि बढन् सक्दैनन् । ती सार शब्द प्राप्ति गर्न योग्य बन्न सक्दैनन् । यदि अन्धाको पाइला विष्टा वा गोबरमा पर्‍यो भने कसैले उसलाई मजाक बनाउँदैन । कसैले उसलाई हाँसोमा उडाउँदैन । यदि आँखा भएको मान्छे अर्थात् भक्त कुठाउँ (परनारी गमन, चोरी गर्नु, मर्यादा तोडनु निषेधित वस्तु तथा साधनको प्रयोग गर्नुलाई कुठाउँ भनिन्छ ।) मा गयो भने निन्दाको पात्र बन्छ ।

अनुराग सागरको पृष्ठ १६२ तथा १६३ को सारांशः

## "भक्त परमार्थी हुनु पर्छ"

जस्तो गाई स्वयम् जङ्गल तथा खेतमा गई घाँस खाएर आउँछे । पानी स्वयम् पिउँछे । मानवलाई अमृत तुल्य दूध खुवाउँछे । उसको दूधबाट घिउ बन्छ । गाईको बच्चा (बाच्छो) लाई हलोमा जोतिन्छ । मान्छेको पोषण गर्दछ । गाईको गोबर पनि मान्छेका लागि काम लाग्छ । मृत्यु पश्चात् गाईको शरीरको छालाले जुत्ता बन्छ, जसले मानिसको गोडालाई काँडा-कंकरबाट रक्षा गर्दछ । मानव जन्म प्राप्त प्राणी परमार्थ नगरेर भक्तिबाट वञ्चित रही पाप कर्म गर्नमा अनमोल जीवन नष्ट गर्दछ । मांसाहारी नर राक्षस जसरी गाईलाई मारेर मासु खान्छ । महापापको भागी बन्छ । यस सम्बन्धमा परमेश्वर कबीर जीका निम्न वाणीहरू पढ्नु होसः

## "परमार्थी गाईको दृष्टांत"

गऊको जानु परमार्थ खानी । गऊ चाल गुण परखहु ज्ञानी ॥
आपन चरे तृण उद्याना । अँचवे जल दे क्षीर निदाना ॥
तासु क्षीर घृत देव अघाहीं । गौ सुत नर के पोषक आहीं ॥

विष्ठा तासु काज नर आवे । नर अघ कर्मी जन्म गमावे ।।
टीका पुरे तब गौ तन नासा । नर राक्षस गोतन लेत ग्रासा ।।
चाम तासु तन अति सुखदाई । एतिक गुण इक गोतन भाई ।।

**"परमार्थी संत लक्षण"**

गौ सम संत गहै यह बानी । तो नहिं काल करै जिवहानी ।।
नरतन लहि अस बुद्धी होई । सतगुरु मिले अमर ह्वै सोई ।।
सुनि धर्मनि परमारथ बानी । परमारथते होय न हानी ।।
पद परमारथ संत अधारा । गुरु सम लेई सो उतरे पारा ।।
सत्य शब्द को परिचय पावै । परमारथ पद लोक सिधावै ।।
सेवा करे विसारे आपा । आपाथाप अधिक संतापा ।।
यह नर अस चातुर बुद्धिमाना । गुन सुभ कर्म कहै हम ठाना ।।
ऊँचा कर्म अपने सिर लीन्हा । अवगुण कर्म पर सिर दीन्हा ।।
तात होय शुभ कर्म विनाशा । धर्मदास पद गहो विश्वासा ।।
आशा एक नामकी राखे । निज शुभकर्म प्रगट नहिं भाखे ।।
गुरुपद रहे सदा लौ लीना । जैसे जलहि न विसरत मीना ।।
गुरु के शब्द सदा लौ लावे । सत्यनाम निशदिन गुणगावे ।।
जैसे जलहि न विसरे मीना । ऐसे शब्द गहे परवीना ।।
पुरुष नामको अस परभाऊ । हंसा बहुरि न जगमहँ आऊ ।।
निश्चय जाय पुरुष के पासा । कूर्मकला परखहु धर्मदासा ।।

**भावार्थ:- परमेश्वर कबीर जीले धर्मदास जीको माध्यमले मानव मात्रलाई सन्देश एवं निर्देश दिनु भएको छ । भन्नु भएको छ– मानिस गाई जस्तै परमार्थी हुनु पर्छ । सतगुरू प्राप्त गर्नेहरू त अमर हुने छन् । घोर पापहरूबाट जोगिने छन् । सेवा गर्दा आफ्नो महिमाको आशा गर्नु हुन्न । यदि आफू स्वयम्को मान बडाइका लागि महिमावान मान्यो भने उसलाई अझबढी कष्ट हुने छ । शुभ कर्म नष्ट हुन्छ ।**

**उपदेशीले केवल एक नामको मात्र आशा राख्नू । मान-बडाइको चाह हृदयदेखि नै त्याग्नु पर्छ । आफ्नो शुभ कर्म (दान वा अन्य सेवा) को बारेमा कसैको सामुन्नेमा बताउनु हुन्न । गुरू जीको पद (चरण) अर्थात् गुरू जीको शरणमा यसरी रहनु पर्छ, जसरी जलमा मीन (माछा) रहन्छ । माछा पानी बिना एक पल पनि अगल रहन सक्दैन । तत्काल मर्छ । यस्तै महत्व गुरू जीको शरणलाई दिनु पर्छ । गुरू जीद्वारा दिइएको शब्द अर्थात् जाप मन्त्र (सतगुरू शब्द) सत्यनाम अर्थात् वास्तविक भक्ति मन्त्रमा सदा लीन रहनू । यो पुरूष (परमात्मा) को मन्त्र हो । यसको प्रभाव तथा शक्ति यत्ति छ कि साधक पुनः फर्केर संसारमा जन्म-मरणको**

चक्रमा आउँदैन । ऊ सनातन परम धाममा जान्छ, जहाँ परम शान्ति छ । जहाँ गएपछि साधक कहिल्यै फर्केर संसारमा आउँदैन ।

यही प्रमाण श्रीमदभगवत् गीता अध्याय १८ श्लोक ६२ मा छ । गीता ज्ञानदाता भन्छन्– हे अर्जुन ! तिमी सर्व भावले ती परमेश्वरको शरणमा जाऊ उनै परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा सनातन परम धाम (शाश्वत् स्थानम्) प्राप्त गर्ने छौ । (गीता अध्याय १८ श्लोक ६२)

गीता अध्याय १५ श्लोक ४ मा गीता ज्ञानदाताले भनेका छन्– तत्वज्ञान प्राप्ति पश्चात् परमेश्वरको त्यो परमपदको खोज गर्नु पर्छ जहाँ गएपछि साधक फर्केर संसारमा कहिल्यै आउँदैन । जुन परमेश्वरले संसार रूपी वृक्षको रचना गरेका हुन्, उनैको भक्ति गर । (अध्याय १५ श्लोक ४)

गीता ज्ञानदाताले आफ्नो नाशवान अर्थात् जन्म मरणको स्थिति गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५, ९ तथा अध्याय १० श्लोक २ मा स्पष्ट रूपमा भनेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौं, म जान्दछु । पाठकवर्ग! गीता ज्ञानदाता (काल ब्रह्म जो श्री कृष्ण जीको शरीरमा प्रवेश गरेर बोलि रहेका थिए ।) नाशवान छन्, जन्म-मरणको चक्रमा छन् भने उनका उपासकको पनि यही स्थिति हुन्छ भन्ने कुरा गीताबाट स्पष्ट हुन्छ । त्यसैले गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा वर्णित लाभ प्राप्त हुन सक्दैन । अर्को कुरा यो पनि सिद्ध हुन्छ कि गीता ज्ञानदाताले अन्य कोही समर्थ तथा सर्व लाभदायक परमेश्वर छन्, जसको शरणमा जानका लागि गीता ज्ञानदाता अर्थात् काल ब्रह्मले भनेका छन् । ती परमेश्वर कबीर बन्दी छोड जी हुनु हुन्छ । उहाँले आफ्नो महिमा आफू स्वयम्ले भन्नु भएको छ, जुन तपाईंले कबीर सागरमा पढि रहनु भएको छ । परमेश्वरले अनुराग सागर पृष्ठ १३ मा भन्नु भएको छ– सत्य पुरूषद्वारा रचिएको सृष्टिको विषयमा बताइएको कथाको साक्षी कसलाई बनाऊँ? किनकि सबैको उत्पत्ति पछि भएको हो । पहिले सतपुरूष एक्लै हुनु हुन्थ्यो । यहाँ विचार गर्नु पर्ने कुरा के हो भने कबीर जीलाई ज्ञान कहाँबाट भयो ? जबकी सृष्टि रचनाको समयमा त कोही थिएनन् । यसबाट यी स्वयम् पूर्ण परमात्मा सृष्टिका सिर्जनहार हुन् भन्ने स्पष्ट हुन्छ । जो महान आत्माहरूलाई कबीर जीले भेट्नु भयो, उनीहरूले पनि यही साक्षी दिएका छन् ।

गरीब, अनन्त कोटि ब्रह्माण्ड का, एक रति नहीं भार ।
सतगुरु पुरुष कबीर हैं, कुल के सिरजनहार ।।

यस वाणीबाट नै भावार्थ स्पष्ट हुन्छ ।

"कूर्म कला परखो धर्मदासा" को भावार्थः– जस्तो कूर्म अर्थात् कछुवा आपत्को समयमा आफ्नो मुख तथा खुट्टाहरू आफू भित्रै लुकाएर निस्क्रिय हुन्छ । आपत् टर्नासाथ तुरून्त आफ्नो बाटोमा हिंड्छ । यसैगरी भक्तले पनि सांसारिक मानिसले भक्ति मार्गमा बाधा व्यवधान खडा गर्‍यो भने उसलाई उल्टो जवाफ नदिई आफ्नो भक्तिलाई लुकाएर सुरक्षित राख्नु पर्छ । सामान्य स्थिति हुनासाथ फेरि उही गतिमा साधना गर्नु पर्छ । यसरी भक्ति साधना गर्नाले "निश्चय जाय पुरुष के पासा"त्यो साधक अवश्य नै परमात्मा कहाँ जान्छ ।

अनुराग सागर पृष्ठ १६३ (२८१) माः

सोरठा :- हंस तहां सुख बिलसहीं, आनन्द धाम अमोल ।
पुरूष तनु छवि निरखहिं, हंस करें किलोल ।।

भावार्थः- उपरोक्त ज्ञानको आधारले साधना गरेर साधक अमर धाम जान्छ । त्यहाँ आनन्द भोग गर्दछ । त्यो सत्यलोक अनमोल छ । त्यहाँ सतपुरूषको शरीरको शोभा देखेर आनन्द मान्दछ ।

❖ दीक्षा लिएर नाम स्मरण गर्नु अनिवार्य छ

अध्याय "बीर सिंह बोध" पृष्ठ १२३ मा

राजा बीर सिंहकी सुन्दरदेई नामकी एउटी कान्छी रानी थिइन् । उनले पनि परमेश्वर कबीर जीबाट दीक्षा लिएकी थिइन् । उनले थुप्रै सत्सङ्ग सुनेकी थिइन् । विश्वास कम थियो । नामको कमाइ अर्थात् साधना गर्दिनथिन् । रानीको अन्तिम समय आयो । यमका दूतहरूले राजभवनमा प्रवेश गरे । अनि यमदूत रानी सुन्दरदेईको शरीरमा प्रवेश गरेर अन्तिम स्वास पर्खन थाल्यो । त्यसबेला रानी सुन्दरदेईको शरीरमा बेचैनी पैदा भयो । यमदूत देख्न थालिन् । राजाले रानीलाई के भयो भनी सोधे । रानीले भनिन्– मलाई राजपाट, महल, आभूषण केही पनि राम्रो लागि रहेको छैन । साधु भक्तहरूलाई बोलाएर परमात्माको चर्चा गराइ दिनु होस् । साधु तथा भक्तहरू आएर परमात्माको चर्चा तथा भक्ति गर्न थाले । त्यसबाट कुनै लाभ भएन । रानीको शरीरको कष्ट झन बढ्न थाल्यो । स्वास पनि आधा-आधा चल्न थाल्यो । लामो लामो स्वास आउन-जान थाल्यो । जीव भयभित भई हृदयकमल त्यागेर त्रिकुटी तर्फ भाग्यो । यमदूतहरूले चारै तिरबाट घेरे । चारै यमदूतहरूले चारैतिरबाट जीवलाई घेरेर भने– ल अब तिमी हिंड ! हरि (प्रभु) ले तिमीलाई बोलाउनु भएको छ । तब रानीको जीवलाई सत्सङ्ग वचन याद आयो । उनले यमदूतहरूलाई भनिन्– हे लुटेराहरू ! हे अत्याचारी ! तिमीहरू यहाँ कसरी आयौ ? मेरा सतगुरू मेरा मालिक हुन् । तिमीहरूले मलाई लैजान सक्दैनौ । मेरा धनी (मालिक) सतगुरूले मलाई नाम दिनु भएको हो । मेरा गुरू जी आउनु भयो भने म जान्छु । यो कुरा सुनेर यमका दूतहरूले भने– यदि तिम्रो कोही खसम (धनी) छन् भने उसलाई बोलाऊ, नत्र भने हाम्रो साथमा परमात्माको दरबारमा हिंड । जीवले भन्योः

धरनी (पृथ्वी) आकाश से नगर नियारा । तहाँ निवाजै धनी हमारा ।।
अगम शब्द जब भाखै नाऊं । तब यम जीव के निकट नहीं आऊं ।।

भावार्थः- पहिले रानीलाई सत्सङ्गमा सतगुरू जीले सुनाउनु भएको ज्ञान सत्य हो भन्ने कुरामा विश्वास लागेन । उनी सोच्ने गर्थिन्– यो केवल कहानी हो किनकि आज्ञा पाउनासाथ सारा नोकर-नोकर्नीहरू दौडेर आउँथे । इच्छा अनुसारको खाना खान्थिन् । राम्रा वस्त्र, आभूषण पहिरिन्थिन् । उनलाई सधैं यस्तै आनन्द रहि रहन्छ भन्ने लाग्थ्यो । यी सब त पूर्व जन्मको ब्याट्रीको चार्ज थियो । वर्तमानमा चार्जर (नाम) पाएर पनि चार्ज अर्थात् साधना गरिनन् । जब ब्याट्री चार्ज समाप्त हुन्छ, अनि ब्याट्री डाउन हुन्छ त्यसपछि सारा सुविधाहरू बन्द हुन्छ । अनि न पङ्खा चल्छ, न बल्ब बल्छ । स्वीच थिचि रहेपनि कुनै कार्य हुदैन । त्यसैगरी जीवको पूर्व जन्मको भक्ति रूपी धन अर्थात् चार्ज समाप्त हुन्छ अनि सारा सुविधाहरू खोसिन्छ । जीवलाई नर्कमा हालिन्छ, अनि उसलाई होस् आउँछ । त्यस बेला अवसर हातबाट निस्कि सकेको हुन्छ । केवल पश्चाताप तथा रूवाइ मात्र बाँकी रहन्छ । रानी सुन्दरदेईले सत्सङ्ग सुनेकी थिइन् । पूर्ण सतगुरूबाट दीक्षा लिएकी थिइन् तर गुरू निन्दा गर्दिनथिन् । रानीले सतगुरूको स्मरण गरिन्– हे सतगुरू ! हे मेरा मालिक ! मलाई यमदूतले घेरेका छन् । म दासीलाई छुटाउनु होस् । मैले हजुरबाट दीक्षा लिएको छु । यस्तो आपत्तिमा पनि पत्नी, छोरा-छोरी, भाइ-बहिनी, राजा-प्रजा कोही पनि सहायक हुदैनन् भन्ने कुरा आज मलाई थाहा भयो । रानीको जीवले हृदयदेखि नै सतगुरूलाई पुकारिन् । तत्काल सतगुरू कबीर जी त्यहाँ उपस्थित हुनु भयो । रानीले दौडेर सतगुरू देव जीको चरण समातिन् । तब यमदूतहरू भागेर हरि अर्थात् धर्मराज कहाँ गए र भने– उनका सतगुरू आउँदा त्यहाँ प्रकाश छायो । जीवले सत सुकृत नाम जपेकी थिइन् । उनलाई यत्ति मात्रै याद थियो । त्यसैले उनलाई यमदूतहरूबाट छुटाउनु भयो तथा पुनः जीवन बढाइ दिनु भयो । त्यसपछि रानीले हृदयदेखि नै भक्ति गरिन् । अनि सतगुरू कबीर जीले पुनः सतनाम, सारनाम दिनु भयो । रानीले त्यसको कमाइ गरिन् । संसार सारहीन लाग्न थाल्यो । राज्य, धन, परिवार पराइ देखि रहेकी थिइन् । जाने समय निकट देखि रहेकी थिइन् । यसकारण रानीले तन-मन-धन सतगुरूको चरणमा समर्पित गरेर भक्ति गरिन् र सतलोक गइन् । त्यहाँ परमेश्वर (सत्य पुरूष) ले रानीको जीवको सामुन्नेमा आफ्नै अर्को रूप सतगुरूसँग प्रश्न गरे– हे तारणहार ! मेरा जीवलाई यमदूतहरूले कसरी रोके ? सतगुरू रूपमा कबीर जीले भन्नु भयो– हे परमेश्वर ! यसले दीक्षा लिएर भक्ति गरिन । त्यसैले यसलाई यमदूतहरूले घेरेका थिए । मैले छुटाएँ । परमेश्वर कबीर जीले जीवसँग सोध्नु भयो– तिमीले किन भक्ति गरिनौ ? सतलोकमा कसरी आयौ ?

शिर झुकाएर जीवले भन्यो– पहिले मलाई विश्वास थिएन । अनि यमदूतहरूको यातना देखेपछि मलाई हजुरको याद आयो । हजुरको ज्ञान सत्य

लाग्यो । हजुरलाई पुकारें । हजुरले मेरो रक्षा गर्नु भयो । त्यसपछि मलाई पुनः जीवन दिनु भयो । त्यसपछि मैले दिलोज्यानले हजुरको भक्ति गरें । पूर्ण दीक्षा प्राप्त गरेर हजुरकै कृपा र गुरू जीको सहयोगले म यहाँ हजुरको चरणमा आउन सकेकी हूँ । सत्यलोकमा गएपछि भक्तलाई अन्य भक्तहरूकहाँ पठाइन्छ । सुन्दर अमर शरीर प्राप्त हुन्छ । धेरै ठूलो आवास महल प्राप्त हुन्छ । विमान आँगनमा खडा हुन्छ । सिद्धिहरू आदेशको पर्खाइमा हुन्छन् । तत्काल विद्युत समान सक्रिय हुन्छ । जस्तो बिजुलीको स्वीच थिच्ना साथ बिजुलीबाट चल्ने यन्त्रहरू तत्काल कार्य गर्न थाल्दछन् । यस्तै त्यहाँ वचनको स्वीच छ । आफूलाई चाहिएको चिज भन्नासाथ वस्तु वा पदार्थ उपस्थित हुन्छ । जस्तो भोजन खाने् इच्छा हुनासाथ भोजन स्थलमा गतिविधि प्रारम्भ हुन्छ, थाली-ग्लास राखिन्छन् । केही समयमा खाने इच्छा पूरा भयो भने सिद्धिद्वारा उठाएर फेरि भान्सामा राखिन्छन् । मिनट पश्चात् पुनः खाना खाने इच्छा भयो भने तत्काल व्यवस्था हुन्छ । घुम्ने इच्छा भयो भने विमानमा गतिविधि महसुस हुन्छ । विमानको नजिकमा जानासाथ द्वार खुल्छ । विमान चल्छ । जुन द्वीपमा जाने इच्छा हुन्छ, सोच्नासाथ विमान त्यतैतिर उड्छ । इच्छा गर्नासाथ ताजा ताजा फलहरू वृक्षबाट टिपेर ल्याई तिम्रा सामुमा राखि दिइने छ । यो काल लोक सत्यलोकको नक्कल हो । यहाँको जस्तै स्त्री-पुरूष परिवार छन् । सत्यलोकमा दुई तरिकाले सन्तान उत्पत्ति हुन्छ– शब्द तथा मैथुनले । त्यो हंसमा निर्भर गर्दछ । वचनबाट सन्तानोत्पत्ति हुने क्षेत्र सतपुरूषको सिंहासनको चारैतिर छ । नर नारीबाट परिवार हुने क्षेत्र त्यसपछि छ । वचनले सन्तान उत्पन्न गर्नेले केवल नर मात्र उत्पन्न गर्दछ । सत्यलोकमा वृद्वावस्था छैन । नर-नारी भएको क्षेत्रमा छोरा छोरी दुबै उत्पन्न हुन्छन् । केवल वचनले विवाह गर्दछन् । कालको लोकबाट मुक्त भएर गएको जीव त्यहाँ उत्पन्न हुने बच्चाको रूपमा जन्मन्छन् । अनि कहिल्यै मर्दैनन्, वृद्ध पनि हुदैनन् । सत्यलोकमा मुक्त भएर जाने जीवलाई सर्वप्रथम सत्यपुरूष जीको दर्शन गराइन्छ । त्यसबेला उसको पृथ्वीबाट आउँदाको जस्तै स्वरूप रहन्छ, त्यस्तै तलबाट वृद्ध जाँदा सतपुरूषको सामुन्नेमा त्यही अवस्था तथा स्वरूपमा जान्छ । उसको प्रकाश सोह्र सूर्यहरूको प्रकाश जति नै हुन्छ । त्यसपछि उसलाई सबैभन्दा भिन्न स्थानमा पठाइन्छ । त्यहाँ जानासाथ उसको स्वरूप त त्यस्तै रहन्छ, तर उसको शरीरको प्रकाश सोह्र सूर्यहरू समान हुन्छ । तर वृद्ध तलबाट गएको छ भने उसको युवा अवस्था हुन्छ । जवान छ भने जवान नै रहन्छ, बालक छ भने बालक नै रहन्छ । त्यहाँ केहीले सत्य पुरूषको वचनले स्त्री-पुरूषको शरीर प्राप्त गर्दछन् । केहीलाई सतपुरूषद्वारा बिज रूप बनाइन्छ, जसको फेरि एकपटक सतलोकमा रहेको कसैको घरमा जन्म हुन्छ, परिवार बन्छ । त्यस स्थानमा काललोक तथा अक्षरलोकबाट मुक्त भएर गएका हंसले एकपटक जन्म लिन्छन् । एकान्त स्थानमा राखिन्छ । तिनीहरूले दुबै क्षेत्रमा जन्म लिन्छन् । (वचनबाट उत्पन्न हुने तथा स्त्री-पुरूषबाट जन्म लिने क्षेत्र) स्त्री-पुरूषबाट उत्पत्तिको औसत अधिक रहन्छ । यो

औसत १०/९० हुन्छ । १० प्रतिशत वचनबाट तथा ९० प्रतिशत विवाह रीतिबाट उत्पन्न हुन्छन् ।

सत्यलोकमा स्त्री तथा पुरूषको शरीरको प्रकाश सोह्र सूर्यहरूको प्रकाश समान हुन्छ । मिनी सतलोक, मानसरोबर पहिले छ । त्यहाँ दुबैको शरीरको प्रकाश चार सूर्य समान हुन्छ । त्यसपछि अगाडि बढ्छन् । परब्रह्मको लोकमा बनेको अष्टकमलको समीपमा पुगेपछि हंस तथा हंसिनी अर्थात् नर-नारीको शरीरको प्रकाश १२ सूर्यहरूको प्रकाश समान हुन्छ । अनि सत्यलोकमा बनेको भंवर गुफामा प्रत्येकको शरीरको प्रकाश सोह्र सूर्य समान हुन्छ ।

प्रमाण कबीर सागर अध्याय "मोहम्मद बोध" पृष्ठ २०, २१ तथा २२ मा दश मुकामी रेखता:-

## "दश मुकामी रेखता"

**पृष्ठ २१ बाट केही अंश लेख्छु:-**

भया आनन्द फन्द सब छोड़िया पहुँचा जहाँ सत्यलोक मेरा ॥
{हंसनी (नारी रूप पुण्यात्माऐं) हंस (नर रूप पुण्यात्माऐं)}
हंसनी हंस सब गाय बजाय के साजि के कलश मोहे लेन आए ॥
युगन युगन के बिछुड़े मिले तुम आय कै प्रेम करि अंग से अंग लाए ॥
पुरूष दर्श जब दीन्हा हंस को तपत बहु जन्म की तब नशाये ॥
पलिट कर रूप जब एक सा कीन्हा मानो तब भानु षोडश (१६) उगाये ॥
पहुप के दीप पयूष (अमृत) भोजन करें शब्द की देह सब हंस पाई ॥
पुष्प का सेहरा हंस और हंसनी सच्चिदानंद सिर छत्र छाए ॥
दीपैं बहु दामिनी दमक बहु भांति की जहाँ घन शब्द को घमोड़ लाई ॥
लगे जहाँ बरसने घन घोर कै उठत तहाँ शब्द धुनि अति सोहाई ॥
सुन्न सोहैं हंस-हंसनी युत्थ (जोड़े-झुण्ड) है एकही नूर एक रंग रागै ॥
करत बिहार (सैर) मन भावनी मुक्ति में कर्म और भ्रम सब दूर भागे ॥
रंक और भूप (राजा) कोई परख आवै नहीं करत कोलाहल बहुत पागे ॥
काम और क्रोध मदलोभ अभिमान सब छाड़ि पाखण्ड सत शब्द लागे ॥
पुरूष के बदन (शरीर) कौन महिमा कहूँ जगत में उपमा कछु नाहीं पायी ॥
चन्द और सूर (सूर्य) गण ज्योति लागै नहीं एक ही नख (नाखुन) प्रकाश भाई ॥
परवाना जिन नाद वंश का पाइया पहुँचिया पुरूष के लोक जायी ॥
कह कबीर यही भांति सो पाइहो सत्य पुरूष की राह सो प्रकट गायी ॥

**भावार्थ:- यस अमृतवाणीमा स्पष्ट छ- परमेश्वर कबीर जीले सतगुरू रूपमा पृथ्वीबाट धर्मदास जीलाई लिएर सतलोक जाँदा बाटोमा ९ स्थान आयो, जस्तो**

नासूत, मलकूत यी फारसी शब्द हुन् । यी सात आकाशपारि अचिन्त, विष्णु लोक आदि छन् । तिनलाई पार गरी सतलोकमा पुगेपछि धर्मदास जी भन्छन् मलाई सत्कारपूर्वक लिन सत्यलोकका हंस (नर) हंसिनी (नारी) नाच्दै-गाउँदै, ढोल आदि साज-बाज बजाउँदै स्त्रीहरूले शिरमा कलश राखेर लिन आए । तिनका शरीरको प्रकाश सोह्र सूर्य समान थियो । मेरो शरीरको प्रकाश पनि उनीहरूको १६ सूर्यको प्रकाश समान भयो ।

पृथ्वी लोकबाट मोक्ष प्राप्त गरेर गएको हंसलाई पुहप द्वीपमा लगिन्छ । त्यहाँ सम्पूर्ण सुख छ, त्यो सतलोकको अंश हो । तर सर्व प्रथम तलबाट गएको मोक्ष प्राप्त जीवलाई पुहप द्वीपमा राखिन्छ । यहाँको दृश्य बताइदै छ । यहाँबाट उसको जन्म अन्य स्थानमा परिवारमा हुन्छ । यस पछि त्यस स्थानको वर्णन छ, जहाँ नर-नारीबाट उत्पन्न भएर परिवार बन्दछ । जहाँ नर-नारीका जोडीको समूहको समूह सुखपूर्वक बसेर कुरा गर्दछन् । बादल गर्जन्छ, फोहरा झर्छ । यो भिन्न स्थान हो जहाँ सतलोक निवासी पिकनिक खान जान्छन् । केही स्थान यस्ता छन्, जहाँ बादल देखिदैन तर वर्षा भइ रहेको हुन्छ ।

दीक्षा पश्चात् साधकले के गर्नु पर्छ ? त्यसको जानकारी पवित्र कबीर सागरको अध्याय "धर्म बोध" पृष्ठ १७७ (१५२१) मा छ । यस अध्यायमा परमेश्वर कबीर जीले धर्म गर्ने विशेष ज्ञान बताउनु भएको छ । कबीर परमेश्वरको सच्चा पथमा दिनमा तीन पटक सन्ध्या गरिन्छ भन्ने कुरा पनि स्पष्ट पार्नु भएको छ । सन्ध्याको अर्थ दुई समयको मिलन हो । एउटा सन्ध्या बिहान, जसबाट दिन र रातको मिलन हुन्छ, रात विदा हुन्छ, दिनको शुभारम्भ हुन्छ । दोस्रो सन्ध्या दिनको १२ बजे हुन्छ । त्यसबेला चढ्दो दिनको दुई प्रहर पूरा हुन्छ, ढल्दो दिनको सुरूवात हुन्छ, यो मध्य दिनको सन्ध्या हो । तेस्रो सन्ध्या साँझ हुन्छ । त्यसबेला दिन र रातको मिलन हुन्छ । त्यसो त आम मानिसले साँझलाई सन्ध्या भन्छन् । सन्ध्याको अर्थ परमात्माको स्तुति गर्नु पनि हुन्छ । वेदहरूमा जगतको तारणहारको तीन पटकको सन्ध्या गर्छन् र गराउँछन् भन्ने कुराको प्रमाण छ । विहान र साँझको पूर्ण परमात्माको स्तुति-आरति तथा मध्यान्हमा विश्वका सारा देवताहरूको स्तुति गर्न भन्छन् । प्रमाणः ऋग्वेद मण्डल नं.८ सूक्त १ मन्त्र २९ तथा यजुर्वेद अध्याय १९ मन्त्र २६ मा छ ।

कबीर सागरमा धर्मबोध अध्यायमा पृष्ठ १७७ मा पनि यही प्रमाण छ ।

सांझ सकार मध्याह सन्ध्या तीनों काल ।
धर्म कर्म तत्पर सदा कीजै सुरति सम्भाल ॥

भावार्थः- भक्तजनले तीनै काल (समय) को सन्ध्या गर्नु पर्छ । साँझ अर्थात् बेलुका सकार अर्थात् विहान र मध्यान्ह अर्थात् दिनको मध्य (दुई प्रहर) मा सन्ध्या गर्दा सुरति अर्थात् ध्यान आरतिमा उच्चारण गरिएको वाणीमा रहनु पर्छ र धर्मको कार्यमा सदा तयार रहनु पर्छ, अल्छी गर्नु हुन्न ।

**धर्म बोध पृष्ठ १७८ (१५२२) मा**

कबीर कोटिन कंटक घेरि ज्यों नित्य क्रिया निज कीन्ह ।
सुमिरन भजन एकांत में मन चंचल गह लीन ।।

**भावार्थः- भक्तलाई करोडौं कष्ट आइ परे पनि आफ्नो नित्य क्रिया (तीनै समयको सन्ध्या) अवश्य गर्नु पर्छ तथा चञ्चल मनलाई रोकेर एकान्तमा परमात्माको दीक्षा नाम जाप गर्नु पर्छ ।**

कबीर भक्तों अरु गुरु की सेवा कर श्रद्धा प्रेम सहित ।
परम प्रभु (सत्य पुरुष) ध्यावही करि अतिश्य मन प्रीत ।।

**भावार्थः- आफ्ना गुरूदेव, सत्सङ्गमा तथा घरमा आएका भक्तहरूको सदा आदरपूर्वक सेवा गर्नु पर्छ । श्रद्धा तथा प्रेमपूर्वक सेवा गर्नु पर्छ । परम प्रभु अर्थात् परम अक्षर पुरूषको भक्ति अत्यधिक प्रेमपूर्वक गर्नु पर्छ ।**

## "भक्त जती तथा सती हुनु पर्छ"

### "जतिको लक्षण"

पुरुष यति (जति) सो जानिये, निज त्रिया तक विचार ।
माता बहन पुत्री सकल और जग की नार ।।

**भावार्थः- यति पुरुष उसलाई भनिन्छ, जो आफ्नी स्त्री बाहेक अन्य स्त्रीमा पति-पत्नीको भाव राख्दैन । परस्त्रीलाई उमेर अनुसार आमा, दिदी-बहिनी वा छोरीको भावले हेर्छ ।**

### "सति स्त्रीको लक्षण"

स्त्रि सो जो पतिव्रत धर्म धरै, निज पति सेवत जोय ।।
अन्य पुरुष सब जगत में पिता भ्रात सुत होय ।।
अपने पति की आज्ञा में रहै, निज तन मन से लाग ।।
पिया विपरीत न कछु करै, ता त्रिया को बड़ भाग ।।

**भावार्थः- सति स्त्री उसलाई भनिन्छ, जसले आफ्नो पतिमा लगाव राख्छिन् । आफ्ना पतिका अतिरिक्त संसारका अन्य पुरूषहरूलाई उमेर अनुसार पिता, दाजुभाइ तथा पुत्रको भावले हेर्नु अर्थात् व्यवहार गर्नु । आफ्नो पतिको आज्ञामा रहनू । तन-मनले सेवा गर्नु, पतिको विपरीत कुनै कार्य नगर्नु ।**

### "दान गर्न कत्तिको आवश्यक छ"

कबीर, मनोकामना बिहाय के हर्ष सहित करे दान ।
ताका तन मन निर्मल होय, होय पाप की हान ।।
कबीर, यज्ञ दान बिन गुरु के, निश दिन माला फेर ।
निष्फल वह करनी सकल, सतगुरु भाखै टेर ।।

प्रथम गुरु से पूछिए, कीजै काज बहोर ।
सो सुखदायक होत है, मिटै जीव का खोर ।।

**भावार्थः- कबीर परमेश्वर जीले भन्नु भएको छ– कुनै पनि मनोकामना बिना दिएको दानले दुबै फल दिन्छ । वर्तमान जीवनमा गरेको कार्यको सिद्धि पनि हुन्छ र भविष्यका लागि पुण्य पनि जम्मा हुन्छ । जुनदान मनोकामना पूर्तिका लागि गरिन्छ, त्यो कार्य सिद्धि पश्चात् समाप्त हुन्छ । मनोकामना पूर्तिको कामना नराखी गरिएको दानले आत्मालाई निर्मल तुल्याउँछ, पाप नाश गर्छ ।**

**पहिले गुरु धारण गर, अनि गुरूदेव जीको निर्देशन अनुसार दान गर्नु पर्छ । गुरू बिना जत्ति नै दान गर र जत्तिनै नाम स्मरणको माला फेर, सब व्यर्थको प्रयत्न हो । यो सतगुरूले पुकारी-पुकारी भन्नु हुन्छ ।**

**पहिले गुरूको आज्ञा लिनु पर्छ, तब आफ्नो नयाँ काम गर्नु पर्छ । त्यो कार्य सुखदायक हुन्छ तथा मनको सारा चिन्ता मेटाउँछ ।**

कबीर, अभ्यागत आगम निरखि, आदर मान समेत ।
भोजन छाजन, बित यथा, सदा काल जो देत ।।

**भावार्थः- तिम्रो घरमा कोही अतिथि आए भने आदर पूर्वक आफ्नो आर्थिक अवस्था अनुसार भोजन तथा बिछौना सधैं दिनु पर्छ ।**

सोई म्लेच्छ सम जानिये, गृही जो दान विहीन ।
यही कारण नित दान करे, जो नर चतुर प्रविन ।।

**भावार्थः- दान नगर्ने गृहस्थी व्यक्ति त म्लेच्छ अर्थात् दुष्ट व्यक्ति तुल्य हो । त्यसैले हे बुद्धिमान ! नित (सदा) दान गर ।**

पात्र कुपात्र विचार के तब दीजै ताहि दान । देता लेता सुख लह अन्त होय नहीं हान ।।

**भावार्थः- कुपात्रलाई दान दिनु हुन्न । सुपात्रलाई हर्षपूर्वक दान दिनु पर्छ । सुपात्र गुरूदेवलाई भनिएको छ । अनि कोही भोको छ भने उसलाई भोजन दिनु पर्छ । रोगीको उपचार आफ्नो वित सामुन्नेमा (प्रत्यक्ष जानकारी तथा उपस्थितिमा) धन दिएर गर्नु, बाढीपीडितहरू भूकम्प पीडितहरूलाई समूह बनाएर भोजन, कपडा आफ्नै हातले दिनुलाई सुपात्रलाई दिएको दान भनिएको छ । यसबाट कुनै हानी हुदैन ।**

**"धर्म बोध पृष्ठ १७९ को सारांश"**

कबीर, फल कारण सेवा करै, निशदिन याचै राम ।
कह कबीर सेवा नहीं, जो चाहै चौगुने दाम ।।

**भावार्थः- जसले कुनै कार्य सिद्धिका लागि सेवा गर्छ, दिन-रात परमात्मासँग मागि रहन्छ । परमेश्वर कबीर जीले भन्नु भएको छ–त्यो सेवा सेवा होइन्, जुन सेवाको बदलामा चार गुणा धनको इच्छा राख्दछ ।**

कबीर, सज्जन सगे कुटम्ब हितु, जो कोई द्वारै आव ।
कबहु निरादर न कीजिए, राखै सब का भाव ।।

**भावार्थः- भद्र पुरूषहरू, सगे अर्थात् नातेदारहरू, कुटुम्ब अर्थात् परिवारजन तथा हितु अर्थात् तिम्रो हितैषीहरू तिम्रो द्वारमा आए भने अनादर गर्नु हुन्न । सबैको भाव राख्नु पर्छ ।**

कबीर, कोड़ी-कोड़ी जोड़ी कर कीने लाख करोर ।
पैसा एक ना संग चलै, केते दाम बटोर ।।

**भावार्थः- दान-धर्ममा पैसा खर्च गरेन । लाखौ-करोडौं रूपियाँ जम्मा गऱ्यो । संसार छोडेर जाने समयमा एक पैसा पनि साथमा जादैन, चाहे जत्ति सुकै धन सङ्ग्रह गर ।**

जो धन हरिके हेत, धर्म राह नहीं लगात ।
सो धन चोर लबार गह, धर छाती पर लात ।।

**भावार्थः- परमात्माका निम्ति खर्च नभएको धन, कहिल्यै धर्मकर्ममा लाग्दैन भने त्यो धन डाकु, चोर, लुटेराले छातिमा लात्त राखेर अर्थात् डराएर-धम्क्याएर खोसेर लैजान्छ ।**

सत का सौदा जो करै, दम्भ छल छिद्र त्यागै ।
अपने भाग का धन लहै, परधन विष सम लागै ।।

**भावार्थः- आफ्नो जीवनमा परमात्मासँग डराएर सत्यको आधारमा सम्पूर्ण कर्म गर्नु पर्छ । भाग्यमा लेखेको धनमा सन्तोष गर्नु पर्छ । पराइ धनलाई विष समान सम्झनु पर्छ ।**

भूखा जहि घर ते फिरै, ताको लागै पाप ।
भूखों भोजन जो देत है, कटैं कोटि संताप ।।

**भावार्थः- जुन घरबाट कोही भोकै फर्कन्छ भने उसलाई पाप लाग्छ । भोकालाई भोजन दिनेहरूको करोडौं बिघ्न टर्छन् ।**

प्रथम संत को जीमाइए । पीछे भोजन भोग ।
ऐसे पाप को टालिये, कटे नित्य का रोग ।।

**भावार्थः- यदि तिम्रो घरमा कोही सन्त (भक्त) आए भने पहिले उसलाई भोजन गराउनु पर्छ । त्यसपछि आफूले भोजन गर्नु पर्छ । यसरी आफ्नो शिरमा नित्य आउने पापको कारणको कष्ट टार्नु पर्छ ।**

**धर्मबोध पृष्ठ १८० को सारांशः**

कबीर, यद्यपि उत्तम कर्म करि, रहै रहित अभिमान ।
साधु देखी सिर नावते, करते आदर मान ।।

**भावार्थः- अभिमान त्यागेर उत्तम कर्म गर्नु पर्छ । सन्त, भक्त आएको देख्दा शिर झुकाएर प्रणाम तथा सम्मान गर्नु पर्छ ।**

कबीर, बार-बार निज श्रवणतें, सुने जो धर्म पुराण ।
कोमल चित उदार नित, हिंसा रहित बखान ।।

**भावार्थः- भक्तले बारम्बार धर्म-कर्मको विषयमा सत्सङ्ग ज्ञान सुन्नु पर्छ र आफ्नो चित्त कोमल तुल्याउनु पर्छ । अहिंसा परम धर्म हो । यस्ता अहिंसा सम्बन्धी प्रवचन सुन्नु पर्छ ।**

कबीर, न्याय धर्मयुक्त कर्म सब करैं, न करना कबहू अन्याय ।
जो अन्यायी पुरुष हैं, बन्धे यमपुर जाऐं ।।

**भावार्थः- सदा न्याययुक्त कर्म गर्नु पर्छ । कहिल्यै अन्याय गर्नु हुन्न । अन्याय गर्नेहरू यमराजको लोकमा नर्कमा जान्छ ।**

**धर्मबोध पृष्ठ १८१ को सारांश**

कबीर, गृह कारण में पाप बहु, नित लागै सुन लोय ।
ताहिते दान अवश्य है, दूर ताहिते होय ।।
कबीर, चक्की चैंकै चूल्ह में, झाडू अरु जलपान ।
गृह आश्रमी को नित्य यह, पाप पाँचै विधि जान ।।

**भावार्थः- चक्कीमा आटा पिस्दा, खाना बनाउन चुलामा आगो बाल्दा, चौका अर्थात् भूईं (ठाउँ) लिप्दा, झाडु लगाउँदा तथा खाना खाँदा एवं पानी पिउँदा गृहस्थीलाई पाँच प्रकारका पाप लाग्छन् । हे संसारी मानिसहरू ! सुन ! यी कारणहरूले तिमीलाई नित्य पाप लाग्छन् । त्यसैले दान गर्नु आवश्यक छ । यी पाप दान गर्नाले नै नाश हुन्छ ।**

कबीर, कछु कटें सत्संग ते, कछु नाम के जाप । कछु संत के दर्शते, कछु दान प्रताप ।।

**भावार्थः- भक्तका पाप कैयौं धार्मिक क्रियाहरूले समाप्त हुन्छन् । केही सत्सङ्ग वचन सुन्नाले ज्ञान यज्ञका कारण, केही नामको जापको जापले, केही सन्तको दर्शन गर्नाले तथा केही दानको प्रभावले समाप्त हुन्छन् ।**

**जस्तो वस्त्र लगाइन्छ । माटो-धुलो लाग्दा फोहोर हुन्छ । त्यसलाई साबुन-पानीले धोइन्छ । यसैगरी नित्य कार्य गर्दा पाप लाग्नु स्वभाविक हो । यसैगरी लुगा धोए जस्तै सत्सङ्ग वचन, नाम स्मरण, दान तथा सन्त दर्शन रूपी साबुन पानीले नित्य धुनाले आत्मा निर्मल रहन्छ ।भक्तिमा मन लागि रहन्छ ।**

कबीर, जो धन पाय न धर्म करत, नाहीं सद् व्यौहार ।
सो प्रभु के चोर हैं, फिरते मारो मार ।।

**भावार्थः- परमात्माले मानवलाई दिनु भएको धनबाट जसले दान गर्दैन तथा न त राम्रो आचरण गर्दछ भने ती परमात्माका चोर हुन्, जो माया सङ्ग्रह गर्ने धुनमा दुर्दशाग्रस्त भएर भट्कि रहेछन् । सन्त गरीबदास जीले पनि भनेका छन् ।**

जिन हर की चोरी करी और गए राम गुण भूल ।
ते विधना बागुल किए, रहे ऊर्ध मुख झूल ।।

**यही प्रमाण गीता अध्याय ३ श्लोक १० देखि १३ मा भनिएको छ– जसले धर्म-कर्म गर्दैन, परमात्माले दिएको धनबाट दान आदि धर्मकार्य गर्दैन, ती चोर हुन् । तिनीहरू आफ्नो शरीर पोषणका लागि मात्र अन्न पकाउँछन् । धर्ममा लगाउँदैनन् । तिनीहरू त पाप नै खान्छन् ।**

**"बच्चाहरूलाई शिक्षा अवश्य दिनु पर्छ ।"**

कबीर, मात पिता सो शत्रु हैं, बाल पढ़ावैं नाहिं ।
हंसन में बगुला यथा, तथा अनपढ़ सो पंडित माहीं ।

भावार्थः- **आफ्ना बच्चाहरूलाई नपढाउने माता पिता आफ्ना बच्चाहरूका शत्रु हुन् । शिक्षित व्यक्तिहरूको हुलमा अशिक्षित व्यक्ति हाँसको हुलमा बकुला जस्तै हो । यहाँ पढाउनुको तात्पर्य धार्मिक ज्ञानसँग परिचित गराउनुसँग सम्बन्धित छ, सत्सङ्ग आदि सुनाउनुमा छ ।**

**यदि कुनै व्यक्तिलाई आध्यात्मिक ज्ञान छैन भने उसले शुभ र अशुभ कार्यहरू थाहा पाउँदैन । जसले गर्दा उसले पाप गर्दछ । सत्सङ्ग सुन्नेलाई सम्पूर्ण कर्महरू तथा आध्यात्मिक ज्ञानको बारेमा अवगत हुन्छ । उसले कहिल्यै पाप कर्म गर्दैन । ऊ हाँस पक्षी जस्तै हो, जसले तलाउबाट केवल मोती खान्छ, जीव-जन्तु, माछा आदि खादैन । यसका विपरीत अध्यात्म ज्ञानहीन व्यक्ति बकुलाको जस्तो स्वभावको हुन्छ । बकुलाले माछा, किरा आदि जलको जन्तु खान्छ । शारीरिक रूपमा दुबै (हाँस र बकुला) एउटै आकारको तथा सेतो रङ्को हुन्छ । त्यसलाई हेर्दा चिन्न सकिदैन । तिनका कामको आधारमा चिन्न सकिन्छ । यसैगरी तत्वज्ञान युक्त व्यक्ति शुभ कर्महरूद्वारा तथा तत्वज्ञानहीन व्यक्ति अशुभ कर्महरूद्वारा चिनिन्छ ।**

कबीर, पहले अपने धर्म को, भली भांति सिखलाय ।
अन्य धर्म की सीख सुनि, भटकि बाल बुद्धि जाय ।।

भावार्थः- **बच्चाहरू वा परिवारका अन्य सदस्यहरूलाई पहिले आफ्नो धर्मको ज्ञान पूर्ण रूपमा परिचित गराउनु पर्छ । आफ्नो धर्म अर्थात् धार्मिक क्रियाहरूको ज्ञान नहुनेहरू बालकको जस्तो बुद्धि भएका हुन्छन् । ती अन्य धर्म-पन्थको शिक्षा सुनेर भ्रमित हुन्छ् । जसलाई आफ्नो धर्म (पन्थ) को बारेमा सम्पूर्ण ज्ञान छ, ऊ भ्रमित हुदैन ।**

**धर्म बोध पृष्ठ १८२ को सारांश**

कबीर, जो कछु धन का लाभ हो, शुद्ध कमाई कीन ।
ता धन के दशवें अंश को, अपने गुरु को दीन ।।
दसवां अंश गुरु को दीजै । अपना जन्म सफल कर लीजै ।।

भावार्थः- **शुद्ध इमान्दारीको कमाइबाट हुने लाभको दशौं अंश आफ्नो गुरूदेवलाई दान गर्नु पर्छ ।**

कबीर, जे गुरु निकट निवास करै, तो सेवा कर नित्य ।
जो कछु दूर बसै, पल-पल ध्यान से हित ।।

भावार्थः- **यदि गुरू जीको स्थान तिम्रो निवासको निकटमा छ भने प्रतिदिन सेवाका लागि जाऊ । यदि टाढा छ भने उहाँलाई पल-पल याद गर्नु पर्छ । यसबाट साधकको हित हुन्छ अर्थात् लाभ प्राप्त हुन्छ ।**

कबीर, छठे मास गुरु दर्श करन ते, कबहु ना चुको हंस ।
गुरु दर्श अरु सत्संग, विचार सो उधरै जात है वंश ।।
कबीर, छठे मास ना करि सके, वर्ष में करो धाय ।
वर्ष में दर्श नहिं करे, सो भक्त साकिट ठहराय ।।
कबीर, जै गुरु परलोक गमन करे, सीख मानियो शीश ।
हरदम गुरु को साथ जानि, सुमरो नित जगदीश ।।
कबीर, गुरु मरा मत जानियो, वस्त्रा त्यागा स्थूल ।
सूक्ष्म देही गमन करि, खिला अमर वह फूल ।।
कबीर, सतलोक में बैठी कर, गुरु निरखै तोहे ।
गुरु तज ना और मानियो, अध्यात्म हानि होय ।।
कबीर, गुरु के शिष्य की जगदीश करै सहाय ।
नाम जपै अरु दान धर्म में कबहू न अलसाय ।।
कबीर, जैसे रवि आकाश से, सबके साथ रहाय ।
उष्णता अरु प्रकाश को दूरही ते पहुँचाय ।।
कबीर, ऐसे गुरु जहाँ बसे सब पर करे रजा ।
गुरु समीप जानकर सकल विकार करत लजा ।।

भावार्थः- छ महिनामा गुरू जीको दर्शन अवश्य गर्नु । सत्सङ्ग र गुरू दर्शनले पूरै वंश मुक्त हुन्छ । यदि ६ महिनामा दर्शन गर्न सकिएन भने वर्ष दिनमा अधीर भई अर्थात् उत्साहपूर्वक दर्शन गर्न जानू । यदि एक वर्षमा पनि गुरू दर्शन गर्दैन भने त्यो शिष्य भक्तिहीन मानिन्छ ।

यदि गुरू जी सतलोक जानु भयो भने उहाँको शिक्षालाई आधार मानेर आफ्नो धर्म-कर्म गरि रहनु पर्छ । आफ्नो गुरूदेव पल पल आफूसँगै हुनु हुन्छ भन्ने ठानेर परमेश्वरको भजन गर । गुरू जीले दिनु भएको दीक्षा मन्त्रको जाप गरि राख।

गुरू जीको मृत्यु भएको नसम्झनू, यो त कपडा खोले जस्तै स्थुल शरीर त्यागेको हो । शरीर त सुरक्षित रहन्छ । यसैगरी स्थुल शरीर रूपी वस्त्र त्यागेको हो । नुरको शरीरद्वारा सतलोक जानु भएको हो । त्यहाँ अमरत्व प्राप्त गर्नु भएको हो । तपाईहरूलाई पर्खि रहनु भएको छ । तपाईहरू पनि त जानु छ । नमरिकन (स्थुल शरीर नत्यागी) सत्यलोक जान सकिदैन । यो त शिष्यले पनि त्याग्नु छ । त्यसैले गुरू जीले शरीर त्याग्दा शोक नगरेर उहाँले बताउनु भएको साधना गर्नु पर्छ तथा मर्यादाको पालन गरेर आफ्नो जीवन सफल बनाउनु होस् ।

गुरूदेवले सतलोकमा बसेर तपाईलाई हेरि रहनु हुन्छ । गुरू जीले संसार छोडेर जानु भए पश्चात् अरूलाई गुरू रूपमा नहेर्नू, अन्यथा भक्तिको हानी हुन्छ ।

गुरू जीको उपदेशी शिष्यलाई परमेश्वरले सहायता गर्नु हुन्छ । शिष्यले गुरू जीले बताउनु भएको नाम जाप तथा दान-धर्म गर्न कहिल्यै अल्छी गर्नु हुन्न ।

जस्तो सूर्यले टाढा आकाशबाट सबलाई उष्णता तथा प्रकाश प्रदान गर्दछ । सबैले सूर्यलाई आफ्नै साथमा देख्छन् । यसैगरी गुरू जी कहीं बस्नु भएको हुन्छ,

**त्यहीबाट आफ्ना भक्त माथि कृपा गर्नु हुन्छ । गुरू जीलाई नजिकै तथा द्रष्टा जानेर सारा विषय विकारहरू गर्न शरम मानी परहेज गर्नु (दोषबाट टाढा रहनू ।)**

**धर्मबोध पृष्ठ १८३ को सारांश**

कबीर, केते जनकादिक गृही जो निज धर्म प्रवीन ।
पायो शुभगति आप ही औरनहू मति दीन ।।

**भावार्थः- राजा जनक जस्ता गृहस्थी आफ्नो धर्मका विद्वान थिए अर्थात् मानव कर्मका ज्ञानी थिए । जसकारणले स्वयम्ले पनि शुभ गति प्राप्त गरे अर्थात् स्वर्ग प्राप्त गरे र अरूलाई पनि स्वर्ग प्राप्तिको मार्ग बताए ।**

कबीर, हरि के हेत न देत, धन देत कुमार्ग माहीं ।
ऐसे अन्यायी अधम, बांधे यमपुर जाहीं ।।

**भावार्थः- धर्म नगर्ने, पैसाको गलत प्रयोग गर्ने, रक्सी पिउने मासु खाने, सूर्ति सेवन गर्ने तथा व्यर्थको देखावटीमा पैसा खर्च गर्ने अन्यायी निच व्यक्तिलाई यमलोक अर्थात् नर्कलोकमा बाँधेर लगिन्छ ।**

## भक्तको व्यवहार कस्तो हुनु पर्छ ?

निजधन के भागी जेते सगे बन्धु परिवार । जैसा जाको भाग है दीजै धर्म सम्भार ।।

**भावार्थः- परमेश्वर कबीर जीले भन्नु भयो– कानुनी रूपमा रहेको अंशियार जतिजना भएपनि तथा सम्पत्ति जत्ति भए पनि सबैको भाग (अंश) बराबर दिनु पर्छ । आफ्नो धर्म-कर्मलाई ध्यानमा राखेर अर्थात् जसको जत्ति भाग हुन्छ, त्यो परमात्मासँग डराएर बराबर बाँडि दिनु पर्छ ।**

**धर्मबोध पृष्ठ १८४ को सारांश**

कबीर, खाट पड़ै तब झखई नयनन आवै नीर ।
यतन तब कछु बनै नहीं, तनु व्याप मृत्यु पीर ।।

**भावार्थः- जब मानिस वृद्ध तथा रोगी भएर खाटमा सुति रहेको हुन्छ र आँखाबाट आँसु झरि रहेको हुन्छ, त्यस समयमा कुनै बचाव हुन सक्दैन । त्यसबेला मृत्यु समयमा हुने पीडा भइ रहेको हुन्छ । भनिन्छ– भक्ति नगर्नेको अन्त समय महाकष्टदायक हुन्छ । उसको प्राण सजिलै निस्कदैन । उसलाई एक लाख बिच्छीहरूले टोके बराबरको पीडा हुन्छ । त्यसबेला यमका दूतहरूले उसको घाँटी बन्द गरि दिन्छन् । व्यक्ति बोल्न सक्दैन, न पूरा स्वास लिन सक्छ । केवल आँखाबाट आँसु निक्लि रहेको हुन्छ । त्यसैले माथि बताइएको भक्ति तथा शुभकार्य मानवले अवश्य गर्नु पर्छ ।**

कबीर, देखे जब यम दूतन को, इत उत जीव लुकाय ।
महा भयंकर भेष लखी, भयभीत हो जाय ।।

**भावार्थः- यमका दूतहरूको रूप भयङ्कर हुन्छ । मृत्युको समयमा त्यही धर्महीन तथा भक्तिहीन व्यक्तिले नै यमदूतलाई देख्दछ । यमदूतलाई देखेर त्यो प्राणी भयग्रस्त भई शरीरमा नै यता-उता लुक्ने कोशिस गर्दछ ।**

कबीर, भक्ति दान किया नहीं, अब रह कास की ओट ।
मार पीट प्राण निकालहीं, जम तोड़ेंगे होठ ।।

**भावार्थः- न गुरू बनायो, न भक्ति तथा न दान-धर्म गऱ्यो भने अब कसको सहाराले बच्ने ? यमका दूतले कुटपिट गरेर प्राण निकाल्ने छन् र विचारै नगरी कुट्छन् अर्थात् निर्दयी भएर पिटी पिटी तिम्रा ओठ फुटाउने छन् । ओठ फुटाउनु भनेको निर्दयतापूर्वक पिट्नु अर्थात् निर्दयतापूर्वक कुट्ने छन् ।**

**धर्मबोध पृष्ठ १८५-१८६ मा सामान्य ज्ञान छ**

**धर्मबोध पृष्ठ १८७ को सारांशः**

कबीर, मान अपमान सम कर जानै, तजै जगत की आश ।
चाह रहित संस्य रहित, हर्ष शोक नहीं तास ।।

**भावार्थः- भक्तलाई कसैले अपमानित गऱ्यो भने पनि त्यसतर्फ ध्यान दिनु हुन्न । त्यसको बुद्धिप्रति दया देखाउनू । जसले सम्मान गर्छ, त्यसप्रति पनि ध्यान नदिनू अर्थात् कसैको सम्मानको वशमा परेर आफ्नो धर्म नबिगार्नू । लाभ र हानीलाई परमात्माको देन सम्झेर सन्तोष गर्नू ।**

कबीर, मार्ग चलै अधो गति, चार हाथ मांही देख ।
पर तरिया पर धन ना चाहै समझ धर्म के लेख ।।

**भावार्थः- भक्त बाटोमा हिंडदा भुईंमा हेरेर हिड्नू । हिंड्दा भक्तको दृष्टि चार हात तथा छ फुट पर सामुन्नेमा हुनु पर्छ । धर्म-कर्मको ज्ञान विचार गरी परस्त्री तथा परधन देखेर दृष्टि दोषी नबनाउनू ।**

कबीर, पात्रा कुपात्रा विचार कर, भिक्षा दान जो लेत ।
नीच अकर्मी सूम का, दान महा दुःख देत ।।

**भावार्थः- सन्त अर्थात् गुरूले आफ्ना शिष्यका अतिरिक्त अरूबाट दान-भिक्षा लिनु हुदैन । कुकर्मी तथा अधर्मीको धनले बडो दुःखी बनाउँछ ।**

**पृष्ठ १८८ मा सामान्य ज्ञान छ ।**

**धर्मबोध पृष्ठ १८९ माः**

कबीर, इन्द्री तत्त्व प्रकृति से, आत्म जान पार ।
जाप एक पल नहीं छूटै, टूट न पावै तार ।।

**भावार्थः- आत्मालाई पाँचै तत्वहरूभन्दा भिन्न बुझ । शरीर आत्मा होइन । निरन्तर सतनाम जाप गर ।**

कबीर, जब जप करि के थक गए, हरि यश गावे संत ।
कै जिन धर्म पुराण पढ़े, ऐसो धर्म सिद्धांत ।।

भावार्थः- यदि भक्त जाप गर्दा गर्दै थाक्यो भने परमात्माको महिमाको वाणी पढनु पर्छ । यदि याद छ भने गाऊ वा आफ्नो धर्मको पुस्तकहरू पढनू, यो धार्मिक सिद्धान्त हो ।

धर्मबोध पृष्ठ १९० को सारांश

कबीर, ज्ञानी रोगी अर्थार्थी जिज्ञासू ये चार ।
सो सब ही हरि ध्यावते ज्ञानी उतरे पार ।।

भावार्थः- चार प्रकारका व्यक्तिले परमात्माको भक्ति गर्छन् :

१. ज्ञानीः- ज्ञानी मानिसलाई मानव जीवन केवल परमात्माको भक्ति गरेर जीवको कल्याण गर्नका लागि प्राप्त हुन्छ भन्ने कुराको विश्वास हुन्छ । उनीहरूलाई केवल पूर्ण परमात्माको भक्तिबाट मात्र मोक्ष हुन्छ तथाअन्य देवी देवताहरूको भक्तिले जन्म-मरणको क्लेश कट्दैन र पूर्ण सतगुरूबाट दीक्षा लिए मात्र काम हुन्छ भन्ने जस्ता कुराहरू थाहा हुन्छ । त्यसैले ज्ञानी भक्त पार हुन्छन् ।

२. अर्थार्थीः- धन लाभका लागि भक्ति गर्छन् ।

३. आर्त अर्थात् सङ्कट ग्रस्तः- केवल आफ्ना सङ्कट नाश गर्नका लागि भक्ति गर्छन् ।

४. जिज्ञासुः- जिज्ञासुले परमात्माको ज्ञान अधुरो रूपमा बुझ्छन् र वक्ता बनेर महिमाको भोकले जीवन नाश गर्दछन् । यही प्रमाण गीता अध्याय ७ श्लोक १६-१७ मा पनि छ ।

धर्म बोध पृष्ठ १९१ को सारांश

कबीर, क्षमा समान न तप, सुख नहीं संतोष समान ।
तृष्णा समान नहीं ब्याधी कोई, धर्म न दया समान ।।

भावार्थः- परमेश्वर कबीर जीले भन्नु भयो– क्षमा गर्नु धेरै ठूलो तप हो । यो समानको अर्को कुनै तप छैन । सन्तोष तुल्य कुनै सुख छैन । कुनै वस्तुको प्राप्तिको इच्छा समान कुनै आपत् छैन र दया समान कुनै धर्म छैन ।

कबीर, योग (भक्ति) के अंग पाँच हैं, संयम मनन एकान्त ।
विषय त्याग नाम रटन, होये मोक्ष निश्चिन्त ।।

भावार्थः- भक्तका चार आवश्यक गुणहरू छन् । संयम् अर्थात् प्रत्येक कार्यमा संयम् अपनाउनु पर्छ । धन सङ्ग्रह गर्दा बोल्दा, खान-पीनमा, विषय भोगमा संयम राख्नु पर्छ अर्थात् भक्तले कम बोल्नु पर्छ, विषय विकारहरू त्याग्नु पर्छ । परमात्माको भजन तथा परमात्माको वाणी प्रवचनहरू मनन गर्नु आवश्यक छ । यसरी साधना तथा मर्यादा पालन गर्नाले मोक्ष निश्चित प्राप्त हुन्छ ।

❖ पूर्ण परमात्माले भक्तको आयु बढाइ दिनु हुन्छः

ऋग्वेद मण्डल १० सूक्त १६१ मन्त्र २ मा भनेका छन्– पूर्ण प्रभुले आफ्ना भक्तको रोग समाप्त गरि दिन्छन् । यदि रोगीको आयु शेष छैन र मृत्यु देवता कहाँ

जान लागेको छ भने पनि परमात्माले उसलाई स्वस्थ गराएर शत वर्ष अर्थात् सय वर्षसम्म जीवन दान दिनु हुन्छ । उसको आयु बढाइ दिनु हुन्छ । "कबीर सागर" को अध्याय "गरूड बोध" बाट प्रमाण पढ्नु होस्:-

## अध्याय "गरूड बोध" को सारांश

कबीर सागरमा ११ औं अध्याय "गरूड बोध"पृष्ठ ६५ (६२५) मा छः-

परमेश्वर कबीर जीले धर्मदास जीलाई भन्नु भयो– मैले विष्णु जीको बाहन पक्षीराज गरूड जीलाई उपदेश दिएँ, उसलाई सृष्टि रचना सुनाएँ । अमरलोकको कथा तथा सतपुरूषको महिमा सुनेर गरूड जी अचम्भित भए । आफ्नै कानप्रति उनलाई विश्वास भइ रहेको थिएन । उनले मनमनै विचार गरे– म आज यो के सुन्दै छु ? म कुनै सपना त देखि रहेको छैन ? म कुनै अर्को देशमा गएको त छुइनँ ? मैले सुनेको देश र परमात्मा मेरो सम्मुखमा चलचित्र जसरी चलि रहेको छ । जब गरूड देव यी विचारबाट बाहिर आए अनि मैले भने– हे पक्षीराज ! मेरा कुरा झुठो लाग्यो ? चुप लाग्यौ त । यदि कुनै शङ्का छ भने प्रश्न गर र समाधान गराऊ । यदि मेरा वाणीले तिमीलाई दुःख लागेको छ भने क्षमा गर । मेरा यी कुरा सुनेर खगेशको आँखा रसाए र उसले भन्यो– हे देव ! हजुर को हुनु हुन्छ ? हजुरको उद्देश्य के हो ? यस्तो तीतो सत्य भन्नु भयो, जुन विश्वास गर्न सकि रहेको छैन । तपाईंले अमर लोकमा अमर परमेश्वर छन् भन्नु भयो । यदि यो सत्य हो भने हामीलाई धोकामा राखियो । यदि यो कुरा असत्य हो भने तपाईं निन्दाको पात्र हुनु हुन्छ, अपराधि हुनु हुन्छ । यदि सत्य हो भने गरूड हजुरको खास दास हो । कबीर परमेश्वर जीले धर्मदास जीलाई भन्नु भयो– त्यसपछि मैले भने– हे गरूड ! तिमीलाई भएको शङ्का स्वभाविक हो तर तिमीले संयमतापूर्वक काम लियौ । यो तिम्रो महानता हो । तर म जुन अमरपुरूष तथा सतलोकको जानकारी तिमीलाई दिइ रहेको छु, त्यो परम सत्य हो । मेरो नाम कबीर हो । म त्यही अमरलोकको वासी हूँ । तिमीलाई काल ब्रह्मले भ्रमित तुल्याइ रहेको छ । यस कुराको ज्ञान ब्रह्मा, विष्णु तथा शिव जीलाई पनि छैन । गरूड जी तिमी विचार गर । जीवको जन्म हुन्छ । आनन्दले बस्न थाल्छ । परिवार विस्तार हुन्छ । उनीहरूको पालन-पोषणमा सांसारिक परम्पराहरू निर्वाह गर्दा गर्दै वृद्ध हुन्छ । जुन परिवारलाई देखेर आफूलाई धन्य मान्दछ, त्यही परिवारलाई त्यागेर नचाहेर पनि संसार छोडेर जानु पर्छ । स्वयम् पनि रोइ रहन्छ, अन्तिम स्वास गनि रहन्छ । परिवार पनि दुःखी हुन्छ । यो कस्तो रीति हो । के यो उचित छ ? गरूडदेव जीले भने– हे कबीर देव ! यो त संसारको विधान हो । जन्मन्छ भने मर्छ पनि । परमेश्वर जीले भन्नु भयो– के कोही मर्न चाहन्छ ? के कसैले वृद्धावस्था मन पराउँछ ? गरूडदेवको उत्तर थियो–चाहदैन र मन पराउँदैन । परमेश्वर कबीर जीले भन्नु भयो– यदि वृद्धावस्था तथा मृत्यु भएन भने कस्तो हुन्छ ? गुरूडदेव जीले

भने– यस्तो भयो भने त के भन्नु ? आनन्द हुन्छ तर यो त सपनाको विचार जस्तै हो । हे धर्मदास ! मैले तिमी वेद तथा पुराणहरूलाई के मान्दछौ– सत्य कि असत्य भनी सोधे । गरूड देव जीले भने–परम सत्य ।

देवी पुराणको तेश्रो स्कन्धमा स्वयम् विष्णु जीले भनेका छन्– हे माता ! हजुर शुद्ध स्वरूपा हुनु हुन्छ । यो सारा संसार हजुरबाट नै उद्भाषित भइ रहेको छ । म ब्रह्मा तथा शङ्कर हजुरको कृपाले विद्यमान छौं । हाम्रो त अविर्भाव (जन्म) तथा तिरोभाव (मृत्यु) हुने गर्छ ।

परमेश्वर कबीर जीको मुख कमलबाट यस्तो ससक्त प्रमाण (सटिक प्रमाण) सुनेर गरूड देव चरणमा शरणागत भए । आफ्नो भाग्यको प्रशंसा गर्दै भने– जुन देवले सृष्टिको रचना, ब्रह्मा-विष्णु-महेश, दुर्गा तथा निरंजनसम्मको उत्पत्तिको विषयमा जान्दछन्, उनी नै रचनहार परमेश्वर हुन् । आजसम्म कसैले यस्तो ज्ञान बताएन । यदि ऋषि-महर्षि कुनै पनि जीवलाई थाहा भएको भए कथामा अवश्य भन्ने थिए । मैले ठूला-ठूला मण्डलेश्वरहरूको प्रवचनहरू सुनेको छु । कसैसँग यो ज्ञान छैन । यिनलाई वेदहरू तथा गीताको ज्ञान पनि छैन । तपाईंले आफैलाई लुकाउनु भएको छ । मैले हजुरलाई चिनिसकें । कृपा गरेर मलाई शरणमा लिनु होस् हे परमेश्वर ।

परमेश्वर कबीर जीले गरूडसँग भन्नु भयो– तिमी पहिले आफ्ना स्वामी श्री विष्णुसँग आज्ञा लेऊ र भन– म आफ्नो कल्याण गराउन चाहन्छु । मैले एक महान सन्त प्राप्त गरेको छु ।मैले उहाँको ज्ञान सुनेको छु । यदि आज्ञा दिनु हुन्छ भने म आफ्नो कल्याण गराउँछु । म हजुरको दास नोकर हूँ, हजुर मालिक हुनु हुन्छ । हामी सधैं सँगै रहनु छ । यदि मैले लुकेर दीक्षा लिएँ भने हजुरलाई चोट पुग्छ । गरूडले विष्णु जीसँग यसै भने । विष्णु जीलाई सारा कुरा बताए । श्री विष्णु जीले भने– म तिमीलाई निषेध गर्दिनँ, तिमी स्वतन्त्र छौ । साँचो कुरा बताएर तिमीले राम्रो गऱ्यौ । मलाई कुनै आपत्ति छैन ।

हे धर्मदास ! मैले गरूडलाई पाँच नाम (कमलहरू खोल्ने प्रत्येक देवको साधनाको नाम) प्रथम मन्त्र दीक्षा दिएँ । गरूड देवले भने– हे गुरूदेव ! यी मन्त्र त यिनै देवताहरूका हुन् । अमर पुरूषका मन्त्र होइन । परमेश्वर कबीर जीले भन्नु भयो– यी यिनका पूजा गर्ने मन्त्र होइन् । यी त यिनै देवताहरूलाई आफ्नो अनुकूल बनाएर यिनको जालबाट छुट्ने चाबी हो । यिनका वशीकरण मन्त्र हुन् । यदि राँगालाई आकर्षित गर्न राँगा-राँगा भन्यो भने त्यसले बोलाउने तिर हेर्दा सम्म पनि हेर्दैन । तर जब उसलाई वशीकरण नाम आईं-आईं भनेर बोलाउँदा तत्काल सक्रिय हुन्छ । बोलाउने तिर हेर्छ र दौडेर आउँछ । बोलाउने व्यक्तिले त्यस राँगाबाट आफ्नो भैंसीलाई गर्भधारण गराउँछ । यसैगरी तिमीले श्री विष्णु जीका अन्य कुनै नामको जाप गरि रह्यो भने उनले ध्यान दिदैनन् । जब तिमीले यस मन्त्रले जाप गऱ्यौ भने विष्णु जी तत्काल प्रभावित भएर साधकको सहायता गर्छन् । यी देवता

तीनै लोकहरू (पृथ्वी, स्वर्ग र पाताल) का प्रधान देवता हुन् । यिनले केवल लेखिएको सांसारिक कर्म मात्र दिन सक्छन् । यस मन्त्र को जापले हाम्रो पुण्य तथा भक्ति धन अत्यधिक सङ्ग्रहित हुन्छ । त्यसको प्रतिफल स्वरूप यी देवताले साधकलाई सहयोग गर्छन् । यस रूपमा यिनको साधना तथा पूजाको अन्तर बुझ्नु पर्छ । जस्तो तिमीलाई आँप खानु छ भने पहिले मेहनत, मजदुरी, नोकरी गर्नु पर्छ, अनि धन प्राप्त हुन्छ र आँप खान पाइन्छ । नोकरी पूजा होइन । त्यस समय हाम्रो पूज्य आँप हुन्छ । पूज्यका प्राप्तिका लागि गरिएको प्रयत्न नोकरी हो । यसैगरी आफ्नो पूज्य परमेश्वर कबीर जी हुन् तथा अमर लोक हो । त्यसका लागि हामी श्री ब्रह्मा, श्री विष्णु, श्री शिव, श्री गणेश तथा श्री दुर्गा जीको मजदुरी गर्छौं, साधना गर्छौं । पूजा परमेश्वरको गर्छौं । गरूड जी बडो प्रसन्न भए र यस अमृत ज्ञानको चर्चा गर्ने उद्देश्यले श्री ब्रह्मा जीसँग भेट गरेँ । उनलाई भनेँ– मैले एक जना महर्षिबाट अद्‌भूत ज्ञान सुनेको छु, मलाई उहाँको ज्ञान सत्य लाग्यो । उहाँले बताउनु भयो– तपाईं (ब्रह्मा), विष्णु तथा शिव नाशवान् हुनु हुन्छ, पूर्ण करतार तपाईंहरू होइन । तपाईंले केवल भाग्यमा लेखेको मात्र दिन सक्नु हुन्छ । तपाई कसैको आयु बढाउन सक्नु हुन्न । तपाईं कसैको कर्म घटाउन वा बढाउन सक्नु हुन्न । पूर्ण परमात्मा अरू नै हुनु हुन्छ अमर लोकमा रहनु हुन्छ, उहाँले पाप कर्म काटि दिनु हुन्छ । उहाँले मृत्युलाई टारि दिनु हुन्छ । आयु बढाइ दिनु हुन्छ । वेदहरूमा प्रमाण पनि दिइएका छन् । ऋग्वेद मण्डल १० सूक्त १६१ मन्त्र २ मा भनिएको छ– यदि रोगीको रोग बढेको छ, ऊ मृत्युको मुखमा पुगेको छ भने पनि म त्यस भक्तलाई मृत्यु देवताबाट छुटाएर ल्याउँछु, उसलाई नयाँ जीवन प्रदान गरि दिन्छु । उसलाई जिउनका लागि पूर्ण आयु दिन्छु ।

ऋग्वेद मण्डल १० सूक्त १६१ मन्त्र ५ मा पनि भनिएको छ– हे पुनर्जन्म प्राप्त प्राणी ! तिमी मेरो भक्ति गरि रहनू । यदि तिम्रो आँखा समाप्त भयो भने पनि आँखा स्वस्थ बनाइ दिन्छु, तिमीसँग पनि भेट्छु अर्थात् तिमीले मलाई प्राप्त गर्ने छौ । ब्रह्मा जीलाई वेद मन्त्रहरू कण्ठस्थ छन् । तत्काल बुझि हाले तर संसारमा लोकवेदको आधारमा ब्रह्मा जीले आफूले स्वयम्‌लाई प्रजापिता अर्थात् सबैको उत्पत्तिकर्ता मानि रहेका थिए । वेदहरू कण्ठस्थ (याद) गर्नु अलग कुरा हो । वेद मन्त्रहरू बुझ्नु विशेष ज्ञान हो । मान बडाइवश ब्रह्मा जीले भने– वेदज्ञान विश्वमा मलाई बाहेक कसैलाई थाहा छैन । यी मन्त्रहरूको अर्थ गलत लगाइएको छ । कबीर परमेश्वरले यस्ता व्यक्तिहरूका लागि यसो भन्नु भएको छः-

कबीर, जान बूझ साच्ची तजैं, करै झूठ से नेह ।
ताकि संगत हे प्रभु, स्वपन में भी ना देय ॥

ब्रह्मा जी गरूड जीको कुरा सुनेर बडो क्रोधित भए र भने– तेरो पक्षीको जस्तो बुद्धि छ । तँलाई कसैले केही भनि दियो भने उसको कुरामा विश्वास गर्छस् । तेरो आफ्नो अक्कल छैन । ब्रह्मा जीले तत्काल विष्णु, महेश इन्द्र, सारा देवताहरू तथा ऋषिहरूलाई बोलाए । सभा बस्यो । ब्रह्मा जीले उपस्थित सबैलाई

बोलाउनुको कारण बताउँदै भने– गरूडले आज ब्रह्मा, विष्णु तथा महेश नाशवान छन्, पूर्ण परमात्मा कोही अरू नै छन्, उनी अमरलोकमा बस्छन्, तिमीहरू कर्ता होइनौ भनेर नयाँ कुरा भनि रहेछ । यो कुरा सुनेर श्री विष्णु जी तथा श्री शिव जी बडो क्रोधित भए र गरूडलाई ब्रह्माले भनेका कुरामा दोष निकालेर नाना-भाँति भने । अनि माता (दुर्गा) जीसँग सत्य जान्ने निर्णय सबैले गरे । सबै मिलेर माताका सामु गए । त्यहाँ त्यही प्रश्न सोधे– हामी (ब्रह्मा, विष्णु तथा शिव) भन्दा अन्य कोही पूर्ण प्रभु छन् ? के हामी नाशवान हौ ? माताले स्पष्टसँग जवाफ दिइन्– तिमीहरू अविनाशी तथा जगतका कर्ता हौ भन्ने भ्रम कहिले देखि भयो ? यदि यस्तो हो भने तिमीहरू मेरा पनि कर्ता (पिता) भयौ, जबकि तिमीहरूको जन्म मेरो कोखबाट भएको हो । वास्तवमा परमेश्वर अरू नै छन्, उनी नै अविनाशी हुन्, उनी नै सबका कर्ता हुन् । यो कुरा सुनेपछि सभा भङ्ग भयो र सबै गए । तर ब्रह्मा, विष्णु तथा शिवले यो सत्यप्रति विश्वास गर्न सकि रहेका थिएनन् । उनीहरूले गरूडलाई बोलाए । गरूड आएर प्रणाम गरे । आदेश पाएर बसे । तीनै देवताहरूले सोधे– हे पक्षीराज ! हामी जगतका कर्ता होइनौं भन्ने कुराको विश्वास तिमीलाई कसरी हुन्छ ? तिमीले चाहेको अनुसार परीक्षा पनि गर्न सक्छौ । गरूड जी उठे र उडेर मेरा (कबीर जीका ) सामु आए र सारा वृत्तान्त बताए । तब मैले भने– बंग देश (अहिले बंगलादेश) मा एउटा ब्राह्मणका १२ वर्षीय बालक छ । उसको उमेर समाप्त हुन लागेको छ । ऊ केही दिनको पाहुना हो । मैले त्यस बालकलाई शरणमा लिनका लागि तिमीलाई बताए जस्तै ब्रह्मा, विष्णु र शिवको अवस्था बताएँ । त्यस बालकले धेरै विवाद गऱ्यो र मेरो ज्ञानलाई स्वीकार गरेनन् । तब मैले त्यस बालकलाई भनें– तेरो आयु तीन दिन मात्र बाँकी छ, तिम्रा ब्रह्मा, विष्णु तथा शिव समर्थ छन् भने आफ्नो रक्षा गराऊ । म यत्ति भनेर अन्तर्ध्यान भएँ । बालक बडो चिन्तित छ । त्यस बालकलाई लिएर देवताहरूका सामुमा जाऊ । उनीहरूबाट हुने त केही होइन । अनि म तिमीसँग ध्यानबाट कुरा गर्छु । त्यसपछि के गर्ने हो, त्यो म तिमीलाई भन्छु । गरूड जी त्यस बालकलाई लिएर ब्रह्मा, विष्णु र शिव कहाँ पुगे । गरूड जीले बालकलाई सम्झाए– म हजुरहरूका भक्त हूँ, मेरा हजुरबुवा, बाजे, पिता र मैले सदा हजुरहरूको पूजा गरेका छौं । मेरो उमेर दुई दिन बाँकी छ । मेरो उमेर पनि के नै भएको छ र ? कृपया मेरो आयु बढाइ दिनु होस् भनेर देवताहरूलाई भन्नूँ । बच्चाले यही अनुरोध गऱ्यो । तीनैले कोशिस गरे तर व्यर्थ रहे । अनि धर्मराज (न्यायाधिश) का सामु जाने विचार गरे । सबैको हिसाब उनैसँग छ । उनलाई भनेर बालकको उमेर बढाइ देऔं । यसो विचार गरेर धर्मराज कहाँ गए । धर्मराजसँग तीनै देवताहरूले यस ब्राह्मणको बालकको उमेर कति बाँकी छ भनेर सोधे । धर्मराजले रजिष्टर हेरेर भोलि यसको मृत्यु हुन्छ भन्यो । तीनै जनाले तपाईं यस बच्चाको आयु थपि दिनु होस् भने । धर्मराजले यो असम्भव छ भने । तब तिनैजनाले भने– हामी पटक पटक आउँदैनौं, आज इज्जत-बेइज्जतको प्रश्न छ,

हामी आएको कुराको इज्जत त राख्नु होस् । धर्मराजले भने– एक पल पनि न घटाउन मिल्छ, न त बढाउन नै मिल्छ । यदि तपाईंहरूले आफ्नो आयु दिनु भयो भने यस बालकको आयु बढाउन सक्छु । यति सुन्नासाथ सबैको होस उड्यो । उनीहरू त्यसबेला यो त परमेश्वरले मात्र गर्न सक्नु हुन्छ भन्न थाले । त्यहाँबाट तत्काल हिंडे र गरूडसँग भने– कुनै अर्को समर्थ प्रभु छन् भने तिमी यसको आयु बढाएर देखाऊ । गरूडले कबीर जीसँग ध्यान (टेलिफोन) द्वारा सम्पर्क गरे । परमेश्वर कबीर जीले ध्यानद्वारा भन्नु भयो– तिमी यसका लागि मानसरोबरबाट जल ल्याऊ । त्यहाँ एक श्रवण नामका भक्त भेट हुने छन् । उसलाई मैले सबै कुरा सम्झाएको छु, तिमीले अमृत लिएर आऊ । गरूड जीले आज्ञा अनुसार काम गरे । अमृत ल्याएर त्यस बच्चालाई पियाए । त्यस बालकको छेउमा म गए । गरूडले उसलाई सारा कुरा सम्झाए र भने– अमृत त बहाना मात्र हो, वहाँ स्वयम् परमेश्वर हुनु हुन्छ । उहाँले जल मन्त्रेर दिनु भएको थियो । बालक तिमी दीक्षा लेऊ । यस अमृतले त १० दिनसम्म मात्र जिवित रहन्छौ । बालकले मबाट दीक्षा लियो । बालक १५ दिनसम्म पनि नमरेपछि गरूडले तीनै ब्रह्मा, विष्णु तथा शिव जीलाई भने– त्यो बालक जिवित छ । मेरा गुरू जीबाट दीक्षा लिएको छ । उहाँले त्यस बालकलाई पूर्ण आयु जिउने आशीर्वाद दिनु भएको छ । ब्रह्मा-विष्णु-महेश तीनै फेरि गरूड जी सहित धर्मराज कहाँ गए । तीनै देवताहरूले धर्मराजलाई सोधे– त्यो बालक कसरी जीवित छ, ऊ त मर्नु पर्ने थियो । धर्मराजले उसको खाता हेर्दा त उसको आयु लामो लेखिएको थियो । तब धर्मदासले भने– यो त माथिबाट नै हुन्छ । यस्तो कहिले-काहीं हुन्छ । ती परमेश्वरको लिला कसले जान्न सक्छ ? तिनै देवताहरू आश्चर्य चकित भए । तर प्रत्यक्ष देखेर पनि मान बडाइको कारणले सत्यलाई स्वीकार गरेनन् । आफ्नो अहम् भाव त्यागेनन् । गरूडलाई अटल विश्वास भयो ।

कबीर, राज तजना सहज है, सहज त्रिया का नेह ।
मान बड़ाई ईर्ष्या, दुर्लभ तजना येह ।।

यस गरूड बोधको अन्त्यमा बासुकी नाग कन्याको प्रकरण गलत तरिकाले लेखिएको छ । यसमा गरूडलाई गुरू पदमा चित्रार्थ गरिएको छ । उनी यस्तो होइनन् । जे जत्ति गरे परमेश्वर कबीर जीले गरेका हुन् ।

## "अब गरूड बोधबाट केही अमृतवाणी पढौं"

### धर्मदास वचन

धर्मदास बीनती करै, सुनहु जगत आधार ।
गरूड़ बोध भेद सब, अब कहो तत्व विचार ।।

### सतगुरू वचन (कबीर वचन)

प्रथम गरूड़ सों भैंट जब भयऊ । सत साहब मैं बोल सुनाऊ ।
धर्मदास सुनो कहु बुझाई । जेही विधि गरूड़ को समझाई ।।

**गरूड़ वचन**

सुना बचन सत साहब जबही । गरूड़ प्रणाम किया तबही ।।
शीश नीवाय तिन पूछा चाहये । हो तुम कौन कहाँ से आये ।।

**ज्ञानी (कबीर) वचन**

कहा कबीर है नाम हमारा । तत्त्वज्ञान देने आए संसारा ।।
सत्यलोक से हम चलि आए । जीव छुड़ावन जग में प्रकटाए ।।

**गरूड़ वचन**

सुनत बचन अचम्भो माना । सत्य पुरूष है कौन भगवाना ।।
प्रत्यक्षदेव श्री विष्णु कहावै । दश औतार धरि धरि जावै ।।

**ज्ञानी (कबीर) बचन**

तब हम कहया सुनो गरूड़ सुजाना । परम पुरूष है पुरूष पुराना ।।(आदि का)
वह कबहु ना मरता भाई । वह गर्भ से देह धरता नाहीं ।।
कोटि मरे विष्णु भगवाना । क्या गरूड़ तुम नहीं जाना ।।
जाका ज्ञान बेद बतलावैं । वेद ज्ञान कोई समझ न पावैं ।।
जिसने कीन्हा सकल बिस्तारा । ब्रह्मा, विष्णु, महादेव का सिरजनहारा ।।
जुनी संकट वह नहीं आवे । वह तो साहेब अक्षय कहावै ।।

**गरूड़ वचन**

राम रूप धरि विष्णु आया । जिन लंका का मारा राया ।।
पूर्ण ब्रह्म है विष्णु अविनाशी । है बन्दी छोड़ सब सुख राशी ।।
तेतीस कोटि देवतन की बन्द छुड़ाई । पूर्ण प्रभु हैं राम राई ।।

**ज्ञानी (कबीर) वचन**

तुम गरूड़ कैसे कहो अविनाशी । सत्य पुरूष बिन कटै ना काल की फांसी ।।
जा दिन लंक में करी चढ़ाई । नाग फांस में बंधे रघुराई ।।
सेना सहित राम बंधाई । तब तुम नाग जा मारे भाई ।।
तब तेरे विष्णु बन्दन से छूटे । याकु पूजै भाग जाके फूटे ।।
कबीर ऐसी माया अटपटी, सब घट आन अड़ी ।
किस–किस कूं समझाऊँ, कूऐ भांग पड़ी ।।

**गरूड़ वचन**

ज्ञानी गरूड़ है दास तुम्हारा । तुम बिन नहीं जीव निस्तारा ।।
इतना कह गरूड़ चरण लिपटाया । शरण लेवों अविगत राया ।।
कबहु ना छोडूँ तुम्हारा शरणा । तुम साहब हो तारण तरणा ।।
पत्थर बुद्धि पर पड़े है ज्ञानी । हो तुम पूर्ण ब्रह्म लिया हम जानी ।।

**ज्ञानी (कबीर) वचन**

तब हम गरूड़ कुं पाँच नाम सुनाया । तब वाकुं संशय आया ।।

यह तो पूजा देवतन की दाता । या से कैसे मोक्ष विधाता ।।
तुमतो कहो दूसरा अविनाशी । वा से कटे काल की फांसी ।।
नायब से कैसे साहेब डरही । कैसे मैं भवसागर तिरही ।।

**ज्ञानी (कबीर) वचन**

साधना को पूजा मत जानो । साधना कूं मजदूरी मानो ।।
जो कोऊ आम्र फल खानो चाहै । पहले बहुते मेहनत करावै ।।
धन होवै फल आम्र खावै । आम्र फल इष्ट कहावै ।।
पूजा इष्ट पूज्य की कहिए । ऐसे मेहनत साधना लहिए ।।
यह सुन गरूड़ भयो आनन्दा । संशय सूल कियो निकन्दा ।।

भावार्थः- परमेश्वर कबीर जीसँग गरूड देवले भने– हे परमेश्वर ! हजुरले त यिनै देवताहरूको नाम मन्त्र दिनु भयो । यो यिनीहरूको पूजा हो । हजुरले भन्नु भएको थियो– यी त केवल १६ कला युक्त प्रभु हुन् । काल एक हजार कलायुक्त प्रभु हुन् । पूर्ण ब्रह्म असङ्ख्य कलाका प्रभु हुन् । हजुरले सृष्टि रचनामा कालले हजुरलाई रोकेको छ र कालको अधीनमा तीनै देवताहरू ब्रह्मा, विष्णु र शिव जी छन् भन्नु भएको थियो । हे परमेश्वर ! नायब (उप अर्थात् सानो) सँग साहेब (स्वामी-मालिक) कसरी डराउँछन् ? अर्थात् ब्रह्मा, विष्णु र शिव जी त केवल काल ब्रह्मका नायब हुन् । जस्तो नायब तहसीलदार अर्थात् सानो तहसीलदार हो भने सानोसँग ठूलो कसरी डराउँछ ? भावार्थः- यी काल ब्रह्मका नायब हुन् । हजुरले यिनकै भक्ति बताउनु भएको छ, यिनैको नाम मन्त्र जाप दिनु भएको छ । यी नायबले आफ्ना साहेब (काल ब्रह्म) बाट हामीलाई कसरी छुटाउन सक्छन् ? तब परमेश्वर कबीर जीले पुजा र साधनामा अन्तर (भेद) बताउनु भयो– यदि कसैलाई आँप खाने इच्छा भयो भने आँप उसको पुज्य हो । त्यस पुज्य वस्तु प्राप्त गर्नका लागि गरिएको प्रयत्नलाई साधना भनिन्छ । जस्तो धन कमाउन मेहनत गर्नु पर्छ र त्यस धनले आँप किनेर खान सकिन्छ । यसैगरी पूर्ण परमात्मा हाम्रा इष्ट देव अर्थात् पुज्यदेव हुन् । देवताहरूको मन्त्र जाप मेहनत (मजदुरी) हो । यस मजदुरीबाट प्राप्त हुने नाम जापको कमाई रूपी धन काल ब्रह्मलाई छोडेर ऋणमुक्त भई आफ्ना इष्ट अर्थात् पूज्यदेव कबीर देव (कविर्देव) लाई प्राप्त गर्ने छौं । यो कुरा सुनेर गरूड जी अति प्रसन्न भए तथा गुरू नै पूर्ण गुरू हुन् भन्ने प्रमाण पनि प्राप्त भयो, पूर्ण गुरूले नै सङ्का समाधान गर्न सक्छन् भन्ने पनि थाहा भयो । गरूडले दीक्षा लिए । गरूडलाई त्रेता युगमा शरणमा लिनु भएको थियो । श्री विष्णु जीको वाहन भएकाले, बारम्बार उनको महिमा सुन्नाले तथा श्री विष्णु जीका केही चमत्कार देखेर गरूड जीको गुरू जीमा आस्था कम भयो, तर गुरूद्रोही भएका थिएनन् । फेरि कुनै जन्ममा मानव शरीर प्राप्त गर्ने छन्, तब परमेश्वर कबीर जीले गरूड जीको आत्मालाई शरणमा लिएर मुक्त गर्नु हुने छ । दीक्षा पश्चात् गरूड जीले

**ब्रह्मा, विष्णु र शिव जीसँग ज्ञान चर्चा गर्ने विचार गरे । गरूड जी ब्रह्मा जी कहाँ गए । उनीसँग ज्ञान चर्चा गरे ।**

**"गरूड़ वचन ब्रह्माका लागि"**

ब्रह्मा कहा तुम कैसे आये । कहो गरूड़ मोहे अर्थाय ॥
तब हम कहा सुनों निरंजन पूता । आया तुम्हें जगावन सूता ॥
जन्म-मरण एक झंझट भारी । पूर्ण मोक्ष कराओ त्रिपुरारी ॥

**"ब्रह्मा वचन"**

हमरा कोई नहीं जन्म दाता । केवल एक हमारी माता ॥
पिता हमारा निराकर जानी । हम हैं पूर्ण सारंगपाणी ॥
हमरा मरण कबहु नहीं होवै । कौन अज्ञान में पक्षि सोवै ॥
तबही ब्रह्मा विमान मंगावा । विष्णु, ब्रह्मा को तुरंत बुलावा ॥
गए विमान दोनों पासा । पल में आन विराजे पासा ॥
इन्द्र कुबेर वरूण बुलाए । तेतिस करोड़ देवता आए ॥
आए ऋषि मुनी और नाथा । सिद्ध साधक सब आ जाता ॥
ब्रह्मा कहा गरूड़ नीन्द मैं बोलै । कोरी झूठ कुफर बहु तोलै ॥
कह कोई और है सिरजनहारा । जन्म(मरण बतावै हमारा ॥
ताते मैं यह मजलिस जोड़ी । गरूड़ के मन क्या बातां दौड़ी ॥
ऋषि मुनि अनुभव बताता । ब्रह्मा, विष्णु, शिव विधाता ॥
निर्गुण सरगुण येही बन जावै । कबहु नहीं मरण मैं आवै ॥

**"विष्णु वचन"**

पक्षीराज यह क्या मन में आई । पाप लगै बना आलोचक भाई ॥
हमसे और कौन बडेरा दाता । हमहै कर्ता और चौथी माता ॥
तुमरी मति अज्ञान हरलीनि । हम हैं पूर्ण करतार तीनी ॥

**"महादेव वचन"**

कह महादेव पक्षी है भोला । हृदय ज्ञान इन नहीं तोला ॥
ब्रह्मा बनावै विष्णु पालै । हम सबका का करते कालै ॥
और बता गरूड़ अज्ञानी । ऋषि बतावै तुम नहीं मानी ॥
चलो माता से पूछै बाता । निर्णय करो कौन है विधाता ॥
सबने कहा सही है बानी । निर्णय करेगी माता रानी ॥
सब उठ गए माता पासा । आपन समस्या करी प्रकाशा ॥

**"माता वचन"**

कहा माता गरूड़ बताओ । और कर्ता है कौन समझाओ ॥

**"गरूड़ वचन"**

मात तुम जानत हो सारी । सच्च बता कहे न्याकारी ॥
सभा में झूठी बात बनावै । वाका वंश समूला जावै ॥

मैं सुना और आँखों देखा । करता अविगत अलग विशेषा ।।
जहाँ से जन्म हुआ तुम्हारा । वह है सबका सरजनहारा ।।
वेद जाका नित गुण गावैं । केवल वही एक अमर बतावै ।।
मरहें ब्रह्मा विष्णु नरेशा । मर हैं सब शंकर शेषा ।।
अमरपुरूष सत पुर रहता । अपने मुख सत्य ज्ञान वह कहता ।।
वेद कहे वह पृथ्वी पर आवै । भूले जीवन को ज्ञान बतलावै ।।
क्या ये झूठे शास्त्रा सारे । तुम व्यर्थ बन बैठे सिरजनहारे ।।
मान बड़ाई छोड़ो भाई । ताकि भक्ति करे अमरापुर जाई ।।
माता कहना साची बाता । बताओ देवी है कौन विधाता ।।

**"माता (दुर्गा) वचन"**

माता कह सुनो रे पूता । तुम जोगी तीनों अवधूता ।।
भक्ति करी ना मालिक पाए । अपने को तुम अमर बताए ।।
वह कर्ता है सबसे न्यारा । हम तुम सबका सिरजनहारा ।।
गरूड़ कहत है सच्ची बानी । ऐसे बचन कहा माता रानी ।।
सब उठ गए अपने अस्थाना । साच बचन काहु नहीं माना ।।

**"गरूड़ वचन"**

ब्रह्मा विष्णु मोहे बुलाया । महादेव भी वहाँ बैठ पाया ।।
तीनों कहे कोई दो प्रमाणा । तब हम तोहे साचा जाना ।।
मैं कहा गुंगा गुड़ खावै । दुजे को स्वाद क्या बतलावै ।।
मैं जात हूँ सतगुरू पासा । ला प्रमाण करु भ्रम विनाशा ।।
त्रिदेव कहें लो परीक्षा हमारी । पूर्ण करें तेरी आशा सारी ।।
हमही मारें हमही बचावैं । हम रहत सदा निर्दावैं ।।
गरूड़ कहा हम करें परीक्षा । तुम पूर्ण तो लूं तुम्हारी दीक्षा ।।
उड़ा वहाँ से गुरू पासे आया । सब वृन्तात कह सुनाया ।।

**"सतगुरू (कबीर) वचन"**

गरूड़ सुनो बंग देश को जाओ । बालक मरेगा कहो उसे बचाओ ।।
दिन तीन की आयु शेषा । करो जीवित ब्रह्मा विष्णु महेशा ।।
फिर हम पास आना भाई । हम बालक को देवैं जिवाई ।।
बंग देश में गरूड़ गयो, बालक लिया साथ ।
त्रिदेवा से अर्ज करी, जीवन दे बालक करो सुनाथ ।।

**"त्रिदेव वचन"**

धर्मराज पर है लेखा सारा । बासे जाने सब विचारा ।।
गरूड़ और बालक सारे । गए धर्मराज दरबारे ।।
धर्मराज से आयु जानी । दिन तीन शेष बखानी ।।
याकी आयु बढ़ै नाहीं । मृत्यु अति नियड़े आयी ।।

त्रिदेव कहँ आए राखो लाजा । हम क्या मुख दिखावैं धर्मराजा ।।
धर्म कह आपन आयु दे भाई । तो बालक की आयु बढ़ जाई ।।
चले तीनों न नहीं पार बसाई । बने बैठे थे समर्थ राई ।।
सुन गरूड़ यह सत्य है भाई । आई मृत्यु न टाली जाई ।।

**"गरूड़ वचन"**

समर्थ में गुण ऐसा बताया । आयु बढ़ावै और अमर करवाया ।।
अब मैं जाऊँ समर्थ पासा । बालक बचने की पूरी आशा ।।
गया गरूड़ कबीर की शरणा। दया करो हो साहब जरणा(विश्वास) ।।

**"कबीर साहब वचन"**

सुनो गरूड़ एक अमर बानी । यह अमृत ले बालक पिलानी ।।
जीवै बालक उमर बढ़ जावै । जग बिचरे बालक निर्दावै ।।
बालक लाना मेरे पासा । नाम दान कर काल विनाशा ।।
जैसा कहा गरूड़ ने कीन्हा । बालक कूं जा अमृत दीना ।।
ले बालक तुरंत ही आए । सतगुरु से दीक्षा पाए ।।
आशीर्वाद दिया सतगुरु स्वामी । दया करि प्रभु अंतर्यामी ।।
बदला धर्मराज का लेखा । ब्रह्मा विष्णु शिव आँखों देखा ।।
गए फिर धर्मराज दरबारा । लेखा फिर दिखाऊ तुम्हारा ।।
धर्मराज जब खाता खोला । अचर्ज देख मुख से बोला ।।
परमेश्वर का यह खेल निराला । उसका क्या करत है काला ।।
वो समर्थ राखनहारा । वाने लेख बदल दिया सारा ।।
सौ वर्ष यह बालक जीवै । भक्ति ज्ञान सुधा रस पीवै ।।
यह भी लेख इसी के माहीं । आँखों देखो झूठी नाहीं ।।
देखा लेखा तीनों देवा । अचर्ज हुआ कहूँ क्या भेवा ।।
बोले ब्रह्मा विष्णु महेशा । परम पुरूष है कोई विशेषा ।।
जो चाहे वह मालिक करसी । वाकी शरण फिर कैसे मरसी ।।
पक्षीराज तुम साचे पाये । नाहक हम मगज पचाऐ ।।
करो तुम जो मान मन तेरा । तुम्हरा गरूड़ भाग बड़ेरा ।।
पूर्ण ब्रह्म अविनाशी दाता । सच्च में है कोई और विधाता ।।
इतना कह गए अपने धामा । गरूड़ और बालक करि प्रणामा ।।
भक्ति करी बालक चित लाई । गरूड़ अरु बालक भये गुरु भाई ।।
धर्मदास यह गरूड़ को बोधा । एक–एक वचन कहा मैं सोधा ।।

**श्री हनुमान जीका गुरू जी को थिए ? "कबीर सागर" बाट अध्याय "हनुमान बोध" को सारांश पढ्नु होस्ः**

## अध्याय "हनुमान बोध" को सारांश

कबीर सागरको पृष्ठ ११३ मा १२ औं अध्यायमा "हनुमान बोध" छ

कबीर सागरको यस अध्यायमा पवनसूत (पुत्र) हनुमान जीलाई शरणमा लिनु भएको प्रकरण छ । धर्मदास जीले प्रश्न गरे– हे परमेश्वर कबीर बन्दी छोड जी ! के हजुरले असल आत्मा पवन पुत्र हनुमान जीलाई पनि भेट्नु भएको हो ?

उत्तरः- (परमेश्वर कबीर जीको ) हो

प्रश्नः- (धर्मदास जीको) हे प्रभु ! के उसले पनि हजुरको ज्ञान स्वीकार गऱ्यो? उनी त म जस्तै श्री राम उर्फ विष्णु, जीमा अटुट श्रद्धा राख्थे । उनलाई तपाईंले शरण लिनु भनेको त सूर्य पश्चिमबाट उदय हुनु समान हो ।

उत्तरः- (परमेश्वर कबीर जीको) परमेश्वर कबीर जीले धर्मदासलाई पवन पुत्र हनुमान जीलाई शरणमा लिएको कुरा विस्तार पूर्वक बताउनु भयो । हनुमान जीलाई परमेश्वर कबीर जीले कसरी शरणमा लिनु भयो भन्ने कुराको सन्त रामपाल दास (सरलार्थ कर्ता) द्वारा गरिएको सरलार्थ तथा रामायणको संक्षिप्त वर्णनः-

रामायण ग्रन्थमा एक बाली नामक राजाको प्रकरण छ । उनको भाइ सुग्रीव थिए । कुनै कारण वश बालीले आफ्ना भाइ सुग्रीवलाई राज्यबाट निकाल्यो । उनकी पत्नीलाई आफ्नो पत्नी बनायो । सुग्रीव दुर देशमा निराश भएर हिंडि रहेका थिए । हनुमान जी राम-राम भन्दै एउटा पहाडमा बसि रहेका थिए । दुबैबीच मित्रता भयो । सुग्रीवले आफ्नो दुःख हनुमानलाई सुनाए । हनुमान जीले शरणागत सुग्रीवलाई सहयोग गर्ने वचन दिए । सुग्रीवले हनुमान जीलाई बालीमा भएको सिद्धि बारे बताउँदै भने–बालीसँग युद्ध गर्ने सामुन्नेको व्यक्तिको आधि शक्ति बालीमा प्रवेश गर्छ। यो कुरा सुनेर हनुमान जी पनि शान्त भए । युद्ध गर्ने इच्छा त्यागि दिए । त्यससमय राजा दशरथका पुत्र रामचन्द्र पनि वनवासमा थिए । उनकी पत्नी सीता जी तथा भाइ लक्ष्मण पनि वनमा साथमा गएका थिए । श्रीलङ्काका राजा रावणकी बहिनी सुपर्णखाँले लक्ष्मणलाई देखेपछि उनीसँग विवाह गर्ने प्रस्ताव राखी लक्ष्मणले मेरो विवाह भइ सकेको छ भने । (लक्ष्मणकी पत्नीको नाम उर्मिला थियो ।) सुपर्णखाँले पटक-पटक विवाह गर्न आग्रह गर्दा शेषनाग अवतार लक्ष्मणले क्रोधवश उसको नाक काटि दिए । सुपर्णखाँले आफ्नो दुर्दशाको बेलि विस्तार आफ्ना दाजु रावणलाई सुनाइन् र सारा ठेगाना पनि बताइन् । रावणले प्रतिशोध लिनका लागि रामकी पत्नी सीताको अपहरण गर्ने योजना बनायो । साधु भेष धारण गरेर आफ्ना मामा मरिचीको सहयोगले रावणले सीता जीको अपहरण गऱ्यो ।

सीता जीको खोजमा श्री राम जी तथा श्री लक्ष्मण जी वन-वन भट्कि रहेका थिए । त्यही समय उनीहरूको भेट श्री हनुमान जी तथा श्री सुग्रीव जीसँग भयो । आपसमा परिचय भयो । सुग्रीवले श्री रामसँग आफ्नो पीडा सुनाए । श्री रामचन्द्र जीले सर्त सुग्रीवलाई भने– यदि मैले तिम्रो राज्य दिलाएँ भने तिमीले सीताको खोज तथा फर्काएर ल्याउन मलाई सहयोग गर्नु पर्छ । कुरो पक्का भयो । श्री रामचन्द्र

जीले वृक्षको आड लिएर युद्ध गरी बालीलाई मारे र सुग्रीवलाई राज तिलक गरि दिए । सुग्रीवले आफ्नो प्रतिज्ञाको पालन गरे । चारै दिशामा सीता जीको खोजी कार्य प्रारम्भ भयो । जटायु पक्षीले रामसँग भन्यो– सीता मातालाई लङ्केश्वर रावणले अपहरण गरेर लग्यो । मैले उसबाट मातालाई छुटाउन कोशिस गर्दा मेरो प्वाँख काटि दियो । रावणसँग कुराकानी गरेर सीतालाई फर्काउनका लागि श्री राम जीले हनुमानलाई राजदूत बनाए । श्री राम जीले सीता जीलाई विश्वास दिलाउनका लागि श्री राम लेखिएको आफ्नो औंठी श्री हनुमान जीलाई दिए । त्यो औंठी देखेपछि सीताले मलाई भेट्न आएको व्यक्ति श्री रामले पठाएका हुन् भन्ने कुरामा विश्वास गर्न सक्थिन् । हनुमान जी श्री रामको औंठी लिएर आकाश मार्गबाट उडेर श्रीलङ्का गए । रावणको एउटा नौ लखा बगैंचा थियो । त्यस बगैंचामा राक्षस रावणले सीता जीलाई कैद गरेर राखेको थियो । हनुमान जीले सीता मातालाई औंठी दिएर आफ्नो विश्वास गराए । सीता जीले रावणले आफूलाई दिएको सारा कष्ट हनुमानलाई बताइन् । सीता जीले आफ्नो हातको बाला निकालेर हनुमान जीलाई दिएर भनिन्– भाइ ! तिमीले यो बाला लगेर श्री राम जीलाई देखाऊ तब मात्र तिमीले सीता जीलाई खोजेर आयौ भन्ने कुरा श्री राम जीलाई विश्वास हुने छ। हुनमान जीले आफ्नो साथमा हिड्नु होस् भन्दा सीता जीले म तिमीसँग जान्न भनेर अस्वीकार गरि दिइन् । हनुमान जीले त्यस बगैंचाको फल खान खोज्दा सीता जीले् भनिन्– भाइ ! रूखबाट झरेको फलमात्र तिमीले खान सक्छौ, फल टिपेर खाने आदेश त मलाई पनि छैन । यस कुराबाट क्षुब्ध भएर पहिले त हनुमान जीले रूख ढाले । अनि पाकेका फल खाए । अनि त्यस वृक्षलाई समुन्द्रमा फ्याँकि दिए । यसरी हनुमान जीले रावणको नौ लखा बगैंचा उजाडेर रूखहरू समुन्द्रमा फ्याँकि दिए । लङ्काका राजा रावणले हनुमानको पुच्छरमा कपडा, रूवा बाँधेर आगो लगाइ दिए । हनुमान जीले आफ्नो पुच्छरको आगोले रावणको लङ्का  जलाइ दिए ।

यस पश्चात् आकाश मार्गबाट उडेर समुन्द्र पार गरेर एउटा पहाडमा ओर्ले । विहानको समय थियो । पहाडमा जलाशय पवित्र जलले भरिएको थियो । नजिकैमा फलदार वृक्ष भएको बगैंचा थियो । हनुमान जीलाई भोक लागेको थियो । स्नान गर्ने विचार गरे । बाला एउटा ढुङ्गामा राखि दिए । स्नान गरि रहँदा पनि हनुमान जीको एक नजर बालामा नै थियो । लङ्गुर बाँदर आयो । त्यसले बाला लिएर हिंड्यो । हनुमान जीलाई यस बाँदरले बाला समुन्द्रमा फाल्छ कि भन्ने कुराले साह्रै चिन्तित गरायो । उनलाई आफ्नो परिश्रममा पानी फेरिने हो कि भन्ने पीर पर्‍यो । तब लङ्कामा जाने बाटो पनि बन्द भइ सकेको थियो । विचित्रको व्याकुलतामा हनुमान बाँदरको पछि-पछि दौडे । हेर्दा-हेर्दै त्यस बाँदरले त्यो बाला एउटा ऋषिको कुटी बाहिर राखेको घडामा हालि दियो र भाग्यो । हनुमान जीले राहतको स्वास फेरे । कलशमा झुकेर हेरी बाला निकाल्न खोज्दा त त्यस घडामा उनले एकै खालका अनेकौं बाला देखे । हनुमान जीलाई फेरि आपत् आइ पर्‍यो । बाला उठाएर

हेर्न थाले, कुनै बालामा पनि केही भिन्नता देखेनन् । आफ्नो बाला कुन हो थाहा पाउन सकेनन् । उनको मनमा यदि मैले गलत बाला लगें र श्री रामले यो बाला सीताको होइन भने भने मेरो सारा प्रयत्न व्यर्थ हुने छ भन्ने विचार आयो । हनुमान जीको छटपटी देखेर नजिकै बसेका एक जना ऋषि मुस्कुराइ रहेका थिए । उनी कुटी बाहिर बसेका थिए । ऋषि जीले भने–पवन पुत्र ! यता आऊ, तिमी कुन समस्यामा छौ ? हनुमान जीले भने– ऋषि जी ! श्री रामचन्द्र जी की पत्नीलाई लङ्काको राजा रावणले अपहरण गरेर लगेको छ । म पत्ता लगाएर आएको छु । ऋषि जीले भने– तिमीले कति औं नम्बरको रामचन्द्रको कुरा गरेका हौ ? हनुमान जीलाई ऋषि आफ्नो होस-हवासमा छ कि भाँग पिएर बसेका छन् भन्ने कुराले आश्चर्य चकित भए । हनुमान जीले सोधे– हे ऋषि जी ! के राम थुप्रै छन् र ? ऋषि जीले भने– हो, कैयौं राम आइ सकेका छन् र पछि पनि जन्मि रहने छन् र मरि रहने छन् । हनुमान जीलाई ऋषि जीको व्यवहार उचित लागेन, तर ऋषि जीसँग विवाद गर्नु पनि आफ्नो हितमा छैन भन्ने सोचे । ऋषि जीले भने– तिमी फल खाऊ, म खाना बनाउँछु, भोजन खाऊ । थाकेका छौ । विश्राम गर । हनुमान जीले भने– ऋषि जी ! मेरो मनको शान्ति नै समाप्त भएको छ । मलाई सीता माताले बाला दिनु भएको थियो । त्यस बाला नभएसम्म श्री रामचन्द्र जीलाई सीता जीको खोज भइ सकेको छ भन्ने कुरामा विश्वास हुने छैन । त्यो बाला ढुङ्गामा राखेर म स्नान गरि रहेको थिएँ । बाँदरले ल्याएर घडामा हालि दियो । वास्तविक वाला कुन हो मैले थाहै पाउन सकिनँ । म त सबै उस्तै देखि रहेको छु । ऋषि रूपमा बस्नु भएको परमेश्वर कबीर जीले भन्नु भयो– हे पवन प्यारा ! तिमी कुनै एउटा बाला उठाएर लैजाऊ, कुनै फरक छैन । फेरि भन्नु भयो– जत्ति बालाहरू घडामा छन्, यत्ति नै पटक दशरथ पुत्र श्री रामको वनबास, सीता अपहरण तथा हनुमानद्वारा खोज भइ सकेको छ । हनुमान जीले भने– ऋषि जी ! एउटा कुरा भन्नु होस्, ल मैले हजुरको कुरा मानें र एउटा कुरा सोध्छु– प्रत्येक पटक सीताको यो क्रम भइ रहन्छ भने बाला त यहीं रह्यो, अनि हनुमानले के लिएर जान्थ्यो त ? ऋषि मुनिन्द्र जीले भन्नु भयो– मैले यस घडालाई आशीर्वाद दिएको छु, यसमा जे वस्तु हाल्यो त्यो दुईटा हुन्छ र उस्तै हुन्छ । यसो भनेर ऋषि जीले एउटा माटोको कचौरा घडामा हाल्नु भयो अनि एउटा अर्को त्यस्तै कचौरा बन्यो । ऋषि मुनिन्द्रले भन्नु भयो– हे हनुमान ! तिमी एउटा बाला लिएर जाऊ, केही समस्या हुदैन । हनुमान जीसँग अर्को कुनै विकल्प थिएन । त्यस घडाबाट एउटा बाला झिकेर उडे ।

श्री रामचन्द्र जीलाई हनुमान जीले सीता जीको चिनो बाला दिए र माता सीताले भनेकी जे जे कुरा थियो सबै भने । श्री रामचन्द्र जी बाला देखेर भावुक भए । हनुमान जीलाई अङ्कमाल गरे र भने– हे सन्तजन ! म तिम्रो यो ममाथिको उपकार कसरी चुकाऊँ ? तिमीले आफ्नो जीवन जोखिममा हालेर मेरो महा कठीन कार्य गऱ्यौ । यो सीताको नै हो । अब सभा बोलाउँछु । भविष्यको योजना तयार

गर्नु पर्छ । समुन्द्रमा पुल बनाउने विचार गरियो । ऋषि मुनिन्द्रको आशीर्वादको शक्तिका कारण नल-नीलको हातबाट पानीमा कुनै वस्तु हाल्दा डुब्दैनथ्यो । ढुङ्गा, काँसका भाँडाकुडा आदि जे हाले पनि पानीमा तैरन्थ्यो । त्यस समय नल नीलले अभिमान वश आफ्नो महिमाको इच्छा राखेर आफ्ना गुरू जी ऋषि मुनिन्द्रको नाम लिएनन् । जसकारणले उनीहरूको त्यो शक्ति समाप्त भयो । रामचन्द्र जी तथा उपस्थित हनुमान सहित सारा योद्धाहरू महादुःखी भए । तीन दिनसम्म श्री राम घुँडा-घुँडा पानीमा डुबि रहे, तर समुन्द्र टस-मस भएन । तब श्रीरामले लक्ष्मणसँग भने– मेरो अग्निवाण निकाल, म समुन्द्र जलाइ दिन्छु, लातको भूत बातले मान्दैन । त्यही समय समुन्द्र विप्र रूप धारण गरेर श्री रामका सामु करबद्ध भएर खडा भयो र भन्यो– भगवान ! म भित्र संसार छ । हजुर पापको भागी नबन्नु होस् । बरू यसो गर्नु होस् ताकि सर्प पनि मरोस् र लठ्ठी पनि नभाँचियोस् ।

हजुरको सेनामा नल नील नामका दुई सैनिक छन् । उनीहरूलाई तिनका गुरूजीको आशीर्वाद प्राप्त छ, जसकारण उनीहरूका हातले पानीमा हालिएका ढुङ्गा पनि तैरन्छ । तब श्री रामले नल नीललाई पानीमा ढुङ्गा हाल्न भने । त्यस समय नल नीलले आफ्नो महिमा चाहे र गुरू जीको स्मरण गरेनन् । जसकारण ऋषि मुनिन्द्र जीले तिनीहरूको शक्ति खोसे र ढुङ्गा पानीमा डुब्यो । समुन्द्रले तिनीहरूको गलती बताए । तब नल-नील जीले गुरू जीको स्मरण गरे । श्री रामचन्द्र जीलाई गुरू जीले आफ्ना शिष्यलाई शक्ति दिन सक्छन् भने मेरो कार्य पनि गर्न सक्छन् भन्ने कुरा महसुस भयो । श्री रामचन्द्र जी, विष्णु जीका अवतार थिए । श्री विष्णु काल निरंजनका पुत्र हुन् । परमेश्वर कबीर जी प्रथम पटक कालको लोकमा जाँदा पहिले त ज्योति निरंजनले झगडा गरेका थिए, उनको केही जोड नचलेपछि चरणमा गिरेर क्षमा याचना गरे र केही आशीर्वाद मागे । ती आशीर्वादहरू मध्ये एउटा यो पनि थियो कि त्रेतायुगमा मेरो अंश विष्णु रामचन्द्र नामले राजा दशरथको घरमा जन्म लिने छन्, उनले वनवास पाउने छन् । उनीसँग उनकी पत्नी सीता पनि हुने छिन् । उनलाई एउटा राक्षसले अपहरण गरेर लङ्का नगरमा लैजाने छ । तब रामचन्द्रले समुन्द्रमाथि पुल बनाउँन चाहने छन्, त्यो बनाउन सक्ने छैनन् । हजुरले त्यो पुल बनाइ दिनु होला । अर्को आशीर्वादः– द्वापरयुगमा उनै कृष्ण रूपमा जन्मने छन् । मृत्यु उपरान्त उसले पुरी नगरमा जगन्नाथ नामले सुमन्द्रको किनारमा मन्दिर बनाउन लगाउने छन् । समुन्द्रले त्यो मन्दिर बन्न दिने छैन । तपाईले समुन्द्रबाट त्यस मन्दिरको रक्षा गर्नु होला । परमेश्वर कबीर जीले म त्यो कार्य गर्ने छु भन्नु भएको थियो । त्यही वचन पालन गर्नका लागि ऋषि मुनिन्द्र रूपमा परमेश्वर कबीर जी सेतुबन्दमा प्रकट हुनु भयो र आउँदा-आउँदै पर्वतको चारैतिर आफ्नो लट्ठीले रेखा अंकित गरि दिनु भयो । नल-नीलले परैबाट आफ्ना गुरू जीलाई चिनि हाले र हाम्रा गुरू जी आउनु भएको छ भने । श्री रामचन्द्र जीले आफ्नो समस्या बताए तथा विनम्र भावले आफ्नो कार्य

सिद्धिका लागि आशीर्वाद मागे । परमेश्वरले भन्नु भयो– नल-नीलले गलती गरे । जसकारण यिनको शक्ति क्षीण भयो । मैले सामुन्नेको पर्वतको वरिपरि रेखा कोरेको छु, त्यस भित्रका ढुङ्गा काठभन्दा पनि हलुका गरि दिएको छु, ती डुब्दैनन् । हनुमान जी रामभक्त थिए । उनले ती ढुङ्गामा राम-राम लेखे र बोकेर लगी समुन्द्रमाथि राखे, ढुङ्गा डुबेन । नल-नीलले ढुङ्गा छाँट-काँट गरी एक-अर्कोसँग अड्काएर जोडेका थिए । पहिले रामबाट ढुङ्गा तैरिएन, नल-नील पनि असफल भए । हनुमान उभिएर राम-राम मात्र भनि रहेका थिए । उनी ढुङ्गा तैरियोस् भन्ने चाहन्थे, तर सब व्यर्थ भयो । ऋषि मुनिन्द्र जी (कबीर जी) ले ढुङ्गा हलुका बनाउनु भएको थियो, जसले गर्दा ढुङ्गा समुन्द्रमा डुबेन । हनुमान जीले त आफ्नो राम-रामको पाठ गर्नका लागि श्रद्धापूर्वक ढुङ्गामा राम-राम लेखि रहेका थिए । उनी त आफू जहाँ बस्थे, त्यही रूख, विरूवा आदिमा राम-राम लेखि रहन्थे । हनुमान जीले त दशरथका पुत्र श्री रामचन्द्र जीलाई जान्नु (चिन्नु) भन्दा पहिले देखि नै राम-राम जाप गर्दथे । जस्तो लोकवेद (दन्त्य कथा) को कथा सुन्दै आएका छौं– नल-नीलले ढुङ्गा तैराएका थिए, तब पुल बनेको थियो । कोही भन्थे– हनुमान जीले ढुङ्गाहरूमा राम-राम लेखेकाले ढुङ्गा तैरिएको थियो । श्री रामले ढुङ्गा तैराएका थिए भन्ने पनि सुनिन्थ्यो । यसको कारण के थियो भने ढुङ्गा तैराउने कुरा भइ रहेको थियो र मुनिन्द्र ऋषि जीले भन्नु भएको थियो– मैले पर्वतको ढुङ्गा हलुका गरि दिएको छु । यो कुराकानी २०-३० व्यक्तिहरूको समक्षमा भएको थियो । बाँकी करोडौं व्यक्तिहरू युद्धका लागि आएका थिए,उनीहरू त आज्ञा पाउनासाथ ढुङ्गा ल्याउन थाले । तिनीहरूले हनुमान जीले राम-राम लेखि रहेको देखे । अरूले ती ढुङ्गाहरू बोकेर ल्याइ रहेका थिए । त्यसपछि नल-नील ढुङ्गाले पुल बनाइ रहेका थिए । श्री रामचन्द्र जी नल-नीललाई स्याबासी दिइ रहेका थिए । उपस्थित अन्य व्यक्तिहरू एक आपसमा कुरा गरि रहेका थिए– हनुमान जीले ढुङ्गामा राम-राम लेखेकाले ढुङ्गा पानीमा तैरि रहेका छन् । केही मानिसहरूलाई नल-नीलका हातमा करामत भएकाले ढुङ्गा तैरि रहेको छ भन्ने लाग्यो । यसरी यो गलत फहमी अर्थात् भ्रम फैलियो । पुल बनाएर युद्धमा केन्द्रित भए । थुप्रै मरे र केही बचेकाहरू आ-आफ्ना घर गए । तिनीहरूले यो गलत सूचना आ-आफ्नो गाउँ तथा नगरमा फैलाए, जुन आजसम्म निर्विवाद चलि रहेको छ तर यस दास (रामपाल दास) ले भनेको कुरा सत्य हो । युद्ध भयो । श्री रामका सेनाहरूमाथि नागफाँस शस्त्र हानियो । जसकारण श्री राम, हनुमान, जाम्बवंत, सुग्रीव, अंगद सहित सारा सेनाहरू नागहरू (सर्पहरू) द्वारा बाँधिए । सर्प बेरिए । हातहरू पनि शरीरसँगै जकडिए । उखुलाई किसानले बाँधे जसरी नै ती निस्क्रिय भए । तब गरूडलाई बोलाइयो । गरूडले सारा नागहरू काटि दिए । तब श्री राम सहित सारा सेनाहरू बन्धन मुक्त भए । लक्ष्मणलाई तीर लागेपछि मुर्छित भए अर्थात् कोमामा गए । तब हुनमान जीले लङ्काबाट बैद्यलाई बोकेर ल्याए । वैद्यले भने– द्रोणागिरी पर्वतमा संजीवनी बूटी छ । त्यसको पहिचान के हो भने यो बूटी रातमा जुनकिरी जसरी बल्दछ ।

सूर्योदयभन्दा पहिले त्यो जडी ल्याउन सकियो भने लक्ष्मण जीवित हुन सक्छन्, अबेला भयो भने मृत्यु निश्चित छ । यो कार्य हनुमान जीलाई सुम्पदै श्री रामले भने– बजरङ्ग बली ! तिमी बिना यो कार्य सम्भव छैन । आज्ञा पाउनासाथ हनुमान जी आकाश मार्गबाट उडे । द्रोणागिरीमा राक्षसहरूले आफ्नो मायाले अन्य सारा नक्कली जडीबुटीहरूमा पनि चमक भरि दिए । वैद्यले भनेका थिए– त्यो अत्यधिक कम सङ्ख्यामा पाइन्छ । दिनमा त्यस जडीबुटि पहिचान गर्न सकिदैन किनकि त्यसको छेउ छाउमा त्यस्तै औषधिको बिरूवा उम्रिएको हुन्छ । हनुमान जीलाई कुरा बुझ्न समय लागेन् । उनले द्रोणागिरी पर्वत नै उठाए र आकाश मार्गबाट हिंडे । हनुमान जीलाई लक्ष्मण र श्री रामले भाइ भरतको विषयमा भनेको कुरा खट्कि रहेको थियो । उनीहरू भन्थे– यदि आज भरत भइ दिएको भए एक्लैले रावण यिनका लाख पुत्रहरू र सवालाख नातिहरू यमलोक पठाइ दिने थिए । हिड्दा-हिड्दै हनुमान जीको मनमा भरतको परीक्षा लिने विचार आयो । भरतलाई राम तथा रावणको युद्ध चलि रहेको छ भन्ने थाहा थियो । आकाश मार्ग हुँदै पर्वत सहित हनुमान जीलाई जाँदै गरेको देखेर भरतले मनमनै विचार गरे– यो कुनै राक्षस गइ रहेको छ । यसले थुप्रै नोक्सान पुऱ्याउन सक्छ । भरत जीले तीर हाने । हनुमान जीले तीर लागेको बहाना बनाएर हे राम-हे राम भन्दै धर्तीमा ढले । पर्वतलाई पनि धर्तीमा राखि दिए । राम शब्द सुनेर भरतलाई यो आफ्नै पक्षको होला भनेर थाहा पाउन समय लागेन । नजिक गएर सोधे– तिमी को हौ ? कहाँ जाँदै छौ ? पर्वत किन उठाएका हौ ? मेरो नाम भरत हो । म श्री राम तथा लक्ष्मणको भाइ हूँ । हनुमान जीले भने– मेरो नाम हनुमान हो । राम र रावणको युद्ध चलि रहेको छ । हजुरका भाइ लक्ष्मण तीर लागेर मुर्छित भएका छन् । वैद्यले द्रोणागिरीमा उपचारको औषधि छ भन्ने बताएका थिए । मैले त्यो औषधि चिन्न सकिनँ, त्यसैले पर्वत नै उठाएर लैजादै छु । सूर्यादय पूर्व नै पुग्नु छ । अन्यथा लक्ष्मणको मृत्यु हुने छ । तपाईंले सोच-विचार नगरिकन नै तीर हान्नु भयो, अब म कसरी समयमा पुग्न सक्छु ? सूर्योदय पश्चात् लक्ष्मण संसारमा रहने छैनन् । भरतले तीर हान्ने कारण बताए र भने– हे अंजनीका लाल ! चिन्ता नगर । तिमी द्रोणागिरी उठाऊ र वाणको अग्रभागमा बस । आफ्नो दुबै गोडा अगाडि-पछाडि पारेर खडा होऊ । म तीरद्वारा तिमीलाई पर्वत सहित तिमीभन्दा पहिले लङ्का पुऱ्याइ दिन्छु । हनुमान जीलाई आफ्नो शक्तिप्रति अत्यधिक गर्व थियो । जमीनमा राखिएको तीरमा दुबै गोडा राखी पर्वतलाई हातमा राखेर हनुमान जी खडा भए । भरत जीले तीर हनुमान जी तथा पर्वत सहित उठाएर धनुषको ताँदो (प्रत्यन्चा) मा चढाउनका लागि छातिको बराबरमा ल्याएर छोड्न लाग्दा हनुमान जी आश्चर्य चकित भए र मनमनै सोचे– मेरो र द्रोणागिरीको भार यसरी उठाए, जस्तो केवल तीर मात्र उठाएका हुन् । हनुमान जीले भने– हे दशरथका लाल ! म त हजुरको परीक्षा लिइ रहेको थिएँ । म स्वस्थ छु । म स्वयम् उडेर समयपूर्व नै पुग्छु । यदि भरत भएको भए उनी एक्लै

रावण तथा रावणका सेनाका लागि पर्याप्त हुने थिए भनेर हजुरका दाजुहरूले हजुरको प्रशंसा गर्नु हुन्थ्यो । मलाई उहाँहरूको कुरामा विश्वास भइ रहेको थिएन । आज आफ्नै आँखाले देख्दै छु । हजुर वास्तवमा शूरवीर तथा बलवान हुनु हुन्छ । हजुरले मेरो अभिमान पनि चकनाचुर पारि दिनु भयो । यति भनेर हनुमान जी त्यस तीरबाट हाम फालेर उडें । त्यस समय तीर टस-मस पनि भएन ।

यहाँ विचार गर्ने कुरा छ । यदि कसैले भार उठाउँछ भने दुबै हातले वा एक हातले समातेर उठाउँछ, तर त्यही भार कसैले कुनै लट्ठीले उठाउन चाहन्छ भने कदापि उठाउन सक्दैन । अलिकति भार मात्र त्यस लट्ठीको सहयोगले उठाउन मिल्छ । भरत जीले महाबली हनुमान जी तथा द्रोणागिरी पर्वत धरतीबाट ५० फुट माथि उठाए । त्रेता युगमा मानिसको उचाइ लगभग ७० वा ८० फुट हुन्थ्यो । यो कुनै सामान्य कुरो होइन् । कसैले कुनै व्यक्तिलाई लट्ठीले उठाएर हेरोस् कस्तो महसुस हुन्छ ? लक्ष्मणलाई वैद्यले संजीवनी औषधि खुवाएर स्वस्थ तुल्याए । युद्ध भयो, रावण मारिए । रावणले प्रभु शिवको भक्ति गरेका थिए । दशपटक आफ्नो शिर काटेर शिव जीलाई चढाएका थिए । दशपटक शिव जीले उसको शिर फिर्ता गरी दिए र तिम्रो मृत्यु दश पटक शिर काटिए पश्चात् मात्र हुन्छ भनी आशीर्वाद दिए । रावणको दश पटक शिर काटिएको थियो अनि नाभिमा तीर लाग्नाले नाभि अमृत नष्ट भयो र रावणको बध भयो । दसपटक शिर काटियो र दसै पटक पुनः शिर शरीरमा जोडियो । अनि विभिषणले रावणको नाभिमा अमृत रहेको कुरा सुनाएपछि रामचन्द्रले रावणको नाभिमा तीर हान्ने भरपुर कोशिस गरे । रावणको पनि नाभिमा तीर नलागोस् भन्ने कुरामा ध्यान केन्द्रित थियो । रामचन्द्र जीले परमेश्वरलाई याद गरे– यस राक्षसलाई मार्नु होस्, मलाई सहयोग गर्नु होस् । हे महादेव ! हे देवहरूका पनि देव ! हे महाप्रभु ! मलाई सहयोग गर्नु होस् । हजुरकी छोरी (सीता) महाकष्टमा छिन् । हजुरका बच्चाहरू तेतीस करोड देवताहरूलाई पनि यसै राक्षसले जेलमा राखेको छ । परमेश्वर कबीर जीले तत्काल गुप्त रूपमा रामचन्द्रका हातहरूमा आफ्नो सुक्ष्म हात राख्नु भयो र तीर रावणको नाभिमा हान्नु भयो । तब रावण मारियो ।

**{परमेश्वर कबीर जीको प्राप्ति पश्चात् सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा प्रान्त) ले परमेश्वर कबीर जीको महिमा बताएका छन् । कबीर जीले भन्नु भएको छः-**

कबीर, कह मेरे हंस को, दुःख ना दीजे कोय ।
संत दुःखाए मैं दुःखी, मेरा आपा भी दुःखी होय ॥
पहुँचुँगा छन एक मैं, जन अपने के हेत ।
तेतीस कोटि की बंध छुटाई, रावण मारा खेत ॥
जो मेरे संत को दुःखी करैं, वाका खोऊँ वंश ।
हिरणाकुश उदर विदारिया, मैं ही मारा कंस ॥

राम-कृष्ण कबीर के शहजादे, भक्ति हेत भये प्यादे ॥

लङ्काको राज्य रावणका कान्छा भाइ विभीषणलाई दिए । श्री रामले सीताको अग्नि परीक्षा लिए । यदि रावणले सीता मिलन गरेको छ भने अग्निमा जलेर मर्ने छिन् । यदि सीता पवित्र छिन् भने अग्निमा जल्दिनन् । सीता जी अग्निमा जलिनन् । उपस्थित लाखौं मानिसहरूले सीता जीको जय जयकार लगाए । सीताले सतीको पदवी पाइन् । रावणको बध अशोज महिनाको शुक्ल पक्षको दशमीमा भएको थियो ।

रावण बधको २० दिन पश्चात् १४ वर्षको वनवासको समयावधि पूरा गरेर श्री राम, लक्ष्मण र सीता पुष्पक विमानमा बसेर अयोध्या नगरमा आए । त्यस दिन कात्तिक महिनाको औंसी थियो । त्यस कालो औंसीमा गाईको घिउको दीप आ-आफ्ना घरमा तथा माथि भण्डारामा बालेर श्री राम, सीता र लक्ष्मणको आगमनको खुशी मनाए । भरतले आफ्ना दाजु श्री रामचन्द्र जीलाई राज्य फिर्ता गरे । एक दिन श्री रामचन्द्र जीसँग सीताले भनिन्– म युद्ध लड्ने योद्धाहरूलाई केही इनाम दिन चाहन्छु । इनाममा सीता जीले हनुमानलाई आफ्नो गलाको असली मोतीको माला निकालेर दिइन् र भनिन्– हे हनुमान ! यो अनमोल उपहार म तिमीलाई दिदै छु, यसलाई राम्रोसँग सम्हालेर राख्नु । हनुमान जीले त्यस माला चुडाए र फुटाए । अर्को फुटाए, यसरी हेर्दा हेर्दौ सारा मोती फुटाएर भुईमा फ्याँकि दिए । हनुमान जीको यो व्यवहार सीता माता जीलाई राम्रो लागेन । उनी क्रोधित भएर भन्न थालिन्– हे मूर्ख । यो के गरेको ? यस्तो अनमोल माला सर्वनाश गरिस् । तँ बाँदरको बाँदर नै रहिस् । मेरा आँखा सामुन्नेबाट गइ हाल् । त्यस समय रामचन्द्र पनि सीता जीको साथमा सिंहासनमा विराजमान थिए । उनले पनि हनुमानको यस व्यवहारलाई राम्रो मानेनन् र चुप रहे । हनुमान जीले भने– माता जी ! जुन वस्तुमा राम नाम अंकित छैन, त्यो मेरा लागि कुनै कामको छैन । मैले मोती फुटाएर हेरें, यसमा राम नाम देखिनँ । त्यसैले यो मेरा लागि कुनै कामको छैन । सीता जीले भनिन्– के तेरो शरीरमा पनि राम नाम लेखिएको छ ? अनि यो शरीर के का लागि साथमा राखेको छस्, यसलाई पनि चिरेर फ्याँकि दे । त्यही बेला हनुमान जीले आफ्नो छाति चिरेर देखाइ दिए । त्यसमा राम-राम लेखिएको थियो । त्यही समय हनुमान जी अयोध्या त्यागेर त्यहाँबाट कहीं पर गए ।

श्री रामचन्द्र जी आफ्नो अयोध्या नगरका जनताहरूको दुःख-दर्द बुझ्नका लागि गुप्त रूपमा रातको समय भेष बदलेर घुम्ने गर्थे । केही वर्ष पश्चात् राजा रामचन्द्र जी रातमा अयोध्या नगरको गल्लीमा विचरण गरि रहँदा एउटा घरबाट ठूलो-ठूलो आवाज आइ रहेको थियो । राजा रामचन्द्र जीले नजिकै गएर वार्ता सुने । एउटा धोबीकी पत्नी झगडा गरेर घर छोडेर गएकी थिइन् । दुई-तीन दिन आफ्नी दिदीको घरमा बसी र फर्केर आई । धोबी उसलाई कुट्दै भनि रहेको थियो– मेरो घरबाट निस्की, तँ दुई रात बाहिर बसेर आएकी होस् । म तँलाई

घरमा राख्दिनँ । कलङ्कित भएकी छेस् । ऊ भनि रहेकी थिई– म भगवानको कसम खान्छु, राजा रामको कसम खान्छु, म पवित्र छु । तपाईंले कुटेपछि म रिसले आफ्नी दिदीको घर गएकी थिएँ, म निर्दोष छु । धोबीले भन्यो– म दशरथ पुत्र रामचन्द्र होइन्,जसले आफ्नी कलङ्कित पत्नीलाई घरमा ल्याएका छन्, जो बषौसम्म रावणसँग बसेकी थिइन् । अयोध्या नगरमा सारा मानिसहरू चर्चा गरि रहेका छन् । यस्तो व्यक्तिले के जिउनु, जसकी पत्नी अपवित्र भएकी छिन् । राजा रामले धोबीको मुखबाट यो कुरा सुनेपछि उनलाई आफ्नो कानमा तातो तेल हालेको जस्तै भयो ।

अर्को दिन रामचन्द्र जीले सभा बोलाएर नगरमा चलि रहेको चर्चाको बारेमा सुनाए र भने– यो चर्चा तब मात्र बन्द हुन्छ, जब मैले सीतालाई घरबाट निकाल्छु । त्यही समय सीता जीलाई घरबाट सभामा बोलाइयो र घरबाट निस्कन आदेश दिइयो । कारण पनि बताइयो । सीता जीले बिनय पनि गरिन्– हे स्वामी ! म पनि आत्मादेखि नै भन्दछु, रावणले मसँग मिलन गरेको थिएन । कारण के थियो भने उसलाई एउटा ऋषिले श्राप दिएका थिए । यदि तैंले कुनै परस्त्रीलाई बलात्कार गरिस् भने तत्काल मृत्यु हुने छ । यदि परस्त्रीको सहमतिले मिलन गरिस् भने यस्तो हुने छैन । यसै कारणले रावणले मिलनका लागि मलाई छुन पनि सकेन । हे प्रभु ! म गर्भवती छु । यस्तो स्थितिमा म कहाँ जाऊँ ? रावण जस्ता व्यक्तिहरूको अभाव छैन । रामचन्द्र जी आदेश दिएर सभा छोडेर गए । उनी म निन्दाको पात्र बन्न चाहन्न, मेरो कुलमा दाग लाग्ने छ भन्दै गए । सीता जीले पैताला मुनिको धरती भासिएको जस्तै देखिन् । आकाशमा अन्धकार छाएको देखिन् । संसारमा जीवन केही दिन मात्र बाँकी छ जस्तो लाग्यो ।

सीता अयोध्या छोडेर हिडिन् । फर्की फर्की आफ्नो राम तथा उसका महलहरू हेर्ने कोशिस गरि रहिन् र टाढा जङ्गलमा गएर ऋषि वाल्मीकिको कुटीको छेउमा थाकेर लडिन्, अचेत भइन् । ऋषि वाल्मीकि स्नान गर्नका लागि आश्रमबाट निस्के । सामुन्नेमा गर्भावस्थामा एउटी युवतिलाई अचेत देखेर छेउमा गए । आश्रमबाट औषधि ल्याए । सीता जीको मुखमा औषधि हालि दिए । गर्मीको मौसम थियो । शितल जलको छिटा अनुहारमा छर्के । सीता जी सचेत भइन र उठेर बसिन् । ऋषिले नाम र गाँउ सोधे । उनले भनिन्– तल पृथ्वी, माथि आकाश र त्यसपछि केही भन्न अस्वीकार गरिन् । ऋषि दयावान हुन्छन् । उनले भने– छोरी, संसार त स्वार्थको छ । धन्यवाद देऊ परमात्मालाई, तिमी मेरो आश्रममा आयौ । छोरी, मलाई आफ्नो पिता मान र मसँगै बस । सीता जी वाल्मीकि ऋषिको आश्रममा बस्न थालिन् । ऋषि जीले पनि कुरा अगाडि बढाएनन् । त्रेता युगमा ऋषि मुनिन्द्र जीको रूपमा लिला गर्न आउनु भएका परमेश्वर कबीर जीले हनुमान जीलाई भेट्नु भयो । सत साहेब भन्नु भयो । हनुमान जीले राम-राम भन्दै उभिएर ऋषि जीलाई सत्कार गरे । एउटा ढुङ्गामा आफू बसे र अर्को ढुङ्गामा ऋषि जीलाई बस्न आग्रह गरे । दुबैले स्थान ग्रहण गरे । हनुमान जी ऋषि जीलाई चिन्न कोशिस गर्न थाले । ऋषि जीले भन्नु भयो– हनुमान तिमी के सोचि रहेका छौ ? म त्यही

ऋषि हूँ, मेरो आश्रममा बाँदरले सीता जीको बाला घडामा हालेको थियो । त्यसमा अरू बाला पनि त्यस्तै नै थिए । हे हनुमान ! त्यो बाला कस्तो रह्यो ? हनुमान जीलाई चिन्न समय लागेन र ऋषि जीलाई प्रणाम गरे । हे ऋषि जी ! हजुर के कत्ति कामले आउनु भयो ? परमेश्वर कबीर जी (मुनिन्द्र ऋषि रूपमा) ले भन्नु भयो– हे पवन पुत्र ! म तिमीलाई भक्तिको ज्ञान बुझाउन आएको हूँ । तिमी जुन दशरथ पुत्र रामचन्द्रलाई पूर्ण परमात्मा मानेर पूजा गरि रहेका छौ, ती पूर्ण परमात्मा होइनन् । तिमी धोकामा छौ । जो जन्मन्छ-मर्छ, ऊ पूर्ण परमात्मा हुन सक्दैन । पूर्ण परमात्मा त अविनाशी छन् । हनुमान जीले भने– हे ऋषिवर ! म हजुरका वचनहरूले आहत हुन्छु । मेरा भावनाहरूमा चोट लाग्छ । हजुर अन्य विषयमा चर्चा गर्नु होस् । परमेश्वर कबीर जीले भन्नु भयो– यदि कुनै व्यक्ति गलत बाटोमा गइ रहेको छ, उसले त्यो बाटोलाई सही मानेर हिंडि रहेको छ, जुन डाकुहरूको घरमा पुग्छ । त्यस अवस्थामा यदि कुनै सज्जन पुरूषले उसलाई भने– तिमी गइ रहेको बाटोमा तिम्रो ज्यान तथा धनमालको खतरा छ, अगाडि डाकुहरूको वस्ती छ । पहिले उनीहरूले कुट्छन्, अनि लुट्छन् । यस्तो अवस्थामा यदि त्यो व्यक्तिले तपाईं मेरा भावनाहरूलाई चोट पुऱ्याउँदै हुनु हुन्छ भन्छ भने त्यो कति सत्य हो ? हनुमान जी चुप रहे, तर उनी मुस्कुराए, मानौं उनी भनि रहेका थिए– हजुर सत्य भन्नु हुन्छ । हनुमानको अनुहारमा शान्तिको चिन्ह देखेर परमेश्वरले भन्नु भयो– श्री रामचन्द्र जी श्री विष्णु जीका अवतार हुन् । श्री विष्णु जी, श्री ब्रह्मा जी तथा श्री शिव जीका पिता काल ब्रह्म हुन् । यिनैलाई ज्योति निरंजन पनि भनिन्छ । काललाई उसले गरेको गल्तीका कारण श्राप लागेको छ– एक लाख मानव शरीरधारी प्राणिहरू प्रतिदिन खाने छन् र प्रत्येक दिन सवालाख उत्पन्न गर्ने छन् । जसकारणले उसले आफ्ना तीनै पुत्रलाई एक-एक विभागको स्वामी बनाएका छन् । श्री ब्रह्मा जी रजगुण हुन् । जसको प्रभावले सम्पूर्ण प्राणी प्रेरित भएर सन्तान उत्पत्ति गर्दछन् । जसकारण श्री ब्रह्मा जीलाई भुलवश उत्पत्तिकर्ता मानेका छन् । उत्पत्तिकर्ता त पूर्ण परमात्मा हुन् ।

कालले आफ्ना दोस्रो पुत्र विष्णुलाई कर्मानुसार पालन गर्ने विभाग दिएका छन् । विष्णु सतगुण हुन् । कालले तेस्रो पुत्र तमोगुणी शिवलाई एक लाख मानव शरीरधारी जीवहरूलाई मारेर उसकहाँ पठाउने विभाग दिएको छ । ऊ स्वयम् अव्यक्त (गुप्त) रहन्छ । तिमी देखि रहेका छौ, यहाँ कुनै पनि जीव अमर छैन, देवता पनि मर्दछन् । ब्रह्मा, विष्णु, शिव पनि जन्मन्छन् र मर्छन् । पूरा आयु जिउनेहरू सबैको वृद्धावस्था पनि आउँछ । एउटा लोक यस्तो पनि छ, जहाँ वृद्धावस्था तथा मरण छैन । त्यहाँ कुनै रावणले कसैको पत्नीलाई अपहरण गर्दैन । तिम्रै आँखाको सामुमा लङ्कामा भएको राम-रावणको युद्धमा कत्ति व्यक्ति तथा अन्य प्राणीहरू मारिए, मात्र एक सीतालाई मुक्त गराउनका लागि । तिमीले श्री रामचन्द्रका लागि आफ्नो प्राणको बाजी लगाएर लङ्का जलायौ । रावणका दाजु

पातालका राजा अहिरावणले राम तथा लक्ष्मणलाई अपहरण गरेर लग्यो । उनीहरूको बली दिन ठिक्क पारेको थियो । तिमी त्यहाँ गयौ र दुबैलाई जीवितै ल्यायौ । तिमी नै बताऊ, के ती परमात्मा हुन् ? जत्तिखेर नाग फाँस शस्त्र छोड्नाले सर्पहरूले श्री राम, तिमी, लक्ष्मण तथा सम्पूर्ण सेनालाई समेत बाँधेका थिए । तिमीहरू सबैलाई सर्पहरूले जकडेका थिए । तिमीहरू सबै विवश थियौ । केही समयमा रावणका सेनाहरूले तिमीहरू सबैलाई सजिलै काट्ने थिए । त्यस समय गरूडको पुकार गरियो । गरूडहरूले नागहरूलाई काटि दिए । तिमीहरू तथा श्री रामचन्द्र बन्धनमुक्त भए । यदि परमात्मा नै यति विवश छन् कि आफ्नो बन्धन-काट्न सकेनन् भने पुजारीहरूको के हुन्छ ? विचार गर ।

काटे बंधत विपत में, कठिन कियो संग्राम । चिन्हो रे नर प्राणियो, गरूड़ बड़ो के राम ॥

हनुमान जीले भने ऋषि जी ! समुन्द्रमा पुल बनाउनु के आम मानिसको कार्य हो ? यो परमात्मा बिना बनाउन सकिदैन ।

समन्दर पांटि लंका गयो, सीता को भरतार । अगस्त ऋषि सातों पीये, इनमें कौन करतार ॥

यदि तिमी समुन्द्र माथि सेतु बनाएकाले श्री रामचन्द्र जीलाई परमात्मा मान्दछौ भने अगस्त ऋषिले त सातै सागर पिएका थिए । यिनीहरूमा परमात्मा को हो त ?

ऋषि मुनिन्द्र जीले भन्नु भयो– तिमीले भुल्यौ कि कसो ? एक जना ऋषि आएका थिए । उनले एउटा पर्वतका ढुङ्गाहरूलाई आफ्नो लट्ठीले रेखा कोरेर हलुका पारेका थिए । अनि ढुङ्गा तैरिएको थियो र पुल बनेको थियो । रामचन्द्र त तीनदिनदेखि बाटो मागि रहेका थिए । समुन्द्रले नै नल-नीलको विषयमा बताएको थियो । हनुमान जीले भने– उनी त विश्वकर्मा जी थिए, जो श्री रामचन्द्र जीले बोलाएपछि भेष बदलेर आएका थिए । परमेश्वर कबीर जीले भन्नु भयो– विश्वकर्मा जीले त पुल बनाउन सक्छन्, तर पानी माथि ढुङ्गा तैराउन सक्दैनन् । नल-नीलको हातमा शक्ति थियो । उनीहरूको हातले हालेको वस्तु जलमा माथि तैरिने गर्थ्यो । त्यस दिन तिनीहरूमा अभिमान आएको थियो । उनीहरूको शक्ति समाप्त भएको थियो । त्यो आशीर्वाद मेरै थियो । हनुमान जीले भने– के हजुर नै ऋषि मुनिन्द्र जी हुनु हुन्छ ? परमेश्वर जीले भन्नु भयो– हो । मुनिन्द्र जीले भन्नु भयो– तिमीले आफ्नो प्राणको परवाह नगरी राम जीका लागि के गरेनौ? जब सीताले तिमीलाई अपशब्द भनिन् र घर छोडन् भनिन्, त्यस समय श्री राम त्यहीं विराजमान थिए । सीता यसो नगर भनेर एक शब्द पनि भनेनन् । पवन पुत्र त भित्र देखि स्वीकार गरि रहेका थिए, तर बाहिरी रूपमा भनिरहेका थिए– ऋषि जी ! कसैको आलोचना गर्नु हुन्न । मुनिन्द्र जीले भन्नु भयो– सत्य भन्नु आलोचना होइन । यदि रामचन्द्र र सीतामा असल इन्सानको जस्तो गुण भएको भए पनि आजीवन तिम्रो उपकार मान्ने थिए र आफ्ना चरणमा राख्ने थिए । तिमी त उनीहरू बिना जिउन पनि उचित ठान्दैनौ । सुन ! तिमीसँग जस्तो व्यवहार गरे, त्यसको फल पनि सीता

र रामचन्द्रले पाइ सके । केही वर्ष पश्चात् सीतालाई श्री रामले घरबाट निकालि दिए । त्यस समय उनी गर्भवती थिइन् । यो सुनेर हनुमानका आँखाबाट आँसु आयो र ऋषि जीका चरणमा गिरे । केही बोलेनन् । अयोध्या वासीहरूले दुई वर्ष दिपावली र दसैं मनाएका थिए । त्यसपछि बन्द भयो– जुन देवीका लागि रावणलाई मारे, आज फेरि तिनले कति रावणहरूको कष्ट झेल्नु पर्ने छ । दिपमाला खुशीको प्रतीक हो । जब राजा र रानी भिन्न-भिन्न भए भने न राजालाई दीपावली राम्रो लाग्छ, न प्रजालाई । त्यसैले दीपावली पर्व त्यही बेलादेखि बन्द भएको थियो । दुई वर्ष मनाइएको आधारमा सोझा-साझा जनताहरू यो पर्व मनाइ रहेका छन् ।

यसैगरी दसैं तथा रावण दहनको परम्परा चल्दै आएको छ । यदि कसैको घरमा कसैको मृत्यु भयो भने त्यो परिवार तथा आफन्तले कुनै चाड पर्व मनाउँदैनन्।

हनुमान जीले भने– प्रभु ! परमेश्वरको चर्चा गर्नु होस् । कबीर परमेश्वर जीले सृष्टि रचना सुनाउनु भयो । सत्यकथा सुनेर हनुमान जी गदगद भए । सत्यलोक हेर्ने प्रार्थना गरे । परमेश्वर आकाशमा उड्नु भयो । हनुमान जी हेरि रहेका थिए । परमेश्वर कबीर जी केही समय अन्तर्ध्यान हुनु भयो । हनुमान जी अब यी ऋषि कसरी भेटिन्छन् भनेर चिन्तित भए । यत्तिकैमा आकाशमा विशेष खालको प्रकाश देखियो । हनुमान जीलाई दिव्य दृष्टि दिएर सतलोक देखाउनु भयो । ऋषि मुनिन्द्र जी सिंहासनमा बसेको दृश्य हनुमान जीले देखे । उहाँको शरीरको प्रकाश अत्यधिक थियो । शिरमा मुकुट तथा राजाहरूका समान छत्र थियो । केही समय ती दृश्य देखाएर दिव्य दृष्टि समाप्त गर्नु भयो । मुनिन्द्र जी तल आउनु भयो । हनुमान जीलाई उहाँ नै परमेश्वर हुनु हुन्छ र सत्यलोक सुखको स्थान हो भन्ने विश्वास भयो । परमेश्वर कबीर जीबाट दीक्षा लिए । आफ्नो जीवन धन्य तुल्याए । मुक्तिका अधिकारी भए । यसरी पवित्र आत्मा परमार्थी स्वभाव हनुमान जीलाई परमेश्वर कबीर जीले आफ्नो शरणमा लिनु भयो । संसार तथा कालको स्वामीले भलै परमार्थी आत्मालाई परोपकारको फल दिदैन तर परमेश्वरले यस्ता आत्माहरूलाई आफ्नो शरणमा अवश्य लिनु हुन्छ किनकि यस्ता आत्माहरू नै परम भक्त बनेर भक्ति गर्दछन् र मोक्ष प्राप्त गर्दछन् । परमार्थीलाई धोका दिने सांसारिक व्यक्तिहरू आजीवन कष्टमय जीवन व्यतित् गर्दछन् ।

श्री रामचन्द्र जीले अन्त समयमा आफ्नै पुत्रहरू लव र कुशबाट पराजयको अनुहार देख्न पर्‍यो । सीता जीले उनको दर्शन गर्नु पनि उचित ठानिनन् । हेर्दा-हेर्दै पृथ्वीमा समाहित भइन् । यस ग्लानिबाट श्री रामचन्द्र जीले अयोध्याको नजिकै बग्ने सर्यु नदीमा हाम फालेर आफ्नो जीवन लिला जल समाधि लिएर समाप्त गरे । परमार्थी हनुमान जीलाई निस्वार्थ रूपमा दुःखीहरूको सहायता गरेको फल प्राप्त भयो । परमात्मा स्वयम् आएर मोक्षको मार्ग बताउनु भयो । जीवको कल्याण भयो । हनुमान जीले फेरि मानव जीवन प्राप्त गर्ने छन् । तब परमेश्वर कबीर जीले

उनलाई शरणमा लिएर मुक्त गराउनु हुने छ । त्यस आत्मामा सत्य भक्तिको बिउ परि सकेको छ ।

## हामी कालको जालमा कसरी फँस्यौं ?

कृपया यसको उत्तर यसै पुस्तक "जिउने मार्ग" को अध्याय "सृष्टि रचना" पृष्ठ २५० देखि ३०३ मा पढ्नु होस् ।

## "कबीर परमेश्वर जीको कालसँगको वार्ता"

आज हामी काल ब्रह्मको लोकमा छौं । आत्मा माथि स्थूल आदि शरीरले ढाकेर कालले जीव बनाइ दिएको छ । यसले जीवलाई भ्रमित तुल्याएको छ । आत्माका जनक पूर्ण परमात्मालाई बिर्साइ दिएको छ । स्वयम्लाई परमात्मा सिद्ध गरेको छ । यस परमात्माको अंशले जीवात्मालाई दुःख दिन्छ ताकि परमात्मा दुःखी होऊन् । यही काल नै मनको रूपमा प्रत्येक आत्माको साथमा रहन्छ । गल्ती गराउँछ र सजाय जीवात्माले भोग्दछ । जस्तो रक्सी आदिको नशा गर्ने लत लगाउनु, बलात्कार गराउनु एवं अन्य पाप कर्म गराउनु । यी सब मनको प्रेरणाद्वारा कालले गराउँदछ । जब तपाईंहरू लेखक (सन्त रामपाल) बाट दीक्षा लिन्छौ, तब यो सोझो बाटो हिंड्दछ किनकि जीवात्माको साथमा परमात्माको शक्ति रहन थाल्दछ । आत्मालाई तत्वज्ञानको माध्यमले विवेक हुन्छ । परमात्माको शक्तिको कारणले आत्मा दृढ हुन्छ । काल ब्रह्म केवल कबीर परमात्मासँग डराउँछ । सन्त गरीबदास जी भन्दछन्:

काल डरै करतार से, जय–जय–जय जगदीश ।
जौरा जोड़ी झाड़ता, पग रज डारे शीश ।।
गरीब, काल जो पीसे पीसना, जौरा है पनिहार ।
ये दो असल मजदूर हैं, सतगुरु कबीर के दरबार ।।

भावार्थः- स्पष्ट छ । परमात्मा कबीर जीले हाम्रो आत्मालाई कालको जालबाट निकाल्ने प्रयत्न गरि रहनु भएको छ । काल ब्रह्मले फँसाउने प्रयत्न गर्दछ । यस पछिको प्रकरणमा प्रत्यक्ष प्रमाण छ ।

जब परमेश्वरले सम्पूर्ण ब्रह्माण्डको रचना गरेर आफ्नो लोकमा विश्राम गर्न लाग्नु भयो । त्यसपछि हामी सबै कालको ब्रह्माण्डमा रहेर आफूले गरेको क्रियाकलापहरूको (कर्मको) दण्ड भोग्न थाल्यौं र ज्यादै दुःखी रहन थाल्यौं । सुख तथा शान्तिको खोजमा भौतारिन थाल्यौं र हामीलाई आफ्नो निजी घर सतलोकको यादले सताउन थाल्यो तथा त्यहाँ जानका लागि भक्ति प्रारम्भ गऱ्यौं । कसैले चारै वेदहरू कण्ठस्थ गरे, त कसैले उग्र तप गर्न लागे र हवन, यज्ञ, ध्यान, समाधी आदि क्रियाहरू प्रारम्भ गरे तर आफ्नो निज घर सतलोक जान सकेनन् किनकि उपरोक्त क्रियाहरू गर्नाले अर्को जन्ममा असल समृद्ध जीवन पाएर (जस्तो, राजा-महाराज, ठूला व्यापारी, अधिकृत, देव-महादेव, स्वर्ग- महास्वर्ग आदि) पुनः लाख

चौरासी भोग्न थाले । धेरै आजित भए र परमपिता परमेश्वरसँग प्रार्थना गर्न थाले– हे दयालु ! हामीलाई निज घरको बाटो देखाउनु होस् । हामी हृदयदेखि नै हजुरको भक्ति गर्दछौं । हजुर हामीलाई किन दर्शन दिनु हुन्न ।

यी वृतान्त कबीर साहेबले धर्मदास जीलाई बताउँदै भन्नु भयो– धर्मदास यी जीवहरूको पुकार सुनेर म आफ्नो सतलोकबाट जोगजीतको रूप बनाएर काल लोकमा आएँ। तब एक्काईसौं ब्रह्माण्डमा जहाँ कालको निज घर छ, त्यहाँ तप्त शिलामा जीवहरूलाई भुटेर सूक्ष्म शरीरबाट गन्ध निकालि राखिएको थियो । म पुगेपछि ती जीवहरूको जलन समाप्त भयो । उनीहरूले मलाई देखेर भने कि हे पुरूष ! हजुर को हुनु हुन्छ ? हजुरको दर्शनले मात्र नै हामीलाई धेरै सुख तथा शान्तिको महसुस भइ रहेको छ । अनि मैले म पारब्रह्म परमेश्वर कबीर हूँ भनेर बताएँ । तिमीहरू सबै जीवहरू मेरो लोकबाट आएर काल ब्रह्मको लोकमा फँसेका छौ । यो काल प्रतिदिन एकलाख मानिसको सुक्ष्म शरीरबाट गन्ध निकालेर खान्छ र पछि नाना प्रकारका योनीमा दण्ड भोग्नका लागि छोडि दिन्छ । तब ती जीवात्माहरूले भन्न थाले कि हे दयालु परमेश्वर! हामीलाई यो कालको जेलबाट छुटाउनु होस् । मैले यो ब्रह्माण्ड कालले तीनपटक तप गरेर मबाट प्राप्त गरेको हो भन्ने कुरा बताएँ। जुन यहाँका वस्तुहरू तिमीहरू प्रयोग गरि रहेका छौ यी सब कालका हुन् र तिमीहरू सबै आफ्नो इच्छाले घुम्नका लागि यहाँ आएका हौ । यसैले तिमीहरूमाथि काल ब्रह्मको धेरै ऋण भएको छ र ती ऋणहरू मेरो सच्चा नामको जाप बीना समाप्त हुँदैन ।

जबसम्म तिमी ऋणमुक्त हुँदैनौ तबसम्म तिमी काल ब्रह्मको जेलबाट बाहिर जान सक्दैनौ । यसका लागि तिमीहरूले मबाट नाम उपदेश लिएर भक्ति गर्नु पर्छ । तब म तिमीहरूलाई छुट्एर लैजान्छु। हामी यो वार्ता गरि रहँदा त्यहाँ काल ब्रह्म प्रकट भयो र धेरै क्रोधित भएर ममाथि हमला गर्‍यो। मैले आफ्नो शब्द शक्तिले त्यसलाई मुर्छित गरि दिएँ । फेरि केही समय पश्चात् ऊ होसमा आयो । मेरो चरणमा गिरेर क्षमा याचना गर्न थाल्यो र हजुर मभन्दा ठूलो हुनु हुन्छ, म माथि दया गर्नु होस् र मेरो लोकमा किन आउनु भएको हो बताउनु होस् भनेर सोध्यो । तब मैले काल पुरूषलाई केही जीवात्माहरू भक्ति गरेर आफ्नो निज घर सतलोकमा फर्केर जान चाहन्छन् भन्ने कुरा बताएँ। उनीहरूलाई सतभक्ति मार्ग मिलि रहेको छैन । त्यसैले उनीहरू भक्तिगरेपछि पनि यसै लोकमा रहन्छन् । म तिनीहरूलाई सतभक्ति मार्ग बताउन र तँ काल होस्, एक लाख जीवको आहार गर्छस्, सवालाख जीवहरू उत्पन्न गर्छस् तथा भगवान् बनेर बसेको छस् भनेर तेरो भेद बताउन आएको हूँ । म यिनीहरूलाई तिमीहरू जसको भक्ति गर्दछौ त्यो भगवान् होइन, काल हो भनेर बताउँछु । यति सुन्नासाथ कालले यदि सबै जीव फर्केर गए भने मेरो भोजन के हुन्छ ? म त भोकै मर्छु भन्न थाल्यो । हजुरसँग मेरो प्रार्थना छ– तीन युगमा कम सङ्ख्यामा जीव लैजानु होस् र सबैलाई म काल हूँ र सबलाई

खान्छु भन्ने मेरो भेद (रहस्य) नदिनु होला जब कलियुग आउँछ तब हजुरले चाहे जति जीव लानुहोला। यो वचन कालले मबाट प्राप्त गर्‍यो। कबीर साहेबले धर्मदासलाई अझ अगाडि बताउँदै भन्नु भयो– सत्ययुग, त्रेतायुग, द्वापरयुगमा पनि म आएको थिएँ र धेरै जीवलाई सतलोक लिएर गएँ तर यसको भेद बताइन। अब म कलियुगमा आएको छु र कालसँग मेरो वार्ता भएको छ । कालब्रह्मले मसँग तपाईले जति शक्ति लगाउनु होस्, तपाईंका कुरा कसैले पनि सुन्ने छैनन् भन्यो । पहिलो कुरा त मैले जीवलाई भक्तिको लायक छोडेको छैन । त्यसमा बिडी, सिगरेट, रक्सी, मासु आदि दुर्व्यसनको बानी पारेर यिनीहरूको वृत्तिलाई बिगारि दिएको छु । नाना प्रकारका पाखण्ड पूजामा जीवात्माहरूलाई लगाइ दिएको छु । दोस्रो कुरा यो हुने छ कि जब तपाईं आफ्नो ज्ञान दिएर आफ्नो लोकमा फर्किनु हुने छ म (काल) आफ्नो दूतलाई पठाएर तपाईंको पन्थसँग मिल्दो जुल्दो बान्ह पन्थ चलाएर जीवलाई भ्रमित गरि दिन्छु । महिमा सतलोकको बताउने छन्, तपाईंको ज्ञान भन्ने छन् तर नाम जाप भने मेरो गर्ने छन्, जसको परिणाम स्वरूप मेरो नै भोजन बन्ने छन् । यो कुरा सुनेर कबीर साहेबले तिमी आफ्नो कोसिस गर्नु म सत्मार्ग बताएर नै फर्कन्छु र जसले मेरो ज्ञान सुन्नेछ, त्यो तिम्रो बहकावमा कहिल्यै आउने छैन भन्नु भयो ।

सतगुरू कबीर साहेबले भन्नु भयो– हे निरञ्जन ! यदि मैले चाहे भने तिम्रा सारा खेल क्षणभरमा नै समाप्त गर्न सक्छु तर यसो गर्नाले मेरा वचन भङ्ग हुन्छ । यो सोचेर म आफ्ना प्यारा हंसहरूलाई यथार्थ ज्ञान दिएर शब्दको बल प्रदान गरी सतलोक लैजाने छु अनि भन्नु भयो :

कहे कबीर सुनो धर्मराया, हम संखो हंसा पद परसाया।
जिन लीन्हा हमरा प्रवाना, सो हंसा हम किए अमाना।।

**(पवित्र कबीर सागरमा जीवहरूलाई भुल भुलैयामा राख्नका लागि तथा आफ्नो भोक मेटाउनका लागि अनेक प्रकारका तरिकाको वर्णन)**

**द्वादस पंथ करूं मै साजा, नाम तुम्हारा ले करूं अवाजा।**

द्वादस यम संसार पठहो, नाम तुम्हारे पंथ चलैहो।।
प्रथम दूत मम प्रगटे जाई, पीछे अंश तुम्हारा आई।।
यही विधि जीवनको भ्रमाऊं, पुरूष नाम जीवन सम्झाऊं।।
द्वादस पंथ नाम जो लैहे, सो हमरे मुख आन समै है।।
कहा तुम्हारा जीव नहीं माने, हमारी ओर होय बाद बखानै।।
मैं दृढ फंदा रची बनाई, जामें जीव रहे उरझाई।।
देवल देव पाषान पूजाई, तीर्थ व्रत जप-तप मन लाई।।
यज्ञ होम अरू नेम अचारा, और अनेक फंद में डारा।।
जो ज्ञानी जाओ संसारा, जीव न मानै कहा तुम्हारा।।

**(सतगुरू वचन)**

ज्ञानी कहे सुनो अन्याई, काटो फंद जीव ले जाई।।

जेतिक फंद तुम रचे विचारी, सत्य शबद तै सबै बिंडारी।।
जौन जीव हम शब्द दृढावै, फंद तुम्हारा सकल मुकावै।।
चौका कर प्रवाना पाई, पुरूष नाम तिहि देऊं चिन्हाई।।
ताके निकट काल नहीं आवै, संधि देखी ताकहं सिर नावै।।

**उपरोक्त विवरणबाट अहिले चलेका अनेक पन्थहरूसँग कबीर साहेबद्वारा बाताइएको सतभक्ति मार्ग छैन तथा यी सब कालबाट प्रेरित छन् भन्ने सिद्ध हुन्छ । अतः बुद्धिमान्ले सोच विचार गरेर भक्तिमार्ग अपनाउनु पर्छ किनकि मनुष्य जन्म अनमोल छ, यो पटक पटक पाइँदैन। कबीर साहेब भन्नु हुन्छ :**

कबीर मानुष जन्म दुर्लभ है, मिले न बारम्बार।
तरूवर से पत्ता टूट गिरे, बहुर न लगता डारि।

## "काल निरंजनले कबीर जीबाट तीन युगहरूमा कम जीव लैजाने वचन लिनु"

(विस्तृत तथा सम्पूर्ण वर्णन)

प्रश्नः- कबीर जीको नामबाट चलेको १२ पन्थहरूको वास्तविक मुखिया को हुन् ? र तेह्रौं पन्थ कसले चलाउने छ ?

उत्तरः- जस्तो समय-समयमा कबीर जीका ग्रन्थहरूमा छेडछाड गरी तिनको बडो खराब दशा बनाइएको छ भनी कबीर सागरका संशोधनकर्ता स्वामी युगलानन्द (विहारी) जीले दुःख व्यक्त गरेका छन् ।

उदाहरणः- परमेश्वर कबीर जीको जोगजित रूपमा काल ब्रह्मसँग विवाद भयो । त्यो "स्वसम वेद बोध" पृष्ठ ११७ देखि १२२ सम्म तथा "अनुराग सागर" ६० देखि ६७ सम्म छ ।

परमेश्वर कबीर जी आफ्ना पुत्र जोगजितको रूपमा कालको प्रथम ब्रह्माण्डमा प्रकट हुनु भयो । यो एक्काइसौं ब्रह्माण्ड हो, यहाँ तप्त शिला पनि बनेको छ । काल ब्रह्मले जोगजितसँगै झगडा गऱ्यो । अनि विवश भएर चरण समाती क्षमा याचना गरे तथा प्रतिज्ञा गराएर केही सुविधाहरू मागे ।

१. तीनै युगहरू (सत्ययुग, त्रेतायग र द्वापरयुग) मा थोरै जीव पार गर्नु,

२. जोर-जबरजस्ति गरेर मेरो लोकबाट जीव नलैजानु,

३. हजुर आफ्नो ज्ञान सम्झाउनु । जसले हजुरको ज्ञान मान्दछ ती हजुरका र जसले मेरो ज्ञान मान्दछ, ती मेरा ।

४. कलियुगमा पहिले मेरा दूतहरू प्रकट हुनु पर्छ, त्यसपछि हजुरका दूतहरू जाऊन् ।

५. त्रेता युगमा समुन्द्रमा पुल बनाउनु । त्यस समय मेरा पुत्र विष्णु रामचन्द्रले लङ्काका राजा रावणसँग युद्ध गर्ने छन्, समुन्द्रले बाटो दिने छैनन् ।

६. द्वापर युगमा बौद्ध शरीर त्यागेर जाने छु । राजा इन्द्रदमनले मेरो (जगन्नाथ) नामले मेरै आज्ञाले समुद्र किनारमा मन्दिर बनाउन चाहने छन् । उसलाई समुन्द्रले बाधा-व्यवधान खडा गर्ने छ । हजुरले त्यस मन्दिरको सुरक्षा गरि दिनु ।

परमेश्वरले सम्पूर्ण मागहरू स्वीकार गर्नु भयो र वचनबद्ध हुनु भयो । तब काल ब्रह्म हाँस्यो र भन्यो– जोगजित ! तपाईं संसारमा जानु होस् । कलियुगको समय आएपछि म आफ्नो १२ दूत (नक्कली सतगुरू) संसारमा पठाउँछु । कलियुग ५५०५ वर्ष पूरा हुँदासम्म मेरा दूतहरूले तिम्रो नामबाट (कबीर जीको नामबाट) १२ कबीर पन्थ चलाइ सकेको हुने छ । जोगजित रूपमा कबीर जीले काल ब्रह्मसँग भन्नु भएको थियो– कलियुगमा मेरो नाम कबीर हुने छ र म कबीर नामले पन्थ चलाउने छु । त्यसैले काल ज्योति निरंजनले भनेको थियो– तिमीले कबीर नामले एक पन्थ चलायौ भने म (काल) कबीर नामले १२ पन्थ चलाउने छु । सम्पूर्ण मानवलाई भ्रमित तुल्याएर आफ्नो जालमा फँसाएर राख्छु । यस बाहेक पनि अन्य थुप्रै पन्थ चलाउने छु, जसले सतलोक, सच्चखण्डको कुरा गर्ने छ र सत्य साधना ऊसँग हुने छैन । जसकारण तिनीहरू सतलोकको आशामा गलत नामहरू जाप गरेर मेरै जालमा रहने छन् ।

काल ब्रह्मले सोधेको थियो– तपाईं कलियुगको कुन समयमा आफ्नो सत्य कबीर पन्थ चलाउनु हुन्छ ? कबीर जीले भन्नु भएको थियो– कलियुग ५५०५ (पाँच हजार पाँच सय पाँच) वर्ष बितेपछि म आफ्नो यथार्थ तेह्रौं कबीर पन्थ चलाउने छु ।

कालले भन्यो– त्यस समयपूर्ण नै म सारा पृथ्वीभरमा शास्त्र विधि त्यागेर मनोमानी आचरण गराई शास्त्र विरूद्ध ज्ञान भनेर झूठो नाम तथा गलत साधनाप्रति अभ्यस्त गराइ दिन्छु । अनि जब तिम्रो तेह्रौं अंश आएर सत्य कबीर पन्थ चलाउने छ, उसको कुरामा कसैले विश्वास गर्ने छैन, बरू उल्टै उसँग झगडा गर्ने छन् । कबीर जीलाई थाहा थियो– कलियुग ५५०५ पूरा भएपछि (सन् १९९७ मा) शिक्षा क्रान्ति हुने छ । सारा मानिसहरू अक्षर ज्ञानयुक्त हुने छन् । त्यस समय मेरा दासले सम्पूर्ण धार्मिक ग्रन्थहरू सही रूपमा बुझेर मानव समाज समक्ष ल्याउने छन् । सम्पूर्ण प्रमाणहरू आफ्नै आँखाले देखेपछि शिक्षित मानव सत्यसँग परिचित भएर तत्काल मेरो तेह्रौं पन्थबाट दीक्षा लिने छन् । सारा विश्वले मैले बताएको भक्ति विधि तथा तत्वज्ञानलाई हृदयदेखि स्वीकार गरेर भक्ति गर्ने छ । त्यस समय पुनः सत्ययुगको जस्तो वातावरण हुने छ । आपसी राग-द्वेष, चोरी-लुट, ठगी आदि कसैले गर्ने छैनन् । कसैले धन सङ्ग्रह गर्ने छैनन् । भक्तिलाई अत्यधिक महत्व दिइने छ । जस्तो त्यस समयमा अधिक धन, ठूलो व्यवसाय, ठूला-ठूला घर भएका व्यक्तिलाई महान मानिस मानिने छ तर १३ औं पन्थ प्रारम्भ भए पश्चात् ती व्यक्तिहरूलाई मूर्ख मानिने छ र भक्ति गर्ने, सामान्य घर बनाएर बस्ने व्यक्तिहरूलाई महान, ठूला र सम्मानित व्यक्ति मानिने छ ।

## "प्रमाणका लागि पवित्र कबीर सागरको भिन्न-भिन्न अध्यायहरूबाट साभार अमृत वाणी"

## "कबीर जी तथा ज्योति निरंजनको वार्ता"

**अनुराग सागरको पृष्ठ ६२ बाट**

**'धर्मराय (ज्योति निरंजन) वचन'**

धर्मराय अस विनती ठानी । मैं सेवक द्वितीया न जानी ।।१
ज्ञानी बिनती एक हमारा । सो न करहू जिह से हो मोर बिगारा ।।२
पुरूष दीन्ह जस मोकहं राजु । तुम भी देहहु तो होवे मम काजु ।।३
अब मैं वचन तुम्हरो मानी । लीजो हंसा हम सो ज्ञानी ।।४

**पृष्ठ ६३ बाट अनुराग सागरका वाणी :-**

दयावन्त तुम साहेब दाता । ऐतिक कृपा करो हो ताता ।।५
पुरूष शाँप मोकहं दीन्हा । लख जीव नित ग्रासन कीन्हा ।।६

**पृष्ठ ६४ बाट अनुराग सागरका वाणी :-**

जो जीव सकल लोक तव आवै । कैसे क्षुधा मोर मिटावै ।।७
जैसे पुरूष कृपा मोपे कीन्हा । भौसागर का राज मोहे दीन्हा ।।८
तुम भी कृपा मोपर करहु । जो माँगे सो मोहे देहो बरहु ।।९
सतयुग, त्रेता, द्वापर मांहीं । तीनों युग जीव थोड़े जाहीं ।।१०
चौथा युग जब कलयुग आवै । तब तव शण जीव बहु जावै ।।११

**पृष्ठ ६५ बाट अनुराग सागरका वाणी, माथिका वाणी पंक्ति नं. ३ बाटः-**

प्रथम दूत मम प्रकटै जाई । पीछे अंश तुम्हारा आई ।।२

**पृष्ठ ६४ बाट अनुराग सागरका वाणी, माथिका वाणी पंक्ति नं. ६ बाटः-**

ऐसा वचन हरि मोहे दीजै । तब संसार गवन तव कीजै ।।३

**'जोगजीत वचन= ज्ञानी बचन'**

**पृष्ठ ६४ बाट अनुराग सागरका वाणी, माथिका वाणी पंक्ति नं. ७ बाटः-**

अरे काल तुम परपंच पसारा । तीनों युग जीवन दुख डारा ।।
बीनती तोरी लीन्ह मैं जानि । मोकहं ठगा काल अभिमानी ।।
जस बीनती तू मोसन कीन्ही । सो अब बख्स तोहे दीन्ही ।।
चौथा युग जब कलयुग आवै । तब हम अपना अंश पठावैं ।।

**पृष्ठ ६४ बाट अनुराग सागरका वाणी, माथिका वाणी पंक्ति नं. ७ बाटः-**

हे साबिह तुम पंथ चलाऊ । जीव उबार लो लैजाऊ ।

**धर्मराय (काल) वचन**

**पृष्ठ ६६ बाट अनुराग सागर की वाणी, माथिकावाणी पंक्ति नं. ८, ९ १६ देखि २१:-**

सन्धि छाप (सार शब्द) मोहे दिजे ज्ञानी । जैसे देवोंगे हंस सहदानी ।।१९
जो जन मोकूं संधि (सार शब्द) बतावै । ताके निकट काल नहीं आवै ।।२०
कहै धर्मराय जाओ संसारा । आनहु जीव नाम आधारा ।।२१
जो हंसा तुम्हरे गुण गावै । ताहि निकट हम नहीं जावैं ।।२२
जो कोई लेहै शरण तुम्हारी । मम सिर पग दै होवै पारी ।।२३
हम तो तुम संग कीन्ह ढ़िठाई । तात जान किन्ही लड़काइ ।।२४
कोटिन अवगुन बालक करही । पिता एक चित नहीं धरही ।।२५
जो पिता बालक कूं देहै निकारी । तब को रक्षा करै हमारी ।।२६
सारनाम देखो जेहि साथा । ताहि हंस मैं नीवाऊँ माथा ।।२७

**ज्ञानी (कबीर) वचन**

**अनुराग सागर पृष्ठ ६६ :-**

जो तोहि देहुं संधि बताई । तो तूं जीवन को हइहो दुखदाई ।।२८
तुम परपंच जान हम पावा । काल चलै नहीं तुम्हरा दावा ।।२९
धर्मराय तोहि प्रकट भाखा । गुप्त अंक बीरा हम राखा ।।३०
जो कोई लेई नाम हमारा । ताहि छोड़ तुम हो जाना नियारा ।।३१
जो तुम मोर हंस को रोको भाई । तो तुम काल रहन नहीं पाई ।।३२

**धर्मराय (काल निरंजन) बचन**

**पृष्ठ ६२ तथा ६३ बाट अनुराग सागरका वाणी :-**

बेसक जाओ ज्ञानी संसारा । जीव न मानै कहा तुम्हारा ।।३३
कहा तुम्हारा जीव ना मानै । हमरी और होय बाद बखानै ।।३४
दृढ़ फंदा मैं रचा बनाई । जामें सकल जीव उरझाई ।।३५
वेद-शास्त्र समर्ति गुणगाना । पुत्रा मेरे तीन प्रधाना ।।३६
तीनहू बहु बाजी रचि राखा । हमरी महिमा ज्ञान मुख भाखा ।।३७
देवल देव पाषाण पुजाई । तीर्थ व्रत जप तप मन लाई ।।३८
पूजा विश्व देव अराधी । यह मति जीवों को राखा बाँधि ।।३९
जग (यज्ञ) होम और नेम आचारा । और अनेक फंद मैं डार ।।४०

**'ज्ञानी (कबीर) वचन'**

हमने कहा सुनो अन्याई । काटों फंद जीव ले जांई ।।
जेते फंद तुम रचे विचारी । सत्य शब्द ते सबै विडारी ।।
जौन जीव हम शब्द दृढ़ावैं । फंद तुम्हारा सकल मुक्तावैं ।।
जबही जीव चिन्ही ज्ञान हमारा । तजही भ्रम सब तोर पसारा ।।
सत्यनाम जीवन समझावैं । हंस उभार लोक लै जावै ।।
पुरुष सुमिरन सार बीरा, नाम अविचल जनावहूँ ।

शीश तुम्हारे पाँव देके, हंस लोक पठावहूँ ।।
ताके निकट काल नहीं आवै । संधि देख ताको सिर नावै ।।
(संधि=सत्यनाम+सारनाम)

**"धर्मराय (काल) वचन"**

पंथ एक तुम आप चलऊ । जीवन को सतलोक लै जाऊ ।।
द्वादश पंथ करुँ मैं साजा । नाम तुम्हारा ले करों आवाजा ।।
द्वादश यम संसार पठाऊँ । नाम कबीर ले पंथ चलाऊँ ।।
प्रथम दूत मेरे प्रगटै जाई । पीछे अंश तुम्हारा आई ।।
यहि विधि जीवन को भ्रमाऊँ । आपन नाम पुरूष का बताऊँ ।।
द्वादश पंथ नाम जो लैहि । हमरे मुख में आन समैहि ।।

**"ज्ञानी (कबीर) वचन चैपाई"**

**अध्याय "स्वसमवेद बोध" पृष्ठ १२१ :-**

अरे काल परपंच पसारा । तीनों युग जीवन दुख आधारा ।।५५
बीनती तोरी लीन मैं मानी । मोकहं ठगे काल अभिमानी ।।५६
चौथा युग जब कलयुग आई । तब हम अपना अंश पठाई ।।५७
काल फंद छूटै नर लोई । सकल सृष्टि परवानिक (दीक्षित) होई ।।५८
घर–घर देखो बोध (ज्ञान) बिचारा (चर्चा) । सत्यनाम सब ठोर उचारा ।।५९
पाँच हजार पाँच सौ पाँचा । तब यह वचन होयगा साचा ।।६०
कलयुग बीत जाए जब ऐता । सब जीव परम पुरूष पद चेता ।।६१

**भावार्थः- (वाणी सङ्ख्या ५५-६१ सम्म) परमेश्वर कबीर जीले भन्नु भयो– हे काल ! तैंले विशाल प्रपञ्च रचेको छस् । तीनै युगहरू (सत्ययुग, त्रेतायुग र द्वापरयुग) मा जीवहरूलाई धेरै दुःख दिने छस् । जस्तो तैंले भनि रहेको छस् । तैंले मसँग प्रार्थना गरेको थिइस्, त्यो मानें । तैंले मलाई धोका दिइस्, तर जब चौथो युग कलियुग आँउछ, तब म आफ्नो अंश अर्थात् कृपा पात्र आत्मा पठाउने छु । हे काल ! तैंले बनाएका सारा फन्दा अर्थात् अज्ञानमा आधारित गलत ज्ञान तथा साधनालाई सत्य शब्द तथा सत्य ज्ञानले समाप्त पार्ने छ । त्यसबेला पूरा विश्व प्रवानिक अर्थात् मेरो त्यस सन्तबाट दीक्षा लिएर दीक्षित हुने छन् । त्यस समयसम्म सत्यनाम, मूल नाम (सार शब्द) तथा मूल ज्ञान (तत्वज्ञान) प्रकट हुने छैन । तर कलियुग ५५०५ वर्ष पूरा भएपछि घर-घरमा मेरो आध्यात्मिक ज्ञानको चर्चा हुने छ र सत्यनाम सार शब्द सबै उपदेशीलाई प्रदान गरिने छ । अहिले मैले भनि रहेको यी मेरा वचनहरू कलियुग ५५०५ वर्ष पूरा भएपछि सिद्ध हुने छ । कलियुगको यत्तिका वर्ष बितेपछि सम्पूर्ण मानव प्राणीहरू परम पुरुष अर्थात सत्य परूषको पद त्यस परम पदको जानकार हुने छन्, जसको विषयमा गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वदर्शी सन्त प्राप्त भए पश्चात् साधक फर्केर संसारमा कहिल्यै**

**आउँदैन । जुन परमेश्वरले संसार रूपी वृक्षको विस्तार गरेका छन् अर्थात् जुन परमेश्वरले सृष्टिको रचना गरेका हुन्, उनै परमेश्वरको भक्ति गर ।**

**उपरोक्त वाणीका भावार्थः- त्यस समय परमेश्वरको पद (सत्यलोक) को विषयमा सबैलाई पूर्ण ज्ञान हुने छ ।**

**स्वसमवेद बोध पृष्ठ १००**

**अथ स्वसम वेदको स्फुटवार्ता-चौपाई**

एक लाख और असि हजारा । पीर पैगंबर और अवतारा ॥६२
सो सब आही निरंजन वंशा । तन धरी(धरी करैं निज पिता प्रशंसा ॥६३
दश अवतार निरंजन के रे । राम कृष्ण सब आहीं बडेरे ॥६४
इनसे बड़ा ज्योति निरंजन सोई । यामें फेर बदल नहीं कोई ॥६५

**भावार्थः- परमेश्वर कबीर जीले भन्नु भयो– बाबा आदमदेखि हजरत मुहम्मद सम्म कुल एक लाख अस्सी हजार (१,८०,०००) पैगम्बर तथा हिन्दूहरूले मान्ने दस अवतार यी सब कालले पठाएर आएका हुन् । यी दश अवतारहरूमा राम तथा कृष्ण प्रमुख हुन् । यी सबैले कालको महिमा गान गरेर सम्पूर्ण जीवहरूलाई भ्रमित तुल्याई काल साधनालाई दृढ पारी गए । यी सबैका मुखिया ज्योति निरंजन काल (ब्रह्म) हुन् ।**

**स्वसम वेद बोध पृष्ठ १७१ (१५१५)**

**सत्य कबीर वचन**

**दोहे** :- पाँच हजार अरु पाँच सौ पाँच जब कलयुग बीत जाय ।
महापुरुष फरमान तब, जग तारन कूं आय ॥६६
हिन्दु तुर्क आदि सबै, जेते जीव जहान ।
सत्य नाम की साख गही, पावैं पद निर्वान ॥६७
यथा सरितगण आप ही, मिलैं सिन्धु मैं धाय ।
सत्य सुकृत के मध्य तिमि, सब ही पंथ समाय ॥६८
जब लग पूर्ण होय नहीं, ठीक का तिथि बार ।
कपट-चातुरी तबहि लौं, स्वसम बेद निरधार ॥६९
सबही नारी-नर शुद्ध तब, जब ठीक का दिन आवंत ।
कपट चातुरी छोड़ि के, शरण कबीर गहंत ॥७०
एक अनेक ह्वै गए, पुनः अनेक हों एक ।
हंस चलै सतलोक सब, सत्यनाम की टेक ॥७१
घर घर बोध विचार हो, दुर्मति दूर बहाय ।
कलयुग में सब एक होई, बरतें सहज सुभाय ॥७२
कहाँ उग्र कहाँ शुद्र हो, हरै सबकी भव पीर(पीड़) ॥७३
सो समान समदृष्टि है, समर्थ सत्य कबीर ॥७४

भावार्थः- परमेश्वर कबीर जीले भन्नु भयो– हे धर्मदास ! मैले ज्योति निरंजन अर्थात् काल ब्रह्मसँग पनि भनेको थिएँ, अब तिमीलाई पनि भनि रहेको छु ।

स्वसम वेद बोधको वाणी सङ्ख्या ६६ देखि ७४ को सरलार्थः- जब कलियुग ५५०५ वर्ष बित्छ, तब एक महापुरूष विश्वलाई पार गर्नका लागि आउने छन् । त्यस समयसम्ममा बनेका हिन्दू, मुस्लिम आदि-आदि पन्थ तथा संसारमा भएका सम्पूर्ण जीवहरूले मानव शरीर प्राप्त गरी ती महापुरूषबाट सत्यनाम लिई सत्यनामको शक्तिले मोक्ष प्राप्त गर्ने छन् । ती महापुरूषले चलाउने तेह्रौं पन्थ सत्य कबीर पन्थमा अन्य सारा पन्थहरू यसरी तीब्र गतिले समाहित हुने छन्, जसरी भिन्न-भिन्न नदीहरू आफै निर्बाध रूपमा दगुर्दै समुन्द्रमा झर्दछन् । तिनलाई कसैले रोक्न सक्दैन । यसैगरी त्यस तेह्रौं पन्थमा सबै पन्थहरू सिघ्रतापूर्वक मिलेर एउटै पन्थ बन्ने छन् । तर जब सम्म ठीकको समय आउँदैन अर्थात् कलियुग ५५०५ वर्ष पूरा हुदैन तबसम्म मैले स्वसमवदेमा बोलि रहेको यो ज्ञान, जुन तिमी लेखि रहेका छौ, सबै निराधार लाग्ने छ । जब त्यो निर्धारित समय आउने छ, त्यस बेला स्त्री-पुरूष उच्च विचारहरू तथा शुद्ध आचरणको भएर कपट, व्यर्थको चतुराइ त्यागेर मेरो (कबीर जीको) शरण ग्रहण गर्ने छन् । परमात्माबाट लाभ लिनका लागि एउटा "मानव" धर्मबाट अनेक पन्थ (धार्मिक समुदाय) बनेका छन्, ती सबै फेरि एक हुने छन् । सबै हंस (निर्विकार भक्त) आत्माहरू सत्यनामको शक्तिले सतलोक जाने छन् । मेरो आध्यात्मिक ज्ञानको चर्चा घर-घरमा हुने छ । जसकारणले सबैको दुर्गति समाप्त हुने छ । कलियुगमा फेरि एक भएर सहज व्यवहार गर्ने छन् अर्थात् शान्तिपूर्वक जीवन जिउने छन् । उग्र अर्थात् डाकु, लुटेरा, शुद्र तथा अन्य खराब कार्य गर्ने नीचहरू सबैले शान्तिपूर्वक जीवन जिउने छन् । परमात्माले सत्य भक्ति गर्नेहरूको भवपीर अर्थात् सांसारिक कष्ट हरण गर्ने छन् अर्थात् हटाउने छन् । सत्य साधनाद्वारा सबैको भवपीर अर्थात् सांसारिक कष्ट समाप्त हुने छ र त्यस तेह्रौं पन्थका प्रवर्तकले सबैलाई समान दृष्टिकोणले हेर्ने छन् अर्थात् ऊँच-नीचमा भेदभाव गर्ने छैनन् । उहाँ समर्थ सत्य कबीर नै हुनु हुने छ । (मम् सन्त मलाई नै जान मेरो नै स्वरूपम्)

प्रश्नः- त्यो तेह्रौं पन्थ कुन हो ? त्यसका प्रवर्तक को हुन् ?

उत्तरः- त्यो तेह्रौं पन्थ "यथार्थ सत कबीर" पन्थ हो । त्यसका प्रवर्तक स्वयम् कबीर परमेश्वर जी हुन् वर्तमानमा त्यसका सञ्चालक उहाँका गुलाम सन्त रामपाल दास स्वामी रामदेवानन्द जी महाराजका पुत्र हो । (आध्यात्मिक दृष्टिले गुरू जीलाई पिता मानिन्छ, जसले आत्मालाई पोषण गर्दछन् ।)

प्रमाणः- त्यसो त धर्मदास जीको वंश परम्पराका महन्थहरूसँग आबद्ध श्रद्धालुहरूले अज्ञानतावश तेह्रौं पन्थ र सञ्चालक धर्मदासको बिन्द (परिवार) को धारावालाहरूलाई सिद्ध गर्ने कुचेष्टा गरेका छन् । तर हात्तिको वस्त्र भैंसीलाई लगाइ दिएर कसैले यो वस्त्र भैंसीको हो भन्छ भने बुद्धिमान व्यक्तिले तत्काल यो भैंसीको

वस्त्र होइन्, यो त भैंसीभन्दा कैयौं गुणा लामो चौडा पशुको हो भन्ने थाहा पाइ हाल्छ । भलै उसले यो हात्तिको हो भनेर थाहा नपाओस् ।

उदाहरणः- पवित्र कबीर सागरको अध्याय "कबीर चरित्र बोध" को पृष्ठ १८३४-१८३५ मा लेखिएको छ

## तेह्र गाडी कागजहरूमा लेख्नु

एक समय दिल्लीका बादशाहले भने— कबीर जीले १३ गाडी कागजमा अढाइ दिन अर्थात् ६० घण्टामा लेखि दिए भने म उनलाई परमात्मा मान्छु । परमेश्वर कबीर जीले आफ्नो लट्ठी ती तेह्र गाडीमा राखेर कागजमा घुमाउनु भयो । त्यसै समय सारा कागजमा अमृतवाणी सम्पूर्ण आध्यात्मिक ज्ञान लेखियो । राजालाई विश्वास भयो, तर आफ्नो धर्मका व्यक्तिहरू (मुसलमानहरू) को दबाबमा ती सम्पूर्ण ग्रन्थहरू दिल्लीमा जमीनमा गाड्न लगाए । कबीर सागरको अध्याय कबीर चरित्र बोध ग्रन्थमा पृष्ठ १८३४-१८३५ मा गलत लेखिएको छ— जब मुक्तामणी साहेबको समय आउँछ र उनको झण्डा दिल्ली नगरमा गाडिने छ । तब ती समस्त पुस्तकहरू पृथ्वीबाट निकालिने छ । त्यो मुक्तामणी अवतार (धर्मदासका) वंशको तेह्रौं पीढि वाला हुने छ ।

विवेचनः- माथिको लेखमा मिलावटको यस्तो प्रमाण छ । वर्तमानमा धर्मदास जीका वंश गद्दी दामाखेडा रायगढ जिल्ला, छत्तीसगढ प्रान्त पर्छ । त्यस गद्दीमा चौधौं वंश गुरू श्री प्रकाशमुनि नाम साहेब विराजमान छन् । तेह्रौं वंश गुरू श्री उदित नाम साहेब थिए, जसले वर्तमान सन् २०१३ देखि १५ वर्ष पूर्व सन् १९९८ मा शरीर त्यागेका थिए । यदि तेह्रौं गद्दीवाला वंशले गुरूको विषयमा यो लेखेको भए उनीहरूले निकाल्ने थिए । दिल्लीमा झण्डा गाड्थे । यस्तो भएन भने त्यो तेह्रौं पन्थ धर्मदास जीको वंश परम्पराको होइन ।

फेरि "कबीर चरित्र बोध" को पृष्ठ १८७० मा कबीर सागरमा १२ पन्थका नाम लेखिएको छ । ती पन्थहरू काल (ज्योति निरंजन) ले कबीर जीको नामबाट नक्कली पन्थ चलाउन भनेका थिए । ती मध्ये सर्वप्रथम "नारायण दास" लेखिएको छ । बाह्रौं पन्थ गरीबदास जीको लेखिएको छ । वास्तवमा प्रथम चुडामणी जी हो । जानी-जानी काँटछाँट गरिएको छ । उनलाई थाहा होला कि परमेश्वर कबीर जीले नारायण दास जीलाई त शिष्य बनाउनु भएकै थिएन् । नारायण दास त श्री कृष्ण जीका पुजारी थियो । उसले त आफ्नो कान्छो भाइ चुडामणी जीको घोर विरोध गरेको थियो । जसकारणले चुडामणी जी कुदुर्माल गए । पछि बाँधवगढ नगर नष्ट भयो । "कबीर चरित्र बोध" मा पृष्ठ १८७० मा बाह्र पन्थहरूको प्रवर्तकहरूको नाम लेखिएको छ । तिनमा पहिलो नाम गलत लेखिएको छ । बाँकी सही छन् । यस्तो लेखिएको छः-

**१. नारायण दास जीका पन्थ, २. यागौ दास (जागु दास) जीको पन्थ ३. सूरत गोपाल पंथ ४. मूल निरंजन पन्थ ५. टकसारी पन्थ ६. भगवान दास जीको पन्थ ७. सतनामी पन्थ ८. कमालीये (कमाल जीको) पन्थ ९. राम कबीर पन्थ १०. प्रेम धाम (परम धाम) का वाणी पन्थ ११. जीवा दास पन्थ १२. गरीबदास पन्थ ।**

**फेरि "कबीर बानी" अध्यायको पृष्ठ १३४ मा कबीर सागरमा लेखिएको छः-**

## "वंश प्रकार"

प्रथम वंश उत्तम (यो चुड़ामणि जी को विषयमा भनिएको हो ।)
दूसरे वंश अहङ्कारी (यो यागौ यानि जागु दास जीको हो ।)
तीसरे वंश प्रचंड (यो सूरत गोपाल जीको हो ।)
चौथे वंश बीरहे (यो मूल निरंजन पंथ हो ।)
पाँचवें वंश निन्द्रा (यो टकसारी पंथ हो।)
छटे वंश उदास (यो भगवान दास जीको पंथ हो ।)
सातवें वंश ज्ञान चतुराई (यो सतनामी पंथ हो ।)
आठवें वंश द्वादश पंथ विरोध (यो कमाल जी को कमालीय पंथ हो ।)
नौवें वंश पंथ पूजा (यो राम कबीर पंथ हो ।)
दसवें वंश प्रकाश (यो परम धाम की वाणी पंथ हो ।)
ग्यारहवें वंश प्रकट पसारा (यो जीवा पंथ हो।)

**बारहवें वंश प्रकट होय उजियारा (यो सन्त गरीबदास जी छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा प्रान्त वाला पन्थ हो, जसले परमेश्वर कबीर जीलाई भेटेपछि उहाँको महिमा तथा यथार्थ ज्ञान भने, जसबाट परमेश्वर कबीर जीको महिमा केही प्रकाशित भयो ।)**

**तेरहवें वंश मिटे सकल अंधियारा {यो यथार्थ कबीर पंथ हो, जुन सन् १९९४ देखि प्रारम्भ भएको हो र यो पंथ म दास (रामपाल दास) द्वारा संचालित छ ।} दामाखेडाका धर्मदास जीको वंश गद्दीवालाहरूले वास्तविक रहस्य लुकाउने कोशिस त गरेका छन्, तर सच्चाइ मेटाउन सकेनन् ।**

**कबीर सागरको अध्याय "कबीर बानी" को पृष्ठ १३६ माः-**

**द्वादश पंथ चलो सो भेद**

द्वादश पंथ काल फुरमाना । भूले जीव न जाय ठिकाना ।।
तातें आगम कह हम राखा । वंश हमारा चुड़ामणि शाखा ।।
प्रथम जग में जागु भ्रमावै । बिना भेद वह ग्रन्थ चुरावै ।।
दूसर सुरति गोपाल होई । अक्षर जो जोग दृढ़ावै सोई ।।

**(विवेचनः- यहाँ प्रथम जागु दास भनिएको छ, जबकि वाणीमा वंश (प्रथम) चुडामणी र दोस्रो जागु दास हुन् भन्ने स्पष्ट छ । यही प्रमाण "कबीर चरित्र बोध" पृष्ठ १८७० मा छ । जागु दास दोस्रो हुन् । अध्याय "स्वसमवेद बोध" को पृष्ठ १५५ (१४९९) मा पनि दोस्रो जागु दास लेखिएको छ । यहाँ प्रथम लेखि दिए । यहाँ प्रथम चुडामणी लेख्नु उचित छ ।)**

तीसरा मूल निरंजन बानी। लोक वेद की निर्णय ठानी ॥

**(यो चौथो लेख्नु पर्छ ।)**

चौथे पंथ टकसार (टकसारी) भेद लौ आवै। नीर पवन को संधि बतावै ॥

**(यो पाँचौ लेख्नु पर्छ ।)**

पाँचवां पंथ बीज को लेखा। लोक प्रलोक कहै हम में देखा ॥

**(यो भगवान दास का पंथ हो,जुन छैठौं लेख्नु पर्ने थियो ।)**

छटा पंथ सत्यनामी प्रकाशा। घट के माहीं मार्ग निवासा ॥

**(यो सातौं पंथ लेख्नु पर्छ ।)**

सातवां जीव पंथ ले बोलै बानी। भयो प्रतीत मर्म नहीं जानी ॥

**(यो आठौं कमाल जी का पंथ हो ।)**

आठवां राम कबीर कहावै। सतगुरु भ्रम लै जीव दृढ़ावै ॥

**(वास्तवमा यो नवौ पंथ हो ।)**

नौमें ज्ञान की कला दिखावै। भई प्रतीत जीव सुख पावै ॥

**(वास्तवमा यो एघारौं जीवा पंथ हो । यहाँ नवौं भनेर गलत लेखिएको छ ।)**

दसवें भेद परम धाम की बानी । साख हमारी निर्णय ठानी ॥

**(यो सही लेखिएको छ, तर एघारौं लेखिएको छैन । यदि प्रथम चुडामणी जीलाई मान्ने हो भने सही क्रम हुन्छ । वास्तवमा प्रथम चुडामणी हुन् । यसपछि बाह्रौं पन्थ गरीबदास जी वाला पन्थको वर्णन प्रारम्भ हुन्छ । यो साङ्केतिक छ । सन्त गरीबदास जीको जन्म वि.स. १७७४ मा भएको थियो । यहाँ गल्तीले १७७५ लेखिएको छ । यो प्रिन्टमा भएको गल्ती हो।)**

संवत् सतरह सौ पचहत्तर (१७७५) होई । ता दिन प्रेम प्रकटें जग सोई ॥
आज्ञा रहै ब्रह्म बोध लावै । कोली चमार सबके घर खावै ॥
साखि हमारी ले जीव समझावै । असंख्य जन्म ठौर नहीं पावै ॥
बारहवें (बारवै) पंथ प्रगट होवै बानी । शब्द हमारै की निर्णय ठानी ॥
अस्थिर घर का मर्म नहीं पावै । ये बार (बारह) पंथ हमी (कबीर जी) को ध्यावैं ॥
बारहें पंथ हमहि (कबीर जी ही) चलि आवैं । सब पंथ मिटा एक ही पंथ चलावैं ॥
प्रथम चरण कलजुग निरयाना (निर्वाण) । तब मगहर मांडो मैदाना ॥

**भावार्थः- यहाँ बाह्रौं पन्थ सन्त गरीबदास जीको पन्थ हो भन्ने स्पष्ट छ किनकि सन्त गरीबदास जीलाई परमेश्वर कबीर जीले भेट्नु भएको थियो र उनको ज्ञानयोग खोलि दिनु भएको थियो । तब सन्त गरीबदास जीले परमेश्वर कबीर**

जीको महिमाका वाणीहरू भने जुन ग्रन्थको रूपमा वर्तमानमा प्रिन्ट गरिएको छ । यहाँ विचारणीय छ— सन्त गरीबदास जीको पन्थ सम्म १२ पन्थ चलि सकेका छन् । यसो पनि लेखिएको छ— मैले सन्त गरीबदास जीले मेरो महिमाको साखी-शब्द-चौपाइहरू लेखिएको छ, तर ती बाह्रौं पन्थका अनुयायीहरूले आ-आफ्नो बुद्धिले वाणीको अर्थ लगाउने छन्, तर सही तरिकाले नबुझी सन्त गरीबदास जी सम्मका पन्थका अनुयायी अर्थात् बाह्र पन्थहरूले मेरा वाणी सही तवरले बुझ्ने छैनन् । जसकारणले असङ्ख्यौं जन्मसम्म सतलोकमा भएको अमर धाम प्राप्त गर्न सक्ने छैनन् । यी १२ पन्थवालाहरूले कबीर जीको नामबाट पन्थ चलाउने छन् र मेरो नामबाट महिमा प्राप्त गर्ने छन्, तर यी बाह्रै पन्थ वालाहरू अनुयाइहरूले अस्थिर अर्थात् स्थाइ घर (सत्यलोक) प्राप्त गर्न सक्ने छैनन् । अझ भनिएको छ— यस पछि बाह्रौं पन्थ (सन्त गरीबदास जीको पन्थ) मा म अर्थात् स्वयम् कबीर जी नै आउनु हुने छ । तब सारा पन्थहरू मेटाएर एक पन्थ चलाउने छु । त्यो कलियुगको प्रथम चरण हुने छ, जत्तिखेर म (कबीर जी) वि.सं १५७५ (ई.स. १५१८) मा मगहर नगर (उत्तर प्रदेश) मा निर्वाण प्राप्त गर्ने छु अर्थात् कुनै लिला गरेर सतलोक जाने छु ।

परमेश्वर कबीर जीले कलियुगलाई तीन भागमा बाँड्नु भएको छ । प्रथम चरण त्यो हो जसमा परमेश्वरले लिला गरेर जानु भइ सकेको छ । कलियुग ५५०५ (पाँच हजार पाँच सय पाँच) वर्ष बितेपछि बिचको पीढी सुरू हुन्छ । अन्तिम चरणमा सारा कृतघ्नी हुने छन् । त्यसैले भक्ति गर्ने छैनन् ।

म दास (रामपाल दास) को निकास सन्त गरीबदासको बाह्रौं पन्थबाट भएको हो । त्यो तेह्रौं पन्थ अहिले चलि रहेको छ । परमेश्वर कबीर जीले चलाउनु भएको हो । गुरू महाराज स्वामी रामदेवानन्द जीको आशीर्वाद छ । यो सफल हुने छ र सारा विश्वले परमेश्वर कबीर जीको भक्ति गर्ने छ ।

सन्त गरीबदास जीलाई परमेश्वर कबीर जीले सतगुरू रूपमा भेट्नु भयो । परमात्मा त कबीर जी हुनु हुन्छ नै । उहाँले पृथ्वीमा आफ्नो ज्ञान स्वयम्ले नै बताउनु हुन्छ तथा अन्य लोकहरूमा पनि प्रकट हुनु हुन्छ । सन्त गरीबदास जीले "असुर निकंदन रमैणी" मा भनेका छन्:-

"सतगुरु दिल्ली मंडल आयसी । सूती धरती सूम जगायसी ।
दिल्ली के तख्त छत्र फेर भी फिराय सी । चौंसठ योगनि मंगल गायसी ।"
सन्त गरीबदास जीका सतगुरू "परमेश्वर कबीर बन्दी छोड जी" हुनु हुन्थ्यो ।

**परमेश्वर कबीर जीले कबीर सागर अध्याय "कबीर बानी" पृष्ठ १३६ -१३७ म भन्नु भएको छ— बाह्रौं पन्थ सन्त गरीबदास जीद्वारा चलाइने छ ।**

संवत् सतरह सौ पचहत्तर (१७७५) होई । ता दिन प्रेम प्रकटें जग सोई ।।
साखि हमारी ले जीव समझावै । असंख्यों जन्म ठौर नहीं पावै ।।
बारहवें पंथ प्रगट हो बानी । शब्द हमारे की निर्णय ठानी ।।

अस्थिर घर का मर्म ना पावैं । ये बारा (बारह) पंथ हमही को ध्यावैं ॥
बारहवें पंथ हम ही चलि आवैं । सब पंथ मिटा एक पंथ चलावैं ॥

**भावार्थः- परमेश्वर कबीर जीले स्पष्ट पार्नु भएको छ– बाह्रौं पन्थसम्मका अनुयायीहरूले कबीर सागर, कबीर साखी, कबीर बीजक, कबीर शब्दावली आदि ग्रन्थमा लेखिएका म (परमेश्वर कबीर जी) स्वयम्ले भनेको मेरो महिमाको साखी र मेरो कृपाले गरीबदास जीद्वारा भनिएका वाणीहरूको गुढ रहस्यहरू सही रूपमा न बुझेर स्वयम् गलत निर्णय गरेर आफ्ना अनुयायीहरूलाई सम्झाउने छन् तर सत्यसँग परिचित नभई असङ्ख्य जन्मसम्म स्थायी घर अर्थात् सनातन परमधाम (सत्यलोक) प्राप्त गर्न सक्ने छैनन् । अनि म (परमेश्वर कबीर जी) त्यस गरीबदास जीको पन्थमा आउने छु र कलियुगमा ५५०५ (पाँच हजार पाँच सय पाँच) वर्ष पूरा भएपछि यथार्थ सत कबीर पन्थ चलाइने छ । त्यस समय तत्वज्ञान सम्बन्धी चर्चा घर-घरमा चल्ने छ । तत्वज्ञान बुझेर संसारका सारा मानिसहरूले मेरो भक्ति गर्ने छन् । सबै असल आचरण सम्पन्न भएर शान्तिपूर्वक रहने छन् । यसबाट सिद्ध हुन्छ कि तेह्रौं यथार्थ कबीर पन्थ अहिले म दास (रामपाल दास) द्वारा चलाइदै छ । कृपा परमेश्वर कबीर जीको हो । जत्ति खेर परमेश्वर कबीर जीले "तोताद्रि" स्थानमा ब्राह्मणहरूको भण्डारामा भैंसा (राँगा) द्वारा वेदमन्त्र बोलाउन सक्नु हुन्छ भने उहाँ स्वयम्ले पनि भन्न सक्नु हुन्थ्यो । समर्थको सामर्थ्य (समर्थता) यसैमा छ कि जसलाई माध्यम बनाएर भएपनि आफ्नो महिमाको परिचय दिलाउन सक्नु हुन्छ । सायद त्यसैले परमेश्वर कबीर जीले आफ्नो कृपाले म दास (रामपाल दास) बाट यो तेह्रौं (१३ औं) पन्थ चलाउनु भएको छ ।**

## वर्तमानमा कलियुग कत्ति बिति सकेको छ ?

हिन्दू धर्ममा आदि शङ्कराचार्य जीको विशेष स्थान छ । अर्को शब्दमा भन्ने हो भने हिन्दू धर्मका संरक्षक तथा संजीवनी दाता पनि आदि शङ्कराचार्य हुन् । उनी पश्चात् उनका शिष्यहरूले गरेको प्रचारको परिणाम स्वरूप हिन्दू देवताहरूको पूजाको मानौं क्रान्ति नै आएको छ । उनका इष्टदेव श्री शङ्कर भगवान हुन् । उनको पूज्य देवी पार्वती जी हुन् । यिनका साथै उनी श्री विष्णु जी तथा अन्य देवताहरूका पुजारी हुन् । विशेष गरेर "पञ्च देव पूजा" को विधान छः- १. श्री ब्रह्मा जी २. श्री विष्णु जी ३. श्री शङ्कर जी ४. श्री परासर ऋषि जी ५. श्री कृष्ण द्वैपायन उर्फ श्री वेद व्यास जी पूज्य छन् ।

"जीवनी आदि शङ्कराचार्य" पुस्तकमा लेखिएको छ– आदि शङ्कराचार्य जीको जन्म ५०८ वर्ष ईशा जी भन्दा पहिले भएको थियो ।

फेरि "हिमालय तीर्थ" पुस्तकमा भविष्यवाणी गरिएको थियो, जुन आदि शङ्कराचार्य जीको जन्म भन्दा पूर्वको हो । यसमा भनिएको छ– आदि शङ्कराचार्य जीको जन्म कलियुगको तीन हजार वर्ष बितेपछि हुन्छ ।

अब गणितको रीतिले जाँच गरेर हेरौं– वर्तमानमा अर्थात् २०१२ मा कलियुग कत्ति बिति सकेको छ ?

आदि शङ्कराचार्यको जन्म ईशा जीको जन्मबाट ५०८ वर्ष पूर्व भयो ।

ईशा जीको जन्म भएको समय = २०१२ वर्ष

शङ्कराचार्य जी कत्ति वर्ष हुनु भयो = २०१२ + ५०८ = २५२० वर्ष

माथिको हिसाब लगाउने हो भने शङ्कराचार्य जीको जन्म कलियुगको = ३००० वर्ष बितेपछि ।

कुल वर्ष २०१२ मा कलियुग कत्ति बिति सकेको छ =३००० + २५२० = ५५२०

अब हेरौं– ५५०५ वर्ष कलियुग कुन सन् मा पूरा हुन्छ = ५५२० – ५५०५ = १५ वर्ष २०१२ भन्दा पहिले ।

२०१२ - १५ = १९९७ ई. मा कलियुग ५५०५ वर्ष पूरा हुन्छ । संवत्को हिसाबले स्वदेशी वर्ष फागुन महिना अर्थात् फेब्रुअरी-मार्चमा पूरा हुन्छ ।

जो सन्तजनले श्रीमद्भगवत गीता ५१५१ वर्ष पूर्व भनिएको थियो भन्ने मान्दछन्, जुन गलत हो ।

## "गुरू बिना मोक्ष छैन"

प्रश्न : के गुरू बिना भक्ति गर्न सकिदैन ?

उत्तर : भक्ति गर्न सकिन्छ, तर त्यो व्यर्थको प्रयत्न हुने छ।

प्रश्न : कारण बताउनु होस् ?

उत्तर : सूक्ष्मवेदमा परमात्माको विधान बताइएको छ :

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान ।
गुरू बिन दोनों निष्फल है, पूछो वेद पुराण ।।
कबीर, राम कृष्ण से कौन बडा, उन्हों भी गुरू किन्ह ।
तीन लोक के वे धनी, गुरू आगे आधीन ।।
कबीर, राम कृष्ण बडे तिन्हूं पुर राजा ।
तिन गुरू बन्द कीन्ह निज काजा ।।

भावार्थ : गुरू धारण नगरी यदि नाम जापको माला फेर्दछन् र दान दिन्छन् भने त्यो व्यर्थ छ । यदि तपाईंलाई कुनै सन्देह छ भने आफ्नो वेद तथा पुराणमा प्रमाण हेर्न सक्नु हुन्छ ।

श्रीमद्भगवत गीता चारै वेदका सारांश हुन् । गीता अध्याय २ श्लोक ७ मा अर्जुनले भने– हे कृष्ण ! म हजुरको शिष्य हूँ, हजुरको शरणमा छु । गीता अध्याय ४ श्लोक ३ मा श्री कृष्ण जीमा प्रवेश गरेर काल ब्रह्मले अर्जुनलाई भने– तिमी मेरा भक्त हौ । पुराणमा प्रमाण छ– श्री रामचन्द्र जीले ऋषि वशिष्ट जीबाट नाम दीक्षा लिएका थिए र आफ्नो घर तथा राजकाजमा गुरू वशिष्ठबाट आज्ञा लिएर कार्य

गर्दथे । श्री कृष्ण जीले ऋषि संदीपनि जीबाट अक्षर ज्ञान प्राप्त गरे तथा श्री कृष्ण जीका आध्यात्मिक गुरू श्री दुर्वासा ऋषि थिए ।

कबीर परमेश्वर जी हामीलाई सम्झाउन चाहनु हुन्छ– तिमीहरू अरू कसैलाई श्री राम तथा श्री कृष्ण जी भन्दा ठूला अर्थात् समर्थवान मान्दैनौ । ती तीन लोकका मालिक थिए । उनीहरूले पनि गुरू बनाएर भक्ति गरे, जीवन सफल तुल्याए । यसबाट अरू कसैले गुरू बिना भक्ति गर्दछ भने त्यो कत्ति सही हो भन्ने सहजै थाहा पाउन सकिन्छ । अर्थात् त्यो व्यर्थ छ ।

गुरू बिना देखा-सेखी एवं भने-सुनेको भक्तिलाई लोक वेद अनुसारको भक्ति भनिन्छ । लोक वेदको अर्थ कुनै क्षेत्रमा प्रचलित तत्वज्ञान विपरितको भक्ति ज्ञान हो। लोकवेदको आधारमा यस दास (सन्तरामपाल दास) श्री हनुमान जी, बाबा श्याम जी, श्री राम, श्री कृष्ण, श्री शिव जी तथा देवी-देवताहरूको भक्ति गर्दथ्यो । हनुमान जीको भक्तिमा मङ्गलबारको व्रत गर्थ्यो, बुन्दी (बुनियाँ) को प्रसाद बाँड्थ्यो र स्वयम् देशी घिउको गिच चुरमा खान्थ्यो । बाबा हनुमानलाई डाल्डा वनस्पति घिउमा बनेको बुनियाँको भोग लगाउँथ्यो । हरे राम, हरे कृष्ण कृष्ण कृष्ण हरे हरे को मन्त्र जाप गर्दथ्यो । कसैले भन्यो :

ओम् नाम सबसे बडा, इससे बडा न कोय ।
ॐ नाम का जाप करे, तो शुद्ध आत्मा होय ॥

यस कारणले ओम् नामको जाप सुरू गरें । ओम् नमो शिवायः शिवको मन्त्र जाप गर्थें । ओम् नमो भगवते वासुदेवायः नामः विष्णुको जाप गर्थें । तीर्थ जानु, दान गर्नु, त्यहाँ स्नान गर्नु यी सब लोक वेदको आधारमा गर्थें ।

घरमा सुख हूँदा म उपरोक्त भक्तिको कारणले भएको हो भन्ने ठान्दथें । जस्तो– कक्षामा पास हुनु, विवाह हुनु, पुत्र तथा पुत्रीहरूको जन्म हुनु, जागिर पाउनु। यी सारा सुख उपरोक्त साधनाबाट भएको हो भन्ने ठान्दथें । कबीर परमेश्वर जीले सूक्षम वेदमा भन्नु भएको छ :

कबीर, पीछे लाग्या जाऊँ था, मै लोक वेद के साथ ।
रास्ते में सतगुरू मिले, दीपक दिन्हा हाथ ॥

भावार्थ : साधकले लोकवेद अर्थात् दन्त्य कथाको आधारमा भक्ति गरि रहेको थियो । ऊ शास्त्र विरूद्धको साधनाको मार्गमा हिंडि रहेको थियो । बाटोमा अर्थात् एक दिन तत्वदर्शी सन्त भक्तिको मार्गमा भेट हुनु भयो । उहाँले शास्त्रविधि अनुसारको शास्त्र प्रमाणित साधना रूपी दीयो (बत्ति) दिनु भयो अर्थात् सत्य शास्त्रानुकुल साधनाको ज्ञान अवगत गराउनु भयो र जीवन नष्ट हुनबाट जोगियो । सत गुरूले बताउनु भएको तत्वज्ञानको उज्यालोले मैले गलत भक्ति गरि रहेको थिएँ भन्ने थाहा पाएँ । श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ– जुन साधकले शास्त्र विधि त्यागेर मनोमानी आचरण गर्दछ, उसलाई न त सुख हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त गति अर्थात् मोक्ष प्राप्त हुन्छ अर्थात् ती सब

व्यर्थका साधना हुन् । फेरि गीता अध्याय १६ श्लोक २४ मा भनिएको छ– अर्जुन ! यसैले तिम्रा लागि कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण हो ।

यस दास (सन्त रामपाल दास) तथा पूरा हिन्दू समाजले गरेको उपरोक्त साधना सबै गीता तथा वेदहरूमा वर्णित नभएकाले शास्त्र विरुद्धको साधना हो, जुन व्यर्थ छ ।

कबीर, गुरू बिन काहु न पाया ज्ञाना, ज्यों थोथा भुस छडे मूढकिसाना ।
कबीर, गुरू बिन वेद पढै जो प्राणी, समझै न सार रहे अज्ञानी ।

त्यसैले गुरू जीबाट वेद शास्त्रहरूको ज्ञान लिनु पर्छ, जसबाट सत्य भक्तिको शास्त्रानुकुल साधना गरेर मानव जीवन धन्य हुन्छ ।

## पूर्ण गुरूको वचनको शक्तिले भक्ति हुन्छ

गुरू जीबाट दीक्षा लिएर भक्ति गर्नु लाभदायक हुन्छ । बिना गुरू भक्ति गर्नाले कुनै लाभ हुँदैन ।

उदाहरण :

❖ एक जना राजाकी रानी सार्है धार्मिक थिइन् । उनले पमरेश्वर कबीर जीबाट गुरू दीक्षा लिएकी थिइन् । उनी हरेक दिन गुरू दर्शनको लागि जाने गर्थिन् । यी सब राजालाई मन पर्दैनथ्यो तर राजाले रानीलाई त्यहाँ जानबाट रोक्न सकि रहेका थिएनन् किनकि सर्व प्रथम त उनी एक शक्तिशाली राजाकी छोरी थिइन् भने अर्को राजा आफ्नी पत्नीलाई सधैं प्रसन्न भएको देख्न चाहन्थे ।

एक दिन राजाले रानीलाई रिसाउँदिनौ भने एउटा कुरा भन्छु भने । रानीले हुन्छ भनिन् । राजाले भने– तिमी सधैं आफ्ना गुरू कहाँ जान्छ्यौ, भक्ति गुरू बिना पनि त हुन सक्छ नि । जवाफमा रानीले भनिन्– गुरू जीले त गुरू बिना भक्ति गर्नु व्यर्थ हो भन्नु भएको छ । रानीका कुरा सुनेपछि राजाले भने– म भोलि तिमीसँगै गएर तिम्रो गुरू जीलाई भेट्छु र उहाँबाट यो कुरा स्पष्ट गर्छु ।

भोलिपल्ट राजा रानीसँगै गुरू जी सामु गएर भने– तपाईं किन गुरू बिना भक्ति हुँदैन भनेर जनतालाई मूर्ख बनाइ रहनु भएको छ, किन भक्ति सफल हुँदैन? नाम जाप गर्ने न हो, त्यो त एक अर्कासँग सोधेर जाप गरे भइ हाल्यो नि । सन्तले भने– राजन ! हजुरको कुरामा दम छ,म हजुरको दरबारमा आउँछु र यस प्रश्नको जवाफ त्यहीं दिन्छु । निश्चित दिनमा सन्त जी राजदरबारमा गए । राजा सिंहासनमा विराजमान थिए, छेउछाउमा सिपाही खडा थिए । सन्तलाई बस्नका लागि अलग्गै कुर्सी राखिएको थियो । सन्त जानासाथ छेउछाउमा खडा रहेका सिपाहीहरूसँग राजालाई देखाउँदै यसलाई गिरफ्तार गर भने । सिपाहीहरू टसमस पनि भएनन् । सन्तले तीन पटक सम्म यसलाई गिरफ्तार गर भन्ने आदेश दिए, तर सिपाहीहरूले राजालाई गिरफ्तार गरेनन् ।

राजा सन्तप्रति क्रोधित भए र विचार गरे– यस अभागीले राज्य हात पार्नका लागि मेरी पत्नीलाई बहकाएको रहेछ । तत्काल राजाले सन्तलाई गिरफ्तार गर्न सिपाहीहरूलाई आदेश दिए । एक पटक मात्र राजाको आदेश आउनासाथ सिपाहीहरूले सन्तलाई गिरफ्तार गरे ।

सन्तले भने– हे राजन ! तपाईं घरमा बोलाएर एउटा सन्तको अनादर गर्दै हुनु हुन्छ ?, यो राम्रो कुरा होइन । राजाले भने– तपाईं वकवास गर्दै हुनु हुन्थ्यो, मलाई गिरफ्तार गर्ने आदेश दिदै हुनु हुन्थ्यो । सन्तले भने– मैले त तपाईंको त्यही प्रश्नको जवाफ दिएको हूँ, जसमा तपाईंले गुरूबाट दीक्षा लिएर भक्ति गर्नु किन आवश्यक छ भनी सोध्नु भएको थियो । मलाई सिपाहींबाट छुटाउनु होस्, तब म जवाफ दिन्छु । राजाले सन्तलाई छोड्न आदेश दिए । सिपाहीहरूले सन्तलाई छोडि दिए । सन्तले भने– हे राजा जी ! मैलै सिपाहीहरूसँग राजालाई गिरफ्तार गर भन्ने आदेश दिएँ तर उनीहरू टसमस पनि भएनन् । तर त्यही वाक्य तपाईंले भन्दा तत्काल मलाई गिरफ्तार गरे । तपाईंको बोलीमा राज्यको शक्ति छ । मेरो वचनमा आध्यात्मिक शक्ति छ । तपाईंले त्यही नाम जाप भक्तिका लागि कसैलाई भन्नु भयो भने त्यस मन्त्रले कुनै काम गर्दैन । तर त्यही नाम जाप गर्न मैले भने भने, त्यो तत्काल प्रभावपूर्ण रूपमा क्रियान्वित हुन्छ । त्यसैले पूर्ण सन्तबाट दीक्षा लिनाले साधकमा तत्काल आध्यात्मिक प्रक्रिया प्रारम्भ हुन्छ, उसको आत्मामा भक्तिको अङ्कुर पलाउँछ । सूक्ष्म वेदमा भनिएको छ :

सत गुरू पशु मानुष करि डारै, सिद्धि देय कर ब्रह्म विचारे ।

भावार्थः सतगुरूले पहिले मनुष्यलाई सत्सङ्ग सुनाएर असल इन्सान बनाउनु हुन्छ, सारा खराब आचरण छुटाउनु हुन्छ । फेरि आफ्नो भक्तिको सिद्धि अर्थात् शक्ति शिष्यको अन्तःकरणमा शब्दद्वारा प्रवेश गराएर ब्रह्म अर्थात् परमात्माको साधना गर्ने विचार प्रबल गराउनु हुन्छ, जसबाट भक्तिमा साधकको रूचि दिनानुदिन बढ्दै जान्छ । अनि ऊ देवता बन्दछ । कबीर जीले भन्नु भएको छः

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान ।
गुरू बिन दोनों निष्फल हैं, चाहे पूछो वेद पुराण ।।
योग, यज्ञ तप दान करावै, गुरू विमुख फल कभी नहीं पावै ।

भावार्थ : गुरू बिना नाम जापको माला फेर्नु, तथा दान दिनु सब व्यर्थ छ । वेद तथा पुराणहरूमा पनि यही प्रमाण छ । अन्तिम चौपाइको भावार्थः यदि दीक्षा लिएर गुरू विमुख भई अर्थात् गुरूलाई छोडेर त्यही मन्त्रहरू जाप गरि रह्यो तथा यज्ञ हवन दान पनि गरि रहेको छ भने पनि त्यो व्यर्थ छ । उसलाई कुनै लाभ हुँदैन ।

कबीर, तांते सतगुरू शरणा लिजै, कपट भाव सब दूर करिजै ।

**अन्य प्रमाण :**

कबीर गर्भयोगेश्वर गुरू बिना, करते हरि की सेव ।

कहैं कबीर बैकुंठ से, फेर दिया सुखदेव ।।
राजा जनक गुरू किया, फिर किन्ही हर की सेव ।
कहैं कबीर बैकुंठ मे, चले गए सुखदेव ।

**भावार्थः ऋषि वेदव्यास जीका पुत्र शुकदेव जी आफ्नो पूर्व जन्मको भक्तिको शक्तिले उडेर स्वर्गमा जान्थे । एक दिन उनी श्री विष्णु जीको लोकमा बनेको स्वर्गमा प्रवेश गर्ने मनसायले गए । त्यहाँका कर्मचारीहरूले ऋषि शुकदेव जीसँग स्वर्गद्वारमा आफ्नो गुरू जीको नाम बताउन आग्रह गरे । शुकदेव जीले भने– गुरूको के आवश्यकता छ र ? अरू गुरू धारण गरेर यहाँ आएका छन्, ममा त यत्ति शक्ति छ कि म गुरू बिना नै आएको छु । द्वारपालले भने– ऋषि जी यो त तपाईंको पूर्व जन्ममा सङ्ग्रह गरिएको भक्तिको शक्ति हो । यदि पुनः गुरू धारण गरेर भक्ति गर्नु भएन भने पूर्व जन्मको भक्ति केही समयसम्म मात्र चल्ने छ र तपाईंको मानव जन्म नष्ट हुने छ ।**

**उदाहरणका लागिः अहिले इन्भर्टरको ब्याट्रीमा चार्जर लगाएर चार्ज गरिएको छ । यदि चार्जर हटाइ दियो भने इन्भर्टरले आफ्नो काम गरि रहन्छ किनकि त्यसमा उर्जा सङ्ग्रह भइ सकेको छ । केही समय पश्चात् त्यस इन्भर्टरले सबै कार्य गर्न छोड्छ । न बत्ती बल्छ, न त पङ्खा चल्छ । त्यसलाई पुनः चार्ज गर्नु अनिवार्य रहन्छ । त्यसका लागि चार्जर चाहिन्छ । चार्जरलाई गुरू र बिजुलीलाई परमेश्वर जान। ऋषि सुकदेवलाई आफ्नो सिद्धिको अभिमान थियो र उनी मानेनन् । कुरो भगवान विष्णुसम्म पुग्यो । श्री विष्णु जीले पनि सुकदेव जीलाई पहिले गुरू बनाऊ र मात्र यहाँ आऊ भने । सुकदेव जीले भने– भगवान पृथ्वी लोकमा म समान कोही छैनन्, न असल गुरू नै छन् । कृपया हजुरले नै भन्नु होस्, म कसलाई गुरू बनाऊँ ?श्री विष्णु जी राजा जनकलाई गुरू बनाऊ भनेर आफ्नो महलमा गए । सुकदेव ऋषि फर्केर पृथ्वीमा आए । राजा जनकबाट दीक्षा लिएर उनले बताए अनुसारको भक्ति मन्त्रहरू जाप गरे, तब ऋषि सुकदेवलाई स्वर्गमा रहन दिइयो । त्यसैले गुरू बनाएर भक्ति गर्नाले नै सफलता सम्भव छ । गुरू बिना भक्ति, दान आदि गर्नु व्यर्थ छ ।**

❖ **गुरू पूरा (पूर्ण) हुनु पर्छ, झूठा गुरूबाट कुनै लाभ प्राप्त हुँदैन ।**

**प्रश्न : पूरा (पूर्ण) गुरूको पहिचान के हो ? जुन सन्तको ज्ञान सुन्यो, ऊ पूर्ण सतगुरू जस्तै लाग्छ ।**

**उत्तर : सूक्ष्म वेदमा गुरूको लक्षण बताइएको छ :**

गरीब, सतगुरू के लक्षण कहूँ, मधुरे वैन विनोद
चार वेद छः शास्त्र, कह अठारह बोध ।।

**सन्त गरीबदास जी (छुडानी गाऊँ, झज्जर जिल्ला, हरियाणा) लाई परमेश्वर कबीर जीले भेट्नु भएको थियो । उनको आत्मालाई माथि आफ्नो सत्यलोक**

(सनातन परम धाम) लिएर जानु भएको थियो । माथिका सारा लोकहरू अवलोकन गराएर पुनः पृथ्वीमा फर्काउनु भएको थियो । उनलाई सम्पूर्ण अध्यात्म ज्ञान भन्नु भएको थियो । उनको ज्ञानयोग परमेश्वर कबीर जीले खोल्नु भएको थियो । त्यसको आधारमा सन्त गरीबदास जीले गुरूको पहिचान बताएका हुन्– सच्चा गुरू अर्थात् सतगुरूले यस्तो ज्ञान बताउँछन् कि यिनको वचनले आत्मालाई आनन्दित तुल्याउँछ, बडो मधुर आभास हुन्छ किनकि उनी सत्यमा आधारित हुन्छन् त्यसैले सतगुरूले चारै वेदहरू तथा सम्पूर्ण शास्त्रहरूको ज्ञान विस्तारपूर्वक भन्दछन् ।

यही प्रमाण परमेश्वर कबीर जीले सूक्ष्मवेदमा कबीर सागरको अध्याय "जीव धर्म बोध" पृष्ठ १९६० मा दिनु भएको छ :

गुरू के लक्षण चार बखाना, प्रथम वेद शास्त्रको ज्ञाना ।
दुजे हरि भक्ति मन कर्म बानि, तीजे समदृष्टि करि जानी ।।
चौथे वेद विधि सब कर्मा, ये चार गुरू गुण जानों मर्मा ।।

सरलार्थ : कबीर परमेश्वर जीले सच्चा गुरूका चार मुख्य लक्षण हुन्छन् भन्नु भएको छ :

१. सम्पूर्ण वेद तथा शास्त्रहरू सही रूपमा जानेका हुन्छन् ।

२. उनी स्वयम्ले मन, वचन र कर्मले भक्ति गर्छन् अर्थात् उनको भनाइ र काम गराइमा कुनै अन्तर हुँदैन ।

३. उनले सारा अनुयायीसँग समान व्यवहार गर्छन्, भेदभाव राख्दैनन् ।

४. उनले सम्पूर्ण भक्ति कर्म वेदहरू (चार वेदहरू सबैलाई थाहा छ– १. ऋग्वेद, २. यजुर्वेद, ३. सामवेद, ४. अथर्ववेद तथा पाँचौं वेद सूक्ष्म वेद हुन् ।) अनुसार गर्दछन् र गराउँदछन् ।

❖ वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद) मा जाप गर्ने केवल ओम् = ॐ एक नाम छ ।

प्रमाण - यजुर्वेद अध्याय ४० मन्त्र १५ तथा १७ मा ।

मन्त्र १५ मा भनेका छन् : ओम् (ॐ) नामको स्मरण कार्य गर्दा गर्दै गर, विशेष तडपका साथ गर, मनुष्य जन्मको परम कर्तव्य ठानेर स्मरण गर, ॐ को जाप मृत्यु पर्यन्त गर्नाले ॐ को स्मरणबाट प्राप्त हुने जत्ति अमरत्व प्राप्त हुन्छ । (यजुर्वेद ४०/१५)

यजुर्वेद अध्याय ४० मन्त्र १७ मा वेद ज्ञान दाता ब्रह्म नै हुन् । उनले भनेका छन्– पूर्ण परमात्मा त परोक्ष (अव्यक्त अर्थात् लुकेका) छन् । उनी सबैको दृष्टिमा आउँदैनन् । (उनको जानकारी यजुर्वेद अध्याय ४० मन्त्र १० मा बताइएको छ– उनको यथार्थ ज्ञान तत्वदर्शी सन्तले मात्र जान्दछन्, उनीबाट सुन) फेरि यजुर्वेद अध्याय ४० मन्त्र १७ मा भनेका छन्– (अहम् खम् ब्रह्म) म ब्रह्म हूँ । मेरो ओम् = ॐ नाम हो । म माथि दिव्य आकाश रूपी ब्रह्म लोकमा रहन्छु । (यजुर्वेद ४०/१७)

यही प्रमाण श्री देवी महापुराणमा छ : (गीता प्रेस गोरखपुरबाट प्रकाशित सचित्र मोटा टाइप केवल हिन्दी) को सातौं स्कन्ध पृष्ठ ५६२-५६३ मा श्री देवी जीले

राजा हिमालयलाई भनेकी छन्– राजन् । तिमी यदि आत्मकल्याण चाहन्छौ भने मेरो भक्ति सहित सम्पूर्ण कुराहरू छोडेर केवल एक ओम् (ॐ) नामको जाप गर, ब्रह्म प्राप्तिको उद्देश्य राख । यसबाट तिमीले ब्रह्मलाई प्राप्त गर्ने छौ । उनी ब्रह्म लोक रूपी दिव्य आकाशमा रहन्छन् । यसबाट पनि वेदहरूमा जापका लागि केवल एक "ओम्" नाम छ भन्ने स्पष्ट भयो । वेदहरूका सारांश श्रीमद्‌भगवत गीताको अध्याय ८ श्लोक १३ मा भनिएको छ :

ओम् इति एकाक्षरम् ब्रह्म व्याहरन् माम् अनुस्मरन् ।
यः प्रयाति त्वजन् देहम् सः याति परमाम् गतिम् ॥

अनुवाद : गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– म ब्रह्मको केवल ओम = ॐ एक अक्षर छ, यसको उच्चारण स्मरण गर्दै जो साधकले शरीर त्याग्दछ, उसले मृत्यु उपरान्त ॐ नामको स्मरणले प्राप्त हुने परम गति अर्थात् ब्रह्मलोक प्राप्त गर्दछ ।

श्रीमद्‌भगवत गीता तथा वेदहरूमा यसका अतिरिक्त अर्थात् "ओम् = ॐ" को अतिरिक्त ब्रह्म साधनाको कुनै नाम छैन ।

ओम् = ॐ नामको जाप शास्त्र प्रमाणित छ भन्ने प्रमाणित हुन्छ ।

❖ गीता ज्ञानदाताले स्पष्ट गरेका छन्– अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, पछि पनि हुने छ । मेरो उत्पत्तिको विषयमा ऋषि तथा देवतागणहरू जान्दैनन् (गीता अध्याय/श्लोक २/१२, ४/५, १०/२)

यसबाट सिद्ध हुन्छ– गीता ज्ञानदाता ब्रह्म नाशवान छन् तथा जन्मन्छन् र मर्छन् । यिनका पुजारी पनि जन्म-मरणको चक्रमा नै रहन्छन् । त्यसैले गीता अध्याय ८ श्लोक १६ मा भनेका छन्– ब्रह्म लोकमा गएका साधक पनि पुनर्जन्ममा रहन्छन् । त्यसैले गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे भारत ! तिमी सम्पूर्ण भावले ती परमेश्वरको शरणमा जाऊ, तिनै परमेश्वरको कृपाले नै तिमीलाई परमशान्ति तथा सनातन परमधाम अर्थात् सत्यलोक प्राप्त हुने छ ।

❖ फेरि गीता अध्याय १५ श्लोक ४ मा गीता ज्ञानदाताले भनेका छन्– जब तत्वदर्शी सन्तबाट तत्वज्ञान प्राप्त हुन्छ, उनले बताए अनुसार साधना गरेर, त्यसपछि परमेश्वरको त्यो परम पदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर कहिल्यै संसारमा आउँदैनन् । केवल तिनै परमेश्वरको पूजा गर । गीता अध्याय ७ श्लोक २९ मा गीता ज्ञानदाता भन्छन् :

जरा मरण मोक्षाय माम् आश्रित्य यतन्ति ये ।
ते तत् ब्रह्म विदुः कृत्सनम् अध्यात्मम् कर्म च अधिलम् ॥

भावार्थः गीता ज्ञानदाता भन्दछन्– जो मैले बताएको ज्ञानमा आश्रित भएर अर्थात् मैले भने अनुसार तत्वदर्शी सन्तबाट तत्वज्ञान जान्दछन् । जो जरा अर्थात् वृद्धावस्था तथा मृत्युको कष्टबाट मोक्ष प्राप्त गर्नका लागि प्रयत्न गर्दछन् । भक्तिको

प्रतिफल स्वरूप संसारका कुनै पनि बहुमूल्य वस्तुको इच्छा राख्दैनन् । उनले (तत् ब्रह्म विदु:) त्यस ब्रह्मको सम्पूर्ण अध्यात्म र सारा कर्महरू जान्दछन् ।

❖ अर्जुनले गीता अध्याय ८ श्लोक १ मा सोधे– "तत् ब्रह्म" के हो ? यसको उत्तर गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा दिएका छन् - उनी "परम अक्षर ब्रह्म" हुन् ।

❖ गीता अध्याय ८ श्लोक ५ तथा ७ मा त गीता ज्ञानदाताले आफ्नो भक्ति गर्न भनेका छन् र मेरो भक्तिले मलाई प्राप्त गर्ने छौ भन्ने विश्वास दिलाएका छन् । मेरो भक्तिले जन्म-मरण कर्म चक्र रहि रहन्छ, युद्ध पनि गर्नु पर्छ, परमशान्ति भने हुन सक्दैन ।

❖ फेरि गीता ज्ञानदाताले तुरून्त गीता अध्याय ८ श्लोक ८, ९, १० मा भनेका छन्– "तत् ब्रह्म" अर्थात् परम अक्षर ब्रह्म" को भक्ति गर्नेले सच्चिदानन्द घन ब्रह्म अर्थात् मभन्दा अर्का दिव्य परमेश्वरलाई प्राप्त गर्ने छ ।

❖ यसैगरी परम अक्षर ब्रह्मको महिमा गीता अध्याय १५ श्लोक १७ मा बताएका छन् । गीता अध्याय १५ श्लोक १६ मा दुई पुरूष भनेका छन्– १. क्षर पुरूष- यी गीता ज्ञानदाता हुन्, यिनको २१ ब्रह्माण्डहरूको क्षेत्र छ । यिनी गीता ज्ञानदाता ब्रह्म हुन् । २. अक्षर पुरूष– यिनको ७ शंख ब्रह्माण्डको क्षेत्र छ । यी दुवैलाई नाशवान भनिएको छ । यिनका लोकका सारा जीवहरू पनि नाशवान भनिएको छः

गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ :

उत्तम पुरूषः तू अन्यः परमात्मा इति उदाहृतः ।
यः लोक त्रयम् आविश्य विभर्ति अव्ययः ईश्वर : ।।

अनुवाद : उत्तम पुरूष = पुरूषोत्तम अर्थात् परम अक्षर ब्रह्म त माथि वर्णित क्षर पुरूष तथा अक्षर पुरूष भन्दा अलग छन्, जसलाई परमात्मा भनिन्छ, जो तीनै लोकहरू (क्षर पुरूषको २१ ब्रह्माण्डको क्षेत्र भएको लोक, दोस्रो अक्षर पुरूषको ७ शङ्ख ब्रह्माण्डहरू भएको लोक, तेस्रो माथिका चार लोकहरू (सत्यलोक, अलखलोक, अगमलोक, तथा अनामीलोक) यसरी बनेका तीनै लोकहरू) मा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन्, उनी नै वास्तविक अविनाशी परमेश्वर हुन् ।

❖ गीता अध्याय १७ श्लोक २३ मा यस परम अक्षर ब्रह्मको प्राप्तिको मन्त्र बताइएको छः

ॐ तत् सत् इति निर्देशः ब्रह्मणः त्रिविधः स्मृतः ।
ब्राह्मणाः तेन वेदाः यज्ञाः च विहिता पुरा ।।

ब्राह्मणः = सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको भक्तिको साधना अर्थात् परमेश्वरको त्यस परम पद प्राप्त गर्ने मन्त्र बताइएको छ, जहाँ गए पश्चात् साधक फेरि फर्केर कहिल्यै संसारमा आउँदैन । जहाँ परम शान्ति प्राप्त हुन्छ, जुन सनातन परम धाम हो ।

ॐ = "ब्रह्म" अर्थात्, "क्षर पुरूष" को मन्त्र हो, यो प्रत्यक्ष छ । तत् = "अक्षर पुरूषको जाप मन्त्र हो, यो साङ्केतिक छ । वास्तविक मन्त्र सूक्ष्मवेदमा बताइएको छ । यो मन्त्र दीक्षा दिने बेलामा दीक्षार्थीलाई सार्वजनिक गरिन्छ । अरूलाई बताइदैन ।

सत् = यो "परम अक्षर पुरूष" को साधना मन्त्र हो । यो पनि साङ्केतिक छ । दीक्षा दिने समयमा दीक्षार्थीलाई बताइन्छ । यथार्थ मन्त्र सूक्ष्मवेदमा लेखिएको छ ।

यही प्रमाण सामवेद मन्त्र सङ्ख्या ८२२ मा पनि छ– तीन नामको जापले पूर्ण मोक्ष प्राप्त हुन्छ ।

सङ्ख्या नं. ८२२ सामवेद उतार्चिक अध्याय ३ खण्ड नं. ५ श्लोक नं. ८ (सन्त रामपाल दासद्वारा भाषा-भाष्य)

मनीषिझि पवते पूर्व्यः कविर्नृभिर्यतः परि कोशां असिष्यदत्।
त्रितस्य नाम जनयन्मधु क्षरन्निन्द्रस्य वायुं सख्याय वर्धयन्।।८।।

मनीषिझि – पवते–पूर्व्यः - कविर्–नृभि–यतः - परि–कोशान्–असिष्यदत्–त्रि–तस्य–नाम–जनयन्–मधु–क्षरनः - न–इन्द्रस्य–वायुम्–सख्याय–वर्धयन्।

**शब्दार्थ** : (पूर्व्यः) सनातन अर्थात् सर्वप्रथम प्रकट (कविर नृभि) कवीर परमेश्वर मानव रूप धारण गरेर अर्थात् गुरू रूपमा प्रकट भएर (मनीषिझि) हृदयदेखि नै चाहने श्रद्धापूर्वक भक्तिगर्ने भक्तात्मालाई (त्रि) तीन (नाम) मन्त्र अर्थात् नाम उपदेश दिएर (पवते) पाप रहित अर्थात् पवित्र गरेर (जनयन्) जन्म तथा (क्षरनः) मृत्युबाट (न) रहित गर्नु हुन्छ तथा (तस्य) उसको (वायुम्) प्राण अर्थात् जीवन-श्वासलाई जुन संस्कार बस गणनाका लागि राखेको हुन्छ लाई (कोशान्) आफ्नो भण्डारबाट (सख्याय) मित्रताको आधारले (परि) पूर्ण रूपमा (वर्धयन्) बढाउनु हुन्छ। (यतः) जसकारणले (इन्द्रस्य) परमेश्वरको (मधु) वास्तविक आनन्द (असिष्यदत्) आफ्नो आशीर्वाद प्रसादले प्राप्त गराउनु हुन्छ।

**भावार्थ : यस मन्त्रमा स्पष्ट गरिएको छ– पूर्ण परमात्मा कविर अर्थात् कबीर मानव शरीरमा गुरू रूपमा प्रकट भएर प्रभु प्रेमीहरूलाई तीन नामको जाप दिएर सत्य भक्ति गराउनु हुन्छ तथा त्यस मित्र भक्तलाई पवित्र बनाएर आफ्नो आशिर्वादले पूर्ण परमात्मा प्राप्ति गराएर पूर्ण सुख प्राप्त गराउनु हुन्छ । साधकको आयु बढाउनु हुन्छ । यही प्रमाण गीताको अध्याय १७ श्लोक २३ मा छ कि ओम्-तत्-सत् इति निर्देशःब्रह्मणः त्रिविध स्मृतः भावार्थ : पूर्ण परमात्मा प्राप्ति गर्ने ॐ (१) तत् (२) सत् (३) यो मन्त्र जाप स्मरण गर्ने निर्देशन छ । यो नाम तत्त्वदर्शी सन्तबाट प्राप्त गर। तत्त्वदर्शी सन्तको विषयमा गीता अध्याय ४ श्लोक नं. ३४ मा भनिएको छ तथा गीता अध्याय नं. १५ श्लोक नं. १ देखि ४ मा तत्वदर्शी सन्तको पहिचान बताइएको छ तथा तत्त्वदर्शी सन्तबाट तत्त्व ज्ञान लिएपछि ती परमपद**

परमेश्वरको खोजी गर्नु पर्छ भनिएको छ। जहाँ गएपछि साधक फर्केर संसारमा कहिल्यै आउँदैनन् अर्थात् पूर्ण मुक्त हुन्छन् । उनै पूर्ण परमात्माबाट संसारको रचना भएको हो ।

विशेष : उपरोक्त विवरणबाट पवित्र चारै वेदहरू पनि पूर्ण परमात्मा नै पूजा योग्य हुनु हुन्छ भन्ने कुराको साक्षी छन् । उहाँको वास्तविक नाम कविर्देव (कबीर परमेश्वर) हो तथा तीन मन्त्रको नाम जाप गर्नाले पूर्ण मोक्ष हुन्छ भन्ने स्पष्ट भयो ।

यो तीन मन्त्रको जापको प्रमाण वेदहरूका सारांश श्रीमद्भगवत गीतामा छ । यसबाट त्यो स्थान प्राप्त हुन्छ, जहाँ गए पश्चात् साधक फर्केर फेरि कहिल्यै संसारमा आउँदैन । जुन सनातन परम धाम हो, जहाँ गएपछि परम शान्ति प्राप्त हुन्छ ।

वेदहरू तथा गीतामा यी अनमोल तीन नाम मन्त्र अस्पष्ट अर्थात् साङ्केतिक रूपमा छ । त्यसैले चारै वेदहरू तथा गीता अनुसार साधना गर्नाले त्यो स्थान एवम् परमात्मा प्राप्त हुन सक्दैन । त्यसैले गीता अध्याय ४ श्लोक ३२ एवम् ३४ मा गीता ज्ञानदाताले स्पष्ट पारेका छन्– यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूको यथार्थ ज्ञान (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मले आफ्नो मुख कमलद्वारा वाणी बोलेर बताउँछन्, त्यसलाई सच्चिदानन्द घन ब्रह्मको वाणी भनिन्छ, त्यसलाई तत्वज्ञान तथा सूक्ष्म वेद पनि भनिन्छ । त्यसलाई बुझि सकेपछि सम्पूर्ण पापहरूबाट मुक्त भइन्छ । जसमा सम्पूर्ण भक्ति मन्त्र तथा विधि बताइएको छ । (गीता अध्याय ४ श्लोक ३२)

गीता अध्याय ४ श्लोक ३४– त्यो तत्वज्ञान तिमी तत्वदर्शी सन्तको सामिप्यमा गएर बुझ, उनलाई दण्डवत प्रणाम गर्नाले, कपट त्यागेर नम्रता पूर्वक प्रश्न गर्नाले ती परमात्मा तत्वलाई भलि-भाँति जान्ने ज्ञानी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् । (गीता अध्याय ४ श्लोक ३४)

सज्जनवृन्द ! त्यो तत्वदर्शी सन्त यो दास (सन्त रामपाल दास) हो । त्यो तत्वज्ञान मसँग छ। म बाहेक अहिले कसैसँग छैन । विश्वमा लगभग ७ अरब जनसङ्ख्या छ । यी अरबौं मानिसहरूमा यो ज्ञान जान्ने म बाहेक कोही पनि छैन ।

❖ गीता अध्याय ७ श्लोक १२ देखि १५ सम्ममा गीता ज्ञानदाताले तीन गुणहरू (रजगुण ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को भक्ति गर्नेहरू १. राक्षस स्वभाव धारण गरेका, २. मनुष्यहरूमा नीच, ३. दुषित कर्म गर्ने, ४. मूर्खहरू मेरो भक्ति गर्दैनन् भनेका छन् । फेरि गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक १६ देखि १८ मा आफ्नो साधना गर्नेहरूको अवस्था बताएका छन्– मेरो भक्ति चार प्रकारका साधक (१. आर्त, २. अर्थार्थी, ३. जिज्ञासु, ४. ज्ञानी) ले गर्दछन् । यी मध्ये केवल ज्ञानी साधकलाई श्रेष्ठ भनिएको छ, तर त्यो पनि तत्व ज्ञान न हुनाले मेरो अर्थात् ब्रह्मको अनुत्तम अर्थात् घटिया गतिमा नै स्थित रहे ।

❖ गीता अध्याय ७ श्लोक १९ मा गीता ज्ञानदाताले भनेका छन्– मेरो पूजा पनि जन्म-जन्मान्तरको अन्तको जन्ममा कुनै ज्ञानी आत्माले सही तरिकाले गर्दछ। अन्यथा अन्य उपासनामा लागि रहन्छ । "केवल वासुदेव अर्थात् सर्वगतम् ब्रह्म नै सबै थोक हुन् । उनको भक्तिले नै परम शान्ति प्राप्त हुन्छ । उनैको भक्तिले सनातन परमधाम प्राप्त हुन्छ । उनैको भक्तिले त्यो परमपद प्राप्त हुन्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन । तिनै परम अक्षर ब्रह्म सबैका उत्पत्तिकर्ता हुन्, उनी नै संसार रूपी वृक्षको मूल (जरा) हुन्, जो तीनै लोकमा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन्, उनी नै पाप-नाशक हुन् । उनी नै पूर्ण मोक्षदायक हुन्, उनैको भक्ति गर्नु पर्छ ।" यो बताउने महात्मा दुर्लभ छन् ।

प्रिय पाठकगण ! वर्तमानमा त्यो तत्वदर्शी सन्त यो दास (सन्त रामपाल दास) हो । मसँग सम्पूर्ण वेद-शास्त्रहरूको ज्ञान छ । बासुदेव भगवानको भक्तिको सम्पूर्ण मन्त्र छ । अब "बासुदेव" को परिभाषा बताउँछु :

## बासुदेवको परिभाषा

गीता अध्याय ३ श्लोक १४-१५ मा भनेका छन्– सम्पूर्ण प्राणीहरू अन्नबाट उत्पन्न हुन्छन् । अधिक जानकारी अगाडि नै दिइएको छ । यहाँ केवल यस विषयलाई लिएर हेरौं :

फेरि भनेका छन्– ब्रह्म अर्थात् क्षर पुरूषको उत्पत्ति अविनाशी परमात्माबाट भएको हो, जसको विषयमा गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ । यसबाट "सर्वगतम् ब्रह्म" = सर्वव्यापी परम अक्षर ब्रह्म अर्थात् वासुदेव सदा यज्ञमा प्रतिष्ठित छ भन्ने सिद्ध हुन्छ ।

विचार गरौं:- सर्व गतम् ब्रह्मको अर्थ सर्वव्यापी परम अक्षर परमात्मा हुन्छ । (गीता अध्याय ३ श्लोक १५)

१. श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी तीनै देवताहरू एक ब्रह्माण्डमा बनेका तीन लोक (स्वर्ग लोक, पृथ्वीलोक र पाताल लोक) मा केवल एक-एक विभाग अर्थात् गुणका प्रधान हुन् । यी सर्वगतम् ब्रह्म अर्थात् सर्वव्यापी परमात्मा = वासुदेव होइनन् ।

२. ब्रह्म अर्थात् क्षर पुरूष : यी केवल २१ ब्रह्माण्डहरूका प्रभु हुन् । यी पनि सर्वव्यापी अर्थात् वासुदेव होइनन् ।

३. अक्षर पुरूष : यी केवल ७ शङ्ख ब्रह्माण्डहरूका प्रभु हुन्, यिनी पनि सर्वव्यापी अर्थात् वासुदेव होइनन् ।

४. परम अक्षर ब्रह्म : यिनी सम्पूर्ण ब्रह्माण्डहरूका स्वामी हुन्, सबैको पालन-पोषण गर्ने हुन्। यी वासुदेव हुन् ।

विशेषः अधिक जानकारीका लागि यसै पुस्तकको "सृष्टि रचना" अध्याय पढ्नु होस् ।

❖ जस्तो यस अघि नै भनिएको छ, परम अक्षर ब्रह्म स्वयम् पृथ्वीमा प्रकट भएर असल आत्माहरूलाई भेट्नु हुन्छ । उनीहरूलाई तत्वज्ञान बताउनु हुन्छ । यही विधान अनुसार उनै परमात्माले सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा प्रान्त) लाई एक जिन्दा महात्माको भेषमा सन् १७२७ मा भेट्नु भयो । गरीबदास जीको आत्मालाई त्यस सनातन परमधाममा लैजानु भएको थियो । अनि माथिका सम्पूर्ण ब्रह्माण्डहरू तथा प्रभुहरूको स्थिति बताएर तथा तत्वज्ञान परिचित गराएर पुनः शरीरमा प्रवेश गराउनु भएको थियो । त्यत्तिखेर सन्त गरीबदास जीको आयु १० वर्षको थियो । त्यसदिन सन्त गरीबदास जीलाई मृत ठानी चितामा राखेर अन्तिम संस्कारको तयारी हुदै थियो । त्यसै समय उनको आत्मालाई शरीरमा प्रवेश गराइ दिनु भयो । जीवित भएपछि कुलका सारा मानिसहरूको खुशीको सीमा नै रहेन । त्यसपछि सन्त गरीबदास जीले एक अनमोल ग्रन्थ रचना गरे । त्यस ग्रन्थमा आफूले प्रत्यक्ष देखेका तथा स्वयम् परमात्माद्वारा बताइएका ज्ञान वर्णन गरिएको छ । यो ग्रन्थको लेखन कार्य गोपाल दास नामक दादू पन्थी साधुले गरेका थिए । यो ग्रन्थ अहिले प्रकाशित छ ।

❖ पंजाब प्रान्तको लुधियाना शहर नजिक एक वासीयर गाउँ छ । त्यहाँ एक प्रभु प्रेमी व्यक्ति रामराय उर्फ झूमकरा रहन्थे । उनले सन्त गरीबदास जीको महिमा सुने र दर्शनका लागि छुडानी गाउँ आए । सन्त गरीबदास जीले यही ज्ञान सुनाए जुन यस दास (सन्त रामपाल दास) लाई सन्त गरीबदासबाट प्राप्त भएको छ। यही ज्ञान तपाईंहरूलाई यस पुस्तक तथा अन्य पुस्तकहरूद्वारा सुनाइएको छ ।

ती रामरायले प्रश्न गरे– हे महात्मा जी ! यो ज्ञान त आजसम्म कसैले भनेनन् । सन्त गरीबदास जीले वाणीद्वारा बताए ।

कोट्यों मध्य कोई नहीं राई झूमकरा । अरबो में कोई गरक सुनो राई झूमकरा ।

अनुवाद तथा भावार्थ : सन्त गरीबदास जीले भने– यो ज्ञान करोडौंमा कसैसँग पनि पाइदैन, अरबौंमा कोही एक जनासँग पाइन्छ । ती सन्त सर्व ज्ञान सम्पन्न साधनाका सम्पूर्ण मन्त्रहरूबाट गरक अर्थात् परिपूर्ण हुन्छन् । प्रिय पाठकहरू! वर्तमानमा बरवाला हिसार जिल्लामा भएका सन्त नै ती सर्वज्ञान सम्पन्न सन्त हुन् । ज्ञान बुझेर लाभ उठाऔं ।

प्रश्नः- प्राचीन कालदेखि चल्दै आइ रहेको भक्ति साधनालाई तपाईं कसरी गलत भन्न सक्नु हुन्छ ? सारा ऋषिहरूले गर्ने तप हामी सारा हिन्दू समाजमा देखि रहेका छौं– जस्तो : सबैले हरे कृष्ण हरे राम, राधे राधे श्याम मिलादे, ओम् नमः शिवायः, ओम् नमो भगवते वासुदेवायः नमः जय सियाराम, राधे श्याम, ओम् तत सत् आदि मध्ये कुनै एक मन्त्रको जाप गर्दै आइ रहेका छन् । अहिले पनि गरि रहेका छन् । श्री रामचन्द्र जी, श्री कृष्ण जीलाई हामी पूर्ण परमात्मा मान्छौं, त्यसैले

यिनका नाम जप्छौं । तपाईं यी नाम जापका मन्त्रहरूलाई व्यर्थको जाप भन्नु हुन्छ । यसको कारण सहित स्पष्ट पार्नु होस् ।

उत्तरः- यदि प्राचीन कालमा यो साधना तथा यी मन्त्रहरू भएको भए श्रीमद्भगवत गीता अध्याय ४ श्लोक १-२ मा गीता ज्ञानदाताले यसो भन्ने थिएनन्– यो योग अर्थात् जुन भक्ति विधि म गीता ज्ञानमा भनि रहेको छु, यो अहिले लुप्त प्रायः भइ सकेको छ अर्थात् नष्ट भइ सकेको छ । यो ज्ञान तथा भक्ति मैले सूर्य देवलाई भनेको थिएँ, सूर्य देवले मनुलाई, मनुले आफ्ना पुत्र इक्ष्वाकुलाई भने, अनि केही राजर्षिहरूले थाहा पाए । अहिले लामो समय अर्थात् द्वापरभन्दा धेरै समय अगाडि देखि लुप्त थियो तथा मनु, इक्ष्वाकु आदि सबै सत्य युगको प्रथम चरणमा थिए । यदि तपाईं राजा दशरथका पुत्र श्री रामचन्द्र जी तथा श्री वासुदेव पुत्र श्री कृष्णचन्द्र जीलाई पूर्ण परमात्मा मान्नु हुन्छ र यिनैका नाम हरे कृष्ण हरे राम आदि जाप गर्नु हुन्छ र यिनैबाट मोक्ष ठान्नु हुन्छ भने श्रीमद्भगवत गीतामा वर्णित यथार्थ प्राचीन योगमा अर्थात् भक्ति विधिको विपरित हुनाले व्यर्थ छन् । शास्त्रविधि त्यागेर मनोमानी आचरण भयो, जसकारणले उपरोक्त प्रश्नमा लेखिएका अन्य मन्त्रहरू पनि शास्त्र सम्मत अर्थात् शास्त्रद्वारा प्रमाणित छैनन्, त्यसैले व्यर्थ छ । गीता अध्याय १६ श्लोक २३-२४ मा भनेका छन्– जसले शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्दछ, त्यसलाई न सुख प्राप्त हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त उसको गति नै हुन्छ अर्थात् त्यो व्यर्थको साधना हो । (गीता अध्याय १६ श्लोक २३)

❖ गीता अध्याय १६ श्लोक २४ मा भनेका छन्– त्यसैले तिम्रो लागि अर्जुन, कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण हो । भावार्थः जुन भक्ति विधि प्रमाणित शास्त्रहरूमा (चारै वेदहरू– ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद एवम् यिनै चार वेदहरूका सारांश श्रीमद्भगवत गीता र सूक्ष्मवेद = जुन परमात्मा स्वयम्ले आफ्नै मुखारबिन्दबाट बोल्नु भएको थियो । यी भक्तिको ज्ञान तथा समाधानका प्रमाणित शास्त्र हुन्) वर्णित छैन, त्यो शास्त्र विरुद्ध साधना हो । त्यसैले भक्तिको कुन कुन कर्म गर्नु हुन्छ र कुन कुन गर्नु हुँदैन, त्यसका लागि शास्त्रहरूलाई नै आधार मानौं, शास्त्रहरूमा वर्णित भक्ति विधिलाई अपनाऔं र अरू सब त्यागौं ।

❖ श्री राम जीको जन्म त्रेतायुगको अन्तिम चरणमा भएको थियो । श्री कृष्ण जीको जन्म द्वापर युगको अन्तिम चरणमा भएको थियो । सत्ययुगदेखि नै मानव भक्ति गर्दै आइ रहेको छ । त्यतिखेर कुन राम थिए ? अब यहाँ भन्नु होला– श्री विष्णु जी त सत्ययुगभन्दा पहिलेका हुन् र श्री राम, श्री कृष्ण जी पनि स्वयम् श्री विष्णु जी नै थिए । सत्ययुगमा पनि प्रमाण छ– महर्षि बाल्मिकी जी राम-राम नाम जप्थे, उनी विष्णु-विष्णु जप्दैनथे । यसबाट सिद्ध हुन्छ– श्री विष्णु जी, श्री राम तथा श्री कृष्ण जीभन्दा भिन्न कोही "राम" अर्थात् "मालिक" छन् । त्यही रामको जप गर्नु पर्छ, जुन गीता अध्याय ७ श्लोक २९ मा छ । जसको विषयमा यसो भनिएको छ– "तत् ब्रह्म" लाई जान्नेले केवल जरा अर्थात् वृद्धावस्था तथा मृत्युबाट छुटकारा

पाउन मात्र भक्ति गर्दछ । अर्जुनले गीता अध्याय ८ श्लोक १ मा प्रश्न गरे– त्यो "तत् ब्रह्म" के हो ?

गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा उत्तर दिए– ती "परम अक्षर ब्रह्म" हुन् । गीता अध्याय ८ को नै श्लोक ५ र ७ मा गीता ज्ञानदाताले आफ्नो भक्ति गर्न भनेका छन्, जसको जाप मन्त्र गीता अध्याय ८ को नै श्लोक १३ मा भनेका छन् । (ओम् इति एकाक्षरम् ब्रह्म व्यहरन् माम् अनुस्मरन् ....)

❖ गीता अध्याय ८ को श्लोक ८, ९, १० मा गीता ज्ञानदाताले आफू भन्दा अन्य ती तत् ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको भक्ति गर्न भनेका छन् । उनको भक्तिको नाम जाप मन्त्र गीता अध्याय १७ श्लोक २३ मा भनेका छन् :

ॐ तत् सत् इति निर्देश : ब्रह्मणः त्रिविध : स्मरत : ।
ब्राह्मणाः तेन वेदाः च यज्ञाः च विहिताः पुरा ॥

सरलार्थः ब्रह्मणः = सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको भक्तिको ॐ, तत्, सत् मन्त्र स्मरण गर्न (निर्देशः) आदेश छ । जुन (त्रिविधः) तीन प्रकारले (स्मरतः) स्मरण गर्नका लागि भनिएको छ (ब्राह्मणाः) विद्वान अर्थात् तत्वदर्शी सन्त (तेन) त्यस (वेदाः) ज्ञानको आधारमा भक्ति गर्दथे । (च) र (यज्ञाः) धार्मिक यज्ञहरूको अनुष्ठान (च) र अन्य भक्ति कर्म (पुरा) सृष्टिको आदि अर्थात् सृष्टिको प्रारम्भमा (विहिता) गरिन्थ्यो ।

श्रीमद्भगवत गीताबाट सिद्ध हुन्छ– गीता ज्ञानदाताभन्दा अर्को कोही पूर्ण परमात्मा छन्, जो श्री विष्णु जी, श्री ब्रह्मा जी तथा श्री शिव जीभन्दा पनि भिन्न छन् । जसको विषयमा गीता अध्याय १५ श्लोक १, ४ र १७ मा तथा गीता अध्याय १८ श्लोक ६२ मा तथा अरू थुप्रै ठाउँमा गीतामा उनी पूर्ण परमात्मा हुन् भनिएको छ । गीता अध्याय १५ श्लोक १६ मा दुई पुरूष भनिएको छ र दुबैलाई नाशवान पनि भनिएको छ । तिनका मातहतमा भएका सारा प्राणीहरू पनि नाशवान छन् । (१) क्षर पुरूष– यी केवल एक्काईस ब्रह्माण्डहरूका प्रभु हुन् । (२) अक्षर पुरूष– यिनी ७ शङ्ख ब्रह्माण्डका प्रभु हुन् । यी दुवै पूर्ण परमात्मा होइनन् । (गीता अध्याय १५ श्लोक १६)

❖ गीता अध्याय १५ श्लोक १७ मा गीता ज्ञानदाताले भनेका छन्– उत्तमः पुरूषः तूः अन्य अर्थात् पुरूषोत्तम त कोही माथि वर्णित दुवै पुरूषहरू (क्षर पुरूष तथा अक्षर पुरूष) भन्दा भिन्न छन्, जसलाई (परमात्मा इति उदाहृतः) परमात्मा भनिएको छ । (यः लोकत्रयम्) जो तीनै लोकहरूमा (आविश्य विभर्ति) प्रवेश गरेर धारण-पोषण गर्दछन्, (अव्ययः ईश्वरः) अविनाशी परमेश्वर हुन् । गीता अध्याय १५ श्लोक १७)

❖ पूर्ण परमात्मा परम अक्षर ब्रह्म हुन् भन्ने सिद्ध भयो । उनको भक्तिको मन्त्र ॐ, तत्, सत् हो भन्ने पनि सिद्ध भयो । ॐ तत् सत् यी तीन मन्त्रहरू यी उपरोक्त तीन प्रभुहरू (ॐ = क्षर पुरूष अर्थात् क्षर ब्रह्म गीता ज्ञानदाताको, तत् =

यो साङ्केतिक छ, अधिक विस्तार यसै पुस्तकको सुरूमा दिइएको प्रकरण पढ्नु होस् । यो सत् मन्त्र परम अक्षर ब्रह्म) को हो । श्रीमद्भगवत गीतामा पूर्ण मोक्ष प्राप्तिको साङ्केतिक मन्त्र छ । जुन आजसम्म (सन् २०१२ सम्म) कसैले स्पष्ट पार्न सकेनन् । तपाईले जाप गरि रहेको हरि ओम् तत् सत् पनि व्यर्थ छ किनकि तपाईंलाई तत् र सत्को वास्तविक मन्त्रहरूको ज्ञान छैन ।

उदाहरणः एक जना धनवान् व्यक्तिले आफ्नो धन आफ्नै घरमा खाल्टो खनेर गाड्यो । त्यो स्थान केवल धनी व्यक्तिलाई मात्र थाहा थियो । त्यस धनी व्यक्तिले एउटा रजिष्टरमा साङ्केतिक स्थान लेखि दिए । अचानक धनी व्यक्तिको मृत्यु भयो । पिताको संस्कार पूरा गरेर छोराहरूले त्यो रजिष्टर (खाता) खोले, जसमा धन कहाँ गाडिएको छ भन्ने कुरा लेखिएको थियो । त्यस धनी व्यक्तिले छोराहरूलाई भन्थे मात्र तर देखाउँदैनथे ।

धनी व्यक्तिको घर अगाडि आँगन थियो । त्यस आँगनको एउटा कुनामा मन्दिर थियो । त्यस रजिष्टरमा लेखिएको थियो– पूर्णिमाको रात २ बजे सारा धन मन्दिरको गुम्बजमा गाडिएको छ । छोराहरूले रातको २ बजे मन्दिरको गुम्बज फुटाएर धन खोजे, तर केही प्राप्त भएन् । उनीहरू दुःखी भए । एक दिन शोक व्यक्त गर्नका लागि त्यस धनी व्यक्तिका मित्र आए । छोराहरूले यथास्थानमा धन प्राप्त नभएको कुरा व्यक्त गरे । त्यस धनी व्यक्तिका मित्रले त्यो खाता मगाएर त्यसमा लेखिएको व्याख्या पढे र मन्दिरको गुम्बज पुनः निर्माण गर्न लगाए र भने– पहिलेको जस्तै बनाउनु, म फेरि कुनै दिन आउँछु र धन राखिएको स्थान बताउँछु । ती व्यक्ति पूर्णिमाको दिन आए । रातको २ बजे मन्दिरको गुम्बजको छायाँ जहाँ निर थियो, त्यहाँ खन्न लगाए । त्यस खातामा लेखिए अनुसार नै सारा धन प्राप्त भयो । छोराहरू खुशी तथा धनी भए ।

तपाईं जुन हरि ओम् तत् सत्को जाप गरि रहनु भएको छ, त्यो मन्दिरको गुम्बज फुटाउनु जस्तै हो, केही हात लाग्दैन । यथास्थान वास्तविक मन्त्र म (सन्त रामपाल दास) सँग छ। त्यो ग्रहण गरेर भक्तिको धनी तथा सुखी होऔं ।

प्रश्न : राधा जी बरसाना गाउँ (उत्तर प्रदेश) को नजिकै वृन्दा वनमा रहन्थिन् । त्यहाँका मानिसहरू "राधे-राधे" नाम जप्छन् । विहान वा कुनै पनि बेला कसैसँग भेट हूँदा "राम-राम" भन्दैनन् । तिनीहरू कसैलाई काका राधे-राधे भन्छन् र काकाले पनि बाबु राधे-राधे भन्छन् । के ती मूर्ख हुन् ?

उत्तर : तत्वज्ञानको अभावमा लोकवेदलाई सत्यज्ञान मानेर यो शास्त्र विरूद्धको मन्त्रहरूको जाप चलि रहेछ । त्यसो त माथि नै स्पष्ट गरि सकिएको छ । गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ– शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्ने अर्थात् शास्त्रमा नभएका नाम जाप गर्नेहरूलाई न सुख प्राप्त हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त उनीहरूको गति नै हुन्छ अर्थात् त्यो व्यर्थको जाप साधना हो । त्यसैले तिम्रो लागि अर्जुन कर्तव्य र अकर्तव्यको व्यवस्थाका लागि शास्त्र नै

प्रमाण हो । यो पहिले भनि सकेको छु । अब कुरो आयो– काका-भतिजा राधे-राधे शब्द किन उच्चारण गर्छन् । तपाईंलाई राधा को थिइन् भन्ने थाहा छ । राधा श्री कृष्ण जीको प्रेमिका थिइन् । त्यसबेला बरसाना गाउँका मानिसहरू राधालाई कुलटा, बद्चलन, निर्लज्ज आदि-आदि विशेषणले सम्बोधन गर्थे । उनीहरू एक-आपसमा कुरा गर्थे– यो अर्को गाउँको नन्द बाबाको छोरासँग लुकी-लुकी भेट्न जान्छे, यसलाई आफ्नो घरमा आउन पनि नदिनु, छोरीहरूमा गलत प्रभाव पर्छ । श्रीमान् जी ! अहिले त्यही बरसानाका मानिसहरू राधा जीका लागि स्वयम् (स्त्री-पुरूष, युवतीहरू) राधे-राधे श्याम मिलादे भन्छन् । जस्तो तपाईंले पहिलेको प्रश्नमा म यो नाम पनि जाप गर्छु भन्नु भएको थियो– अहिले न राधा जी छन्, न त कृष्ण जी नै । अनि अहिले सन्निपातको ज्वरोको रोगीले जस्तो "राधे-राधे श्याम मिलादे" भनेर बडबडाई रहेछन् । यही स्थितिअन्य मन्त्रहरूको छ, जुन तपाईंले पहिलेका प्रश्नहरूमा भन्नु भयो । तिनलाई बुझ्नु होस् । ती पनि शास्त्र प्रमाणित न भएकाले व्यर्थ छन् ।

❖ अब तपाईंको प्रश्नको उत्तर भन्छुः काकाले पनि राधे-राधे भन्छ र भतिजाले पनि राधे-राधे भन्छ । तपाईंलाई थाहा छ राधा जी श्री कृष्ण जीकी प्रेमिका थिइन् । तपाईंलाई यो पनि थाहा छ कि श्री कृष्ण जीले रूकमणी जीलाई भगाएर रथमा बसाएर ल्याउन लाग्दा रूकमणीका दाजु आफ्नी बहिनीलाई छुटाएर ल्याउन घोडामा सवार भई पछिपछि दौडिए । श्री कृष्ण जीले पहिले उनलाई पिटे र फेरि रथ पछाडि बाँधेर घिसारे । रूकमणी जी पनि श्री कृष्ण की प्रेमिका थिइन् । उनीहरूका बिचमा रूकमणीको दाजु आए । उनको कस्तो हालत भयो । रूकमणीले प्रार्थना गरेपछि श्री कृष्णले उनको दाजुको जीवन दान दिएका थिए । यदि आज भगवान श्री कृष्ण र राधा भएका भए र काका भतिजाले राधे-राधे भन्दा श्री कृष्ण जीलाई मन पर्थ्यो ? पर्दैनथ्यो । काका भतिजा दुबैलाई रथमा बाँधेर घिसार्थे । यदि तपाईं कसैको प्रेमिकाको नाम लिएर बर्बराउनु भयो भने उसको प्रेमीलाई कस्तो असर पर्छ? यदि शक्तिशाली छ भने बङ्गारा झारि दिन्छ, कमजोर छ भने रोएर बस्छ, सराप्छ। के ऊ प्रसन्न हुन्छ ? हुँदैन । त्यसैले शास्त्र प्रमाणित नभएको यो जाप व्यर्थ छ । शास्त्र प्रमाणित नाम मसँग छ । आउनु होस् र आफ्नो कल्याण गराउनु होस् ।

प्रश्नः- तपाईको प्रश्न (पूर्ण गुरूको पहिचान के हो ?) को उत्तरमा एक ठाउँमा लेखिएको छ– ॐ (ओम) नामको जाप शास्त्र प्रमाणिक छ भन्ने प्रमाणित भयो । (काल ब्रह्मको पूजा गर्नु पर्छ वा पर्दैन ?) यसको उत्तरमा ॐ (ओम) नाम जाप गर्ने ऋषिहरूको पूजालाई शास्त्रविधि त्यागेर मनोमानी आचरण भनिएको छ ।

उत्तरः- ती ऋषिहरू ॐ (ओम) को नामको जापका साथै हठ गरेर घोर तप पनि गर्थे । जसकारणले तिनका साधनालाई शास्त्र विरूद्ध भनिएको छ । ओम् (ॐ) नामको जाप शास्त्र प्रमाणित त हो, तर मोक्षदायक होइन्, जसबाट अनुत्तम गति (मुक्ति) प्राप्त हुन्छ। त्यसैले ती ऋषिहरूको पूजा विधि शास्त्रविरूद्ध छ । वेद तथा गीतामा त्यस पूर्ण परमात्माको भक्ति गर्न भनिएको छ । उनको भक्ति नगरी गरिएको मनमानी पूजा शास्त्र विरूद्ध हो ।

प्रश्न : महर्षि बाल्मिकी जी त सत्य युगमा थिए । उनी पनि राम-राम जप्थे । के यो मन्त्र पनि शास्त्र प्रमाणित छैन ?

उत्तरः- पहिले नै बताइएको छ कि गीता अध्याय ४ श्लोक १-२ मा गीता ज्ञानदाताले भनेका छन्– यो ज्ञान मैले सूर्यलाई सुनाएको थिएँ । उनले आफ्ना पुत्र मनुलाई भने । अनि केही राजर्षिहरूलाई प्राप्त भयो । सत्य युगको प्रारम्भमा नै यी सब सूर्य, मनुहरू राजर्षि थिए । त्यसपछि यो ज्ञान नष्ट भएको थियो । महर्षि बाल्मिकी जीले सप्त ऋषिहरूलाई भेटे । उनीहरूले तपस्या गरेर सिद्धि प्राप्त गरेका थिए । त्यही हठयोग गरेर तपको विधि महर्षि वाल्मिकीलाई बताए । जुन हठयोग तप महर्षि वाल्मिकीले तन-मनले श्रद्धापूर्वक गरे । केही समय पश्चात् शरीरको माथिल्लो भाग (शिर) बाट, "राम-राम" भन्ने शब्द सुने । त्यही शब्द महर्षि बाल्मिकीले तपस्याको समयमा उच्चारण गर्न थाले । सुन्नेहरूलाई उनले मरा मरा बोलेको जस्तो लाग्थ्यो । तर उनले राम राम भनि रहेका थिए । उनलाई तपस्याको परिणाम स्वरूप केही सिद्धि प्राप्त भयो । उनको दिव्य दृष्टि खुल्यो । यसै कारणले उनले श्री राम चन्द्र जीको जन्मभन्दा हजारौँ वर्ष पहिले नै रामायण अर्थात् श्री रामचन्द्रको जीवनको सम्पूर्ण घटनाहरू लेखे । त्यस ग्रन्थको नाम "वाल्मिकी रामायण" हो । यो संस्कृत भाषामा लेखिएको थियो । राम-रामको जापले कुनै आध्यात्मिक लाभ हुँदैन । तर परमात्माको बोधक शब्द भएकाले उच्चारण गर्दा परमात्मालाई सम्झि रहिन्छ । त्यसैले राम नामको उच्चारणको प्रचलन हिन्दू धर्ममा प्राचीन कालदेखि नै छ । जस्तो स्वामी रामानन्द जी राम-राम शब्दले सम्बोधित गर्थे । तिनका शिष्यहरूले पनि एक-अर्कालाई राम-राम शब्दले सम्बोधित गर्थे, तर जाप मन्त्र ॐ थियो । यसैगरी हामी "कबीर पन्थी" सत् साहेब" भन्छौँ । हाम्रो जाप मन्त्र अरू नै छ । त्यही भक्तिले भगवानसम्म पुग्न सकिन्छ । सूक्ष्म वेदमा भनिएको छ :

सतगुरू मिले तो इच्छा मेटै, पद मिल पदै समाना ।
चल हंसा उस लोक पठाऊँ, जो अजर अमर अस्थाना ।
चार मुक्ति जहाँ चम्पी करती, माया हो रही दासी ।
दास गरीब अभय पद परसै, मिलै राम अविनाशी ।।

## "गीता अनुसार कुन प्रभुको भक्ति गर्नु पर्छ"

त्यसैले सूक्ष्मवेदमा भनिएको छ–

भजन करो उस रब का, जो दाता है कूल सब का ।

श्रीमद्भगवत गीता अध्याय १५ श्लोक १-४ तथा १६-१७ मा भनिएको छ– यो संसार पीपलको वृक्ष जस्तै छ । जुन सन्तले यो संसार रूपी पीपलको वृक्षको मूल (जरा) देखि तीनै गुणहरू रूपी शाखाहरूसम्म सर्वाङ्ग भिन्न-भिन्न रूपमा बताउँछन्, (सः वेद वित्) उनी वेदका तात्पर्य जान्ने अर्थात् उनी तत्वदर्शी सन्त हुन् ।

आफूले रचना गरेको सृष्टिको ज्ञान तथा वास्तविक आध्यात्मिक ज्ञान स्वयम् परमात्मा पृथ्वीमा प्रकट भएर आफ्नै मुखारविन्दबाट सुनाउँछन् । प्रमाणका लागि निम्न वेद मन्त्रहरू पढौँ । यी मन्त्रका फोटोकपीहरू पुस्तक "गीता तिम्रो ज्ञान अमृत" मा पढ्नु होस्, जसको अनुवाद महर्षि दयानन्द तथा उनका अनुयायीहरूले गरेका हुन् । ती मन्त्रहरूमा भएका त्रुटिहरू लेखक (सन्त रामपाल दास) ले शुद्ध गरेको छ।

ऋग्वेद मण्डल नं. ९ सूक्त ८६, मन्त्र २६-२७, ऋग्वेद मण्डल नं. ९ सूक्त ८२ मन्त्र १-२, ऋग्वेद मण्डल न. ९ सूक्त ९६ मन्त्र १६ देखि २०, ऋग्वेद मण्डल नं. ९ सूक्त ९४ मन्त्र १, ऋग्वेद मण्डल नं. ९ सूक्त ९५ मन्त्र २, ऋग्वेद मण्डल नं. ९ सूक्त ५४ मन्त्र ३, ऋग्वेद मण्डल नं. ९ सूक्त २० मन्त्र १ मा प्रमाण छ । सम्पूर्ण ब्रह्माण्डहरूका सृष्टिकर्ता तथा सबैका पालनकर्ता परमेश्वर सारा भुवनहरू भन्दा माथिको लोकमा बसेका छन् । (ऋग्वेद मण्डल नं. ९ सूक्त ५४ मन्त्र ३) ती परमात्मा त्यहाँबाट गतिमान भई अर्थात् सशरीर हिँडेर यस पृथ्वीमा आउँछन् । भक्तका सङ्कटहरू नाश गर्छन् । उनको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो । उनी असल आत्माहरूलाई भेट्छन्, तिनलाई आफ्नै मुखारविन्दबाट तत्वज्ञान सुनाउँछन् । ती परमात्मा माथिको लोकमा बसेका छन् । (ऋग्वेद मण्डल नं. ९ सूक्त ८६ मन्त्र २६-२७, मण्डल ९ सूक्त ८२ मन्त्र १-२, तथा मण्डल नं. ९ सूक्त २० मन्त्र १) परमात्मा पृथ्वीमा कविको जस्तै आचरण गर्दै विचरण गर्दछन् । (ऋग्वेद मण्डल नं. ९ सूक्त ९४ मन्त्र १)

परमात्माले आफ्नै मुखारविन्दबाट वाणी उच्चारण गर्दै साधकहरूलाई भक्ति गर्ने प्रेरणा दिन्छन् । परमात्माले भक्तिका गुप्त मन्त्रहरूको आविष्कार गर्दछन् । (ऋग्वेद मण्डल नं ९ सूक्त ९५ मन्त्र २)

परमात्माले तत्वज्ञानलाई कविर्वाणी (कबीर वाणी), लोकोक्ति, दोहा तथा चौपाइहरूद्वारा उच्चारण गरेर सुनाउँछन् । उनी कविर्देव (कबीर परमेश्वर) हुन्, जो सन्त रूपमा प्रकट हुन्छन् । ती परमेश्वर तथा ऋषि वा सन्तहरूद्वारा रचना गरिएका तत्वज्ञानका असङ्ख्यौं तत्वज्ञानपूर्ण वाणीहरू उनका अनुयायीहरूका लागि अमृततुल्य आनन्ददायक हुन्छ ।

ती परमेश्वरले प्रसिद्ध कविहरूमध्ये एक कविको पदवी पनि प्राप्त गर्ने छन् । उनलाई कवि भन्ने छन् तर उनी परमात्मा हुने छन् । ती परमात्मा तेस्रो मुक्ति धाम (सत्यलोक) मा विराजमान छन् । मानिसले फरक फरक वस्त्र धारण गरे जस्तै ती परमात्मा भिन्न-भिन्न रूपमा पृथ्वीमा प्रकट हुन्छन् । उपरोक्त ऋग्वेदका मन्त्रहरूबाट निम्न तथ्य स्पष्ट हुन्छन्– परमात्मा आफ्नो अमरधामबाट हिडेर पृथ्वीमा प्रकट हुन्छन्। असल आत्माहरूलाई भेट्छन् । उनले तत्वदर्शी सन्तको भूमिका निर्वाह गर्दै दोहा, शब्द, चौपाईहरूद्वारा तत्वज्ञान सुनाउँछन् । उनै परमेश्वर सन् १३९८ देखि

१५१८ सम्म १२० वर्ष सम्म भारत वर्षको पवित्र धरती काशी शहरमा जुलाहा (धाणक, कपडा बुन्ने) को रूपमा रहेर तत्वज्ञान बताएका थिए ।

कबीर, अक्षर पुरूष एक पेड है, क्षर पुरूष वाकी डार ।
तीनों देवा शाखा है, पात रूप संसार ।।

**विशेष : कबीर वाणी पुस्तकमा एउटा यस्तो वाणी पनि लेखिएको छः**

कबीर, अक्षर पुरूष वृक्षका तना है, क्षर पुरूष है डार ।
त्रयदेव शाखा भए, पात जानों संसार ।

सरलार्थ : वृक्षको माटो भन्दा बाहिरको भागको जानकारी बताइएको छ । वृक्षको फेदलाई अक्षर पुरूष जानौं । फेदभन्दा माथिबाटकति मोटा हाँगा निस्केका हुन्छन्, तीमध्ये एउटा क्षर पुरूष जानौं । अनि फेरि त्यस मोटो हाँगाबाट तीनवटा शाखा (हाँगा) निस्किएको मानौं । ती तीनै गुण (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) लाई तीन शाखा जानौं र त्यस हाँगाहरूमा लागेका पातहरू जीव-जन्तु जानौं ।

परमेश्वर कबीर जीले तत्वज्ञानमा सबै ज्ञान बताउनु भएको छ । गीता अध्याय ४ श्लोक ३२ मा पनि भनिएको छ– यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरूको जानकारी (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मले आफ्नो मुखारबिन्दबाट बोलेका वाणीमा विस्तार पूर्वक बताइएको छ, त्यो तत्वज्ञान हो ।

गीता अध्याय ४ श्लोक ३४ मा भनेका छन्– परमात्मा स्वयम्ले बताएको तत्वज्ञान उनको कृपा पात्र सन्तले मात्र बुझ्न सक्छन् । त्यो तत्वज्ञान तिमी तत्वदर्शी सन्त कहाँ गएर जान । उनलाई दण्डवत् प्रणाम (जमिनमा घोप्टो परेर लम्पसार परी) गर, नम्रतापूर्वक प्रश्न गर्नाले ती तत्वदर्शी सन्तले तत्वज्ञान उपदेश दिने छन् ।

यो तत्वज्ञान स्वयम् परमेश्वर पृथ्वीमा प्रकट भएर बताएका थिए । गीता अध्याय १५ श्लोक १ मा तत्वदर्शी सन्तको पहिचान बताइएको छ– जुन सन्तले संसार रूपी वृक्षको मूल (जरा) देखि सम्पूर्ण अङ्गहरू जान्दछन्, ती तत्वदर्शी सन्त हुन् ।

अब संसार रूपी वृक्षको सर्वाङ्ग जानौं :

१. मूल (जरा) : यी परम अक्षर ब्रह्म हुन्, जो सबका मालिक हुन् । सबको उत्पत्ति गर्छन् । सबको धारण-पोषण गर्छन् । जसको विषयको जानकारी गीता अध्याय ८ श्लोक १ को प्रश्नको उत्तर गीता अध्याय ८ को नै श्लोक ३, ८, ९, १० तथा २०, २१, २२ मा दिइएको छ । त्यसैको वर्णन गीता अध्याय १५ श्लोक १७ मा छ । जस्तो गीता अध्याय १५ श्लोक १६ मा दुई पुरुष बताएको छ– एक क्षर पुरूष र अर्का अक्षर पुरूष । यी दुई तथा यिनका अन्तर्गत भएका सारा शरीरधारी प्राणीहरू नाशवान छन् । जीवात्मा त कसैको मर्दैन ।

गीता अध्याय १५ को नै श्लोक १७ मा भनेका छन्– (उत्तम पुरूषः) अर्थात् पुरूषोत्तम त (अन्यः) अरू नै छन् जसलाई (परमात्मा इति उदाहृतः) परमात्मा भनिन्छ (यः लोक त्रयम्) जो तीनै लोकहरूमा (अविश्य विभर्ती) प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन् (अव्ययः ईश्वरः) अविनाशी परमेश्वर हुन्, यिनै परम अक्षर ब्रह्म संसार रूपी वृक्षको मूल (जरा) रूप परमेश्वर हुन् । यी ती परमात्मा हुन्, जसको विषयमा सन्त गरीब दास जी भन्छन्–

"भजन करो उस रब का, जो दाता है कूल सब का ।"

यिनी असङ्ख्य ब्रह्माण्डका मालिक हुन् । यिनी क्षर पुरूष तथा अक्षर पुरूषका पनि मालिक तथा उत्पत्तिकर्ता हुन् ।

२. अक्षर पुरूष : यिनलाई संसाररूपी वृक्षको फेद जानौं । यिनी सात शंख ब्रह्माण्डका मालिक हुन्, नाशवान छन् ।

३. क्षर पुरूष : यिनी गीता ज्ञानदाता हुन् । यिनलाई "क्षर ब्रह्म" पनि भनिन्छ। यी केवल २१ ब्रह्माण्डका मालिक हुन् र यिनी पनि नाशवान छन् ।


४. तीनै देवताहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) तिन शाखाहरू : यी एउटा ब्रह्माण्डमा बनेको तीन लोकहरू (पृथ्वी लोक, पाताल लोक तथा स्वर्ग लोक) मा एक एक विभागका मन्त्री हुन्, नाशवान छन् । जस्तो– रजगुण विभागका मालिक श्री ब्रह्मा जी हुन्, उनैको प्रभावले सारा प्राणी सन्तान उत्पत्ति गर्दछन् । सतगुण विभागका मालिक श्री विष्णु जी हुन्, उनको प्रभावले एक आपसमा माया तथा स्नेह हुन्छ र सबैलाई आफूले गरेको कार्य अनुसार फल दिन्छन्। तमोगुण विभागका मालिक श्री शङ्कर जी हुन्, उनैको प्रभावले सबैको अन्त्य हुन्छ। पात रूपमा संसारका प्राणीहरू बुझौं । यी हुन संसार रूपी वृक्षको सर्वाङ्गको भिन्न-भिन्न जानकारी । यो ज्ञान स्वयम् परमेश्वर कबीर जीले आफ्नो मुखारबिन्दबाट बोल्नु भएको थियो ।

यी सबै श्री धनी धर्मदास (बाँधवगढ) द्वारा कबीर वाणी, कबीर बीजक कबीर शब्दावली तथा कबीर सागरमा लेखिएको थियो । ती सब परमेश्वरले भन्नु भएकै थियो वा अहिले यस दास (सन्त रामपाल दास) ले बुझेको छ। सम्पूर्ण अध्यात्म ज्ञान मलाई प्राप्त हुनु पनि परमेश्वर कबीर जीको नै कृपा हो ।

गीता अध्याय १५ श्लोक १ देखि ४ तथा १६ देखि १७ को सारांश चित्र

गीता अध्याय १५ श्लोक १ अनुसारको तत्वदर्शी सन्तको पहिचानबाट पनि यो दास (सन्त रामपाल दास) नै तत्वदर्शी सन्त हो भन्ने सिद्ध हुन्छ ।

पुनः प्रसङ्गमा आऔं : "भजन करो उस रब का, जो दाता है कूल सब का।" अहिले सम्म भक्ति गर्नु पर्छ भन्ने कुरा बताएँ तर अब भक्ति कसको गर्ने भन्ने कुरा स्पष्ट गर्छु । १. श्री ब्रह्मा जी रजगुण, २. श्री विष्णु जी सतगुण, ३. श्री शिव जी तमगुण रूपी तीनै शाखा, ४. क्षर पुरूष गीता ज्ञानदाता हाँगा, ५. अक्षर पुरूष फेद तथा ६. परम अक्षर पुरूष = जरा मध्ये कसको भक्ति गर्ने ?




माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र

उदाहरणः— हामीले नर्सरीबाट आँपको बिरूवा ल्याएर त्यसलाई आफ्नो खेत तथा घर-आँगनमा रोप्दा कसरी रोप्छौं ?

जमिनमा खाल्टो खन्छौं । बिरूवाको जरा खाल्टोमा राखेर माटोले पुर्छौं अनि बिरूवाको जरामा पानी तथा मल हाल्छौं अर्थात् बिरूवाको जरालाई पूजा गर्छौं । जराबाट आहार अर्थात् पौष्टिक तत्व फेदमा आउँछ । फेदले आवश्यक आहार राखेर बाँकी हाँगाहरूमा पठाउँछ । मोटो हाँगाले आवश्यक आहार राखेर बाँकी शाखाहरू (डालो) मा पठाउँछ । यसैगरी शाखाहरूले बाँकी आहार पातसम्म पठाउँछन् । यसरी त्यो बिरूवा रूख बनेर फल दिन थाल्छ ।

पाठकवर्ग बडो बुद्धिमान छन् । हामीले कुन परमात्माको पूजा गर्नु पर्छ ? स्वयम्ले बुझे होलान् ।

सूक्ष्म वेदमा परमेश्वर कबीर जीले भन्नु भएको छ—

कबीर, एकै साधै सब सधै, सब साधै सब जाय ।
मालि सींचै मूल कूँ, फूलै फलै अघाय ।।

एउटा मूल मालिकको पूजा गर्नाले सारा देवताहरूको पूजा हुन्छ । यो शास्त्रानुकूल हो । यदि कसैले तीन देवताहरू मध्ये कुनै एक वा दुई (श्री विष्णु जी सतगुण तथा श्री शिव जी तमगुण) को पूजा गर्दछ वा तिनैलाई इष्ट रूपमा पूजा गर्दछ भने त्यो गीता अध्याय १३ श्लोक १० मा वर्णित अव्यभिचारिणी भक्ति नहुनाले व्यर्थ छ । जस्तो कुनै स्त्रीले आफ्नो पति बाहेक पर पुरूषसँग शारीरिक सम्बन्ध राख्दिनन् भने तिनी अव्यभिचारिणी हुन् । यदि कसैले पर पुरूषसँग शारीरिक सम्बन्ध राखिन् भने तिनी व्यभिचारिणी हुनाले समाजमा निन्दनीय हुन्छिन् । उनी पतिको नजरबाट गिर्छिन् ।


शास्त्रानुकूल साधना अर्थात् सोझो पारी रोपिएको भक्ति रूपी बिरूवाको चित्र यसै पुस्तकको पृष्ठ २२७ मा र शास्त्र विरूद्ध साधना अर्थात् उल्टोपारी रोपिएको भक्ति रूपी बिरूवाको चित्र पृष्ठ २२८ मा हेर्नु होस् ।


उपरोक्त प्रमाणहरूबाट एक मूल मालिकको भक्ति गर्नाले साधकको आत्मकल्याण सम्भव छ भन्ने स्पष्ट हुन्छ ।

अन्य प्रमाण : गीता अध्याय ३ श्लोक १० देखि १५ मा माथि उल्लेखित भक्तिको समर्थन गरिएको छ ।

❖ गीता अध्याय ३ श्लोक १०— प्रजापति अर्थात् कुलको मालिकले सृष्टिको आदिमा यज्ञ सहित अर्थात् धार्मिक अनुष्ठानहरूको ज्ञान सहित प्रजाहरूलाई उत्पन्न गरेर आदेश दिएका थिए— तिमीहरू सबै धार्मिक अनुष्ठानहरूद्वारा वृद्धि होऊ । यस यज्ञ अर्थात् धार्मिक अनुष्ठानले तिमीहरूलाई इच्छित भोग प्रदान गर्ने छ । (गीता अध्याय ३ श्लोक १०)

❖ यस शास्त्रानुकुल धार्मिक अनुष्ठानद्वारा देवताहरू (संसार रूपी बिरूवाका हाँगाहरू) लाई उन्नत तुल्याऊ अर्थात् पूर्ण परमात्मा (मूल मालिक) लाई इष्ट मानेर


ब्रह्मा
शिव
गीता अध्याय नं. १५
विष्णु
श्लोक नं. १ देखि ४ तथा
शलोक नं. १६ र १७ को आशय
हाँगा ब्रह्म
(क्षर पुरुष)
कबीर– अक्षर पुरुष एक पेड है,
निरंजन वाकी डार।
तीनो देवा शाखा हैं, पात रूप
संसार ॥
फेद
(अक्षर पुरुष ब्रह्म)
मूल जरा
(कबीर साहेब)
शस्त्रानुकूल साधना अर्थात् सिधा रोपिएको भक्ति रूपी बिरुवा


गीता अध्याय नं. १५
पूर्ण ब्रह्म कबीर साहेब
श्लोक नं. १ देखि ४ तथा
शलोक नं. १६ र १७ को आशय
मूल जरा
कबीर– अक्षर पुरुष एक पेड है,
निरंजन वाकी डार।
तीनो देवा शाखा हैं, पात रूप
संसार ॥
फेंद
(अक्षर पुरुष परब्रह्म)
हाँगा
(क्षर पुरुष)
विष्णु (शाखा)
ब्रह्मा
शिव
शास्त्रविरुद्ध साधना अर्थात् उल्टो रोपिएको भक्ति रूपी बिरुवा

साधना गर्नाले शाखाहरू (हाँगाहरू) स्वतः उन्नत हुन्छन् । यस सम्बन्धी माथि स्पष्ट पारिएको छ । अनि ती देवताहरू (शाखाहरू अर्थात् हाँगाहरू ठूलो भएर फल दिन्छन्) ले तिमीहरूलाई उन्नत तुल्याऊन् अर्थात् हामीले शास्त्रानुकूल साधना गर्‍यौं भने हाम्रो भक्ति कर्म बन्ने छ, कर्मको फल यी तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी रूपी शाखाहरू) ले दिन्छन् । यसरी एक अर्कालाई उन्नत तुल्याउँदै तिम्रो कल्याण हुने छ तथा यसबाट अर्का परमात्मा प्राप्त गर्ने छौ । (यो गीता ज्ञानदाताले भनि रहेको छ) । (गीता अध्याय ३ श्लोक ११)

❖ शास्त्रानुकूल गरिएको यज्ञ अर्थात् अनुष्ठानद्वारा बढेका देवता (संसार रूपी बिरूवाका शाखाहरू) ले तिमीहरूलाई नमागिकन नै इच्छित भोग निश्चय नै दिइ रहन्छन् । जस्तो बिरूवालाई सिंचाइ गर्दा बिरूवा रूख बन्छ । ती शाखाहरू फलले भरिपूर्ण हुन्छ । अनि त्यस रूखका हाँगाहरूले स्वतः प्रत्येक वर्ष फल दिइ रहन्छ, अर्थात् तिमीहरूले गरेका शास्त्रानुकूल भक्ति कर्मको सञ्चित फल यिनै देवताहरूले दिइ रहन्छन् चाहे फल माग या नमाग । यदि ती देवताहरूले दिएका कर्म संस्कारको धन पुनः धर्ममा लगाएनौ भने त्यो साधक भक्तिको चोर हुन्छ । त्यसले भविष्यमा पुण्य रहित भएर हानी व्यहोर्नु पर्दछ । (गीता अध्याय ३ श्लोक १२)

❖ यज्ञबाट बचेको अन्न खाने सन्तजन सारा पापबाट मुक्त हुन्छ । भावार्थ : तत्वदर्शी सन्तले सर्वप्रथम परम अक्षर ब्रह्मलाई भोग लगाउँछन् र बचेको भोजन सबै भक्तहरूलाई बाँड्छन् । यो सत्य साधनाको पहिचान हो र ती सन्तले सम्पूर्ण भक्ति मन्त्र पनि शास्त्रानकुल आधारमा दिन्छन् । जसकारणले साधक सम्पूर्ण पापहरूबाट मुक्त भएर सत्यलोक जान्छ र शास्त्रविधि अनुसार धार्मिक कार्यहरू तथा धर्म नगर्ने पापीहरू केवल आफ्नो शरीर पोषणका लागि अन्न पकाउँछन् । ती त पाप नै खान्छन् । (गीता अध्याय ३ श्लोक १३)

❖ सम्पूर्ण प्राणीहरू अन्नबाट उत्पन्न हुन्छन् अर्थात् अन्न खानाले शरीरमा सन्तान उत्पत्ति गर्ने पदार्थ बन्दछ, जसबाट सारा प्राणीहरूको उत्पत्ति हुन्छ । अन्नको उत्पत्ति वृष्टिबाट हुन्छ । वृष्टि अर्थात् वर्षा शास्त्रविधि अनुसार गरिएको यज्ञ अर्थात् धार्मिक अनुष्ठानबाट हुन्छ । यज्ञ अर्थात् धार्मिक अनुष्ठान शास्त्रहरूमा वर्णित विधिद्वारा गरिन्छ । कर्म ब्रह्म अर्थात् क्षर पुरूषबाट उत्पन्न भएको जान किनकि हामी ब्रह्म (काल) को लोकमा आएका छौँ, त्यसैले हामीले कर्म गरेपछि मात्र सबै कुरा प्राप्त हुन्छ । हामी सत्यलोकमा हुँदा कार्य नगरिकन नै सारा कुरा प्राप्त हुन्थ्यो । त्यसैले कर्मलाई ब्रह्म (काल) बाट उत्पन्न भएको हो भन्ने बुझ भनिएको हो तथा ब्रह्म (काल) को उत्पत्ति अविनाशी परमात्माबाट भएको हो । यस सम्बन्धी वर्णन गीता अध्याय १५ श्लोक १७ मा छ तथा सृष्टि रचना अध्यायमा पढ्नु होस् ।) यसबाट (सर्वगतम् ब्रह्म) सर्वव्यापी परम अक्षर परमात्मा अर्थात् परम अक्षर ब्रह्म सदा यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरूमा (प्रतिष्ठितम्) प्रतिष्ठित छन् अर्थात् सारा

धार्मिक कार्यहरूमा परम अक्षर ब्रह्म ईष्ट रूपमा पूज्य छन् भन्ने सिद्ध हुन्छ । (गीता अध्याय ३ श्लोक १४-१५)

परम अक्षर ब्रह्म गीता ज्ञानदाताभन्दा भिन्न छन् । गीता ज्ञानदाता स्वयम्ले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे भारत ! तिमी सर्व भावले ती परमेश्वर अर्थात् परम अक्षर ब्रह्मको शरणमा जाऊ, ती परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा शास्वत् स्थान अर्थात् सनातन परम धाम प्राप्त गर्ने छौ ।

गीता अध्याय १५ श्लोक ४ मा गीता ज्ञानदाताले भनेका छन्– तत्वदर्शी सन्त प्राप्त भए पश्चात् तत्वज्ञान रूपी शस्त्रद्वारा अज्ञानलाई काटेर परमेश्वरको त्यो परमपदको खोज गर्नु पर्छ, जहाँ गएपछि साधक पुनः फर्केर संसारमा कहिल्यै जन्म लिदैन अर्थात् उसले सनातन परमधाम प्राप्त गर्दछ, जहाँ परम शान्ति छ, कुनै कष्ट छैन, त्यहाँ मृत्यु हुँदैन, वृद्धावस्था हुँदैन र कुनै पदार्थको अभाव छैन । जो परमेश्वरबाट संसाररूपी वृक्षको प्रवृत्ति विस्तार प्राप्त भएको छ, उनै परमेश्वरको भक्ति गर्नु पर्छ ।

गीता अध्याय १३ श्लोक १७ मा गीता ज्ञानदाताले भनेका छन्– ती पूर्णब्रह्म अर्थात् मभन्दा भिन्न प्रभु अर्को शब्दमा परम अक्षर ब्रह्म (जसको विषयमा गीता अध्याय ८ श्लोक ३ मा भनिएको छ ।) ज्योतिहरूका पनि ज्योति, मायाभन्दा अति परको भनिन्छ, बोधरूप (जान्न योग्य) परमात्मा तत्वज्ञानद्वारा प्राप्त गर्न योग्य छन् र सबको हृदयमा विशेष रूपले स्थित छन् । (गीता अध्याय १३ श्लोक १७)

विचार गरौं– जुन तत्वज्ञानले परम अक्षर ब्रह्म प्राप्त हुन्छ, त्यसलाई सूक्ष्म वेद पनि भनिन्छ । त्यसको ज्ञान गीता ज्ञानदातालाई छैन । त्यसैले गीता ज्ञानदाताले गीता अध्याय ४ श्लोक ३२ तथा ३४ मा भनेका छन्– यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरूको विस्तार पूर्वक ज्ञान स्वयम् (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्म परमात्मा अर्थात् परम अक्षर ब्रह्मले आफ्नै मुख कमलबाट बोलेर बताउँदछन्, जसलाई सच्चिदानन्द घन ब्रह्मको वाणी भनिन्छ । त्यसलाई तत्वज्ञान भनिन्छ । त्यसलाई बुझेर साधक सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ । (गीता अध्याय ४ श्लोक ३२)

पाठकवर्गसँग निवेदनः- गीता अध्याय ४ श्लोक ३२ को मूल पाठमा "ब्रह्मण" शब्द छ । गीता प्रेस गोरखपुरबाट प्रकाशित गीता तथा अन्य स्थानबाट प्रकाशित गीतामा अनुवादकहरूले ब्रह्मणः को अर्थ "वेद" लेखेका छन्, जुन गलत हो ।

गीता अध्याय १७ श्लोक २३ मा पनि "ब्रह्मण" शब्द छ । जसमा अनुवादकहरूले सही अर्थ "सच्चिदानन्द घन ब्रह्म" लेखेका छन् । त्यसैले गीता अध्याय ४ श्लोक ३२ मा "ब्रह्मणः मुखे" को अर्थ "सच्चिदानन्द घन ब्रह्मको मुख कमलबाट उच्चारित वाणीमा" लेख्नु उचित हो ।

गीता अध्याय ४ श्लोक ३४ मा गीता ज्ञानदाताले भनेका छन्– परमेश्वरले आफ्नो मुख कमलबाट बताउने त्यो तत्वज्ञान तिमी तत्वदर्शी सन्तका समीपमा गएर

बुझ, उनलाई दण्डवत प्रणाम गर्नाले तथा नम्रतापूर्वक प्रश्न गर्नाले ती परमात्म तत्व राम्ररी जान्ने तत्वदर्शी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् ।

प्रभुप्रेमी पाठकवर्ग ! यसबाट परम अक्षर परमात्मा प्राप्त हुने तत्वज्ञान गीता ग्रन्थमा छैन भन्ने कुरा सिद्ध हुन्छ । गीता चारै वेद (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) को सङ्क्षिप्त रूप हो । तिनको सारांश हो । यसबाट सूक्ष्मवेदमा भएको तत्वज्ञान प्रचलित कुनै पनि ग्रन्थमा छैन भन्ने सिद्ध हुन्छ । त्यो ज्ञान म (सन्त रामपाल दास) सँग छ, विश्वमा अरू कोही सँग छैन ।

प्रश्नः के श्री ब्रह्मा जी रजगुण, श्री विष्णु जी सतगुण, तथा श्री शिव जी तमगुण पनि ईष्ट रूपमा पूज्य छैनन् ? हिन्दू धर्ममा यिनै देवताहरूको पूजा गरिन्छ । हिन्दू धर्मगुरूहरू, शङ्कराचार्य, तथा अन्यले यिनैलाई ईष्ट रूपमा मानेर पूजा गर्नु भन्छन् र उनीहरू स्वयम् पनि गर्छन् । तपाईंका कुरा अविश्वसनीय महसुस हुन्छन् । के तपाईं यी कुरा गीतामा प्रमाणित गर्न सक्नु हुन्छ ?

उत्तर : हिन्दू धर्मका धर्मगुरूहरूलाई आफ्नै सद्ग्रन्थहरूको ज्ञान छैन । जस्तो अक्षर ज्ञान दिने अध्यापकलाई आफ्नो पाठ्यक्रमका पुस्तकहरूको विषयवस्तु सम्बन्धी ज्ञान छैन भने त्यो अध्यापक विद्यार्थीहरूका लागि हानिकारक हुन्छ । त्यो सही शिक्षक होइन । ठीक यही स्थिति हिन्दू धर्मका धर्मगुरूहरूको छ ।

प्रमाण : श्रीमद्भगवत गीता अध्याय ७ श्लोक १२ देखि १५ मा गीता ज्ञानदाताले भनेका छन्– तीनै गुणहरू (रजगुण श्री ब्रह्मा जीबाट उत्पत्ति, सतगुण श्री विष्णु जीबाट स्थिति तथा तमगुण श्री शङ्कर जीबाट संहार) बाट जे भइ रहेका छन्, तिनका निमित्त म नै हूँ तर तिनीहरूमा म र ममा तिनीहरू छैनन् । (गीता अध्याय ७ श्लोक १२)

पहिले रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव शङ्कर हुन् भनेर प्रमाणित गरौं :

१. मार्कण्डेय पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित केवल हिन्दी सचित्र मोटा टाइप) को पृष्ठ १२३ मा लेखिएको छ– ब्रह्मा, विष्णु तथा महेश ब्रह्मका प्रधान शक्तिहरू हुन् । यी नै तीन गुण हुन्, यिनै तीन देवता हुन् ।

२. श्री देवी पुराण (श्री खेम चन्द श्री कृष्ण चन्द बैंकटेश्वर प्रेस मुम्बई बाट प्रकाशित) को तेस्रो स्कन्धको अध्याय ५ श्लोक ८ मा भनिएको छ :

यदा दयादर्मना न सदा अम्विके कथम् अहम् विहितः तमोगुणः

कमलज रजगुणः कथम् विहितः च श्री हरिः सत्वगुणः (देवी पुराण ३/५/८)

अनुवाद : भगवान शिव आफ्नी माता दुर्गा जीसँग प्रश्न गर्दछन्– हे माता ! यदि हजुर हामी माथि दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुणी बनाएर किन उत्पन्न गर्नु भयो ? कमलबाट उत्पन्न ब्रह्मा जीलाई रजोगुणी र श्री विष्णु जीलाई सतगुणी किन बनाउनु भयो ?

यसबाट प्रमाणित हुन्छ : १. रजगुण भने पनि, ब्रह्मा जी भने पनि एकै हुन्, २. सतगुण तथा विष्णु जी एकै हुन्, त्यस्तै ३. तमगुण तथा शिव जी पनि एकै हुन्।

गीता अध्याय ७ श्लोक १२ को भावार्थः गीता ज्ञानदाता काल ब्रह्म हुन् । (प्रमाण : गीता अध्याय ११ श्लोक ३१, ३२) गीता अध्याय ११ श्लोक ३१ मा अर्जुनले सोधे– हे महानुभाव ! हजुर को हुनु हुन्छ ? जब कि श्री कृष्ण जी अर्जुनका जेठान थिए । श्री कृष्ण जी की बहिनी सुभद्रासँग अर्जुनले विवाह गरेका थिए । विचार गरौं– यदि गीता ज्ञानदाता श्री कृष्ण भएका भए अर्जुनले तपाईं को हुनु हुन्छ भनेर सोध्ने अवस्था आउने थिएन । के ज्वाईंले आफ्ना जेठानलाई चिन्दैनन् ? वास्तवमा काल ब्रह्म श्री कृष्ण भएका भए अर्जुनले तपाईं को हुनु हुन्छ भनेर सोध्ने अवस्था आउने थिएन । वास्तवमा काल ब्रह्म श्री कृष्ण जीको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरेर गीता ज्ञान भनि रहेका थिए । (अधिक प्रमाणका लागि कृपया "गीता तिम्रो ज्ञान अमृत", "गहरी नजर गीता मे" "ज्ञान गंगा", आध्यात्मिक ज्ञान गंगा तथा श्रीमद्भगवत गीता कसले बोलेको हो जस्ता कुराहरू डी. भी. डी. मा भएको सत्सङ्ग हेर्नु होस् । यी सबै हाम्रो Web site = www.jagatgururampalji.org मा उपलब्ध छ । निःशुल्क डाउनलोड गर्न सक्नु हुन्छ। Youtube मा पनि Satsang Barwala Ashram वा Sant Rampalji ke satsang भनेर Search गर्न सक्नु हुन्छ ।) गीता ज्ञानदाता काल ब्रह्म हुन् । उनी स्वयम् गीता अध्याय ११ श्लोक ३२ मा भनि रहेका छन्– म काल हूँ, अहिले यहाँ प्रवृत्त भएको छु अर्थात् अहिले प्रकट भएको छु । यदि कृष्ण जीले गीता ज्ञान भनि रहेका भए म अहिले आएको हूँ भन्ने थिएनन् किनकि कृष्ण जी पहिले देखि नै विद्यमान थिए । श्री कृष्ण जीले पहिले कहिल्यै म काल हूँ भनेनन्, न त पछि नै कहिल्यै सबैको नाश गर्ने बढेको काल हूँ भनेका छन् । उनले कौरवको सभामा आफ्नो विराट रूप पनि देखाएका थिए । विराट रूप भक्तियुक्त प्रत्येक आत्माको हुन्छ । कसै-कसैले मात्र यसलाई प्रकट गर्न सक्छ । यो भक्तिको शक्ति अनुसार हुन्छ ।

गीता ज्ञानदाताले गीता अध्याय ११ श्लोक ४७ मा भनेका छन्– हे अर्जुन ! मेरो यो विराट रूप तिमी बाहेक पहिले कसैले देखेको छैन । "पाठकवर्गसँग निवेदन छ– श्री कृष्ण जीले त पहिले नै कौरवको सभामा आफ्नो विराट रूप देखाएका थिए । जुन उपस्थित सैकडौं कौरवहरू सहित हजारौंले देखेका थिए । त्यसैले यदि श्री कृष्ण जीले गीता ज्ञान भनि रहेका भए मेरो विराट रूप तिमी बाहेक पहिले कसैले देखेका छैनन् भनेर कदापि भन्ने थिएनन् । यसबाट स्पष्ट हुन्छ– गीता ज्ञानदाता "काल ब्रह्म" हुन् जसलाई गीता अध्याय १५ श्लोक १६ मा क्षर पुरूष भनिएको छ । जसले गीता अध्याय ८ श्लोक १३ मा भनेका छन् :

"ओम् इति एकाक्षरम् ब्रह्म व्यवहारन् माम् अनुस्मरन्
यः प्रयाति त्यजन् देहम् सः याति परमाम् गतिम् ।"

सरलार्थ : गीता ज्ञानदाता भन्छन्– (माम् ब्रह्म) म ब्रह्मको (ओम इति एकाक्षरम्) यो एउटा ॐ एक अक्षर हो । (व्यवहारन्) उच्चारण गरेर (अनुस्मरन्) स्मरण गर्दै (यः प्रयाति त्यजन देहम्) जुन साधकले शरीर त्याग्दछ (सः याति परमाम् गतिम्) उसले ॐ नामः बाट प्राप्त हुने परम गति प्राप्त गर्दछ । यसलाई अझ स्पष्ट पार्छु ।

श्री देवी पुराण (सचित्र मोटा टाइप, केवल हिन्दी, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को सातौँ स्कन्ध पृष्ठ ५६२-५६३ मा भएको प्रकरणको नेपाली अनुवाद यस प्रकार छः-

श्री देवी जी राजा हिमालयलाई ब्रह्म ज्ञानोपदेश दिदै भन्छिन्– हे राजन् ! तिमी ओम् (ॐ) नामको जाप गर, जसबाट ब्रह्मको प्राप्ति हुन्छ । यो ॐ नाम ब्रह्म जाप मन्त्र हो र सबै कुरा अर्थात् पूजाहरू त्यागेर केवल एक ओम् नामको जाप गर, ब्रह्म प्राप्तिको उद्देश्य राख, तिम्रो कल्याण हुने छ । यसबाट ब्रह्म प्राप्त हुने छ, ती ब्रह्म दिव्य आकाश रूपी ब्रह्म लोकमा रहन्छन् । यस देवी महापुराणबाट पनि ओम् (ॐ) नामको जाप ब्रह्मको हो भन्ने स्पष्ट हुन्छ ।

अन्य प्रमाणः श्री शिव महापुराण (गीता प्रेस गोरखापुरबाट प्रकाशित सचित्र मोटा टाईप) को विध्वेश्वर संहिता को पृष्ठ २३ देखि २५ मा भएको प्रकरणको नेपाली अनुवाद यस प्रकार छ :

एक समय श्री ब्रह्मा जी रजगुण तथा सतगुण विष्णु जीको युद्ध भयो । कारण के थियो भने श्री ब्रह्मा जी श्री विष्णु जीको निवासमा गएर भने– हे अभिमानी ! तैँले म आउँदा उठेर सत्कार गरिनस्, तँ पुत्र भएर पनि पितालाई सत्कार गर्दैनस् । म सारा जगत उत्पत्ति गर्ने सबैको पिता हूँ । यी सब कुरा सुनेर श्री विष्णु जीलाई भित्र भित्रै धेरै रिस उठ्यो, तर पनि मुस्कुराउँदै भने– आऊ पुत्र, आऊ, म त तिम्रो पिता हूँ । तिम्रो उत्पत्ति मेरो नाभी कमलबाट भएको हो । यत्ति मै दुबैले हतियार उठाए । आपसमा युद्ध गर्न थाले । त्यसै बेला काल ब्रह्मले यी दुईको बिचमा एक तेजोमय स्तम्भ खडा गरि दिए । यस कारणले दुवैले युद्ध रोक्नु पर्‍यो । त्यही बेला काल ब्रह्मले आफ्ना पुत्र शिवको रूप बनाए तथा आफ्नी पत्नी दुर्गालाई पार्वती बनाएर उनीहरूका सामु प्रकट भए र भने– यहाँको ईश को हो तिमीहरूलाई थाहा छैन । म ब्रह्म हूँ । यो संसार मेरो हो । हे विष्णु तथा ब्रह्मा ! तिमीहरू दुईले तप गरेर मबाट एक-एकवटा कृत (काम) प्राप्त गरेका छौ । ब्रह्मालाई सृष्टिको उत्पत्ति तथा विष्णुलाई स्थिति । पुत्रहरू ! सुन । मैले यसै गरी महेश तथा रूद्रलाई पनि एक-एक कृत (काम) संहार तथा तिरो भाव दिएको छु । जाप गर्नको लागि मेरो एक अक्षर ओम् (ॐ) मन्त्र छ । यी पाँच अवयवहरू (अ, उ, म, नाद तथा बिन्दु) को सङ्ग्रहबाट एक "ॐ" अक्षर मन्त्र बनेको हो । यसबाट पाठकवर्गलाई "ॐ" एक अक्षर ब्रह्म जापको मन्त्र हो, यसका साथै श्री ब्रह्मा, श्री

विष्णु तथा श्री महेशभन्दा भिन्न काल ब्रह्म छन् र ब्रह्मा जी, विष्णु जी तथा शिव जी तीनै काल ब्रह्मका पुत्रहरू हुन् भन्ने स्पष्ट हुन्छ ।

अन्य प्रमाणः श्री शिव महापुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित, सचित्र मोटा टाईप) मा रूद्र संहिताको पृष्ठ ११० मा लेखिएको छ– रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव तीनै देवताहरूमा गुण छ । म यिनीहरूभन्दा भिन्न हूँ ।

यी सारा प्रमाणहरूबाट गीता ज्ञानदाता काल ब्रह्म हुन् भन्ने पनि स्पष्ट हुन्छ । यिनलाई प्रत्येक दिन एक लाख मानव शरीर धारी प्राणीहरूलाई खाने तथा सवा लाख प्रतिदिन उत्पन्न गर्ने श्राप लागेको छ।

यिनै कारणले काल ब्रह्मले आफ्ना तीनै पुत्रहरूलाई एक-एक गुणयुक्त बनाएका छन् । यिनका शरीरबाट निस्कि रहेको गुणहरूको सूक्ष्म प्रभावले प्रत्येक प्राणीलाई विवश तुल्याएर कार्य गराउँदछ । जस्तो भान्सा घरमा खुर्सानी झान्दा हाछ्यूँ आउँछ । त्यसलाई कसैले रोक्न सक्दैन । स्थूल रूपमा खुर्सानी भान्सा घरमा हुन्छ, त्यसबाट निस्केको गुणले पर कोठमा बसेका व्यक्तिहरूलाई प्रभावित पार्दछ ।

यसैगरी तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी) आ-आफ्ना लोकमा रहन्छन्, तर तिनका शरीरबाट निस्कि रहेका गुणहरूको सूक्ष्म प्रभाव तीनै लोकहरू (स्वर्ग लोक, पाताल लोक र पृथ्वी लोक) का प्राणीहरूलाई प्रभावित तुल्याइ रहन्छ। यसबाट काल ब्रह्मका लागि एक लाख मानवको आहार तयार हुन्छ। त्यसैले गीता अध्याय ७ श्लोक १२ मा गीता ज्ञानदाता ब्रह्मले भनेका छन्–

❖ तीन गुणहरूबाट जे जति भइ रहेका छन्, त्यसको निमित्त कारण म नै हूँ । जस्तो रजगुण ब्रह्मा जीबाट उत्पत्ति, सतगुण विष्णु जीबाट स्थिति तथा तमगुण शिव जीबाट संहार हुन्छ। यी सब यिनीहरूद्वारा मेरो लागि भइ रहेको छ, यस्तो जान, तर ती ममा र म तिनमा छैन किनकि काल ब्रह्म यी तीन देवताहरूभन्दा भिन्न छन् । (गीता अध्याय ७ श्लोक १२)

❖ सारा संसार यिनै तीन गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव प्रति नै मोहित छन् । यिनी सम्मको ज्ञान राख्छन् । यी तीन देवताहरूभन्दा अलग मलाई तथा (अव्ययम्) ती अविनाशी परमात्मालाई जान्दैनन् । (गीता अध्याय ७ श्लोक १३)

❖ किनकि यो अलौकिक त्रिगुणमयी मेरो माया {अर्थात् मेरा पुत्रहरूद्वारा फैल्याइएको मायाजाल) बडो दुस्कर छ, निकम्मा छ । जुन साधकले केवल म (काल ब्रह्म) लाई भज्दछ, ती यस माया (ब्रह्मा, विष्णु महेशको भक्तिबाट प्राप्त हुने लाभभन्दा अधिक लाभ ब्रह्मको भक्तिमा छ । त्यसैले भनिएको छ– जसले यी तीनैबाट प्राप्त हुने लाभलाई त्यागेर काल ब्रह्मको साधना गर्दछ। तिनीहरूले यसको उल्लङ्घन गरेर अर्थात् यिनको साधनालाई त्याग्दछन् ।} को उल्लङ्घन गर्दछन् । (गीता अध्याय ७ श्लोक १४)

❖ गीता अध्याय ७ श्लोक १५ मा भनेका छन्– तीनै गुणहरू रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शिव जी) रूपी मायाजालद्वारा जसको ज्ञान हराइ सकेको छ अर्थात् जुन साधकले यी तीनै देवताहरूभन्दा भिन्न प्रभुलाई जान्दैन, यिनैबाट प्राप्त हुने नाम मात्रको लाभलाई नै मोक्ष मानेर यिनीहरूसँग टाँस्सिइ रहन्छन् । यिनीहरूको पूजा गरि रहन्छन् । यस्ता व्यक्तिहरू असुर स्वभावलाई धारण गरेका मनुष्यहरूमा नीच, दूषित कर्म गर्ने मूर्खहरू म काल ब्रह्मलाई पनि भज्दैनन् । (गीता अध्याय ७ श्लोक १५)

गीता अध्याय १४ श्लोक १९ मा गीता ज्ञानदाताले भनेका छन्– जत्तिखेरसम्म द्रष्टा अर्थात् तत्वज्ञान सुन्ने र तीनै गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) लाई ईष्ट रूपमा पूजा गर्नेहरूले आफ्नो पुरानो धारणालाई बदल्दैनन् अर्थात् यी तीन सिवाय अरू कसैलाई कर्ता मान्दैनन् र यी तीनभन्दा अन्य पूर्ण परमात्माको ज्ञान प्राप्त गरे पनि ऊ मेरो नै जालमा रहन्छ । (गीता अध्याय १४ श्लोक १९)

गीता अध्याय १४ श्लोक २० मा गीता ज्ञानदाताले भनेका छन्– देहधारी मनुष्यले यी तीनैलाई उल्लङ्घन गरेर अर्थात् यी तीनैको पूजा त्यागेर नै जन्म-मरण, वृद्धावस्था तथा अन्य सारा दुःखबाट मुक्त भएर परमानन्द अर्थात् गीता अध्याय १८ श्लोक ६२ मा तथा अध्याय १५ श्लोक ४ मा वर्णित परम शान्ति तथा सनातन परमधाम प्राप्त गर्दछ ।

सारांश : तीनै देवताहरू (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी, तथा तमगुण शिव जी) को पूजा गर्नेलाई राक्षस स्वभाव धारण गरेका मानिसहरूमा नीच, दूषित कर्म गर्ने मूर्ख भनिएको छ । भावार्थ : यिनीहरूको पूजा गर्नु हुँदैन ।

कारण : १. श्री ब्रह्मा जी रजगुणको पूजा हिरण्यकश्यपले गरेका थिए । आफ्नै पुत्र प्रह्लादको शत्रु बने र राक्षस कहलिए । कुकुरको जस्तो मरण प्राप्त भयो ।

२. श्री शिव जी तमगुणको पूजा रावणले गरे । जगत जननी सीताको हरण गरे । पत्नी बनाउने कुचेष्टा गरे । राक्षस कहलिए । कुकुरको गतिले मरे । भस्मासुरले पनि तमगुण शिवको पूजा गरेका थिए । राक्षस कहलिए । अकालमा मारिए ।

३. सतगुण श्री विष्णु जी को पूजा गर्नेहरूलाई वैष्णव भनिन्छ। एक समय हरिद्वारमा एक कुम्भको पर्व लाग्यो । त्यस पर्वमा स्नान गर्नका लागि सम्पूर्ण सन्त (गिरी, पुरी, नाथ र नागा) आए । नागा तमोगुणी श्री शिव जीका पुजारी हुन्छन् । वैष्णव सतगुण श्री विष्णुका पुजारी हुन्छन् । सबै जना हरिद्वारमा हरकी पैडीमा स्नानको तयारी गर्न थाले । उनीहरू २० हजारको सङ्ख्यामा थिए । केही समय पश्चात् त्यति नै सङ्ख्यामा वैष्णव साधुहरू हरकी पैडीमा पुगे । वैष्णवहरूले

नागाहरूलाई पहिले हामी स्नान गर्छौं, हामी श्रेष्ठ हौं भने । यही कुरामा झगडा सुरू भयो । तरवार, छुरी, कटारी लिएर युद्ध गर्न थाले । दुबैतिरका तीन गुणका उपासक लगभग २५ हजार साधुहरू काटिएर मरे ।

त्यसैले गीता अध्याय ७ श्लोक १२ देखि १५ तीनै गुणहरू (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शिव जी) का उपासकहरूलाई राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच दूषित कर्म गर्ने मूर्ख भनिएको छ ।

यसबाट सिद्ध हुन्छ– श्री ब्रह्मा जी रजगुण, श्री विष्णु जी सतगुण तथा श्री शिव जी तमगुणको भक्ति गर्नेहरू मूर्ख, राक्षस, मनुष्यहरूमा नीच तथा घटिया कर्म गर्ने मूर्ख व्यक्ति हुन् अर्थात् यिनीहरूको पूजा गर्न श्रीमद्भगवत गीतामा निषेध गरिएको छ, यिनीहरूलाई ईष्ट रूपमा पूजा गर्नु व्यर्थ छ ।

## पूजा तथा साधनामा अन्तर

प्रश्नः काल ब्रह्मको पूजा गर्नु पर्छ या पर्दैन ? गीतामा प्रमाण देखाउनु होस् ।

उत्तरः गर्नु पर्दैन । सर्व प्रथम म पूजा तथा साधनाको अन्तर बताउँछु ।

भक्ति अर्थात् पूजाः जस्तो हामीलाई पृथ्वीमा मीठो शीतल जल छ भन्ने थाहा छ । त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ ? यसका लागि पहिले जमिनमा प्वाल पार्ने यन्त्रको सहायताले प्वाल पारिन्छ । त्यस प्वालमा फलामको पाइप हालिन्छ अनि हेन्डपम्प (कल) लगाइन्छ, त्यसपछि त्यो जीवनदाता शीतल जल प्राप्त हुन्छ ।

हाम्रो पूज्य जल हो, त्यसलाई प्राप्त गर्न प्रयोग गरिएका उपकरण तथा प्रयत्न साधना हुन् भन्ने जानौं । यदि हामी उपकरणको पूजामा लागि रह्यौं भने जल प्राप्त हुन सक्दैन । उपकरणद्वारा पूज्य वस्तु प्राप्त हुन्छ ।

अर्को उदाहरणः जस्तो पतिव्रता नारीले परिवारका सम्पूर्ण सदस्यहरूलाई सत्कार गर्छिन् । सबैलाई मर्यादा अनुरूप सम्मान गर्छिन् । सासु-ससुरालाई मातापिता समान, नन्द तथा आमाजूलाई सानी तथा ठूली दिदी-बहिनी समान, जेठाजु तथा देवरलाई दाजु-भाइ समान तर पूजा आफ्नो पतिलाई मात्र गर्छिन् । जब उनीहरू भिन्न वा अलग भएपछि आफ्नो भागमा परेका सारा सामान लिएर आफ्नो पतिको भागमा परेको घरमा जान्छिन् ।

अर्को उदाहरणः जस्तो हाम्रो आँप खाने चाहना हुन्छ । हाम्रा लागि आँपको फल पूज्य हुन्छ । आँप पाउन धनको आवश्यकता हुन्छ । धन जम्मा गर्न मजदूरी, जागिर, खेती आदि गर्नु पर्छ । अनि आँपको फल प्राप्त हुन्छ । त्यसैले आँप पूज्य हो र अन्य क्रिया (कार्य) साधना हुन् । साध्य वस्तु प्राप्त गर्नका लागि साधना गर्नु पर्छ । साधना भिन्न हो, पूजा अर्थात् भक्ति भिन्न हो । यी दुई बीचको अन्तर स्पष्ट भयो ।

यहाँ के ब्रह्मको पूजा गर्नु पर्छ भन्ने प्रसङ्ग चलि रहेछ । उत्तर :- गर्नु पर्दैन । अब श्रीमद्भगवत गीतामा प्रमाण देखाउँछुः

गीता अध्याय ७ श्लोक १२ देखि १५ मा गीता ज्ञानदाताले भनेका छन्– तीनै गुणहरू (रजगुण श्री ब्रह्मा जी, सतगुण श्री विष्णु ती तथा तमगुण श्री शिव जी) को भक्ति व्यर्थ छ । फेरि गीता अध्याय ७ श्लोक १६, १७ र १८ मा गीता ज्ञानदाता ब्रह्मले आफ्नो भक्तिबाट हुने गति अर्थात् मोक्षलाई "अनुत्तम" अर्थात् घटिया भनेका छन् । मानिसहरूले मेरा चार प्रकारका भक्ति गर्दछन् भनेका छन्–

१. अर्थार्थी : धनलाभका लागि वेद अनुसार अनुष्ठान गर्नेहरू,

२. आर्त : सङ्कट निवारणका लागि वेद अनुसार अनुष्ठान गर्नेहरू,

३. जिज्ञासु : परमात्माको विषय जान्न इच्छुक (ज्ञान ग्रहण गरेर स्वयम् वक्ता बन्नेहरू ।

यी तीन प्रकारका ब्रह्म पुजारीहरूलाई व्यर्थ भनिएको छ ।

४. ज्ञानी : ज्ञानीलाई मानव जीवन बडो दुर्लभ छ, त्यसैले मानव जीवन प्राप्त गरेर आत्म कल्याण गराउनु पर्छ भन्ने थाहा हुन्छ । उनीहरूलाई अन्य देवताहरूको पूजाबाट मोक्ष लाभ नहुने भएकाले एक परमात्माको भक्ति अनन्य मनले गर्नाले पूर्ण मोक्ष सम्भव छ भन्ने कुराको ज्ञान हुन्छ । उनीहरूलाई तत्वदर्शी सन्त प्राप्त भएन । उनीहरूले वेदलाई जे जसरी जाने वा बुझे, त्यसको आधारमा ब्रह्मलाई एक समर्थ प्रभु मानेर यजुर्वेद अध्याय ४० मन्त्र १५ बाट ओम् नाम (मन्त्र) लिएर भक्ति गरे तर पूर्ण मोक्ष भएन । ओम् (ॐ) नाम (मन्त्र) ब्रह्म साधनाको हो । त्यसबाट ब्रह्मलोक प्राप्त हुन्छ, जुन यस अधिका प्रकरणहरूमा प्रमाणित भइ सकेको छ । गीता अध्याय ८ श्लोक १६ मा भनेका छन्– ब्रह्मलोक पर्यन्त सबै लोकहरू पुनरावृत्तिमा छन् अर्थात् ब्रह्मलोकमा गएका साधक पनि पुनः फर्केर संसारमा जन्म-मृत्युको चक्रमा पर्दछन् ।

काल ब्रह्मको साधनाबाट गीता अध्याय १५ श्लोक ४ मा भनिएको मोक्ष प्राप्त हुँदैन । जसमा भनिएको छ– तत्वज्ञानद्वारा अज्ञानलाई काटेर परमेश्वरको त्यस परम पदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउदैनन्।

गीता अध्याय ७ श्लोक १८ मा गीता ज्ञानदाताले भनेका छन्– यी ज्ञानी आत्माहरू (जसलाई चौथो नम्बरका ब्रह्मका साधक भनिएका छन् ।) उदार अर्थात् असल त छन्, तर यी तत्व ज्ञानको अभावले मेरो अनुत्तम गतिमा नै स्थित रहे । गीता ज्ञानदाताले आफ्नो साधनाबाट प्राप्त हुने गतिलाई पनि अनुत्तम अर्थात् घटिया भनेका छन्, त्यसैले ब्रह्मको पूजा गर्नु पनि उचित छैन ।

कारण : एक चुणक नामका ज्ञानी आत्मा भएका ऋषि थिए । उनले ओम् (ॐ) नामको जाप तथा हजारौं वर्ष हठयोग गरे । यसले उनमा सिद्धि आयो ।

ब्रह्मको साधना गर्नाले जन्म-मृत्यु, स्वर्ग-नर्कको चक्र सदा रहि रहन्छ किनकि गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५, गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– अर्जुन ! तिम्रो र मेरो अनेकौं जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । तिमी, म या यी सबै राजाहरू पहिले पनि जन्मिएका थिए, पछि पनि जन्मने छन् । यो न सोच की हामी सबै अहिले मात्र जन्मेका हौं । मेरो उत्पत्तिको बारेमा महर्षिजन तथा यी देवताहरू जान्दैनन् किनकि यी सब मद्वारा उत्पन्न भएका हुन् ।यसबाट स्वसिद्ध हुन्छ– जब गीता ज्ञानदाता ब्रह्म पनि जन्मन्छन् र मर्छन् भने यिनका पुजारी कसरी अमर हुन सक्छन् ? यसबाट सिद्ध हुन्छ– ब्रह्मको उपासनाबाट त्यो मोक्ष हुन सक्दैन, जुन गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा भनिएको छ । यी श्लोकहरूमा गीता ज्ञानदाताले स्पष्ट निर्देशन दिएका छन्– हे भारत! तिमी सर्वभावले ती परमेश्वर परम अक्षर ब्रह्मको शरणमा जाऊ । ती परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा सनातन परमधाम अर्थात् सत्यलोक प्राप्त गर्ने छौ । तत्वज्ञान बुझि सकेपछि परमात्माको त्यस परमपदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात्, साधक पुनः फर्केर संसारमा कहिल्यै आउदैन । विचार गरौंः- गीता ज्ञानदाता स्वयम् जन्मन्छन् तथा मर्छन्, त्यसैले ब्रह्मको पूजाबाट प्राप्त हुने गतिलाई अनुत्तम भनिएको छ ।

अब चुणक ऋषिको प्रसङ्ग सुनाउँछुः चुणक ऋषिले ओम् (ॐ) नामको जाप तथा हठयोग गरे । वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद) मा बताइएको भक्तिद्वारा परमात्मा प्राप्ति हुँदैन । यसको प्रमाण गीता अध्याय ११ श्लोक ४७, ४८ मा छ। गीता ज्ञानदाता ब्रह्म भन्छन्– हे अर्जुन ! यो मेरो (काल ब्रह्मको) विराट रूप हो । मेरो यस रूपको दर्शन तिमी बाहेक पहिले कसैलाई भएको छैन । म तिमीप्रति कृपा गरेर यो रूप देखाएको हूँ । मेरो यस रूपको दर्शन अर्थात् ब्रह्म प्राप्ति न वेदहरूमा वर्णित विधिद्वारा अर्थात् ओम् नामको जापले, न तपले न त हवन आदि यज्ञले हुन्छ अर्थात् वेदहरूमा वर्णित विधिद्वारा ब्रह्म प्राप्ति हुँदैन । यसै कारणले चुणक जस्ता ऋषिले पनि ब्रह्मलाई निराकार ठानि रहे । चुणक ऋषिमा सिद्धि आयो । यसले गर्दा संसार प्रसिद्ध भए । सिद्धि प्राप्त साधकले वर्षौंसम्म साधना गरेर चार्ज गरेको ब्याट्री कसैलाई श्राप दिएर त कसैलाई आशीर्वाद दिएर आफ्नो भक्ति नाश गर्दछ । कसैमाथि सिद्धिद्वारा तन्त्रमन्त्र गरेर आफ्नो भक्ति नाश गर्दछ तथा संसारमा प्रशंसाको पात्र बनेर स्वयम् प्रभु बनेर बस्छ ।

एक मानधाता नामक चक्रवर्ती राजा थिए । सारा पृथ्वीमा उनको राज्य थियो। उनलाई पृथ्वीमा भएका अन्य पराधीन राजाहरू कोही स्वतन्त्र हुन चाहेका छन् कि छैनन् भनेर बुझ्न मन लाग्यो । त्यसैले आफ्नो नीजि घोडाको घाटीमा मानधाता राजाको पराधीनता स्वीकार छैन भने यस घोडालाई समात्नु र युद्धका लागि तयार हुनु भनेर पत्र लेखेर झुण्ड्याए । मानधाता राजासँग ७२ अक्षौणी (करोड) सेना थिए । त्यस घोडासँगै सैनिकहरू पनि हिंडे । सारा पृथ्वी घुमे । कुनै पनि राजाले त्यो घोडा समातेनन् । यसबाट पृथ्वीका साना राजा रजौटाहरू चक्रवर्ती

शासक मानधाताको अधीनमा छन् भन्ने स्पष्ट हुन्छ । घोडासँगै भएका सारा सैनिकहरू खुशियाली मनाउदै फर्कदै थिए । बाटोमा चुणक ऋषिको कुटी थियो । घोडामा सवार सैनिकहरूलाई चुणक ऋषिले सोधे– हे सैनिकहरू ! कहाँ गएका थियौ ? यो घोडाको घोडसवार कहाँ गए ? सैनिकहरूले ऋषि जीलाई सारा कुरा सुनाए । ऋषिले सोधे– के कसैले राजा मानधाताको युद्ध स्वीकार गरेनन् ? सैनिकहरूले भने यदि पाखुरीमा शक्ति छ भने तथा कसैले आमाको दूध पिएका छन् भने हाम्रा राजासँग युद्ध गरेर हेरोस् । राजासँग ७२ अक्षौणी (करोड) सेना छन् । यदि कसैले युद्ध गर्ने हिम्मत गर्छ भने त्यसको बङ्गारा तोडि दिन्छौँ । काल ब्रह्मका पुजारी ऋषि चुणकले भने– हे सैनिकहरू ! तिम्रा राजाको युद्ध मैले स्वीकार गरें । यो घोडा कुटीको वृक्षमा बाँधि देऊ । सैनिकहरूले भने– हे कङ्गाल! तँ सँग खानका लागि अन्न पनि छैन । राजा मानधातासँग के युद्ध गर्छस् ? आफ्नो भक्ति गर् ।

ऋषिले भने– जे हुन्छ, हेरौंला । जाऊ, गएर तिम्रा राजालाई चुणक ऋषिले युद्ध स्वीकार गरे भन । राजालाई यी कुरा अवगत भएपछि सोच मग्न भए– आज एउटा कङ्गाल विपरीत बुद्धि भएको ऋषिले आँट गर्‍यो भने भोलि फेरि अर्कोले हिम्मत गर्ने छ । समस्यालाई सुरू मै समाधान गर्नु पर्छ । जनतालाई भयभित तुल्याउनका लागि एक व्यक्तिलाई मार्न राजाले ७२ करोड सेनाको चार समूह बनाए । युद्ध गर्न पहिले १८ करोड सैनिकहरूको समूह पठाए । काल ब्रह्मका पुजारी ऋषिले सिद्धि शक्तिले चारवटा (पुतली) परमाणु बम तयार गरे । एउटा बम हाने । १८ करोड सैनिक मरे । राजाले दोस्रो टुकडी पठाए । ऋषिले दोस्रो बम हाने । राजाले फेरि अर्को टुकडी पठाए, ती पनि मारिए । यसरी राजा मानधाताको ७२ करोड सेना काल ब्रह्मका पुजारी चुणक ऋषिले विनाश गरे ।

विचार गरौंः- ऋषि-महर्षिहरूले राजाहरूको बिचमा दखल दिनु हुन्न किनकि ऋषिहरूले हजारौं वर्षसम्म परमात्मा प्राप्तिका लागि ॐ नामको जाप गरे तर परमात्मा प्राप्त भएन किनकि गीता अध्याय ११ श्लोक ४७-४८ मा वेदहरू (ऋग्वेद, यजुर्वेद, अथर्ववेद र सामवेद) मा वर्णित विधिद्वारा ब्रह्मको प्राप्ति हुँदैन भनेर लेखिएको छ । त्यसैले यसबाट ऋषिहरूमा सिद्धि प्रकट हुन्छ । अज्ञानताका कारण त्यही भुलभुलैयालाई यिनीहरूले भक्तिको उपलब्धि मान्दछन् । जसकारणले भक्ति गरेर पनि त्यो पद प्राप्त गर्न सकेनन्, जहाँ गए पश्चात् पुनः जन्म हुँदैन किनकि तिनलाई तत्वदर्शी सन्त प्राप्त भएन । सूक्ष्म वेदमा भनिएको छ :

कबीर, गुरू बिन काहु न पाया ज्ञाना, ज्यों थोथा भुस छडे मूढ किसाना ।
गुरू बिन वेद पढे जो प्राणी, समझे न सार रहे अज्ञानी ॥
गरीब, बहत्तर क्षौणी खा गया, चुणक ऋषिश्वर एक ।
देह धारें जौरा फिरें, सबही काल के भेष ।

भावार्थ : तत्वदर्शी सन्त गुरू प्राप्त नभएकाले साधकले गरेको साधना मनोमानी आचरण हुन्छ किनकि उसले शास्त्रविधि त्यागेको हुन्छ । जस कारणले साधकलाई कुनै लाभ हुँदैन । गीता अध्याय १६ श्लोक २३-२४ मा प्रमाण छ– हे भारत ! जुन साधकले शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्छ, उसलाई न सुख हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त उसको गति अर्थात् मोक्ष नै हुन्छ । त्यसैले कुन साधना गर्नु हुन्छ वा कुन साधना गर्नु हुँदैन भन्ने विषयमा तिम्रा लागि शास्त्र नै प्रमाण हो ।

गुरू बिना अर्थात् तत्वदर्शी सन्तबिना चाहे वेदहरू पढ वा तिनलाई कण्ठस्थ नै गर, त्यो अर्थहीन नै हुन्छ । जस्तो पहिलेका ब्राह्मणहरू वेदका मन्त्रहरू कण्ठस्थ गर्थे । चारै वेदका मन्त्रहरू याद गर्नेलाई चतुर्वेदी तथा तिन वेदका मन्त्रहरू याद गर्नेलाई त्रिवेदी भनिन्थ्यो । तर तिनीहरूलाई वेदका गूढ रहस्यको ज्ञान भएन, जसकारणले ती ऋषिजन वेदहरू पढेर तथा घोकेर पनि अज्ञानी नै रहे । सूक्ष्म वेदमा भनिएको छ–

"पीठ मनुखा दाख लदी है, ऊँट खात बबूल ।"

भावार्थ : पहिले रेगिस्तान (मरूभूमि) मा मुनक्का दाख (सुकाएको अङ्गुर) ऊँटमा लादेर लैजान्थे । ऊँटको पिठ्यूँमा यति स्वादिष्ट मुनक्का दाख लादिएको हुन्थ्यो तर स्वयम् ऊँट बबूल (कीकर) को रूखको काँडामा मुख गाडेर बबूलको पात खान्थ्यो । ज्ञान बिना सारा ऋषिजन चारै वेदहरू रूपी मुनक्का दाख बोकेर हिड्थे तर पूजा भने काल ब्रह्म (बबूल) को गर्थे, जसबाट न परम धाम तथा न परम शान्ति नै प्राप्त हुन्थ्यो । फेरि सूक्ष्म वेदमा भनिएको छ–

बनजारे के बैल ज्यों, फिरा देश-विदेश ।
खाण्ड छोड भुष खात है, बिन सतगुरू, उपदेश ।।

भावार्थ : पहिले गधालाई जस्तो बोरामा खाण्ड (चिनी) भरेर गोरूलाई बोकाएर बन्जारा अर्थात् व्यापारीहरूले एक स्थानबाट अर्को स्थानमा ल्याउने-लैजाने गर्थे । गोरूको पिठ्यूँमा चिनीको बोरा हुन्थ्यो तर स्वयम् गोरू भुस खान्थ्यो । यसैगरी गुरूबाट तत्वज्ञान प्राप्त नहूँदा ऋषिजन वेदरूपी सक्खर त कण्ठस्थ पार्थे तर त्यसलाई राम्रोसँग न बुझी वेद विरूद्धको साधना गर्थे ।

उदाहरणः श्री देवी पुराण (सचित्र मोटा टाईप केवल हिन्दी, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को पाँचौ स्कन्द पृष्ठ ४१४ मा लेखिएको छ– वेद व्यास जीले भने– सत्य युगका ब्राह्मण वेदका पूर्ण विद्वान थिए । ती देवी अर्थात् श्री दुर्गा जीको पूजा गर्थे । प्रत्येक गाउँमा श्री देवीको मन्दिर बनाउने तिनको प्रबल इच्छा थियो ।

पाठक जन विचार गरौः- चारै वेदहरू तथा यिनै वेदहरूका सारांश श्रीमद्भगवत गीतामा पनि कतै देवीको पूजा गर्न निर्देश छैन भने सत्ययुगका ब्राह्मण केको वेदका विद्वान थिए ? यसै श्री देवी पुराणको सातौं स्कन्द पृष्ठ ५६२-५६३ मा

श्री देवी जीले राजा हिमालयसँग भनेकी थिइन्– तिमी मेरो पूजा पनि त्याग । यदि ब्रह्म प्राप्ति चाहन्छौ भने अरू सब कुरा त्यागेर केवल ओम् (ॐ) को जाप गर । यो ब्रह्मको मन्त्र हो । यसबाट ब्रह्मलाई प्राप्त गर्ने छौ । ती ब्रह्म ब्रह्मलोक रूपी दिव्य आकाशमा रहन्छन् । पाठकवर्ग ! सत्ययुगका ब्रह्मणहरूको त यस्तो ज्ञान तथा साधना थियो भने अहिलेका ब्राह्मणहरूसँग कस्तो ज्ञान होला ? सहजै बुझ्न सकिन्छ । यसै श्री देवी पुराणको पाँचौ स्कन्द पृष्ठ ४१४ मा पनि लेखिएको छ– सत्ययुगमा जसलाई राक्षस भनिन्थ्यो, तिनलाई कलियुगमा ब्राह्मण मानिन्छ । ब्राह्मण कुनै जाति विशेष होइन । जुनसुकै जातिको भए पनि परमात्मा अर्थात् ब्रह्मका लागि प्रयत्नशील साधकलाई ब्राह्मण भनिन्छ। अहिले परम्परागत ब्राह्मण कम छन् । सन्त रूपमा ब्रह्म ज्ञान दिनेहरू अधिक छन् । ती ब्राह्मण अर्थात् मार्गदर्शक गुरू कहलिन्छन् तर तत्वज्ञानहीन हुन् । त्यसैले भनिन्छ– तत्वदर्शी गुरू बिना कसैलाई वेदका गूढ रहस्यको ज्ञान भएन, जसकारणले वेद पढ्थे तर वेद विरूद्धको साधना गर्थे । वेदहरू तथा गीतामा तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी) को पूजा गर्नु निषेध छ । सारा हिन्दू समाजलाई ज्ञानहीन सन्तहरूको माध्यमबाट यिनै तीन देवताहरूमा केन्द्रित गरिएको छ । श्री देवी दुर्गा, विष्णु जी तथा शिव जीको भक्ति गरि रहेका छन् तथा गराइ रहेका छन् । पहिलेदेखि नै यो लोक वेद (दन्त्य कथा) को ज्ञान चल्दै आइ रहेको छ, जुन आज मेरा सामुन्ने ठूलो पर्खाल बनेर खडा छ । म शास्त्रोक्त ज्ञान भन्छु, प्रोजेक्टरमा देखाउँछु, तर पहिलेका अज्ञानलाई सत्य मानेर सत्य प्रत्यक्ष रूपमा देखेर पनि विश्वास गरि रहेका छैनन्। विरोध गर्दछन्, जेल पठाउँछन् । सूक्ष्म वेदमा भनिएको छ–

गरीब, वेद पढैं पर भेद न जानें, बाँचै पुराण अठारह ।
पत्थरकी पूजा करें, बिसरे सिरजनहारा ॥

भावार्थ : वेद तथा अठार पुराणहरू पढ्छन् र मूर्ति पूजा गर्छन् । वेदोक्त सबैका सिर्जनहार परम अक्षर ब्रह्मलाई भुलेका छन् । अन्य प्रभुहरूको पूजा गरेर ती परम शक्ति तथा सनातन परम धाम अर्थात् परमेश्वरको गीता अध्याय १८ श्लोक ६२ तथा गीता अध्याय १५ श्लोक चारमा भनिएको परम पदबाट बन्चित रहन्छन् । सूक्ष्म वेदमा लेखिएको छ–

गुरूवा गाम बिगाडे सन्तो, गुरूवा गाम बिगाडे ।
ऐसे कर्म जीव के ला दिए, फिर झडैं नहीं झाडे ॥

भावार्थ : तत्वज्ञानसँग अपरिचित वेदज्ञानहीन गुरूहरूले गाउँ-गाउँमा शास्त्र विरूद्ध ज्ञान एवं भक्तिको अज्ञान सुनाएर तिनीहरूलाई यस्तो भ्रमित तुल्याएका छन् कि अब त सम्झाउँदा पनि शास्त्र विरूद्ध साधना त्याग्न तयार हुँदैनन् ।

गीता अध्याय १६ श्लोक २३ मा लेखिएको छ– शास्त्र विधि त्यागेर मनोमानी आचरण गर्नाले न सिद्धि प्राप्त हुन्छ, न सुख प्राप्त हुन्छ, तथा न त गति (मुक्ति)

नै हुन्छ अर्थात् व्यर्थको साधना हो ।

अर्कोतर्फ चुणक ऋषिको कथामा पढि सकिएको छ कि ऋषि चुणक जीलाई सिद्धि प्राप्त भयो । पाठकवर्ग ! यो सम्झनु जरूरी छ कि सिद्धि भक्तिको बाइ प्रोडक्ट हो, जस्तो जौंको पनि भुस हुन्छ, जसमा अधिक तुस हुन्छ । पशुले खायो भने मुखमा घोंच्छ र घाउ बनाउँछ । यो सिद्धि काल ब्रह्मको भक्तिबाट प्राप्त हुन्छ, जुन चुणक ऋषि जीलाई प्राप्त भयो ।

शास्त्र विधि अनुसार भक्ति गर्नाले प्राप्त हुने सिद्धिलाई गहूँको भुस सम्झौं, जुन पशुहरूका लागि उपयोगी तथा खानमा सजिलो हुन्छ । भावार्थः शास्त्रविधि अनुसार साधना नगर्दा प्राप्त हुने सिद्धिले साधकलाई नष्ट गर्दछ किनकि अज्ञानतावश त्यसको प्रयोग गरेर ऋषिजनले कसैको हानी गर्दछन्, कसैलाई आशीर्वाद दिएर ओम् (ॐ) नाम जापबाट प्राप्त हुने भक्तिको शक्ति समाप्त गरेर पुनः खाली हुन्छन् ।

जस्तो चुणक ऋषिले चक्रवर्ती राजा मानधाताको ७२ करोड सेना विनाश गरे, आफ्नो भक्तिको सिद्धि पनि गुमाए । सूक्ष्म वेदमा भनिएको छ–

गरीब, बहतर क्षौणी क्षय करी, चुणक ऋषिश्वर एक ।
देह धारे जौरा (मृत्यु) फिरैं, सब ही काल के भेष ।।

भावार्थ : ऋषिहरूमा सर्व श्रेष्ठ ऋषि चुणक जीले ७२ करोड सेना नाश गरे । हेर्दा त यी महात्मा जस्तै देखिन्छन्, आफ्नो सरोकारको कुनै काम पऱ्यो भने सर्प जसरी निस्कन्छन् । स-साना कुरामा कसैलाई श्राप दिनु, कसैसँग बेमतलवमा जोरी खोज्नु यिनीहरूका लागि आम कुरा हुन्छ ।

## "ऋषि दुर्वासाको कर्तुत"

दुर्वासा नामका एक काल ब्रह्मका पूजारी (ब्रह्म साधक) थिए । उनी कतै जादै थिए । बाटोमा एउटी सुन्दर अप्सरा (स्वर्गकी नारी) सँग भेट भयो । उनले सुन्दर मोतीका माला लगाएकी थिइन् । ऋषि दुर्वासाले ती अप्सरासँग त्यो माला मागे । देवपरीलाई दुर्वासा सर्प जस्तै छन्, उनले भनेको कुरा मानेन भने तत्काल श्राप दिन्छन् भन्ने थाहा थियो । ती अप्सराले गलाबाट माला निकालेर आदरपूर्वक ऋषि जीलाई दिइन् । ऋषि जीले त्यो माला कपालको जुडोमा लगाए र हिडे । बाटामा स्वर्गका राजा इन्द्र आफ्नो ऐरावत हात्तिमा चढेर आउँदै थिए । उनका अगाडि-अगाडि अप्सरा तथा गन्धर्वहरू गाउँदै-बाजा बजाउँदै हिडि रहेका थिए । अन्य करोडौं देवी-देवताहरू सम्मानका लागि साथ साथै हिंडि रहेका थिए । ऋषि दुर्वासाले आफ्नो शिरबाट माला निकालेर इन्द्रतर्फ फ्याँके । इन्द्रले त्यो माला हात्तिको गर्दनमा राखि दिए । हात्तिले त्यो माला आफ्नो सुंढले झिकेर जमीनमा फ्याँकि दियो । हात्तिमा सवार हूँदा इन्द्रलाई कुनै भक्त वा देवताले फूलमाला चढाउँदा त्यो फूलमाला पछि हात्तिको गर्दनमा राख्ने गर्थे । हात्तिले त्यो झिकेर फ्याँक्थ्यो । त्यही आधारमा दुर्वासा ऋषिले दिएका माला पनि हात्तिले फ्याँकि दियो ।

यी सब देखेर दुर्वासा ऋषि क्रोधित भए र भने– हे इन्द्र ! तँलाई राज्यको अभिमान भएछ । मैले दिएको मालाको अनादर गरिस् । म तेरो सारा राज्य नष्ट होस् भन्ने श्राप दिन्छु भने । देवराज इन्द्र थरथर काम्दै भने– हे विप्र ! मैले हजुरको मालालाई आदरपूर्वक ग्रहण गरेर हात्तिमाथि राखेको थिएँ । हात्तिले आफ्नो औपचारिकताका कारण तल जमीनमा राखि दियो । मलाई माफ गर्नु होस् । इन्द्रले हात्तिबाट तल ओर्लेर बारम्बार करबद्ध भएर दण्डवत् प्रणाम गरेर क्षमा याचना गरे तर ऋषि दुर्वासा मान्दै मानेनन् । उनले मैले भनेको कुरा फिर्ता हुनै सक्दैन भने । केही समय पश्चात् नै इन्द्रको सर्वनाश भयो र स्वर्ग उजाडियो ।

एक समय ऋषि दुर्वासा जी द्वारिका नगर नजिकैको जङ्गलमा केही समयका लागि बसे । दुर्वासा आफ्नो नगरको नजिक आएका छन् भन्ने कुरो द्वारिका बासीले थाहा पाए । यिनी त्रिकालदर्शी तथा सिद्धियुक्त ऋषि हुन् भन्ने सुनेका थिए तर द्वारिका बासीहरू श्री कृष्ण बाहेक कसैलाई शक्तिशाली मान्दैनथे । श्री कृष्णका पुत्र श्री प्रद्युम्न सहित थुप्रै यादवहरूले ऋषि दुर्वासाको परीक्षा लिने विचार गरेर योजना बनाए किनकि उनीहरूले ऋषि दुर्वासा त्रिकालदर्शी तथा मनको कुरा पनि बताउन सक्ने अन्तर्यामी छन् भन्ने सुनेका थिए । यस्तो विचार गरेर प्रद्युम्नलाई गर्भवती आइमाई बनाएर १०-१२ जना मानिसहरू ऋषि भएको ठाउँमा गए । एक जनालाई उनको पति पनि बनाएका थिए । दुर्वासा ऋषिका सामु गएर भने– हे ऋषि जी ! यी महिलालाई धेरै समय पश्चात् परमात्माको कृपा प्राप्त भएकाले गर्भ रहेको छ । यिनी महिलाका पति हुन् । यी दुवै गर्भमा छोरा छ कि छोरी भन्ने जान्न बडो उत्सुक छन् । हजुर त अन्तर्यामी हुनु हुन्छ, कृपया बताउनु होस् । उनीहरूले प्रद्युम्नको पेटमा एउटा सानो कराही बाधेका थिए । त्यसमाथि रूवाको डल्लो तथा पुराना कपडा बाँधेर गर्भ बनाएका थिए र महिलाको पहिरन लगाइ दिएका थिए । ऋषि दुर्वासाले दिव्य दृष्टिद्वारा हेरे र यिनीहरू, मसँग मजाक गर्न आएका हुन् भन्ने थाहा पाए । दुर्वासा जी यो गर्भबाट यादव कुलको विनाश हुने छ भनेर क्रोधित भए । सबैजना त्यहाँबाट हिँडे । नगर भरी ऋषि दुर्वासाले यादवहरूको नाश हुने छ भनेर श्राप दिएको कुरो आगो जसरी फैलियो । उनीहरूलाई हामीसँग सर्व शक्तिमान भगवान अखिल ब्रह्माण्डका नायक श्री कृष्ण छन् र हामीलाई दुर्वासा ऋषिले दिएका श्रापको प्रभाव पर्दैन भन्ने विश्वास थियो, तर पनि केही बुद्धिजीवि मानिसहरू जम्मा भएर श्री कृष्णका समीपमा गएर बच्चाहरूले ऋषि दुर्वासासँग गरेको ख्याल ठट्टा र ऋषि दुर्वासाले दिएको श्रापको बारेमा वृतान्त सुनाए । केही समय सोच मग्न भएर श्री कृष्ण जीले बच्चाहरूलाई साथमै लिएर गई क्षमा माग भने । दुर्वासाको सामु गए, क्षमा याचना गरे तर ऋषि दुर्वासाले मैले भनेको कुरा फिर्ता हुँदैन भने । सारा मानिसहरू फर्किए श्री कृष्णका सामु गई सारा कुरा सुनाए । द्वारिकामा भोजन बन्द भयो । सारा नगर चिन्तामा डुब्यो । श्री कृष्णले भने– चिन्ता किन गर्छौ ? गर्भमा प्रयोग गरिएको वस्तुले हाम्रो विनाश हुन्छ भनेका छन् ।

यसो गर, कपडा र रूवा जलाएर र फलामको कराही ढुङ्गामा घोटेर प्रभास क्षेत्र (यमुना नदीको किनारको एक स्थानको नाम) मा यमुना नदीमा हालि देओ । त्यहीं बसेर घोट, चुरा (चुर्ण) तथा खरानी पनि पानीमा बगाइ देओ । न रहन्छ बाँस, न बज्छ बाँसुरी ? जब गर्भमा भएका सामान नै रहेन भने हाम्रो नाश कसरी हुन्छ ? द्वारिका बासीलाई यो कुरा राम्रो लाग्यो र सङ्कट मुक्त महसुस गरे । श्री कृष्ण जीको आदेश अनुसार सबथोक गरे । कराहीको एउटा कडा राम्रोसँग घोटिएन । त्यसलाई त्यत्तिकै यमुना नदीमा फ्याँकि दिए । त्यो चम्किलो खाद्य पदार्थ सम्झेर एउटा माछाले खायो । बालिया नामक एउटा भिल्लले त्यो माछा समात्यो । माछा काटेपछि त्यसबाट निस्किएको त्यो धातु जाँच गरेर विषयुक्त बनाएर आफ्नो तीरको अघिल्लो भागमा लगायो र सुरक्षितसँग राख्यो । फलामको कराही घोट्दा निस्किएको चुरा (चुर्ण/लेप) पानीमा हालेपछि लामा-लामा सरकण्ड (करौती) जस्तो घाँसको रूपमा यमुना नदीको किनारमा उम्रियो । त्यसपछि द्वारिका नगरीमा उत्पात मच्चिन थाल्यो । स-साना कुरामा नै एक-अर्कालाई मार्न थाले । आपसमा शत्रुता बढ्न थाल्यो । नगरका मानिसहरूको यस्तो दशा देखेर नगरका गन्यमान्य व्यक्तिहरू श्री कृष्ण सामु गएर सारा कुरा सुनाए र यसको कारण सोधे किनकि श्री कृष्ण जी यादव तथा पाण्डवहरूका आध्यात्मिक गुरू थिए । सङ्कटको निवारण गुरूबाट नै गराइन्छ । श्री कृष्ण जीले कारण बताए– दुर्वासा ऋषिले दिएको श्राप फल्दै छ । यसको समाधानका लागि भर्खर जन्मिएको बालक भए पनि पुरुष यादवहरू त्यो फलामको कराही घोटेको प्रभास क्षेत्रमा गई यमुना नदीमा स्नान गर, तब तिमीहरू श्राप मुक्त हुने छौ । सारा द्वारिका बासीले श्री कृष्ण जीको आज्ञा पालन गरे । सारा पुरूष यादवहरू श्राप मुक्त हुने ध्येयले स्नान गर्न गए । ऋषि दुर्वासाको श्रापको कारणले सारा यादवहरू समूह बनाएर जम्मा भए । श्राप मुक्त भएपछि आपसी मतभेद समाप्त हुन्छ कि भन्ने उद्देश्यले पहिले स्नान गरे, तर यसो भएन । पहिले सबैले स्नान गरे अनि आपसमा गाली-गलौज सुरू भयो । फलामको कराही घोट्दा निस्किएको चुर्णबाट उम्रिएको घाँसको पातले तरवारको जस्तै काम गर्थ्यो । त्यही सरकण्डा उखेलेर एक-अर्कालाई हान्न थाले । सरकण्डाले लाग्ना साथ शिर छिन्थ्यो र शरीरबाट अलग भएर झर्थ्यो । यसरी सारा यादवहरू आपसमा काटिएर मरे । केही दुई चार सय बाँकी थिए । त्यसै बेला श्री कृष्ण पनि त्यहाँ पुगे । उनले पनि त्यो घाँस उखेले । त्यो फलामको मुसल बन्यो । बाँकी बचेका आफ्ना वंशजहरूलाई स्वयम् कृष्णले मारे । त्यसपछि श्री कृष्ण जी एउटा रूखमुनि विश्राम गर्न थाले । त्यत्तिकैमा दैव संयोगले फलामको कराहीको कडाको विषाक्त तीर बनाएको बालिया नामक त्यो भिल्ल पनि त्यही तीर लिएर सिकारको खोजमा श्री कृष्ण जी विश्राम गरि रहेको स्थानमा आए । श्री कृष्ण जीको दायाँ पैतालामा पद्म बनेको थियो, त्यसबाट सय वाटको जस्तो चमक आइ रहेको थियो । रूखको झ्याङ तल सम्म लत्रेको थियो । त्यसको बिचबाट पद्मको चमक अस्पष्ट देखिन्थ्यो । बालिया भिल्लले त्यो हरिणको आँखा होला भनेर हरिणलाई मार्नका लागि तीर

चलायो । तीर श्री कृष्ण जीको गोडामा लाग्यो । उनी मरें, मरें भनेर कराउन थाले । बालियालाई तीर कुनै व्यक्तिलाई लाग्यो भन्ने आभास भयो । दौडेर गएर हेर्दा त द्वारिकाधीश पीडाले छटपटाइ रहेका थिए । बालियाले भन्यो– हे महाराज ! मबाट अन्जानमा तीर चल्यो । हजुरको पैतालाको चमकलाई हरिणको आँखा सम्झेर तीर हानें । मबाट गल्ति भयो, मलाई माफ गर्नु होस् महाराज । तब श्री कृष्ण जीले भने– तिमीबाट कुनै गल्ति भएको छैन। यो तिम्रो र मेरो पछिल्लो जीवनको लेनदेन हो । त्यो मैले चुकाएँ । तिमी त्रेतायुगमा सुग्रिवको भाइ बाली थियौ, म दशरथका पुत्र रामचन्द्र थिएँ । मैले पनि तिमीलाई रूखको आड लिएर धोकापूर्वक मारेको थिएँ । त्यही बदला पूरा गरेका हौ ।

यसरी दुर्वासा ऋषिका श्रापबाट सम्पूर्ण यादव कूल नष्ट भयो । वर्तमानमा भएका यादवहरू त्यस बेला माताको गर्भमा थिए र पछि जन्मे । सूक्ष्म वेदमा लेखिएको छ–

गरीब, दुर्वासा कोपे तहाँ, समझ न आई नीच ।
छप्पन करोड यादव कटे, मची रूधिर की कीच ।

सरलार्थः दुर्वासाले बच्चाहरूले गरेको ख्याल ठट्टालाई यत्ति गम्भीरतापूर्वक लिए कि उनीहरूको कूल नाश हुने श्राप दिए । ती नीच दुर्वासाले के अनर्थ हुन्छ भन्ने पनि सोचेनन् । कुरा खासै केही पनि थिएन, तर दुर्वासा नीच ऋषिले यति ठूलो अपराध गरे कि छप्पन करोड यादवहरू आपसमा काटिएर मरे र रगत बगेर हिलो नै भयो ।

त्यसैगरी चुणक ऋषिले बेमतलवमा जोरी खोजेर राजा मानधाताका ७२ करोड सेना नाश गरे ।

कपिल नामक एक ऋषि थिए । उनलाई भगवान विष्णुको २४ अवतारमध्ये एक मानिन्थ्यो । उनी तपस्या गरि रहेका थिए । अर्का एक सगड नामका राजा थिए । उनका ६० हजार पुत्र थिए । कुनै ऋषिले एउटा तलाउ, एउटा कुवाँ र एउटा बगैचा बनाएमा एक अश्वमेघ यज्ञ बराबरको फल प्राप्त हुन्छ भनेको सुनेपछि राजा सगडका छोराहरू तत्काल यो कार्य गर्न सुरू गरे । जान्ने बुझ्ने मानिसहरूले यसरी जहाँ तहाँ तलाऊ, कुवाँ तथा बगैंचा बनाउँदा पृथ्वीमा अन्न उत्पादन हुने ठाउँ रहने छैन भन्ने प्रतिक्रिया दिए । कुनै राजाले विरोध गर्दा उनीहरूसँग युद्ध गर्थे । सगड राजाका पुत्रहरूले आफ्नो साथमा एउटा घोडा लिएर हिँडे । त्यस घोडाको घाँटीमा यदि कसैले हाम्रो कार्यमा बाधा व्यवधान पुऱ्याउने हो भने यो घोडा समात्नु र युद्धका लागि तयार रहनु भन्ने व्यहोरा लेखिको पत्र झुण्ड्याइएको थियो । ती विपरीत बुद्धि भएकाहरूसँग कसले टक्कर लिनु ? पृथ्वी देवी भगवान विष्णु कहाँ गइन् र गाइको रूप धारण गरेर भनिन्– हे भगवान ! पृथ्वीमा एक सगड राजा छन् । उनका ६० हजार पुत्र छन् । यिनीहरू यसरी पागल भएका छन् कि मलाई

खनि सके । त्यहाँ मानवहरूका लागि खान आवश्यक अन्न पनि उब्जन सक्दैन । भगवान विष्णुले तिमी जाऊ, उनीहरूले अब केही गर्ने छैनन् भने । भगवान विष्णुले देवराज इन्द्रलाई बोलाएर सम्झाए– राजा सगडका ६० हजार पुत्रहरू यज्ञ गर्दै छन् । यदि उनीहरूको १०० यज्ञ पूरा भयो भने तिम्रो इन्द्रगद्दी उनीहरूलाई दिनु पर्ने छ । सम्भव छ भने समय रहँदै केही गर । इन्द्रले आफ्नो नोकरलाई सबैथोक सम्झाएर बुझाएर पठाए । राति राजा सगडका पुत्रहरू घोडा रूखमा बाँधेर सुति रहेका थिए । ती देवराज इन्द्रका दूतहरूले घोडा खोलेर लगि तपस्वी कपिल जीको तिघ्रामा बाँधि दिए । कपिल ऋषि वर्षौंदेखि तपस्या गरि रहेकाले उनको शरीर अस्थिपञ्जर जस्तो भएको थियो । पद्म आसनमा थिए । गोडा पनि पातलो थियो । वर्षाको समयमा रूखको जराबाट माटो बगेर जराको बिचमा ६-७ इञ्चको खाली प्वाल भए जस्तै ऋषि कपिलका गोडा बिचमा खाली थियो । इन्द्रका नोकरहरूले गोडा बिचमा भएको खाली प्वालमा घोडा बाँधि दिए ।

राजाका छोराहरूले विहान उठ्नासाथ घोडा हेरे । घोडाको खोजीमा युद्ध गर्ने तयारीका साथ ६० हजारको समुह हिंड्यो । घोडाको पद चिन्ह हेर्दै कपिल मुनिको आश्रममा पुगे । घोडालाई बाँधेको देखर सगड राजाका पुत्रहरूले ऋषि कपिल जीको कोखमा भालाले घोचे । कपिल जीका पलकहरू बढेर लामो भई जमिनमा पुगेका थिए । ऋषि जीलाई असह्य पीडा भएपछि रिसाएर पलकहरू हातमा लिएर उठाए, आँखाबाट अग्निवाण छुट्यो । सगडका ६० हजार पुत्रहरूको सेना बिटा वा मुठा झैं असरल्ल भए अर्थात् सगडका ६० हजार छोराहरू एक चिहान भए । सूक्ष्म वेदमा भनिएको छ :

६० हजार सगड के होते, कपिल मुनिश्वर खाए ।
जै परमेश्वर के करैं भक्ति, तो अजर-अमर हो जाए ।
७२ क्षौणी खा गया चुणक ऋषिश्वर एक ।
देहे धारें जौरा फिरैं, सभी कालके भेष ॥
दुर्वासा कोपे तहाँ, समझ न आई नीच ।
५६ करोड यादव कटे मची रूधिर की कीच ॥

भावार्थ : कपिल मुनि जी, चुणक मुनि जी तथा दुर्वासा मुनि जी संसारमा कत्ति प्रसिद्ध छन्, यी सब काल ब्रह्मको भक्ति गर्ने भेषधारी ऋषि हुन् । यी हिंड-डुल गर्ने मृत्यु थिए । मनुष्य रूपमा हिँड-डुल गर्ने घाल (घाल= माटोको एउटा सानो भाँडोलाई तान्त्रिक विद्याद्वारा आकाशमा उडाएर शत्रुलाई भेद्छ, त्यसबाट ठूलो हानी हुन्छ) हुन् । भुलवश सोझा-साझा प्राणीहरू यिनीहरूलाई महान आत्मा ठान्दछन् ।

यी सबै ज्ञानी आत्मा थिए । उदार हृदयका थिए । परमात्मा प्राप्ति तथा आफ्नो कल्याणका लागि तन, मन, धन अर्पण गरे तर तत्वदर्शी सन्त प्राप्त नभएकाले काल ब्रह्मलाई एक समर्थ प्रभु मानेर गल्ती गरे । ओम् (ॐ) नामको

जाप तथा अत्यधिक हठयोग समाधीद्वारा उनैको साधना गरे । जसबाट परमात्मा प्राप्ति त हुँदैन नै, बरू उल्टो हानी हुन्छ किनकि यो साधना शास्त्र विरूद्ध छ । गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ– शास्त्रविधि त्यागेर जसले मनोमानी आचरण, गर्दछ, उसको साधना व्यर्थ छ । ती उदार आत्माहरू यसैकारणले काल ब्रह्मको अनुत्तम गतिमा स्थित रहे ।

गीता अध्याय १७ श्लोक ५ र ६ मा भनिएको छ :

जो मनुष्य शास्त्र विधि रहित केवल मनोकल्पित घोर तप ताप्दछन् र दम्भ अहङ्कार युक्त, कामना आशक्ति अभिमानले युक्त छन् । (गीता अध्याय १७ श्लोक ५)

शरीरमा स्थित सम्पूर्ण कमलहरूमा देव शक्तिहरू तथा पूर्ण परमात्मा तथा मलाई पनि कृश गर्ने अर्थात् कष्ट दिने अज्ञानीहरूलाई तिमी असुर स्वभाव भएको जान । (गीता अध्याय १७ श्लोक ६)

यही प्रमाण गीता अध्याय १६ श्लोक १७ देखि २० मा छ ।

❖ ती आफू स्वयम्लाई श्रेष्ठ ठान्ने घमण्डी पुरूष धन र मानको मदले युक्त भएर केवल नाम मात्रको यज्ञहरूद्वारा पाखण्डपूर्वक शास्त्रविधि रहित पूजन गर्दछन् । (गीता अध्याय १६ श्लोक १७)

❖ अहङ्कार, बल, घमण्ड, कामना, क्रोध आदि वशमा रहेका र अर्काको निन्दा गर्ने पुरूष आफ्नो र अर्काको शरीरमा स्थित मसँग द्वेष गर्ने हुन्छन् । (गीता अध्याय १६ श्लोक १८)

❖ वचनद्वारा करोडौं व्यक्तिहरूको हत्या गर्ने ती द्वेष गर्ने पापाचारी क्रुरकर्मी नराधमहरू अर्थात् नीच मनुष्यहरूलाई म संसारमा बारम्बार आसुरी अर्थात् राक्षसी योनीहरूमा नै हाल्छु । (गीता अध्याय १६ श्लोक १९) सूक्ष्म वेदमा पनि यिनीहरूलाई नीच भनिएको छ :

दुर्वासा कोपे तहाँ, समझ न आई नीच ।
५६ करोड यादव कटे, मची रूधीर की कीच ॥

हे अर्जुन ! मूर्खहरूले मलाई प्राप्त नगरी नै जन्मौ-जन्मसम्म आसुरी योनी प्राप्त गर्दछन्, त्यसभन्दा पनि अति नीच गति प्राप्त गर्दछन् अर्थात् घोर नर्कमा पर्दछन् । (गीता अध्याय १७ श्लोक २०)

❖ उपरोक्त प्रमाणहरूबाट गीता अध्याय ७ श्लोक १८ मा गीता ज्ञान दाताले आफ्नो साधनाले हुने गतिलाई पनि यिनै कारणले अनुत्तम अर्थात् घटिया भनेका छन् भन्ने सिद्ध हुन्छ । यस श्लोकमा भनेका छन् :

❖ गीता अध्याय ७ श्लोक १८ = गीता ज्ञानदाताले भनेका छन्– चौथो प्रकारका ज्ञानी साधक सबै उदार छन् किनकि परमात्मा प्राप्तिका लागि आफ्नो

शरीर नष्ट हुने कुराको वास्ता गरेनन् र हजारौं वर्ष भोकै-प्यासै साधनारत रहे तर तत्वदर्शी सन्त प्राप्त नहुनाले ती सबै मेरो अनुत्तम अर्थात् घटिया गति अर्थात् माथि ऋषिहरूलाई प्राप्त भएको जस्तै ब्रह्म साधनाबाट हुने मोक्षमा स्थित रहे अर्थात् जन्म-मरण, चौरासी लाख योनीहरूको चक्करको गतिमा रहे । (गीता अध्याय ७ श्लोक १८)

❖ निष्कर्षः चुणक, दुर्वासा तथा कपिल ऋषिले जाप गरेको ओम् (ॐ) नामको भक्तिको फलस्वरूप यिनीहरू केही समय ब्रह्मलोकमा जाने छन् । त्यहाँ भक्ति समाप्त पारी पुनः पृथ्वीमा राजा बन्ने छन् किनकि सूक्ष्म वेदमा लेखिएको छः

तप से राज, राज मध मानम्, जन्म तीसरे शुकर स्वानम् ।

अनि कुकुर, गधा, बन्ने छन्, अनि नर्क जाने छन् । कुकुर बनेपछि यिनको शिरमा किरा पर्ने छ । यिनका श्रापबाट मरेकाहरूको पाप यिनीहरूले भोग्नु पर्ने छ । किराले छानी-छानी यिनका मासु खाने छन् । त्यसैले यस्ता साधकहरूको विषयमा गीतामा बताइएका कुराहरू माथि पढियो ।

उपरोक्त कथाहरूबाट प्राप्त सारांश :

१. ब्रह्म साधना अनुत्तम (घटिया) छ ।

२. तीन ताप श्री कृष्ण जीले पनि समाप्त गर्न सकेनन् । श्राप दिनु तीन ताप (दैविक ताप) मा पर्दछ । दुर्वासाको श्रापको शिकार स्वयम् श्री कृष्ण सहित सारा यादवहरू पनि भए ।

३. श्री कृष्ण जीले श्राप मुक्त हुनका लागि यमुनामा स्नान गर्ने समाधानको उपाय बताए । त्यसबाट श्राप नाश होइन, यादवहरूको विनाश भने अवश्य भयो । विचार गरौं– यस्ता स्नान या तीर्थ गर्नाले सङ्कट मुक्त भइन्छ भन्ने सल्लाह दिने सन्त तथा ब्राह्मण कत्ति प्रभावकारी होलान् ? अर्थात् यिनीहरूको सल्लाह तथा सङ्कट मुक्त हुने उपाय व्यर्थ छन् किनकि भगवान त्रिलोकीनाथले बताएका यमुना स्नानको समाधानले केही लाभ भएन भने अन्य टपर्टुइयाँहरू, ब्राह्मणहरू तथा गुरूहरूद्वारा बताइएका स्नान आदि गर्ने समाधानका उपायहरूबाट केही हुने वाला छैन ।

४. पहिले श्रीकृष्ण जीले दुर्वासाको श्रापबाट बच्ने तरिका बताएका थिए । त्यस कराहीलाई घोटेर चुर्ण बनाएर युमना नदीको प्रवास क्षेत्रमा फाल्न भनेका थिए । न रहने छ बाँस, न बज्ने छ बाँसुरी तर बाँस पनि रह्यो र ५६ करोड यादवहरूको बाँसुरी पनि बज्यो ।

सज्जनवर्ग ! अहिलेका मानिसहरू बुद्धिमान छन्, शिक्षित छन् । म (सन्त रामपाल दास) द्वारा बताइएका ज्ञान शास्त्रसँग दाँजेर परख गरी भक्ति गरेर हेर्नु होस्, अनि के अचम्म हुन्छ भन्ने कुराको महसुस हुने छ ।

❖ प्रसङ्ग अगाडि बढाऔं

१. तीनै गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव जी) को भक्ति गर्नु व्यर्थ सिद्ध भयो ।

२. गीता ज्ञानदाता ब्रह्मको भक्ति स्वयम् गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक १८ मा अनुत्तम भनेका छन् । उनले गीता अध्याय १८ श्लोक ६२ मा तिनै परमेश्वर अर्थात् परम अक्षर ब्रह्मको शरणमा जान भनेका छन् । उनै परमेश्वरको कृपाले नै तिमीलाई परम शान्ति तथा सनातन परम धाम प्राप्त हुने छ पनि भनेका छन् ।

३. गीता अध्याय १५ श्लोक १ देखि ४ मा संसार रूपी वृक्षको वर्णन छ तथा तत्वदर्शी सन्तको पहिचान पनि बताइएको छ । संसार रूपी वृक्षका सम्पूर्ण भागहरू जरा (मूल) कुन परमेश्वर हुन् ? फेद कुन प्रभु हुन् ? हाँगा कुन प्रभु हुन्? शाखाहरू कुन-कुन देवता हुन् ? पात रूप संसार हो जस्ता कुराहरूको वर्णन छ ।

यसै अध्याय १५ श्लोक १६ मा स्पष्ट पारिएको छ–

१. क्षर पुरूष (यी २१ ब्रह्माण्डका मालिक हुन्) : यिनलाई ब्रह्म, काल ब्रह्म, ज्योति (निरञ्जन पनि भनिएको छ । यी नाशवान छन् । हामी यिनैको लोकमा बसि रहेका छौं । हामी यिनको लोकबाट मुक्त हुनु छ तथा आफ्ना परमात्मा कबीर जीको समीप सतलोकमा जानु छ ।

२. अक्षर पुरूष : यी सात शङ्ख ब्रह्माण्डका प्रमुख हुन् । यिनी पनि नाशवान छन् । हामीले यिनको सात शङ्ख ब्रह्माण्ड हुँदै सत्यलोक जानु छ । त्यसैले यिनको भाडा तिर्नु छ । यिनीसँग हाम्रो यति मात्र काम हो ।

गीता अध्याय १५ श्लोक १७ मा भनेका छन् :

उत्तम : पुरूषः तू अन्यः परमात्मा इति उदाहृतः ।
यः लोक त्रयम् आविश्य विभर्ति अव्ययः ईश्वरः ॥

सरलार्थ : गीता अध्याय १५ श्लोक १६ मा भनिएका दुई पुरूषहरू– एक क्षर पुरूष र अर्को अक्षर पुरूष हुन् । उत्तम पुरूष अर्थात् पुरूषोत्तम यी दुईभन्दा भिन्न छन्, उनैलाई परमात्मा भनिन्छ, जसले तीनै लोकमा प्रवेश गरेर सबको भरण-पोषण गर्दछन् । उनी वास्तवमा अविनाशी परमात्मा हुन् । (गीता अध्याय १५ श्लोक १७) गीता अध्याय ३ श्लोक १४-१५ मा पनि स्पष्ट छ– सर्वगतम् ब्रह्म अर्थात् सर्वव्यापी परमात्मा सच्चिदानन्द घन ब्रह्म हुन् । उनलाई वासुदेव पनि भनिन्छ । जसको विषयमा गीता अध्याय ७ श्लोक १९ मा पनि भनिएको छ– उनी नै सदा यज्ञहरू अर्थात्, धार्मिक अनुष्ठानहरूमा प्रतिष्ठित छन् अर्थात् इष्ट रूपमा पूज्य छन् ।

पूर्ण गुरूबाट दीक्षा लिएर मर्यादामा रही भक्ति गर । यसरी जिउने मार्गमा हिंडेर संसारमा सुखी जीवन जिऔं तथा मोक्ष रूपी गन्तव्य प्राप्त गरौं ।

# सृष्टि रचना

## (सूक्ष्म वेदको निष्कर्ष स्वरूप सृष्टि रचनाको वर्णन)

प्रभुप्रेमी आत्माहरू! पहिलोपटक निम्न सृष्टि रचना पढेपछि दन्त्यकथा जस्तो लागे पनि सर्व पवित्र ग्रन्थहरूको प्रमाणहरू पढेपछि यी वास्तविक आध्यात्मिक अमृत ज्ञान कहाँ लुकेको थियो भनेर आश्चर्य लाग्ने छ। कृपया धैर्यपूर्वक अध्ययन गरी यस अमृतज्ञान सुरक्षित राख्नु होस्। तपाईंको एक सय एक पिढीसम्म काम लाग्ने छ। पवित्र आत्माहरू! कृपया सत्यनारायण (अविनाशी प्रभु अर्थात् सतपुरूष) द्वारा रचिएको सृष्टिको रचना अर्थात् आफूद्वारा निर्मित सर्व लोकहरूको रचनाको वास्तविक ज्ञान पढ्नु होस्।

१. पूर्ण ब्रह्म

यस सृष्टि रचनामा सत्यपुरूष (सत्यलोकका स्वामी वा प्रभु), अलख पुरूष (अलख लोकका प्रभु), अगम पुरूष (अगमलोकका प्रभु) र अनामी पुरूष (अनामीलोकका स्वामी) एउटै पूर्ण ब्रह्म हुनु हुन्छ, जो भिन्न रूप धारण गरी आफ्नो चारै लोकमा बस्नु हुन्छ। वहाँ वास्तवमा अविनाशी प्रभु हुनु हुन्छ। वहाँ अन्तर्गत असङ्ख्य ब्रह्माण्डहरु छन्।

२. परब्रह्म

यी सात शंख ब्रह्माण्डका स्वामी मात्र हुन्। यिनलाई अक्षर पुरूष भनेर पनि चिनिन्छ। तर यिनी तथा यिनका ब्रह्माण्डहरु पनि अविनाशी छैनन्।

३. ब्रह्म

यिनी त २१ ब्रह्माण्डका स्वामी (प्रभु) मात्र हुन्। यिनलाई क्षर पुरूष, ज्योति निरञ्जन, काल आदि उपमाबाट चिनिन्छ। यिनी र यिनका सबै ब्रह्माण्ड नाशवान छन्।

[उपरोक्त तीन पुरूषहरु (प्रभुहरू) को प्रमाण पवित्र श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक १६-१७ मा पनि छन्।]

४. ब्रह्मा

यिनी ब्रह्मका जेष्ठ सुपुत्र हुन्। विष्णु माहिला अर्थात् दोस्रा र शिव कान्छो अर्थात् तेस्रा पुत्र हुन्। यी तीनै ब्रह्मका पुत्रहरू केवल एक ब्रह्माण्डमा एक विभाग (गुण) का स्वामी (प्रभु) हुन् तथा नाशवान् छन्। विस्तृत विवरणका लागि कृपया निम्न लिखित सृष्टि रचना पढ्नु होस्।

[कविर्देव (कबीर परमेश्वर) ले सुक्ष्म वेद अर्थात् कविर्वाणीमा आफूले रचना गर्नु भएको सृष्टि सम्बन्धी ज्ञान आफैंले बताउनु भएको छ। जुन निम्न अनुसार छ।]

सबैभन्दा पहिला एउटा मात्र स्थान अनामी (अनामय) लोक थियो। यसलाई अकह (अवर्णनीय) लोक पनि भनिन्छ। पूर्ण परमात्मा त्यहाँ एक्लै बस्नु हुन्थ्यो। वहाँको वास्तविक नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो। सबै आत्माहरु वहाँ पूर्ण धनीको शरीरमा समाहित थिए। कविर्देवको त्यहाँको उपमात्मक (पदको) नाम अनामी पुरूष हो। (पुरूषको अर्थ प्रभु हो। प्रभुले मानिसलाई आफ्नै स्वरूपमा बनाउनु भएकाले मानवको नाम पनि पुरूष राखिएको हो।) अनामी पुरूषको एउटा रोम कुप (रौंको प्वाल) को प्रकाश शंख सूर्यहरूको किरणभन्दा पनि धेरै छ।

विशेषः- कुनै देशको आदरणीय प्रधानमन्त्रीको शारीरिक नाम अर्कै हुन्छ तर पदको उपमात्मक (पदवीको) नाम प्रधानमन्त्री हुन्छ। कतिपय अवस्थामा प्रधानमन्त्रीले केही विभागहरु आफूसँगै राख्छन्। कुनै विभागको दस्तावेजमा हस्ताक्षर गर्नु पर्ने समयमा उनले त्यही पद लेख्छन्। जस्तो : गृहमन्त्रालयको कागजातमा हस्ताक्षर गर्दा उनले आफूलाई गृहमन्त्री भनेर लेख्छन्। एउटै व्यक्ति भए पनि त्यहाँ उनको हस्ताक्षरको शक्ति प्रधानमन्त्रीका रूपमा गरेको हस्ताक्षरको भन्दा कम हुन्छ। यसै प्रकार फरक-फरक लोकहरूमा कबीर परमेश्वर (कविर्देव) को ज्योतिमा पनि अन्तर हुँदै जान्छ।

ठीक यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) ले शब्द (वचन) द्वारा तलका अरू तीन लोकहरु (अगमलोक, अलखलोक र सत्यलोक) को रचना गरेर अगम लोकमा प्रकट हुनु भयो र वहाँ त्यहाँको पनि स्वामी हुनु हुन्छ। त्यहाँ वहाँको उपमात्मक नाम अगम पुरूष (प्रभु) हो। अगम प्रभुको मानव सदृश शरीर अत्यन्त तेजिलो छ, वहाँको एउटा रोम कुपको प्रकाश खरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ।

पूर्ण परमात्मा कविर्देव (कबिरदेव = कबीर परमेश्वर) अलख लोकमा प्रकट हुनु भयो। वहाँ अलख लोकको पनि स्वामी हुनु हुन्छ। त्यहाँ वहाँको उपमात्मक नाम अलख पुरूष हो। यी पूर्ण परमेश्वरको मानव सदृश शरीर धेरै तेजिलो, स्वज्योति (स्वयं प्रकाशित) छ। वहाँको एउटा रोम कुपको प्रकाश अरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ।

पूर्ण प्रभु सत्यलोकमा प्रकट हुनु भयो। सत्यलोकका अधिपति वहाँ नै हुनु हुन्छ। त्यहाँ वहाँको उपमात्मक नाम सत्यपुरूष (अविनाशी प्रभु) हो। वहाँका अन्य नामहरु अकाल मूर्ति, शब्दस्वरूपी राम, पूर्ण ब्रह्म, परम अक्षर ब्रह्म आदि पनि हुन्। सत्यपुरूष कविर्देव (कबीर प्रभु) को मानव सदृश शरीर तेजोमय छ। वहाँको एउटा रोम कुपको प्रकाश करोड सूर्य तथा यत्तिनै चन्द्रमाहरूको प्रकाश भन्दा धेरै छ।

सत्यपुरूषका रूपमा प्रकट भई सत्यलोकमा विराजमान भएर कविर्देवले सत्यलोकमै अन्य लोकहरूको रचना गर्नु भयो।

वहाँले एउटा शब्द (वचन) बाट सोऱ्ह द्वीपहरूको रचना अनि सोऱ्ह शब्दहरूबाट सोऱ्हजना छोराहरु उत्पत्ति गर्नु भयो र एउटा मानसरोवरको रचना गरेर

त्यसमा अमृत भर्नु भयो। वहाँका सोह्र छोराहरूको नाम यस प्रकार छः १. कूर्म, २. ज्ञानी, ३. विवेक, ४. तेज, ५. सहज, ६. सन्तोष, ७. सुरति, ८. आनन्द, ९. क्षमा, १०. निष्काम, ११. जलरंगी, १२. अचिन्त, १३. प्रेम, १४. दयाल, १५ धैर्य तथा १६. योग सन्तायन अर्थात् योगजीत।

सत्यपुरूष कविर्देवले अचिन्तलाई सत्यलोकको अन्य रचनाभार सुम्पिएर रचना गर्न सक्ने शक्ति दिनु भयो। अचिन्तले शब्दबाटै अक्षर पुरुष (परब्रह्म) उत्पत्ति गरी आफूलाई सहयोग गर्न आग्रह गरे। मानसरोवरमा नुहाउन गएका अक्षर पुरूष आनन्द मानेर त्यहीँ निदाए। धेरै समयसम्म पनि नआएपछि उनलाई निन्द्राबाट ब्युँझाउन अचिन्तले कविर्देव (कबीर परमेश्वर) सँग प्रार्थना गरे। कबीर परमेश्वरले मानसरोवरबाटै केही अमृत जल लिएर एउटा अण्डा बनाई एउटा आत्मा प्रवेश गराएर मानसरोवरको अमृत जलमा राखि दिनु भयो। अण्डाको गड्गडाहटले अक्षर पुरूष ब्युँझिए र अण्डालाई रिसाएर हेरेकोले त्यो फुटेर दुई टुक्रा भयो र त्यसबाट ज्योति निरन्जन (क्षर पुरुष) निक्ले, जसलाई पछि 'काल' भनियो। यिनको वास्तविक नाम 'कैल' (क्रिडा) हो। त्यसपछि सत्यपुरूष कविर्देवले तिमीहरु दुवैजना बाहिर आऊ र अचिन्तको द्वीपमा बस भनेर आकाशवाणी गर्नु भयो। वहाँको आज्ञा पाएर अक्षर र क्षर (कैल) पुरूष दुवै अचिन्तको द्वीपमा बस्न थाले (समर्थ नभई कार्य सफल हुँदैन भन्ने बोध गराउन र फेरि प्रभुत्वतर्फ नलागून् भनेर उनीहरूको अयोग्यता देखाइ दिनु भयो)। त्यसपछि पूर्ण धनी कविर्देवले सम्पूर्ण रचना आफैँले गर्नु भयो। आफ्नो शब्द शक्तिले राजेश्वरी (राष्ट्री) शक्ति उत्पन्न गरी समस्त ब्रह्माण्डहरु स्थापित गर्नु भयो। यिनलाई पराशक्ति तथा परानन्दनी पनि भनिन्छ। पूर्ण ब्रह्मले आफ्नो शब्द शक्तिले आफूभित्रबाटै सम्पूर्ण आत्माहरूलाई आफ्नो मानव शरीर सदृश उत्पन्न गर्नु भयो। प्रत्येक हंस आत्माको शरीर परमात्माको जस्तै मानव सदृश छ र तेज सोन्ह (१६) सूर्य समान छ। परमेश्वरको शरीरको एक रोम कुप करोडौं सूर्यहरूभन्दा पनि धेरै प्रकाशयुक्त छ। केही समयपछि क्षर पुरूषले हामी तीनैजना (अचिन्त, क्षर पुरुष र अक्षर पुरूष) एउटै टापुमा बसेका छौं, अरू भने एक-एक द्वीपमा छन्, म पनि साधना गरेर छुट्टै द्वीप प्राप्त गर्छु भनी सोचे। अनि एउटा गोडामा मात्र उभिएर सत्तरी (७०) युगसम्म तपस्या गरे।

## आत्माहरू कालको जालमा कसरी फसे ?


विशेषः जब ब्रह्म (ज्योति निरन्जन) तपस्या गरि रहेका थिए, आज ज्योति निरन्जनको एक्काईस ब्रह्माण्डमा रहेका हामी सबै आत्माहरू यिनको साधनाप्रति आशक्त भयौं तथा अन्तर आत्मा देखिनै यिनलाई चाहन थाल्यौं। आफ्नो सुखदाता प्रभुबाट विमुख भयौं। जसको कारणले पतिव्रता पदबाट झर्‍यौं। पूर्ण प्रभुले बारम्बार सावधान गराउँदा पनि हाम्रो आशक्तता क्षर पुरूषबाट हटेन। [ आज पनि काल सृष्टिका सबै प्राणीमा यो प्रभाव विद्यमान छ। फिल्म स्टारहरु (अभिनेता र अभिनेत्रीहरु) का बनावटी हाउभाउ तथा आफ्नो रोजगारको उद्देश्यले गरिएका अभिनयमा युवाहरु आशक्त हुन्छन् र जति रोक्न खोज्दा पनि रोकिँदैनन्। कुनै अभिनेता वा अभिनेत्री नजिकको सहरमा

# परमेश्वर कबीर साहेबको असङ्ख्य ब्रह्माण्डहरूका लघु चित्र

अनामी लोक : यस लोकमा आत्मा र परमात्मा एक रुप भएर कबीर साहेब नै अनामी रुपमा छन्। जस्तो माटोको स-साना डल्लाहरू वर्षा भएपछि एक पृथ्वी बन्छ, अलग अस्तित्व रहदैन ।

अगम लोक: यस लोकमा पनि कबीर साहेब अगम पुरुष रुपमा रहनु हुन्छ।

अलख लोक: यस लोकमा पनि कबीर साहेब अलख पुरुष रुपमा रहनु हुन्छ।



आए भने उनीहरूलाई हेर्नका लागि मात्र भए पनि ती अबोध किशोर किशोरीहरूको अत्याधिक भीड एकत्रित हुन्छ। 'लिनु न दिनु' भने जस्तै रोजी-रोटी अभिनेताहरु कमाइ रहेका हुन्छन् भने बालबालिकाहरु चाहिँ ठगिइ रहेका हुन्छन्। आमाबुबा तथा अभिभावकले जति सम्झाए पनि उनीहरु मान्दैनन्। कहीँ न कहीँ, कुनै न कुनै बेला लुकेर भए पनि गइ हाल्छन्। ]

**पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले क्षर पुरूषलाई तिमी के चाहन्छौ भनेर सोध्नु भयो। उनले पिता जी मलाई यो स्थान सानो भएकाले अलग्ग एउटा द्वीप प्रदान गर्ने कृपा गर्नु होस् भने। हक्का कबीर (सत् कबीर) ले उनलाई एक्साईस ब्रह्माण्ड प्रदान गर्नु भयो। केही समय पश्चात् ज्योति निरन्जनले यसमा केही रचना गर्नु पर्छ, खाली ब्रह्माण्डको के काम भन्ने विचार गरी सत्तरी युग तपस्या गरेर पूर्ण परमात्मा कविर्देव (कबीर प्रभु) सँग रचना सामग्रीको याचना गरे। सतपुरूषले उनलाई तीन गुण तथा पाँच तत्त्व प्रदान गरे, जसबाट ब्रह्म (ज्योति निरन्जन) ले आफ्नो ब्रह्माण्डमा केही रचना गरे। एक्लै मन लाग्दैन यसमा जीव पनि हुनु पर्छ भन्ने कुरा सोचे। यो विचार गरेर फेरि ६४ (चौसठ्ठी) युगसम्म तप गरे पूर्ण परमात्मा कविर देवले सोधे पछि मलाई केही आत्माहरू दिनु होस्, मलाई एक्लै मन लागि रहेको छैन भने। तब सत पुरूष कविरग्नि (कबीर परमेश्वर) ले भन्नु भयो- हे ब्रह्म! तिम्रो तपको प्रतिफल अनुसार म अझै ब्रह्माण्ड दिन सक्छु तर आफ्ना प्रिय आत्माहरू जपतप र साधनाको फलका रूपमा दिन सक्दिन तर यदि कोही स्वेच्छापूर्वक तिमीसँग जान चाहन्छ भने जान सक्छ। युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरन्जन पहिले देखि नै उनीप्रति आशक्त ती आत्माहरू भएको ठाउँमा आए। ती आत्माहरूले ज्योति निरन्जनलाई चारैतिरबाट घेरे। ज्योति निरन्जनले मैले पिता जीबाट अलग्ग एक्काईस ब्रह्माण्ड पाएको छु। त्यहाँ नाना प्रकारका रमणीय स्थल बनाएको छु, के मसँग जान तयार हुनु हुन्छ भनेर सोधे। हामी सर्वहंसहरू २१ ब्रह्माण्डका लागि व्याकुल छौं, हामी जान तयार छौं तर पिता जीले आज्ञा दिनु पर्छ भने। तब क्षरपुरूष पूर्ण ब्रह्म महान् कविर (समर्थ कबीर प्रभु) को सामु गए र सम्पूर्ण कुरा सुनाए। तब कविरग्नि (कबीर परमेश्वर) ले मेरो सामुन्ने स्वीकृति दिनेलाई आज्ञा दिन्छु भन्नु भयो। क्षर पुरूष (कैल) तथा परम अक्षर पुरूष (कविरमितौजा) दुबै ती हंस आत्माहरूको समीपमा गएर बोलाए। सत कविर्देवले ब्रह्मसँग जान चाहने हंसले हात उठाएर स्वीकृति जनाऊ भन्नु भयो। आफ्नो पिताको अगाडि कसैको हिम्मत भएन। कसैले स्वीकृति दिएनन्। लामो समयसम्म शान्ति छाइ रह्यो। तत्पश्चात् एक हंस आत्माले साहस गरेर म जान चाहन्छु भन्यो। तब उसको देखासिकी गरेर (काल ब्रह्मको एक्काईस ब्रह्माण्डमा फसेका) सबै आत्माहरूले स्वीकृत जनाए। परमेश्वर कबीर जीले ज्योति निरन्जनलाई आफ्नो स्थानमा जान भन्नु भयो। जस जसले तिमीसँग जाने स्वीकृति दिएका छन् म ती सर्व आत्माहरूलाई तिमी सामु पठाइ दिन्छु पनि भन्नु भयो। ज्योति निरन्जन आफ्नो**

एक्काईस ब्रह्माण्डमा गए। त्यस समयसम्म यी एक्काईस ब्रह्माण्ड सतलोकमा नै थिए।

त्यसपछि पूर्ण ब्रह्मले सर्वप्रथम स्वीकृति दिने हंसलाई केटीको रूप दिनु भयो तर स्त्री इन्द्रिय रचना गर्नु भएन र ती सर्व ज्योति निरन्जन (ब्रह्म) को साथ जाने सहमति दिएका आत्माहरूलाई त्यस केटीको शरीरमा प्रवेश गराउनु भयो तथा उनको नाम आष्ट्रा (आदिमाया प्रकृति देवी/दुर्गा) राख्नु भयो र भन्नु भयो– पुत्री मैले तिमीलाई शब्द शक्ति प्रदान गरेको छु, ब्रह्मले जति जीव उत्पन्न गरि दिनू। पूर्ण ब्रह्म कविर्देव (कबीर साहेब) ले आफ्नो छोरो सहज दासद्वारा प्रकृतिलाई क्षर पुरूषको साथमा पठाइ दिनु भयो। सहज दासले ज्योति निरन्जनलाई पिता जीले यो बहिनीको शरीरमा तपाईंसँग जान सहमति दिने सबै आत्माहरू प्रवेश गराएर वचन शक्ति पनि प्रदान गर्नु भएको छ भन्ने कुरा बताए। तपाईंले चाहे जति जीव प्रकृतिले आफ्नो शब्दबाट नै उत्पन्न गर्ने छिन्। यति भनेर सहजदास आफ्नो द्वीपमा फर्के।

तरूणावस्था हुनाले युवतीको आकर्षक स्प्ररङ्गप्रति ब्रह्ममा विषय वासना उत्पन्न भयो र प्रकृति देवीसँग अभद्र गतिविधि प्रारम्भ गरे। दुर्गाले आफूसँग पिताले दिनु भएको शब्दशक्ति छ भनेर सुनाइन्। तपाईंले भने जति जीव म वचनबाट नै उत्पन्न गरि दिन्छु। तर मैथुन परम्परा नगर्नु होस्। तपाईं पनि उनै पिताको शब्दको अण्डाबाट उत्पन्न हुनु भएको हो र म पनि उनै परमपिताको वचनबाट उत्पन्न भएको हूँ। दाजु-बहिनी बीचको यो योग महापापको कारण बन्ने छ। तर ज्योति निरन्जनले प्रकृति देवीको एउटा पनि प्रार्थना सुनेनन्। आफ्नो शब्द शक्तिद्वारा नङले प्रकृतिको स्त्री जनेन्द्रिय (भग) बनाएर बलात्कार गर्ने सोच बनाए। त्यसै समय दुर्गाले आफ्नो इज्जत रक्षाका लागि कुनै अरू उपाय नदेखेर आफूलाई सूक्ष्म रूप बनाएर ज्योति निरञ्जनको खुला मुखद्वारा पेटमा प्रवेश गरिन् र पूर्ण ब्रह्म कविर्देव (कबीर परमेश्वर) सँग आफ्नो रक्षार्थ याचना गरिन्। त्यही समय कविर्देव (कविर देव) आफ्नो पुत्र योग संतायन अर्थात् योगजीतको रूप बनाएर त्यहाँ प्रकट हुनु भयो अनि छोरीलाई ब्रह्मको पेटबाट बाहिर निकालेर ज्योति निरन्जनलाई आजदेखि तेरो नाम 'काल' हुने छ, तेरो जन्म मृत्यु भइ रहन्छ, यसैले तेरो नाम क्षर पुरूष हुने छ, एक लाख मानव शरीरधारी प्राणीहरू खाने छस् तथा सवालाख उत्पन्न गर्ने छस्, तिमीहरू दुबैलाई एक्काईस ब्रह्माण्ड सहित निष्कासित गरिन्छ भन्नु भयो र एक्काईस ब्रह्माण्ड विमानको गति समान त्यहाँबाट प्रस्थान गर्‍यो। सहज दासको द्वीप हुँदै सतलोकबाट सोऱ्ह शंख कोस (एक कोस लगभग ३ कि.मी.) दुरीमा आएर रोकियो। विशेष विवरण :- अहिलेसम्म निम्न तीनवटा शक्तिहरूको विवरण प्राप्त भएको छ :

१. पूर्णब्रह्म : जसलाई सत्यपुरूष, अकाल पुरूष, शब्दस्वरूपी राम, परम अक्षर ब्रह्म, परम अक्षर पुरूष आदि अन्य उपमात्मक नामहरूले पनि चिनिन्छ। पूर्ण

ब्रह्म नै समस्त ब्रह्माण्डका स्वामी अर्थात् वासुदेव हुनु हुन्छ तथा यथार्थमा अविनाशी हुनु हुन्छ।

२. परमब्रह्म : जसलाई अक्षर पुरूष पनि भनिन्छ। यिनी पनि अविनाशी छैनन्। यिनी सात शंख ब्रह्माण्डका स्वामी हुन्।

३. ब्रह्म : जसलाई ज्योति निरन्जन, काल, कैल, क्षर पुरूष तथा धर्मराय आदि नामले चिनिन्छ। जो केवल एक्काईस ब्रह्माण्डका स्वामी हुन्। अब यिनै ब्रह्मको सृष्टिको एक ब्रह्माण्डको परिचय दिइने छ, जसमा अरू तीन नाम पढ्न पाइने छ-ब्रह्मा, विष्णु र शिव।

ब्रह्म र ब्रह्मा बीच भिन्नता : एक ब्रह्माण्डमा बनेको सर्वोपरि स्थानमा ब्रह्म (क्षर पुरूष) स्वयम् तीन गुप्त स्थानको रचना गरेर ब्रह्मा, विष्णु र शिवका रूपमा रहन्छन् तथा आफ्नी पत्नी (दुर्गा) को सहयोगले तीन पुत्रहरूको उत्पन्न गर्छन्। उनीहरूको नाम पनि ब्रह्मा, विष्णु र शिव नै राख्छन्। ब्रह्मका पुत्र ब्रह्मा एक ब्रह्माण्डमा बनेका केवल तीनलोक (पृथ्वी, स्वर्ग, पाताल) मा एउटा रजोगुण विभागको मन्त्री (स्वामी) मात्र हुन्। यिनलाई त्रिलोकीय ब्रह्मा भनिन्छ र ब्रह्मलोकमा ब्रह्माका रूपमा रहने ब्रह्मलाई चाहिँ महाब्रह्मा वा ब्रह्मलोकीय ब्रह्मा भनिन्छ। यिनै ब्रह्म (काल) लाई सदाशिव, महाशिव र महाविष्णु पनि भनिन्छ।


श्री विष्णु पुराणमा प्रमाणः- चतुर्थ अंश अध्याय १ पृष्ठ २३०-२३१ मा श्री ब्रह्मा जीले भनेका छन्,— ती अजन्मा (नजन्मेका) सर्वमय (व्यापक) विधाता परमेश्वरको आदि, मध्य र अन्त्य तथा स्वरूप, स्वभाव र सार हामी जान्न सक्दैनौं (श्लोक ८३)।

वहाँले मेरो रूप लिएर संसारको रचना गर्नु हुन्छ, स्थिति कालमा पुरूषरूप लिनु हुन्छ, रूद्ररूपले विश्वलाई निल्नु र अनन्तरूपले सम्पूर्ण जगत धारण गर्नु हुन्छ। (श्लोक ८६)

## श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति

काल (ब्रह्म, क्षर पुरूष) ले प्रकृति (दुर्गा) सँग अब कसैले मेरो केही बिगार्न सक्दैन त्यसैले मनोमानी गर्छु भने। प्रकृतिले काल ब्रह्मलाई केही शरम त मान भनेर प्रार्थना गर्दै भनिन्,— पहिलो, त तपाईं मेरो दाजु किनकि कबीर पूर्ण परमात्मा (कविर्देव) को शब्द शक्तिले तपाईं अण्डाबाट उत्पन्न हुनु भएको हो र वहाँकै वचन शक्तिले म पनि उत्पन्न भएकी हुँ। अर्को कुरा, म तपाईंको पेटबाट निस्केकी हुनाले म हजुरकी छोरी र हजुर मेरो बुबा हुनु भयो। यो पवित्र नातामा बिगार्नु महापाप हो। बुबाले दिनु भएको शब्दशक्तिले तपाईंले भने जति नै प्राणी उत्पन्न गरि दिन्छु। ज्योति निरन्जनले दुर्गाको कुनै कुरा मानेनन् र मैले पाउनु पर्ने सजाय पाएँ र सत्यलोकबाट निष्काशित भएँ र अब मनोमानी गर्छु भने अनि प्रकृतिसँग जबरजस्ती विवाह गरे। उनले तीन छोराहरु (रजगुणयुक्त-ब्रह्मा, सतगुणयुक्त-विष्णु र तमगुणयुक्त-शिव जी) जन्माएर युवा नहुन्जेलसम्म तीनैजनालाई दुर्गा मार्फत् अचेत गराए। युवा भएपछि श्री ब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेषनागको शैय्यामा र

# एक ब्रह्माण्डको लघु चित्र



श्री शिव जीलाई कैलाश पर्वतमा सचेत बनाएर एकै ठाउँमा भेला गरी प्रकृतिको मद्दतले यी तीनैजनाको विवाह गराइ दिए। त्यसपछि एउटा ब्रह्माण्डको तीन लोक (स्वर्ग, पृथ्वी र पाताल) मा एक-एकवटा विभागको मन्त्री नियुक्त गरे– ब्रह्मालाई रजोगुण, विष्णुलाई सतोगुण र शिवलाई तमोगुण विभागको प्रमुख बनाएर आफूले मुख्य मन्त्री (महाब्रह्मा, महाविष्णु र महाशिव) को पद गुप्त रूपमा रहे। उनले एउटा ब्रह्माण्डमा एउटा ब्रह्मलोकको रचना गरी त्यहाँ तीन गुप्त स्थान बनाएका छन्। पहिलो, रजोगुण प्रधान स्थानमा ब्रह्म (काल) स्वयं महाब्रह्मा (मुख्यमन्त्री) का रूपमा तथा दुर्गालाई महासावित्रीका रूपमा राख्छन्। यी दुईको संयोगले यहाँ जन्मेको छोरो स्वतः रजोगुणी बन्छ र उसको नाम ब्रह्मा राख्छन्। दोस्रो, सतोगुण प्रधान स्थानमा यी क्षर पुरूष महाविष्णुका रूपमा तथा दुर्गालाई महालक्ष्मीका रूपमा राख्छन्। यी दुईको संयोगले यस स्थानमा जन्मेको सतोगुणयुक्त छोरोको नाम विष्णु राख्छन्। यिनै कालले बनाएको तेस्रो तमोगुणयुक्त स्थानमा स्वयं सदाशिवको रूपमा र दुर्गालाई महापार्वती रूपमा राख्छन्। यी दुईको पति पत्नीको व्यवहारबाट उत्पन्न तमोगुणयुक्त छोरोको नाम शिव राख्छन्। (प्रमाणका लागि ब्रह्मा, विष्णु, रूद्र तथा महेश्वरभन्दा अन्य सदाशिव छन् भनिएको गीता प्रेस गोरखपुरबाट प्रकाशित र अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादित पवित्र श्री शिव पुराण, विद्यवेश्वर संहिता पृष्ठ २४-२६ एवं रूद्र संहिता अध्याय ६, ७ र ९ पृष्ठ नं. १०० देखि १०५ सम्म र ११० मा, तथा गीता प्रेस गोरखपुरबाट प्रकाशित एवं श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट अनुवादित पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध पृष्ठ नं. ११४-१२३ हेर्नु होस्।) आफूले खानका लागि यिनीहरूलाई धोकामा राखेर श्री ब्रह्मा जीबाट जीवहरूको उत्पत्ति, श्री विष्णु जीबाट स्थिति (एक अर्कालाई मोह ममतामा राखेर कालको जालमा फसाउने) तथा श्री शिव जीबाट सङ्हार गराउँछन्। (किनकि काल पुरूषले एक लाख मानव शरीरधारी प्राणीहरूको सूक्ष्म शरीरबाट मैला निकालेर खानु पर्ने श्राप पाएका छन्। एक्काइसौं ब्रह्माण्डमा रहेको तप्तशीलामा जीवलाई तताई निक्लेको मयल पगालेर खान्छन्। जीव मर्दैन तर असह्य कष्ट हुन्छ। फेरि प्राणीको कर्म अनुसार वा कर्मको आधारमा अन्य शरीर प्रदान गर्छन्।) उदाहरणका लागि, कुनै घरमा तीनवटा कोठाहरु छन्। एउटा कोठामा अश्लील चित्र टाँगिएको हुनाले त्यसमा पस्नासाथ मनमा त्यस्तै मलीन वा नराम्रो विचार उत्पन्न हुन्छ। दोस्रो कोठामा साधु, सन्त र भक्तहरूको चित्र टाँगिएको हुनाले त्यहाँ पस्दा मनमा असल विचार उत्पन्न हुन्छ तथा प्रभु चिन्तन बनि रहन्छ। तेस्रो कोठामा देशभक्त र सहिदहरूको तस्वीर टाँगिएको हुनाले त्यहाँ जाँदा त्यस्तै जोसिलो विचार उत्पन्न हुन्छ। ठीक यसरी नै (काल) ले आफ्नो बुद्धि प्रयोग गरी उपरोक्त तीन गुण प्रधान स्थानहरूको रचना ब्रह्मलोकमा गरेका छन्।

## तीन गुण के हुन् ? प्रमाण सहित

तीन गुण रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी र तमगुण शिव जी हुन्। यी तीनैजना ब्रह्म (काल) तथा प्रकृति (दुर्गा) बाट उत्पन्न भएका हुन् तथा नाशवान छन्।

प्रमाणः- श्री हनुमानप्रसाद पोद्दारबाट सम्पादित र गीता प्रेस गोरखपुरबाट प्रकाशित श्री शिवपुराणको पृष्ठ सं. २४-२६, विद्यवेश्वर संहिता तथा पृष्ठ ११०, अध्याय ९ रूद्र संहितामा ब्रह्मा-विष्णु तथा शिव तीनै देवताहरूमा गुण छन् तर शिव (ब्रह्म/काल) लाई गुणातीत (गुणरहित) भनिएको छ।

दोस्रो प्रमाण :- श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट सम्पादित र गीताप्रेस गोरखपुरबाट प्रकाशित श्रीमद्‌देवीभागवत पुराण, तेस्रो स्कन्ध, अध्याय ५, पृष्ठ १२३ मा भनिएको छ : भगवान विष्णुले दुर्गाको स्तुति गर्दै म (विष्णु), ब्रह्मा र शङ्कर तपाईंकै कृपाले विद्यमान छौं, हाम्रो अविर्भाव वा जन्म र तिरोभाव वा मृत्यु हुन्छ, हामी नित्य वा अविनाशी छैनौं, तपाई नै नित्य, जगत् जननी, प्रकृति र सनातनी देवी हुनु हुन्छ भने। भगवान शङ्करले भगवान ब्रह्मा र विष्णु तपाईंबाटै उत्पन्न भएका हुन् भने उनीहरूपछि उत्पन्न हुने म, तमोगुणी लीला गर्ने शङ्कर, के तपाईंको सन्तान होइन ? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाई नै हो, यस संसारको सृष्टि-स्थिति-सङ्हारमा तपाईंको गुण सदा सर्वदा रहन्छन्, यिनै तीन गुणहरूबाट उत्पन्न हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौ भने।

**उपरोक्त विवरण हिन्दीमा मात्र अनुवादित श्री देवीमहापुराणबाट निकालिएको हो, जसमा केही तथ्यहरु लुकाइएका छन्। त्यसैले खेमराज श्री कृष्णदास प्रकाशन मुम्बईबाट प्रकाशित श्रीमद्‌देवीभागवत् महापुराण सभाषटिकम् समहात्यम्मा संस्कृत सहित हिन्दीमा अनुवाद गरिएको छ। यसको तेस्रो स्कन्ध, अध्याय ४, पृष्ठ १० को श्लोक ४२ :**

ब्रह्मा - अहम् ईश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वमेव जननी प्रकृतिः पुराणा।।४२।।

**अनुवाद** :- हे माता! ब्रह्मा, म तथा शिव हजुरकै प्रभावबाट जन्मेका हौं, नित्य छैनौं अर्थात् हामी अविनाशी छैनौं, फेरि अन्य इन्द्रादि देवताहरू कसरी नित्य हुन सक्छन्। तिमी नै अविनाशी हौ, प्रकृति तथा सनातनी देवी हौ।

**त्यसकै पृष्ठ ११-१२, अध्याय ५, श्लोक ८ मा उल्लेख गरिएको छ :** यदि दयार्द्रमना न सदांऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः।।८।।

**अनुवाद** :- भगवान् शङ्करले भने- हे माता ! यदि हामीमाथि हजुर दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुण किन बनाउनु भयो, कमलबाट उत्पन्न ब्रह्मालाई केका

लागि रजोगुण बनाउनु भयो तथा विष्णुलाई सतगुण किन बनाउनु भयो? अर्थात् हामी तीनैलाई जीवहरूको जन्म-मृत्यु रूपी दुष्कर्ममा किन लगाउनु भयो?

**श्लोक १२** : रमयसे स्वपतिं पुरूषं सदा तव गतिं न हि विह विद्म शिवे।।१२।।

**अनुवाद** :- आफ्नो पति पुरूष अर्थात् काल भगवान्सँग सदा भोग विलास गरि रहन्छौ। हजुरको गति कोही जान्दैन।

**निष्कर्ष :- उपरोक्त प्रमाणहरूबाट के प्रमाणित हुन्छ भने रजगुण-ब्रह्मा, सतगुण-विष्णु तथा तमगुण-शिव हुन् र यी तीनैजना नाशवान छन्। दुर्गाका पति ब्रह्म (काल) हुन्। उनी प्रकृतिसँग भोगविलास गर्छन्।**

## ब्रह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा
## (सुक्ष्म वेदबाट शेष सृष्टि रचना ... ...)

**तीनै छोराहरूको उत्पत्तिपछि ब्रह्मले आफ्नी पत्नी दुर्गा (प्रकृति) लाई म भविष्यमा कसैलाई आफ्नो वास्तविक रूपमा दर्शन नदिने प्रतिज्ञा गर्छु, यसैकारण म अव्यक्त मानिने छु, यस कुराको भेद कसैलाई नभन्नु र म गुप्त रहन्छु भने। दुर्गाले आफ्ना छोराहरूलाई पनि दर्शन दिनु हुन्न भनी सोध्दा ब्रह्मले आफ्ना छोराहरु लगायत कसैले कुनै साधना गरे पनि दर्शन दिन्न र यो मेरो अटल नियम हुने छ भने। दुर्गाले आफ्नै सन्तानबाट लुकेर बस्ने तपाईंको यो नियम उत्तम होइन भनेपछि कालले भने,— यो मेरो विवशता हो। मलाई एक लाख मानव शरीरधारी प्राणीहरूको आहार गर्ने श्राप लागेको छ। यो मेरा छोराहरु (ब्रह्मा, विष्णु र महेश) ले थाहा पाए भने उत्पत्ति, स्थिति तथा सङ्हारको कार्य गर्दैनन् र मेरो यो अनुत्तम नियम सँधै कायम रहने छ। यी तीनै अलि ठूला भएपछि यिनलाई अचेत तुल्याउनु। मेरो विषयमा नबताउनु, नत्र म तिमीलाई पनि दण्ड दिने छु। यही डरले दुर्गाले वास्तविकता बताउँदिनन्। यसैले गीता अध्याय ७ को श्लोक २४ मा भनिएको छ— म कहिल्यै पनि कसैको सामुन्ने प्रकट हुन्न, आफ्नो योगमायाद्वारा अदृश्य रहन्छु भन्ने मेरो अनुत्तम नियमबारे यो बुद्धिहीन जनसमुदाय अपरिचित छ। त्यसैले म अव्यक्तलाई मनुष्य रूपमा आएको अर्थात् कृष्ण मान्छन्।**

(अबुद्धयः) बुद्धिहीन (मम्) मेरो (अनुत्तमम्) अनुत्तम् अर्थात् घटिया (अव्ययम्) अविनाशी (परम् भावम्) विशेष भाव (अजानन्तः) नबुझेर (माम् अव्यक्तम्) म अव्यक्तलाई (व्यक्तिम) मनुष्य रूपमा (आपन्नम) आएको (मन्यन्ते) मान्छन् अर्थात् म कृष्ण होइन। (गीता अध्याय ७, श्लोक २४)

**गीता अध्याय ११ श्लोक ४७ र ४८ मा गीता ज्ञानाताले मेरो यो वास्तविक काल रूप न वेदहरूमा वर्णित विधिले, न जप र तपले, न त कुनै क्रियाबाट यसको दर्शन अर्थात् ब्रह्म प्राप्ति हुन सक्छ भनेका छन्।**

तीनैजना बालकहरु युवा भएपछि माता भवानी (प्रकृति, अष्टङ्गी) ले उनीहरूलाई सागर मन्थन गर्न लगाइन्। पहिलो पटक सागर मन्थन गर्दा निस्केका चारै वेदलाई ब्रम्हाले लिए। (ज्योति निरञ्जनले आफ्नो श्वासले चार वेद उत्पन्न गरेर गुप्त वाणी मार्फत् सागरमा निवास गर्ने आज्ञा दिएका थिए।) त्यो वस्तु लिएर तीनैजना आमाकहाँ जाँदा उनले चारै वेद राख्न र पढ्न ब्रह्मालाई आदेश दिइन्।

नोट :- वास्तवमा पूर्णब्रह्मले ब्रह्म अर्थात् काललाई पाँचवटा वेद दिनु भएको थियो तर ब्रह्मले चारवटा मात्र प्रकट गरे। पाँचौं वेद लुकाइ दिए। त्यसलाई पूर्ण परमात्माले स्वयं प्रकट भएर कविर्गिर्भीः अर्थात् कविर्वाणी (कबीर वाणी) मार्फत् लोकोक्तिहरु तथा दोहा (छन्दवद्ध पद्य) का माध्यमबाट प्रकट गर्नु भयो।

दोस्रो पटक सागर मन्थन गर्दा प्राप्त तीनजना कन्या आमाले तीनैजनालाई बाँडि दिइन्। (प्रकृति वा दुर्गाले आफ्नै तीन रूप सावित्री, लक्ष्मी र पार्वती धारण गरी समुद्रमा लुकाएकी थिइन्। सागर मन्थनको समयमा ती निस्किए। प्रकृतिले लिएका तीन रूपबाट भगवान ब्रह्मालाई सावित्री, भगवान विष्णुलाई लक्ष्मी र भगवान शङ्करलाई पार्वती पत्नीका रूपमा दिइन्।) तीनैजनाका भोग विलासबाट सुर र असुर दुवै जन्मिए।

(तेस्रो पटक सागर मन्थन गरेपछि ब्रह्माले चौध रत्न, विष्णु र देवताहरूले अमृत तथा असुरहरूले मद्य वा रक्सी पाए भने विष चाहिँ परमार्थ शिवले आफ्नो कण्ठमा राखे। तर यो धेरै पछिको घटना हो।) ब्रह्माले वेद पढ्न थालेपछि सम्पूर्ण ब्रह्माण्डहरूको रचना गर्ने कुलका मालिक पुरूष (प्रभु) त अरू नै कोही हुन् भन्ने थाहा पाए। सर्जक त कोही अन्य प्रभु हुन् भन्ने कुरा वेदमा वर्णन गरिएको छ तर यसको रहस्य हामी पनि जान्दैनौं भनी वेदहरूले भन्छन् बरू कुनै तत्वदर्शी सन्तसँग सोध भन्ने सङ्केत दिइएको छ भनेर ब्रह्मा जीले विष्णु तथा शिव जीलाई सुनाए। अनि त्यो कुरा ब्रह्माले आमालाई बताए। आमाले आफू बाहेक कोही छैन भन्ने गर्थिन्। उनले म नै कर्ता हुँ र म नै सर्वशक्तिमान हुँ भनिन् तर ब्रह्माले वेद त ईश्वरले निर्माण गर्नु भएकोले झुटो हुन सक्दैन भने। दुर्गाले तिम्रो बुबाले तिमीलाई दर्शन दिनु हुन्न, उनले प्रतिज्ञा गरेका छन् भनिन्। तब ब्रह्माले आमा! तपाईंका कुरामा विश्वास लागेन, म ती पुरूषलाई पत्ता लगाएरै छाड्छु भने। उनले दर्शन नदिएमा के गर्छौ भनी दुर्गाले सोध्दा जवाफमा ब्रह्माले म तपाईंलाई आफ्नो अनुहार देखाउँदिन भने। ज्योति निरञ्जनले भने कसैलाई दर्शन दिन्न भनेर कसम खाएका छन् अर्थात् २१ ब्रह्माण्डमा कहिले पनि आफ्नो वास्तविक काल रूपमा आउँदिन भनेका छन्।

गीता अध्याय नं. ७ को श्लोक २४ :-

अव्यक्तम, व्यक्तिम्, आपन्नम्, मन्यन्ते, माम्, अबुद्धयः।
परम्, भावम्, अजानन्तः, मम, अव्ययम्, अनुत्तमम्।।२४।।

**अनुवादः**- (अबुद्धयः) बुद्धिहीन मानिस (मम्) मेरो (अनुतमम्) अश्रेष्ठ (अव्ययम्) अटल (परम्) परम (भावम्) भाव (अजानन्तः) लाई नजानेर (अव्यक्तम्) अव्यक्त वा अदृश्यमान (माम्) म काललाई (व्यक्तिम्) आकारमा कृष्ण अवतार (आपन्नम्) भएको (मन्यन्ते) मान्छन्।

**गीता अध्याय नं. ७ को श्लोक २५ :-**

न, अहम्, प्रकाशः, सर्वस्य, योगमायासमावृतः।

मूढः, अयम्, न, अभिजानाति, लोकः, माम्, अजम्, अव्ययम्।।२५।।

**अनुवाद** :- (अहम्) म (योगमाया समावृतः) योगमायाद्वारा लुकेर (सर्वस्य) बस्छु र सबैका सामु (प्रकाशः) प्रत्यक्ष (न) हुन्न अर्थात् अदृश्य अर्थात् अव्यक्त रहन्छु। त्यसैकारण (अजम्) जन्म नलिने (अव्ययम्) अविनाशी अटल भावयुक्त (अयम्) यी (मूढः) अज्ञानी (लोकः) मानिसहरु वा संसारले (माम्) मलाई (न अभिजानाति) जान्दैन वा मलाई अवतारका रूपमा आएको सम्झन्छ। किनकि ब्रह्म आफ्नो शब्द शक्तिले आफूलाई नाना प्रकारको बनाउँछन यी दुर्गाका पति हुन्, त्यसैले यस मन्त्रमा म श्री कृष्ण आदि जसरी दुर्गाबाट जन्म लिन्न भनेका छन्।

## आफ्नो बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न

**त्यसपछि दुर्गाले ब्रह्मालाई अलख निरञ्जन तिम्रो बुबा हुन् तर वहाँले तिमीलाई दर्शन दिनु हुन्न भनिन्। ब्रह्माले आफू दर्शन गरेरै फर्कने कुरा बताए। दर्शन भएन भने तिमी के गर्छौ भनी सोध्दा बुबाको दर्शन नपाएमा तपाईं सामु आउँदिन भन्ने प्रतिज्ञा ब्रह्माले गरे। अनि ब्रह्मा जी व्याकुल भएर अन्धकार नै अन्धकार भएको उत्तर दिशातर्फ हिँडे। त्यहाँ ब्रह्माले चार युगसम्म ध्यान गरे तर केही पाएनन्। कालले आकाशवाणी गरेर दुर्गालाई किन सृष्टिको रचना नगरेको भनी सोधे। भवानीले तपाईंको जेठो छोरो, ब्रह्मा जिद्दी गरेर तपाईंको खोजमा गएको छ भनेर सुनाइन्। ब्रह्म (काल) ले उसलाई फर्काउनु, म दर्शन दिन्न र ब्रह्मा नभई जीव उत्पत्ति गर्नु असम्भव छ भने। अनि दुर्गाले (प्रकृति) आफ्नो शब्द शक्तिले गायत्री नामको युवती उत्पन्न गरेर ब्रह्मालाई फर्काएर ल्याउन भनिन्। गायत्री ब्रह्मा जीको सामु गइन् तर समाधीमा लीन भएकाले ब्रह्मा जीलाई कुनै आभास नै भएन। अनि आदि कुमारी (प्रकृति) ले गायत्रीलाई ध्यानबाट आदेश दिई ब्रह्माको चरण स्पर्श गर्न लगाइन्, गायत्रीले त्यसै गरिन्। ब्रह्मा जी ध्यान भङ्ग भएकोले रिसले कराए,– मेरो ध्यान भङ्ग गर्ने को पापिनी हो? म त्यसलाई श्राप दिन्छु। गायत्रीले भनिन्,– यसमा मेरो दोष छैन। पहिले मेरा कुरा सुन्नु होस्, अनि श्राप दिनु पर्ने भए दिनु होला। तपाईं नभई जीव उत्पत्ति नहुने भएकोले तपाईंलाई फर्काउन आमाले मलाई पठाउनु भएको हो। ब्रह्माले बुबाको दर्शन नै भएको छैन, म कसरी जाऊँ? यत्तिकै गए मेरो उपहास हुने छ। तिमीले आमासामु ब्रह्माले बुबा (ज्योति निरन्जन) को दर्शन पाए, मैले आफ्नै आँखाले देखेको हुँ भन्यौ भने मात्र म तिमीसँग जान्छु भने। तब गायत्रीले तपाईंले मसँग सम्भोग (सेक्स) गर्नु भयो भने मात्र म झुटो साक्षी**

दिन्छु भनिन्। अनि बुबाको दर्शन नभएकोले त्यतिकै आमा समक्ष गएमा लाज हुने छ भन्ने ब्रह्माले सोचे र अर्को कुनै उपाय नदेखी गायत्रीसँग रतिक्रिया (सम्भोग) गरे।

अनि गायत्रीको अर्को पनि साक्षी तयार गर्ने कुरामा ब्रह्माले पनि सहमति जनाए। गायत्रीले शब्दशक्तिबाट पुहपवती नामको युवती जन्माइन्। दुवैजनाले उनीसित ब्रह्माले पिताको दर्शन गरेका हुन् भनी साक्षी बन्न आग्रह गरे। पुहपवतीले मैले किन त्यसै झुटो बोल्नु ? तपाईं (ब्रह्मा) ले मसँग रतिक्रिया (सम्भोग) गरे मात्र साक्षी बन्ने छु भनिन्। गायत्रीले ब्रह्मालाई त्यो बाहेक कुनै उपाय छैन भनेर सम्झाइन् (उक्साइन्)। अनि ब्रह्माले पुहपवतीसँग सम्भोग गरे र तीनैजना आदिमाया (प्रकृति) कहाँ गए। ब्रह्माले आमालाई हामीले झुटो बोलेको कुरा बताए भने आमाले हामीलाई श्राप दिनु होला भन्ने डरले उनलाई पनि दोषी बनाउन दुवै देवीहरूले त्यो शर्त राखेका थिए।

(यहाँ महाराज गरीबदास जी भन्नु हुन्छ : 'दास गरीब यह चूक धुरों धुर')

## आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु

बुबाको दर्शन भयो कि भएन भनेर आमाले ब्रह्मालाई सोध्दा उनले बुबाको दर्शन भएको कुरा सुनाए। दुर्गाले साक्षी पेश गर्न भनिन्। ब्रह्माले गायत्री र पुहपवतीलाई देखाएर यिनीहरूको सामुन्ने नै साक्षात्कार हुनु भएको हो भनेर बताए अनि दुवैले आफ्नै आँखाले देखेका हौं भने। ब्रह्मले त कसैलाई दर्शन दिन्न भनेका थिए तर यिनीहरु दर्शन पाइयो भन्छन् भनी भवानी (प्रकृति) लाई शङ्का लाग्यो। अनि अष्टङ्गीले ध्यान गरेर काल/ज्योति निरञ्जनलाई यो कस्तो कहानी हो? भनेर सोधिन्। ज्योति निरञ्जनले यी तीनै झुटो बोल्दै छन् भने। अनि आमाले तिमीहरु झुटो बोल्दै छौ, तिमीले कुनै दर्शन पाएका छैन भनी आकाशवाणी भएको छ भनिन्। आफूले कसम खाएर बुबाको खोजी गरेको हो तर पनि बुबाको दर्शन नभएकोले आमासमक्ष आउन लाज लाग्यो र झुटो बोलेका हौं भनी ब्रह्माले बताए। आमाले अब म तिमीहरूलाई श्राप दिन्छु भनिन्।

<u>ब्रह्मालाई श्राप</u> : संसारमा तेरो पूजा हुने छैन। पछि आउने तेरा वंशहरूले धेरै पाखण्ड गर्ने र झुटा कुरा बताएर संसारलाई ठग्ने छन्। हेर्दा कर्मकाण्ड गरेको देखिए पनि भित्री रूपमा विकार गर्ने छन्। उनीहरूले कथा र पुराणहरु पढेर सुनाए पनि सद्ग्रन्थहरूमा भएका वास्तविकताको ज्ञान भने हुने छैन तर पनि मान-सम्मान र धन प्राप्तिका लागि गुरू बनेर अनुयायीहरूलाई लोकवेद (शास्त्र विरूद्ध दन्त्यकथा) सुनाउने छन्। देवी देवताहरूको पूजा गरेर तथा गराएर अनि अरूको निन्दा गरेर कष्टमाथि कष्ट भोग्ने छन्। उनीहरूका अुनयायीहरूलाई परमार्थबारे बताउने छैनन्। दक्षिणाका लागि संसारलाई पथभ्रष्ट पार्ने छन्। आफूलाई सबैभन्दा राम्रो ठानेर अरूलाई नराम्रो सम्झने छन्। आमाको मुखबाट यी कुरा सुनेपछि ब्रह्मा मूर्छित भएर जमिनमा लडे र धेरै बेरपछि मात्र होसमा आए।

<u>गायत्रीलाई श्राप</u>ः तँ मृत्युलोकमा गाई बन्ने छस् र तेरा कैयौं साँढे पति हुने छन्।

<u>पुहपवतीलाई श्राप</u> : तेरो बास फोहोरमा हुने छ। तेरो फूल कुनै पूजामा चढाइने छैन। झुटो साक्षी बनेको कारणले तैंले नरक भोग्नु पर्ने छ। तेरो नाम केवडा वा केतकी हुने छ। (नेपालमा केवरा वा क्यात्तुके भन्छन्। यो फोहोर ठाउँमा हुन्छ।)

यसरी तीनै जनालाई श्राप दिएर माता भवानी धेरै पछुताइन्। {यसरी जीवले पहिला नसोची मन (काल निरञ्जन) को प्रभावबाट गलत कार्य गर्छ र आत्मा (सत्यपुरूषको अंश) को प्रभावबाट ज्ञान पाएपछि पछुताउँछ। आफ्ना बालबालिकाको साना गल्तीमा आमा बुबाले रिसाएर (क्रोधवश) हकारे पछि पछुताउँछन्। मन (काल-निरञ्जन) को प्रभावले सम्पूर्ण जीवहरूमा यही प्रक्रिया क्रियान्वयन भइ रहेछ।} हो, यहाँ एउटा विशेष कुराः कुनै जीवले अर्को कमजोर जीवलाई सताएमा उसले त्यसको प्रतिफल प्राप्त गर्छ भन्ने कानुन निरञ्जन (काल-ब्रह्म) ले पनि बनाएका छन्। आदि भवानी (प्रकृति, अष्टङ्गी) ले ब्रह्मा, गायत्री र पुहपवतीलाई श्राप दिएपछि अलख निरञ्जन (ब्रह्म/काल) ले भवानी यो तिमीले राम्रो गरिनौ भन्दै द्वापर युगमा तिम्रा पनि पाँच पति हुने छन् भनी श्राप दिए। (द्रौपदी नै आदि मायाको अवतार हो।) यो आकाशवाणी सुनेर आदि मायाले ज्योति निरञ्जन! म तिम्रै अधीनमा छु, जसो चाहन्छौ त्यसै गर भनिन्।

## आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशिर्वाद पाउनु

त्यसपछि, तिमी पनि आफ्नो बुबा पत्ता लगाऊ भनेर प्रकृतिले विष्णुलाई भनिन्। अनि विष्णु आफ्नो बुबा काल (ब्रह्म) को खोजी गर्दै पाताल लोकमा पुगे। त्यहाँ भएको शेषनागले विष्णुलाई आफ्नो सीमाभित्र पसेको देखी रिसाएर विषले भरिएको हुँकार हान्यो। त्यो विषको प्रभावले स्प्रे पेन्टिङ्ग गरे झैं विष्णु जीको रङ् श्याम वर्णको भयो। अनि विष्णुले यस नागलाई मजा चखाउँछु भनेर सोच्दै गर्दा ज्योति निरञ्जनले अब विष्णुलाई शान्त गराउनु पर्छ भन्ने विचार गरी आकाशवाणी गरे,– विष्णु, अब तिमी आमाको समिपमा जाऊ र सबै विवरण साँच्चो सुनाऊ। शेष नागबाट तिमीले पाएको कष्टको प्रतिशोध द्वापर युगमा तिमीले कृष्ण अवतार धारण गरेर लिने छौ, त्यसबेला शेषनागले कालिदहमा कालिन्द्री नाममा अवतार लिने छ।

ऊँच होई के नीच सतावै, ताकर ओएल (बदला) मोही सों पावै।
जो जीव देई पीर पुनी काँहु, हम पुनि ओएल दिवावें ताहूँ।।

त्यसपछि, आमाको समिपमा गई विष्णु जीले बुबाको दर्शन नपाएको सत्य तथ्य कुरा बताएपछि आमा सार्है प्रसन्न भएर बाबु, तिमी सत्यवादी हौ अब म आफ्नो शक्तिले तिमीलाई तिम्रो बुबासँग भेट गराएर तिम्रो मनको शंका मेटाइ दिन्छु भनिन्।

कबीर देख पुत्र तोहि पिता भीटाऊँ, तौरे मन का धोखा मिटाऊँ।

मन स्वरूप कर्ता कह जानों, मन ते दूजा और न मानो।
स्वर्ग पताल दौर मन केरा, मन अस्थीर मन अहै अनेरा।
निरंकार मन ही को कहिए, मन की आस निश दिन रहिए।
देख हूँ पलटि सुन्य मह ज्योति, जहाँ पर झिलमिल झालर होती।।

आमा (अष्टङ्गी/प्रकृति) ले विष्णुलाई मन नै संसारको कर्ता हो, यही ज्योति निरञ्जन हो, ध्यानमा देखिने एक हजार ज्योतिहरु नै उनको रूप हो र सुनिने शंख, घण्टा आदि बाजाहरु महास्वर्गमा निरञ्जनको नै बजि रहेको हो भनिन् साथै छोरा, तिमी सबै देवताहरूको श्रीपेच हौ र तिम्रो हरेक कामना तथा कार्य म पूर्ण गरि दिन्छु, तिम्रो पूजा सम्पूर्ण जगतमा हुने छ, तिमीले मलाई सत्य बताएका छौ, (कालको एक्काईस ब्रह्माण्डका प्राणीहरूमा आफ्नो व्यर्थको महिमा गाउने बानी छ)। दुर्गा जीले तिम्रो पूजा संसारभरि हुने छ, मैले तिमीलाई तिम्रो बुबाको दर्शन गराएँ भनी फुर्क्याउँदै प्रकाश मात्र देखाएर श्री विष्णु जीलाई बहकाइन्। श्री विष्णु जीले पनि प्रभुको यही अवस्था अर्थात् परमात्माको प्रकाश मात्र देखिन्छ र वहाँ निराकार हुनु हुन्छ भनेर आफ्ना अनुयायीहरूलाई बताउन थाले। त्यसपछि, रूद्र (महेश) सामु गई आदि भवानीले तिमी पनि आफ्नो बुबाको खोजी गर, तिम्रा दुई दाजुहरूले त वहाँको दर्शन पाएनन्, उनीहरूलाई जे दिनु थियो, त्यो प्रदान गरें, अब तिमी पनि जे माग्नु छ माग भनिन्। अनि महेशले भने,– हे जननी! मेरा दाजुहरूले बुबाको दर्शन नपाएकोले प्रयत्न गर्नु व्यर्थ छ। कृपया मलाई अमर (मृत्युञ्जय) हुने वर दिनु होस्। आमाले जवाफमा म यस्तो त गर्न सक्दिन तर तिम्रो आयु सबैभन्दा लामो भइ रहने जुक्ति भने बताइ दिन्छु र त्यो विधि योग समाधि हो (त्यसैले महादेव प्रायः समाधिमा नै रहन्छन्) भनिन्। यसरी आमा (अष्टङ्गी/प्रकृति) ले तीनैजना छोराहरूको विभाग छुट्याइ दिइन् :-

भगवान ब्रह्मा जीलाई काल लोकमा चौरासी लाखको चोला (शरीर) रचना गर्ने अर्थात् रजोगुणले प्रभावित गरी सन्तान उत्पत्तिका लागि वाध्य पारेर जीव उत्पत्ति गराउने विभाग प्रदान गरिन्।

भगवान विष्णु जीलाई जीवहरूको पालन पोषण (कर्म अनुसार) गर्ने, तथा मोह ममता उत्पन्न गरेर स्थिति कायम गरी राख्ने विभाग प्रदान गरिन्।

भगवान शिव शङ्कर (महादेव) लाई संहार गर्ने विभाग प्रदान गरिन् किनकि यिनका पिता निरञ्जनले एक लाख मानव शरीरधारी जीव प्रत्येक दिन खानु पर्छ।

यहाँ ब्रह्मा, विष्णु तथा शङ्कर जीबाट उत्पत्ति, स्थिति र संहार कसरी हुन्छ भन्ने प्रश्न उठ्छ। यी तीनजना आ-आफ्नो लोकमा बस्छन्। हिजो-आज सञ्चार प्रणाली चलाउन उपग्रहलाई आकाशमा छोडिन्छ र त्यसले पृथ्वीमा सञ्चार प्रणाली सञ्चालन गर्छ। ठीक त्यसरी नै यी तीन देवहरु जहाँ रहे पनि यिनका शरीरबाट

निस्कने सूक्ष्म गुणको तरङ्गले तीनवटै लोकका हरेक प्राणीमा आ-आफ्नो प्रभाव स्वतः पार्दछ।

उपरोक्त विवरण त एक ब्रह्माण्डमा ब्रह्म (काल) को रचनाको हो। क्षर पुरूष वा कालको यस्ता एक्काईसवटा ब्रह्माण्ड छन्।

तर क्षर पुरूष (काल) आफू व्यक्त अर्थात् वास्तविक शारीरिक रूपमा सबैका सामु आउँदैनन्। उनलाई प्राप्त गर्नका लगि तीन देवताहरु (ब्रह्मा, विष्णु र शिव) ले वेदमा वर्णित विधिअनुसार सक्दो साधना गर्दा पनि ब्रह्म (काल) को दर्शन पाएनन्। पछि ऋषिहरूले वेदहरूको अध्ययन गरे। तिनीहरूमा 'अग्नेः तनूर् असि' (पवित्र यजुर्वेद अध्याय १ मन्त्र १५) अर्थात् परमेश्वर सशरीर हुनु हुन्छ तथा 'अग्नेः तनूर् असि विष्णवे त्वा सोमस्य तनूर असि' (पवित्र यजुर्वेद अध्याय ५ मन्त्र १) लेखिएको छ। यी मन्त्रहरूमा वेदले सर्वव्यापक, सर्वपालनकर्ता सत्यपुरूष सशरीर हुनु हुन्छ भन्ने प्रमाण दोहऱ्याएर दिएका छन्। पवित्र यजुर्वेद अध्याय ४० मन्त्र ८ मा सबै प्राणीहरूले चाहेका परमेश्वर कविर अर्थात् कबीर (कविर् मनिषी) हुनु हुन्छ। वहाँको शरीर नाडी-रहित (अस्वाविरम्) र वीर्य (शुक्रम्) बाट निर्मित पाँच तत्त्वले बनेको भौतिक काया-रहित (अकायम्) छ। वहाँ सबैका मालिक हुनु हुन्छ र सर्वोपरि (सबैभन्दा माथिको) सत्यलोकमा विराजमान हुनु हुन्छ। परमेश्वरको स्वयं प्रकाशित तेजपुञ्ज (स्वर्ज्योत्ति) को शरीर छ, जुन शब्द रूप अर्थात् अविनाशी छ। सम्पूर्ण ब्रह्माण्डहरूको रचनाकर्ता (व्यदधाता), स्वयं प्रकट हुनु भएको (स्वयम्भूः) र (यथा तथ्य अर्थात्) वास्तवमा अविनाशी (शाश्वत्) कविर्देव (कबीर परमेश्वर) वहाँ नै हुनु हुन्छ। (यसको प्रमाण गीता अध्याय १५ श्लोक १७ मा पनि छ।) यसको भावार्थः पूर्ण ब्रह्मको शारीरिक नाम कबीर (कविर देव) हो। वहाँ (परमेश्वर) को शरीर प्रकाश (नूर) तत्त्वबाट निर्मित छ। परमात्माको शरीर अति सूक्ष्म हुनाले दिब्यदृष्टि खुलि सकेको साधकले मात्र देख्न सक्छ। यसरी नै जीवको पनि सूक्ष्म शरीर हुन्छ, जसलाई आमा र बुबाको संयोगले वीर्य (शुक्रम) बाट बनेको पञ्च तत्त्वको खोल वा पाँच तत्त्वको कायाले ढाकेको हुन्छ। शरीर त्यागेपछि पनि जीवको सूक्ष्म शरीर भने रहि रहन्छ। दिव्यदृष्टि खुलि सकेको साधकले नै त्यो सूक्ष्म शरीरलाई देख्न सक्छ। परमात्मा तथा जीवको स्थितिलाई यसरी नै बुझ्नु पर्छ। वेदमा ओ३म् नामको स्मरण गर्ने कुराको प्रमाण छ तर यसबाट ब्रह्मको साधना मात्र हुन्छ। यसै उद्देश्यले ओ३म् नामको जपलाई पूर्ण ब्रह्मको मानेर ऋषिहरूले पनि हठयोग गरी (समाधी लगाई) प्रभु प्राप्तिको प्रयास गरे, तर प्रभुको दर्शन भएन, सिद्धि प्राप्त भयो। तिनै सिद्धिरूपी खेलौनाहरु खेलेर ऋषिहरु पनि जन्म मृत्युको चक्रमै घुमि रहे अनि आफ्नो अनुभवका आधारमा शास्त्रमा परमात्मालाई निराकार भनेर लेखि दिए। ब्रह्म (काल) ले आफ्नो वास्तविक स्वरूपमा कसैलाई दर्शन नदिने र आफूलाई अव्यक्त भनेर चिन्ने छन् भनी बाचा गरेका छन्। (अव्यक्तको अर्थ आकारमा भएता पनि व्यक्तिगत तवरले स्थूल रूपमा दर्शन नदिने भनेको हो। उदाहरणका लागि आकाशमा बादल लागेपछि दिउँसो

पनि सूर्य अदृश्य हुन्छ, सूर्य देखिदैन। वास्तवमा त्यो बादलपारि जस्ताको त्यस्तै रूपमा छ। यस अवस्थालाई नै अव्यक्त भनिन्छ।) प्रमाण निम्ति गीताको अध्याय ७ श्लोक २४-२५ तथा अध्याय ११ श्लोक ४८ र ३२ हेर्नु होस्।

पवित्र गीता जी भन्ने ब्रह्म (काल) श्री कृष्ण जीको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरी भनि रहेका छन्,– अर्जुन! म ठूलो भएको काल हुँ र सबैलाई खान आएको हुँ। (गीता अध्याय ११ श्लोक नं ३२) यो मेरो वास्तविक रूप हो, यो तिमीबाहेक पहिले न कसैले देख्न सक्यो न त पछि कसैले देख्न सक्ने छ अर्थात् वेदहरूमा वर्णन गरिएका यज्ञ-जप-तप तथा ओ३म् नाम आदि विधिले मेरो वास्तविक स्वरूपको दर्शन हुन सक्दैन। (गीता अध्याय ११ श्लोक नं. ४८) म कृष्ण होइन, यी मूर्ख मानिसहरूले म अव्यक्तलाई कृष्ण रूपमा व्यक्त (मनुष्यरूपको) मानि रहेका छन् किनकि यिनीहरूलाई म वास्तविक काल रूपमा सबैका सामु नआई आफ्नो योगमायाबाट लुकि रहन्छु भन्ने मेरो निकृष्ठ नियम थाहा छैन। (गीता अध्याय ७ श्लोक २४-२५) विचार गर्नु होस्ः आफ्नो लुकेर रहने विधानलाई यिनले किन आफैं निकृष्ट (अनुत्तम) भनि रहेका छन् ?


बुबाले आफ्ना सन्तानलाई दर्शन दिँदैनन् भने त्यसमा केही त्रुटि छ जसकारणले गर्दा उनी लुकेका छन् र सुविधा पनि दिइ रहेका छन्। काल (ब्रह्म्) ले श्राप पाएकाले दैनिक एक लाख मानव शरीरधारी प्राणीहरु खानु पर्छ र दैनिक २५ प्रतिशत थप उत्पन्न गरेकालाई व्यवस्थित गर्न र कर्मभोग अनुसारको दण्ड दिनका लागि चौरासी लाख योनीहरूको रचना गरेका छन्। सबैका सामु बसेर कसैको श्रीमती, कसैको छोरा वा आमा-बुबालाई खाएमा सबैले ब्रह्मलाई घृणा गर्ने छन् तथा कुनै बेला पूर्ण परमात्मा कविरग्नि (कबीर परमेश्वर) स्वयं आउनु भयो भने या आफ्नो कोही सन्देशवाहक (दूत) पठाउनु भयो भने सबै प्राणी मिलेर सत्यभक्ति गरी कालको जालबाट निस्कने छन् भनेर उनले सबैलाई धोका दिएर राख्छन्। पवित्र गीता अध्याय ७ श्लोक १८, २४ र २५ मा ब्रह्मको साधानाले हुने मुक्ति (गति) लाई आफैंले अति निकृष्ट (अनुत्तमाम) भनेका छन् तथा आफ्नो विधान (नियम) लाई पनि अश्रेष्ट (अनुत्तम) भनेका छन्।

**प्रत्येक ब्रह्माण्डमा बनेका ब्रह्मलोकमा यिनले एउटा महास्वर्ग बनाएका छन्। प्राणीहरूलाई धोका दिनका लागि प्रकृति (दुर्गा/आदि माया) को सहयोगबाट महास्वर्गको एक ठाउँमा नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन्। कबीर साहेबको शब्द** "कर नैनों दीदार महल में प्यारा है" **मा** काया भेद किया निरवारा, यह सब रचना पिण्ड मंझारा है। माया अविगत जाल पसारा, सो कारीगर भारा है। आदि माया किन्ही चतुराई, झुठी बाजी पिण्ड दिखाई, अविगत रचना रचि अण्ड माहि वाका प्रतिबिम्ब डारा है। **भन्ने वाणी छ।**


एउटै ब्रह्माण्डमा अन्य लोकहरु श्री ब्रह्मा जीको लोक, श्री विष्णु जीको लोक, श्री शिव जीको लोक को पनि रचना गरिएका छन्। त्यहाँ बसेर यी तीन प्रभुहरूले तलका तीन लोकहरु (स्वर्ग लोक अथवा इन्द्र लोक, पृथ्वी लोक र पाताल लोक) मा एक-एक विभागको मालिक बनेर प्रभुत्व जमाई आफ्नो बुबा काललाई खुवाउनका लागि प्राणीहरूको उत्पत्ति, स्थिति र संहारको कार्यभार सम्हाल्छन्। यी तीनवटै प्रभुहरूको पनि जन्म र मृत्यु हुन्छ र कालले यिनीहरूलाई पनि खान्छन्। यही ब्रह्माण्डमा एउटा मानसरोवर, धर्मराय (न्यायधीश) को लोक पनि छ अनि प्रत्येक देशको राजदूतावास भएझैं त्यहाँ एउटा गुप्त स्थानमा अर्कै रूप धारण गरी पूर्ण परमात्मा विराजमान हुनु हुन्छ। {(ब्रह्माण्डको बनोट अण्डाकार भएकाले अण्ड पनि भनिन्छ। शरीर (पिण्ड) मा एउटा ब्रह्माण्डको रचनालाई टी.भी. मा जस्तै कमलहरूमा देखिने भएकाले यसलाई पिण्ड पनि भनिन्छ।)} त्यहाँ कोही जान सक्दैन। त्यहाँ सत्यलोकको भक्ति अधुरा भएका आत्माहरु बस्छन्। भक्ति युगको समय आएपछि परमेश्वर कबीर जीले आफ्नो प्रतिनिधिलाई पूर्ण सन्तका रूपमा पठाउनु हुन्छ। त्यसबेला यी पुण्यात्माहरूले पृथ्वीमा मानव शरीर प्राप्त गरी छिटै सतभक्तिमा लागेर सतगुरूबाट दीक्षा पाएर पूर्ण मोक्ष प्राप्त गर्छन्। त्यस ठाउँमा बस्ने हंस आत्माहरूको निजी भक्ति कमाइ खर्च हुँदैन। परमात्माको भण्डारबाट सबै सुविधाहरु उपलब्ध हुन्छन्। ब्रह्म (काल) का उपासकहरूको भक्ति कमाइ स्वर्ग महास्वर्गमा सकिन्छ किनकि यस काल लोक (ब्रह्मलोक) तथा परब्रह्म लोकमा प्राणीहरूले आफूले गरेका कर्मको फल नै प्राप्त गर्छन्। ब्रह्माण्डमा पनि बायाँतर्फ आदिमाया (दुर्गा) द्वारा प्राणीहरूलाई झुक्याउनका लागि नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन् तथा दायाँतर्फ बाह्रजना सर्वश्रेष्ठ ब्रह्म साधक (भक्त) हरूलाई राखेका छन्।

अनि प्रत्येक युगमा उनीहरूलाई आफ्नो सन्देशबाहक (सन्त सतगुरू) बनाएर पृथ्वीमा पठाउँछन्। तिनीहरूले शास्त्रविधि रहित साधना र ज्ञान सिकाएर आफैं पनि भक्तिहीन हुन्छन् र अनुयायीहरूलाई पनि कालको जालमा फँसाई नर्कमा जान्छन्। त्यस बाटोको अगाडि काल (ब्रह्म) को निजी लोकमा जाने एउटा ताला (कुलुफ) लगाई राखिएको छ । ब्रह्म (काल) आफ्नो वास्तविक मानव सदृश काल रूपमा रहने यो ठाउँमा आफैं तातो भइ रहने तावाको आकारको (रोटी पकाउने फलामको गोलो भाँडो जस्तो) एउटा ढुङ्गाको टुक्रा छ। जसमा एक लाख मानवधारी प्राणीहरूको सूक्ष्म शरीर भुटेर फोहर निकाली कालले खान्छन्। त्यसबेला प्राणीलाई असाध्य पीडा अनुभव हुन्छ र हाहाकार मच्चिन्छ। केही बेरपछि तिनीहरु बेहोस हुन्छन्। जीव मर्दैन। अनि धर्मराजको लोकमा गएर कर्मको आधारमा अर्को जन्म पाउँछन्। यसरी जन्म-मृत्युको चक्र चलि रहन्छ। माथि उल्लेखित सामुन्नेमा लागेको ताला ब्रह्म (काल) ले आफ्नो आहार हुने प्राणीहरूका लागि केही क्षणका लागि खोल्छन्। पूर्ण परमात्माको

# ब्रह्म लोकको लघु चित्र



# ज्योति निरञ्जन (काल) ब्रह्मको लोक (२१ ब्रह्माण्ड ) को लघु चित्र



सत्यनाम तथा सारनामबाट यो ताला आफैं खुल्छ। यसरी कालको जाल बारेमा पूर्ण परमात्मा कविर्देव (कबीर साहेब) आफैंले आफ्नो निजी भक्त धर्मदास जी लाई बताउनु भयो।

## परब्रह्मका सात शङ्ख ब्रह्माण्डहरूको स्थापना

कबीर परमेश्वर (कविर्देव) ले अगाडि परब्रह्म (अक्षर पुरूष) ले आफ्नो कार्यमा बेवास्ता गरेर मानसरोवरमा गएर सुते भनेर बताउनु भयो। परमेश्वर (कबीर साहेब) ले मानसरोवरमा अण्डा राख्नु भएपछि अक्षर पुरूष (परब्रह्म) ले वहाँलाई रिसाएर हेरेका दुवै अपराधका कारण यिनी पनि सात शंख ब्रह्माण्डसहित सत्यलोकबाट बाहिर निकालिए। आफ्नो साथी ब्रह्म (क्षर पुरूष) सित छुटेपछि अक्षर पुरूष (परब्रह्म) व्याकुल भई परमपिता कविर्देव (कबीर परमेश्वर) लाई बिर्सिएर ब्रह्मको स्मरण गर्दै क्षर पुरूष (ब्रह्म) ले धेरै आनन्द मनाइ रहेका होलान्, म चाहिँ पछि परें भन्ने सोचे। त्यसरी नै परब्रह्मसँग सात शंख ब्रह्माण्डहरूमा जन्म-मृत्युको कर्मदण्ड भोगि रहेका केही आत्माहरूले पनि ब्रह्मसँग २१ ब्रह्माण्डहरूमा गएका हंस आत्माहरूसित छुट्टिनु परेकोले उनीहरूको सम्झनामा व्याकुल भएर पूर्ण परमात्मा सुखदायक कविर्देवलाई बिर्सिए। परमेश्वर कविर्देवले पटक-पटक सम्झाउँदा पनि आस्था कम भएन। परब्रह्म (अक्षर पुरूष) ले मैलै पनि छुट्टै ठाउँ पाएँ भने राम्रो हुन्छ भन्ने सोचेर राज्य प्राप्तिको इच्छाले सारनामको जाप प्रारम्भ गरे। परब्रह्मका सात शंख ब्रह्माण्डमा फसेका अन्य आत्माहरूले पनि ब्रह्मसित गएका आत्माहरूले त्यहाँ मोजमस्ती गरि रहेका होलान् र हामी चाहिँ पछि पर्यौं भन्ने सोचे। परब्रह्मको मनमा पनि क्षर पुरूष छुट्टिएर सुखी भएका होलान् भन्ने धारणा बनाएर अन्तरआत्मादेखि नै छुट्टै ठाउँ पाउनका लागि दृढ निश्चय गरे। परब्रह्मले हठयोग नगरेर छुट्टै राज्य प्राप्तिका लागि विशेष तीब्रताका साथ सहज ध्यान योग गर्दै रहे र खानपिन पनि त्यागी पागल झैं घुम्न लागे। उनको वैराग्यबाट आशक्त भएर अरू केही आत्माहरूले उनलाई चाहन थाले। पूर्ण प्रभुले सोध्दा परब्रह्मले केही हंस आत्माहरु सहित छुट्टै ठाउँ पाउँ भनी याचना गरे। कविर्देवले तिमीसँग स्वेच्छाले जान चाहने आत्माहरूलाई पठाइ दिन्छु भन्दै परब्रह्मका साथ जान चाहने हंस आत्माहरूलाई सहमति व्यक्त गर्न भन्नु भयो। लामो समयपछि एउटा हंसले सहमति जनायो र देखासिकी गर्दै अन्य आत्माहरूले सहमति व्यक्त गरे। सबैभन्दा पहिला सहमति जनाउने हंस आत्मालाई स्त्रीरूप दिएर उसको नाम ईश्वरी माया (प्रकृति सुरति) राखी अन्य आत्माहरूलाई ईश्वरी मायामा प्रवेश गराई अचिन्तसँग साथ लाएर अक्षर पुरूषकहाँ पठाइ दिनु भयो (पतिव्रता पदबाट झरेकोले सजाय पाए)। कैयौं युगसम्म दुवै सात शंख ब्रह्माण्डमा रहे पनि परब्रह्मले दुर्व्यवहार गरेनन्। ईश्वरी मायालाई उनले स्वेच्छाले अङ्गीकार गरेर शब्द शक्तिबाट नङले स्त्री इन्द्रिय (योनी) बनाई ईश्वरी देवीको सहमतिले सन्तान उत्पन्न गरे। परब्रह्मको लोक (सात शंख

ब्रह्माण्डहरू) मा प्राणीहरूले तप्तशीलाको कष्ट भोग्नु पर्दैन। त्यहाँका पशु-पंछीहरु ब्रह्म लोकका देवताहरूभन्दा असल चरित्रका छन्। प्राणीहरूको आयु धेरै लामो भए पनि जन्म-मृत्यु र कर्मको आधारमा कर्मदण्ड भोग्नु तथा परिश्रम गरेरै पेट पाल्नु पर्छ। त्यहाँ स्वर्ग र नर्क पनि त्यसरी नै बनेका छन्। परब्रह्म (अक्षर पुरूष) लाई उनको इच्छारूपी भक्ति ध्यान अर्थात् सहज समाधी विधिबाट गरेको कमाइको फलस्वरूप सात शंख ब्रह्माण्डहरु परमात्माले प्रदान गर्नु भयो र सत्यलोकभन्दा भिन्दै ठाउँमा गोलाकार परिधिभित्र राखेर सात शंख ब्रह्माण्डहरु सहित अक्षर ब्रह्म तथा ईश्वरी मायालाई निष्काशित गर्नु भयो।

पूर्ण ब्रह्म (सत्यपुरूष) सत्यलोक आदिमा भएका असङ्ख्य ब्रह्माण्डहरु लगायत ब्रह्मका २१ ब्रह्माण्ड र परब्रह्मका सात शंख ब्रह्माण्डहरूको पनि प्रभु (मालिक) हुनु हुन्छ अर्थात् परमेश्वर कविर्देव कुलका मालिक हुनु हुन्छ।

श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका ४-४ भुजा तथा १६ कला छन्। प्रकृति देवी (दुर्गा, अष्टंगी) को आठ भुजा तथा ६४ कला छन्। ब्रह्म (क्षर पुरूष) को १००० भुजा र १००० कला छन् तथा एक्काईस ब्रह्माण्डका प्रभु हुन्। परब्रह्म (अक्षर पुरूष) को १०,००० भुजा तथा १०,००० नै कला छन् तथा ७ शंख ब्रह्माण्डका प्रभु हुन्। पूर्ण ब्रह्म (परम अक्षर ब्रह्म) असङ्ख्य भुजा तथा कला छन् र ब्रह्मको एक्काईस तथा परब्रह्मको सात शंख ब्रह्माण्ड सहित असङ्ख्य ब्रह्माण्डका प्रभु हुनु हुन्छ। प्रत्येक प्रभु आफ्ना सम्पूर्ण भुजा समेटेर केवल दुई भुजा मात्र पनि राख्न तथा सम्पूर्ण भुजा प्रकट पनि गर्न सक्छन्। पूर्ण परमात्मा परब्रह्मको प्रत्येक ब्रह्माण्डमा पनि अलग स्थान बनाएर अन्य रूपमा गुप्त अवस्थामा रहनु हुन्छ। मानौं, जस्तो एउटा घुम्ने क्यामेरा भवन बाहिर राखी भवन भित्र टी. भी. राख्दा बाहिरका सम्पूर्ण दृश्य देखिन्छ। त्यस्तै अर्को टी. भी. बाहिर र भित्र क्यामेरा स्थायी रूपमा राखे भित्र बसेका प्रबन्धकको तस्वीर देखिन्छ र सबै कर्मचारी सावधान हुन्छन्।

यस प्रकार पूर्ण परमात्माले आफू आफ्नो सतलोकमा बसेर सबैलाई नियन्त्रण गर्नु भएको छ। प्रत्येक ब्रह्माण्डमा पनि सतगुरू कविर्देव विद्यमान हुनु हुन्छ। जस्तो सूर्य टाढा भए पनि आफ्नो प्रभाव अन्य लोकमा राखि रहन्छ।

## पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. १**

ब्रह्म जज्ञानं प्रथमं पुरस्ताद् वि सीमतः सुरूचो वेन आवः।
स बुध्न्या उपमा अस्य विष्ठाः सतश्च योनिमसतश्च वि वः।।१।।

ब्रह्म, ज, ज्ञानम्, प्रथमम्, पुरस्तात्, विसिमतः, सुरूचः, वेनः, आवः, सः, बुध्न्याः, उपमा, अस्य, विष्ठाः, सतः, च, योनिम, असतः, च, वि वः

**अनुवाद** :- (प्रथमम्) प्राचीन वा सनातन (ब्रह्म) परमात्मा (ज) प्रकट भई (ज्ञानम्) आफ्नो सुझबुझले (पुरस्तात्) शिखर वा सत्यलोक आदिमा (सुरूचः) स्वेच्छाले खुबै

उत्साहपूर्वक स्वप्रकाशित (विसिमतः) सीमारहित वा विशाल सीमा भएका विभिन्न लोकहरूलाई (वेन) जुलाहाले तानमा लुगा बुने जसरी (आवः) सुरक्षित गर्नु भयो (च) र (स) वहाँ पूर्ण ब्रह्मले नै सबै रचना गर्नु हुन्छ (अस्य) त्यसैले (बुध्न्याः) मुख्य मालिकले (योनिम्) मुख्य स्थान सत्यलोकको रचना गर्नु भएको हो (अस्य) यो (उपमा) सँग मिल्दोजुल्दो वा सदृश (सतः) अक्षर पुरूष वा परब्रह्मको केही स्थायी लोक (च) र (असतः) क्षर पुरूषको अस्थायी लोक (वि वः) स्वरूप भिन्न आवास स्थान (विष्ठः) स्थापित गर्नु भयो।

**भावार्थ :- पवित्र वेद भन्ने ब्रह्म (काल) भनिरहेका छन्– सनातन परमेश्वरले स्वयम् अनामय (अनामी) लोकबाट सत्यलोकमा प्रकट भएर आफ्नो सुझबुझले तानमा लुगा बुने झैं रचना गरेर माथिका सत्यलोक आदिलाई सीमारहित स्वप्रकाशित अजर-अमर अर्थात् अविनाशी रूपमा अवस्थित गर्नु भयो तथा तलका परब्रह्मको सात शंख ब्रह्माण्ड र ब्रह्मका एक्काइस ब्रह्माण्ड तथा तिनमा रहेका सानाभन्दा साना रचना पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा स्थापित गर्नु भयो।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. २**

इयं पित्र्या राष्ट्र्येत्वग्रे प्रथमाय जनुषे भुवनेष्ठाः।
तस्मा एतं सुरूचं ह्वारमह्यं धर्मं श्रीणन्तु प्रथमाय धास्यवे।।२।।

इयम्, पित्र्या, राष्ट्रि, एतु, अग्रे, प्रथमाय, जनुषे, भुवनेष्ठाः, तस्मा, एतम्, सुरचम्, ह्वारमह्यम्, धर्मम्, श्रीणान्तु, प्रथमाय, धास्यवे

**अनुवाद** :- (इयम्) ती (पित्र्या) जगतपिता परमेश्वरले (एतु) यो (अग्रे) सर्वोत्तम (प्रथामाय) सबैभन्दा पहिला माया परानन्दनी (राष्ट्रि) राजेश्वरी शक्ति वा पराशक्ति (अर्थात् आकर्षण शक्ति) लाई (जनुषे) उत्पन्न गरी (भुवनेष्ठाः) लोकहरु स्थापना गर्नु भयो, (तस्मा) उनै परमेश्वरले (सुरूचम्) धेरै रूचीसाथ स्वेच्छाले (एतम्) यो (प्रथमाय) प्रथम उत्पत्तिको शक्ति वा पराशक्तिद्वारा (ह्वारमह्यम्) एक अर्काको वियोगलाई रोक्ने वा आकर्षित गर्ने (श्रीणान्तु) गुरूत्वाकर्षणलाई परमात्माले सँधै रहनु भन्ने आदेश दिनु भयो तथा कहिल्यै पनि समाप्त नहुने (धर्मम्) स्वाभाव (धास्यवे) धारण गराई तानमा कपडा झैं बुनेर तिनीहरूलाई स्थिर गर्नु भयो।

**भावार्थः- जगत्पिता परमेश्वरले आफ्नो शब्दशक्तिले राष्ट्री अर्थात् सबैभन्दा पहिले माया राजेश्वरी उत्पन्न गरी, त्यही पराशक्तिद्वारा एक अर्कोको आकर्षण शक्तिले रोक्ने, कहिल्यै समाप्त नहुने गुणबाट उपरोक्त ब्रह्माण्डहरूलाई स्थापित गर्नु भएको छ।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ३**

प्र यो जज्ञे विद्वानस्य बन्धुर्विश्वा देवाना जनिमा विवक्ति।
ब्रह्म ब्रह्मण उज्जभार मध्यान्नीचैरूच्चैः स्वधा अभि प्र तस्थौ।।३।।

प्र, यः, जज्ञे, विद्वानस्य, बन्धुः, विश्वा, देवानाम्, जनिमा, विवक्ति, ब्रह्मः, ब्रह्मणः, उज्जभार, मध्यात्, निचैः, उच्चैः, स्वधा, अभिः, प्रतस्थौ

**अनुवाद** :- (प्र) सबैभन्दा पहिला (देवानाम्) देवताहरु र ब्रह्माण्डहरूको (जज्ञे) उत्पत्तिको ज्ञानलाई (विद्वानस्य) जिज्ञासु भक्तका (यः) यी (बन्धः) वास्तविक साथी पूर्ण परमात्माले आफ्नो निज सेवकलाई (जनिमा) आफूले गरेको रचनाबारे (विवक्ति) आफैंले सही रूपमा विस्तारपूर्वक बताउनु हुन्छ कि (ब्रह्मः) पूर्ण परमात्माले (मध्यात्) आफ्नो मध्यबाट वा शब्द शक्तिले (ब्रह्मः) ब्रह्म/क्षर पुरूष वा काललाई (उज्जभार) उत्पन्न गरेर (विश्वा) सम्पूर्ण संसार वा सबै लोकहरूलाई (उच्चैः) माथि सत्यलोक आदि र (निचैः) तल परब्रह्म तथा ब्रह्मका सम्पूर्ण ब्रह्माण्डहरु (स्वधा) आफूमा धारण गर्ने (अभि) आकर्षण शक्तिबाट (प्र तस्थौ) दुवैलाई राम्रोसँग स्थापित गर्नु भयो।

**भावार्थः- पूर्ण परमात्माले रच्नु भएको सृष्टि तथा सम्पूर्ण आत्माहरूको उत्पत्तिको ज्ञान आफ्नो निजी दासलाई आफैंले सही रूपमा बताउनु हुन्छ,– पूर्ण परमात्माले नै आफ्नो मध्य वा शब्द शक्तिले ब्रह्म (क्षर पुरूष/काल) को उत्पत्ति गरी माथि सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक तथा तल परब्रह्मका सात शंख ब्रह्माण्ड र बह्मका २१ ब्रह्माण्डहरु आफूमा धारण गर्ने आकर्षण शक्तिले स्थीर गराउनु भयो।**

**पूर्ण परमात्मा कबीर परमेश्वर (कविर्देव) ले आफ्नो निजी सेवक अर्थात् मित्र धर्मदास जी, आदरणीय गरीबदास जी आदिलाई आफूले रच्नु भएको सृष्टिको ज्ञान आफैंले बताउनु भयो। उपरोक्त वेद मन्त्रले पनि यसलाई समर्थन गरेको छ।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ४**

सः हि दिवः सः पृथिव्या ऋतस्था मही क्षेमं रोदसी अस्कभायत्।
महान् मही अस्कभायद् वि जातो द्यां सद्म पार्थिवं च रजः।।४।।

सः, हि, दिवः, स, पृथिव्या, ऋतस्था, मही, क्षेमम्, रोदसी, अस्कभायत्, महान्, मही, अस्कभायद्, विजातः, धाम्, सदम्, पार्थिवम्, च, रजः

**अनुवाद** :- (सः) उनै सर्वशक्तिमान परमात्माले (हि) निःसन्देह (दिवः) माथिका चारैवटा दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक, अगमलोक तथा अनामीलोक वा अकहलोक अर्थात् दिव्य गुणहरूले युक्त लोकहरूलाई (ऋतस्था) सत्य स्थीर अथवा अजर-अमर रूपले स्थीर गर्नु भयो र (स) त्यही अनुरूप (पृथिव्या) परब्रह्मका सात शंख तथा ब्रह्म/कालका एक्काइस ब्रह्माण्डहरु जस्ता तलको पृथ्वी सम्बन्धी सबै लोकहरूलाई (मही) पृथ्वी तत्त्वले (क्षेमम्) सुरक्षाका साथ (अस्कभायत्) स्थीर गरी (रोदसी) आकाश तत्त्व तथा पृथ्वी तत्त्व दुवैले माथि र तलका लोकहरूलाई (महान्) पूर्ण परमात्माले (पार्थिवम्) पृथ्वीका (वि) भिन्न-भिन्न (धाम्) लोकहरु (च) र (सदम्) आवास स्थानका लागि (मही) पृथ्वी तत्त्व लिएर (रजः) प्रत्येक ब्रह्माण्डमा स-साना लोकहरु (जातः) रचना गरी (अस्कभायत्) स्थिर गर्नु भयो।

**भावार्थ :- पूर्ण ब्रह्मले माथिका चारै लोक- सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक अजर-अमर स्थायी अर्थात् अविनाशी रूपमा रच्नु भयो तथा तलका ब्रह्म र परब्रह्मका लोकहरु र अन्य स-साना लोकहरूलाई पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा रचना गरेर स्थिर गर्नु भयो। आकाश सूक्ष्म तत्त्व हो र यसको गुण**

**शब्द हुनाले पूर्ण परमात्माले माथिको लोक शब्द रूपले रचेर तेजपुञ्जको बनाउनु भयो तथा तलका परब्रह्म (अक्षर पुरूष) का सात शंख ब्रह्माण्ड र ब्रह्म वा क्षर पुरूषका एक्काइस ब्रह्माण्डहरूलाई पृथ्वीको पृथ्वी तत्त्वबाट अस्थायी रूपमा रच्नु भयो।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ५**

सः बुध्न्यादाष्ट्र जनुषोऽभ्यग्रं बृहस्पतिर्देवता तस्य सम्राट्।
अहर्यच्छुक्रं ज्योतिषो जनिष्टाथ द्युमन्तो वि वसन्तु विप्राः।।५।।

सः, बुध्न्यात्, आष्ट्र, जनुषेः, अभि, अग्रम्, बृहस्पतिः, देवता, तस्य, सम्राट, अहः, यत्, शुक्रम्, ज्योतिषः, जनिष्ट, अथ, द्युमन्तः, वि, वसन्तु, विप्राः

**अनुवाद** :- (सः) वहाँ (बुध्न्यात्) मूल मालिकबाट (अभि-अग्रम्) सबैभन्दा पहिलो स्थानमा (आष्ट्र) अष्टङ्गी माया वा दुर्गा अर्थात् प्रकृति देवी (जनुषेः) उत्पन्न भइन् किनकि तलका परब्रह्म र ब्रह्मका लोकहरूको पहिलो स्थान सत्यलोक हो, जसलाई तेस्रो धाम पनि भनिन्छ। (तस्य) यी दुर्गाको पनि मालिक (सम्राट) राजाधिराज नै (बृहस्पतिः) सबैभन्दा ठूला पति अर्थात् जगत् गुरू (देवता) परमेश्वर हुनु हुन्छ। (यत्) वहाँसँग (अहः) सबै छुटे र (अथ) त्यसपछि (ज्योतिषः) ज्योति निरञ्जन वा कालको (शुक्रम्) वीर्य वा बीज शक्तिले (जनिष्ट) दुर्गाको पेटबाट उत्पन्न भएका (विप्राः) भक्त आत्माहरु (वि) लाई अलग अलग रूपमा (द्युमन्तः) मनुष्य लोक तथा स्वर्ग लोकमा ज्योति निरञ्जनको आदेश अनुसार दुर्गाले (वसन्तु) निवास गर भनिन् अर्थात् उनीहरु बसोवास गर्न थाले।

भावार्थ :- **पूर्ण परमात्माले माथिका चारै लोकहरूमध्ये तलबाट सबैभन्दा पहिलो वा सत्यलोकमा आष्ट्रा अर्थात् अष्टङ्गी (प्रकृति देवी/दुर्गा) को उत्पत्ति गर्नु भयो। वहाँ राजाधिराज, जगतगुरू नै पूर्ण परमेश्वर (सत्यपुरूष) हुनु हुन्छ जोसँग सबैको बिछोड भएको छ। अनि सबै प्राणीहरु ज्योति निरञ्जन (काल) को (वीर्य) बीजले दुर्गा (आष्ट्रा) को गर्भबाट उत्पन्न भए तथा स्वर्गलोक र पृथ्वीलोकमा निवास गर्न थाले।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ६**

नूनं तदस्य काव्यो हिनोति महो देवस्य पूर्व्यस्य धाम।
एष जज्ञे बहुभिः साकमित्था पूर्वे अर्धे विषिते ससन् नु।।६।।

नूनम्, तत्, अस्य, काव्यः, महः, देवस्य, पूर्व्यस्य, धाम, हिनोति, पूर्वे, विषिते, एष, जज्ञे, बहुभिः, साकम्, इत्था, अर्धे, ससन्, नु

**अनुवाद** :- (नुनम्) निःसन्देह (तत्) वहाँ पूर्ण परमेश्वर अर्थात् तत् ब्रह्मले नै (अस्य) यो (काव्यः) पूर्ण परमेश्वरको विधिवत भक्ति गर्ने भक्तात्मालाई (महः) सर्वशक्तिमान (देवस्य) परमेश्वरको (पूर्व्यस्य) पहिलेको (धाम) लोक वा सत्यलोकमा (हिनोति) फर्काउनु हुन्छ। (पूर्वे) पहिला (विषिते) विशेष चाहेको (एष) पूर्ण ब्रह्म परमेश्वरलाई (जज्ञे) सृष्टि उत्पत्तिको ज्ञान जानेपछि (बहुभिः) धेरै आनन्द (साकम्) का साथ (अर्धे) आधा (ससन्) सुतेर (इत्था) यसरी विधिवत् (नु) सत्य आत्माले स्तुति गर्छ।

भावार्थ :- **परमेश्वरले सत्य साधना गर्ने साधकलाई छुटेर आएको त्यही पहिलो स्थान (सत्यलोक) मा लैजानु हुन्छ। त्यहाँ वास्तविक सुखदायक प्रभुलाई प्राप्त**

**गरेर खुसीले आत्मविभोर भई मस्तीले स्तुति गर्छ,– हे परमात्मा ! असङ्ख्य जन्महरूमा अल्मलिएकाहरूले बल्ल वास्तविक ठेगाना पायौं। यसको प्रमाण पवित्र ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १६ मा पनि छ।**

**आदरणीय गरीबदास जीलाई यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) आफैंले सत्यभक्ति दिएर सत्यलोक लानु भएको थियो। आफ्नो अमृतवाणीमा आदरणीय गरीबदास जी महाराजले आँखाले देखेको कुरा यसरी भन्छन् :-**

गरीब, अजब नगर में ले गए, हम कुँ सतगुरू आन। झिलके बिम्ब अगाध गति, सुते चादर तान॥

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ७**

योऽथर्वाणं पित्तरं देवबन्धुं बृहस्पतिं नमसाव च गच्छात्।
त्वं विश्वेषां जनिता यथासः कविर्देवो न दभायत् स्वधावान्।।७।।

यः–अथर्वाणम्–पित्तरम्–देवबन्धुम्–बृहस्पतिम्–नमसा–अव–च–गच्छात्–त्वम्–विश्वेषाम्–जनिता–यथा–सः–कविर्देवः–न–दभायत्–स्वधावान्

**अनुवादः-** (यः) जो (अथर्वाणम्) अचल अर्थात् अविनाशी (पित्तरम्) जगत पिता (देवबन्धुम्) भक्तहरूका वास्तविक साथी वा आत्माको आधार (बृहस्पतिम्) जगतगुरू (च) तथा (नमसा) विनम्र पुजारी अर्थात् विधियुक्त साधकलाई (अव) सुरक्षाका साथ (गच्छात्) सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने (विश्वेषाम्) सम्पूर्ण ब्रह्माण्डहरूलाई (जनिता) रचना गर्ने जगदम्बा अर्थात् ममतामयी गुणयुक्त तर (न दभायत्) कालले झैं धोका नदिने (स्वधावान्) स्वभाव अर्थात् गुण हुनु भएका तथा (यथा) जस्ताका त्यस्तै अर्थात् उस्तै (सः) हुनु भएका (त्वम्) हजुर नै (कविर्देवः/कविर्देवः) कविर्देव हुनु हुन्छ वा अर्को शब्दमा वहाँलाई नै कबीर परमेश्वर भनिन्छ।

**भावार्थ :- यस मन्त्रमा सम्पूर्ण रचना गर्नु हुने परमेश्वरको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो भन्ने कुरा स्पष्ट गरिएको छ।**

**परमेश्वर अचल अर्थात् वास्तवमा अविनाशी जगतगुरू, आत्माका आधार तथा पूर्णमुक्त भएर सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने, सम्पूर्ण ब्रह्माण्डहरूका रचनहार एवं काल (ब्रह्म्) ले जस्तो धोका नदिई जस्ताको त्यस्तै गर्ने वहाँ स्वयं कविर्देव अर्थात् कबीर प्रभु हुनु हुन्छ (यसको प्रमाण गीता अध्याय १५ श्लोक १६ र १७ मा पनि छ)। सम्पूर्ण ब्रह्माण्डहरु र प्राणीहरूलाई आफ्नो शब्द शक्तिले उत्पन्न गर्ने हुनाले वहाँ (जनिता) आमा, (पित्तरम्) बुबा र (बन्धु) दाजुभाइ एवं (देव) परमेश्वर पनि वहाँ नै हुनु हुन्छ। त्यसैले वहाँ कविर्देव (कवीर परमेश्वर) को स्तुति** 'त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धु च सखा त्वमेव, त्वमेव विद्या च द्रविणम् त्वमेव, त्वमेव सर्वं मम देव देव।' **भनेर गर्ने गरिन्छ। पवित्र ऋग्वेद मण्डल नं. १ सुक्त नं. २४ मा यिनै परमेश्वरको महिमाको विस्तृत विवरण छ।**

## पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १ मा निम्न प्रमाण छः**

सहस्रशीर्षा पुरूषः सहस्राक्षः सहस्रपात्।
स भूमिं विश्वतों वृत्वात्यतिष्ठद्दशाङ्गुलम्।।१।।

सहस्रशीर्षा–पुरूषः–सहस्राक्षः–सहस्रपात्–स–भूमिम्–विश्वतः–वृत्वा–अत्यातिठष्त्–दशंगुलम्।

**अनुवाद** :- (पुरूषः) विराटरूप काल भगवान अर्थात् क्षर पुरूष (सहस्रशीर्षा) हजार टाउका, (सहस्राक्षः) हजार आँखा र (सहस्रपात) हजार गोडा भएका छन्। (स) त्यो काल (भूमिम्) पृथ्वी भएका २१ वटा ब्रह्माण्डहरूलाई (विश्वतः) चारैतिरबाट (दशांगुलम्) दशै औंलाले वा पूर्ण नियन्त्रण गरी (वृत्वा) गोलाकार घेरामा घेरेर (अत्यातिष्ठत्) सबैभन्दा ठूलो वा काललोकको सबैभन्दा आकर्षक एक्काइसौं ब्रह्माण्डमा बस्छन्।

**भावार्थ :- यस मन्त्रमा विराट (काल/ब्रह्म) को वर्णन छ। (गीता अध्याय १०-११ मा पनि यस काल/ब्रह्मको यस्तै वर्णन गरिएको छ) अध्याय ११ श्लोक नं. ४६ मा अर्जुनले हे सहस्रबाहु प्रभु, तपाईं आफ्नो चतुर्भुज रूपमा दर्शन दिनु होस् भनेका छन्।**

**हजारौं हात, खुट्टा, आँखा, कान आदि भएका विराटरूप काल प्रभु आफ्नो अधीनमा सम्पूर्ण प्राणीहरूलाई पूर्णरूपमा नियन्त्रण गरी वा २० ब्रह्माण्डहरूलाई गोलाकार परिधिमा राखेर आफू त्यसभन्दा माथि (अलग) एक्काईसौं ब्रह्माण्डमा बसेका छन्।**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र २ मा पनि निम्न उल्लेख छ :**

पुरूष एवेदं सर्वं यदभूतं यच्च भाव्यम्।
उतामृतत्त्वस्येशानो यदन्नेनातिरोहति।।२।।

पुरूष-एव-इदम्-सर्वम्-यत्-भूतम्-यत्-च-भाव्यम्-उत-अमृतत्वस्य-इशानः-यत्-अन्नेन-अतिरोहति।

**अनुवाद** :- (एव) यस प्रकार केही सही रूपमा (पुरूष) भगवान हुन्, ती अक्षर पुरूष अर्थात् परब्रह्म हुन् (च) र (इदम्) यो (यत्) जो (भूतम्) उत्पन्न भएको छ र (यत्) जो (भाव्यम्) भविष्यमा हुने छ (सर्वम्) सबै (यत्) प्रयत्न वा मिहिनेतले (अन्नेन) अन्नबाट (अतिरोहति) विकसित हुन्छ। यी अक्षर पुरूष (उत्) सन्देहयुक्त (अमृतत्वस्य) मोक्षका (इशानः) स्वामी हुन् अर्थात् अक्षर पुरूष भगवान हुन् भन्ने केही सत्य भए पनि पूर्ण मोक्षदायक भने होइनन्।

**भावार्थः- यस मन्त्रमा केही भगवानवाला लक्षणहरूले युक्त परब्रह्म (अक्षर पुरूष) को विवरण छ। तर उनको भक्तिबाट पनि पूर्ण मोक्ष नभएकाले उनलाई सन्देहयुक्त मुक्तिदाता भनिन्छ। कालले झैं जीवलाई तप्तशीलामा भुटेर नखानाले उनलाई प्रभुका केही गुणयुक्त भनिएको हो। परब्रह्मको लोकमा पनि प्राणीहरूले कर्माधारमा फल पाउँछन्, अन्नबाटै सम्पूर्ण प्राणीहरूको शरीर विकसित हुन्छ र जन्म-मृत्युको समय कालको भन्दा धेरै भए पनि उत्पत्ति, प्रलय र चौरासी लाख योनीहरूको यातना रहि रहन्छ।**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ३ मा यसरी उल्लेख गरिएको छ :**

एतावानस्य महिमातो ज्यायाँश्च पुरूषः।
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि।।३।।

एतावान्-अस्य-महिमा-अतः-ज्यायान्-च-पुरूषः-पादः-अस्य-विश्वा-भूतानि-त्रि-पाद्-अस्य-अमृतम्-दिवि।

**अनुवाद** :- (अस्य) यी अक्षर पुरूष वा परब्रह्मको त (एतावान्) यति नै (महिमा) प्रभुता छ। (च) तथा (पुरूष) परम अक्षर ब्रह्म वा पूर्ण ब्रह्म परमेश्वर त (अतः) यसभन्दा पनि (ज्यायान्) ठूला हुनु हुन्छ। (विश्वा) समस्त (भूतानि) क्षर पुरूष, अक्षर पुरूष तथा यिनका लोकहरु लगायत सत्यलोक र तिनमा भएका सबै प्राणीहरु (अस्य) यी पूर्ण परमात्मा परम अक्षर पुरूषका (पादः) एउटा गोडा वा एक अंश मात्र हुन्। (अस्य) यी परमेश्वरका (त्रि) तीनवटा (दिवि) दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक र अगमलोक चाहिँ (अमृतम्) अविनाशी (पाद्) अर्को गोडा हो। अर्थात् सबै ब्रह्माण्डहरुमा उत्पन्न भएका सबै कुरा सत्यपुरूष पूर्ण परमात्माका अंश या अङ्ग हुन्।

**भावार्थः- माथि मन्त्र २ मा चर्चा गरिएको अक्षर पुरूष (परब्रह्म) को महिमा यति नै हो र पूर्ण पुरूष कविर्देव सर्वशक्तिमान हुनु हुन्छ, सम्पूर्ण ब्रह्माण्ड वहाँको अंशमा मात्र अडिएको छ। चौथो अनामी (अनामय) लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यस मन्त्रमा तीन लोकहरूको वर्णन गरिएको छ। यिनै तीन प्रभुहरु (क्षर र अक्षर पुरूष तथा यीभन्दा अर्कै परम अक्षर पुरूष) को विवरण श्रीभद्‌भागवत गीता अध्याय १५ श्लोक संख्या १६-१७ मा छ। यसैको प्रमाण आदरणीय गरीबदास साहेब जीले यसरी भनेका छन् :** गरीब, जाके अर्ध रूम पर सकल पसारा, ऐसा पूर्ण ब्रह्म हमारा।।

गरीब, अनन्त कोटि ब्रह्माण्ड का एक रति नही भार। सतगुरू पुरूष कबीर हैं, कुल के सृजनहार।।

**यसकै प्रमाण स्वरूप आदरणीय दादु साहेब जीले भनेका छन्ः-**

जिन मोकुं निज नाम दिया, सोई सतगुरू हमार। दादू दूसरा कोए नहीं, कबीर सृजनहार।।

**यसैको प्रमाण आदरणीय नानक साहेब जीले यसरी दिएका छन् :-**


यक अर्ज गुफतम पेश तो दर कून करतार। हक्का कवीर करीम तू, बेएब परवरदिगार।।

**(श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, महला १, राग तिलंग)**

**(कून करतारको अर्थ सम्पूर्णको सर्जक अर्थात् शब्द शक्तिले रचना गर्ने शब्द स्वरूपी प्रभु हो। हक्का कबीरको अर्थ सत् कबीर हो। करीमको अर्थ दयालु र परवरदिगारको अर्थ परमात्मा हो।)**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ४ मा निम्न उल्लेखित छ :**

त्रिपादूर्ध्व उदैत्पुरूषः पादोऽस्येहाभवत्पुनः।
ततो विष्व ङ्व्यक्रामत्साशनानशने अभि।।४।।




**माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र**

त्रि-पाद-ऊर्ध्वः-उदैत्-पुरूषः-पादः-अस्य-इह-अभवत्-पूनः-ततः-विश्वङ्-व्यक्रामत्-सः-अशनानशने-अभि।

**अनुवाद** :- (पुरूषः) परम अक्षर ब्रह्म वा अविनाशी परमात्मा (ऊर्ध्वः) माथिका (त्रि) सत्यलोक, अलखलोक र अगमलोक रहेका तीन लोक स्वरूपको (पादः) एउटा गोडामा वा माथिल्लो भागमा (उदैत्) प्रकट हुनु हुन्छ अर्थात् विराजमान हुनु हुन्छ (अस्य) वहाँ परमेश्वर पूर्ण ब्रह्मको (पादः) अर्को गोडा वा भाग जगत रूपमा (पुनर्) फेरि (इह) यहाँ (अभवत्) प्रकट हुन्छ (ततः) त्यसैले (सः) वहाँ अविनाशी पूर्ण परमात्मा (अशनानशने) खाने काल वा क्षर पुरूष र नखाने परब्रह्म वा अक्षर पुरूष (अभि) माथि पनि (विश्वङ्) सर्वत्र (व्यक्रामत्) व्याप्त हुनु हुन्छ अर्थात् वहाँको प्रभुता सम्पूर्ण ब्रह्माण्ड र सम्पूर्ण प्रभुहरूमा निहित छ। वहाँ कुलको मालिक हुनु हुन्छ र वहाँले आफ्नो शक्ति सबैमा फैलाउनु भएको छ।

**भावार्थ :- सम्पूर्ण सृष्टिकर्ता प्रभु आफ्नो रचनाको माथिल्लो भागमा तीनवटै स्थानहरु (सत्यलोक, अलखलोक र अगमलोक) मा तीन रूपमा स्वयं प्रकट हुनु हुन्छ अर्थात् स्वयं नै विराजमान हुनु हुन्छ। अनामी वा अकह (अनामय) लोकमा कुनै रचना नभएको र यो लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यहाँ अनामी लोकको वर्णन गरिएको छैन। अझ के भनिएको छ भने परमात्माको सत्यलोकबाट छुट्टिएर तलका ब्रह्म र परब्रह्मका लोक उत्पन्न हुन्छन्। पूर्ण परमात्मा त खाने ब्रह्म वा काल (ब्रह्म/कालले विराट श्रापवश एकलाख मानव शरीरधारी प्राणीहरु खान्छन्) र नखाने परब्रह्म वा अक्षर पुरूष (परब्रह्मले प्राणीहरु खाँदैनन् तर जन्म-मृत्यु र कर्मदण्ड भने त्यस्तै रहि रहन्छ) भन्दा माथि सर्वत्र व्याप्त हुनु हुन्छ। अर्थात् पूर्ण परमात्माको प्रभुता सबैमाथि छ, कबीर परमेश्वर नै कुलका मालिक हुनु हुन्छ। वहाँले आफ्नो शक्ति सबैमा फैलाएर प्रभावित पार्नु भएको छ। सूर्यले आफ्नो प्रकाश फैलाएर सबैलाई प्रभावित पारे झैं पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रिणका लागि आफ्नो शक्तिरूपी रेन्ज (क्षमता) छोड्नु भएको छ। मोबाइल फोनको टावर एकदेशीय हुँदा हुँदै पनि आफ्नो शक्ति अर्थात् मोबाइल फोनको रेन्ज (क्षमता) चारैतिर फैलाए झैं आफ्नो निराकार शक्तिलाई सर्वव्यापक गरी एक ठाउँमा बसेर पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रण गर्नु हुन्छ।**

**यसको प्रमाण आदरणीय गरीबदास जी महाराजले यसरी दिएका छन् (अमृतवाणी राग कल्याण) :-**

तीन चरण चिन्तामणी साहेब, शेष बदन पर छाए।
माता, पिता, कुल न बन्धु, ना किन्हें जननी जाये।।

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ५ मा निम्न उल्लेखित छ**

तस्माद्विरा लजायत विराजो अधि पुरूषः।
स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः।।

तस्मात्-विराट्-अजायत-विराजः-अधि-पुरूषः-स-जातः-अत्यरिच्यत-पश्चात्-भूमिम्-अथः-पुरः

**अनुवाद** :- (तस्मात्) त्यसपछि परमेश्वर सत्यपुरूषको शब्द शक्तिले (विराट्) विराट अर्थात् ब्रह्म, जसलाई क्षर पुरूष तथा काल पनि भनिन्छ (अजायत) उत्पन्न भएका हुन्। (पश्चात्) अनि (विराजः) विराट पुरूष वा काल भगवानभन्दा (अधि) ठूला (पुरूषः) परमेश्वरले (भूमिम्) पृथ्वी भएको लोक र काल ब्रह्म तथा परब्रह्मको लोकहरूलाई (अत्यरिच्यत) राम्रोसँग रच्नु भयो (अथः) फेरि (पुरः) अन्य स-साना लोकहरु पनि (स) पूर्ण परमेश्वरले नै (जातः) उत्पन्न गर्नु भयो अर्थात् स्थापित गर्नु भयो।

**भावार्थः- उपरोक्त मन्त्र ४ मा वर्णित तीनवटै लोकहरु (अगम, अलख र सत्यलोक) को रचनापछि पूर्ण परमात्माले ज्योति निरंजन (ब्रहम) लाई उत्पत्ति अर्थात् सर्वशक्तिमान परामात्मा पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले नै विराट अर्थात् ब्रह्म (काल) को उत्पत्ति गर्नु भयो। यही, परम अक्षर पुरूष अर्थात् अविनाशी प्रभुबाटै ब्रह्म उत्पन्न भए भन्ने प्रमाण गीता अध्याय ३ श्लोक १५ मा पनि छ। अथर्ववेद काण्ड ४ अनुवाक १ सुक्त ३ मा पनि पूर्ण ब्रह्मले ब्रह्मको उत्पत्ति गर्नु भयो भनी प्रमाण दिइएको छ। पूर्ण ब्रह्मले नै (भूमिम्) भूमि आदि साना-ठूला लोकहरु रचना गर्नु भयो। पूर्ण ब्रह्म यी विराट भगवान वा ब्रह्मभन्दा पनि ठूला अर्थात् यिनका पनि मालिक हुनु हुन्छ।**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १५ मा निम्न उल्लेखित छ**

सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधः कृताः।
देव यद्यज्ञं तन्वाना अबध्नन्पुरूषं पशुम्।।१५।।

सप्त-अस्य-आसन्-परिधयः-त्रिसप्त-समिधः-कृताः-देवा-यत्-यज्ञम्-तन्वानाः-अबध्नन्-पुरूषम्-पशुम्।

**अनुवाद** :- (सप्त) परब्रह्मका सात शंख र (त्रिसप्त) काल ब्रह्मका एक्काईस ब्रह्माण्डहरु (समिधः) त कर्मदण्ड दुःखरूपी आगोले (कृताः) दुःखी बनाउने (परिधयः) गोलाकार घेरारूपी सीमाभित्र (आसन्) छन्। (पुरूषम्) पूर्ण परमात्माको (यज्ञम्) विधिवत् धार्मिक कर्म अर्थात् पूजा (यत्) गर्ने (पशुम्) कालको कर्मबन्धनको जालमा बलीको पशुझैं बाँधिएका (देवा) भक्तात्माहरूलाई (तन्वानाः) कालले रचेको वा फैलाएको पापको कर्मबन्धनरूपी जालबाट पूर्ण परमात्माले (अबध्नन्) बन्धनरहित गर्नु हुन्छ वा वहाँ नै बन्दी छुटाउने बन्दी छोड हुनु हुन्छ।

**भावार्थ :- सात शंख ब्रह्माण्ड परब्रह्मको तथा एक्काईस ब्रह्माण्ड ब्रह्मको हो जसमा गोलाकार सीमामा बन्द पाप कर्मको आगोमा जलि रहेका प्राणीहरूलाई वास्तविक पूजा विधि सिकाएर सही उपासना गराउनु हुन्छ। जसकारणले बलि दिइने पशु जस्तो जन्म मृत्युको कालको खानाका लागि तप्त शिलाको कष्टबाट पीडित भक्त आत्माहरूलाई कालले फैलाएको कर्म बन्धनको जाल तोडेर बन्धन रहित गर्नु हुन्छ अर्थात् बन्धनबाट छुटाउने बन्दी छोड हुनु हुन्छ।**

**यसको प्रमाण पवित्र यजुर्वेद अध्याय ५ मन्त्र ३२ मा यसरी दिइएको छः** कविरंघारिसि (कविर्) कबीर परमेश्वर (अंघ) पापको (अरि) शत्रु (असि) हुनु हुन्छ वा पाप विनाशक हुनु हुन्छ। वहाँ बम्भारिसि (बम्भारि) बन्धनको शत्रु वा बन्दी छोड कबीर परमेश्वर (असि) हुनु हुन्छ।

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १६ मा निम्न उल्लेखित छ**

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।
ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः।।१६।।

यज्ञेन-यज्ञम्-अ-यजन्त-देवाः-तानि-धर्माणि-प्रथमानि-आसन्-ते-ह-नाकम्-महिमानः-सचन्त-यत्र-पूर्वे-साध्याः-सन्ति-देवाः।

**अनुवाद** :- (अयज्ञम्) अपुरो गलत धार्मिक पूजाको सट्टामा (यज्ञेन) धार्मिक कर्मको आधारमा सत्यभक्ति र (यजन्त) पूजा गर्ने (देवाः) निर्विकार देवस्वरूप भक्त आत्माहरु (तानि) नै (धर्माणि) धार्मिक शक्ति सम्पन्न (प्रथमानि) मुख्य तथा उत्तम (आसन्) हुन्। (ते ह) उनीहरु नै वास्तवमा (महिमानः) महान भक्तिको शक्तिले युक्त भएर (साध्याः) सफल भक्त बनेर (सचन्त) भक्ति निमित्त कारण वा सत्यभक्तिको कमाइबाट (नाकम्) पूर्ण सुखदायक परमेश्वरलाई प्राप्त गर्छन् र उनीहरु (पूर्वे) सृष्टिभन्दा पहिले (देवाः) पाप रहित देवस्वरूप भक्त आत्माहरु (सन्ति) बस्ने गरेको (यत्र) ठाउँमा जान्छन्।

**भावार्थ :- निर्विकार (मासु, जाँड-रक्सी र सूर्ति सेवन त्यागि दिएका तथा अन्य नराम्रा कामबाट रहित भएका) देवस्वरूप भक्तात्माहरूले शास्त्रविधि रहित पूजालाई त्यागेर शास्त्रानुकुल साधना गरेपछि सत्यभक्तिको कमाइले धनी भएर कालको ऋणबाट मुक्त भई सम्पूर्ण सुखदायक परमात्मालाई प्राप्त गर्दछन् वा सृष्टिमा सबैभन्दा पहिले रचिएका देवस्वरूप वा पापरहित हंस आत्माहरु बस्ने गरेका सत्यलोकमा जान्छन्।**

**केही आत्माहरु कालको जालमा फसेर यहाँ आए र केही परब्रह्मका साथ सात शंख ब्रह्माण्डमा गए पनि असङ्ख्य आत्माहरूको विश्वास पूर्ण परमात्मामा अटल रहेकोले उनीहरु पतिव्रता पदबाट झरेनन् र उनीहरु त्यहीँ रहे। यहाँ पवित्र वेदले पनि त्यही कुरालाई सत्य प्रमाणित गरेको छ। गीता अध्याय ८ को श्लोक संख्या ८ देखि १० मा पनि यसैको प्रमाण दिइएको छ कि शास्त्र विधि अनुसार पूर्ण परमात्माको सत्यसाधना गर्ने साधकले भक्तिको कमाइको बलले पूर्ण परमात्मालाई प्राप्त गर्दछ। यसले के सिद्ध गर्दछ भने प्रभुहरु तीनवटा छन् : ब्रह्म, परब्रह्म र पूर्णब्रह्म। यिनीहरूलाई (१) ब्रह्म/ईश/क्षर पुरुष, (२) परब्रह्म/अक्षर पुरूष/अक्षर ब्रह्म/ईश्वर र (३) पूर्ण ब्रह्म/परम अक्षर ब्रह्म/परमेश्वर/ सत्यपुरूष/आदि पर्यायवाची शब्दहरूबाट पनि जानिन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७ देखि २० मा स्पष्ट प्रमाणित गरिएको छ– पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) शिशुरूप धारण गरेर प्रकट भई आफ्नो निर्मल ज्ञान अर्थात् तत्त्वज्ञान (कविर्गीर्भिः) कबीर वाणीको माध्यमले आफ्ना**

अनुयायीहरूलाई बोलेर वर्णन गर्नु हुन्छ। ब्रह्म (क्षर पुरूष) र परब्रह्म (अक्षर पुरूष) का धामहरु भन्दा भिन्दै पूर्ण ब्रह्म (परम अक्षर पुरूष) तेस्रो ऋतधाम (सत्यलोक) मा कविर्देव (कबीर परमेश्वर) साकाररूपमा विराजमान हुनु हुन्छ र सत्यलोकभन्दा माथिको चौथो अनामी लोकमा पनि अनामी पुरुषका रूपमा मनुष्य सदृश आकारमा विराजमान हुनु हुन्छ।

## पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण

ब्रह्मा, विष्णु र शिवका माता-पिता

(दुर्गा र ब्रह्मको योगबाट ब्रह्मा, विष्णु र शिवको जन्म)

पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध अध्याय १-३ (गीताप्रेस गोरखपुरबाट प्रकाशित, अनुवादकर्ता श्री हनुमान प्रसाद पोद्दार तथा चिमन लाल गोस्वामी जी पृष्ठ नं. ११४ बाट) पृष्ठ नं. ११४ देखि ११८ सम्ममा कयौं आचार्यहरू भवानीलाई सम्पूर्ण मनोरथ पूरा गर्ने भनी बताउँछन् भनेर विवरण दिइएको छ। उनी प्रकृति कहलाउँछिन् तथा ब्रह्मसँग अभेद सम्बन्ध छ। जस्तो पत्नीलाई अर्धाङ्गनी पनि भनिन्छ अर्थात् दुर्गा ब्रह्मकी (कालकी) पत्नी हुन्। एउटा ब्रह्माण्डको सृष्टि रचनाको विषयमा राजा श्री परीक्षितले सोधेपछि श्री व्यास जी भन्नु हुन्छ- मैले श्री नारद जी सँग सोधेको थिएँ— हे देवर्षी! यस ब्रह्माण्डको रचना कसरी भयो? मेरो यस प्रश्नको उत्तरमा श्री नारद जीले भन्नु भयो- मैले आफ्नो पिता ब्रह्मासँग यस ब्रह्माण्डको रचना तपाईँले गर्नु भएको हो कि विष्णु जी यसका रचयिता हुन् या शिव जीले रचेका हुन्? सत्य बताउने कृपा गर्नु होस् भनेर सोधेको थिएँ। तब मेरा पूज्य पिता श्री ब्रह्मा जीले पुत्र नारद, मैले आफूलाई कमलको फूलमा बसेको पाएको थिएँ, मलाई थाहा छैन म यस अगाध जलमा कहाँबाट उत्पन्न भएँ। एक हजार वर्षसम्म पृथ्वीको अन्वेषण गर्दै रहें, कहीं जलको छेउ वा किनारा पाइनँ। अनि तपस्या गर भन्ने आकाशवाणी भयो। एक हजार वर्षसम्म तपस्या गरें। अनि सृष्टि गर्न आकाशवाणी भयो। यत्तिकैमा नै मधु र कैटभ नामका दुई राक्षस आए। उनीहरूको भयले म कमलको डाँठ पक्रेर तल ओर्लें। त्यहाँ भगवान् विष्णु जी शेष शैय्यामा अचेत थिए। उनबाट एक स्त्री (प्रेतवत प्रविष्ट दुर्गा) निस्किइन्। उनी आकाशमा आभुषण पहिरिदै गरेको देखिइन लागिन्। तब भगवान् विष्णु होसमा आए। त्यहाँ म र विष्णु दुई मात्र थियौं। यतिकैमा भगवान् शिव पनि आए। देवीले हामीलाई विमानमा बसाइन् तथा ब्रह्म लोकमा लगिन्। त्यहाँ एक ब्रह्मा, एक विष्णु तथा एक शिव अरू देखें अनि एक देवी देखिइन्। उनलाई देखेपछि विष्णु जीले विवेकपूर्वक निम्न वर्णन गरे (ब्रह्म कालले विष्णुलाई चेतना प्रदान गरे उसलाई आफ्नो बाल्य काल याद आयो तब बाल्य कालको कहानी सुनाए।)

पृष्ठ ११९-१२० मा भगवान् विष्णु जीले श्री ब्रह्मा तथा श्री शिव जी सँग यिनी हामी तीनै जनाकी माता हुन्। यिनी जगत् जननी प्रकृति देवी हुन्। मैले यी

देवीलाई म सानो बालक हुँदा पालन पोषण गर्दै झोलुङ्गामा हल्लाइ रहेकी देखेको थिएँ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२३ मा श्री विष्णु जीले दुर्गा जीको स्तुति गर्दै भने,– तपाईं शुद्ध स्वरूपा हुनु हुन्छ। यो सारा संसार तपाईंबाटै उद्भासित भइ रहेछ। म (विष्णु), ब्रह्मा र शङ्कर तपाईंको कृपाले नै विद्यमान छौं। हाम्रो अविर्भाव (जन्म) र तिरोभाव (मृत्यु) हुने गर्छ अर्थात् हामी तीनै देव नाशवान छौं, तपाईं नै नित्य (अविनाशी), जगत जननी, प्रकृति देवी हुनु हुन्छ।

भगवान शङ्कर बोले,– देवी, यदि महाभाग विष्णु तपाईंबाटै प्रकट (उत्पन्न) भएका हुन् भने उनी पछि उत्पन्न हुने ब्रह्मा पनि तपाईंकै बालक भए। अनि म तमोगुणी लीला गर्ने शङ्कर के तपाईंको सन्तान होइन ? अर्थात् मलाई उत्पन्न गर्ने पनि तपाईं नै हो।

विचार गर्नु होस् : उपरोक्त विवरणबाट ब्रह्मा जी, विष्णु जी र शिव जी नाशवान् छन्, उनीहरु मृत्युञ्जय (अजर-अमर) र सर्वेश्वर होइनन्, उनीहरु दुर्गा (प्रकृति) का छोरा हुन् र ब्रह्म (काल/सदा शिव) यिनका पिता हुन् भन्ने सिद्ध हुन्छ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२५ मा ब्रह्मा जीले हे आमा ! वेदमा जुन ब्रह्म भनिएको छ, त्यो तपाईं नै हुनु हुन्छ वा कोही अन्य प्रभु हुन् भनेर सोधे। जवाफमा दुर्गाले म तथा ब्रह्म एकै हौं भनेर बताएकी छिन्। फेरि यसै स्कन्धको अध्याय नं. ६ को पृष्ठ नं. १२९ मा– अब मेरा काम सिद्ध गर्नका लागि विमानमा बसेर तिमीहरु चाँडै जाऊ। कुनै कठिन काम परेमा तिमीहरूले स्मरण गर्नासाथ म सामुन्ने आउने छु। हे देवताहरु हो ! तिमीहरूले मेरो (दुर्गाको) र ब्रह्मको ध्यान सँधै गरि रहनु पर्छ। हामी दुवैको स्मरण गरि रह्यौ भने तिमीहरूको कार्य सिद्ध हुने कुरामा अलिकति पनि सन्देह छैन भनिएको छ।

दुर्गा (प्रकृति) र ब्रह्म (काल) यी तीनै देवताका माता-पिता हुन् तथा ब्रह्मा, विष्णु र शिव नाशवान छन्। पूर्णशक्तियुक्त छैनन् भन्ने उपरोक्त व्याख्याबाट स्वसिद्ध छ।

तीन देवताहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी) को विवाह दुर्गा (प्रकृती देवी) ले गरि दिइन्। यसको विवरण तेस्रो स्कन्धको पृष्ठ नं. १२८-१२९ मा छ।)

गीता अध्याय नं. ७ को श्लोक नं. १२ मा निम्न उल्लेखित छ

ये, च, एव, सात्विकाः, भावाः, राजसाः, तामसाः, च, ये,
मतः, एव, इति, तान्, विद्धि, न, तु, अहम्, तेषु, ते, मयि॥

अनुवाद :- (च) अरू (एवं) पनि (ये) जुन (सात्विकाः) सत्वगुण विष्णु जीले गर्ने स्थिति (भावा) भाव हो, (ये) जुन (राजसाः) रजोगुण ब्रह्मा जीबाट गर्ने उत्पत्ति

(च) तथा (तामसाः) तमोगुण शिवबाट गर्ने संहार (तान्) सबै तिमी (मतः, एव) मबाट सुनियोजित नियम अनुसार नै हुनेछन् (इति) भन्ने (विद्धि) जान (तु) तर वास्तवमा (तेषु) उनमा (अहम्) म तथा (ते) उनी (मयि) ममा (न) छैनन्।

## पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण

(काल ब्रह्म र दुर्गाबाट विष्णु, ब्रह्मा र शिवको उत्पत्ति)

यसको प्रमाण पवित्र श्री शिवपुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित, अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दार) को अध्याय ६ रूद्र संहिता, पृष्ठ नं. १०० मा के भनिएको छ भने मूर्ति रहित परब्रह्मको मूर्ति नै भगवान सदाशिव हुन्। यिनको शरीरबाट निस्किएको एउटा शक्ति नै अम्बिका, प्रकृति (दुर्गा) र त्रिदेव जननी (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जीलाई उत्पन्न गर्ने आमा) भनेर चिनिइन्। उनका आठ हातहरु छन्। सदाशिवलाई नै शिव, शम्भू र महेश्वर पनि भनिन्छ। (पृष्ठ नं १०१) उनी आफ्नो सम्पूर्ण अङ्गमा खरानी धस्छन्। ती कालरूप ब्रह्मले शिवलोक नामक एउटा क्षेत्रको निर्माण गरे। अनि दुवैले पति पत्नीको व्यवहार गरे, जसबाट एउटा पुत्र उत्पन्न भयो। उनको नाम विष्णु राखियो। (पृष्ठ नं १०२)

रूद्र संहिता अध्याय नं ७ पृष्ठ नं. १०३ मा ब्रह्मा जीले मेरो उत्पत्ति पनि भगवान सदाशिव (ब्रह्म/काल) तथा प्रकृति (दुर्गा) को संयोगबाट अर्थात् पति पत्नीको व्यवहारबाट भएको हो अनि मलाई बेहोस पारि दिए भनेका छन्।

रूद्र संहिता अध्याय नं. ९ पृष्ठ नं ११० मा के भनिएको छ भने यस प्रकार ब्रह्मा, विष्णु र रूद्र यी तीनै देवताहरूमा गुण छ, तर शिव (काल/ब्रह्म) लाई भने गुणातित मानिन्छ। यहाँ चार सिद्ध भए अर्थात् सदाशिव (ब्रह्म/काल) र प्रकृति (दुर्गा) बाटै ब्रह्मा, विष्णु र शिव उत्पन्न भएका हुन्। यी तीनैजना भगवानहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी) का आमा श्री दुर्गा जी तथा पिता जी श्री ज्योति निरञ्जन (ब्रह्म) हुन्। यी तीनै प्रभु रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव हुन्।

## पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र गीता जी अध्याय १४ श्लोक ३ देखि ५ सम्ममा छ। ब्रह्म (काल) भनिरहेका छन्,– प्रकृति (दुर्गा) त मेरी पत्नी हुन् तथा म ब्रह्म (काल) यिनको पति हुँ। हामी दुईको संयोगले सम्पूर्ण प्राणीहरु सहित तीनवटै गुणहरु (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) को उत्पत्ति भएको हो। म (ब्रह्म) सम्पूर्ण प्राणीका पिता हुँ र प्रकृति (दुर्गा) यिनीहरूका माता हुन्। म यिनको पेटमा बीज स्थापना गर्छु जसबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ। प्रकृति (दुर्गा) बाट उत्पन्न तीनै गुण (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमोगुण शिव) ले जीवलाई कर्मको आधारले शरीरमा बाँध्दछ।

**यसको प्रमाण अध्याय १५ श्लोक १ देखि ४ तथा १६ र १७ मा पनि छ।**

**गीता अध्याय नं १५ को श्लोक नं १**

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः, अव्ययम्,
छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्।।

**अनुवाद** :- (ऊर्ध्वमूलम्) माथिल्तिर पूर्ण परमात्मा, आदि पुरूष, परमेश्वररूपी जरा भएको (अद्यःशाखम्) तल्तिर शाखा भएको (अव्ययम्) अविनाशी (अश्वत्थम्) विस्तारित पिपलको रूख छ, (यस्य) जसको (छन्दांसि) स-साना भाग वा हाँगा र (पर्णानि) पातहरू (प्राहुः) रहेका छन् (तम्) त्यो संसाररूपी रूखलाई (यः वेद) सर्वाङ्ग सहित जसले जान्दछ (सः) उनी नै (वेदवित्) पूर्ण ज्ञानी वा तत्त्वदर्शी हुन् ।

**गीता अध्याय १५ को श्लोक नं २**

अधः, च ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः,
विषयप्रवालाः, अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके।।

**अनुवाद** :- (तस्य) त्यस वृक्षको (अधः) तल्तिर (च) र (ऊर्ध्वम) माथिल्तिर (गुणप्रवृद्धाः) तीनै गुणहरु रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव रूपी (प्रसृता) फैलिएका (विषयाप्रवालाः) काम, क्रोध, मोह, लोभ र अहंकार जस्ता विकाररूपी (शाखाः) ब्रह्मा, विष्णु र शिव स्वरूपका हाँगा नै (कर्मानुबन्धीनि) जीवलाई कर्ममा बाँध्ने (मूलानि) जरा वा मुख्य कारण हुन् (च) तथा (मनुष्यलोके) मनुष्यलोक वा पृथ्वीलोकमा (अधः) तल - नरक, चौरासी लाख जुनीहरूमा (ऊर्ध्वम्) माथि स्वर्गलोक आदिमा (अनुसन्ततानि) व्यवस्थित गरिएको छ।

**गीता अध्याय १५ को श्लोक नं. ३**

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,
सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असंगशस्त्रेण, दृढेन, छित्वा।।

**अनुवाद** :- (अस्य) यो रचनाको (न) न (आदिः) शुरूवात (च) र (न) न त (अन्तः) अन्त्य छ (न) न (तथा) त्यस्तो (रूपम्) स्वरूप (उपलभ्यते) पाइन्छ (च) तथा (इह) यहाँ विचार कालमा अर्थात् मैले दिँदै गरेको गीताज्ञानका बारेमा मलाई पनि पूरा जानकारी (न) छैन (सम्प्रतिष्ठा) किनकि सम्पूर्ण ब्रह्माण्डहरूको रचनाको स्थिति सम्बन्धी राम्रो ज्ञान मलाई पनि छैन। (एनम्) यो (सुविरूढमूलम्) राम्रोसँग स्थायी स्थिति भएको, (अश्वत्थम्) बलियो स्वरूप भएको संसाररूपी रूखको ज्ञानको (असङ्गशस्त्रेण) पूर्ण ज्ञानरूपी (दृढेन) दृढ सुक्ष्म वेद अर्थात् तत्त्वज्ञानले जानेर (छित्वा) त्यसलाई काटेर वा निरञ्जनको भक्तिलाई क्षणिक अर्थात् क्षणभंगुर बुझेर ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्मभन्दा पनि अगाडि पूर्ण ब्रह्मको खोजी गर्नु पर्छ।

**गीता अध्याय १५ को श्लोक नं. ४**

ततः, पदम्, तत्, परिमार्गितव्यम्, यस्मिन्, गताः, न, निवर्तन्ति, भूयः,
तम्, एव्, च, आद्यम्, पुरूषम्, प्रपद्ये, यतः, प्रवृतिः, प्रसृता, पुराणी।।

**अनुवाद** :- तत्त्वदर्शी सन्तलाई (ततः) भेटेपछि (तत्) परमात्माको (पदम्) पद स्थान अर्थात् सत्यलोक (परिमार्गितव्यम्) राम्रोसँग खोज्नु पर्छ (यस्मिन्) जहाँ (गताः) गएका साधकहरू (भूयः) फेरि (न, निवर्तन्ति) फर्केर संसारमा आउँदैनन् (च) र (यतः) जुन परमात्मा-परम अक्षर ब्रह्मबाट (पुराणी) आदि (प्रवृतिः) रचना-सृष्टि (प्रसृता) उत्पन्न भएको छ। (तम्) अज्ञात (आद्यम्) आदि यम यानी म काल निरञ्जन पनि (पुरूषम्) पूर्ण परमात्माको (एव) नै (प्रपद्ये) शरणमा छु तथा वहाँकै पूजा गर्छु।

**गीता अध्याय १५ को श्लोक नं. १६**

द्वौ, इमौ, पुरूषौ, लोके, क्षरः, च, अक्षरः, एव, च,
क्षरः, सर्वाणि, भूतानि, कूटस्थः, अक्षरः, उच्यते॥

**अनुवाद** :- (लोके) यस संसारमा (द्वौ) दुई प्रकारका (क्षरः) नाशवान (च) र (अक्षरः) अविनाशी (पुरूषौ) भगवान छन् । (एवं) यसरी (इमो) यी दुई प्रभुहरूका लोकहरूमा (सर्वाणि) सम्पूर्ण (भूतानि) प्राणीहरूको शरीर त (क्षरः) नाशवान छ (च) र (कूटस्थः) जीवात्माहरूलाई (अक्षरः) अविनाशी (उच्यते) भनिन्छ ।

**गीता अध्याय १५ को श्लोक नं १७**

उत्तमः, पुरूषः, तु, अन्यः, परमात्मा, इति, उदाहृतः,
यः, लोकत्रयम्, आविश्य, बिभर्ति, अव्ययः, ईश्वरः॥

**अनुवाद** :- (उत्तमः) उत्तम (पुरूषः) प्रभु (तु) त (अन्यः) माथिका दुवै प्रभुहरु वा क्षर र अक्षर पुरूषभन्दा फरक हुनु हुन्छ (इति) वहाँलाई नै वास्तवमा (परमात्मा) परमात्मा (उदाहृतः) भनिएको छ (यः) जसले (लोकत्रयम्) तीनै लोकहरूमा (आविश्य) प्रवेश गरेर (बिभर्ति) सबैको धारण पोषण गर्नु हुन्छ र (अव्ययः) वहाँ नै अविनाशी (ईश्वरः) प्रभुहरूमा श्रेष्ठ अर्थात् समर्थ प्रभु हुनु हुन्छ।

**भावार्थ :- गीता ज्ञानदाता प्रभुले कतिमात्र बताए भने यो संसारलाई उल्टो झुण्डिएको रूख जस्तो सम्झ। माथिल्तिरको जरा (मूल) लाई पूर्ण परमात्मा र तल्तिरका हाँगाबिँगा आदिलाई अन्य भाग बुझ। यो संसाररूपी रूखको प्रत्येक भागको भिन्न भिन्न विवरण जान्ने सन्त नै तत्त्वदर्शी सन्त हुन्। उनको बारेमा गीता अध्याय ४ श्लोक ३४ मा बताइएको छ। गीता अध्याय १५ श्लोक २ र ३ मा तीन गुणरूपी शाखा छन् भन्ने मात्र बताइएको छ। यहाँ विचार काल अर्थात् गीतामा म (गीता ज्ञानदाता) लाई यो संसारको रचनाको आदि र अन्त्यको ज्ञान नहुनाले तिमीलाई पूर्ण जानकारी दिन सक्दिन भनिएको छ। यसका लागि गीता अध्याय ४ श्लोक नं. ३४ मा कुनै तत्त्वदर्शी सन्तले नै पूर्ण परमात्माको ज्ञान दिन सक्छन् भनिएको छ। यस गीता अध्याय १५ श्लोक नं. १ मा तत्त्वदर्शी सन्तको पहिचान बताउँदै उनले संसाररूपी रूखको प्रत्येक भागको ज्ञान गराउने हुनाले उनैसँगै सोध भनिएको हो। गीता अध्याय १५ श्लोक ४ मा तत्त्वदर्शी सन्त भेटिएपछि परमपद परमेश्वरको खोजी गर्नु पर्छ अर्थात् तत्त्वदर्शी सन्तले बताए अनुसार साधना गरेपछि पूर्ण मोक्ष (अनादि मोक्ष) प्राप्त हुन्छ भनिएको छ। गीता अध्याय १५ को श्लोक नं. १६ र १७**

मा तीन प्रभुहरु - पहिलो क्षर पुरूष (ब्रह्म), दोस्रो अक्षर पुरूष (परब्रह्म) र तेस्रो परम अक्षर पुरूष (पूर्ण ब्रह्म) मध्ये क्षर पुरूष र अक्षर पुरूष वास्तवमा अविनाशी छैनन्। अविनाशी परमात्मा त यी दुई भन्दा अलग हुनु हुन्छ। वहाँले तीनै लोकमा प्रवेश गरेर सबैलाई भरण पोषण गर्नु हुन्छ भनेर स्पष्ट गरिएको छ।

माथि उल्लेखित श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक नं. १ देखि ४ तथा १६ र १७ मा यो प्रमाणित भयो कि उल्टो झुण्डिएको संसाररूपी रूखको मूल वा जरा त परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्म हुनु हुन्छ जसबाटै सिंगो रूखको पालन हुन्छ। पृथ्वीभन्दा ठीक बाहिर जमिनसँग जोडिएको रूखको भाग वा फेदलाई अक्षर पुरूष वा परब्रह्म भनेर जान। फेदभन्दा माथि निस्कने मोटा हाँगाहरूमध्ये एउटा हाँगोलाई ब्रह्म अर्थात् क्षर पुरूष सम्झ। त्यो मोटो हाँगाबाट निस्केका तीनवटा साना शाखाहरूलाई ब्रह्मा, विष्णु र शिव भनेर बुझ। अनि शाखाहरूबाट निस्केका पातहरूलाई सांसारिक प्राणीहरु भनी बुझ। उपरोक्त गीता अध्याय १५ श्लोक नं. १६ र १७ मा क्षर पुरुष (ब्रह्म) र अक्षर पुरुष (परब्रह्म) लगायत यी दुवैका लोकहरूमा भएका सबै प्राणीहरूको स्थूल शरीर त नाशवान छ तर जीवात्मा भने अविनाशी छ, अर्थात् उपरोक्त दुवै प्रभु र यिनीहरु अन्तर्गत रहेका प्राणी नाशवान छन् भन्ने स्पष्ट हुन्छ। अक्षर पुरूषलाई अविनाशी भनिए पनि वास्तवमा अविनाशी परमात्मा त यी दुईभन्दा भिन्दै हुनु हुन्छ। वहाँ तीनै लोकमा प्रवेश गरेर सबैको पालनपोषण गर्नु हुन्छ। माथिको वयानमा तीन प्रभुहरूको भिन्न भिन्न विवरण दिइएको छ।

## पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र बाइबल र पवित्र कुरान शरीफमा पनि छ। कुरान शरीफमा पवित्र बाइबलको पनि ज्ञान छ, यसैले यी दुई पवित्र सद्ग्रन्थहरूले मिलेर सृष्टिका रचयिता को र कस्ता छन् तथा उनको वास्तविक नाम के हो भन्ने तथ्य प्रमाणित गरेका छन्।

**पवित्र बाइबल (उत्पत्ति ग्रन्थ पृष्ठ नं. २ अ. १:२०-२:५) :-**

छैठौं दिन : प्राणी र मनुष्य

अन्य प्राणीहरूको रचना गरेर (२६) फेरि परमेश्वरले भन्नु भयो मैले मनुष्यलाई आफ्नो स्वरूप अनुसार आफ्नै समानता (सादृश्यता) मा बनाएँ। जसले सबै प्राणीहरु माथि काबु राख्ने छ। (२७) अनि परमेश्वरले मनुष्यलाई आफ्नो स्वरूप अनुसार उत्पन्न गर्नु भयो, आफ्नै स्वरूप अनुसार परमेश्वरले तिनीहरूलाई उत्पन्न गर्नु भयो, नर र नारी गरेर मनुष्यहरूको सृष्टि गर्नु भयो।

(२९) प्रभुले मनुष्यहरूका लागि खानलाई बिउ हुने ससाना बोट बिरूवा तथा जे जत्ति रूखहरूमा बिउ हुने फलहरु छन् ती भोजनका लागि प्रदान गर्नु भएको छ। (मासु खान भन्नु भएको छैन ।)

सातौं दिन : विश्रामको दिन

परमेश्वरले छ दिनमा सम्पूर्ण सृष्टिको उत्पत्ति गरेर सातौं दिन विश्राम गर्नु भयो।

**पवित्र बाइबलले परमात्मा मानव सदृश शरीरमा हुनु हुन्छ र वहाँले छ दिनमा सम्पूर्ण सृष्टिको रचना गरेर विश्राम गर्नु भयो भन्ने कुरा सिद्ध गरेको छ।**

**पवित्र कुरान शरीफ (सुरत फुर्कानि २५, आयत नं ५२, ५८ र ५९)**

आयत ५२ :- फला तुतिअल् - काफिरन् व जहिद्हुम बिही जिहादन् कबीरा (कबीरन्)॥५२॥

**भावार्थ :- हजरत मुहम्मद जीका खुदा (प्रभु) ले भनि रहेछन् कि ए पैगम्बर! तपाईं काफिरहरु (एकमात्र प्रभुको भक्ति त्यागेर अन्य देवी देवताहरु र मूर्ति आदिको पूजा गर्ने) को भनाइ नमान्नु किनकि ती मानिसहरु कबीरलाई पूर्ण परमात्मा मान्दैनन्। तपाईं मैले दिएको यस कुरानको ज्ञानका आधारमा अटल रहनु। कबीर नै पूर्ण प्रभु हुनु हुन्छ र कबीर अल्लाहका लागि संघर्ष गर्नु (लडाईं झगडा गर्नु होइन) अर्थात् अडिग रहनु।**

आयत ५८ :- व तवक्कल अलल् - हय्यिल्लजी ला यमूतु व सब्बिह् बिहम्दिही व कफा बिही बिजुनूबि अिबादिही खबीरा (कबीरा)।।५८।।

**भावार्थ :- हजरत मुहम्मद जीले आफ्नो प्रभु मानेका अल्लाह (प्रभु) ले कुनै अर्को प्रभु तर्फ सङ्केत गर्दै भनि रहेछन्, 'ए पैगम्बर, जिन्दा (लामो कालो चोगा लाउने) महात्माका रूपमा तिमीले आकारमा भेटेको कबीर परमात्मामाथि विश्वास राख। वहाँ कहिल्यै मर्नु हुन्न वा वास्तवमा अविनाशी हुनु हुन्छ। वहाँको प्रशंसा र पवित्रता (पवित्र महिमा) को गुणगान गर्दै जाऊ। कबीर अल्लाह (कविर्देव) पूजा गरिन योग्य हुनु हुन्छ तथा आफ्ना उपासकहरूको सम्पूर्ण पाप विनाश गर्ने हुनु हुन्छ।**

आयत ५९ :- अल्ल्जी खलकस्समावाति वल्अर्ज व मा बैनहुमा फी सित्तति अय्यामिन् सुम्मस्तवा अलल्अर्शि अर्रह्मानु फस्अल् बिही खबीरन् (कबीरन्)।।५९।।

**भावार्थ :- हजरत मुहम्मदलाई कुरान शरीफ बताउने प्रभु (अल्लाह) ले भनि रहेछन्,– कबीर प्रभुले धर्ती तथा आकाशका बीचमा विद्यमान सम्पूर्ण सृष्टिको रचना ६ दिनमा गरेर सातौं दिन माथिको आफ्नो सत्यलोकमा रहेको सिंहासनमा विराजमान हुनु भयो। वहाँको विषयमा जानकारीका लागि कुनै (बाखबर) तत्त्वदर्शी सन्तलाई सोध। पूर्ण परमात्मालाई कसरी पाउन सकिन्छ भन्ने वास्तविक ज्ञान कुनै तत्त्वदर्शी सन्त (बाखबर) लाई सोध, म जान्दिनँ ।**

**उपरोक्त दुवै पवित्र धर्म (इसाई तथा मुसलमान) का पवित्र शास्त्रहरूले पनि मिलेर प्रमाणित गरेका छन्– सम्पूर्ण सृष्टिका रचयिता, सम्पूर्ण पाप विनाशक, सर्वशक्तिमान, अविनाशी परमात्मा मानव सदृश शरीरमा आकारमा सत्यलोकमा बस्नु हुन्छ । वहाँको नाम कबीर हो, वहाँलाई नै अल्लाहु अकबिरू पनि भनिन्छ।**

**आदरणीय धर्मदास जीले पूज्य कबीर प्रभुसँग सोध्नु भयो,– हे सर्वशक्तिमान! आजसम्म यो तत्त्वज्ञान कसैले, वेदका मर्मज्ञ ज्ञानीहरूले पनि बताएनन्। चारै पवित्र**

**वेद र चारै पवित्र कतेब (कुरान शरीफ आदि) झूटा हुन् भन्ने यसबाट सिद्ध हुन्छ। अनि पूर्ण परमात्माले भन्नु भयो :** कबीर, बेद कतेब झूठे नहीं भाई, झूठे हैं जो समझे नाहिं।।

भावार्थ :- चारै पवित्र वेद (ऋग्वेद, अथर्ववेद, यजुर्वेद र सामवेद) तथा चारै पवित्र कतेब (कुरान शरीफ, जबूर, तौरात र इंजिल) गलत छैनन् तर यिनलाई नबुझ्नेहरु त मूर्ख नै हुन्।

## पूज्य कबीर परमेश्वर (कविर् देव) जीको अमृतवाणीमा सृष्टि रचना

विशेषः निम्न अमृतवाणी सन् १४०३ देखि {जब कविर्देव (कबीर परमेश्वर) लीलामय शरीरमा ५ वर्षको हुनु भयो} सन् १५१८ (जब कविर्देव (कबीर परमेश्वर) मगहरबाट सशरीर सतलोक जानु भयो)} को बीचमा लगभग ६०० वर्षपूर्व परम पूज्य कबीर परमेश्वर (कविर्देव) जी द्वारा आफ्नो निजी सेवक (दास भक्त) आदरणीय धर्मदास साहेब जीलाई सुनाउनु भएको थियो तथा धनी धर्मदास साहेब जीले लिपिबद्ध गरेका थिए। तर त्यस समयका पवित्र हिन्दू तथा पवित्र मुसलमानहरूका नादान गुरूहरू (अनुभवहीन पण्डित) ले यो धाणक (जुलाहा, कपडा बुन्ने कारिगर) झूठो हो भने। कुनै सद्ग्रन्थमा श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका माता पिताको नाम छैन। यी तिनै प्रभु अविनाशी छन्, यिनीहरूको जन्म मृत्यु हुँदैन। न पवित्र वेदहरू न त कुरान शरीफ आदिमा कबीर परमेश्वरको प्रमाण छ तथा परमात्मालाई निराकार लेखेको छ। हामी सधैं पढ्छौं। सोझा आत्मा भएकाहरूले ती विचक्षणहरू (चतुर गुरू, तीव्र बुद्धि भएका) प्रति साँच्चै यी कबीर धाणक त अशिक्षित हुन् तथा गुरू जी शिक्षित हुन् र सत्य भनि रहेका होलान् भनी विश्वास गरे। आज त्यही सत्यता प्रकाशमान भइ रहेछ तथा सर्व पवित्र धर्महरूको पवित्र सद्ग्रन्थ साक्षी छन्। यसबाट पूर्ण परमेश्वर, सर्व सृष्टि रचनाकार, कूलको सृष्टिकर्ता तथा सर्वज्ञ काशी (बनारस) मा कमलको फूल माथि प्रकट हुनु भएका कविर्देव (कबीर परमेश्वर) नै हुनु हुन्छ तथा १२० वर्षसम्म वास्तविक तेजोमय (तेजस्वी) शरीरमा मानव सदृश शरीर हल्का तेजको बनाएर रहनु भयो तथा आफूद्वारा रचिएको सृष्टिको वास्तविक ज्ञान दिएर सशरीर सतलोक जानु भयो भन्ने सिद्ध हुन्छ। कृपया प्रेमी पाठक परमेश्वर कबीर साहेब जीद्वारा उच्चारित निम्न अमृतवाणी पढ्नु होस्।

धर्मदास यह जग बौराना। कोइ न जाने पद निरवाना।।
यहि कारन मैं कथा पसारा। जगसे कहियो राम नियारा।।
यही ज्ञान जग जीव सुनाओ। सब जीवोंका भरम नशाओ।।
अब मैं तुमसे कहों चिताई। त्रयदेवनकी उत्पत्ति भाई।।
कुछ संक्षेप कहों गुहराई। सब संशय तुम्हरे मिट जाई।।
भरम गये जग वेद पुराना। आदि रामका का भेद न जाना।।
राम राम सब जगत बखाने। आदि राम कोइ बिरला जाने।।
ज्ञानी सुने सो हिरदै लगाई। मूर्ख सुने सो गम्य ना पाई।।
माँ अष्टंगी पिता निरंजन। वे जम दारूण वंशन अंजन।।

पहिले कीन्ह निरंजन राई। पीछेसे माया उपजाई।।
माया रूप देख अति शोभा। देव निरंजन तन मन लोभा।।
कामदेव धर्मराय सत्ताये। देवी को तुरतही धर खाये।।
पेट से देवी करी पुकारा। साहब मेरा करो उबारा।।
टेर सुनी तब हम तहाँ आये। अष्टंगी को बंद छुडाये।।
सतलोक में कीन्हा दुराचारि, काल निरंजन दिन्हा निकारि।।
माया समेत दिया भगाई, सोलह संख कोस दूरी पर आई।।
अष्टंगी और काल अब दोई, मंद कर्म से गए बिगोई।।
धर्मराय को हिकमत कीन्हा। नख रेखा से भगकर लीन्हा।।
धर्मराय किन्हाँ भोग विलासा। मायाको रही तब आसा।।
तीन पुत्र अष्टंगी जाये। ब्रह्मा विष्णु शिव नाम धराये।।
तीन देव विस्तार चलाये। इनमें यह जग धोखा खाये।।
पुरूष गम्य कैसे को पावै। काल निरंजन जग भरमावै।।
तीन लोक अपने सुत दीन्हा। सुन्न निरंजन बासा लीन्हा।।
अलख निरंजन सुन्न ठिकाना। ब्रह्मा विष्णु शिव भेद न जाना।।
तीन देव सो उनको धावें। निरंजन का वे पार ना पावें।।
अलख निरंजन बडा बटपारा। तीन लोक जिव कीन्ह अहारा।।
ब्रह्मा विष्णु शिव नहीं बचाये। सकल खाय पुन धूर उडाये।।
तिनके सुत हैं तीनो देवा। आंधर जीव करत हैं सेवा।।
अकाल पुरूष काहू नहिं चीन्हां। काल पाय सबही गह लीन्हां।।
ब्रह्म काल सकल जग जाने। आदि ब्रह्मको ना पहिचाने।
तीनों देव और औतारा। ताको भजे सकल संसारा।।
तीनों गुणका यह विस्तारा। धर्मदास मैं कहों पुकारा।।
गुण तीनों की भक्ति में, भूल परो संसार।
कहै कबीर निज नाम बिन, कैसे उतरैं पार।।

**उपरोक्त अमृतवाणीमा परमेश्वर कबीर साहेब जी आफ्ना निजी सेवक श्री धर्मदास साहेब जीलाई भन्नु हुन्छ,– धर्मदास, यो सम्पूर्ण संसार तत्त्वज्ञानको अभावले विचलित छ। कसैलाई पूर्ण मोक्षको मार्ग तथा पूर्ण सृष्टि रचनाको ज्ञान छैन। यसैले म तिमीलाई मैले रचेको सृष्टिको कथा सुनाउँछु। बुद्धिमान व्यक्तिले त तुरून्तै बुझ्छ। तर सम्पूर्ण प्रमाण देखेर पनि नमान्ने अबोध प्राणी कालको प्रभावले प्रभावित छ, ऊ भक्तियोग्य छैन। अब म तीनैजना भगवान (ब्रह्मा जी, विष्णु जी र शिव जी) को उत्पत्ति कसरी भयो भन्ने बताउँछु। यिनीहरूको आमा अष्टङ्गी (दुर्गा) र बुबा ज्योति निरञ्जन (ब्रह्म काल) हुन्। पहिला अण्डाबाट ब्रह्मको उत्पत्ति भयो अनि दुर्गाको उत्पत्ति भयो। दुर्गाको रूपमा आशक्त भएर काल (ब्रह्म) ले गल्ती (दुर्व्यवहार) गरेकोले दुर्गा (प्रकृति) ले उनको पेटमा शरण लिइन्। ज्योति निरञ्जन (काल) भएको ठाउँमा म गएँ र भवानीलाई ब्रह्मको पेटबाट निकालेर एक्काईस ब्रह्माण्डसहित १६ शंख कोस टाढो पठाइ दिएँ। ज्योति निरञ्जन (धर्मराय) ले प्रकृति**

देवी (दुर्गा) सँग भोग-विलास गरी संयोगबाट तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव) को उत्पत्ति भयो। यिनै तीन गुणहरूकै साधना गरेर सम्पूर्ण प्राणी कालको जालमा फसेकाले वास्तविक मन्त्र प्राप्त नगरेसम्म पूर्ण मोक्ष कसरी हुन्छ ?

विशेष :- प्रिय पाठक, विचार गरौं : श्री ब्रह्मा, श्री विष्णु र श्री शिव जीको अवस्थालाई अविनाशी भनिएको थियो। सम्पूर्ण हिन्दू समाजले अहिलेसम्म पनि यी तीनै नाशवान परमात्माहरूलाई अजर-अमर तथा जन्म-मृत्युरहित मानि रहेका छन्। यिनका बुबा कालरूपी ब्रह्म र आमा दुर्गा (प्रकृति/अष्टंगी) हुन् भन्ने अगाडि प्रमाणमा पढ्यौं। यो ज्ञान हाम्रो शास्त्रमा पनि विद्यमान छ। तर हिन्दू समाजमा कलियुगी गुरू, ऋषि र सन्तहरूलाई यस कुराको ज्ञान छैन। पाठ्यक्रमबारे नै अपरिचित अध्यापक विद्वान नभएर विद्यार्थीहरूको भविष्यको शत्रु हो। यस्तै अहिलेसम्म श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका आमा बुबा को हुन् भन्ने थाहा नभएका गुरू, ऋषि र सन्तहरु पनि ज्ञानहीन हुन् किनकि उनीहरूले सम्पूर्ण भक्त समाजलाई शास्त्रविधि विपरित ज्ञान (लोकवेद र दन्त्य कथा) सुनाएर अज्ञानताले परिपूर्ण गरि दिए। शास्त्रविधि विपरित भक्ति साधना गराएर परमात्माको वास्तविक लाभ (पूर्ण मोक्ष) बाट वञ्चित गरी सबैको मानव जन्म नष्ट गराए। श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३ र २४ मा शास्त्रविधि त्यागेर मनोमानी आचरणले पूजा गर्नेलाई कुनै लाभ प्राप्त हुँदैन भन्ने कुराको प्रमाण छ। पूर्ण परमात्मा कबीर जीले सन् १४०३ बाटै सम्पूर्ण शास्त्रयुक्त ज्ञान आफ्नो अमृतवाणी (कविरवाणी) मा बताउन थाल्नु भएको थियो। तर ती अज्ञानी गुरूहरूले यो ज्ञानलाई भक्त समाजसम्म पुग्न दिएनन्। यो कुरा अहिले प्रष्ट हुदै छ। यसबाट कविर्देव (कबीर प्रभु) तत्त्वदर्शी सन्तका रूपमा स्वयं पूर्ण परमात्मा नै आउनु भएको थियो भन्ने तथ्य सिद्ध हुन्छ।

## आदरणीय गरीबदास साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण

### आदि रमैणी (सद् ग्रन्थ पृष्ठ नं ६९०-६९२ सम्म)

आदि रमैणी अदली सारा। जा दिन होते धुंधुंकारा।।१।।
सतपुरूष कीन्हा प्रकाशा। हम होते तखत कबीर खवासा।।२।।
मन मोहिनी सिरजी माया। सतपुरूष एक ख्याल बनाया।।३।।
धर्मराय सिरजे दरबानी। चौसठ जुगतप सेवा ठानी।।४।।
पुरूष पृथिवी जाकूं दीन्ही। राज करो देवा आधीनी।।५।।
ब्रह्मण्ड इकीस राज तुम्ह दीन्हा। मन की इच्छा सब जुग लीन्हा।।६।।
माया मूल रूप एक छाजा। मोहि लिये जिनहूँ धर्मराजा।।७।।
धर्म का मन चंचल चित धार्‍या। मन माया का रूप बिचारा।।८।।
चंचल चेरी चपल चिरागा। या के परसे सरबस जागा।।९।।
धर्मराय कीया मन का भागी। विषय वासना संग से जागी।।१०।।
आदि पुरूष अदली अनरागी। धर्मराय दिया दिल सें त्यागी।।११।।
पुरूष लोक सें दीया ढहाही। अगम दीप चलि आये भाई।।१२।।
सहज दास जिस दीप रहंता। कारण कौंन कौंन कुल पंथा।।१३।।

धर्मराय बोले दरबानी। सुनो सहज दास ब्रह्मज्ञानी।।१४।।
चौसठ जुग हम सेवा कीन्ही। पुरूष पृथिवी हम कूं दीन्ही।।१५।।
चंचल रूप भया मन बौरा। मनमोहिनी ठगिया भौंरा।।१६।।
सतपुरूष के ना मन भाये। पुरूष लोक से हम चलि आये।।१७।।
अगर दीप सुनत बडभागी। सहज दास मेटो मन पागी।।१८।।
बोले सहजदास दिल दानी। हम तो चाकर सत सहदानी।।१९।।
सतपुरूष सें अरज गुजारूं। जब तुम्हारा बिवाण उतारूं।।२०।।
सहज दास को कीया पीयाना। सत्यलोक लीया प्रवाना।।२१।।
सतपुरूष साहिब सरबंगी। अविगत अदली अचल अभंगी।।२२।।
धर्मराय तुम्हरा दरबानी। अगर दीप चलि गये प्रानी।।२३।।
कौंन हुकम करी अरज अवाजा। कहां पठावौ उस धर्मराजा।।२४।।
भई अवाज अदली एक साचा। विषय लोक जा तीन्यूं बाचा।।२५।।
सहज विमाँन चले अधिकाई। छिन में अगर दीप चलि आई।।२६।।
हमतो अरज करी अनरागी। तुम्ह विषय लोक जावो बडभागी।।२७।।
धर्मराय के चले विमाना। मानसरोवर आये प्राना।।२८।।
मानसरोवर रहन न पाये। दरै कबीरा थांना लाये।।२९।।
बंकनाल की विषमी बाटी। तहां कबीरा रोकी घाटी।।३०।।
इन पाँचों मिलि जगत बंधाना। लख चौरासी जीव संताना।।३१।।
ब्रह्मा विष्णु महेश्वर माया। धर्मराय का राज पठाया।।३२।।
यौह खोखा पुर झूठी बाजी। भिसति बैकुण्ठ दगासी साजी।।३३।।
कृतिम जीव भुलानें भाई। निज घर की तो खबरि न पाई।।३४।।
सवा लाख उपजें नित हंसा। एक लाख विनशें नित अंसा।।३५।।
उपति खपति प्रलय फेरी। हर्ष शोक जौंरा जम जेरी।।३६।।
पाँचों तत्त्व है प्रलय माँही। सत्वगुण रजगुण तमगुण झांई।।३७।।
आठों अंग मिली है माया। पिण्ड ब्रह्मण्ड सकल भरमाया।।३८।।
या में सुरति शब्द की डोरी। पिण्ड ब्रह्मण्ड लगी हे खोरी।।३९।।
श्वासा पारस मन गह राखो। खोल्हि कपाट अमीरस चाखो।।४०।।
सुनाऊं हंस शब्द सुन दासा। अगम दीप है अग है बासा।।४१।।
भवसागर जम दण्ड जमाना। धर्मराया का है तलबांना।।४२।।
पाँचों ऊपर पद की नगरी। बाट बिहंगम बंकी डगरी।।४३।।
हमरा धर्मराय सों दावा। भवसागर में जीव भरमावा।।४४।।
हम तो कहैं अगम की बानी। जहाँ अविगत अदली आप बिनानी।।४५।।
बंदी छोड हमारा नामं। अजर अमर है अस्थीर ठामं।।४६।।
जुगन जुगन हम कहते आये। जम जौंरा सें हंस छुटाये।।४७।।
जो कोई मानें शब्द हमारा। भवसागर नहीं भरमें धारा।।४८।।
या में सुरति शब्द का लेखा। तन अंदर मन कहो कीन्ही देखा।।४९।।
दास गरीब अगम की बानी। खोजा हंसा शब्द सहदानी।।५०।।

**उपरोक्त अमृतवाणीको भावार्थः- आदरणीय गरीबदास जी भन्छन्,– यहाँ पहिले अन्धकार मात्र थियो । पूर्ण परमात्मा कबीर साहेब जी सत्यलोकमा सिंहासनमा विराजमान हुनु हुन्थ्यो, हामी दास थियौं। परमात्माले ज्योति निरञ्जनलाई उत्पन्न गरी उनको तपको फलस्वरूप एक्काइस ब्रह्माण्ड प्रदान गर्नु भयो र माया (प्रकृति) को उत्पत्ति गर्नु भयो। युवा दुर्गाको रूपमा मोहित भएर ज्योति निरञ्जन (ब्रह्म) ले दुर्गा (प्रकृति) लाई बलात्कार गर्ने चेष्टा गरेको गलत कामको सजाय स्वरूप सत्यलोकबाट निकालिए र प्रतिदिन एक लाख मानव शरीरधारी प्राणी आहार गर्ने र सवा लाख उत्पन्न गर्ने श्राप पाए। यहाँ सम्पूर्ण प्राणीहरूले जन्म मृत्युको कष्ट उठाइ रहेका छन्। पूर्ण परमात्माको वास्तविक शब्द (साँच्चो नामको जप मन्त्र) मबाट प्राप्त गर्नेलाई कालको बन्धनबाट छुटाइ दिन्छु। मेरो नाम बन्दी छोड हो। आफ्नो गुरू तथा प्रभु कबीर परमात्माको आधारमा आदरणीय गरिबदास जीले भन्छन्,– साँचो मन्त्र अर्थात् सत्यनाम तथा सारशब्द प्राप्त गरेमा पूर्ण मोक्ष हुन्छ। नभए नक्कली नामदान गर्ने सन्त र महन्तहरूका मीठा मीठा कुरामा फसेर शास्त्रविधि रहित साधना गरी कालको जालमा फसेर कष्टमाथि कष्ट उठाउने छौ।**

**।। गरीबदास जी महाराजको वाणी।।**

(सत ग्रन्थ साहिब पृष्ठ नं. ६९० बाट साभार)

माया आदि निरंजन भाई, अपने जाऐ आपै खाई।
ब्रह्मा विष्णु महेश्वर चेला, ऊँ सोहं का है खेला।।
सिखर सुन्न में धर्म अन्यायी, जिन शक्ति डायन महल पठाई।।
लाख ग्रास नित उठ दूती, माया आदि तख्त की कुती।।
सवा लाखा घडिये नित भांडे, हंसा उतपति परलय डांडे।
ये तीनों चेला बटपारी, सिरजे पुरूषा सिरजी नारी।।
खोखापुर में जीव भुलाये, स्वपना बहिस्त बैकुंठ बनाये।
यो हरहट का कुआ लोई, या गल बंध्या है सब कोई।
कीडी कुजंर और अवतारा, हरहट डोरी बंधे कई बारा।
अरब अलील इन्द्र हैं भाई, हरहट डोरी बंधे सब आई।।
शेष महेश गणेश्वर ताहिं, हरहट डोरी बंधे सब आहिं।
शुक्रादिक ब्रह्मादिक देवा, हरहट डोरी बंधे सब खेवा।।
कोटिक कर्ता फिरता देख्या, हरहट डोरी कहूँ सुन लेखा।
चतुर्भुजी भगवान कहावैं, हरहट डोरी बंधे सब आवैं।।
यो है खोखापुर का कुआ, या में पडा सो निश्चय मुवा।

**ज्योति निरञ्जन (कालबली) को वशमा परेर यी तीनै देवताले (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) आफ्नो महिमा देखाएर जीवहरूलाई स्वर्ग, नरक तथा भवसागर (चौरासी लाख योनीहरू) मा अल्मल्याइ रहन्छन्। ज्योति निरञ्जनले आफ्नो मायाले नागिनीले झैं जीवहरु पैदा गर्छन् र मार्छन्। नागिनीले अण्डाहरूको चारैतिर आफ्नो पुच्छरको कुण्डली बनाई ती अण्डाहरूमा आफ्नो फणाले**

हान्छे। जसले गर्दा अण्डा फुट्छन् र तिनीहरूबाट बच्चा निस्कन्छन् अनि तिनीहरूलाई खान्छे। नागिनीका थुप्रै अण्डा हुन्छन् र फणा हान्दा कतिपय अण्डा फुट्छन्। फुटेका अण्डाहरूबाट बच्चा निस्कन्छन्। कुनै बच्चा कुण्डली (सर्पनीको पुच्छरको घेरा) बाट बाहिर निस्के भने मात्र ती बाँच्छन् नत्र कुण्डलीभित्र नागिनीले छोड्दिन। कुडलीभित्रका सबै बच्चाहरूलाई नागिनीले खान्छे।

माया काली नांगिनी, अपने जाये खात। कुण्डली में छोडै नहीं, सौ बातों कि बात।।

यो कालबलीको जाल हो। पूर्ण सन्तबाट नाम लिएर निरञ्जनसम्मको भक्ति गरे पनि निरञ्जनको कुण्डली (एक्काईस ब्रह्माण्डहरू) भन्दा बाहिर निस्कन सकिँदैन। स्वयं ब्रह्मा, विष्णु, महेश र आदि-माया शेराँवाली (दुर्गा) पनि निरञ्जनको कुण्डली भित्रै छन्। यी विचराहरू अवतार धारण गरेर आउँछन् र जन्म मृत्युको चक्रमा घुमि रहन्छन्। ध्रुब, प्रह्लाद र शुकदेव ऋषिले सोहं जप जपेर पनि मुक्त भएनन्, काललोकमा नै रहे। ध्रुव पनि एक कल्प अर्थात् एक हजार चतुर्युगसम्म मात्र मुक्त छन् भनेर श्री विष्णु पुराणको प्रथम अंशको अध्याय १२ को श्लोक ९३ पृष्ठ ५१ मा लेखिएको छ। 'ॐ नमः भगवते वासुदेवाय' मन्त्र जप गर्ने भक्तहरू पनि कृष्णसम्मको भक्ति गरि रहेका हुन्छन् र तिनीहरू चौरासी लाख योनीको चक्रबाट उम्किन सक्दैनन्। परम पुज्य कबीर साहेब जी र आदरणीय गरीबदास साहेब जी महाराजका वाणीले यस तथ्यको प्रत्यक्ष प्रमाण दिन्छः

अनन्त कोटि अवतार हैं, माया के गोविन्द। कर्ता हो हो अवतरे, बहुर पडे जग फंध।।


सत्यपुरूष कबीर साहेब जीको भक्तिले मात्र जीव मुक्त हुन सक्छ। जीव सत्यलोकमा फर्केर नआएसम्म काल लोकमा यसरी नै कर्म गरि रहन्छ। अनि गरिएको नाम र दान धर्मको कमाइ स्वर्गरूपी होटलहरूमा सिध्याएर फेरि फर्की कर्मको आधारमा चौरासी लाख प्रकारका प्राणीको शरीरमा कष्ट भोगी काल लोकमा घुमि रहन्छ। माया (दुर्गा) बाट उत्पन्न भएर करोडौं गोविन्द (ब्रह्मा, विष्णु र शिव) मरि सकेका छन्। उनीहरू भगवानको अवतार लिएर आए र फेरि कर्म बन्धनमा बाँधिएर कर्म भोग गरी चौरासी लाख योनीमा गए। देवर्षि नारदबाट श्राप पाएर भगवान विष्णु श्री रामचन्द्रका रूपमा अयोध्यामा आई बालीको बध गरे। त्यस कर्मको दण्ड भोग्न श्री कृष्ण जीको रूपमा जन्म लिए। बालीको आत्माले शिकारी बनेर प्रतिशोध लिन श्री कृष्ण जीको गोडामा विषाक्त तीर हानेर बध गऱ्यो। महाराज गरीबदास आफ्नो वाणीमा भन्छन् :

ब्रह्मा विष्णु महेश्वर माया, और धर्मराय कहिये।
इन पाँचों मिल परपंच बनाया, बाणी हमरी लहिये।।
इन पाँचों मिल जीव अटकाये, जुगन-जुगन हम आन छुटाये।
बन्दी छोड हमारा नामं, अजर अमर है अस्थिर ठामं।।
पीर पैगम्बर कुतुब औलिया, सुर नर मुनिजन ज्ञानी।

येता को तौ राह न पाया, जमके बंधे प्राणी।।
धर्मरायकी धूमा-धामी, जमपर जंग चलाऊँ।
जोरा को तो जान न दूंगा, बांध अदल घर ल्याऊँ।।
काल अकाल दोहूँ को मोसूं, महाकाल सिर मूंडू।
मै तो तख्त हजुरी हुकमी, चोर खोज कूं ढूंढू।।
मूला माया मग में बैठी, हंसा चुन-चुन खाई।
ज्योति स्वरूपी भया निरंजन, मैं ही कर्ता भाई।।
सहंस अठासी दीप मुनीश्वर, बंधे मुला डोरी।
ऐत्यां में नम का तलबाना, चलिए पुरूष कीशोरी।।
मूला का तो माथा दागूं, सतकी मोहर करूंगा।
पुरूष दीप कूं हंस चलाऊँ, दरा न रोकन दूंगा।।
हम तो बन्दी छोड कहावां, धर्मराय है चकवै।
सतलोक की सकल सुनावां, वाणी हमरी अखवै।।
नौ लख पट्टन ऊपर खेलूं, साहदरे कूं रोकूं।
द्वादस कोटि कटक सब काटूं, हंस पठाऊँ मोखूं।।
चौदह भुवन गमन है मेरा, जल थल में सरबंगी।
खालिक खलक खलक में खालिक, अविगत अचल अभंगी।।
अगर अलील चक्र है मेरा, जित से हम चल आए।
पाँचों पर प्रवाना मेरा, बंधि छुटावन धाये।।
जहाँ ओंकार निरंजन नाही, ब्रह्मा विष्णु वेद नहीं जाहीं।
जहाँ करता नहीं जान भगवाना, काया माया पिण्ड न प्राणा।।
पाँच तत्त्व तीनों गुण नाहीं, जोराकाल दीप नहीं जाहीं।
अमर करुं सतलोक पठाऊँ, तातैं बन्दी छोड कहाऊँ।।

**कबीर परमेश्वर (कविर्देव) को महिमा बताउँदै गरीबदास जी भन्छन्,– हाम्रा प्रभु कविर् (कविर्देव) बन्दी छोड हुनु हुन्छ। बन्दी छोडको अर्थ कालको कारागारबाट छुटाउने हो। काल ब्रह्मको एक्काईस ब्रह्माण्डहरूमा सम्पूर्ण प्राणी पापका कारण कालको बन्दी बनेका छन्। पूर्ण परमात्मा (कविर्देव) कबीर साहेब बाहेक पापको विनाश परब्रह्म, ब्रह्म, ब्रह्म, विष्णु र शिव जी आदिले गर्न सक्दैनन्, कर्म अनुसारको फल मात्र दिन्छन्। यजुर्वेद अध्याय ५ मन्त्र ३२ मा 'कविरंघारिरसि' वा कविर्देव (कबीर परमेश्वर) पापका शत्रु र 'बम्भारिरसि' वा बन्धनको शत्रु अर्थात् बन्दी छोड हुनु हुन्छ भनिएको छ।**

**यी पाँच (ब्रह्मा, विष्णु, शिव, माया र धर्मराय) भन्दा माथिका सत्यपुरूष परमात्मा (कविर्देव) सत्यलोकका मालिक हुनु हुन्छ। परब्रह्म, ब्रह्म, तथा ब्रह्मा, विष्णु, शिव र आदि-माया नाशवान परमात्मा हुन् र महाप्रलयमा यी तथा यिनका लोक समाप्त हुन्छन्। यिनीहरूको आयु आम जीवको भन्दा कैयौं हजार गुणा ज्यादा लामो भए पनि निर्धारित समयमा एकदिन अवश्य पूरा हुन्छ। आदरणीय गरीबदास**




**योह हरहट का कुवाँ लोई, या गल बंध्या है सब कोई ।**
**कीडी कुंजर और अवतारा, हरहट डोरी बंधे कई बारा ।।**

**कालको लोकमा जन्म - मरण रूपी हरहट (चक्र)**

**जी महाराज भन्छन् :**

शिव ब्रह्मा का राज, इन्द्र गिनती कहां। चार मुक्ति वैकुण्ठ समझ, येता लह्या।।
संख जुगन की जुनी, उम्र बड धारिया। जा जननी कुर्बान, सु कागज पारिया।।
येती उम्र बुलंद मरैगा अंत रे। सतगुरू लगे न कान, न भैंट संत रे।।

**शंख युग लामो आयु भए पनि एक दिन अवश्य पूरा हुन्छ। सत्यपुरूष परमात्मा (कविर्देव) कबीर साहेबका प्रतिनिधि र नाम दान गर्ने आदेश प्राप्त पूर्ण सन्त (गुरू) ले तीन नाम (ओ३म+तत्+सत् साङ्केतिक) को मन्त्र दिनु हुन्छ। वहाँबाट उपदेश लिएर नामको कमाइ गऱ्यौं भने हामी सत्यलोकको अधिकारी हंस हुन सक्छौं। सत्य साधना बेगरको लामो आयु कुनै कामको हुँदैन किनकि निरञ्जन लोकमा दुःख नै दुःख छ।**

कबीर, जीवना तो थोडा ही भला, जै सत सुमरन होय।
लाख वर्षका जीवना, लेखै धरै ना कोय।।

**कबीर साहेबले आफ्नो (पूर्णबह्मको) जानकारी आफैं यसरी दिनु हुन्छ, "यी परमात्माहरूभन्दा माथि असङ्ख्य भुजा वा हात भएका परमात्मा सत्यपुरूष हुन् हुन्छ, वहाँ सत्यलोक (सचखण्ड वा सतधाम) मा बस्नु हुन्छ तथा वहाँ अन्तर्गत सम्पूर्ण लोकहरू [ब्रह्म (काल) का एक्काइस ब्रह्माण्ड र ब्रह्मा, विष्णु, शिव र शक्तिका लोकहरू तथा परब्रह्मको सात शंख ब्रह्माण्ड र अन्य सबै ब्रह्माण्ड] पर्दछन्। पूर्ण गुरूबाट प्राप्त हुने सत्यनाम-सारनामको जपले त्यहाँ जान सकिन्छ। सच्चखण्ड (सत्यलोक) मा जाने आत्माको पुनर्जन्म हुँदैन। सत्यपुरूष (पूर्णब्रह्म) कबीर साहेब (कविर्देव) आफू नै अन्य लोकमा पनि फरक फरक नामले वा अलख लोकमा अलख पुरूष, अगम लोकमा अगम पुरूष र अकह लोकमा अनामी पुरूषका रूपमा विराजमान हुनु हुन्छ। यी त उपमात्मक नाम हुन्, तर पूर्ण पुरुषको वास्तविक नाम कविर्देव (भाषा फरक भएर कबीर साहेब) हो।**

## आदरणीय नानक साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको सङ्केत

**श्री नानकसाहेब जीको अमृतवाणी, महला १, राग बिलावलु, अंश १**
**(गु.ग्र. पृष्ठ ८३९)**

आपे सचु कीआ कर जोडि। अंडज फोडि जोडि विछोड।।
धरती आकाश कीए वैसण कउ थाउ। राति दिनंतु कीए भउ-भाउ।।
जिन कीए करि वेखणहारा। (३)
त्रितीआ ब्रह्मा-विसनु-महेसा। देवी देव उपाए वेसा।। (४)
पउण पाणी अगनी बिसराउ। ताही निरंजन साचो नाउ।
तिसु महि मनुआ रहिआ लिव लाई। प्रणवति नानकु कालु न खाई।। (१०)

भावार्थ :- साँच्चो परमात्मा (सत्यपुरूष) ले आफ्नै हातले सम्पूर्ण सृष्टिको रचना गर्नु भएको हो। वहाँले अण्डा बनाउनु भयो र फुटाउनु भयो अनि त्यसबाट ज्योति निरञ्जन निस्किए। पूर्ण परमात्माले सम्पूर्ण प्राणीहरूलाई बस्नका लागि धर्ती, आकाश, हावा, पानी आदि पाँच तत्त्वको रचना गर्नु भयो। आफूले रचेको सृष्टिको साक्षी वहाँ आफू नै हुनु हुन्छ, अरू कसैले यसको सही जानकारी दिन सक्दैन। अण्डा फुटेर निस्केका निरञ्जन पछि श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी तथा अन्य देवी देवता र अनगिन्ती जीवहरु उत्पन्न भए। अनि अन्य देवताहरूको जीवन चरित्र र ऋषिहरूको अनुभवबाट ६ शास्त्र र १८ पुराण बने। पूर्ण परमात्माको साँच्चो नाम (सत्यनाम) को साधना अनन्य मनले गर्दा तथा गुरू मर्यादामा रहने (प्रणवति) लाई कालले खाँदैन भनी नानक जी भन्नु हुन्छ।

राग मारू (अंश) अमृतवाणी महला १ (गु.ग्र. पृष्ठ १०३७)

सुनहु ब्रह्मा, बिसनु, महेसु उपाए। सुने वरते जुग सबाए।।
इसु पद बिचारे सो जनु पुरा। तिस मिलिए भरमु चुकाइदा।। (३)
साम वेदु, रूगु जुजरू अथरबणु। ब्रह्में मुख माइआ है त्रैगुण।।
ता की कीमत कहि न सकै। को तिउ बोले जिउ बुलाईदा।। (९)

उपरोक्त अमृतवाणीको सारांश :- पूर्ण सृष्टि रचना बारे बताउँदै अण्डाको दुई भाग भएर को निस्किए, ब्रह्मलोकको शून्य वा गोप्य स्थानमा कसले ब्रह्मा, विष्णु र शिव जीको उत्पत्ति गरे, ब्रह्म (काल) को मुखबाट चारै वेदहरु (पवित्र ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) को उच्चारण गराउने परमात्मा को हुनु हुन्छ तथा आफूले चाहे जसरी नै प्रत्येक प्राणीलाई बोल्न लगाउने पूर्ण परमात्मा को हुनु हुन्छ भनी बुझाउने सन्तको खोजी गर। यी सम्पूर्ण ज्ञान पूर्ण रूपमा बताउने सन्तको नजिक जाऊ। तिम्रा सबै शंकाहरूको पूर्ण निवारण गर्न सक्ने नै पूर्ण सन्त अर्थात् तत्त्वदर्शी सन्त हुनु हुन्छ।

**श्री गुरू ग्रन्थ साहेब पृष्ठ ९२९ श्री नानक साहेब जी को अमृतवाणी, राग रामकली, महला १ दखणी ओअंकार**

ओअंकारि ब्रह्मा उतपति। ओअंकारू कीआ जिनी चित। ओअंकारि सैल जुग भए। ओअंकारि बेद निरमए। ओअंकारि सबदी उधरे। ओअंकारि गुरूमुखि तरे। ओनम अखर सुणहू बीचारू। ओनम अखरू त्रिभवण सारू।

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब जी भन्छन् : ओंकार अर्थात् ज्योति निरञ्जन (काल) बाट ब्रह्मा उत्पत्ति भए। कैयौं युगसम्म मस्ती गरेर ओंकार (ब्रह्म) ले वेदहरूको उत्पत्ति गरे, जुन ब्रह्माले प्राप्त गरे। तीन लोकको भक्तिका लागि

वास्तवमा एक ओ३म् मन्त्र मात्र जप गर्नु पर्छ। यो ओ३म् शब्द पूर्ण सन्तबाट उपदेश लिएर अर्थात् गुरू धारण गरेर जप गर्नाले उद्धार हुन्छ।

विशेष :- श्री नानक साहेब जीले ठाउँ ठाउँमा तीन मन्त्र (ओ३म् + तत् + सत्) को रहस्यात्मक विवरण दिनु भएको छ। त्यसलाई पूर्ण सन्त (तत्त्वदर्शी सन्त) ले मात्र बुझ्न सक्नु हुन्छ र तीनवटै मन्त्रको जप उपदेशीलाई बुझाउन सक्नु हुन्छ।

(पृ. १०३८) उत्तम सतिगुरू पुरूष निराले, सबदि रते हरि रस मतवाले।
रिधि, बुधि, सिधि, गिआन गुरू ते पाइए, पूरे भाग मिलाईदा।।१५।।
सतिगुरू ते पाए बीचारा, सुन समाधि सचे घरबारा।
नानक निरमल नादु सबद धुनि, सचु रामैं नामि समाइदा।।१७।।

भावार्थ :- वास्तविक ज्ञान दिने सत्गुरू अनुपम हुनु हुन्छ। वहाँले नामको जप मात्र जप्नु हुन्छ, अन्य हठयोग साधना बताउनु हुन्न। तपाईंलाई धन-सम्पत्ति, पद, बुद्धि वा भक्ति शक्ति नै चाहिए पनि त्यो भक्ति मार्गको ज्ञान पूर्ण सन्तले पूर्णरूपमा प्रदान गर्नु हुन्छ। यस्ता पूर्ण सन्त त ठूलो भाग्यले मात्र भेटिन्छ। आफ्नो वास्तविक घर (सत्यलोक) माथि शून्य (आकाश) मा परमेश्वरले रच्नु भएको विवरण पूर्ण सन्तले नै बताउछन्।

त्यहाँ वास्तविक सार नामको धुन (आवाज) बजि रहेछ। अविनाशी परमेश्वरको सार शब्दले मात्र त्यस आनन्दमा समेटिन सकिन्छ अर्थात् त्यो वास्तविक सुखदायक स्थानमा वास हुन सक्छ, अरू नामहरु र अपूर्ण ज्ञान भएका गुरुहरूबाट हुन सक्दैन।

आंशिक अमृतवाणी, महला पहला (श्री गु.ग्र. पृष्ठ ३५९-३६०)

सिव नगरी महि आसणि बैसउ कलप त्यागी वादं। (१)
सिंडी सबद सदा धुनि सोहै अहिनिसि पूरै नादं। (२)
हरि कीरति रह रासि हमारी गुरू मुख पंथ अतीत। (३)
सगली जोती हमारी संमिआ नाना वरण अनेकं।
कह नानक सुणि भरथरी जोगी पारब्रह्म लिव एकं। (४)

भावार्थ :- श्री नानक साहेब जी भन्छन्,– हे भरथरी योगी जी! तपाईंको साधना शिवसम्म मात्र छ। उनबाट तपाईंले शिव नगरी (लोक) मा स्थान पाउनु भएको छ। तपाईंको शरीरमा आइ रहेका सिंगी आदि शब्द त यिनै कमलहरूका हुन् जुन टेलिभिजन झैं प्रत्येक देवको लोकबाट आएर शरीरमा सुन्ने गरिन्छ। म त एकमात्र परमात्मा पारब्रह्म अर्थात् सबैभन्दा माथि रहनु हुने पूर्ण परमात्माको नै अनन्य मनले भक्ति गर्छु। म बाहिरिया देखावटी (भस्म लगाउने, हातमा डण्डा लिने) गर्दिनँ। म त सबै प्राणीहरूलाई एकमात्र पूर्ण परमात्मा (सत्यपुरूष) कै सन्तान सम्झन्छु। त्यही शक्तिले सबै चलायमान छन्। मेरो मुद्रा त गुरूबाट साँच्चो नाम प्राप्त

गरेर जप गर्नु हो तथा क्षमा गर्नु हाम्रो बाणा (भेषभुषा) हो। म त पूर्ण परमात्माको उपासक हुँ। पूर्ण सतगुरूको भक्ति मार्ग यसभन्दा भिन्न छ।

**अमृतवाणी, राग आसा, महला १ (श्री गु.ग्र. पृष्ठ ४२०)**

॥आसा महला॥१॥ जिनी नामु विसारिआ दुजै भरमि भुलाई। मूलु छोडि डाली लगे किआ पावाहि छाई॥२॥ साहिबु मेरा एकु है अवरू नहीं भाई। किरपा ते सुखु पाइआ साचे परथाई॥३॥ गुरू की सेवा सो करे जिसु आपि कराए। नानक सिरू दे छुटीऐ दरगह पति पाए॥८॥१८॥

भावार्थः- श्री नानक साहेब भन्छन्,– पूर्ण परमात्माको नाम छोडेर अन्य भगवानहरूको नाम जपको भ्रममा अल्मलिइ रहेकाहरु मूल (पूर्ण परमात्मा) लाई छोडेर हाँगाहरु (तीन गुणरूपका रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) मा सिँचाई (पूजा) गरि रहेछन्। त्यो साधनाले कुनै सुख पाइँदैन अर्थात् रूख सुक्यो भने छाँयामा बस्न पाउँदैनौं। अर्थात् शास्त्र विधि रहित साधना गर्ने काम व्यर्थ प्रयत्न हुनाले यसबाट कुनै लाभ हुँदैन। यसको प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३-२४ मा पूर्ण परमात्मा प्राप्त गर्न मनमुखी (मनोमानी) साधना त्यागेर पूर्ण गुरूदेव प्रति समर्पित हुनै पर्छ। साँच्चो नाम जप गर्नाले नै मोक्ष सम्भव छ, नत्र मृत्युपछि नरक जाने छ भनिएको छ।

**श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ८४३ र ८४४**

॥ बिलावलु महला॥१॥ मैं मन चाहु घणा साचि विगासी राम। मोही प्रेम पिरे प्रभु अबिनासी राम॥ अविगतो हरि नाथु नाथह तिसै भावै सो थीऐ। किरपालु सदा दइआलु दाता जीआ अंदरि तूं जीऐ॥ मैं आधारू तेरा तू खसमु मेरा मै ताणु तकिआ तेरओ। साचि सूचा सदा नानक गुरसबदि झगरू निबेरओ॥४॥२॥

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब भन्छन्,– अविनाशी पूर्ण परमात्मा नाथहरूको पनि नाथ वा देवताहरूको पनि देवता (ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्म आदिका पनि नाथ वा स्वामी) हुनु हुन्छ। मैले साँच्चो नाम (सत्यनाम) लाई हृदयमा समेटेको छु। ए परमात्मा! सम्पूर्ण प्राणीको जीवन आधार हजुर नै हुनु हुन्छ। म हजुरमा आश्रित छु, हजुर मेरो मालिक हुनु हुन्छ। हजुरले नै गुरू रूपमा आएर सत्यभक्तिको निर्णायक ज्ञान दिई सबै विवाद अर्थात् सबै शंकाहरु समाधान गर्नु भयो।

**श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, राग तिलंग, महला १**

यक अर्ज गुफतम् पेश तो दर कून करतार।
हक्का कबीर करीम तू बेअब परवरदिगार।
नानक बुगोयद जन तुरा तेरे चाकरां पाखाक।

उपरोक्त अमृतवाणीमा तपाईं (हक्का कबीर) सत्कबीर, (कून करतार) शब्द शक्तिबाट रचना गर्ने शब्द स्वरूपी प्रभु अर्थात् सम्पूर्ण सृष्टिको रचनाकार हुनु हुन्छ, हजुर नै (बेअब) निर्दोष निर्विकार र (परवरदिगार) सम्पूर्ण प्राणीहरूको पालनकर्ता दयालु प्रभु हुनु हुन्छ। म हजुरको दासको पनि दास हुँ भन्ने तथ्य स्पष्ट गर्नु भएको छ।

**श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. २४, राग सीरी, महला १**

तेरा एक नाम तारे संसार, मैं ऐहा आस ऐहो आधार।
नानक नीच कहै बिचार, धाणक रूप रहा करतार।।

माथिको अमृतवाणीमा काशीका कपडा बुन्ने जुलाहा (धाणक) का रूपमा नै कुलका सृष्टिकर्ता (करतार) हुनु हुन्छ भन्ने कुराको प्रमाण दिनु भएको छ। अति आधीन भएर श्री गुरू नानक जी भन्छन्,– म साँच्चो भनि रहेछु कि यी धाणक अर्थात् कबीर जुलाहा नै पूर्ण ब्रह्म (सत्यपुरूष) हुनु हुन्छ।

विशेषः- उपरोक्त प्रमाणहरूको साङ्केतिक ज्ञानबाट सृष्टि रचना कसरी भयो भन्ने कुरा प्रमाणित भयो। अब पूर्ण परमात्मा प्राप्त गर्नु पर्छ, जुन पूर्ण सन्तबाट नाम लिएर मात्र सम्भव छ।

## अन्य सन्तहरूले बताएका सृष्टि रचनाको दन्त्य कथा

अन्य सन्तहरूले बताएको सृष्टि रचनाको ज्ञान कस्तो छ ? सृष्टि रचनाको विषयमा राधास्वामी पन्थका सन्तहरु तथा धन-धन सतगुरू पन्थका सन्तको विचार सम्बन्धमा निम्न तथ्यहरु पढ्नु होस् :-

**पवित्र पुस्तक जीवन चरित्र परम सन्त बाबा जयमल सिहं जी महाराज, 'सृष्टिको रचना' (सावन कृपाल पब्लिकेसन, दिल्ली) पृष्ठ नं. १०२-१०३ का अनुसार**

सुरूमा सत्यपुरूष निराकार थिए, अनि इजहार (आकार) मा आएपछि माथिका तीनवटा निर्मल मण्डल (सतलोक, अलखलोक र अगमलोक) बने र प्रकाश र मण्डल (लोक) हरु का नाद (धुन) बने।

**पवित्र पुस्तक सारवचन (नसर), प्रकाशक : राधास्वामी सत्संग सभा, दयाल बाग आगरा, 'सृष्टिको रचना' पृष्ठ ८ का अनुसार**

पहिला धून्धूकार (अन्धकार) थियो। त्यहाँ पुरूष शून्य समाधिमा थिए। जब केही पनि रचना भएको थिएन। अनि मौज (इच्छा) भएपछि शब्द प्रकट भयो र त्यसबाट सबै रचना भयो - पहिला सत्यलोक र फेरि सत्यपुरूषको कलाले तीन लोक र अरू सबै विस्तार भयो।

यो ज्ञान कुनै युवक जागिर खान जाँदाको अन्तरवार्ता जस्तै छ। अन्तरवार्तामा अधिकारीले तपाईंले महाभारत पढ्नु भएको छ भनी सोध्दाँ केटोले महाभारत मुखाग्र

पारेको छु भन्यो। अधिकारीले पाँच पाण्डवको नाम बताउन भन्दा केटोले भन्यो,– एउटा भीम थियो, उसको एउटा ठूलो दाजु, एउटा ऊभन्दा सानो, एउटा अर्को पनि थियो र एउटाको नाम चाहिँ मैले बिर्सें। माथि दिइएका सृष्टि रचनाको ज्ञान पनि यस्तै छ।

सत्यपुरूष तथा सत्यलोकको महिमा बताउनेवाला तथा पाँच नाम (ओंकार, ज्योति-निरञ्जन, ररंकार, सोहं र सत्यनाम) तथा तीन नाम (अकाल मूर्ति, सत्यपुरूष र शब्द स्वरूपी राम) दिने सन्तहरूले लेखेका पुस्तकहरूका केही निष्कर्ष यस प्रकार छन् :-

सन्तमत प्रकाश, भाग ३, पृष्ठ ७६ मा सच्चखण्ड वा सत्यनाम चौथो लोक हो भनी सत्यनामलाई स्थान बताइएको छ। अनि यस पवित्र पुस्तकको पृष्ठ ७९ मा एउटा राम दशरथको छोरा, दोस्रो राम 'मन' तेस्रो राम 'ब्रह्म' र चौथो राम 'सतनाम'- यो नै सही राम हो भनी लेखिएको छ। फेरि, पवित्र पुस्तक सन्तमत प्रकाश, पहिलो भाग, पृष्ठ १७ मा त्यो सत्यलोक हो, त्यसैलाई सत्यनाम भनिन्छ भनेर लेखिएको छ। पवित्र पुस्तक 'सारवचन नसर यानि वार्तिक', पृष्ठ ३ मा 'अब राधास्वामी पद सबैभन्दा उच्च स्थान हो भनेर बुझ्नु पर्छ, जसलाई सन्तहरूले सत्यलोक, सच्चखण्ड, सारशब्द, सत्यशब्द, सत्यनाम र सत्यपुरूष भनेर वर्णन गरेका छन् भनी उल्लेखित छ। आगराबाट प्रकाशित पवित्र पुस्तक 'सार वचन (नसर)', पृष्ठ ४ मा पनि ठीक माथिको झैं वर्णन गरिएको छ। पवित्र पुस्तक 'सच्चखण्ड को सडक' पृष्ठ २२६ मा सन्तहरूको देश सच्चखण्ड वा सत्यलोक हो, त्यसैलाई सत्यनाम, सत्यशब्द वा सारशब्द भनिन्छ भनिएको छ।

विशेषः उपरोक्त व्याख्या यस्तो लाग्यो जस्तो कसैले जीवनमा शहर, कार, पेट्रोल देखेको छैन, ड्राइभर (चालक) कसलाई भनिन्छ भन्ने ज्ञान पनि छैन र त्यो व्यक्तिले अन्य साथीहरूसँग भनोस्– म शहर जान्छु कारमा बसेर आनन्द मनाउँछु। अनि साथीहरूले सोधे कार कस्तो हुन्छ, पेट्रोल कस्तो हुन्छ, चालक कस्तो हुन्छ, शहर कस्तो छ? ती गुरू जीले उत्तर दिए– शहर भन या कार एउटै कुरा हो। शहर पनि कार नै हो, पेट्रोल पनि कार नै हो, ड्राइभर पनि कारलाई नै भनिन्छ, सडक पनि कारलाई नै भनिन्छ।

विचार गरौं :- सतपुरूष त पूर्ण परमात्मा हुनु हुन्छ, सतनाम त्यो दुई मन्त्रको नाम हो जसमा एक ओ३म् + तत् साङ्केतिक छ र यसपछि सारनाम साधकलाई पूर्ण गुरूद्वारा दिइन्छ। सतनाम तथा सारनाम दुबै स्मरण गर्ने नाम हुन्। सतलोक सतपुरूष रहनु हुने स्थान हो। पुण्य आत्माहरू सत्य तथा असत्यको स्वयम् निर्णय गर्नु होस्।

# "भक्ति मर्यादा"

नाम (दीक्षा) लिने व्यक्तिहरूका लागि आवश्यक जानकारी

१. पूर्ण गुरूबाट दीक्षा लिनु पर्छ :- पूर्ण गुरूको पहिचान : अहिले कलियुगको भक्त समाजका लागि पूर्ण गुरूको पहिचान गर्ने कार्य अत्यन्त जटिल सवाल बनेको छ । तर यसको संक्षिप्त र साधारण उत्तर के हो भने शास्त्र अनुसार भक्ति गर्ने र आफ्ना अनुयायीहरु अर्थात् शिष्यहरूलाई पनि शास्त्रानुसार भक्ति गराउने गुरू नै पूर्ण सन्त हुन् । किनकि भक्तिमार्गको संविधान भनेकै कबीर साहेबका वाणी, नानक साहेबका वाणी, वेद, गीता, पुराण, कुरान, पवित्र बाइबल आदि धार्मिक शास्त्रहरु हुन्। शास्त्रहरु अनुसार भक्ति साधना बताउने र भक्त समाजलाई सो बमोजिम मार्गदर्शन गराउने गुरू मात्र पूर्ण सन्त हुन् । शास्त्र विरूद्ध साधना गराई यो अनमोल मानव जन्मसँग खेलबाड गर्ने त भक्त समाजको घोर शत्रु हो। यस्ता गुरू वा सन्तलाई भगवानको दरबारको घोर नरकमा उँधोमुन्टो पारेर झुण्ड्याइन्छ ।

उदाहरणका लागि, पाठ्यक्रमभन्दा बाहिर रहेर शिक्षा दिने कुनै पनि अध्यापक विद्यार्थीहरूको शत्रु हो।

गीता अध्याय नं. ७ को श्लोक नं. १५ :

न, माम्, दुष्कृतिनः, मूढाः, प्रपद्यन्ते, नराधमाः,
मायया, अपहृतज्ञानाः, आसुरम्, भावम्, आश्रिताः।।

अनुवादः- मायाले गर्दा ज्ञान हराइ सकेका र आसुर स्वभाव धारण गरेका मानिसहरूमा नीच, दुषित कर्म गर्ने मूर्खहरु मेरो भजन गर्दैनन् अर्थात् तिनीहरु तीन गुणहरु (रजो गुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को साधना मात्र गरि रहन्छन् ।

यजुर्वेद अध्याय नं. ४० श्लोक नं. १० (सन्त रामपाल दास जीबाट भाषा भाष्य)

अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात्, इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे।।

अनुवादः- परमात्मालाई सामान्यतया निराकार अर्थात् कहिल्यै नजन्मने भनिन्छ । अर्काथरीले आकारमा अर्थात् जन्म लिएर अवतार रूपमा आउने भन्छन् । टिकाऊ अर्थात् पूर्णज्ञानीले मात्र यो तथ्यलाई राम्रोसित बताउँछन् र सही तरिकाले त्यही समरूप अर्थात् यथार्थ रूपमा फरक फरक रूपका आधारमा प्रत्यक्ष ज्ञान गराउँछन् ।

गीता अध्याय नं. ४ को श्लोक नं. ३४

तत्, विद्धि, प्रणिपातेन, परिप्रश्नेन, सेवया।
उपदेक्ष्यन्ति, ते, ज्ञानम्, ज्ञानिनः तत्त्वदर्शिनः।।

अनुवादः- पूर्ण परमात्माको ज्ञान भएका र समाधानको रहस्य बुझेका सन्तहरूलाई दण्डवत् प्रणाम गर्नाले, उनीहरूको सेवा गर्नाले र कपट छाडेर नम्रतापूर्वक प्रश्न गर्नाले परमात्म तत्त्वबारे राम्ररी जान्ने ती ज्ञानी महात्माले मात्र तिमीलाई तत्त्व ज्ञानको उपदेश दिने छन् ।

२. नशालु वस्तुहरूको सेवन गर्न निषेध :- हुक्का, जाँड-रक्सी, बियर, तमाखु, सूर्ती, बिडी, सिगरेट, सुँघ्ने नस, गुट्खा, मासु, अण्डा, अफीम, गाँजा र अन्य नशालु चिजहरूको सेवन त परको कुरा कसैलाई नशालु पदार्थ ल्याएर दिनु पनि हुँदैन । यी सबै नशालु पदार्थहरु धेरै हानीकारक हुन् भन्दै बन्दी छोड गरिबदास जी महाराजले आफ्नो वाणीमा बताएका छन् :

सुरापान मद्य मांसाहारी, गमन करै भोगै पर नारी। सतर जन्म कटत हैं शीशं, साक्षी साहिब है जगदीशं।।
पर द्वारा स्त्री का खोलै, सतर जन्म अंधा होवै डोलै। मदिरा पीवै कडवा पानी, सत्तर जन्म श्वान के जानी।।
गरीब, हुक्का हरदम पिवते, लाल मिलावैं धूर। इसमें संशय है नही, जन्म पिछले सूर।।१।।
गरीब, सो नारी जारी करै, सुरा पान सौ बार। एक चिलम हुक्का भरै, डुबै काली धार।।२।।
गरीब, सूर गऊ कुं खात है, भक्ति बिहुनें राड। भांग तम्बाखू खा गए, सो चाबत हैं हाड।।३।।
गरीब, भांग तम्बाखू पीव हीं, सुरा पान सैं हेत। गौस्त मट्टी खाय कर, जंगली बनें प्रेत।।४।।
गरीब, पान तम्बाखू चाब हीं, नास नाक में देत। सो तो इरानै गए, ज्यूं भडभूजे का रेत।।५।।
गरीब, भांग तम्बाखू पीव हीं, गोस्त गला कबाब। मोर मृग कूं भखत हैं, देगें कहां जवाब।।६।।

३. तीर्थस्थानहरूमा जान निषेध :- कुनै प्रकारको पनि ब्रत बस्नु पर्दैन । कुनै तीर्थ यात्रा गर्नु तथा गंगा स्नान गर्नु पनि पर्दैन । कुनै पनि धार्मिक स्थलमा स्नानार्थ र दर्शनार्थ जानु पर्दैन । कुनै मन्दिर तथा धाममा भगवान छन् भनी पूजा र भक्तिको भावले जानु हुँदैन। भगवान कुनै मन्दिरको पुजारीले बाँधेर राख्ने पशु होइनन् । भगवान त कण-कणमा व्याप्त हुनु हुन्छ । त्यसैले यी सबै साधनाहरु शास्त्र विरूद्ध छन् ।

केही विचार गरेर त हेरौं– यी सबै तीर्थस्थल (जगन्नाथको मन्दिर, बद्रीनाथ, हरिद्वार, मक्का, मदिना, अमरनाथ, वैष्णोदेवी, वृन्दावन, मथुरा, बरसाना, अयोध्याको राम मन्दिर, काशी धाम, छुडानी धाम आदि), मन्दिर, मस्जिद, गुरूद्वारा, चर्च र इष्ट धाम यस्ता ठाउँ हुन्, जहाँ कुनै सन्त बस्दथे। उनीहरूले त्यहाँ आफ्नो भक्ति साधना गरी भक्तिरूपी धन जोडे र आफ्नो शरीर छोडी आफ्नो इष्टदेवको लोकमा गए । त्यसपछि उनीहरूको सम्झनालाई प्रमाणित गरी राख्न त्यहाँ कसैले मन्दिर, कसैले मस्जिद, कसैले गुरूद्वारा त कसैले चर्च वा कसैले धर्मशाला बनाए ताकि उनीहरूको सम्झना रहि रहोस् र हामी जस्ता तुच्छ प्राणीहरूलाई यी महान आत्माहरूले गरे झैं हामीले पनि गर्नु पर्छ भन्ने शिक्षा मिलोस् । महान सन्तहरूले गरे जस्तो भक्ति साधना गर भन्ने सन्देश यी सबै धार्मिक स्थलहरूले दिन्छन् । यसका लागि यस्तो साधना गर्ने तथा त्यसको तरिका बताउन सक्ने सन्त खोजी गरेर उनले भने जस्तो गर भन्ने शिक्षा तीर्थस्थलहरूले दिन्छन् । तर पछि गएर यिनै स्थानहरूको पूजा प्रारम्भ भयो, जुन नितान्त व्यर्थ र शास्त्र विरूद्ध छ ।

यी स्थानहरु कुनै हलुवाइले भट्टी राखेर जेरी, लड्डु आदि बनाई आफूले खाएर आफ्ना साथी सङ्गीहरूलाई पनि खुवाएपछि छोडेको ठाउँ जस्तै त हुन् । त्यसपछि त्यो ठाउँमा न हलुवाइ रहन्छ न त मिठाइ नै, त्यहाँ त भट्टी मात्र रहन्छ ।

त्यसले न हामीलाई मिठाइ बनाउन सिकाउँछ, न त हाम्रो पेट नै भर्न सक्छ । कसैले हलुवाइले मिठाइ बनाएको भट्टी देखाउँछु, ल जाऊँ भन्यो । त्यहाँ गएर भट्टी अवलोकन गरी सात फेरा लगाउँदा के मिठाइ पाइन्छ त ? यसका लागि पहिले मिठाइ खुवाउने र त्यसपछि बनाउने विधि सिकाउने हलुवाइ नै खोज्नु पर्छ । अनि उनले भने जस्तो मात्र गर्नु पर्छ, अन्यथा होइन ।

ठीक यसरी नै तीर्थस्थलहरूको पूजा गर्नुको सट्टा शास्त्र अनुसार पूर्ण परमात्मा कबीर साहेबको भक्ति गर्ने र सो तरिका बताउने सन्तको खोजी गर्नु पर्छ । उनले जसो भन्छन् त्यसो मात्र गर्नु पर्छ, आफ्नो मनोमानी गर्नु हुँदैन ।

सामवेद संख्या नं. १४०० उतार्चिक अध्याय १२, खण्ड ३, श्लोक नं. ५ (सन्त रामपाल दास महाराज जीबाट भाषा-भाष्य) :-

भद्रा वस्त्रा समन्याऽवसानो महान् कविर्निवचनानी शंसन्।
आ वच्यस्व चम्वोः पूयमानो विचक्षणो जागृविर्देववीतौ।।५।।

अनुवादः- चलाख व्यक्तिहरूले आफ्ना वचनले पूर्ण परमात्मा (पूर्ण ब्रह्म) को पूजा गर्ने सतमार्गको दर्शन नगरेर अमृत दिनुको सट्टा भूत पूजा, पितृपूजा, श्राद्ध, तीनै गुण (रजगुण, सतगुण र तमगुण) तथा ब्रह्म कालको पूजा र मन्दिर, मस्जिद, गुरूद्वारा, चर्च तथा तीर्थ, व्रत जस्ता आन उपासना रूपी खटिरा तथा घाउबाट निस्केका पीपलाई आदरसाथ आचमन गराइ रहेका हुन्छन् । उसलाई परम सुखदायक पूर्ण ब्रह्म कबीरले सशरीर साधारण भेष भुषामा (वस्त्रको अर्थ भेषभुषा हो र सन्तको भाषामा यसलाई चोला पनि भनिन्छ, जस्तो कुनै सन्तले शरीर त्यागेर जानु भएमा महात्माले चोला छोडेर जानु भयो भनिन्छ) सत्यलोकको शरीर समान अर्को तेजपुञ्जको शरीर धारण गरी आम व्यक्ति सरह केही दिन संसारमा जीवन बिताएर आफ्ना शब्द साखीहरु (ज्ञान विषयक कविता) का माध्यमले सत्यज्ञानको वर्णन गर्दै पूर्ण परमात्माको लुकेको वास्तविक सत्यज्ञान तथा भक्तिलाई जागृत गराउनु हुन्छ ।

गीता अध्याय नं. १६ को श्लोक नं. २३ :-

यः, शास्त्रविधिम्, उत्सृज्य, वर्तते, कामकारतः, न, सः,
सिद्धिम्, अवाप्नोति, न, सुखम्, न, पराम्, गतिम्।।

अनुवादः- शास्त्र विधिलाई त्यागेर आफ्नो इच्छाले मनोमानी आचरण गर्ने मानिसले न सिद्धि न परम गति न त सुख नै प्राप्त गर्छ ।

गीता अध्याय नं. ६ को श्लोक नं. १६ :-

न, अति, अश्नतः, तु, योगः, अस्ति, न, च, एकान्तम्, अनश्नतः,
न, च, अति, स्वप्नशीलस्य, जाग्रतः, न, एव, च, अर्जुन।।

अनुवादः- हे अर्जुन ! यो योग अर्थात् भक्ति न अधिक खानेहरू, न विल्कुलै नखानेहरू, न एकान्त स्थानमा आसन लगाई साधना गर्नेहरू तथा न अधिक शयन गर्ने स्वभाव भएकाहरू र न त सदा जागृत रहनेहरूको सिद्ध हुन्छ ।

पूजैं देई धाम को, शीश हलावै जो। गरीबदास साची कहै, हद काफिर है सो।।
कबीर, गंगा काठै घर करै, पीवै निर्मल नीर। मुक्ति नहीं हरि नाम बिन, सतगुरू कहैं कबीर।।
कबीर, तीर्थ कर-कर जग मूवा, उडै पानी न्हाय। राम ही नाम ना जपा, काल घसीटे जाय।।
गरीब, पीतल ही का थाल है, पीतल का लोटा। जड मूरत को पूजतें, आवैगा टोटा।।
गरीब, पीतल चमच्चा पूजिये, जो थाल परोसै। जड मूरत किस काम की, मति रहो भरोसै।।
कबीर, पर्वत पर्वत मैं फिर्या, कारण अपने राम। राम सरीखे जन मिले, जिन सारे सब काम।।

**४. पितृ पूजा निषेध :- कुनै पनि प्रकारको पितृ पूजा, श्राद्ध आदि गर्नु हुँदैन । गीता ज्ञानदाताले पनि यी पितृहरूको तथा भूतहरूको पूजा गर्न पूर्ण रूपमा मनाही गर्दै गीता जीको अध्याय नं. ९ को श्लोक नं. २५ मा भनेका छन् :-**

यान्ति, देवव्रताः, देवान्, पितृऋन्, यान्ति, पितृव्रताः ।
भूतानि, यान्ति, भूतेज्याः, मद्याजिनः, अपि, माम् ।

**अनुवादः- देवताहरूको पूजा गर्नेहरूले देवता नै प्राप्त गर्छन्, पितृहरूको पूजा गर्नेहरूले पितृ नै प्राप्त गर्छन् तथा भूतहरूलाई पूजा गर्नेहरूले भूत नै प्राप्त गर्छन् र मतानुसार पूजा गर्ने भक्तहरु मबाटै लाभान्वित हुन्छन् ।**

**बन्दी छोड गरीबदास महाराज जी पनि भन्छन् :-**

गरीब, भूत रमै सो भूत है, देव रमै सो देव ।
राम रमै सो राम है, सुनो सकल सुर भेव ।।

**यसैले, पूर्ण मुक्ति गराउन सक्ने (पूर्ण परमात्मा) परमेश्वरको भक्ति गर । वहाँ परमात्मा पूर्ण ब्रह्म सत्यपुरूष (सत कबीर) हुनु हुन्छ । गीता जीको अध्याय नं. १८ को श्लोक नं ४६ मा यसको प्रमाण छ :-**

यतः प्रवृतिर्भूतानां येन सर्वमिंद ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः।।४६।।

**अनुवादः- जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ र जसबाट यो समस्त जगत् व्याप्त छ, ती परमेश्वरको आफ्नो स्वाभाविक कर्महरूद्वारा पूजा गरेर मनुष्यले परम सिद्धि प्राप्त गर्दछ ।**

**गीता अध्याय नं १८ को श्लोक नं. ६२ मा पनि भनिएको छ :-**

तमेव शरणं गच्छ सर्वभावेन भारत।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शास्वतम्।।६२।।

**अनुवादः- ए भरतवंशी अर्जुन ! तिमी सर्वभावले ती ईश्वरकै शरणमा जाऊ । वहाँको कृपाले तिमीलाई परम शान्ति र अविनाशी परम (संसारभन्दा माथिको) पद प्राप्त हुन्छ । सर्वभावको तात्पर्य कुनै अन्य पूजा नगरेर मन-कर्म-वचनले एक परमेश्वरमा आस्था राख्नु हो ।**

**गीता अध्याय नं. ८ श्लोक नं. २२ मा भनिएको छ :-**

पुरूषः स परः पार्थ भक्तया लभ्यस्त्वनन्यया।

यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम्।।२२।।

**अनुवाद :- हे पृथानन्दन अर्जुन ! सम्पूर्ण प्राणी जसमा अन्तर्निहित छन् र जसबाट यो सम्पूर्ण संसार व्याप्त छ, ती परम पुरुष परमात्मा त अनन्यभक्तिद्वारा प्राप्त हुने योग्य हुनु हुन्छ ।**

**अनन्य भक्तिको तात्पर्य अरू देवी देवताहरु अर्थात् तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमोगुण-शिव) को नभई एउटै परमेश्वर (पूर्ण ब्रह्म) को भक्ति गर्नु हो ।**

**गीताजीको अध्याय नं. १५ श्लोक नं. १ देखि ४ मा यसकै प्रमाण दिइएको छ ।**

**गीता अध्याय नं. १५ को श्लोक नं. १ :-**

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः अव्ययम्,
छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्।।१।।

**अनुवाद :- माथित्तिर जरा र तलतिर हाँगा भएको अविनाशी विस्तृत संसार रूपि पिपलको वृक्ष हो, जसका स-साना भाग वा हाँगा तथा पातहरु भनिएका छन्, त्यस संसार रूपि वृक्षलाई जसले यस प्रकार जान्दछ त्यो पूर्ण ज्ञानी अर्थात् तत्वदर्शी सन्त हो ।**

**गीता अध्याय नं. १५ को श्लोक नं. २ :-**

अधः, च, ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः, विषयप्रवालाः,
अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके।।२।।

**अनुवाद :- त्यस रूखको तल्तिर र माथित्तिर तीन गुणहरु (ब्रह्मा-रजगुण, विष्णु- सतगुण र शिव-तमगुण) का रूपमा फैलिएका काम, क्रोध, मोह, लोभ, अहङ्कार जस्ता विकाररूपी पालुवा, हाँगा स्वरूपका ब्रह्मा, विष्णु र शिव नै जीवलाई कर्ममा बाँध्ने मूल कारण हुन् तथा मनुष्यलोक, स्वर्ग, नरकलोक, पृथ्वीलोकमा तलतिर (चौरासीलाख जुनीमा) र मास्तिर समेत व्यवस्थित गरिएका छन् ।**

**गीता अध्याय नं. १५ को श्लोक नं. ३ :-**

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,
सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असङ्गशस्त्रेण, दृढेन, छित्वा।।३।।

**अनुवाद :- यस रचनाको आदि तथा अन्त्य छैन, न त्यस्तो स्वरूप पाइन्छ । यहाँ विचार कालमा अर्थात् मैले दिइ रहेको गीता ज्ञानबारे मलाई पनि पूर्ण जानकारी छैन किनकि सबै ब्रह्माण्डहरूको रचनाको स्थितिबारे मलाई राम्रो ज्ञान छैन । राम्रोसँग स्थायी स्थिति, बलियो स्वरूप भएको यो निर्लेप तत्त्वज्ञानरूपी दृढ शस्त्रले अर्थात् निर्मल तत्त्व ज्ञानले काटेर अर्थात् निरञ्जनको भक्तिलाई क्षणिक जानेर मात्र यसलाई बुझ्न सकिन्छ ।**

**गीता अध्याय नं. १५ को श्लोक नं. ४ :-**

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः।
तमेव चाद्यं पुरूषं प्रपद्ये यतः प्रतृत्ति प्रसृता पुराणी।।४।।

**अनुवाद :- त्यसपछि ती परमपद परमात्माको खोज गर्नु पर्छ। जसलाई प्राप्त गरेको मनुष्य फर्केर संसारमा पुनः आउँदैनन् र जसबाट अनादि कालदेखि चलि आइ रहेको यो सृष्टि विस्तार प्राप्त भएको छ, ती आदि पुरूष परमात्माको नै म शरणागत छु ।**

**यसै आधारमा स्वयं भगवान श्रीकृष्णले देवी-देवताका राजा इन्द्रको पूजा छोड्न लगाएर परमात्माको भक्ति गर्ने प्रेरणा दिएका थिए । त्यसैले गोवर्धन पर्वत उठाएर इन्द्रको क्रोधबाट ब्रजबासीहरूको रक्षा उनले गरेका थिए ।**

गरीब, इन्द्र चढा ब्रिज डुबोवन, भीगा भीत न लेव।
इन्द्र कढाई होत जगत् में, पूजा खा गए देव।।
कबीर, इस संसार को, समझाऊँ कै बार।
पूँछ जो पकडै भेढ की, उतरा चाहै पार।।

**५. गुरूको आज्ञा पालन गर्नु :- गुरूदेव जीको आज्ञा बिना घरमा कुनै पनि प्रकारको धार्मिक अनुष्ठान गर्नु हुँदैन । बन्दी छोडले आफ्नो वाणीमा भन्नु भएको छः-**

"गुरू बिन यज्ञ हवन जो करहीं, मिथ्या जावे कवहुँ नहीं फलहिं"
कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान।
गुरू बिन दोनों निष्फल है, पुछो वेद पुराण।।

**६. माता मसानी पुज्न निषेध :- आफ्नो खेतमा बनेका थान र मठ-मन्दिर वा कुनै अन्य देवताको समाधि पुज्नु हुँदैन। कसैको पनि समाधि पुज्नै हुँदैन । अन्य कुनै उपासना पनि गर्नु हुँदैन । यहाँसम्म कि तीनवटै गुणहरु (ब्रह्मा, विष्णु र शिव) को पूजा पनि गर्नु हुँदैन । गुरूले बताउनु भए अनुसार मात्र गर्नु पर्छ ।**
**गीता अध्याय नं. ७ को श्लोक नं. १५ :-**

न, माम्, दुष्कृतिनः, मूढाः, प्रपद्यन्ते, नराधमाः,
मायया, अपहृतज्ञानाः, आसुरम्, भावम्, आश्रिताः।।

**अनुवाद :- मायाले ज्ञान हरण गरि सकेका आसुर स्वभाव धारण गरेका नीच कर्म गर्ने मुर्खहरूले मलाई भज्दैनन् अर्थात् तिनीहरु तीनवटै गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमगुण-शिव) को साधना नै गरि हन्छन् ।**

कबीर, माई समानी शेढ शीतला, भैरव भूत हनुमंत। परमात्मा उनसे दूर है, जो इनको पूजंत।।
कबीर, सौ वर्ष तो गुरू की सेवा, एक दिन आन उपासी। वो अपराधी आत्मा, परै काल की फांसी।।
गुरू को तजै भजै जो आना। ता पसुवा को फोकट ज्ञाना।।

७. सङ्कट मोचन कबीर साहेब हुनु हुन्छ :- कर्म कष्ट (सङ्कट) भएमा कुनै पनि इष्ट देवताको या माता मसानी (बोक्सी-डाइनी) आदिको पूजा कहिल्यै गर्नु हुँदैन । कुनै पनि प्रकारको भाकल गर्नु नै हुँदैन । बन्दीछोड कबीर साहेब नै सबै दु:ख हरण गर्ने सङ्कट मोचन हुनु भएकोले वहाँलाई मात्र पुज्नु पर्छ ।

सामवेद संख्या नं. ८२२ उतार्चिक अध्याय ३ खण्ड नं. ५ श्लोक नं. ८ (सन्त रामपाल दासले गर्नु भएको भाषा-भाष्य) :-

मनीषिभिः पवते पूर्व्यः कविर्नृभिर्यतः परि कोशां असिष्यदत् ।
त्रितस्य नाम जनयन्मधु क्षरन्निन्द्रस्य वायुं सख्याय वर्धयन् ॥८॥

नेपाली अनुवाद :- सनातन अर्थात् अनिवाशी कबीर परमेश्वरलाई हृदयदेखि नै चाहनेहरू तथा श्रद्धापूर्वक भक्ति गर्ने भक्तात्मालाई तीन मन्त्र उपदेश दिएर पवित्र गरेर जन्म तथा मृत्युबाट रहित गर्नु हुन्छ तथा उसको संस्कारवस आफ्नो मित्र अर्थात् भक्तका रूपमा गणना गरि दिएको प्राण अर्थात् जीवन श्वासहरूलाई आफ्नो भण्डारबाट पूर्ण रूपमा बढाइ दिनु हुन्छ । जस कारणले परमेश्वरको वास्तविक आनन्दलाई आफ्नै आशिर्वाद प्रसादले प्राप्त गराउनु हुन्छ ।

कबीर, देवी देव ठाढे भये, हमको ठौर बताओ। जो मुझ (कबीर) को पूजैं नहीं, उनको लुटो खाओ॥
कबीर, काल जो पीसै पीसना, जोरा है पनिहार। ये दो असल मजूर हैं, सतगुरू के दरबार॥

८. अनावश्यक दान निषेध :- कहीँ-कसैलाई दानका रूपमा केही दिनु हुँदैन । पैसा र नसिलाइएको कपडा आदि केही पनि दिनु हुँदैन । कसैले दानका रूपमा केही माग्न आए उसलाई खाना तथा चिया, पानी, लस्सी आदि दिनु हुन्छ तर नगद वा नपकाएको जिन्सी वस्तु चाहिँ दिनु हुँदैन । के थाहा त्यस भिक्षुले पैसाको दुरूपयोग पो गर्छ कि ? जस्तो : एउटा भिखारीले आफ्नो छोरो उपचार नपाएर छट्पटाइ रहेको छ भन्ने झुटो कुरा एकजना व्यक्तिलाई सुनायो । झुटो कहानी सुनाएपछि उसले केही पैसा माग्यो । भावनामा बगेर त्यस व्यक्तिले भिखारीलाई १०० रूपियाँ दियो । त्यो भिखारी पहिले एक पाउ रक्सी पिउने गर्थ्यो भने त्यस दिन उसले आधा बोतल रक्सी पियो र श्रीमतीलाई धेरै कुट-पीट गर्‍यो । उसकी श्रीमतीले बालबच्चासहित आत्महत्या गरिन् । त्यो व्यक्तिले गरेको त्यो दान त्यस परिवारको विनाशको कारण बन्यो । यदि तपाईं यस्तो दु:खी व्यक्तिलाई मद्दत गर्न चाहनु हुन्छ भने उसको बालकलाई औषधी किनि दिनु होस्, पैसा नदिनु होस् ।

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान। गुरू बिन दोनों निष्फल हैं, पूछो वेद पुरान॥

९. जुठो खान निषेध :- जाँड-रक्सी, माछा-मासु, सूर्ती, अण्डा, बियर, अफीम, गाँजा आदि सेवन गर्ने मानिसको जुठो खानु हुँदैन ।

१०. सत्यलोक गमन (देहान्त) पछि किरिया-कर्म निषेध :- परिवारमा कसैको मृत्यु भएमा घरको कुनै सदस्य वा अन्य कसैले पनि चितामा अग्नि दिनु हुन्छ तर अग्नि प्रज्वलित गर्ने समयमा मङ्गलाचरण वाचन गरि दिनू । तर उसको अस्थि

आदि केही पनि उठाउनु हुँदैन । त्यो ठाउँ सफा गर्नु अनिवार्य भएमा ती अस्थिहरु आफूले नै उठाएर कुनै ठाउँमा बगि रहेको पानीमा बगाइ दिनु र त्यस बेला मङ्गलाचरण गरि दिनू । पिण्ड दिनु पर्दैन तथा तेन्हौं, छ मासिक, बर्खी, आदि कुनै पनि श्राद्ध गर्नु पर्दैन । अरू कोही पनि व्यक्तिबाट हवन आदि गराउनु हुँदैन । शोक व्यक्त गर्न आउने आफन्त तथा नातेदारहरूका लागि कुनै एक दिन छुट्याएर त्यस दिन पनि सँधैं झैं नित्य नियम गरेर ज्योति जागृत गर्नु होस् अनि सबैलाई खाना खुवाउनु होस् । तपाईं मर्ने व्यक्तिको नाममा कुनै धर्म गर्न चाहनु हुन्छ भने आफ्नो गुरूदेवको आज्ञा लिएर बन्दीछोड गरीबदास जी महाराजको अमृतमयी वाणीको अखण्ड पाठ गराउनु होस् । पाठ गर्ने आज्ञा मिलेन भने त्यो परिवारको उपदेशी (उपदेश प्राप्त) भक्तले चार वा सात दिनसम्म घरमा शुद्ध घिउको एउटा अखण्ड बत्ती बाल्नु होस् तथा प्रतिदिन चारपटक ब्रह्म गायत्री मन्त्र जप गर्नु होस् । उक्त सत्यलोक वासीका लागि तीन वा एक पटकको मन्त्रको दान सङ्कल्प गर्नु होस् । तपाईंलाई उचित लागे अनुसार एक, दुई वा तीन पटकसम्मको मन्त्र जपको फल उसलाई दान गरि दिनु होस् । निम्न कुरा सम्झिँदै प्रतिदिनको जस्तै ज्योति जगाउने तथा आरती गाउने र नाम स्मरण गर्ने कार्य गरि रहनु होस् :-

कबीर, साथी हमारे चले गए, हम भी चालन हार। कोए कागज में बाँकी रह रही, ताते लाग रही वार।।
कबीर, देह पडी तो क्या हुआ, झुठा सभी पटीट। पंक्षी उड्या आकाश कूं, चलता कर गया बिट।।

## कर्म काण्डको विषयमा सत्य कथा

मेरा (सन्त रामपाल दासका) पूज्य गुरूदेव स्वामी राम देवानन्द जी महाराज सोऱ्ह (१६) वर्षको हुँदा एकजना महात्माको सत्सङ्ग सुनेपछि बैरागी हुनु भएको थियो । एक दिन वहाँ खेतमा जानु भएको थियो । नजिकै वन थियो। वहाँले वनमा गएर एउटा मरेको जनावरको हड्डीहरु भएकै ठाउँमा आफूले लगाएका लुगा च्यातेर फ्याँकि दिनु भयो र महात्मा जीका साथ लागेर जानु भएको थियो ।

वहाँको खोजी हुँदा वनमा केही हड्डीहरूसँगै वहाँका फाटेका लुगा भेटिए र कुनै जङ्गली जनावरले वहाँलाई खाएछ भन्ने वहाँका आफन्तहरूले सोचे । ती लुगा तथा हड्डीहरु उठाएर घरमा ल्याई अन्तिम संस्कार गरेर तेन्हौं, ६ मासिक तथा श्राद्ध समेत गर्न थाले ।

मेरा पुज्य गुरूदेव धेरै वृद्ध हुनु भएपछि एक पटक घर जानु भएको थियो। अनि वहाँले घर छाडी जानु भएको र वहाँ जिवितै हुनु भएको कुरा आफन्तहरूले थाहा पाए । वहाँले घर छोडेर जानु भएपछि वहाँको खोजी भएको र वनमा केही हड्डीहरूसँगै वहाँको लुगा भेटिएकोले कुनै जङ्गली जनावरले खाएछ भन्ने सोची ती लुगा तथा हड्डीहरु घरमा ल्याएर अन्तिम संस्कार गरि दिएको कुरा उनीहरूले बताए ।

अनि मैले (रामपाल दासले) मेरा पूज्य गुरूदेवको कान्छी बुहारी (भाइको श्रीमती) लाई हाम्रा पूज्य गुरूदेव घर छोडेर जानु भएपछि तपाईंले के के गर्नु भयो? भनी सोधेँ । आफ्नो विवाह भएर घरमा आउँदा त वहाँको श्राद्ध भइ रहेको थियो भन्ने कुरा बताउँदै मैले आफ्नै हातले यिनको ६० वटा श्राद्ध गरि सकेकी छु भनिन् । भैंसीले दूध नदिने, थुनमा खराबी आउने र घरमा यस्तै प्रकारका अरू कुनै हानी नोक्सानी हुँदा हामी धामी कहाँ जान्थ्यौं र धामीले तिम्रो घरमा कोही निसन्तान (अविवाहित) मरेकोले दु:ख दिइ रहेको छ भन्थे । अनि त्यसलाई शान्त पार्न उसलाई लुगा कपडा आदि दान गर्ने गर्दै आइ रहेका छौं ।

अनि मैले (रामपाल जी महाराजले) ती वृद्धालाई वहाँले त संसारको उद्धार गरि रहनु भएको छ, वहाँले कसलाई दु:ख दिनु भएको थियो र ? बरू वहाँ त सुखदाता पो हुनु हुन्छ । वहाँ त तपाईंको सामुन्ने नै हुनु हुन्छ, अब यी व्यर्थका श्राद्ध जस्ता साधनाहरु गर्न छोडि दिनु होस् है भने । तब उनले यो त पुरानो रीति-रिवाज हो, यो कसरी छोडी दिऊँ ?" भनेर जवाफ दिइन् अर्थात् हामी आफ्ना पुराना रिवाजहरूमा यति अभ्यस्त भएका छौं कि हामीले गल्ती गरि रहेको प्रत्यक्ष प्रमाण भएर पनि छोड्न सक्दैनौं । यसबाट श्राद्ध, पितृपूजा आदि जस्ता कार्य गर्नु व्यर्थ हुन् भन्ने प्रमाणित हुन्छ ।

**११. शिशुको जन्ममा शास्त्र विरूद्ध पूजा निषेध :-** शिशुको जन्मपछि छैठौं आदिजस्ता कुरा मान्नु पर्दैन। सुतकको कारणले दैनिक रूपमा गरिने पूजा, भक्ति, आरती, ज्योति जगाउने आदि काम रोक्नु पर्दैन ।

यस सन्दर्भमा एउटा छोटो कथा भन्छु— एकजना मानिसको विवाह भएको दस वर्षपछि छोरो जन्मियो । छोरो पाएको खुशीमा उसले धेरै हर्ष बढाइ गऱ्यो । उसले बीस पच्चीसवटा गाउँका गाउँलेहरूलाई भोजका लागि निम्तो दियो र धेरै नाच गान पनि भयो अर्थात् पर्याप्त पैसा खर्च गऱ्यो। अनि एक वर्षपछि उसको त्यो छोरो मऱ्यो । अनि त्यो परिवार टाउको ठोकी ठोकी रोएर आफ्नो दुर्भाग्यलाई सराप्न थाल्यो । यसैले कबीर साहेब बताउनु हुन्छ :

> कबीर, बेटा जाया खुशी हुई, बहुत बजाये थाल। आना जाना लग रहा, ज्यों कीडी का नाल।।
>
> कबीर, पतझड आवत देख कर, बन रोवै मन माहिं। ऊंची डाली पात थे, अब पीले हो हो जाहिं।।
>
> कबीर, पात झडंता यूं कहै, सुन भई तरूवर राय। अब के बिछुडे नहीं मिला, न जाने कहाँ गिरेंगे जाय।।
>
> कबीर, तरूवर कहता पात से सुनों पात एक बात। यहाँ की याहे रीति है, एक आवत एक जात।।

**१२. देवीको धाममा कपाल काटेर चढाउन निषेध :-** बालबालिकाको कपाल चढाउन देवीको धाममा जानु हुँदैन । कपाल लामो हुनासाथ काटेर फ्याँक्नु पर्छ । एउटा मन्दिरमा एकजना श्रद्धालु भक्त आफ्नो छोरा वा छोरीको कपाल काटी चढाउन गयो । त्यहाँ भएको नाइ (हजाम) ले बाहिर चलेकोभन्दा तीनगुना बढी पैसा लियो र एक पटक कैंचीले काटेको कपालको मुठो आमाबुबालाई दियो । उनीहरूले त्यो कपाल श्रद्धापूर्वक मन्दिरमा चढाए । पुजारीले त्यसलाई एउटा थैलोमा राखि

**दियो र राती उठाएर एकान्त ठाउँमा फ्याँकि दियो । यो त नाटक मात्र हो। पहिलेको जसरी स्वाभाविक तरिकाले कपाल काटौं र फालौं । परमात्मा नामबाट प्रसन्न हुनु हुन्छ, पाखण्डले होइन ।**

**१३. नाम जपबाट सुख :- नाम (उपदेश) दुःख निवारणको दृष्टिकोणले मात्र लिनु हुँदैन, बरू आत्म कल्याणका लागि लिनु पर्छ । अनि सुमिरण गर्नाले सबै सुखहरु आफै आउँछन् ।**

कबीर, सुमिरण से सुख होत है, सुमिरण से दुःख जाए।
कहैं कबीर सुमिरण किए, सांई माहिं समाय।।

**१४. व्यभिचार निषेध :- पराइ स्त्रीलाई आमा, छोरी तथा दिदी-बहिनीको दृष्टिकोणले हेर्नु पर्छ । व्यभिचार महापाप हो । जस्तो :-**

गरीब, पर द्वारा स्त्री का खोलै। सत्तर जन्म अन्धा हो डोलै। सुरापान मद्य मांसाहारी।
गवन करें भोगै पर नारी।। सत्तर जन्म कटत हैं शीशं। साक्षी साहिब है जगदीशं।।
पर नारी ना परसियों, मानो वचन हमार। भवन चर्तुदश तास सिर, त्रिलोकी का भार।।
पर नारी ना परसियो, सुनो शब्द सलतंत। धर्मराय के खंभ से, अर्धमुखी लटकंत।।

**१५. निन्दा सुन्न तथा गर्न निषेध :- आफ्नो गुरूको निन्दा भुलेर पनि गर्नु हुँदैन र सुन्नु पनि हुँदैन । सुन्नु भन्नाले कसैले आफ्नो गुरूको बारेमा मिथ्या कुरा गरेमा झगडा गर्नु भनेको होइन बरू त्यसले विचारै नगरी बोलि रहेको छ अर्थात् झुटो कुरा गरि रहेको छ भन्ने सम्झनु पर्छ ।**

गुरू की निंदा सुनै जो काना। ताको निश्चय नरक निदाना।।
अपने मुख निंदा जो करहीं। शुकर श्वान गर्भ में परहीं।।

**निन्दा त कसैको पनि गर्नु हुँदैन र सुन्नु पनि हुँदैन । चाहे ती साधारण व्यक्ति नै किन न हुन् । कबीर साहेब भन्नु हुन्छ :**

"तिनका कबहू न निन्दीये, जो पावं तले हो। कबहु उठ आखिन पडे, पीर घनेरी हो।।"

**१६. गुरू दर्शनको महिमा :- सत्सङ्गमा समय पाउनासाथ आउने कोशिस गर्नु पर्छ । सत्सङ्गमा नक्कल (मान-मनितो) गर्नका लागि आउनु हुँदैन । आफूलाई एउटा रोगी सम्झेर आउनु पर्छ। रोगी व्यक्ति चाहे जति नै पैसा भएको वा उच्च पदमा रहेको भए पनि अस्पताल जाने उसको उद्देश्य त रोगमुक्त हुनु नै हो । डाक्टरले सुत्नु भन्दा ऊ सुत्छ, बस्नु भन्दा बस्छ र बाहिर जानु भन्दा बाहिर जान्छ । फेरि भित्र आउनु भनी बोलाउँदा चुपचाप भित्र आउँछ । ठीक यसै प्रकारले तपाईं सत्सङ्गमा आउने हो भने मात्र तपाईंलाई सत्सङ्गमा आएको लाभ हुन्छ अन्यथा आगमन निस्फल हुन्छ । सत्सङ्गमा बस्ने ठाउँ जहाँ मिल्यो त्यहीँ बस्नु पर्छ र जे पाइयो त्यो परमात्मा कबीर साहेबको कृपाले पाएको प्रसाद सम्झेर खुशीपूर्वक खानु पर्छ ।**

कबीर, संत मिलन कूं चालिए, तज माया अभिमान। जो-जो कदम आगे रखे, वो ही यज्ञ समान।।

कबीर, संत मिलन कूं जाईए, दिन में कई-कई बार। आसोज के मेह ज्यों, घना करे उपकार।।

कबीर, दर्शन साधु का, परमात्मा आवै याद। लेखे में वोहे घडी, बाकी के दिन बाद।।

कबीर, दर्शन साधु का, मुख पर बसै सुहाग। दर्श उन्हीं को होत हैं, जिनके पूर्ण भाग।।

**१७. गुरू महिमा :- कहीँ पाठ या सत्सङ्ग भइ रहेको ठाउँमा जाँदा वा गुरू जीको दर्शन गर्न मात्र जाँदा सबैभन्दा पहिला गुरू जीलाई दण्डवत (सुतेर) प्रणाम गर्नु पर्छ र त्यसपछि सतग्रन्थ साहेब तथा कबीर साहेब, गरीबदास जी, स्वामी रामदेवानन्द जी तथा गुरू जीका मूर्ति वा तस्वीरहरूलाई प्रणाम गर्नु पर्छ, जसको उद्देश्य मात्र भावना कायम राख्नु हो । मूर्ति पूजा गर्नु हुँदैन । प्रणाम मात्र गर्नु भनेको पूजा गर्नु होइन । यसले भक्तलाई श्रद्धा कायम गरी राख्न सहयोग गर्छ । पूजा चाहिँ तात्कालीन गुरू तथा नाम मन्त्रको गर्नु पर्छ, जसले मुक्त गराउँछ ।**

कबीर, गुरू गोविन्द दोऊ खडे, काके लागुं पाय।

बलिहारी गुरू आपने, जिन गोविन्द दियो मिलाय।।

कबीर, गुरू बडे हैं गोविन्द से, मन में देख विचार। हरि सुमरे सो रह गए, गुरू भजे होय पार।।

कबीर, हरि के रूठतां, गरू की शरण मे जाय। कबीर गुरू जै रूठजां, हरि नहीं होत सहाय।

कबीर, सात समुद्र की मसि करुं, लेखनि करुं बनिराय।

धरती का कागज करूं, तो गुरू गुन लिखा न जाय।।

**१८. मासु खान निषेध :- अण्डा तथा मासु खानु र जीव हिंसा गर्नु हुँदैन । यी महापाप हुन् । साहेब कबीर जी महाराज तथा गरीबदास जी महाराजले बताउनु भएको छ :**

कबीर, जीव हने हिंसा करे, प्रकट पाप सिर होय। निगम पुनि ऐसे पाप तें, भिस्त गया नहिं कोय।।१।।

कबीर, तिलभर मछली खायके, कोटि गऊ दे दान। काशी करौंत ले मरे, तो भी नरक निदान।।२।।

कबीर, बकरी पाती खात है, ताकी काढी खाल। जो बकरीको खात है, तिनका कौन हवाल।।३।।

कबीर, गला काटि कलमा भरे, कीया कहै हलाल। साहब लेखा मांगसी, तब होसी कौन हवाल।।४।।

कबीर, दिनको रोजा रहत है, रात हनत हैं गाय। यह खून वह वंदगी, कहुं क्यों खुशी खुदाय।।५।।

कबीर, कबिरा तेई पीर है, जो जानै पर पीर। जो पर पीर न जानि है, सो काफिर बेपीर।।६।।

कबीर, खूब खाना है खीचडी, माहीं परी टुक लौन। मांस पराया खायकै, गला कटावै कौन।।७।।

कबीर, मुसलमान मारैं करदसो, हिंदू मारैं तरवार। कहै कबीर दोनूं मिलि, जैहैं यमके द्वार।।८।।

कबीर, मांस अहारी मानव, प्रत्यक्ष राक्षस जानि। ताकी संगति मति करै, होइ भक्ति में हानि।।९।।

कबीर, मांस खांय ते ढेड सब, मद पीवैं सो नीच। कुलकी दुरमति पर हरै, राम कहै सो ऊंच।।१०।।

कबीर, मांस मछलिया खात हैं, सुरापान से हेत। ते नर नरकै जाहिंगे, माता पिता समेत।।११।।

गरीब, जीव हिंसा जो करते हैं, या आगे क्या पाप। कंटक जुनी जिहान में, सिंह भेडिया और सांप।।

झोटे बकरे मुरगे ताई। लेखा सब ही लेत गुसाई।। मृग मोर मारे महमंता। अचरा चर है जीव अनंता।।

जिह्वा स्वाद हिते प्राना। नीमा नाश गया हम जाना।।

तीतर लवा बुटेरी चिडिया। खूनी मारे बडे अगडिया।।

अदले बदले लेखे लेखा। समझ देख सुन ज्ञान विवेका।।
गरीब, शब्द हमारा मानियो, और सुनते हो नर नारि।
जीव दया बिन कुफर है, चले जमाना हारि।।

**अनजानमा भएको हिंसाको पाप लाग्दैन । बन्दी छोड कबीर साहेब भन्नु हुन्छः**

"इच्छा कर मारै नहीं, बिन इच्छा मर जाए। क्है कबीर तास का, पाप नहीं लगाए ।।"

**१९. गुरूद्रोहीसित सम्पर्क निषेध :- गुरू जीसँग विद्रोह गर्ने (विमुख हुने) भक्त महापापको भागी हुन्छ । कसैलाई मार्ग राम्रो नलागेमा कसैले पनि आफ्नो गुरू फेर्न सक्छ । पूर्व गुरूसँग शत्रुता राख्ने वा पूर्व गुरूको निन्दा गर्नेलाई चाहिँ गुरूद्रोही भनिन्छ । त्यस्तो व्यक्तिसँग भक्ति चर्चा गर्दा उपदेशीलाई दोष लाग्छ । उसको भक्ति समाप्त हुन्छ ।**

गरीब, गुरू द्रोही की पैड पर, जे पग आवै बीर। चौरासी निश्चय पडै सतगुरू कहैं कबीर।।
कबीर, जान बुझ साची तजै, करै झुठे से नेह। जाकी संगत हे प्रभु, स्वपन में भी ना देह।।
अर्थात्, गुरूद्रोहीको सङ्गत गर्नेहरु भक्ति रहित भएर नरक वा चौरासी लाख जुनिमा जान्छन् ।

**२०. जुवा निषेध : जुवा, तास कहिल्यै खेल्नु हुँदैन ।**

कबीर, मांस भखै और मद पिये, धन वेश्या सों खाय। जूआ खेलि चोरी करै, अंत समूला जाय।।

**२१. नाच गान निषेध :- कुनै पनि प्रकारको खुशीको अवसरमा नाच्नु वा अश्लील गीत गाउनु भक्तिभावको विरूद्ध हो । उदाहरणका लागि, एकजना विधवा बहिनी कुनै खुसीको अवसरमा आफ्नो नातेदारकहाँ गएकी थिइन् । सबै खुसी मनाउँदै नाचगान गरि रहेका थिए तर ती बहिनी एउटा कुनामा बसेर प्रभु चिन्तनमा लागि रहेकी थिइन् । अनि उनका आफन्तहरुले उनलाई सोधे,– "तपाईं किन निराश भएर बसि रहनु भएको छ ? तपाईं पनि हामीहरु जस्तै नाच्नु होस्, गाउनु होस् र खुसी मनाउनु होस् न ।" यसप्रति ती बहिनीले भनिन्,– "के को खुसी मनाऊँ ? म विधवाको एउटा मात्र छोरो पनि भगवानको प्यारो भयो। मेरा निम्ति अब के खुसी छ र ?" ठीक यस्तै प्रकारको अवस्था यस लोकको प्रत्येक व्यक्तिको छ । यहाँ गुरू नानक जीको निम्न वाणी स्मरणीय छ :-**

ना जाने काल की कर डारै, किस विधि ढल पासा वे।
जिन्हादे सिर ते मौत खुडगदी, उन्हानूं केडा हांसा वे।।
साध मिलें साडी शादी (खुशी) होंदी, विछड दां दिल गिरि (दुःख) वे।
अखदे नानक सुनो जिहाना, मुश्किल हाल फकीरी वे।

**कबीर साहेब जी महाराज पनि भन्नु हुन्छ :-**

कबीर, झुठे सुखको सुख कहै, मान रहा मन मोद।
सकल चबीना काल का, कुछ मुख में कुछ गोद।।
कबीर, बेटा जाया खुशी हुई, बहुत बजाये थाल।

आवण जाणा लग रहा, ज्यों कीडी का नाल।।

**विशेषः-** स्त्री तथा पुरूष दुवै परमात्मा प्राप्तिका अधिकारी हुन् । महिलाहरूले मासिक धर्म (Mainces) को अवधिमा पनि आफ्नो दैनिक पूजा, ज्योति बाल्नु आदि रोक्नु हुँदैन । कसैको देहान्त तथा जन्ममा पनि दैनिक पूजा कर्म बन्द गर्नु पर्दैन ।

**नोट :-** यी एक्काईस सूत्रीय आदेशहरु पालना नगर्ने भक्तको नाम समाप्त हुन्छ। अनजानमा कुनै गल्ती भएको खण्डमा भने त्यो माफ हुन्छ तर कसैले जानि-बुझी कुनै गल्ती गर्दछ भने त्यो भक्त नाम रहित हुन्छ। यसको समाधान गुरूदेव जीबाट क्षमायाचना गरेर पुनः नाम उपदेश लिनु नै हो ।

लेखक
सन्त रामपाल दास महाराज
सतलोक आश्रम, बरवाला
हिसार जिल्ला, हरियाणा (भारत)

# शास्त्रानुकूल भक्ति साधनाले भक्तहरूलाई लाभ भयो

बोलौः बन्दी छोड सतगुरू रामपाल जी महाराज जीको जय, सत साहेब

## ढाड दुखाइ निको हुनु

म पूर्णब्रह्म कबीर परमात्माका भक्त कुमार दास (डंगोल) काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका– १५, स्वयम्भ डल्लु आवास निवासी हुँ। चार बर्ष पहिले नेपाली सेनाबाट सेवा निवृत्त (Retirement) हुनुपूर्व सूचना प्रविधि महाशाखाको महाशाखा प्रमखका रूपमा कार्यरत थिएँ। हाल समाजसेवामा संलग्न रहनुका साथै एक निजी माध्यमिक विद्यालयको सञ्चालकको रूपमा पनि कार्यरत छु। ज्योतिष शास्त्रमा रूचि रहेकोले नोकरीमा रहेको बेलामा केही ज्ञान सिकेको थिएँ। वि. सं. २०४५ सालमा कम्प्युटरमा प्रोग्राम बनाएर नेपाली क्यालेण्डर निकाल्ने र गणितका माध्यमबाट फलादेश गर्ने सफ्टवयरका निर्माणको काम पनि शुरू गरेको थिएँ तर यसबाट आफनो नोकरीमा वृत्ति बिकासमा खासै सहयोग नहुने भएकोले त्यतातिर लागिनँ। साइबाबाको चमत्कार सुनेर केही महिना भजन किर्तनतिर पनि लागें तर यसबाट पनि आत्मिक सन्तुष्टि प्राप्त भएन। मनमा विभिन्न खालका भ्रान्तिहरू मात्र चलि रहन्थ्यो। जीवनमा केही कुराको अपुग छ भन्ने लागि रहन्थ्यो।

वि.सं. २०७१ सालमा गुरू जी जेल जानुपूर्व एकजना भगत जीले ज्ञान गंगा पुस्तक पढनुस् भनेर दिनु भएको थियो। त्यसबेला आफू निकै व्यस्त भएकोले केही पाना मात्र सर्सती पढैं र पछि पढ्नु पर्ला भनेर दराजमा राखें। मलाई सन्त रामपाल जीको विषयमा जान्ने जिज्ञासा चाहिं बढ्न थालेको थियो, जसकारण सगरमाथा, साधना टी. भी. मा आउने सत्सङ्ग कहिले काँही हेर्ने गर्थें। ज्ञान गंगाको थोरै अध्ययनले पनि ममा केही हलचल चाहिं मच्चाएको थियो । केही महिनापछि म, मेरी भक्तमति र एक जना चिनीया मूलकी ताओइष्ट (चाइनीज बुद्ध धर्म मान्ने) मलेशियन चाइनिज महिला (जसले मलाई चाइनिज भाषा पनि पढाउनु हुन्थ्यो) एक दिन बिहान नागार्जुन नगरपालिकाको गैह्री गाउँ घुम्न गएका थियौं । फर्कने क्रमममा ठूलो भन्याङ्गमा एकजना भगतले सञ्चालन गरेको होटेलमा चिया पिउन गयौं। मैले वहाँसँग गुरू जीले दिनु भएको ज्ञानको बारेमा के हुँदै छ नि भनेर सोधें। वहाँले गुरू जीले दिनु भएको ज्ञान राम्रो छ, यसमा मुक्तिको मार्ग छ र यो दिनानुदिन फैलदै गएको छ भनी सुनाउनु भयो । सत्य साधना प्राप्त गर्न र जन्म-मरणको चक्रबाट छुटकारा पाउन चाहनु हुन्छ भने शास्त्रसम्मत तत्वज्ञान बुझी नामदीक्षा लिनु होस् र आफ्नो कल्याण गराउनु होस् भनेर ती भक्त जीले भन्नु भएपछि मेरो मनमा यस ज्ञानमा केही त छ भन्ने लाग्यो। मैले अब ज्ञान गंगाको राम्रो अध्ययन गर्ने संकल्प गरैं।

मैले बुद्ध धर्मसँग सम्बन्धित ताओको मार्ग पनि राम्रै छ भनें। यदि अहिलेसम्मको जत्ति पनि देवी देवता तथा ताओको मार्गभन्दा गुरू जीको मार्ग उत्तम

छ भने म पनि अध्ययन गरेर यसै मार्ग अनुशरण गर्छु तर राम्रो लागेन भने तपाई पनि ताओमा आउनु पर्छ नि भन्ने जवाफ दिएँ। मैले यसो भन्दा ताओइष्ट महिलाले अलि असजिलो मान्नु भयो। त्यस उप्रान्त दैनिक बिहान सगरमाथा टी. भी. च्यानलबाट प्रशारण भैरहेको गुरू जीको सतसङ्ग हर्न थालें। दुई चोटी ज्ञान गंगा पुस्तक पनि पढैं। संस्कृतका श्लोकहरू बाहेक प्रायः सबै कुरा बुझें। जिज्ञासा बढ्दै गयो। परमात्माको खोजी पनि बढेदै गयो । मेरा पहिलेका ज्ञान तथा अनुभवहरू सामान्य लाग्न थाल्यो। मलाई सानो जलाशयबाट निस्केर वृहद् जलाशय भेटेको अनुभव हुन थाल्यो अनि **Youtube** बाट पनि गुरू जीले दिनु भएको सतसङ्ग लगायत जेलधाम जानुका रहस्यका बारेमा पनि अध्ययन गर्न थालैं । मलाई शास्त्रमा रहेका तत्वज्ञान र प्रमाणिक तथ्यहरू प्रष्ट भएपछि संसारका मुख्य-मुख्य धर्म मार्गहरू सम्बन्धी **Slides** बनाएर २९ जना बुद्धिजीवीहरूको बीच प्रस्तुत गरें। उपस्थित अधिकांश बुद्धिजीवीहरूबाट सकारात्मक प्रतिक्रिया पाएँ, जुन मेरा लागि यस मार्गमा लाग्ने थप प्रेरणाको श्रोत बन्यो । म झनझन उत्साहित भएर खोज कार्यमा लागें।

गुरू जीले दिनु भएको ज्ञान वैदिक सनातनमा आधारित एवं सर्वश्रेष्ठ रहेछ भनेर थाहा पाउँदा पाउँदै पनि तत्कालै मैले मन्त्रदीक्षा (नामदान) लिन सकि रहेको थिइनँ। यसको मूल कारण म **World Light Foundation** को अध्यक्ष थिएँ। म अध्यक्ष हुनु भन्दा अगाडि नै उक्त **Foundation** को लागि खरिद भएको घरजग्गा अंश मुद्दामा परेकोले मुद्दाको टुङ्गो नलगाइकन आफूले छोड्न नैतिकताले दिएन र एक बर्षसम्म मुद्दा लडेर जितेपछि सो **Foundation** बाट बिदा भएँ र मैले स्वतन्त्र रूपमा गुरू जीको ज्ञानमा डुब्ने मौका पाएँ।

मेरो अधिकांश समय कम्प्युटरमा बित्ने गर्दथ्यो, जसले गर्दा ढाड दुख्ने गरेको धेरै समय नै भईसकेको थियो। डाक्टरलाई देखाउँदा शल्यक्रिया गर्नु पर्ने सल्लाह मात्र दिन्थे। मलाई शल्यक्रिया जोखिमपूर्ण हुन्छ भन्ने थाहा थियो। म विकल्पको खोजीमा थिएँ। दुःखाइ समाधान कसरी गर्ने भन्ने मलाइ चिन्ता लागि रहन्थ्यो। ममा महत्वाकांक्षी र सधैं जसो असन्तोष खालका भावना भैरहने हुनाले मनमा अशान्ति हुन्थ्यो। बिस्तारै बिस्तारै काममा पनि बाधा पर्न थाल्यो, जसकारण मानसिक तनाव पनि बढ्दै गयो। यसै क्रममा मैले सन्त रामपाल जी महाराजका थुप्रै भक्तहरूको अनुभव सुनैं र केही त प्रत्यक्ष रूपमा भेटेर छलफल पनि गरैं। नामदीक्षा लिएँ। मन्त्रदीक्षा प्राप्त भएपछि नियमित रूपमा मर्यादामा रहेर मन्त्रजप गर्न थालैं। करीव ३ महिनामा मेरा ढाड दुःखाइ कसरी हराएर गए पत्तै भएन। मलाई त मेरो ढाड कहिल्यै दुखेकै थिएन जस्तो अनुभव भयो। पहिले भक्त भक्तमतिहरूले आफ्नो अनुभव सुनाउँदा जुन अचम्म लाग्थ्यो त्यो सत्य रहेछ भन्ने आफैले महशुस गरैं । यसको साथसाथै सधैं अशान्त भैरहने मन पनि शान्त भएकोले आफूलाई ज्यादै आनन्द लाग्यो। यी सब बन्दी छोड जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजको अपार कृपाबाट सम्भव भएको हो।

सम्पूर्ण महानुभावहरूमा मेरा विनम्र अनुरोध छ– "ज्ञान गंगा" वा "जिउने

मार्ग" आदि पुस्तक खोजेर वा निःशुल्क मगाएर श्रद्धापूर्वक पढ्नु होस्। मनुष्य जन्म अनमोल छ, असङ्ख्य ब्रह्माण्डका मालिक पूर्णब्रह्म कबीर परमात्माका भक्ति बिना मुक्ति असम्भव रहेछ। विभिन्न किसिमका दुःख एवं रोगहरूबाट छुटकारा पाउन र सुखी जीवन जिउन तथा मृत्यु पश्चात् ८४ लाख योनीहरूको कष्ट र जन्म-मृत्युको चक्रबाट मुक्त हुन जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजको शरणमा गई निःशुल्क नामदीक्षा लिएर आफ्नो कल्याण गराउन सबैमा दश औँला जोडी हृदयदेखि नै प्रार्थना गर्दछु । सत साहेब । जय बन्दी छोड कि ।

भक्त कुमार दास (डंगोल)
पूर्व महा-सेनानी
सम्पर्क: **00977-01-4301680, 00977-9851096438**

## मोक्षदायक भक्ति साधना

म भक्त प्रमोद कुमार दास लोहारपट्टी नगरपालिका– ५, जिल्ला महोत्तरीको स्थायी निवासी हूँ। विगत ४३ वर्ष देखि काठमाडौ उपत्यकामा बस्दै आइ रहेको छु। बिगत ४० वर्षदेखि म शिक्षा क्षेत्रमा आबद्ध भई बुढानिलकण्ठ स्कुल, काठमाडौमा **Schools Programme Co-ordinator, Save The Children -UK,** तथा **UNICEF** मा **Consultant** पदमा रहेर काम गरें। त्यस्तै नेपाल सरकारको शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न जिल्ला, क्षेत्र तथा केन्द्रिय कार्यालयहरूमा माध्यमिक विद्यालय निर्देशक, अङ्ग्रेजी विशेषज्ञ, उपनिर्देशक, जि. शि. अ. तथा क्षेत्रीय शिक्षा निर्देशक रूपमा कार्य गर्ने मौका पाएँ। बेलायत, डेन्मार्क, जापान, थाइल्यान्ड, हङ्गेरी, साउथ कोरिया, भारत, बङ्गलादेश, भुटान आदि देशहरूमा उच्च शिक्षा (**PG in TESOL, M.Phil.**) तथा तालिम लिने सुअवसर पनि मिल्यो। यसो हेर्दा भौतिक रूपमा म सुखी र सम्पन्न देखिन्थें। आफन्त, घरपरिवार, छरछिमेकबाट मान सम्मान पनि पाइ रहे कै थिएँ तर मलाई आत्मिक सुख भइ रहेको थिएन।

आफ्नो शरीरमा भएका कष्ट र मानसिक वेदनाको छट्पटीहरू अरूलाई के थाहा? आत्मिक सुखका लागि म थुप्रै ठाउँ पुगेँ, थुप्रै पण्डित, महात्मा तथा गुरूहरूकहाँ पनि पुगेँ तर सन्तोषजनक जवाफ कतैबाट प्राप्त भएन। ममा परमात्मा प्राप्तिको जिज्ञासा झनझन बढ्दै गयो। परमात्माको खोजीमा म देश-विदेश पुगेँ। हरियाणाको कुरूक्षेत्र, काशी, लगायत विभिन्न ठाउँहरूमा गई घाटघाटको पानी पिएँ अर्थात् प्रवचन, ज्ञानचर्चा आदि गरेँ तर चित्तबुझ्दो ज्ञान भेटिएन। सबैको उही मनगढन्ते तथा सतही ज्ञान नै हुन्थ्यो। केही समय मीठो स्वर र धुनमा लट्ठ परिन्थ्यो, फेरि उस्तै। म कैयौं पटक कुमार स्वामी जीको शिविरमा पनि गएँ तर कुनै लाभ भएन। जहाँ गए पनि निराशा नै हात लाग्यो। न शारीरिक कष्टको निवारण हुन्थ्यो न त मनभित्रका परमात्माप्रतिका जिज्ञासा नै मेटिन्थ्यो। कैयौं गुरूहरूको

चक्करमा परेर समय र पैसा नाश गरियो तर मनले चिताएको सही भक्ति साधना कतै पाइएन।

मनमा परमात्मा प्राप्तिको व्याकुलता र अशान्ति बढ्न थाल्यो। शरीरलाई ब्लडप्रेशर, दम, हाइटस हर्निया, पायल्स जस्ता रोगहरूले आक्रान्त पार्न थाल्यो। दमका कारण कतै हिंडडुल गर्न, घरमै तल माथि गर्न सकस थियो। मुख्यतयाः हाइटस हर्नियाले म साह्रै ग्रसित थिएँ। काठमाण्डौको KMC अस्पतालमा देखाउँदा शल्यक्रियाको विकल्प दिएको थियो तर उमेरका कारण शल्यक्रिया खतरापूर्ण रहेकाले सम्भव भएन, यसको बदलामा सधैं औषधि खानु पर्ने भयो। मेरो मन र मस्तिष्कमा अशान्ति बढ्दै जान थाल्यो तर परमात्माको खोजी भने जारी नै थियो।

हुन त मैले ज्ञान गङ्गा पुस्तक करिब ६ वर्ष अगाडि सुर्खेतमा डाइरेक्टर पदमा रहँदा नै पाएको थिएँ। बेला बेलामा सन्त रामपाल जी महाराजका सत्सङ्ग पनि टेलिभिजनमा झ्यलाक भ्रुलुक्क हेर्ने गर्थें तर किन हो किन हेर्ने बेलामा निद्रा लाग्थ्यो। अनि तत्काल टी. भी. को च्यानल चेन्ज गरि हाल्थें।

सन् २०१७ मा म र मेरी श्रीमती छोरा बुहारीलाइ भेट्न तथा नयाँ ठाउँ घुम्ने उद्देश्यले करिब एक वर्षका लागि अष्ट्रेलिया गएका थियौं। त्यहाँ गएको २ महिना नबित्दै मनमा उकुसमुकुस हुन थाल्यो। मलाई बस्नै मन लागेन र म आफ्नी श्रीमतीलाई अष्ट्रेलियामै छोरा बुहारीसँग छोडेर नेपाल फर्कें।

नेपाल फर्केको केही दिनमै परमात्माले ममाथि ठूलो कृपा गर्नु भयो। एकदिन टी. भी. को च्यानल चेन्ज गर्ने क्रममा सन्त रामपाल जी महाराजका बारेमा कुनै भक्तले दिदै गरेको अन्तर्वाता हेर्ने मौका मिल्यो । उक्त अन्तर्वाता हेरेपछि मनमा फेरि व्यग्रता बढ्न थाल्यो। त्यसपछि एक पछि अर्को अन्तर्वाता Youtube मा हेर्न थालें। सत्सङ्गहरू पनि हेर्दै गएँ। वहाँका सद्वचन तथा सद्ज्ञानले मलाई आकर्षित गर्न थाल्यो। वहाँका ज्ञान शास्त्रसम्मत हुन्थे। वहाँ चारै वेद, पवित्र शास्त्र गीता, कुरान, बाईबल तथा अन्य थुप्रै पुराण आदि शास्त्रहरूका आधारमा प्रत्यक्ष प्रमाण देखाएर तत्वज्ञान सम्झाउनु हुन्थ्यो। विस्तार मेरो मनमा भएका जिज्ञासाहरू मेटिदै गयो र परमात्मा प्राप्तिको तडप बढ्दै जान थाल्यो। नाम दीक्षा लिन मनमा छटपटी बढ्न थाल्यो र एक हप्ता भित्रै मैले सन् २०१७ मा अगस्त २५ तारीखमा परमात्माको नाम दीक्षा लिएर भक्ती साधना गर्न थालें।

जगत गुरू सन्त रामपाल जी महाराजबाट नामदीक्षा लिएर पूर्ण मर्यादामा रही विश्वासका साथ भक्ति साधना र मन्त्र जाप गर्न थालेपछि आत्मिक आनन्दको अनुभव गर्न थालें। मनमा ठूलो शान्ति महशुस हुन थाल्यो। मुख्य रूपमा त ८४ लाख योनीहरूबाट मुक्त भई पूर्ण मोक्षको मार्ग प्राप्त भएकोमा म पूर्ण सन्तुष्ट भएँ। यसका साथै सारा शारीरिक कष्टहरूको निवारण भयो। अहिले ममा हाइटस हर्नियाको कुनै लक्षण छैन। डाक्टरलाई फेरि गएर देखाउँदा डाक्टर आफै अचम्ममा परे किनकि ममा हाइटस हर्निया रोगको कुनै सङ्केत नै थिएन। यस बाहेक अन्यरोग पनि हराएर गए, पायल्स ८०% ठीक भइ सकेको छ। ब्लडप्रेशर सामान्य छ। जीवन बडो

आनन्दपूर्वक व्यतित भइ रहेको छ। मनमा आइ रहने ससाना कुराहरूको डर र त्रास पनि हराउन थाल्यो। एक किसिमले ममा कुनै पनि अवस्थामा ढुक्क भएर बस्न सक्ने क्षमता वृद्धि भयो। परमात्मा पाएपछि कुनै कुराको चिन्ता नै लाग्न छोड्यो, सिवाय सतलोक प्राप्ति र जन्म-मृत्युको चक्रबाट मुक्ति। न शारीरिक कष्ट न मानसिक तनाव, सबै हराए। मेरो वर्षौंदेखिको परमात्मा प्राप्तिको सपना पूरा भएको मलाई आभास हुन्छ। यो सुअवसर प्रदान गर्नु भएकोमा सद्गुरू तत्वदर्शी सन्त रामपाल जी महाराजप्रति कोटी कोटी दण्दवत् प्रणाम।

वास्तवमा विश्व ब्रह्माण्डमा नै तत्वदर्शी सन्त रामपाल जी महाराज जस्ता दयावान एवं ज्ञानी सन्त र कबीर साहेब जस्ता दया र करूणाका सागर परमात्मा पाउनु हाम्रो अहोभाग्य हो। त्यसैले म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई जगतगुरू तत्वदर्शी सन्त रामपाल जीको शरणमा आई यस अनमोल तथा पूर्ण मोक्षदायक भक्ति मार्ग अविलम्ब प्राप्त गरी आफ्नो तथा आफ्नो परिवारको कल्याण गराउनु होस् भनी विनम्र अनुरोध गर्न चाहन्छु। सत साहेब !

भक्त प्रमोद कुमार दास
मोबाइल नं ९८५११९१६६५

## परमात्माको दयाले जीवको कल्याण सम्भव

म रमेश दास वर्ष ६१ जन्मस्थान सिन्धुलीगढी, खनियाखर्क हाल महाराजगञ्ज- ३ काठमाडौँ नेपालको स्थायी बासिन्दा हूँ। पेशाले म सिभिल इन्जिनियर हूँ। सोभियत संघबाट सिभिल इन्जिनयरिङ विद्यामा सन् १९८८ मा मास्टर डिग्री गरेपछि सुरू का ४/५ वर्ष सरकारी सेवामा कार्यरत रहें। त्यसपछि सरकारी सेवा छोडेर प्राइभेट कम्पनी खोली रिपेयर, रेट्रोफिटिंग तथा कन्स्ट्रकसन इन्जिनियरिङको कार्य गर्न थालैं, जुन हालसम्म नै कायम छ। विगतको विद्यार्थी काल र पेसागत सेवाको सुरूको आठ दश वर्षले मेरो जीवनलाई कट्टर नास्तिकताबाट कट्टर आस्तिकताको १८० डिग्रीको मोड दिलायो। यहीबाट मेरो जीवनमा परमात्मा प्राप्तिको तीव्र अभिलाषा प्रकट भयो। ओशोधारा का सुरूमा ९/९ दिनका र पछि ६/६ दिनका २१ वटा समाधि कार्यक्रमहरू मध्ये १४ वर्षमा १४ तलका साधना सम्पन्न गरी ध्यान धारण र समाधिका माध्यमबाट परमात्मा प्राप्त गर्ने निरन्तर खोजीमा लागि नै रहें। यस बीचमा साक्षी भावको माध्यमबाट शून्यतामा प्रवेश गरी अन्तर नाद (सुरती) र अन्तर नुर (निरती) को विचार शून्य जागरणमा स्थिर हुने निरन्तर अभ्यासबाट थुप्रै अनुभवहरू नभएको भने होइन। ओशोलाई अत्यन्त सम्मानका साथ आदर्श पुरूष (परम गुरू) मान्थैं।

यसैबीचमा अन्तर यात्राको गतिलाई तीव्रता मिल्ने विश्वासमा डाक्टर नारायण दत्त श्रीमाली (निखिलेश्वरानन्द) जीको तान्त्रिक मार्ग (तन्त्र, मन्त्र र यन्त्रको माध्यमबाट) सिद्धाश्रम साधक परिवारमा पनि दीक्षित हुन पुगैं। यस भक्ति मार्ग

अन्तर्गत पूर्ण परमात्मा प्राप्त नहुञ्जेलको अन्तिम चार वर्ष बडो कसकका साथ तान्त्रिक, मान्त्रिक र यान्त्रिक भक्ति विधिअनुसार सम्भव भएसम्म पूर्ण परमात्माको प्राप्ति हेतु आयोजित कुनै पनि कार्यक्रमबाट आफूलाई वञ्चित राखिनँ। परमात्मा प्राप्त नहुञ्जेल अन्तिम चार वर्ष मैले ओशोको साक्षी भावको होसयुक्त ध्यानको भक्ति मार्ग र निखिलेश्वरको तान्त्रिक भक्ति मार्ग यी दुवैलाई बहुत कसकका साथ समानान्तर रूपले अवलम्बन गरी नै रहें। त्यसबेला मेरो जीवनको अन्तिम लक्ष्य परमात्मा प्राप्त गर्नु बाहेक अरू केही पनि थिएन। जब कुनै बेला आफूलाई एकान्त प्राप्त हुन्थ्यो मेरो अन्तरआत्मामा पुकार छुट्थ्यो "हे एक मात्र परमात्मा ! तिमी को हौ ? के हौ ? कहाँ छौ ? मलाई केही पनि थाहा छैन। मलाई यति मात्र थाहा छ कि तिमी जे हौ, जहाँ छौ, अनन्त छौ। यस मानेमा तिमी मेरो लागि अनन्तेश्वर हौ। हे अनन्तेश्वर ! भो मलाई पुग्यो यो जीवन र जगतको कहिले नसकिने अनन्त यात्रा"। म फर्कन चाहन्छु आफ्नै परमात्माको संसारमा जहाँबाट यो चोलाले यस जगतमा फेरि कहिल्यै आउनु नपरोस। हे अनन्तेश्वर ! मलाई आफैमा एकाकार गर !! यस्तो भाव दासमा बलिन्द्र रोदनका साथ अन्तरआत्माबाट चिच्याहट छुट्थ्यो। आफ्नो अगाडि जसको प्रतिमा भएपनि म मात्र अनन्तका अनन्तेश्वरको रूपमा देख्दथेँ।

यसरी १४ साल पूर्ण कसकका साथ भक्ति गर्दागर्दै पनि म भित्र गुन्जि रहेका केही बुनियादी प्रश्नहरू थिए, जसको उत्तर कतैबाट पनि पाइ रहेको थिइनँ। यसबाट भित्रभित्र असाध्यै दुःखी र खिन्न पनि थिएँ। ती प्रश्नहरू थिए:- यदि परमात्मा एक मात्र छन् भने फेरि हिन्दू, मुस्लिम, सिख, ईसाई आदिमा बटवारा किन ? उनीहरूमा बिल्कुल फरक फरक धार्मिक मान्यता किन ? हिन्दूहरू बिचै पनि कहीँ ब्रह्मा ठूला, कहीँ विष्णु त ठूला कहीँ शिव जी किन ? उहाँहरू बारे फरक फरक शास्त्रमा परस्पर विरोधाभासपूर्ण शास्त्रीय वर्णन किन ?

यसै बीच सन् २०१३ को सेप्टेम्बर महिना तिरको कुरा हो मेरो नजर एक्कासी भक्तिदर्शन टी. भी. च्यानलको रामपाल जी महाराजको सत्सङ्गको कार्यक्रममा पऱ्यो, जसमा महाराज जी ब्रह्मा विष्णु शिव अजर अमर नभएको र उहाँहरूको माता दुर्गा र पिता काल ब्रह्म (ज्योति निरञ्जन) भएको जिकिर गरि रहनु भएको थियो। मलाई पहिलो पटक उहाँको प्रवचनले बिल्कुलै अचम्भित तुल्यायो। त्यसपछि मैले उहाँलाई निरन्तर कार्यक्रमहरूमा पछ्याई रहेँ र बिस्तारै मेरो पुरानो आध्यात्मिक विश्वासको मान्यताको धरोहर भताभुङ्ग हुँदै गयो। मभित्र समाधान नभएका बुनियादी प्रश्नको जवाफ पनि महाराज जी को सत्सङ्गमा फेला पारि सकेको थिएँ, जसबाट म खुसीले गदगद हुँदै गएँ। फेरि काठमाडौं को सम्पर्क नं बाट ज्ञान गंगा पुस्तक मगाएर अध्ययन गरेँ। अब मलाई विगतको १४ वर्ष व्यर्थको आन उपासनामा बर्बाद भएको महसुश भयो र बिना उपदेश त्यसै रहन एक एक दिन असाध्यै भारी लाग्न थाल्यो। यही व्याकुलताको बीच सन् २०१३ डिसेम्बर २१ का दिन भारतको हरियाणा राज्य स्थित बरबाला गएर बन्दि छोड़ सद्गुरु रामपाल

जी महाराज जीबाट नामदीक्षा ग्रहण गरेँ। त्यस पश्चात् शुरूका दिनहरु लगायत पूरै साल मेरो काल प्रभावमा पारिवारिक विद्रोहमा निकै मुश्किलका साथ व्यतित भए। तर शास्त्र अनुकुलको परमात्माको मर्यादित भक्ति साधना अविचलित रूपमा गर्दै जाँदा परमात्माको असीम दया प्राप्त रह्यो र सबै अवरोधहरूलाई मालिकको दयाले सहजताका साथ पार गर्न सफल भएँ।

सद्भक्ति प्राप्त गरेपछिका फाइदाहरू :- सबैभन्दा ठूलो फाइदा त अनन्तकाल देखि भड्किएको मेरो आत्माले पूर्ण शान्ति पाएको छ। जन्म र मरणको निरन्तर दुष्चक्रबाट छुटकारा पाई पूर्ण मोक्ष सुनिश्चित भएको छ। यसबाट अन्तरआत्मा देखि नै खुसीले गदगद छु। यसका अलावा १४ साल काल भक्तिमा रहँदा मेरो स्वास्थ्य साह्रै खराब थियो। विगत २५ वर्षदेखि नै हाई ब्लडप्रेसरको रोगी थिएँ। खानपिनमा असाध्यै कन्ट्रोल गर्नु पर्थ्यो। जब शास्त्रसम्मत तत्वज्ञानमा आधारित भक्ति मार्गमा जोडिएपछि यी सबै शारीरिक व्याधीहरूबाट बिल्कुलै मुक्त छु। खानपिनमा पनि कुनै परहेज गरेको छैन। स्वस्थ र तन्दुरूस्त छु। यो बाहेक आफ्नो व्यवसायिक कार्यमा पहिले सधैं तनाव रहनु पर्थ्यो। भनेजस्तो कमाइ पनि थिएन। अहिले कुनै पनि तनाव छैन। व्यवसायिक लाभहरू दिनानुदिन स्वयं अभिवृद्धि भइ रहेको छ। बन्दी छोडको कृपाले नसोचेको आय आर्जनका ढोकाहरु दिनानुदिन खुल्दै गइ रहेका छन्।

अन्तमा पाठक वर्गहरूमा मेरो निवेदन यो छ कि वर्तमानमा यस संसारमा शास्त्रसम्मत भक्ति ज्ञान केवल सदगुरू रामपाल जी महाराजसँग मात्र छ। यसका अलावा संसारमा अन्य जत्ति पनि गुरूहरु छन् ती सबै शास्त्र प्रतिकूल ज्ञानहरू मात्र पस्कि रहेका छन्, जसबाट जीवको उन्नति सुस्वास्थ्य र पूर्ण मोक्ष बिल्कुल असम्भव छ। तसर्थ सम्पूर्ण पाठक वृन्द यहाँहरूलाई यो दासको करबद्ध प्रार्थना छ– आउनु होस् आन उपसनालाई त्यागेर बन्दी छोड सदगुरू रामपाल जी माहाराजको तत्वज्ञानमा आधारित भक्ति साधनामा आवद्ध भई आफ्नो आत्मकल्याण गराउनु होस्। सत् साहेब।

रमेश दास (सापकोटा) +९७७- ९८५१०२६२१५

## 'भक्त दीपक दासको परिवारको आत्मकथा'

॥ बन्दी छोड सतगुरू रामपाल जी महाराजको दया ॥

म बलजित सिंहको पुत्र दिपक दास महलाना गाउँ सोनीपत जिल्लाको निवासी हूँ। हामीले तीन पुस्तादेखि राधास्वामी पन्थ डेरा बाबा जैमल सिंहबाट नाम उपदेश प्राप्त गरेका थियौं । सबभन्दा पहिले मेरा बुबाको मामा तिरकी हजुरआमाले राधास्वामी पन्थबाट नाम उपदेश लिनु भएको थियो। त्यसपछि हजुरबुबा-हजुरआमाले र पछि मेरा आमा-बुबाले पनि राधास्वामी पन्थका सन्त गुरविन्द्र सिंह जीबाट नाम लिनु भएको थियो। म पनि गुरविन्द्र जी महाराजलाई पूर्ण पुरुष मान्थें तथा यो पन्थ नै संसारमा प्रभु प्राप्त गर्ने उत्तम (श्रेष्ठ) पन्थ हो भनेर पूर्ण श्रद्धा राख्थें। उनको

विशाल डेरा र विशाल सङ्गत समूह देखेर विशेष आकर्षित भएँ । सेवा गर्नका लागि डेरा बाबा जैमल सिंह व्यास (पंजाब) मा तथा छत्तरपुर पूसा रोड दिल्ली पनि जाने गर्दथें। तर यस पन्थमा उमेर विशेषको आधारमा नाम दिइन्छ त्यसैले अहिले म यस पात्रताका लागि अयोग्य थिएँ ।

मेरा माता पिता जुन दिन छत्तर पुरबाट नाम लिन जानु भएको थियो त्यही दिन मेरो कान्छो भाइ (उमेर ५ वर्ष) को हातबाट छिमेकको एउटा बच्चाको आँखामा अन्जानमा कुनै वस्तुले लाग्यो । साँझ नाम उपदेश लिएर मातापिता घर आउनु भयो र त्यही दिनबाट हामी र हाम्रो छिमेकी बीच शत्रुता बढ्यो । छिमेकीले तपाईंको छोराले जानीबुझी मेरो छोरोको आँखामा हानेको हो भनेर आरोप लगायो । त्यसै दिनदेखि हामी माथि दुःखको पहाड नै खस्यो ।

यसै क्रममा मेरा हजुरबुबाको रोगका कारण देहान्त भयो । मेरी हजुरआमाको भने १२ वर्ष अघि नै देहान्त भइ सकेको थियो । मेरी हजुरआमाले राधास्वामी पन्थबाट प्राप्त पाँच नामको धेरै साधना गर्नु भएको थियो । वहाँ नियमित रूपमा तीन बजे तथा दिउँसो पनि भजन तथा स्मरण गर्नका लागि बस्ने गर्नु हुन्थ्यो र घण्टौंसम्म राधास्वामी पन्थले बताएको नामहरूको जाप तथा अभ्यास गर्ने गर्नु हुन्थ्यो । देहान्त पश्चात् हजुरबुबाको पार्थिव शरीर अर्को कोठामा राखिएको थियो। त्यही समय मेरी हजुरआमाको प्रेतवत् रूपमा मेरी फुपू प्रेमवतीको शरीरमा प्रवेश भयो र आज तिम्रो हजुरबुबाको जीवन संस्कार समाप्त भयो त्यसैले तिमीलाई संहाल्न म आएको हूँ भन्न थाल्नु भयो । मेरी हजुरआमा जीवित हुँदा श्वास सम्बन्धी विरामी थियो जसका कारणले खोकि रहनु हुन्थ्यो । १२ वर्षपछि पनि त्यसरी नै खोकि रहनु हुन्थ्यो । तब मैले सोधैं- हजुरआमा तपाईं त धेरै दुःखी देखिनु हुन्छ । तपाईं सतलोक जानु भएन ? तब मेरी हजुरआमाले भन्नु भयो पुत्र मैले गलत साधनाका कारण आफ्नो अनमोल मानव जीवन व्यर्थमा गुमाएँ र अहिले मृत्यु पश्चात् भूत योनीमा परेर अनेक दुःख झेलि रहेछु, म कुनै सतलोकमा गएको छैन । अनि मेरी आमाले बडो आश्चर्यका साथ सोध्नु भयो– आमा हजुरलाई हजुरका गुरू चरण सिंह जीले सम्हाल्नु भएन ? अति दुःखका साथ हजुरआमाले भन्नु भयो– उनले मेरो कुनै ख्याल राखेनन् र आज पनि म दुःखी नै छु ।

उक्त घट्ना भएको २ वर्षपछि एक दिन मेरी अर्की फुपू कमला देवीमा मेरा हजुरबुबा प्रेतवत् प्रवेश गरेर म धेरै दुःखी छु, मेरो कुनै गति भएको छैन, म नुहाउन चाहन्छु भन्नु भयो। तब मेरी आमाले दुःख र आश्चर्य मिश्रित भावले भन्नु भयो– तपाईं त सतलोक जानु भएको थियो, के त्यहाँ नुहाउनका लागि पानी छैन ? हजुरबुवा केही बोल्नु भएन । अनि मेरी आमाले फुपूमा प्रेतवत् प्रवेश गरेका हजुरबुबालाई नुहाउन लैजाँदा हजुरबुबाले छोरी म आफैं नुहाउँछु भन्नु भयो । मेरी आमाले फेर्नका लागि फुपूको कपडा ल्याएर लगाइ दिनु भयो तब मेरो हजुरबुबाले आफ्नो धोती माग्नु भयो मेरी आमाले एउटा ओढ्ने दिनु भयो । उहाँले आमाले दिनु भएको ओढ्ने लुगा माथि नै बेर्नु भयो । अनि मेरो लागि चिया बनाऊ भन्नु भयो र

छिटो-छिटो चिया पिउनु भयो । मैले हजुरबुबा तपाईं सतलोक जानु भएन भनी प्रश्न गर्दा उहाँले छोरा म बडो कष्टमा छु भन्नु भयो । मेरी आमाले हजुरले त राधास्वामी हजुर चरण सिंहबाट नाम उपदेश लिनु भएको थियो, भक्ति पनि गर्नु हुन्थ्यो । के उहाँले हजुरलाई सम्हाल्नु भएन भनी प्रश्न गर्नु भयो । प्रेतवत् रूपमा फुपूमा प्रवेश गर्नु भएको हजुरबुबाले भन्नु भयो– उनले मलाई सम्हालेनन् र म यसरी नै धक्का खाँदै घुमि रहेछु ।

त्यसै क्रममा मेरो आँखा अति कमजोर भएर अलिअलि मात्र देख्न थालें । बारम्बार चस्मा फेर्नु पर्‍यो । म पढ्नका लागि एक जना साथी कहाँ जान्थें । त्यहाँ भक्त सन्तराम जी ले मलाई पूर्ण ब्रह्मका अवतार सतगुरू रामपाल जी महाराजको महिमा सुनाए र तपाईं सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिनु होस् तपाईंको आँखा ठिक हुन्छ भने साथै यस्तै दुःख कष्टबाट हामी जीवहरूलाई निकाल्नका लागि परमेश्वर कबीर साहेब सन्त रूप धारण गरेर आउनु हुन्छ भनेर सम्झाए। मैले मेरा आमाबुबाले त राधास्वामी पन्थबाट नाम उपदेश लिनु भएको छ भने । भक्त सन्तरामले त्यो पन्थ अपूर्ण छ भने । उनको भक्ति साधनाले न सतलोक प्राप्त हुन्छ न त जीवनमा कहिल्यै कर्मको मार नै टार्न सक्छ । त्यो कर्मको मार त मात्र कबीर साहेबका प्रतिनिधि पूर्णसन्तले पन्छाउन सक्नु हुन्छ ।

मेरा पिता जीलाई स्वासको रोग थियो । दस पाइला हिड्ना साथ अवस्था नाजुक हुन्थ्यो । श्वासको विरामीका कारण दम फुल्न थाल्थ्यो । हाई तथा लो ब्लडप्रेसरको रोग पनि थियो । मेरा पिता जीलाई चुनावमा ड्युटी गर्दा हृदयघात भएको थियो, तर कर्म संस्कारले गर्दा वहाँ बच्नु भयो । तैपनि हामी राधास्वामी पन्थी सन्त गुरविन्द्र सिंह जी महाराजले हृदयघातबाट पनि बचाउनु भयो, ठूलो उपकार गर्नु भयो भन्ने सोच्थ्यौं तर मैले जाडो का एक एक रातमा आफ्ना पिता जीलाई एक एक श्वास कहर (कष्टपूर्ण) भएको देखेको छु, बिल्कुल मृत प्रायः हुनु हुन्थ्यो र बसेर रूनु सिवाय हामी केही गर्न सक्दैनथ्यौं किनकि औषधिको मात्राको पनि आखिरी अवस्था भइ सकेको थियो, डाक्टरले पनि सक्ने जति औषधिको मात्रा बढाइ सकेका थिए, अझ बढाउने सक्ने अवस्था थिएन । मेरी आमा डेरे बाबा जैमल सिंहबाट ल्याएको प्रसाद खुवाउनु हुन्थ्यो र राधास्वामी पन्थी गुरविन्द्र सिंह जीको मूर्तिसामु बसेर प्रार्थना गर्नु हुन्थ्यो र रूनु हुन्थ्यो । त्यसै समय मेरो सानो भाइलाई प्रेत प्रकोपको दोष देखिन थाल्यो । ऊ रातमा जुरूक्क उठ्थ्यो अनि कसैले मेरो गोडा समातेर तान्दै छ, सुत्न दिदैन भन्थ्यो । ऊ पनि धेरै बिमारी हुन थाल्यो । पूर्ण परमात्मा कबीर परमेश्वरका दयाले मलाई सन् १९९८ अक्तुबर ८ मा सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश प्राप्त भयो । २० दिन भित्र नै पूर्ण सन्त रामपाल जी महाराजको दयाले मैले चश्मा प्रयोग गर्न र औषधि खान पूर्ण रूपमा छाडि दिएँ । मलाई सतगुरू रामपाल जी महाराजप्रति पूर्ण विश्वास भयो । भक्त सन्तराम जीले मेरो घरमा आएर मेरा मातापितालाई तपाईंहरू पनि कबीर साहेबका

प्रतिनिधि पूर्ण सन्त रामपाल जी महाराजबाट नाम लिनु होस्, तपाईंहरूका सम्पूर्ण कष्ट निवारण हुने छ भनेर सम्झाए ।

त्यसपछि मैले पनि मातापितालाई सम्झाएँ । उहाँहरूले पहिले हामी राधास्वामी थियौं । हामीले सन्त रामपाल जी महाराजबाट नाम उपदेश लियौं भने दुनियाँले के भन्छन् भन्नु भयो । मैले एउटा डाक्टरबाट सही उपचार भएन भने के अर्को डाक्टर कहाँ जाँदैनौं ? भनेर सम्झाएँ। धेरै दुःखी भएका कारण केही समय पश्चात् परमेश्वरको शरणमा आउनु भयो र राधास्वामी पन्थको पाँचै नाम त्यागेर पूर्ण सन्त रामपाल जी महाराजबाट नाम उपदेश लिनु भयो ।

सतगुरू कबीर साहेब भन्नु हुन्छ - "शरण पडे को गुरू संभाले जान के बालक भोला रे ।" सम्पूर्ण परिवारले नाम उपदेश लिना साथ हाम्रो दिन फिऱ्यो । मेरो भाइको प्रेत दोष पनि ठिक भयो, पिता जीको स्वास्थ्य एक दम ठिक भयो । पहिले दस पाइला हिड्न सक्नु हुन्नथ्यो । अहिले एक जनासँग मिलेर चिनीको बोरा उठाउनु हुन्छ । अहिले हाम्रो परिवार पूर्ण परमात्माका अवतार सतगुरू रामपाल जी महाराजको शरणमा उहाँको दयाले पूर्ण सुखी छ तर मेरा हजुरबुबा-हजुरआमा तथा पिताजीका मावली हजुरआमाको मनुष्य जीवनको जुन क्षती भयो त्यसको पूर्ति कसैगरी पनि हुन सक्दैन । यदि कुनै व्यक्ति जीवन बचाउनका लागि लाखौं-करोडौं रूपियाँ खर्च गर्दा उसको जीवन बच्छ भने पैसाको कुनै मोल हुन्न किनकि जीवन त बच्छ । तर आज जत्ति मूल्य चुकाए पनि मेरा हजुरबुबा-हजुरआमाको जीवन शास्त्र विरूद्ध साधना (राधास्वामी पन्थद्वारा बताएको पाँच नामहरूको साधना) गर्नाले पूर्ण रूपमा व्यर्थ भयो (वहाँहरू भूत तथा पितृ योनीमा कष्ट भोगि रहनु भएको छ) फर्केर आउन सक्नु हुन्न । यी नक्कली सन्त तथा पन्थहरू सम्पूर्ण समाजका साथ घृणित मजाक गरेर चौरासी लाख योनीहरू भोगे पश्चात् प्राप्त हुने मानव जीवन तथा पूर्ण परमात्मा प्राप्त गर्ने एक मात्र साधन बर्बाद गरि रहेछन् । यो महाक्षतिका परिपूर्ति कुनै पनि मूल्यले गर्न सकिदैन ।

हे बन्दी छोड सतगुरू रामपाल जी महाराज हामी तुच्छ जीवहरूप्रति ठूलो दया गर्नु भयो र आफ्नो सत्य ज्ञान दिएर आफ्नो शरणमा बोलाउनु भयो । अन्यथा हामी पुस्तौं पुस्तादेखि प्राप्त यस शास्त्र विरूद्ध साधनामा आफ्नो मानव जीवन समाप्त गरी भूत र पितृहरूको योनीमा गई यस शास्त्र विधियुक्त सतभक्तिबाट बञ्चित रहने थियौं ।

सम्पूर्ण बुद्धिजीवि समाजसँग मेरो प्रार्थना छ । अहिले पनि समय छ । यस सत्यज्ञानलाई सम्झनु होस् तथा निष्पक्ष भएर निर्णय गर्नु होस् । बन्दी छोड सतगुरू रामपाल जी महाराजको चरणमा आएर सत्भक्ति प्राप्त गरी आफ्नो मनुष्य जीवनको कल्याण गराउनु होस् । "सतसाहेब"

सत्गुरूको चरणका दास
दीपक दास
मो. - +९१-८५७१९७३०९३

# सत कबीर साहेब जीको असीम कृपा

बन्दी छोड् सतगुरू रामपाल जी महाराज को जय !

यजुर्वेद अध्याय ८ मन्त्र १३ मा प्रमाण छ,-पूर्ण परमात्माले पापी भन्दा पनि पापी व्यक्तिको सम्पूर्ण पाप नाश गरी भयङ्कर रोगबाट पनि मुक्त गरि दिनु हुन्छ। यसको म जिउँदो उदाहरण हूँ।

म श्री इन्द्रप्रसाद मैनालीको पुत्र केशवप्रसाद मैनाली हरिऔन नगरपालिका -११, जिल्ला सर्लाही निवासी हूँ। हाल म भक्तपुर ठिमीमा बस्छु। म "चुरेभावर नेपाल" नामको राजनैतिक पार्टीको अध्यक्ष एवम् पूर्व सभासद हूँ। ममाथि सतगुरू रामपाल जी महाराजले चमत्कारी कृपा गर्नु भयो अनि म र मेरो परिवारको सम्पूर्ण दुःख नाश गरी सुखी तुल्याउनु भयो।

संसारको नजरमा म सुखी र सम्मानित जीवन बाँचि रहे पनि आफ्नो बिमारीको कारण म ज्यादै दुःखी थिएँ। २० वर्षदेखि बबासिर (पायल्स) बाट पीडित थिएँ। शौच गर्दा अत्यन्त पीडा सहनु पर्थ्यो। आठ वर्षदेखि क्रोनिक ब्रोंकाइटिसबाट पीडित थिएँ। राजनैतिक व्यक्ति हुनाले थुप्रै मानिससँग भेट्नु पर्थ्यो र हरबखत मुखमा कपडा वा हात राखेर बोल्नु पर्थ्यो। मैले थुप्रै नाम चलेका डाक्टरबाट उपचार गराएँ तर कुनै लाभ भएन। लाभ पनि कसरी होस् किनकि मैले जीवन ६२ वर्ष धर्मको नाममा अज्ञानी सन्तहरूको चक्करमा बर्बाद गरें। यो कुरा सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएपछि मात्र थाहा पाएँ।

नेपालको संसदको सभासद भएकाले सरकारी खर्चमा म संसारका कुनै पनि डाक्टरबाट उपाचार गराउन सक्थें तर नेपाल मेडिकल बोर्डले यसका लागि सिफारिश दिएन किनकि यो मेरो असाध्य रोग थियो, जसको उपचार कुनै पनि डाक्टरबाट सम्भव थिएन। जीवर्नपर्यन्त दुख भोग्नु र औषधी खानुनै एक मात्र विकल्प हो भन्ने लाग्थ्यो। एक किसिमले जीवन निराश, पीडा र कष्टमा व्यतित हुने सम्भावना बढ्दै गएकाले म सधैं तनावमा रहन थालें । मलाई अब जीवनमा मृत्यु कुर्नु सिवाय केही बाकी छैन जस्तो लाग्न थालेको थियो ।

एक दिन आफ्नै पीडामा छट्पटिएर शोकमग्न भई बसि रहेको थिएँ। मेरा नजिकका व्यक्ति भक्त भोलादास मकहाँ आए जो वर्षौंदेखि सतगुरू रामपाल जी महाराजका शिष्य थिए। उनले मेरो दुःख सुनेपछि सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिए तपाईको दुःख अवश्य समाप्त हुन्छ भनेर सम्झाउन र विश्वास दिलाउन थाले। म संसारबाट हार खाइ सकेको थिएँ। तथाकथित ठूला भनाउँदा सन्तहरूको सङ्गत पनि गरेको थिएँ। सबै निष्फल भइ सकेको थियो। उनको वाणी अँध्यारोमा दीप जसरी मेरो मनमा प्रज्वलित भयो। म तेस्रो दिन नै सतलोक आश्रम चण्डीगढ रोड, बरवाला, हिसार, हरियाणाको लागि हिंडें साथमा घुँडाको हड्डी खिएर दुखाइबाट आहत तथा जलविन्दु जस्तो असाध्य रोगबाट पीडित मेरी पत्नी र

कान्छी बुहारी पनि थिए। बाटोमा नेपालका थुप्रै भक्तहरू भेटिए। हामी कुनै बाधा व्यवधानबिना नै सतलोक आश्रम पुग्यौं।

त्यसो त म सन्त महन्तका स्वार्थसँग परिचित थिएँ। मैले सतगुरू रामपाल जी महाराजका न कुनै पुस्तक पढेको थिएँ, न त कुनै प्रवचन नै सुनेको थिएँ। कसैले भनेको भरमा नै आश्रम गएँ। अतः आउनासाथ नाम उपदेश लिन तयार थिइनँ। सौभाग्यले सतसङ्गको समय थियो। वहाँको सतसङ्ग सुनेपछि संसारका सबै धर्म गुरू, पंडित, पुरोहित आदि धर्मका नाममा मानिसहरूलाई कालको जलमा फसाउँछन् र सोझासाझा आत्माहरूलाई नर्क पठाउने प्रपञ्च रच्छन्। उनीहरूले न परमेश्ररलाई भेटेका छन् न त परमेश्वरको सत्यभक्तिको ज्ञान नै छ। यी कार्य तिनीहरू पैसा कमाउन तथा समाजमा सम्मान पाउन गर्छन् भन्ने थाहा पाएँ। तर पनि नाम दानको लागि तयार भइनँ। मेरी पत्नी तत्काल नाम लिन तयार थिइन्। नाम दान नलिएसम्म गुरू दर्शन तथा गुरू आर्शीवाद सम्भव थिएन। सायद ममा कसैको विश्वास नगर्ने राजनीतिको धङ्धडी बाँकी नै थियो। आपसमा सल्लाह गरेर हामीले सन् २०१२ मे २ मा नामदान लियौं र गुरू दर्शनका लागि गयौं। त्यहाँ दयासागर मानौं हामीमाथि कृपादृष्टिका लागि तयार तथा खडा हुनु हुन्छ जस्तो महसुस भयो। मैले मेरो रोगबारे भन्नासाथ सतगुरूदेव जीले "सब ठिक हो जाएगा" भनेर शीरमा हात राखी आर्शीवाद दिनु भयो अनि त मेरो जीवनमा चमत्कार नै भयो। भोलिपल्ट शौच जाँदा थोरै रगत झऱ्यो र त्यससँगै मानौ पायल्स ठिक भयो। दुई दिन आश्रममा बसेपछि क्रोनिक ब्रोंकाइटिस ८० प्रतिशत आशीर्वाद लिना साथ ठिक भयो, जुन अहिले पूर्ण रूपमा निको भइ सकेको छ। अहिले महिना दुई महिनामा कहिलेकाहीँ सामान्य खोकी लाग्छ।

मेरी पत्नी भक्तमति शुभद्रा मैनाली थुप्रै रोगहरूबाट ग्रसित थिइन् । उनको दुबै घुँडाको हड्डी खिइएको थयो। घरमा भित्र बाहिर गर्न पनि सार्‍है कठीन थियो। बी. एण्ड बी. अस्पतालमा देखाउँदा डाक्टरले १० देखि १२ लाख लाग्छ भनेका थिए । ढाडको ५ वटा नशाहरू च्यापिएका थिए । दिर्घायु अस्पतालमा देखाउँदा शल्यक्रिया गरि हाल्नु पर्ने भनेको थियो । दमको कारणले थोरै समय हिड्दा पनि मुटु फुट्ला जस्तो हुन्थ्यो। उनलाई थाइराइडको समस्या पनि थियो । उनी आँखा पनि धमिलो देख्ने गर्थिन्। नेपालकै प्रख्यात आँखा अस्पताल तिल गङ्गामा देखाउँदा डाक्टरले जलविन्दुको दोष देखायो तर सतलोक आश्रम बरबाला, हरियाणाबाट नामदीक्षा लिएर काठमाडौं आएपछि पहिलेकै अस्पतालमा आँखाको पुनः परीक्षण गराउँदा डाक्टर पनि छक्क परे। आँखामा जलबिन्दुको कुनै पनि लक्षण थिएन। आँखा पूर्णरूपमा ठिक भयो। अहिले उनी पूर्ण रूपमा स्वस्थ छिन् । घण्टौं उभिएर तथा हिंडेर सेवा एवं सत्कार्य निरन्तर गरि रहन्छिन् । कुनै औषधि खानु परेको छैन । यी सब सन्त रामपाल जी महाराजको कृपाबाट नै सम्भव भएको हो । उपरोक्त विवरण उनलाई नै ९८५११२३५७८ फोन गरी सोध्न तथा प्रत्यक्ष प्रमाण हेर्न सक्नु हुन्छ ।

मेरो रोगमुक्ति चमत्कार परिवार, नातेदार तथा छिमेकमा चारैतिर फैलियो। मेरो परिवारका सदस्यहरू कुनै न कुनै रोगबाट ग्रसित थिए। जस्तो मेरा ठूला दाजु आफै डाक्टर भएर पनि शरीर सुनिन्ने रोग थियो। मेरी छोरीलाई मासिक धर्मको बेलामा निकै पेट दुख्थ्यो। मेरी अर्की छोरी पेशाले वकिल हुन्। उनी साइटिका र घाँटीको हड्डी खिइने रोगबाट जीवनमा निराश थिइन्। मेरी बहिनीका पति पनि जलविन्दुको रोगले ग्रसित थिए।

सबैजना ममाथि भएको गुरू जीको कृपाले प्रभावित भए। तबसम्म म आश्रमका नियमहरू तथा भक्तिभावसँग केही परिचित भइ सकेको थिएँ। मैले सबैलाई ज्ञान गंगा राम्रोसँग पढ्न प्रेरित गरें। त्यसपछि आश्रम आउँदा सबैलाई लिएर आएँ उनीहरूमा कुनै द्विविधा थिएन। सबैजना नाम उपदेश लिएर विश्वासका साथ भक्ति गर्दै छन् र रोगमुक्त भएर सुखी जीवन बाँचि रहेका छन्।

सत गुरू रामपाल जी महाराज पूर्ण परमात्माको प्रतिरूप नभएर पूर्ण परमात्मा नै हुनु हुन्छ। जसले आफ्नो वास्तविकता लुकाएर राख्नु भएको छ र आफूलाई "पूर्ण परमात्माको दास" भन्नु हुन्छ। उहाँ धरतिमा फँसेका जीवहरूलाई बन्धनबाट मुक्त गरेर सतलोक लैजान आउनु भएको हो। हाम्रो सदग्रन्थमा यसको प्रमाण छ। जसमा जब कलियुग पाँच हजार पाँचसय पाँच वर्ष बित्ने छ तब तारणहार (मोक्षदायक) सन्त जगतलाई तार्न (मुक्त गर्न) धरतिमा आउने छन् भनेर लेखिएको छ।

कबीर, पाँच हजार अरू पाँच सौ पाँच जब कलयुग बीत जाए।
महापुरूष फरमान तब जग तारण को आए।।

सम्पूर्ण प्रेमी भक्तहरू! सही समय र पूर्ण सन्त पनि आइ सक्नु भएको छ। ज्ञानामृतको वर्षा गरि रहनु भएको छ। अहिलेका अन्य सब नक्कली सन्त महन्त रूपी ठगहरूबाट बच्नु होस् र सिघ्र सतगुरूको चरणमा आई निःशुल्क नाम उपदेश लिएर आफ्नो कल्याण गराउनु होस् र पूर्ण मोक्ष प्राप्त गर्नु होस्। ।।सत साहेब।।

केशवप्रसाद मैनाली (दास) काठमाण्डौ, नेपाल
फोन. नं. +९७७-९८४१८९२५८३

❖❖❖

➢ सतलोक आश्रमका अन्य पुस्तकहरू (आध्यात्मिक ज्ञान गंगा, ज्ञान गंगा, गहरी नजर गीता में, गीता तिम्रो ज्ञान अमृत, सृष्टि रचना, मानवताका ह्रास तथा विकास आदि) हाम्रो वेवसाइट (**www.jagatgururampalji.org**) बाट डाउनलोड गर्न सक्नु हुन्छ ।